# भैरव अर्यालका निबन्धमा संज्ञानात्मक सन्दर्भार्थ

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय,

नेपाली केन्द्रीय विभागअन्तर्गत दर्शनाचार्य-विद्यावारिधि तह

तेस्रो सत्रको पाठ्यांश नेपा. ७२० को

प्रयोजनका लागि

प्रस्तुत

## शोधप्रबन्ध


**शोधकर्ता**

**बाबुराम ओझा**

त्रि.वि. द.नं. ३०५८६/९३

परीक्षा सिम्बोल नं. २८२६०३६

दर्शनाचार्य-विद्यावारिधि तह

नेपाली केन्द्रीय विभाग

त्रि.वि., कीर्तिपुर



२०७९

# शोधनिर्देशकको सिफारिस

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभागअन्तर्गत दर्शानाचार्य-विद्यावारिधि तहका शोधार्थी श्री बाबुराम ओझाले *भैरव अर्यालका निबन्धमा संज्ञानात्मक सन्दर्भार्थ* शीर्षकको शोधप्रबन्ध मेरा निर्देशनमा तयार पार्नुभएको हो । परिश्रमपूर्वक तयार पारिएको प्रस्तुत शोधप्रबन्ध उपयुक्त भएकाले म यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : २०८१/०७/०२

.....................................

डा. गोविन्दप्रसाद शर्मा

सहप्राध्यापक

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**

**नेपाली केन्द्रीय विभाग, कीर्तिपुर**

# स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागअन्तर्गत दर्शनाचार्य-विद्यावारिधि तहको पाठ्यांश नेपा. ७२० को प्रयोजनार्थ शोधार्थी श्री बाबुराम ओझाले तयार पार्नुभएको *भैरव अर्यालका निबन्धमा संज्ञानात्मक सन्दर्भार्थ* शीर्षकको शोधप्रबन्ध आवश्यक मूल्याङ्कन गर्दा उपयुक्त ठहरिएकाले दर्शनाचार्य-विद्यावारिधि तह पूरा गर्ने प्रयोजनका लागि स्वीकृत गरिएको छ ।

## शोधप्रबन्ध मूल्याङकन समिति

| नाम | हस्ताक्षर |
|---|---|
| १. प्रा. डा. कृष्णप्रसाद न्यौपाने (विभागीय प्रमुख) | ..................................... ( |
| २. सहप्रा. डा. गोविन्दप्रसाद शर्मा (शोधनिर्देशक) | ..................................... |
| ३. प्रा.डा. नारायणप्रसाद गड्तौला (आन्तरिक परीक्षक) | ..................................... |
| ४. प्रा.डा. खगेन्द्रप्रसाद लुइटेल (बाह्य परीक्षक) | ..................................... |

मिति : २०८१/ ०८/०४

## कृतज्ञताज्ञापन

*भैरव अर्यालका निबन्धमा संज्ञानात्मक सन्दर्भार्थ शीर्षक*को प्रस्तुत शोधप्रबन्ध त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली विषयको दर्शनाचार्य-विद्यावारिधि तह, तेस्रो सत्रको पाठ्यांश ७२० को परिपूर्तिको प्रयोजनार्थ तयार पारिएको हो । यो शोधप्रबन्ध आदरणीय गुरु सहप्रा.डा. गोविन्दप्रसाद शर्माको प्राज्ञिक सल्लाह तथा कुशल निर्देशनमा तयार पारिएको हो । प्रस्तुत शोधकार्य गर्ने क्रममा सही मार्गनिर्देशन गरेर शोधकार्य सम्पन्न गर्न सहयोग गर्नुहुने वहाँप्रति म हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

प्रस्तुत शोधप्रबन्ध तयार पार्ने सन्दर्भमा आवश्यक सहयोग र सहजीकरण प्रदान गर्नुहुने दर्शनाचार्य-विद्यावारिधि तह, नेपाली केन्द्रीय विभागका प्रमुख प्रा.डा. कृष्णप्रसाद न्यौपाने र विभागका सम्पूर्ण गुरुप्रति म हार्दिक कृतज्ञताज्ञापन गर्दछु । शोधप्रबन्धको मूल्याङ्कन प्रक्रियामा सहभागी भई आवश्यक सकारात्मक सुझाव प्रदान गर्नुहुने आन्तरिक परीक्षक प्रा.डा. नारायणप्रसाद गड्तौला र बाह्य परीक्षक प्रा.डा. खगेन्द्रप्रसाद लुइटेलप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । मलाई अध्ययनमा सदैव सकारात्मक उत्प्रेरणा दिनुहुने बुबा उदयप्रसाद ओझाप्रति म कृतज्ञ छु । मलाई उच्च अध्ययनका लागि सदैव प्रेरित गर्ने र शोधकार्यमा सामग्री सङ्कलनका लागि विशेष सहयोग गर्ने जीवनसँगिनी श्री ईश्वरा पौडेलप्रति म कृतज्ञ रहेको छु ।

उच्च अध्ययनका लागि मलाई आवश्यक वातावरणसहित विद्वत्वृत्ति प्रदान गर्ने त्रि.वि. समन्वय महाशाखा र अध्ययनका लागि अवसर प्रदान गर्ने भोजपुर बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख श्री भुलानाथ राई तथा भोजपुर बहुमुखी क्याम्पस परिवारप्रति पनि म कृतज्ञ रहेको छु । सामग्री सङ्कलनका लागि सहयोग गर्नुहुने नेपाली केन्द्रीय विभागका कर्मचारी निलुफर बन्जरालाई विशेष धन्यवाद दिन्छु । मेरो उच्च अध्ययनका प्रेरणाका स्रोत छोराहरू ईश्वराबाबु र आदित्यलाई धन्यवाद दिँदै अध्ययनका लागि शोधकार्यका क्रममा सद्भाव राख्ने मान्यजन, आफन्त तथा मित्रहरूप्रति म आभार व्यक्त गर्दछु । अन्त्यमा दर्शनाचार्य-विद्यावारिध तह पूरा गर्ने प्रयोजनार्थ तयार पारिएको यस शोधप्रबन्धलाई आवश्यक मूल्याङ्कनका लागि त्रि.वि., नेपाली केन्द्रीय विभागसमक्ष पेस गर्दछु ।

.................

बाबुराम ओझा

मिति : २०८१ / ०७ / ०२

त्रि.वि. द.नं. ३०५८६/९३

परीक्षा सिम्बोल नं. २८२६०३६

दर्शनाचार्य -विद्यावारिधि तह

त्रि.वि., नेपाली केन्द्रीय विभाग, कीर्तिपुर

# विषयसूची


| | |
|---|---|
| शोधनिर्देशकको सिफारिस | क |
| मूल्याङ्कन समितिको स्वीकृति | ख |
| कृतज्ञताज्ञापन | ग |
| वियययसूची | घ |
| तालिकासूची | झ |


## पहिलो परिच्छेद

## शोधपरिचय


| | |
|---|---|
| १.१ विषयपरिचय | १ |
| १.२ समस्याकथन | २ |
| १.३ शोधको उद्देश्य | ३ |
| १.४ पूर्वकार्यको समीक्षा | ३ |
| १.५ शोधको औचित्य र महत्त्व | १८ |
| १.६ शोधविधि | १९ |
| १.६.१ सामग्री सङ्कलन विधि | १९ |
| १.६.२ सामग्री विश्लेषण विधि | १९ |
| १.६.३ शोधको सैद्धान्तिक/अवधारणात्मक ढाँचा | २० |
| १.७ शोधकार्यको सीमाङ्कन | २२ |
| १.८ शोधप्रबन्धको रूपरेखा | २३ |


## दोस्रो परिच्छेद

## भैरव अर्यालका निबन्धको सन्दर्भगत सर्वेक्षण


| | |
|---|---|
| २.१ विषयप्रवेश | २४ |
| २.२ सन्दर्भार्थको सैद्धान्तिक मान्यता | २४ |
| २.२.१ सन्दर्भको परिचय | २५ |
| २.२.२ सन्दर्भसम्बन्धी दृष्टिकोण | २६ |
| २.२.३ संज्ञानात्मक सन्दर्भार्थ | ३३ |

(१) सामाजिक सन्दर्भ र अर्थ ३६
(२) आर्थिक सन्दर्भ र अर्थ ३९
(३) राजनीतिक सन्दर्भ र अर्थ ४२
२.२.४ निबन्धको विधागत स्वरूप र सन्दर्भार्थ ४५
२.३ निबन्धको सन्दर्भगत सर्वेक्षण ४६
२.४ प्रतिनिधि निबन्धको चयन ५२
२.५ प्रतिनिधि निबन्धको सन्दर्भगत व्याख्या ५३
(१) 'सरकारले दुलो खोज्नु पर्ला' निबन्ध ५४
(२) 'प्रतिनिधि मण्डल फर्क्यो' निबन्ध ५४
(३) 'दौरा सुरुवाल नपठाइदिने भएँ !' निबन्ध ५५
(४) 'तमसुक' निबन्ध ५६
(५) 'चिनिया घुसघुसे' निबन्ध ५७
(६) 'रेडियो रसातल' निबन्ध ५७
(७) 'अवसरवादी दर्शन' निबन्ध ५८
(८) 'चरीचुच्चे च' निबन्ध ५९
(९) 'अन्तर्राष्ट्रिय भ्यागुता सम्मेलन' निबन्ध ५९
(१०) 'मिस्टर एन. मुनि नेपालमा' निबन्ध ६०
(११) 'जय भोलि' निबन्ध ६१
(१२) 'कन्याकेटी खोज्दा' निबन्ध ६२
(१३) 'चन्द्रलोक कसको ?' निबन्ध ६३
(१४) 'लाहुरेको यात्रा संस्मरण' निबन्ध ६३
(१५) 'नेता नम्बर एक सय एक' निबन्ध ६४
(१६) 'महापुरुषको सङ्गत' निबन्ध ६५
(१७) 'जय भुँडी' निबन्ध ६६
(१८) 'पख्नोस्' निबन्ध ६७
(१९) 'उडाउनुसित एकछिन उड्दा' निबन्ध ६७
(२०) 'गलबन्दी' निबन्ध ६८
(२१) 'मान्छे मोडेल' निबन्ध ६९

| | |
|---|---|
| (२२) ‘साँढे’ निबन्ध | ६९ |
| (२३) ‘पृथ्वीनारायण तिमी फेरि आऊ !’ निबन्ध | ७० |
| (२४) ‘केही राष्ट्रिय रोग : एक अनुसन्धान’ निबन्ध | ७१ |
| (२५) ‘भान्सा भो हजुर ?’ निबन्ध | ७२ |
| (२६) ‘उन्नतिको शिखरतिर’ निबन्ध | ७३ |
| (२७) ‘हराम पाँडे हजुर’ निबन्ध | ७३ |
| (२८) ‘असनको डबली’ निबन्ध | ७४ |
| (२९) ‘मादक पदार्थ र बेवारिसे लास’ निबन्ध | ७५ |
| (३०) ‘काला साथीहरूको बीचमा गहुँगोरो’ निबन्ध | ७५ |
| २.६ निष्कर्ष | ७६ |

## तेस्रो परिच्छेद

## भैरव अर्यालका निबन्धमा सामाजिक सन्दर्भार्थ

| | |
|---|---|
| ३.१ विषयपरिचय | ७८ |
| ३.२ सामाजिक सन्दर्भसम्बन्धी सैद्धान्तिक मान्यता | ७८ |
| ३.३ अर्यालका निबन्धमा सामाजिक सन्दर्भ र अर्थ | ७९ |
| ३.३.१ सामाजिक संरचना | ८० |
| ३.३.२ धार्मिक संस्कार | ९० |
| ३.३.३ सांस्कृतिक मान्यता | १०० |
| ३.४ निष्कर्ष | ११३ |

## चौथो परिच्छेद

## भैरव अर्यालका निबन्धमा आर्थिक सन्दर्भार्थ

| | |
|---|---|
| ४.१ विषयपरिचय | ११६ |
| ४.२ आर्थिक सन्दर्भसम्बन्धी सैद्धान्तिक मान्यता | ११६ |
| ४.३ अर्यालका निबन्धमा आर्थिक सन्दर्भ र अर्थ | ११७ |
| ४.३.१ गरिबी र जीविकोपार्जन | ११७ |
| ४.३.२ वित्तीय अपचलन | १३२ |
| ४.३.३ उत्पादन सम्बन्ध र शोषण | १४० |
| ४.४ निष्कर्ष | १५० |

## पाँचौँ परिच्छेद

## भैरव अर्यालका निबन्धमा राजनीतिक सन्दर्भार्थ


५.१ विषयपरिचय १५२

५.२ राजनीतिक सन्दर्भसम्बन्धी सैद्धान्तिक मान्यता १५२

५.३ अर्यालका निबन्धमा राजनीतिक सन्दर्भ र अर्थ १५३

५.३.१ राष्ट्रिय राजनीति १५३

५.३.२ अन्तर्राष्ट्रिय राजनीति १६९

५.३.३ युद्ध र आणविक प्रतिस्पर्धा १८०

५.४ निष्कर्ष १८९


## छैटौँ परिच्छेद

## संज्ञानात्मक सन्दभार्थका आधारमा भैरव अर्यालका निबन्धको मूल्याङ्कन


६.१ विषयप्रवेश १९१

६.२ सन्दर्भगत संज्ञानका दृष्टिले अर्यालका निबन्ध १९१

६.२.१ समकालीन यथार्थको अभिव्यक्ति १९१

(१) सामाजिक बेथितिप्रति व्यङ्ग्य १९२

(२) धार्मिक विसङ्गतिको विरोध १९४

(३) सांस्कृतिक विचलनप्रतिको दृष्टिकोण १९६

(४) गरिबी र आर्थिक अव्यवस्थाप्रतिको असन्तोष १९८

(५) राष्ट्रिय राजनीतिक परिस्थितिप्रति व्यङ्ग्य २००

(६) अन्तर्राष्ट्रिय राजनीतिक अवस्था २०२

(७) युद्ध र आणविक प्रतिस्पर्धाप्रति व्यङ्ग्य २०३

६.२.२ निबन्धको विधागत सौन्दर्यमूल्य र सन्दर्भ २०६

(१) हास्य र व्यञ्जनाका लागि सन्दर्भ २०६

(२) विचारको सशक्तताका लागि सन्दर्भ २१२

(३) निबन्धको शैली निर्माणमा सन्दर्भ २१३

६.३ निष्कर्ष २१४

## सातौँ परिच्छेद

# सारांश तथा निष्कर्ष


| | |
|---|---|
| ७.१ सारांश | २१५ |
| ७.२ निष्कर्ष | २२२ |
| ७.३ भावी शोधकार्यका लागि सम्भावित शीर्षक | २२७ |
| सन्दर्भसामग्री सूची | २२८ |

# तालिका सूची


| तालिका नं. शीर्षक | पृष्ठ सङ्ख्या |
|---|---|
| १. भैरव अर्यालका निबन्धहरूको सन्दर्भगत विवरण | ४७ |
| २. विश्लेषणका लागि चयनित निबन्धको विवरण | ५२ |
| ३. सामाजिक संरचना र प्रचलनसम्बन्धी सन्दर्भको विवरण | ८० |
| ४. धार्मिक संस्कारसम्बन्धी सन्दर्भको विवरण | ९१ |
| ५. सांस्कृतिक मान्यतासम्बन्धी सन्दर्भको विवरण | १०१ |
| ६. गरिबी र जीविकोपार्जनसम्बन्धी सन्दर्भको विवरण | ११८ |
| ७. वित्तीय अपचलनसम्बन्धी सन्दर्भको विवरण | १३३ |
| ८. उत्पादन सम्बन्ध र शोषणसम्बन्धी सन्दर्भको विवरण | १४१ |
| ९. राष्ट्रिय राजनीतिसम्बन्धी सन्दर्भको विवरण | १५३ |
| १०. अन्तर्राष्ट्रिय राजनीतिसम्बन्धी सन्दर्भको विवरण | १७० |
| ११. युद्ध र आणविक प्रतिस्पर्धासम्बन्धी सन्दर्भको विवरण | १८१ |

# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ विषयपरिचय

भैरव अर्यालको जन्म १९९३ सालमा ललितपुरको कुपन्डोलमा र उनको निधन २०३३ सालमा गोकर्णमा भएको पाइन्छ । ‘सरकारले दुलो खोज्नु पर्ला’ शीर्षकको निबन्धमार्फत २०१४ मा *हालखबर* पत्रिकाबाट अर्यालले नेपाली निबन्ध लेखनका क्षेत्रमा प्रवेश गरेको देखिन्छ। उनका *काउकुती* (२०१९), *जय भुँडी* (२०२२), *गलबन्दी* (२०२६), *प्रवेशिका निबन्ध सङ्ग्रह* (२०२७), *इतिश्री* (२०२८), *दस औतार* (२०३३), र *टेडो ऐना* (२०६३) गरी सात ओटा निबन्धसङ्ग्रह प्रकाशित भएका छन् । अर्यालका निबन्धहरू अपरिचित, आत्रेय, कुमुदिनी, बकस्फुस शर्मा, विष्णु शर्मा आदि उपनामबाट विभिन्न पत्रपत्रिकामा पनि प्रकाशित भएको पाइएको छ । यीमध्ये *काउकुती, जय भुँडी, गलबन्दी, इतिश्री* र *दस औतार*भित्रका सबै निबन्ध *भैरव अर्यालका हास्यव्यङ्ग्य* (२०६०) मा र विभिन्न पत्रपत्रिकामा प्रकाशित अरू निबन्ध *टेडो ऐना* (२०६३) मा सङ्गृहीत गरिएको पाइन्छ । कवितालेखन, निबन्धलेखन र सम्पादनका क्षेत्रमा संलग्न अर्यालको विशेष योगदान नेपाली हास्यव्यङ्ग्य निबन्ध लेखनमा रहेको छ । निजात्मक चिन्तनयुक्त वैचारिक प्रवाहको आग्रहमूलक अभिव्यक्ति निबन्धको विशेष अभिलक्षण मानिन्छ । लेखकीय ज्ञानमा आधारित यस्तो वैचारिक चिन्तनको प्रवाह अर्यालका हास्यव्यङ्ग्य निबन्धका माध्यमबाट अभिव्यक्त भएको पाइन्छ । नेपाली निबन्धको आधुनिक काल १९९३ (*शारदा* मा प्रकाशित लक्ष्मीप्रसाद देवकोटाको ‘आषाढको पन्ध्र’ निबन्ध) देखि आरम्भ भएकोमा आधुनिक कालको चरणगत विकासको दोस्रो चरण (२००६-२०१६) अन्तर्गत २०१४ सालमा भैरव अर्यालले निबन्ध लेख्न थालेको र समसामयिक युगबोधका साथ तत्कालीन सामाजिक, आर्थिक र राजनीतिक क्षेत्रका बेथितिमाथि परिहासयुक्त व्यङ्ग्यसहित उनको निबन्धलेखन दुई दशकसम्म निरन्तर विकसित भएको पाइन्छ । उनका निबन्धमा तत्कालीन समाजका विकृति, विसङ्गति र विवशताप्रति तीव्र व्यङ्ग्य गरिएको हुन्छ । वैयिक्तक, सामाजिक, राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रका असङ्गत विषयवस्तुलाई हास्यको सहायताले तीक्ष्ण व्यङ्ग्यका साथ प्रस्तुत गर्नु; तत्कालीन समाजको यथार्थ अवस्थाको सुन्दर वर्णन गर्नु र अभिव्यक्तिगत तीक्ष्णता तथा आनुप्रासिक चमत्कारका सहायताले निबन्धमा भाषिक सौन्दर्य सिर्जना गर्नु अर्यालका निबन्धगत मुख्य प्रवृत्ति मानिन्छन् ।

सङ्कथनात्मक पाठले दिने भौतिक अर्थ र पाठमा रहेको वास्तविक ज्ञान तत्त्वलाई सन्दर्भ भनिन्छ । सन्दर्भले पाठमा प्रयुक्त आन्तरिक वा आशयगत पक्षलाई पनि जनाउँछ । सङ्कथनात्मक भाषिक अभिव्यक्तिमा भाषासँगै त्यसको सन्दर्भ पनि जोडिएर रहेको हुन्छ र सन्दर्भले नै पाठको आशयलाई स्पष्ट पार्छ । पाठको आशयगत प्रयुक्ति भौतिक वा अभौतिक दुवै प्रकारको हुन्छ । यस्तो

प्रयुक्तिका आधारमा सन्दर्भलाई भौतिक वा परिस्थितिगत र संज्ञानात्मक गरी दुई प्रकारमा विभाजन गरिन्छ । पाठको भौतिक सन्दर्भ भनेको सो पाठमा रहेको स्थान, समय जस्ता बाह्य परिस्थितिको परिणाम हो । यस सन्दर्भबाट स्थान, समय र सहभागीमार्फत लेखकले प्रक्षेपण गरेको सत्य निर्क्योल गर्न सहज हुन्छ । यसलाई स्थानगत, कालगत र सहभागीगत गरी तीन प्रकारमा विभाजन गरिन्छ । संज्ञानात्मक सन्दर्भ भनेको पाठका आन्तरिक तहमा रहेको ज्ञानात्मक पक्ष वा आन्तरिक सन्दर्भ हो । भाषिक पाठमा प्रयुक्त संज्ञानात्मक पक्षको खोजी अर्थ विश्लेषणको मुख्य लक्ष्य भएको हुनाले कृतिलाई आर्थी आधारमा विश्लेषण गर्न संज्ञानात्मक सन्दर्भको अध्ययन गरिन्छ । संज्ञानात्मक सन्दर्भ सामाजिक, राजनीतिक, आर्थिक, सांस्कृतिक, वैचारिक, विज्ञान प्रविधिगत आदि विभिन्न प्रकारका हुन्छन् । यी सबै सन्दर्भका माध्यमले सङ्कथनात्मक पाठमा प्रयुक्त सन्दर्भार्थ स्पष्ट हुन्छ ।

पाठमा प्रयुक्त खास सन्दर्भले प्रदान गर्ने अर्थलाई सन्दर्भार्थ भनिन्छ । यस्तो अर्थ भाषिक एकाइको प्रयोगको वातावरण, समयावधि र अवस्थाको अङ्कनबाट स्पष्ट हुन्छ । भाषिक रूपको मात्र अध्ययनले सङ्कथनात्मक पाठको खास तात्पर्य स्पष्ट नहुने हुँदा रूपसँग भाषेतर स्थितिलाई जोड्न र उच्चारमा अन्तर्निहित अर्थ पत्ता लगाउन सन्दर्भार्थको अध्ययन आवश्यकीय मानिन्छ । निबन्धमा अभिव्यक्त आशयमूलक संज्ञान सन्दर्भमार्फत मात्र अर्थिने भएकोले सन्दर्भको सहयोगले मात्र त्यसको पूर्ण अर्थ वा आशय स्पष्ट हुन्छ । तत्कालीन समाज, अर्थव्यवस्था र राजनीतिक क्षेत्रका विकृति र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रका विविध विषयमाथिको विचार सशक्त ढङ्गले अभिव्यक्त गरिएका अर्यालका निबन्ध संज्ञानात्मक सन्दर्भार्थका दृष्टिले अध्ययनीय ठहर्छन् । यसर्थ प्रस्तुत शोधकार्यको मुख्य ध्येय संज्ञानात्मक सन्दर्भका माध्यमबाट अर्यालका निबन्धात्मक पाठमा निहित अर्थको खोजी गर्नु रहेको छ ।

## १.२ समस्याकथन

भैरव अर्यालका निबन्ध संज्ञानात्मक सन्दर्भार्थका दृष्टिले अध्ययनीय रहेको पाइन्छ । अर्यालको जीवनी, उनको निबन्धकारिता, उनका निबन्धमा रहेको हास्यव्यङ्ग्य प्रवृत्ति तथा निबन्धको भाव वा विचार र भाषिक कौशलका पक्षमा प्राज्ञिक अध्ययन र अनुसन्धान भए पनि संज्ञानात्मक सन्दर्भार्थका आधारमा ती निबन्धको अध्ययन भएको देखिँदैन । संज्ञानात्मक सन्दर्भार्थका आधारमा उनका निबन्ध अध्ययनीय ठहर्छन् । अतः अर्यालका निबन्धमा संज्ञानात्मक सन्दर्भार्थको खोजी नै प्रस्तुत शोधको प्रमुख शोधसमस्या हो । यस शोधसमस्यासँग सम्बन्धित शोधप्रश्नहरू निम्नानुसार रहेका छन् :

(१) भैरव अर्यालका निबन्धमा संज्ञानात्मक सन्दर्भ के कस्तो छ ?

(२) भैरव अर्यालका निबन्धमा सामाजिक, आर्थिक र राजनीतिक सन्दर्भार्थ के कसरी प्रतिफलित भएको छ ?

(३) संज्ञानात्मक सन्दर्भार्थका दृष्टिले भैरव अर्यालका निबन्ध किन अर्थपूर्ण छन् ?

## १.३ शोधको उद्देश्य

भैरव अर्यालका निबन्धमा संज्ञानात्मक सन्दर्भार्थ मुख्य शोध्य विषय रहेको प्रस्तुत शोधकार्यमा भैरव अर्यालका निबन्धमा प्रतिफलित संज्ञानात्मक सन्दर्भार्थको खोजी गर्नु मुख्य उद्देश्य रहेको छ । यस मुख्य उद्देश्यसँग सम्बद्ध अरू उद्देश्य निम्नानुसार रहेका छन् :

(१) भैरव अर्यालका निबन्धमा प्रस्तुत संज्ञानात्मक सन्दर्भको व्याख्या गर्नु,

(२) भैरव अर्यालका निबन्धमा प्रतिफलित सामाजिक, आर्थिक र राजनीतिक सन्दर्भार्थको विश्लेषण गर्नु र

(३) संज्ञानात्मक सन्दर्भार्थका दृष्टिले भैरव अर्यालका निबन्धको मूल्याङ्कन गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

भैरव अर्यालका निबन्धका बारेमा विभिन्न लेखक-समालोचकले अध्ययन-अनुसन्धान गरेको पाइएको छ । अर्यालका निबन्धसँग सम्बन्धित भएर पुस्तकहरू र लेखहरू प्रकाशन हुनुको साथै स्नातकोत्तर तहमा शोधकार्य गरिएको छ । यसबाहेक साहित्यलाई सन्दर्भविश्लेषण गर्ने कोणबाट पनि सैद्धान्तिक र प्रायोगिक कार्य भएको पाइन्छ । प्रस्तुत शोधकार्यको शीर्षकसँग सम्बन्धित रहेर गरिएका यस्ता पूर्वकार्यलाई यहाँ कालक्रमिक रूपमा सङ्क्षेपमा समीक्षा गरिएको छ ।

तानासर्मा (२०२६) को “भूमिका” शीर्षकमा भैरव अर्यालका पूर्वप्रकाशित र *गलबन्दी* निबन्धसङ्ग्रहभित्र सङ्गृहीत निबन्धहरूको सङ्क्षिप्त परिचयसहित अर्यालका निबन्धात्मक प्रवृत्तिको चर्चा गरिएको लेखमा अर्यालका *काउकुती, जय भुँडी* तथा *गलबन्दी* निबन्धसङ्ग्रहमा रहेका निबन्धमा रहेको सामाजिक विकृति र हास्यव्यङ्ग्यात्मक प्रवृत्तिको चर्चा गरिएको छ । अर्यालका निबन्धमा आनुप्रासिकताका माध्यमले पाठकमा हाँसो उत्पन्न गर्ने सामर्थ्य रहेको सर्माको ठहर रहेको छ । अर्यालको हास्यव्यङ्ग्य लेखनलाई दुई तहमा चर्चा गर्दै बाहिरी तहमा हँसाउनका लागि लेखिएका निबन्धमा आन्तरिक तहमा सामाजिक अन्याय र शोषणलाई स्पष्ट पारिएको कुरा सर्माले व्यक्त गरेको देखिन्छ । अर्यालका निबन्धमा हाँसो र व्यङ्ग्यको संयोजन प्रभावकारी रहेको; समाजमा रहेका विकृतिमाथि तिखो व्यङ्ग्य गरिएको र रसिला उपमाहरू, अनौठा तथा सुन्दर भनाइ र सफल कलात्मकताका साथमा निडर रूपमा नेपाली समाजको यथार्थचित्रण गरिएको भन्ने सर्माको निष्कर्ष रहेको छ । भैरव अर्यालका निबन्धलाई संज्ञानात्मक सन्दर्भार्थका दृष्टिले अध्ययन नगरिए पनि यस लेखमा अर्यालका निबन्धमा रहेका विषयवस्तुमाथि प्रकाश पार्दै निबन्धमा अभिव्यञ्जित सामाजिक बेथिति र निबन्धमा प्रयुक्त हास्यव्यङ्ग्य शिल्पको विश्लेषण गरिएको हुनाले सामाजिक सन्दर्भका आधारमा अर्यालका निबन्धको अर्थविश्लेषण गर्न र समकालीन यथार्थको अभिव्यक्ति तथा विधागत सौन्दर्यमूल्यका आधारमा अर्यालका निबन्धलाई मूल्याङ्कन गर्न यसबाट सहयोग पुगेको छ ।

वासुदेव त्रिपाठी (२०२८) को “अर्यालको इतिश्रीका सम्बन्धमा” शीर्षकको *इतिश्री* निबन्धसङ्ग्रहको भूमिकामा नेपाली हास्यव्यङ्ग्य परम्परा र भैरव अर्यालका निबन्धहरूको चर्चा गर्दै अर्यालका निबन्धभित्र निहित सबलता र दुर्बलता केलाइएको छ । हास्यव्यङ्ग्य साहित्यको क्षेत्रमा रहेका थुप्रै लेखकमध्ये प्रतिनिधि लेखकका रूपमा केशवराज पिँडाली र भैरव अर्याललाई छनौट गरेर त्रिपाठीले अर्याललाई शब्दविचित्रतामार्फत समाजमा रहेका विसङ्गतिको चित्रण गर्न सफल स्रष्टा; वैयक्तिक रागको प्रभावका कारण उत्पन्न कुनै व्यक्ति र वर्गप्रतिको आक्रोशविहीन लेख्ने लेखक अनि उक्तिविलक्षणताको सन्धान गर्न खप्पिस र सामाजिक जीवनको ऐनाजस्ता निबन्ध सिर्जना गर्ने निबन्धकार मानेको देखिन्छ । शाब्दिक जादुमा रमाउँदा शब्दक्रीडामा अल्झेर अङ्ग्रेजी शब्दको सहारा लिनु र निबन्धमा ‘जे जस्तो छ’ को बोध पर्याप्त भए पनि ‘जे जस्तो हुनुपर्छ’ को सूक्ष्म व्यञ्जनाको कमी हुनुलाई अर्यालको निबन्धलेखनको दुर्बलता मान्दै अर्याललाई नेपाली जातीय भाषामा भावका तरेलीहरूको प्रवाह गर्न यहाँ सुझाइएको छ । त्रिपाठीको यस भूमिकालेखनमा भैरव अर्यालका निबन्धलाई संज्ञानात्मक सन्दर्भार्थका दृष्टिले अध्ययन नगरिए पनि निबन्धको विषयवस्तु र हास्यव्यङ्ग्य पक्षका आधारमा अर्यालको निबन्धकारिताको विश्लेषण र मूल्याङ्कन गरिएको हुनाले सामाजिक सन्दर्भका आधारमा अर्यालका निबन्धको अर्थविश्लेषण गर्न र समकालीन यथार्थको अभिव्यक्ति तथा विधागत सौन्दर्यमूल्यका आधारमा अर्यालका निबन्धलाई मूल्याङ्कन गर्न यसलाई उपयोग गरिएको छ ।

राजेन्द्र सुवेदी (२०४३) ले *स्रष्टा सृष्टि : द्रष्टा दृष्टि* शीर्षकको पुस्तकमा भैरव अर्यालको साहित्यिक व्यक्तित्व र अर्यालका केही निबन्धको सङ्क्षिप्त परिचयका साथमा अर्यालको निबन्धलेखन प्रवृत्तिको चर्चा गरेको र नेपाली साहित्यका विभिन्न स्रष्टाको लेखकीय प्रवृत्तिको परिचय दिने उद्देश्यले लिखित यस पुस्तकमा भैरव अर्याललाई हास्यव्यङ्ग्य निबन्धकारका रूपमा चिनाउँदै उनको निबन्धकारिताको परिचर्चा गरेको देखिन्छ । नेपाली समाजबाट विविध विषयका सामग्री टिपेर व्यङ्ग्यपूर्ण ढङ्गले प्रस्तुत गर्ने खुवी अर्यालमा रहेको; हास्यको सिर्जना गरेर पेट मिचिमिची हसाउने सामर्थ्य भएका अर्यालका निबन्धका व्यङ्ग्यको पनि तीक्ष्णता रहेको र नेपाली समाजका दैनिक गतिविधि र स्वदेशी तथा विदेशी विविध विषयवस्तुमाथि व्यङ्ग्य प्रहार गरिएका अर्यालका निबन्ध उत्कृष्ट रहेको सुवेदीको निष्कर्ष रहेको छ । भैरव अर्यालका निबन्धलाई संज्ञानात्मक सन्दर्भार्थका दृष्टिले अध्ययन नगरिए पनि यस पुस्तकमा अर्यालका निबन्धका विषयवस्तुमाथि प्रकाश पार्दै हास्यव्यङ्ग्यात्मक प्रस्तुतिका आधारमा तिनको मूल्याङ्कन गरिएको हुनाले सामाजिक सन्दर्भका आधारमा अर्यालका निबन्धको अर्थविश्लेषण गर्न र विधागत सौन्दर्यमूल्यका आधारमा निबन्धलाई मूल्याङ्कन गर्न यस पुस्तकलाई उपयोगमा ल्याइएको छ ।

पञ्चप्रसाद शर्मा (२०४४) ले "भैरव अर्यालका निबन्धमा हास्यव्यङ्ग्य" शीर्षकको स्नातकोत्तर शोधपत्रमा हास्यव्यङ्ग्यको सैद्धान्तिक मान्यताको सामान्य चर्चासहित अर्यालका निबन्धभित्र रहेको हास्यव्यङ्ग्य तत्त्वको खोजी गरेको र अर्यालका 'महापुरुषको सङ्गत', 'लाहुरेको यात्रा संस्करण', 'आलु' जस्ता निबन्धमा रहेको हास्य र व्यङ्ग्यको विश्लेषण गरिएको उक्त शोधपत्रमा ती निबन्धमा रहेको विषयविविधता र भाषिक चमत्कारबारे चर्चा गरेको देखिन्छ । हास्यव्यङ्ग्य निबन्धलेखनको यात्रामा अर्यालले हास्यको प्रधानता तथा हास्य र व्यङ्ग्यको सन्तुलन हुँदै परिणतिमा व्यङ्ग्यप्रधान निबन्ध सिर्जना गरेको अनि बेजोड व्यङ्ग्यकै कारण नेपाली हास्यव्यङ्ग्य निबन्धका क्षेत्रमा अर्यालको स्थान सर्वोच्च रहेको शर्माको निष्कर्ष रहेको छ । भैरव अर्यालका निबन्धलाई संज्ञानात्मक सन्दर्भार्थका दृष्टिले अध्ययन नगरिए पनि यस शोधपत्रमा अर्यालका निबन्धहरूको कृतिपरक अध्ययन गर्दै ती निबन्धमा रहेको हास्यव्यङ्ग्यात्मक पक्षको विश्लेषण गरिएको हुनाले यो शोधपत्र सामाजिक, आर्थिक र राजनीतिक सन्दर्भका आधारमा अर्यालका निबन्धको अर्थविश्लेषण र विधागत सौन्दर्यमूल्यका आधारमा निबन्धलाई मूल्याङ्कनसँग सम्बद्ध रहेको छ ।

मोहनराज शर्मा (२०५५) को *समकालीन समालोचना : सिद्धान्त र प्रयोग* शीर्षकको पुस्तकमा अर्थसम्बन्धी विश्लेषण गर्ने क्रममा दुई ओटा अध्यायमा सन्दर्भार्थको चर्चा गरिएको छ । सन्दर्भार्थ भनेको भाषासँगै आएको अर्थ हुनाले यसको खोजी सङ्कथनमा प्रयुक्त स्थितिहरूको विश्लेषणबाट हुने भन्दै अर्थका दृष्टिले सङ्कथनमा विभिन्न स्थितिहरूको भूमिका रहेको चर्चा गरेका शर्माले भाषिक उच्चार घटित हुने भाषेतर पर्यावरणलाई स्थिति मानेको देखिन्छ । स्थितिले सहभागी, प्रक्रिया, समय, स्थान, औपचारिकता आदिलाई जनाउने भन्दै सन्दर्भार्थको अध्ययनका क्रममा स्थितिको अध्ययनमा यहाँ जोड दिइएको छ । भाषाका तीन प्रमुख तहमध्ये रूप र वस्तुलाई आन्तरिक तह र स्थितिलाई बाह्य तह मानेर शर्माले स्थिति र भाषिक रूपलाई जोडेर भाषेतर स्थितिको अर्थ भाषिक रूपमा प्राप्त गराउने सम्बन्धसेतुको रूपमा सन्दर्भलाई स्थापित गरेको देखिन्छ । स्वनप्रक्रिया/लेखप्रक्रियाले वस्तुको संयोजनबाट रूपको निर्माण गर्ने र सन्दर्भले रूपको संयोजनबाट स्थितिको निर्माण गर्ने हुनाले स्थिति वा परिवेशको निर्माण गरेर भाषिक अर्थलाई प्रतिफलित तुल्याउन सन्दर्भको भूमिका रहने शर्माको तर्क रहेको छ । क्षेत्रगत आधारमा अवधारणात्मक, तार्किक र व्यापक गरी तीन ओटा स्थितिको चर्चा गर्दै रूपात्मक भाषिक एकाइ र स्थितिका तत्त्वहरूका बिचमा स्थापित सम्बन्धलाई यहाँ सन्दर्भार्थ मानिएको छ । अर्थविज्ञानअन्तर्गत भाषिक अर्थको प्रतिफलन गराउने उत्भावनात्मक, अन्तर्वैयक्तिक र पाठात्मक अर्थमध्ये कृतिको अवधारणात्मक स्थितिसँग सम्बद्ध उत्भावनात्मक अर्थ; सम्बोधनका प्रकारहरू, कथनप्रक्रिया र वृत्तिसँग सम्बद्ध तात्कालिक स्थितिसँग जोडिएको अन्तर्वैयक्तिक अर्थ र वक्ता तथा श्रोताको पूर्वज्ञान, सन्दर्भ आदिमार्फत कृतिमा र अक्षकीकरणमार्फत खास स्थानमा जोड दिएर आर्थी विशिष्टता निर्माण गर्ने पाठात्मक अर्थ गरी तीनै ओटा अर्थको खोजी भाषिक उच्चारको आर्थी प्रतिफलनका दृष्टिले आवश्यक हुने शर्माको निष्कर्ष रहेको छ । भैरव अर्यालका

निबन्धलाई संज्ञानात्मक सन्दर्भार्थका दृष्टिले अध्ययन नगरिए पनि शर्माको यस पुस्तकमा सन्दर्भार्थको सैद्धान्तिक पक्षको निरुपण गरिएको हुनाले अर्यालका निबन्धमा प्रयुक्त संज्ञानात्मक सन्दर्भार्थको खोजी गर्ने सैद्धान्तिक आधारमा स्पष्ट हुन र विश्लेषणका लागि अवधारणात्मक ढाँचा तयार पार्न यसबाट सहयोग पुगेको छ ।

सागरमणि सुवेदी (२०५७) को "इतिश्री हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रहको कृतिपरक अध्ययन" शीर्षकको स्नातकोत्तर शोधपत्रमा अर्यालका *इतिश्री*मा रहेका निबन्धलाई निबन्धको विषयवस्तु, शैली, हास्यव्यङ्ग्य र विचार पक्षका आधारमा विश्लेषण गरिएको र अर्यालले आफ्ना निबन्धमा नेपाली समाजका विविध गतिविधि र विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषयसन्दर्भलाई समेटेको भन्दै उनका निबन्धमा हास्यका अतिरिक्त तिखो व्यङ्ग्यवाण प्रहार रहेको बताइएको छ । हास्यव्यङ्ग्य सिर्जनाका लागि सार्थक शब्दचयन र उचित पदविन्यास कला तथा भाषिक सौन्दर्यका माध्यमबाट अर्यालले आफ्ना निबन्धमा लाक्षणिक र व्यञ्जनात्मक अर्थ प्रतिपादन गरेको सुवेदीको ठहर रहेको छ। अर्यालको *इतिश्री* निबन्धसङ्ग्रहमा सङ्गृहीत रहेका निबन्धको कृतिपरक अध्ययनमा केन्द्रित रहेको यस शोधपत्रमा भैरव अर्यालका निबन्धमा रहेको सन्दर्भार्थको अध्ययन नगरिए पनि अर्यालका निबन्धमा रहेको विषयवस्तु, विचार पक्ष र भाषिक तथा शैलीय पक्षको विश्लेषण गरिएको हुनाले सामाजिक, आर्थिक र राजनीतिक सन्दर्भका आधारमा अर्यालका निबन्धको अर्थविश्लेषणमा यसलाई उपयोगमा ल्याइएको छ ।

त्रिलोचन भट्टराई (२०६०) द्वारा "जय भुँडी निबन्धसङ्ग्रहको कृतिपरक अध्ययन" शीर्षकको स्नातकोत्तर शोधपत्रमा अर्यालका *जय भुँडी*मा प्रकाशित निबन्धलाई विषयवस्तु, भाषाशैली, संरचना र हास्यव्यङ्ग्यका आधारमा विश्लेषण गरिएको छ । अर्यालका निबन्धमा वाग्वैदग्ध्य र वक्रोक्तिजनक हास्यको प्रयोग भएको र मानवीय दैनिक जीवनका सामान्य विषयदेखि समाज, राष्ट्र र विश्वका गहन विषयमाथि चोटिलो व्यङ्ग्य प्रहार गरिएको भन्ने भट्टराईको ठहर रहेको छ ।*जय भुँडी* भित्रका निबन्धहरूको कृतिपरक र विधागत अध्ययनमा केन्द्रित यस शोधपत्रमा अर्यालका निबन्धमा विषयविविधता रहेको, भाषाशैलीगत रूपमा निबन्धको भाषिक विन्यास सौन्दर्यात्मक रहेको र हास्यको सहयोगमा ती निबन्धमा बेजोड व्यङ्ग्य रहेको निष्कर्ष निकालिएको छ । यस शोधपत्रमा भैरव अर्यालका निबन्धको सन्दर्भार्थपरक अध्ययन नगरिए पनि अर्यालका केही निबन्धको विषयवस्तु र भाषिक तथा शैलीय पक्षको विश्लेषण गरिएको हुनाले सामाजिक, आर्थिक र राजनीतिक सन्दर्भका आधारमा अर्यालका निबन्धको अर्थविश्लेषण गर्दा यसलाई उपयोगमा ल्याइएको छ ।

हरिप्रसाद पराजुली (२०६०) ले "काउकुती निबन्धसङ्ग्रहको अध्ययन" शीर्षकको स्नातकोत्तर शोधपत्रमा अर्यालका *काउकुती*मा सङ्गृहीत निबन्धको विषयवस्तु, विचार र हास्यव्यङ्ग्य पक्षको विश्लेषण गरेको र यस क्रममा ती निबन्धमा रहेका विविध सन्दर्भको सङ्केत गरेको देखिन्छ ।

अर्यालका निबन्धमा विषयगत विविधता रहेको; भाषिक चमत्कारयुक्त अभिव्यक्त शैली रहेको र हास्यका साथमा चोटिलो व्यङ्ग्य प्रहार गरिएको कुरा यहाँ उल्लेख गरिएको छ । उनका निबन्धमा विषयवस्तुगत विविधता, वैचारिक सशक्तता र बेजोड हास्यव्यङ्ग्यात्मकता रहेको पराजुलीको निष्कर्ष रहेको छ । यस शोधपत्रमा भैरव अर्यालका निबन्धको सन्दर्भार्थको अध्ययन नगरिए पनि अर्यालका केही निबन्धको विषयवस्तु, विचार र हास्यव्यङ्ग्य पक्षको विश्लेषण गरिएको हुनाले सामाजिक, आर्थिक र राजनीतिक सन्दर्भका आधारमा अर्यालका निबन्धको अर्थविश्लेषण गर्न यसबाट सामान्य सहयोग पुगेको छ ।

खगेन्द्रप्रसाद लुइटेल (२०६८) द्वारा *नेपाली निबन्ध समालोचना* शीर्षकको पुस्तकमा निबन्धको विधागत स्वरूप र नेपाली निबन्धको विकासक्रमको परिचर्चासहित नेपाली निबन्धको प्रारम्भिक समयका 'पृथ्वीनारायण शाहको दिव्योपदेश' देखि आधुनिक कालसम्मका डेड दर्जन निबन्धकारका एकेक ओटा निबन्धलाई विषयवस्तु र भाषाशैलीका आधारमा विश्लेषण गरेको देखिन्छ । यस क्रममा अर्यालका निबन्धका मुख्य प्रवृत्तिको चर्चा र 'जय भुँडी' निबन्धलाई विधागत घटकका आधारमा विश्लेषण गरिएको छ । यहाँ अर्याललाई *हालखबर* पत्रिकामा 'सरकारले दुलो खोज्नु पर्ला' निबन्ध प्रकाशित गरेर २०१४ सालमा नेपाली निबन्ध लेखनका क्षेत्रमा प्रवेश गरेका लेखकका रूपमा चिनाइएको छ । अर्यालका निबन्धगत प्रवृत्तिको चर्चा गर्दा वैयक्तिक, सामाजिक, मानवीय, राष्ट्रिय-अन्तर्राष्ट्रिय क्षेत्रका विसङ्गति, विकृति, दुष्प्रवृत्ति, कमीकमजोरीजस्ता विषयवस्तुको मर्यादित र हास्यव्यङ्ग्यात्मक प्रस्तुति भएका अर्यालका निबन्ध भाषाशिल्पगत परिष्कारका दृष्टिले पनि अब्बल भएको यहाँ ठहऱ्याइएको छ । त्यसपछि यस पुस्तकमा विषयवस्तु र भाषाशैलीका आधारमा 'जय भुँडी' निबन्धको विश्लेषण गरिएको छ । अर्यालले भुँडीको प्रतीकात्मक प्रयोगका माध्यमबाट समाजमा रहेको वर्गीय प्रतिनिधित्व र सामाजिक वर्गीय असमानताको यथार्थ चित्रण गरेको भन्ने ठहर यहाँ गरिएको छ । यस पुस्तकमा अर्यालका निबन्धलाई संज्ञानात्मक सन्दर्भार्थका दृष्टिले विश्लेषण नगरिए पनि अर्यालका निबन्धमा प्रयुक्त सामाजिक, आर्थिक र राजनीतिक सन्दर्भार्थको विश्लेषण गर्न र विधागत सौन्दर्यमूल्यका आधारमा अर्यालका निबन्धको मूल्याङ्कन गर्न यस लेखलाई उपयोग गरिएको छ ।

ऋषिराम शर्मा (२०६९) द्वारा "भैरव अर्यालका निबन्धमा वर्णविन्यास वक्रता" शीर्षकको दर्शनाचार्थ तहको शोधप्रबन्धमा अर्यालका छ ओटा निबन्धलाई वर्णविन्यास वक्रतामा सैद्धान्तिक मान्यताका आधारमा विश्लेषण गरिएको छ । वक्रोक्तिको सैद्धान्तिक चिनारीका साथमा एकवर्णविन्यास वक्रता, द्विवर्णविन्यास वक्रता, बहुवर्णविन्यास वक्रता, संयुक्तवर्णविन्यास वक्रता र यमकाभास वक्रता जस्ता मान्यताका आधारमा विभिन्न सूचक निर्माण गरी यस शोधमा अर्यालका निबन्धको विश्लेषण तथा निबन्धको शैलीशिल्पगत, वर्णविन्यासगत र गुणगत सौन्दर्यको पनि अध्ययन गरेर वर्णविन्यास

वक्रताका दृष्टिले अर्यालका निबन्ध उत्कृष्ट रहेको ठहर गरिएको छ । निबन्धभित्रका एउटै वाक्यमा पनि वर्णविन्यास वक्रताका अनेक प्रकारको उपस्थिति र सोही वक्रताका प्रकारभित्रै साहित्यिक अभिव्यक्तिका अलङ्कार, रीति, वृत्ति, गुण, लय, शैली जस्ता शैलीशिल्पको अन्तर्निहितता जस्ता कारणले अर्यालका निबन्धको वर्णविन्यास कला अत्यन्त विशिष्ट, वर्ण्य विषयानुकूल र रसोपकारकसमेत रहेको शर्माको निष्कर्ष रहेको छ । भैरव अर्यालका निबन्धलाई संज्ञानात्मक सन्दर्भार्थका दृष्टिले अध्ययन नगरिए पनि यस शोधप्रबन्धमा अर्यालका केही निबन्धलाई वर्णविन्यास वक्रताका आधारमा विश्लेषण गरिएको हुनाले सामाजिक, आर्थिक र राजनीतिक सन्दर्भका आधारमा अर्यालका निबन्धको अर्थविश्लेषण र विधागत सौन्दर्यमूल्यका आधारमा ती निबन्धको मूल्याङ्कन गर्ने क्रममा यसको उपयोग गरिएको छ ।

सुकराज राई (२०७१) ले *आधुनिक नेपाली निबन्धमा हास्यव्यङ्ग्य* शीर्षकको पुस्तकमा हास्यव्यङ्ग्यको सैद्धान्तिक स्वरूप, आधुनिक नेपाली हास्यव्यङ्ग्य प्रयोगको परम्परा र नेपाली हास्यव्यङ्ग्य निबन्धमा आधुनिक कालको थालनीदेखि २०३५ सालसम्मका निबन्धकारलाई पूवार्द्ध र उत्तरार्द्ध चरणमा विभाजन गरेर त्यसमध्ये नौजना लेखकका हास्यव्यङ्ग्य निबन्धको विश्लेषण गर्ने क्रममा भैरव अर्यालका 'जय भोलि', 'अमरावती कान्तिपुरी नगरी', 'टाउको', 'भान्सा भो हजुर ?' र 'व्यङ्ग्य बाजेलाई एउटा खुला पत्र' गरी पाँच ओटा निबन्धमा रहेको हास्यव्यङ्ग्य पक्षको विश्लेषण गरेको देखिन्छ । नेपाली हास्यव्यङ्ग्य निबन्धको पूवार्द्ध चरणका लक्ष्मीप्रसाद देवकोटा, हृदयचन्द्रसिंह प्रधान, अच्छा राई, वासुदेव लुइटेल र उत्तरार्द्ध चरणका केशवराज पिँडाली, श्रीधर खनाल, भैरव अर्याल, घटोत्कच शर्मा र रामकुमार पाँडेका निबन्धलाई आलम्बन र उपकरणका आधारमा विश्लेषण गर्ने क्रममा अर्यालका निबन्धमा समाज र सरकारमा रहेको भोलिवादी प्रवृत्ति र यसको असर, काठमाडौँ सहरको वास्तविकता, मानव जीवनका विविध जटिलता, नेपाली समाजमा रहेको गरिबी र यसको प्रभाव जस्ता आलम्बनलाई व्यङ्ग्यात्मक पारेर प्रस्तुत गरिएको भन्दै हास्यव्यङ्ग्य निबन्धकारहरूसँग अर्यालको तुलना गरेर उनलाई यहाँ सबैभन्दा सशक्त हास्यव्यङ्ग्य निबन्धकारका रूपमा स्थापित गरिएको छ । यस पुस्तकमा भैरव अर्यालका निबन्धको सन्दर्भार्थको अध्ययन नगरिए पनि हास्यव्यङ्ग्यका आलम्बन र उपकरण गरी दुई पक्षका आधारमा अर्यालका निबन्धको विश्लेषण तथा अर्यालको हास्यव्यङ्ग्य निबन्धकारिताको मूल्याङ्कन गरिएको हुनाले सामाजिक, आर्थिक र राजनीतिक सन्दर्भका आधारमा अर्यालका निबन्धको अर्थविश्लेषण गर्न र विधागत सौन्दर्यमूल्यका आधारमा ती निबन्धको मूल्याङ्कन गर्न यसबाट सहयोग पुगेको छ ।

कुमारबहादुर जोशी (२०७५) को "हास्यव्यङ्ग्य र हास्यव्यङ्ग्यकार भैरव अर्यालको जय भुडी" शीर्षकको लेखमा हास्य र व्यङ्ग्यको सङ्क्षेपमा चिनारी दिँदै *जय भुँडी* निबन्धसङ्ग्रहमा रहेका निबन्धका बारेमा परिचर्चा गरिएको छ । नेपाली साहित्यमा हास्यव्यङ्ग्यको थालनी भानुभक्त

आचार्यका कविताबाट भएको पाइए पनि २००७ सालको क्रान्तिपश्चात् यसको विकास र विस्तार भएको जोशीले उल्लेख गर्दै २०१३ बाट नेपाली हास्यव्यङ्ग्य निबन्धमा भैरव अर्यालको उदय भएको र हास्यव्यङ्ग्य निबन्धका क्षेत्रमै उनको विशेष योगदान गरेको मत यस लेखमा प्रस्तुत गरिएको छ । *जय भुँडी* मा रहेका निबन्ध आयामका दृष्टिले लामा र छोटा तथा विषयवस्तुका दृष्टिले राष्ट्रिय र अन्तर्राष्ट्रिय जीवनका विविध पक्षलाई अँगालेर लेखिएका; यी निबन्धमा आख्यानात्मकता, संस्मरणात्मकता, नाटकीयता, कवितात्मकता र वर्णनात्मकताको भिन्न प्रयोग र समन्वय दुवै भएको पाइएको र यी निबन्धमा उखान, तुक्का, थेगो तथा अनुकरणात्मक शब्दको प्रयोगप्रचुरता पाइने जोशीको तर्क रहेको छ । भाषिक तथा कलात्मक पक्षका आधारमा अक्षरगत अनुप्रासीयता, शब्द र पदगत अनुप्रासीयता तथा वाक्यांशगत अनुप्रासीयताले युक्त अर्यालका निबन्ध विशेष रहेको भन्दै यहाँ *जय भुँडी*मा सङ्गृहीत दस ओटा निबन्धमध्ये 'जय भुँडी', 'मपाईँ' र 'लाहुरेको यात्रा संस्मरण' निबन्धलाई सर्वोत्तम, 'नेता नम्बर एक सय एक', 'महापुरुषको सङ्गत', 'अमरावती कान्तिपुरी नगरी' र 'पख्नुस्'लाई उत्तम र बाँकी निबन्धलाई मध्यम मानेर ती निबन्धको मूल्याङ्कन गरिएको छ । हास्यव्यङ्ग्यको सङ्क्षिप्त सैद्धान्तिक सङ्केतका साथमा अर्याललिखित *जय भुडी* निबन्धसङ्ग्रहमा सङ्गृहीत निबन्धहरूको समीक्षा र यसैका आधारमा अर्यालका निबन्धको मूल्याङ्कनमा जोशीको यो लेख केन्द्रित रहेको छ । भैरव अर्यालका निबन्धमा संज्ञानात्मक सन्दर्भार्थको अध्ययन नगरिए पनि यस लेखमा अर्यालका केही निबन्धलाई विषयवस्तु र भाषिक कलात्मकताका आधारमा विश्लेषण गरिएको र ती निबन्धको मूल्याङ्कन गरिएको हुनाले सामाजिक, आर्थिक र राजनीतिक सन्दर्भका आधारमा अर्यालका निबन्धको अर्थविश्लेषण गर्दा र विधागत सौन्दर्यमूल्यका आधारमा ती निबन्धको मूल्याङ्कन गर्दा यसबाट सहयोग लिइएको छ ।

रोचक घिमिरे (२०७५) ले "भैरवसँगका १७ वर्ष" शीर्षकको लेखमा भैरव अर्याल र आफ्नो डेढ दशकभन्दा बढी लामो सङ्गत र अन्तरङ्ग सम्बन्धको परिचर्चा गर्दै अर्यालको पत्रकारिता, वैचारिक चिन्तन, साहित्य लेखन तथा जीवनलीला समाप्तिका घटनाको चर्चा गरेको देखिन्छ । *हालखबर* पत्रिकाको ग्राहक बनेसँगै उक्त पत्रिकाकै कार्यालयमा अर्यालसँग आफ्नो पहिलो भेट भएको र आफूले बकमफुस शर्माको नामबाट लेखिएका *हालखबर* पत्रिकाका हास्यव्यङ्ग्य मन पराएकोमा ती हास्यव्यङ्ग्य भैरव अर्यालकै भएको जानकारी भएपश्चात् भैरवसँग औपचारिक रूपमा परिचित भएपछि निरन्तर सत्र वर्षसम्म लामो सङ्गत गर्दा भैरवको जीवनका कतिपय दुःखद् र सुखद् स्थितिहरूको साक्षी हुने आफूले मौका पाएको घिमिरेको भनाइ रहेको छ । यस लेखमा २०१८ सालमा *रचना* पत्रिका प्रकाशन गर्न भैरव अर्यालको ठूलो भूमिका रहेको र अर्यालले लेखेको 'टी-पाटी' निबन्धमा भैरवप्रसाद अर्याल नाम लेखिएकोमा घिमिरेले नै 'प्रसाद' शब्दलाई झिकेर भैरव अर्याल बनाइदिएको रहस्यसमेत खुलाइएको छ । ऐतिहासिक कालखण्डका विभिन्न संस्मरणलाई उल्लेख गर्दै वासुदेव लुइटेल, बाल मुकुन्ददेव पाण्डे, रमेश विकललगायतका साहित्यकारसँग आफ्नो र अर्यालको

मित्रवत् सम्बन्धको खुलासा; २०२० सालको सुरुदेखि नै अर्यालको घाँटीका कारण स्वास्थ्यमा आएको समस्याको जानकारी र राजदरबारको सहयोगमा भैरवको दिल्लीमा उपचार गराउने व्यवस्था भएको तर दिल्लीका डाक्टरले निराशाजनक कुरा गरेपछि भैरवमा जीवनप्रति वितृष्णा सुरु भएको तथ्य यहाँ उल्लेख गरिएको छ । अर्यालको घाँटीको उपचार जर्मनीमा पनि भएको तर जर्मनमा गरेको शल्यक्रियापश्चात् उनको मसिनो स्त्रीस्वर ठुलो र धोद्रो बनेको अनि आफ्नो शारीरिक समस्या र स्वभावका कारण अर्यालले लेखनयात्रालाई बिस्तारै घटाएर विश्रान्ति दिएको तथा जीवनमा आएको घोर वितृष्णा र निराशापश्चात् पटक पटकको प्रयासपछि अन्त्यतः उनले गोकर्णमा गएर देहत्याग गरेको तथ्यमार्फत यस लेखमा अर्यालका जीवनमा आएका उतारचढाव र तत्कालीन सामाजिक तथा राजनीतिक परिस्थितिका कारण अर्यालको व्यङ्ग्यलेखनले उर्जा प्राप्त गरेको निष्कर्ष रहेको छ । अर्यालको जीवनका उतारचढाव र लेखनको पृष्ठभूमिको वर्णनमा केन्द्रित यस लेखमा भैरव अर्यालका निबन्धलाई संज्ञानात्मक सन्दर्भार्थका आधारमा अध्ययन नगरिए पनि अर्यालको समग्र वैचारिक चिन्तन र लेखन तथा प्रकाशनको पृष्ठभूमिगत सन्दर्भ उल्लेख गरिएको हुनाले अर्यालका निबन्धमा प्रयुक्त सामाजिक, आर्थिक र राजनीतिक सन्दर्भार्थको विश्लेषण गर्न यसबाट सहयोग पुगेको छ ।

वासुदेव त्रिपाठी (२०७५) को "भैरव अर्यालको साहित्यिक व्यक्तित्वको अन्तर्विकास र अन्तर्विघटनको प्रक्रिया" शीर्षकको लेखमा हास्यव्यङ्ग्य क्षेत्रमा भएको अर्यालको आगमन, उनको लेखनका विविध आयाम र लेखनको विघटनको परिचर्चा गरिएको छ । स्वच्छन्दतावादी-प्रगतिवादी धाराका कवि तथा निरन्तर प्रयोगशील हास्यव्यङ्ग्यकारका रूपमा अर्यालको साहित्यिक व्यक्तित्व बहुमुखी रहेको उल्लेख गर्दै यहाँ अर्यालभित्र साहित्यिक स्रष्टा र द्रष्टा दुवै व्यक्तित्व अन्तर्विद्यमान भएकाले उनको साहित्यिक व्यक्तित्वमा क्रमिक अन्तर्विकासको प्रक्रिया देखापरेको र त्यसैको फलस्वरूप उनमा भावाभिव्यञ्जनाको क्रमिक परिमार्जन र परिपाक प्राप्त भएको त्रिपाठीको ठहर रहेको छ । अर्यालको चार दशक लामो जीवनकालका पत्रकार, शिक्षक, चिन्तक, समाजसेवी र राजनीतिकर्मी तथा पारिवारिक व्यक्तित्वको चर्चासहित यहाँ दुई दशकको साहित्यिक व्यक्तित्व नै अर्यालको व्यक्तित्वको सर्वोपरि पाटो मानिएको; उनको समग्र साहित्य लेखनलाई चार चरणमा विभाजन गर्दै २०१८ देखि २०२८ सम्मको उनको लेखनलाई मात्र परिपाकयुक्त ठहऱ्याइएको र कविता, निबन्ध तथा समालोचनामा कलम चलाए पनि हास्यव्यङ्ग्य निबन्धलाई उचाइमा लगेका अर्यालको सर्वोपरि उचाइको क्षेत्र हास्यव्यङ्ग्य निबन्ध रहेको यहाँ बताइएको छ । अन्तर्मुखी मनोरचनामा निहित रहेको हीनताग्रन्थी र उच्चता ग्रन्थीकै योगबाट समग्र अर्यालको साहित्यिक व्यक्तित्वको निर्माण अनि विकास तथा त्यसैका कारणले लेखन विघटनमा समेत पुगेको त्रिपाठीको निष्कर्ष रहेको छ । भैरव अर्यालका निबन्धलाई संज्ञानात्मक सन्दर्भार्थका आधारमा अध्ययन नगरिए पनि यस लेखमा अर्यालको साहित्यिक व्यक्तित्वनिर्माण र जीवनीको अन्तर्सम्बन्ध तथा उनको

सिर्जनात्मक विधागत उचाइको मूल्याङ्कन गरिएको हुनाले विधागत सौन्दर्यमूल्यका आधारमा अर्यालका निबन्धको मूल्याङ्कन गर्ने क्रममा यसको सहयोग रहेको छ ।

शकुन्तला भण्डारी (२०७७) ले "प्रदीप नेपालका कथामा सन्दर्भता" शीर्षकको दर्शनाचार्य तहको शोधप्रबन्धमा सन्दर्भका सिद्धान्तलाई आधार बनाएर प्रदीप नेपालका कथाको विश्लेषण गरेको पाइन्छ । सन्दर्भ विश्लेषणको चिनारीसहित प्रदीप नेपालका नौ ओटा कथामा रहेको परिस्थितिगत सन्दर्भ र संज्ञानात्मक सन्दर्भको विश्लेषण गरिएको यस शोधप्रबन्धमा परिस्थितिगत सन्दर्भका स्थान, समय र सहभागीका आधारमा प्रदीप नेपालका कथाको परिवेशक अब्बल रहेको अनि संज्ञानात्मक सन्दर्भको प्रयोगका दृष्टिले हेर्दा विद्यमान सामाजिक अवस्था, समाजमा रहेको वर्गद्वन्द्व, निम्नवर्गीय अवस्था र सरकारी संयन्त्रमा रहेका कामकारबाहीका सन्दर्भयुक्त यी कथाहरू उत्कृष्ट रहेको यहाँ निष्कर्ष निकालिएको छ । भैरव अर्यालका निबन्धलाई सन्दर्भार्थका आधारमा अध्ययन नगरिए पनि यस शोधप्रबन्धमा सन्दर्भका आधारमा कथाको विश्लेषण गरिएको हुनाले अर्यालका निबन्धको सन्दर्भार्थ विश्लेषणका लागि सूचक तयार पार्न यसबाट सहयोग पुगेको छ ।

ऋषिराज बराल (२०७८) को "आलोचनात्मक चेत र भैरव अर्यालका हास्यव्यङ्ग्य निबन्धहरू" शीर्षकको लेखमा हास्यव्यङ्ग्यको सङ्क्षेपमा सङ्केत गर्दै अर्यालका *काउकुती, जय भुँडी, गलबन्दी* र *इतिश्री* गरी चार ओटा निबन्धसङ्ग्रहमा रहेका निबन्धको अध्ययन गरिएको छ । अर्यालका सम्बन्धमा विभिन्न पत्रिकाले विशेषाङ्क प्रकाशित गरेको र *रचना* र *सम्झना*का विशेषाङ्कहरू विशेष उल्लेखनीय रहेको चर्चासहित भैरवका निबन्धहरूको पाठगत विश्लेषण गर्ने क्रममा *काउकुती*मा सङ्कलित एघार ओटा निबन्धमा अर्यालले दोहोरो चरित्र बोकेका मान्छेप्रति व्यङ्ग्य गरेका; आणविक शक्ति सञ्चय गरेर अरूमाथि निशस्त्रीकरणको हुकुम दिने शक्तिसम्पन्न राष्ट्रमाथि लक्षित गरेको बताइएको छ । 'अन्तर्राष्ट्रिय भ्यागुता सम्मेलन' जस्ता निबन्धमा विभिन्न शान्तिगामी नीतिहरू पारित गर्ने तर आणविक हतियारको होडबाजी गर्ने तिनै देशको प्रवृत्तिको भण्डाफोर गरेको र 'जय भोलि' जस्ता निबन्धमा भोलिवादी प्रवृत्तिले जरा गाडेको तर्फ तीक्ष्ण व्यङ्ग्य प्रस्तुत गरेको यहाँ बताइएको छ । *जय भुँडी*मा रहेका दश ओटा निबन्धले तत्कालीन समाजका सामाजिक अव्यवस्थामाथि प्रश्न उठाएको; *गलबन्दी*भित्र सङ्गृहीत बाह्र ओटा निबन्धमा धर्म र नैतिकताको नाममा गरिएका र हुँदै आएका ढोँगी प्रवृत्तिप्रति आक्रामक दृष्टि राखेको र शक्तिले मैमत्त भएका मुलुकहरूलाई साँढेको दर्जा दिँदै समाज र विश्वका विभिन्न अव्यवस्थामाथि कठोर व्यङ्ग्य प्रहार गरेको बरालको ठहर रहेको छ । *इतिश्री* निबन्ध सङ्ग्रहमा रहेका बाह्र ओटा निबन्धले वर्तमानमा मौलाएको मान्छेको अमानवीय प्रवृत्तिमाथि तीक्ष्ण व्यङ्ग्य गर्दै सामाजिक, सांस्कृतिक तथा राजनीतिक जीवनचरित्रलाई उतार्ने कार्य गरेको पनि बरालको ठहर रहेको छ । वासुदेव त्रिपाठी र भैरव अर्यालकै मतको समेत प्रयोग गर्दै हास्यव्यङ्ग्य लेख्ने सीप र क्षमतामा खप्पिस अर्यालले धेरै चोटिलो व्यङ्ग्य गर्न सक्षम भए पनि सत्ता

राजनीतिप्रतिको प्रतिबद्धताका कारण र जागिरे जीवनका बाध्यताका कारण उनले राजनीतिक क्षेत्रप्रति त्यस्तो व्यङ्ग्य गर्न नसकेको बरालको टिप्पणी रहेको छ । अर्याललाई नेपाली हास्यव्यङ्ग्य निबन्धका क्षेत्रमा सबैभन्दा अग्ला निबन्धकारका रूपमा स्थापित गर्दै 'जय भुँडी', 'गलबन्दी', 'महापुरुषको सङ्गत' जस्ता केही निबन्धले उनलाई सदैव उच्च र जीवन्त तुल्याउने निष्कर्ष यस लेखमा निकालिएको देखिन्छ । बरालको यो लेख भैरव अर्यालका निबन्धभित्र रहेको विषयवस्तु र त्यसभित्रको वैचारिक सचेतताको विश्लेषणप्रति केन्द्रित रहेको छ । भैरव अर्यालका निबन्धलाई संज्ञानात्मक सन्दर्भार्थका आधारमा अध्ययन नगरिए पनि यस लेखमा अर्यालका निबन्धमा रहेको विचार र व्यङ्ग्यमा रहेको तीक्ष्णताको विश्लेषण तथा अर्यालको निबन्धकारिताको मूल्याङ्कन गरिएको हुनाले अर्यालका निबन्धमा प्रयुक्त सामाजिक, आर्थिक र राजनीतिक सन्दर्भार्थको विश्लेषण गर्न र विधागत सौन्दर्यमूल्यका आधारमा अर्यालका निबन्धको मूल्याङ्कन गर्न यस लेखको उपयोग गरिएको छ ।

भरतकुमार भट्टराई (२०७८) को "दश औतारभित्रका हास्यव्यङ्ग्यकेन्द्री समीक्षा" शीर्षकको लेखमा नेपाली हास्यव्यङ्ग्य क्षेत्रका साधकका रूपमा अर्यालको समीक्षात्मक निबन्धसङ्ग्रहका रूपमा प्रकाशित *दश औतार*भित्रका सूचीकृतका हास्यव्यङ्ग्यसँग सम्बन्धित रहेका पाँच ओटा लेखको विश्लेषण गरिएको छ । 'व्यङ्ग्य बाजेलाई एउटा खुला पत्र', 'लेखनाथज्यूको भोजन भट्ट', 'व्यङ्ग्यविनोदी देवकोटा', 'केही झल्याकझुलुक', 'तिवारी गुरु र भान्छे बाजे' तथा 'व्यङ्ग्यकार रिमाल : एक दृष्टि' शीर्षकमा रहेका समीक्षात्मक लेखमा रहेको हास्यव्यङ्ग्यात्मक अभिव्यक्तिशिल्पको सङ्क्षिप्त टिप्पणी गर्दै अर्यालका समीक्षात्मक लेखमा भानुभक्त आचार्यको साहित्यिक हास्यव्यङ्ग्य आदिस्रष्टा व्यक्तित्व, लेखनाथ पौडेलको नैतिक चेतनालाई प्रभावित गर्ने साहित्यिक मूल्यको वर्णन, देवकोटाको व्यङ्ग्यविनोदी लेखन शैलीको चर्चा, भीमनिधि तिवारीका कवितामा रहेको हास्य र व्यङ्ग्यको समन्वयको वर्णन र रिमालका कविताका माध्यमबाट उनको देशभक्त, स्वतन्त्र र क्रान्तिकारी व्यक्तित्वको चिनारी गरिएको कुरा यहाँ खुलस्त पारिएको छ । अर्यालले समीक्षात्मक निबन्ध सङ्ग्रहका माध्यमले समेत एक सफल हास्यव्यङ्ग्य समीक्षकका रूपमा आफूलाई प्रस्तुत गराएको उल्लेख गर्दै साहित्य स्रष्टाका रूपमा अर्यालले हास्यव्यङ्ग्यात्मक सिर्जनाका तहबाट नेपाली समाजको तत्कालीन अवस्थाको मिहीन विश्लेषण गरेजसरी साहित्यका विशिष्ट साधकहरूका बारेमा हास्यव्यङ्ग्यले भरिएका समीक्षात्मक रचनामार्फत आफूलाई हास्यव्यङ्ग्य साहित्यको उच्चतम द्रष्टाका रूपमा समेत चिनाएको र यसले नेपाली समालोचनाका क्षेत्रमा हास्यव्यङ्ग्य समीक्षकका रूपमा अर्याललाई परिचित गराएको भट्टराईको ठहर रहेको छ। भैरव अर्यालका हास्यव्यङ्ग्य निबन्धको चर्चा गर्नु नभएर उनका हास्यव्यङ्ग्यात्मक समीक्षामूलक निबन्ध तथा लेखका विषयमा चर्चा गर्नेतर्फ भट्टराईको लेखन केन्द्रित भएको देखिन्छ। भैरव अर्यालका निबन्धलाई सन्दर्भार्थका आधारमा अध्ययन नगरिए पनि यस लेखमा अर्यालको समीक्षात्मक लेखका माध्यमबाट उनको विचार र भाषिक प्रयोग

तथा हास्यव्यङ्ग्य सिपको विश्लेषण गरिएको हुनाले विधागत सौन्दर्यमूल्यका आधारमा अर्यालका निबन्धको मूल्याङ्कन गर्न यसबाट सहयोग पुगेको छ ।

रमेश शुभेच्छु (२०७८) ले "भैरव अर्यालका निबन्धमा भाषिक चयनगत कौशल" शीर्षकमा लेखमा अर्यालका निबन्धमा रहेको भाषिक पक्षका साथै उनका निबन्धमा प्रयुक्त भएको गद्य र पद्य भाषाको संयोजन र कलात्मकताको पनि चर्चा गरेको देखिन्छ । भैरव अर्यालका हास्यव्यङ्ग्य शैलीमा रचिएका निबन्धहरूमध्ये विशेषतः *जय भुँडी* निबन्धसङ्ग्रहमा रहेका निबन्धका आधारमा आफ्नो अध्ययन प्रस्तुत गर्दै ती निबन्धमा रहेको हास्य र व्यङ्ग्यको सन्तुलित अभिव्यक्ति सँगसँगै भाषिक चमत्कारको यहाँ प्रशंसा गरिएको छ । मौलिक शब्दनिर्माण र शब्द संयोजन तथा तुकबन्दीशिल्पमा सचेत अर्यालले पद तथा पदावलीको चयनमा विशिष्टता प्राप्त गरेको र यसले निबन्धलेखन शैलीलाई थप उजिल्याएको भन्दै अर्यालका निबन्धकृति नेपाली हास्यव्यङ्ग्य निबन्ध परम्परामा अब्बल रहनुमा उनको भाषिक चयन सामर्थ्य विशेष रहेको शुभेच्छुद्वारा ठहर गरिएको छ । पात्र प्रयोग, साना आख्यान र अन्य विविध प्रयोग उनका कृति अब्बल बनाउने अरू साधन रहे पनि निबन्धकारको भाषिक चयन र त्यसको प्रयोगगत कौशल उल्लेखनीय रहेको शुभेच्छुको मत रहेको छ । अर्यालका निबन्ध सामान्य पाठकका लागि रेला, ठट्टा जस्ता रमाइला र हाँसो उत्प्रेरक विषयवस्तुले युक्त लागे पनि गम्भीर पाठकका लागि बौद्धिक खुराक बन्नुमा हास्यव्यङ्ग्यउत्प्रेरक पद, पदावलीयुक्त वाग्धारा र बिम्बप्रतीकादिको चयन सामर्थ्यको भूमिका रहेको शुभेच्छुको ठहर रहेको छ । अर्यालका निबन्धमा हास्य र व्यङ्ग्यको उपस्थिति एवम् संयोजनका लागि विभिन्न झर्रा पद, पदावली, वाक्य र पदांशसमेत चयन गरिएको र खास गरी अप्रचलित खालका तर सहज ढङ्गले प्रयोगमा ल्याइएका त्यस्ता पद तथा पदावलीबाट उनको वैचारिक अभिव्यक्ति बोधगम्य, प्रहारयोग्य, चोटिलो र सशक्त बनेको शुभेच्छुको निष्कर्ष रहेको छ । भैरव अर्यालका निबन्धलाई सन्दर्भार्थका आधारमा अध्ययन नगरिए पनि यस लेखमा अर्यालको निबन्धलाई भाषिक पक्षबाट विश्लेषण गरिएको हुनाले सामाजिक, आर्थिक र राजनीतिक सन्दर्भार्थका आधारमा निबन्धको विश्लेषण गर्न र विधागत सौन्दर्यमूल्यका आधारमा अर्यालका निबन्धको मूल्याङ्कन गर्न यस लेखलाई उपयोग गरिएको छ ।

लक्ष्मणप्रसाद गौतम (२०७८) ले "भैरव अर्यालको हास्यव्यङ्ग्य यात्रा, कृति र प्रवृत्ति" शीर्षकको लेखमा अर्यालको सङ्क्षिप्त परिचयका साथमा *काउकुती, जय भुँडी, गलबन्दी, इतिश्री* गरी चार ओटा निबन्धसङ्ग्रहमा भएका निबन्धलाई नेपाली हास्यव्यङ्ग्य क्षेत्रका चूँडान्त परिणति मानेर ती निबन्धमा रहेका विषयवस्तु र प्रवृत्तिको परिचर्चा गरेको पाइन्छ । करिब दुई दशकको अर्यालको निबन्धलेखन यात्रालाई तीन चरणमा विभक्त गरेर २०१४ देखि २०१८ सम्मको अवधिलाई आभ्यासिक चरण, २०१८ देखि २०२८ सम्मको समयलाई उर्वर तथा उत्कर्ष चरण र त्यसपछि २०३३ सम्मको कालावधिलाई शिथिलताको चरण भनेर दोस्रो चरणको दश वर्षलाई यहाँ अत्यन्तै उर्वर र उत्कर्षको

चरण ठहऱ्याइएको छ। लेखनमा प्रयुक्त हास्यतत्त्व र व्यङ्ग्यकलाको प्रधानता र सन्तुलनका आधारमा भने अर्यालको समग्र निबन्धयात्रालाई २०२२ सालसम्म पूर्वार्ध र त्यसपछिको समय उत्तरार्द्ध मान्नुपर्ने गौतमको अर्को वैकल्पिक मत रहेको छ। सामग्री चयन तथा विषयको विविधता, सामाजिक विकृतिको परिचित्रण, चेतनाको तह आदि बाह्र ओटा आधारमा अर्यालका हास्यव्यङ्ग्य निबन्धका प्रवृत्तिको चर्चा गर्दै अर्याललाई तीव्र युगचेतना भएका विशिष्ट भाषिक कलाको प्रयोग गर्ने कुशल व्यङ्ग्यशिल्पी निबन्धकारका रूपमा गौतमले स्थापित गरेको पाइन्छ। *काउकुती र जय भुँडी* निबन्धसङ्ग्रहमा रहेका निबन्धमा हास्यको प्रचुरतामा व्यङ्ग्यचेतना रहेको; *गलबन्दी र इतिश्री* निबन्धसङ्ग्रहमा रहेका निबन्धमा व्यङ्ग्यको प्रधानतामा हास्यात्मक शैली रहेको र त्यसपछिका निबन्धमा अर्यालको हास्यव्यङ्ग्य लेखनमा बिस्तारै शिथिलता आएर उनी समीक्षातिर मोडिएको तथ्यसहित शाश्वत, सार्वभौम र सार्वकालिक मूल्यवता भएका हास्यव्यङ्ग्य निबन्धका कारण नेपाली हास्यव्यङ्ग्य निबन्धलेखन परम्परामा अर्यालको स्थान शीर्षस्थ बनेको गौतमको निष्कर्ष रहेको छ। भैरव अर्यालका निबन्धलाई संज्ञानात्मक सन्दर्भार्थका आधारमा अध्ययन नगरिए पनि यस लेखमा अर्यालका निबन्धको प्रवृत्तिगत विश्लेषण गरिएको र अर्यालको निबन्धकारिताको स्थान निर्धारण गरिएको हुनाले अर्यालका निबन्धमा प्रयुक्त सामाजिक, आर्थिक र राजनीतिक सन्दर्भार्थको विश्लेषण गर्न र विधागत सौन्दर्यमूल्यका आधारमा अर्यालका निबन्धको मूल्याङ्कन गर्न यसको उपयोग गरिएको छ।

विष्णु प्रभात (२०७८) को "भैरव अर्यालको हास्यव्यङ्ग्य" शीर्षकको लेखमा हास्यव्यङ्ग्यकार भैरव अर्यालको प्रतिभाको निक्र्योल उनको शिक्षक, पत्रकार, कवि, सम्पादक, निबन्धकार तथा समालोचक व्यक्तित्वभित्रबाट गर्नुपर्ने आवश्यकता प्रस्ट्याउँदै अर्यालका विविध व्यक्तित्वको सङ्क्षेपमा चर्चा गरिएको छ। अर्यालको जीवनी तथा बाल्यकाल, शिक्षादीक्षा, भौतिक र बौद्धिक व्यक्तित्वको चर्चा गर्दै अर्यालको साहित्यकारिताको यहाँ चर्चा गरिएको छ। कविता, कथा, नाटक, समीक्षा र निबन्धमा आफूलाई लगाएको भए पनि अर्यालले सुरुदेखि नै हास्यव्यङ्ग्यात्मक निबन्ध लेखनलाई कमानी बनाएर सिर्जनालाई घुमाएको भन्ने प्रभातको तर्क रहेको छ। अर्यालले समाजमा रहेका विविध विसङ्गत गतिविधि र देशप्रेमका विषयमा निबन्धको रचना गरेको र उनका अधिकतर निबन्ध हास्यव्यङ्ग्यप्रधान रहेको तथा तिनमा सरल अभिव्यक्ति भएको भए पनि तिनमा व्यङ्ग्यको प्रयोग गरिएको प्रभातको ठहर रहेको छ। भाषिक विचलन, विरूपीकरण, अतिरञ्जना, यथार्थको अङ्कन, सन्देश र सङ्क्षिप्तता आदिले उनको व्यङ्ग्यकला निर्मित भएको भन्दै विधामिश्रणको प्रयोगले पनि अर्यालका निबन्धमा शिल्पगत चमत्कार थपिएको र त्यसले विसङ्गतिविरेचक बहिर्व्यङ्ग्यको रूप ग्रहण गरेको कुरा यहाँ ठहर गरिएको छ। भैरव अर्यालका साहित्यिक मान्यता समय, समाज र सिर्जनशीलताका दृष्टिबाट हेर्दा जीवनवादी, जनप्रतिबद्ध एवम् प्रगतिशील रहेका र यिनै मान्यताका आधारमा उनले कविता, लेख, निबन्ध र समीक्षाहरू लेखेको तर वैचारिक अडानको सुस्थिरता भने नदेखिएको यहाँ टिप्पणी गरिएको छ। कविताका सन्दर्भमा लेखनाथले काव्यभाषा प्रदान गरेझैँ

निबन्धमा भैरव अर्यालले विशिष्ट व्यङ्ग्यशैली प्रदान गरेको र यही नै अर्यालको गुणवता रहेको प्रभातको निष्कर्ष रहेको छ । भैरव अर्यालका निबन्धलाई संज्ञानात्मक सन्दर्भार्थका आधारमा अध्ययन नगरिए पनि यस लेखमा अर्यालको व्यक्तित्वका विविध आयाम र निबन्धहरूमा त्यसको प्रभावको अध्ययन गरिएको हुनाले अर्यालका निबन्धलाई सामाजिक, आर्थिक र राजनीतिक सन्दर्भार्थका आधारमा विश्लेषण गर्न यसबाट सहयोग पुगेको छ ।

जीवनाथ सुवेदी (सन् २०२२) को “जय भुँडी निबन्धमा प्रगतिवाद” शीर्षकको लेखमा ‘जय भुँडी’ शीर्षक निबन्धमा वर्ग विभाजित समाजका शोषक वर्ग र शोषित वर्गको द्वन्द्वलाई कलात्मक शैलीमा प्रस्तुत गरिएको छ। पुराणमा वर्णित समाजदेखि दास युग, सामन्ती युग हुँदै आजको पुँजीवादी एवम् प्रजातान्त्रिक युगमा पनि शोषकबाट समयअनुसार नयाँ नयाँ तरिकाले शोषित वर्ग हेपिएको र दबिएको अवस्थामा रहेको कुरा ‘जय भुँडी’ निबन्धमा व्यङ्ग्यात्मक तरिकाले प्रस्तुत गरिएको र अल्प सङ्ख्यामा रहेका सामन्ती प्रवृत्तिका जालीहरूले बहुसङ्ख्यक जनतामाथि नयाँ नयाँ ढङ्गले शोषण गरिरहेको समकालीन सत्यलाई अर्यालको यस निबन्धमा अभिव्यञ्जित गरिएको भन्ने सुवेदीको ठहर रहेको छ। सुवेदीका अनुसार अर्यालको ‘जय भुँडी’ निबन्धमा ऐतिहासिक चेतना, वर्गभेद र बहुसङ्ख्यक जनजीवन उपेक्षित भएको यथार्थलाई देखाइएको र तत्कालीन यथास्थितिको घुमाउरो तर रोचक किसिमले विरोध जनाइएको छ । यहाँ उपेक्षित वा शोषित वर्गले आफूमाथि भइरहेको शोषणलाई बुझेर आफ्नो वर्गीय हितका लागि सचेत र सजग भएर लड्न एकजुट हुनुपर्ने सचेतना र एकताबाट गरिएको विद्रोहले खोसिएको अधिकार प्राप्त गर्न सकिने लेखकीय उद्घोष समेत रहेको छ । अतः आर्थिक समानताको पक्षपोषण गर्ने प्रगतिवादी विचार हास्यव्यङ्ग्य कलाका माध्यमबाट प्रस्तुत भएको ‘जय भुँडी’ विशिष्ट हास्यव्यङ्ग्यात्मक तथा प्रगतिवादी विचारयुक्त निबन्ध रहेको सुवेदीको निष्कर्ष रहेको छ । भैरव अर्यालका निबन्धलाई संज्ञानात्मक सन्दर्भका दृष्टिले अध्ययन नगरिए पनि यस लेखमा अर्यालको ‘जय भुँडी’ निबन्धलाई वैचारिक दृष्टिले विश्लेषण गरिएको हुनाले अर्यालका निबन्धमा प्रयुक्त आर्थिक र राजनीतिक सन्दर्भार्थको विश्लेषण गर्नका लागि यस लेखलाई उपयोग गरिएको छ ।

खगेन्द्रप्रसाद लुइटेल (२०७९) को “विशिष्ट हास्यव्यङ्ग्य निबन्धकार भैरव अर्याल” शीर्षकको लेखमा अर्यालको वैयक्तिक र साहित्यिक परिचय, निबन्धयात्रा, निबन्धको प्रवृत्ति र हास्यव्यङ्ग्य निबन्धकारका रूपमा उनको मूल्याङ्कन गरिएको छ । ‘खोलापारिका पुरेत बाजे’ (*हालखबर*, २०१३) शीर्षकमा रहेको अर्यालको पहिलो निबन्ध भनी धेरैले उल्लेख गरेको कुरा सही नभएको भन्दै पुरेत बा (खोलापारि) प्रचार मन्त्री-प्रचण्ड पुरोहित परिषद् नामबाट *हालखबर* पत्रिका (२०१४ वैशाख २५ गते) मा प्रकाशित ‘सरकारले दुलो खोज्नु पर्ला’ शीर्षकको निबन्ध नै उनको पहिलो निबन्ध भएको तथ्य यहाँ खुलासा गरिएको छ । अर्यालको निबन्धयात्रालाई दुई चरणमा विभाजन गरेर अर्यालका

निबन्धको चरणगत प्रवृत्तिको चर्चासहित *काउकुती (२०१९) र जय भुँडी* (२०२२) मा सङ्कलित निबन्धले अर्यालको निबन्ध यात्राको प्रथम चरणको प्रतिनिधित्व गर्ने भन्दै यहाँ शब्दार्थगत चमत्कृति, आनुप्रासिकता, कवितात्मकता तथा उपमादि अलङ्कारको प्रयोगलाई यहाँ प्रथम चरणका चरणगत प्रवृत्ति र *गलबन्दी* (२०२६) र *इतिश्री* (२०२८) मा सङ्कलित निबन्धले अर्यालको निबन्ध यात्राको दोस्रो चरणको प्रतिनिधित्व गर्ने भन्दै विविध सामाजिक, मानवीय राष्ट्रिय-अन्तर्राष्ट्रिय विसङ्गति, विकृति, दुष्प्रवृत्ति, कमीकमजोरीजस्ता विषयवस्तुको व्यङ्ग्यात्मक प्रस्तुति, विषयवस्तुगत सूक्ष्मता, व्यङ्ग्य तथा भाषाशिल्पगत परिष्कृतिलाई दोस्रो चरणका चरणगत प्रवृत्ति मानिएको छ । अर्यालका पूर्ववर्ती हास्यव्यङ्ग्य निबन्धकारमध्ये सङ्ख्यात्मक र गुणात्मक दुवै दृष्टिबाट केशवराज पिँडाली नै अग्रगण्य भएकाले पिँडालीसितै अर्यालको तुलना गर्दै केशवराज पिँडाली भैरव अर्यालभन्दा उमेरले प्रौढ भए पनि निबन्धकला र योगदानका दृष्टिले चाहिँ भैरव अर्यालका सामु कमजोर रहेको लुइटेलको ठहर रहेको छ । बालकृष्ण समको भनाइको समर्थनसहित अर्याललाई नेपाली हास्यव्यङ्ग्य निबन्धका क्षेत्रका विशिष्ट र अतुलनीय लेखकका रूपमा लुइटेलले स्थापित गरेको देखिन्छ । भैरव अर्यालको परिचय, व्यक्तित्व र उनको निबन्धगत प्रवृत्तिको विश्लेषण र योगदानको मूल्याङ्कनमा केन्द्रित यस लेखमा अर्यालका निबन्धलाई संज्ञानात्मक सन्दर्भार्थका दृष्टिले विश्लेषण नगरिए पनि अर्यालका निबन्धमा प्रयुक्त सामाजिक, आर्थिक र राजनीतिक सन्दर्भार्थको विश्लेषण गर्न र विधागत सौन्दर्यमूल्यका आधारमा अर्यालका निबन्धको मूल्याङ्कन गर्न यस लेखलाई उपयोग गरिएको छ ।

ठाकुर शर्मा भण्डारी (२०७९) ले *हास्यव्यङ्ग्य महारथी भैरव अर्याल* शीर्षकको पुस्तकमा भैरव अर्यालको परिचय र नेपाली निबन्धमा हास्यव्यङ्ग्यको स्थानमाथि प्रकाश पार्दै भैरवका निबन्ध, समीक्षा, कथा र कविता जस्ता कृतिको समग्र तर सङ्क्षिप्त समीक्षा गरेको देखिन्छ । भैरव अर्यालको परिचयका क्रममा यहाँ अर्यालको जन्मदेखि निधनसम्मका घटनाको विवरण दिइएको; नेपाली निबन्ध विधाको ऐतिहासिक सर्वेक्षण प्रस्तुत गर्दै शक्तिवल्लभको *हास्यकदम्ब* (१८५५) बाट नेपाली साहित्यमा हास्यव्यङ्ग्यको थालनीको सङ्केत गरिएको; शक्तिवल्लभ र भानुभक्त आचार्यलाई पूर्वाधुनिक समयका हास्यव्यङ्ग्य स्रष्टाका रूपमा स्थाननिर्धारण गरिएको र लक्ष्मीप्रसाद देवकोटाबाट आधुनिक हास्यव्यङ्ग्यको फाँट बीजारोपण भएर केशवराज पिँडाली, भैरव अर्याल जस्ता सर्जकका योगदानमा आधारित भएर उर्वर बनेको ठहर गरिएको छ । अर्यालका *काउकुती*देखि *टेडो ऐना*सम्मका निबन्धसङ्ग्रह र उनका समीक्षालगायतका कृतिमा रहेका विषयवस्तुको सङ्क्षेपमा चर्चासहित *काउकुती* निबन्धसङ्ग्रहमा रहेका सबै निबन्धको सन्दर्भगत विश्लेषण र अरू निबन्धसङ्ग्रहमा रहेका निबन्धको सामाजिक तथा सांस्कृतिक पक्षको परिचर्चाका साथमा यिनमा रहेको व्यङ्ग्य र त्यसको सार्थकताको परिचर्चा गर्दै यहाँ अर्यालका निबन्धमा रहेको अर्थको पनि खोजी गरिएको देखिन्छ । अर्यालका निबन्धमा विषयविविधता रहेको र उनले तत्कालीन समाजमा र राष्ट्र तथा विश्वपरिवेशका बेथितिहरूमाथि व्यङ्ग्य प्रहार गरिएको भन्ने भण्डारीको निष्कर्ष रहेको छ । यस पुस्तकमा अर्यालका

निबन्धलाई संज्ञानात्मक सन्दर्भार्थका दृष्टिले विश्लेषण नगरिए पनि निबन्धको सामाजिक तथा सांस्कृतिक पक्षका आधारमा विश्लेषण गरिएको हुनाले अर्यालका निबन्धमा प्रयुक्त सामाजिक, आर्थिक र राजनीतिक सन्दर्भार्थको विश्लेषण गर्ने क्रममा यस लेखलाई उपयोग गरिएको छ ।

धनाकुमारी जोशी (२०७९) द्वारा "लोकेन्द्रबहादुर चन्दका कथामा सन्दर्भ" शीर्षकको दर्शनाचार्य तहको शोधप्रबन्धमा सन्दर्भसम्बन्धी सैद्धान्तिक मान्यतालाई आधार बनाएर चन्दद्वारा लिखित जम्मा सोह्र ओटा कथालाई परिस्थितिगत सन्दर्भ र संज्ञानात्मक सन्दर्भका आधारमा विश्लेषण गरिएको छ । लोकेन्द्रबहादुर चन्दका कथालाई देशकाल, स्थान, सहभागितागत विविधताका साथै सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक सन्दर्भका आधारमा विश्लेषण गरेर ती कथामा तत्कालीन समाजमा देखिएका अन्याय, अत्याचार, विभेद, अशिक्षा, गरिबी, अन्धविश्वास, द्वन्द्व, भ्रष्टचार, मानवको स्वार्थी स्वभाव, नराम्रो व्यवस्थालगायतका यथार्थ पक्षको चित्रण रहेको यहाँ ठहर गरिएको छ । हरेक मानवले आफूले पाएको जिम्मेवारी मन, वचन, बुद्धि र कर्मले निर्वाह गनुपर्ने; हरेक नागरिकले स्वार्थी, अन्यायी, अत्याचारी, छलकपटी स्वभावलाई त्यागी समाज, मानव र देश विकासमा लाग्नुपर्ने अनि नकारात्मक पक्षको अन्त्य र सकारात्मक पक्षको थालनीका लागि बुद्धिमतापूर्वक क्रान्ति गर्नुपर्ने संज्ञान व्यक्त गरिएकाले चन्दका कथा सन्दर्भका दृष्टिले उपयुक्त भएको जोशीको निष्कर्ष रहेको छ । भैरव अर्यालका निबन्धको सन्दर्भार्थको अध्ययन नगरिए पनि यस शोधप्रबन्धमा सन्दर्भका आधारमा कथाको विश्लेषण गरिएको हुनाले अर्यालका निबन्धको सन्दर्भार्थ विश्लेषणका लागि सूचक तयार पार्न यसबाट सहयोग पुगेको छ ।

माथिका पूर्वाध्ययनमा भैरव अर्यालको जीवनी, व्यक्तित्वका विविध पक्ष, उनका निबन्धको यात्रा र प्रवृत्ति, कृतिपरकता, अर्यालका निबन्धमा भाषिक कौशल तथा उनको हास्यव्यङ्ग्य निबन्धकलाका विषयमा अध्ययन गरिएको पाइन्छ । यसबाहेक केही अध्ययन सन्दर्भविश्लेषणको सैद्धान्तिक पक्ष र सन्दर्भविश्लेषणका आधारमा गरिएको कृतिको प्रायोगिक विश्लेषणसँग सम्बन्धित रहेर गरिएको छ । अर्यालको जीवनी र साहित्यिक व्यक्तित्वमाथि घिमिरे (२०७५), त्रिपाठी (२०७५), प्रभात (२०७८) र भण्डारी (२०७९) ले अध्ययन गरेको पाइएको छ । अर्यालको निबन्धलेखन प्रवृत्तिका विषयमा सर्मा (२०२६), त्रिपाठी (२०२८), सुवेदी (२०४३), गौतम (२०७८) र लुइटेल (२०७९) द्वारा अध्ययन गरिएको छ । अर्यालका निबन्धमा रहेको हास्यव्यङ्ग्य पक्षमाथि शर्मा (२०४४), राई (२०७१), बराल (२०७८), गौतम (२०७८), भण्डारी (२०७९) र लुइटेल (२०७९) ले अध्ययन गरेको देखिन्छ । अर्यालका निबन्धको कृतिपरक विश्लेषणतर्फ सुवेदी (२०५७), भट्टराई (२०६०), पराजुली (२०६०), जोशी (२०७५), भट्टराई (२०७८) र सुवेदी (सन् २०२२) को अध्ययन रहेको देखिन्छ । अर्याल निबन्धको भाषिक पक्षका विषयमा शर्मा (२०६९) र शुभेच्छु (२०७८) तथा हास्यव्यङ्ग्य निबन्धकारिताका आधारमा भैरव अर्यालको मूल्याङ्कन गरेर त्रिपाठी (२०२८), जोशी

(२०७५), गौतम (२०७८), बराल (२०७८) र लुइटेल (२०७९) ले अध्ययन गरेको पाइन्छ । यसै गरी सन्दर्भविश्लेषणको सैद्धान्तिक पक्षमा शर्मा(२०५५) ले अध्ययन गरेको र सन्दर्भविश्लेषणको मान्यताका आधारमा कथाकृतिको विश्लेषण गर्दै भण्डारी (२०७७) र जोशी २०७९) ले शोध गरेको पाइएको छ ।

उपर्युल्लिखित पूर्वाध्ययनमा मुख्यतः अर्यालको जीवनी, व्यक्तित्व, उनको निबन्धकारिता र उनका हास्यव्यङ्ग्य निबन्धहरूको विश्लेषण र नेपाली हास्यव्यङ्ग्य निबन्ध क्षेत्रमा अर्यालको योगदानको मूल्याङ्कन गरिएको र केहीमा सन्दर्भविश्लेषणका सैद्धान्तिक पक्षको चर्चा र अरू विधाका कृतिलाई सन्दर्भका आधारमा विश्लेषण गरिएको पाइएको छ । यी अध्ययन भैरव अर्यालका निबन्धको संज्ञानात्मक सन्दर्भ र अर्थको खोजीसँग धेरथोर सम्बन्धित रहेका छन् । यी अध्ययनबाट प्रस्तुत शोधकार्यमा सैद्धान्तिक आधारमा स्पष्ट हुन, सामग्री विश्लेषणको निश्चित अवधारणा तयार पार्न र विश्लेषणका लागि सूचक तयार पार्न सहयोग प्राप्त हुने भए पनि भैरव अर्यालका निबन्धलाई संज्ञानात्मक सन्दर्भार्थका आधारमा माथिका पूर्वाध्ययनमा विश्लेषण गरिएको छैन । हालसम्म भैरव अर्यालका निबन्धहरूलाई सन्दर्भार्थका आधारबाट विश्लेषण नगरिएको हुनाले उल्लिखित पूर्वकार्य र प्रस्तुत शोधकार्यको शोधसमस्याले खोज्ने उपर्युक्त समाधानका बिचमा शोध रिक्तता रहेको स्पष्ट हुन्छ । त्यसैले संज्ञानात्मक सन्दर्भार्थका दृष्टिले भैरव अर्यालका निबन्ध अध्ययनीय ठहरेका छन् ।

## १.५ शोधको औचित्य र महत्त्व

भैरव अर्यालको जीवनी, व्यक्तित्व, निबन्धकारिता र निबन्धकृतिको कृतिपरकताका विषयमा अध्ययन भएको देखिए पनि संज्ञानात्मक सन्दर्भार्थका दृष्टिले उनका निबन्धको अध्ययन हालसम्म नभएको हुँदा संज्ञानात्मक सन्दर्भार्थका आधारमा गरिएको अर्यालका निबन्धको विश्लेषण प्राज्ञिक अध्ययनका दृष्टिले अनुसन्धेय विषय रहेको र संज्ञानात्मक सन्दर्भका आधारमा अर्यालका निबन्धमा निहित अर्थको खोजी गरिएकाले प्रस्तुत शोधकार्य औचित्यपूर्ण रहेको छ । अर्यालका निबन्धलाई सन्दर्भार्थका दृष्टिले गरिएको यस अध्ययनले उनका निबन्धमा पाइने संज्ञान वा आशयलाई प्रकाश्य पारेको छ र ती निबन्धमा रहेको अर्थ प्रतिफलनलाई समेत स्पष्ट पारेको हुनाले प्रस्तुत शोधकार्य औचित्यपूर्ण रहेको छ । अर्यालका निबन्धलाई संज्ञानात्मक सन्दर्भार्थका आधारमा विश्लेषण गर्दा सामाजिक, आर्थिक र राजनीतिक सन्दर्भका आधारमा गरिएको र सन्दर्भार्थका आधारमा यहाँ निबन्धको मूल्याङ्कन गरिएको हुँदा सन्दर्भका आधारमा निबन्ध र अरू साहित्यिक विधाका पाठलाई सामाजिक, आर्थिक र राजनीतिक सन्दर्भका सहयोगमा अर्थको खोजी गर्ने आधार तयार भएकाले प्रस्तुत शोधकार्य महत्त्वपूर्ण रहेको छ । भैरव अर्यालका निबन्धात्मक पाठ र संज्ञानात्मक सन्दर्भमार्फत तिनको अर्थविश्लेषण सम्बन्धी यो अध्ययन साहित्यका शोधकर्ता, पाठक र समालोचकका लागि पनि उपयोगी रहेको छ । अतः यो शोधकार्य प्राज्ञिक अध्ययनका दृष्टिले उचित, साहित्यको अर्थविश्लेषणको आधार

निर्माणका दृष्टिले महत्त्वपूर्ण र यससम्बन्धी जिज्ञासु पाठकलाई जानकारी प्रदान गर्ने दृष्टिले उपयोगी रहेको छ ।

## १.६ शोधविधि

शोधविधिअन्तर्गत शोधकार्यका क्रममा गरिने सामग्रीको सङ्कलन विधि र सामग्री विश्लेषण विधि तथा शोधको सैद्धान्तिक एवम् अवधारणात्मक ढाँचा पर्दछन् । यिनलाई तल छुट्टाछुट्टै उपशीर्षकमा सङ्क्षेपमा उल्लेख गरिएको छ :

### १.६.१ सामग्रीसङ्कलन विधि

प्रस्तुत शोधकार्यका लागि मूलतः पुस्तकालयीय कार्यबाट सामग्री सङ्कलन गरिएको छ । शोधकार्यका लागि आवश्यक प्राथमिक सामग्रीका रूपमा भैरव अर्यालका विभिन्न समयमा प्रकाशित सात ओटा निबन्धसङ्ग्रहमध्ये पाँच ओटा निबन्धसङ्ग्रहभित्र प्रकाशित रहेका निबन्धबाट सोद्देश्य नमुना छनौट पद्दतिका आधारमा छनौट गरिएका तिस ओटा निबन्धलाई लिइएको छ । द्वितीयक सामग्रीका रूपमा अर्यालका निबन्धसँग सम्बद्ध पूर्वाध्ययन एवम् साहित्यको सन्दर्भविश्लेषणसँग सम्बन्धित सैद्धान्तिक मान्यताहरू तथा प्रायोगिक विश्लेषण गरिएका पुस्तक, शोधपत्र तथा लेखहरूको उपयोग गरिएको छ ।

### १.६.२ सामग्रीविश्लेषण विधि

प्रस्तुत शोधकार्यमा निर्धारण गरिएका समस्याको प्राज्ञिक समाधानका लागि सङ्कथन विश्लेषणको सन्दर्भविश्लेषणसम्बन्धी सैद्धान्तिक मान्यतालाई आधार बनाइएको छ। निबन्धका भाषिक पाठलाई आधारमा सन्दर्भार्थ विश्लेषण गर्दा संज्ञानात्मक सन्दर्भ र त्यसको सहयोगमा प्रतिफलित अर्थको विश्लेषण गरिएको छ। यहाँ संज्ञानात्मक सन्दर्भार्थका दृष्टिले अर्यालका निबन्धको मूल्याङ्कन गरिएको छ । अर्यालका प्रकाशित निबन्धहरूमध्ये सोद्देश्य ढङ्गले छनौट गरिएका हास्यव्यङ्ग्यात्मक शैलीका तिस ओटा निबन्धका पाठलाई आधार मानेर विषयविश्लेषण विधिको प्रयोग गरी सामग्रीको विश्लेषण गरिएको छ। सामग्री विश्लेषण गर्न मूलतः व्याख्यात्मक विधि अवलम्बन गरिएको छ।

भाषिक पाठका रूपमा रहेका अर्यालका निबन्धमा समाजको प्रतिबिम्बन भएको छ। यस्तो समाजबाट सामाजिकता, अर्थ र राजनीतिक क्षेत्रको संज्ञान प्राप्त हुन्छ । संज्ञानात्मक क्षेत्रका सामाजिक, आर्थिक र राजनीतिक सन्दर्भले भाषिक रूपलाई स्थितिसँग सम्बद्ध तुल्याएको हुनाले संज्ञानात्मक सन्दर्भका माध्यमबाट निबन्धमा निहित अर्थ र समाजसापेक्ष अर्थको संश्लेषण गर्न यहाँ विषयविश्लेषण विधिको प्रयोग गरिएको छ। यस क्रममा प्रतिनिधि निबन्धका पाठबाट लिइएका पद, पदावली र वाक्यगत भाषिक रूपमा अन्तर्निहित स्थितिलाई तालिकामार्फत स्पष्ट पारिएको छ र

विषयगत उदाहरणमा अन्तर्निहित स्थिति र भाषिक रूपको संयोजनमार्फत प्रतिफलित अर्थको विश्लेषण गरिएको छ ।

### १.६.३ शोधको सैद्धान्तिक/अवधारणात्मक ढाँचा

भाषिक पाठमा कुनै शब्दले अभिव्यक्त गर्ने भौतिक पक्ष र पाठमा प्रयुक्त ज्ञानतत्त्व दुवैको योगलाई सन्दर्भ भनिन्छ । सङ्कथनमा सन्दर्भले स्थिति र रूपलाई जोडेर अर्थको प्रतिफलनका लागि सहयोग गर्छ (शर्मा, २०५५, पृ. १९७) । भाषिक पाठमा प्रयुक्त खास सन्दर्भले प्रदान गर्ने अर्थलाई सन्दर्भार्थ भनिन्छ । कुनै पनि भाषिक उच्चारमा निहति अर्थको खोज गर्नका लागि सन्दर्भार्थको अध्ययन आवश्यक हुन जान्छ । भाषिक उच्चारमा निहित अर्थ भाषिक एकाइ प्रयुक्त हुने परिवेशका आधारमा निर्धारण हुने हुनाले सन्दर्भार्थ भाषाको सांरचनिकताबाट नभएर प्रयोगको पृष्ठभूमिगत परिवेशबाट प्राप्त हुन्छ (यादव र रेग्मी, २०५८, पृ. २७७) । संज्ञानात्मक सन्दर्भ भाषिक उच्चारका आन्तरिक तहमा रहेको ज्ञानात्मक पक्ष लाई भनिन्छ । यसलाई आन्तरिक सन्दर्भ पनि भनिएको पाइन्छ । सङ्कथनात्मक पाठमा प्रयुक्त संज्ञानात्मक सन्दर्भार्थको खोजी अर्थ विश्लेषणको मुख्य लक्ष्य भएको हुनाले कृतिमा प्रयुक्त विषयको वैज्ञानिक र पूर्ण विश्लेषण गर्न संज्ञानात्मक सन्दर्भको अध्ययन आवश्यकीय हुन्छ । भाषिक अर्थको प्राप्तिका लागि भाषाविज्ञान र सङ्कथनविश्लेषणका सहयोगमा विभिन्न विधिको प्रयोग गर्न सकिन्छ । यीमध्ये सङ्कथन विश्लेषणका आधारमा खोजिने अर्थ भनेको सन्दर्भार्थ हो । भाषिक उच्चारको आशय वा ज्ञानतत्त्व संज्ञानात्मक सन्दर्भका माध्यमले मात्र अर्थ्याउन सकिने भएको हुनाले सन्दर्भको अध्ययनले मुख्यतः संज्ञानात्मक सन्दर्भको अध्ययनलाई नै बुझाउँछ ।

प्रस्तुत शोधकार्यमा भाषिक पाठका रूपमा भैरव अर्यालका निबन्धहरू रहेका छन् । अर्यालका विभिन्न समयमा प्रकाशित जम्मा एक सय अठार ओटा निबन्धमध्ये तिस ओटा निबन्ध र त्यसमा निहित संज्ञानात्मक पक्ष वा ज्ञान नै यस शोधकार्यको अध्ययनको क्षेत्र हो । यी निबन्धमा विषय, विचार र भाषाशैली रहेको छ । यस्ता विषय, विचार र भाषाशैलीका माध्यमबाट निबन्धमा अन्तर्निहित अर्थको खोजी गर्न यहाँ समाज, अर्थ र राजनीतिका संज्ञानात्मक पक्षको सहयोग लिइएको छ । त्यसैले यहाँ ज्ञानको खोजी गर्ने विधि भनेको संज्ञानात्मक सन्दर्भ हो । संज्ञानात्मक सन्दर्भका निश्चित सैद्धान्तिक मान्यता रहेका छन् । यसमा ह्यालिडे र हसन (सन् १९८९), म्याक्कार्थी (सन् १९९१), शर्मा (२०५५), विडोसन (सन् २००४), भानडाइक (सन् २००८), वाकर र एलिस (सन् २०११) आदिको योगदान रहेको छ । उच्चारमा रहेको आशय वा ज्ञान खास सन्दर्भमा आधारित हुन्छ र यस्तो संज्ञानको खोजी गर्न सामाजिक, आर्थिक र राजनीतिक पृष्ठभूमिको भूमिका हुन्छ भन्ने नै यी विद्वानका अध्ययनको निष्कर्ष रहेको छ । अतः अर्यालका निबन्धमा निहित अर्थ खोज्ने सैद्धान्तिक आधार यहाँ संज्ञानात्मक सन्दर्भार्थलाई मानिएको छ ।

प्रस्तुत शोधकार्यमा संज्ञानात्मक सन्दर्भको सैद्धान्तिक मान्यताका आधारमा सामाजिक, आर्थिक र राजनीतिक गरी तीन ओटा विषयक्षेत्रका माध्यमबाट निबन्धात्मक पाठमा रहेका सन्दर्भार्थको विश्लेषण गर्न निश्चित अवधारणा निर्माण गरिएको छ । यस क्रममा अर्यालका प्रतिनिधि निबन्धको सन्दर्भगत व्याख्या गरिएको छ र संज्ञानात्मक सन्दर्भार्थअन्तर्गत सामाजिक, आर्थिक, राजनीतिक सन्दर्भार्थ गरी तीन ओटा अवधारणाअन्तर्गत प्रत्येकका तीन/तीन ओटा गरी जम्मा नौ ओटा सूचक तयार पारी सामग्री विश्लेषण गरिएको छ र संज्ञानात्मक सन्दर्भार्थका आधारमा भैरव अर्यालका निबन्धको मूल्याङ्कन गर्ने क्रममा दुई ओटा सूचकका आधारमा गरिएको छ । यस क्रममा शोधसमस्यामा निर्धारित प्रत्येक शोधप्रश्नको समाधानका गर्न निम्नानुसारका सूचकका आधारमा सामग्रीविश्लेषण गरिएको छ :

(क) समस्याकथनमा रहेको शोधप्रश्न (१) अनुसार सामग्री विश्लेषणका लागि “भैरव अर्यालका निबन्धको सन्दर्भगत सर्वेक्षण” शीर्षकअन्तर्गत ‘प्रतिनिधि निबन्धको सन्दर्भगत व्याख्या’ उपशीर्षकभित्र रहेर अर्यालका प्रतिनिधि निबन्धको संज्ञानात्मक सन्दर्भको व्याख्या गरिएको छ ।

(ख) समस्याकथनमा रहेको शोधप्रश्न (२) अनुसार सामग्री विश्लेषणका लागि “भैरव अर्यालका निबन्धमा सामाजिक सन्दर्भार्थ” शीर्षकअन्तर्गत सामाजिक संरचना र प्रचलन, धार्मिक संस्कार र सांस्कृतिक मान्यता गरी जम्मा तीन ओटा सूचकको प्रयोग गरिएको छ; “भैरव अर्यालका निबन्धमा आर्थिक सन्दर्भार्थ” शीर्षकअन्तर्गत गरिबी र जीविकोपार्जन, वित्तीय अपचलन तथा उत्पादन सम्बन्ध र शोषण गरी तीन ओटा सूचकको प्रयोग गरिएको छ र “भैरव अर्यालका निबन्धमा राजनीतिक सन्दर्भार्थ” शीर्षकअन्तर्गत राष्ट्रिय राजनीति, अन्तर्राष्ट्रिय राजनीति र युद्ध र आणविक प्रतिस्पर्धा गरी तीन ओटा सूचकको प्रयोग गरिएको छ ।

(ग) समस्याकथनमा रहेको शोधप्रश्न (३) को विश्लेषणका लागि ‘संज्ञानात्मक सन्दर्भार्थका आधारमा भैरव अर्यालका निबन्धको मूल्याङ्कन’ शीर्षकमा निबन्धमा प्रयुक्त संज्ञानात्मक सन्दर्भार्थका आधारमा अर्यालका निबन्धमा रहेको समकालीन यथार्थको अभिव्यक्ति र विधागत सौन्दर्यमूल्य गरी दुई ओटा सूचकको प्रयोग गरिएको छ ।

माथिका बुँदाका आधारमा यस शोधकार्यको सामग्रीको  विश्लेषण गर्नका लागि तयार पारिएको अवधारणात्मक ढाँचा र सो अवधारणात्मक ढाँचाका आधारमा निर्धारित सूचकको विवरण तल दिइएको छ :

<table>
<tr><th colspan="3">भैरव अर्यालका निबन्धमा संज्ञानात्मक सन्दर्भार्थ</th></tr>
<tr><th>अवधारणा</th><th colspan="2">सूचक</th></tr>
<tr><td>भैरव अर्यालका निबन्धमा संज्ञानात्मक सन्दर्भ</td><td colspan="2">(१) प्रतिनिधि निबन्धको सन्दर्भगत व्याख्या</td></tr>
<tr><td>भैरव अर्यालका निबन्धमा सामाजिक सन्दर्भार्थ</td><td colspan="2">(१) सामाजिक संरचना र प्रचलन<br>(२) धार्मिक संस्कार<br>(३) सांस्कृतिक मान्यता</td></tr>
<tr><td>भैरव अर्यालका निबन्धमा आर्थिक सन्दर्भार्थ</td><td colspan="2">(१) गरिबी र जीविकोपार्जन<br>(२) वित्तीय अपचलन<br>(३) उत्पादन सम्बन्ध र शोषण</td></tr>
<tr><td>भैरव अर्यालका निबन्धमा राजनीतिक सन्दर्भार्थ</td><td colspan="2">(१) राष्ट्रिय राजनीति<br>(२) अन्तर्राष्ट्रिय राजनीति<br>(३) युद्ध र आणविक प्रतिस्पर्धा</td></tr>
<tr><td rowspan="2">संज्ञानात्मक सन्दर्भार्थका आधारमा भैरव अर्यालका निबन्धको मूल्याङ्कन’</td><td>समकालीन यथार्थको अभिव्यक्ति र सन्दर्भ</td><td>विधागत सौन्दर्यमूल्य र सन्दर्भ</td></tr>
<tr><td>(१) सामाजिक बेथितिप्रति व्यङ्ग्य<br>(२) धार्मिक विसङ्गतिको विरोध<br>(३) सांस्कृतिक विचलनप्रतिको दृष्टिकोण<br>(४) गरिबी र आर्थिक अव्यवस्थाप्रतिको असन्तोष<br>(५) राष्ट्रिय राजनीतिक परिस्थितिप्रति व्यङ्ग्य<br>(६) अन्तर्राष्ट्रिय राजनीतिक अवस्था<br>(७) युद्ध र आणविक प्रतिस्पर्धाप्रति व्यङ्ग्य</td><td>(१) हास्य र व्यञ्जनाका लागि सन्दर्भ<br>(२) विचारको सशक्तताका लागि सन्दर्भ<br>(३) निबन्धको शैली निर्माणमा सन्दर्भ</td></tr>
</table>

## १.७ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधकार्य भैरव अर्यालद्वारा लिखित *काउकुती, जय भुँडी, गलबन्दी, इतिश्री, टेडो ऐना* गरी पाँच ओटा निबन्धसङ्ग्रहबाट सोद्देश्य नमुना छनौट विधिका माध्यमले छनौट गरिएका तिस ओटा निबन्धमा रहेको सन्दर्भार्थको अध्ययनमा केन्द्रित रहेको छ । अर्यालका सात ओटा निबन्धसङ्ग्रहमध्ये *प्रवेशिका निबन्ध सङ्ग्रह* मा विद्यालयका विद्यार्थीका लागि लेखिएका सरल र अभिधार्थयुक्त निबन्ध रहेका र *दस औंतार*भित्र विभिन्न साहित्यकारका विषयमा लेखिएका समीक्षात्मक निबन्ध रहेको हुनाले यी सङ्ग्रहबाट विश्लेषणका लागि कुनै निबन्ध छनौट नगरिएको हो । अर्यालद्वारा लिखित एक सय अठार ओटै निबन्धको विश्लेषण सम्भव नभएको र सबै निबन्ध सामाजिक, आर्थिक

र राजनीतिक सन्दर्भार्थका दृष्टिले सशक्त नभएकाले सन्दर्भप्रयोगका दृष्टिले सशक्त मानिएका तिस ओटा निबन्धलाई मात्र यहाँ विश्लेषणका लागि छानिएको हो । यसरी निबन्ध छनौट गर्दा अर्यालका २०१४ सालदेखि २०३३ सालसम्म लेखिएका विभिन्न समयमा प्रकाशित सबै निबन्धमध्येबाट छनौट गरिएको छ । अर्यालका निबन्धहरूमध्ये हास्यव्यङ्ग्य शैलीमा लेखिएका निबन्धमा सामग्रीको प्रभावकारी व्यवस्थापन, विचारको सशक्त प्रवाह र शैलीगत विविधता रहेकाले यहाँ निबन्धको छनौट गर्दा हास्यव्यङ्ग्यात्मक निबन्धहरूलाई मात्र लिइएको छ। अर्यालका उल्लिखित निबन्धलाई सङ्कथन विश्लेषणका निर्मिति, नियन्त्रण, संसक्ति, पाठविश्लेषण, अनुच्छेद संरचना, मनोवाद, परिस्थितिगत सन्दर्भ जस्ता विविध आधारमा विश्लेषण गर्न सकिने भए पनि यस शोधमा संज्ञानात्मक सन्दर्भार्थको मात्र विश्लेषण गरिएको छ। संज्ञानात्मक सन्दर्भार्थअन्तर्गत भाषिक पाठको विश्लेषण गर्दा सामाजिक, धार्मिक, आर्थिक, राजनीतिक, वैचारिक, विज्ञानप्रविधिगत आदि आधारमा गर्न सकिने भए पनि यहाँ सामाजिक, आर्थिक र राजनीतिक गरी तीन ओटा सन्दर्भार्थको मात्र विश्लेषण गरिएको छ। कृतिको सामाजिकताभित्र धार्मिक तथा सांस्कृतिक पक्ष खोज्न सकिने र वैचारिक तथा विज्ञानप्रविधिगत पक्षलाई पनि कृतिमा निहित राजनीतिक र आर्थिक पृष्ठभूमिका आधारमा खोजी गर्न सकिने भएको हुनाले यहाँ यी तीन ओटा सन्दर्भार्थलाई मात्र सामग्री विश्लेषणको आधार बनाइएको छ। संज्ञानात्मक सन्दर्भार्थका दृष्टिले अर्यालका निबन्धको मूल्याङ्कन गर्दा समकालीन यथार्थको अभिव्यक्ति र विधागत सौन्दर्यमूल्य गरी दुई ओटा सूचकका आधारमा गरिएको मूल्याङ्कनलाई नै यस शोधकार्यको सीमाङ्कन मानिएको छ ।

## १.८ शोधप्रबन्धको रूपरेखा

प्रस्तुत शोधकार्यलाई शोधप्रतिवेदनका रूपमा व्यवस्थित ढङ्गले प्रस्तुत गर्न विश्लेषित सामग्रीलाई सात ओटा परिच्छेदमा विभाजन गरिएको छ । यस शोधकार्यमा परिच्छेद विभाजनको रूपरेखा तल प्रस्तुत गरिएअनुसार रहेको छ :

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : भैरव अर्यालका निबन्धको सन्दर्भगत सर्वेक्षण

तेस्रो परिच्छेद : भैरव अर्यालका निबन्धमा सामाजिक सन्दर्भार्थ

चौथो परिच्छेद : भैरव अर्यालका निबन्धमा आर्थिक सन्दर्भार्थ

पाँचौं परिच्छेद : भैरव अर्यालका निबन्धमा राजनीतिक सन्दर्भार्थ

छैटौं परिच्छेद : संज्ञानात्मक सन्दर्भार्थ आधारमा भैरव अर्यालका निबन्धको मूल्याङ्कन

सातौं परिच्छेद : सारांश तथा निष्कर्ष

## दोस्रो परिच्छेद

# भैरव अर्यालका निबन्धको सन्दर्भगत सर्वेक्षण

### २.१ विषयप्रवेश

प्रस्तुत परिच्छेदमा सन्दर्भ र संज्ञानात्मक सन्दर्भार्थसम्बन्धी सैद्धान्तिक मान्यताको परिचय दिएर भैरव अर्यालका प्रकाशित निबन्धलाई संज्ञानात्मक सन्दर्भअन्तर्गत सामाजिक, आर्थिक र राजनीतिक सन्दर्भका आधारमा गरिएको सर्वेक्षण प्रस्तुत गरिएको छ । सन्दर्भार्थको सैद्धान्तिक पक्षको चर्चा गर्दा सन्दर्भको परिचय र विशेष गरी संज्ञानात्मक सन्दर्भार्थ पहिल्याउने सामाजिक, आर्थिक, राजनीतिक, वैचारिक तथा ज्ञानविज्ञानगत जस्ता विभिन्न आधारमध्ये यस शोधकार्यमा सामग्री विश्लेषणका लागि उपयोगमा ल्याएका सामाजिक, आर्थिक र राजनीतिक गरी तीन ओटा आधारको मात्र चर्चा गरिएको छ । यी निबन्धको सर्वेक्षणपश्चात् संज्ञानात्मक सन्दर्भार्थको विश्लेषणका लागि सामाजिक, आर्थिक र राजनीतिक सन्दर्भका दृष्टिले सशक्त रहेका तिस ओटा प्रतिनिधि निबन्धलाई संज्ञानात्मक सन्दर्भका कोणबाट सङ्क्षेपमा व्याख्या गरिएको छ ।

### २.२ सन्दर्भार्थको सैद्धान्तिक मान्यता

'सङ्कथन विश्लेषण' शब्दका प्रथम प्रयोक्ता अमेरिकी संरचनावादी भाषावैज्ञानिक जे. एस. ह्यारिसले सन् १९५२ मा भाषाको सन्दर्भअनुसार अर्थ खोज्ने क्रममा सन्दर्भ विश्लेषणको पनि बलियो पृष्ठभूमि निर्माण गरेका हुन् । भाषिक तथा गैरभाषिक व्यवहारबिचमा रहेको सम्बन्धको खोजी गर्ने ह्यारिसको खोजीलाई नै सन्दर्भ विश्लेषणको प्रारम्भिक अध्ययन मानिए पनि भाषिक उच्चारको अर्थको खोजीसम्बन्धी अध्ययन गर्ने क्रममा ह्यारिसपूर्व नै भाषाविद् फर्थले गरेको सन्दर्भको सङ्केतलाई पृष्ठभूमिका रूपमा राख्नुपर्ने हुन्छ । सन्दर्भ भनेको कुनै पनि मौखिक वा लिखित पाठमा रहेको भाषिक रूपलाई त्यसमा निहित स्थितिसँग जोड्ने योजक हो । सङ्कथनमा भाषा मात्र नभएर भाषासँगै यसको सन्दर्भ पनि आउने हुनाले कुनै पनि सङ्कथनात्मक पाठमा रहेको संरचना यसमा रहेको सन्दर्भले मात्र स्पष्ट हुने गर्छ (गौतम, २०६८, पृ. ५७१) । सन्दर्भ परिस्थितिगत र संज्ञानात्मक रहेको हुन्छ । संज्ञानात्मक सन्दर्भले भाषिक उच्चारमा रहेको ज्ञानात्मक पक्ष अर्थ्याउने माध्यमलाई जनाउँछ । यस्तो माध्यम सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक, वैचारिक तथा ज्ञानविज्ञानगत हुन सक्छ ।

सन्दर्भले लिखित वा मौखिक रूपमा रहेको उच्चारलाई अर्थ्याउन प्रमुख भूमिका खेलेको हुन्छ । पछिल्लो समयमा अर्थचिन्तनका आधारमा गरिने अध्ययनमा सन्दर्भलाई अर्थ प्रतिफलनको प्रमुख माध्यम स्वीकार गरिएको छ । सङकथन विश्लेषणमा भाषिक पक्षको अध्ययनबाट मात्र पाठको अर्थ नखुल्ने र पाठमा रहेको भाषेतर स्थितिको खोजी आवश्यक हुँदा सन्दर्भको विश्लेषणमार्फत त्यस्ता स्थितिको अध्ययन गरी पाठको अर्थमा पुग्न सकिने हुनाले सन्दर्भविश्लेषणलाई सङ्कथन विश्लेषणको प्रमुख पक्ष मानिन्छ । पाठमा रहेको भाषिक रूपलाई

सन्दर्भका साक्ष्यमा अर्थ्याउने क्रममा त्यस्ता सन्दर्भमार्फत प्रतिफलित हुने अर्थलाई सन्दर्भार्थ भनिन्छ । यस्तो अर्थ भाषिक एकाइको प्रयोगको परिवेशबाट प्राप्त हुन्छ । सन्दर्भार्थलाई नै पाठको उत्कृष्ट अर्थ मानिने भएकाले साहित्यिक कृतिमा प्रयुक्त भाषिक रूपको अर्थप्राप्तिका लागि पनि सन्दर्भार्थको विश्लेषण महत्त्वपूर्ण हुन जान्छ । यहाँ सन्दर्भको सैद्धान्तिक मान्यताको सामान्य परिचय दिएर संज्ञानात्मक सन्दर्भ र सन्दर्भार्थको सङ्क्षेपमा चर्चा गरिएको छ ।

### २.२.१ सन्दर्भको परिचय

सन्दर्भ कुनै पाठमा प्रयुक्त अभिव्यक्तिसँग आन्तरिक रूपमा जोडिएको आर्थी वा आशयगत पक्षसँग सम्बन्धित हुन्छ । सङ्कथनमा सन्दर्भले स्थिति र रूपलाई जोडेर अर्थको प्रतिफलनका लागि सहयोग गर्छ (शर्मा, २०५५, पृ. १९७) । सङ्कथन विश्लेषण भनेको कुनै पनि पाठमा प्रयुक्त भाषा र यसले बोकेको सन्दर्भबिचका सम्बन्धको अध्ययन भएकाले (म्याक्कार्थी, सन् १९९१, पृ. ५) भाषिक अध्ययनमा सन्दर्भको अध्ययन सँग सँगै गाँसिएर आएको हुन्छ । कुनै पाठको सन्दर्भ विश्लेषणका क्रममा सो पाठमा निहित भौतिक पक्षको वाह्य सन्दर्भ र आन्तरिक वा ज्ञानात्मक पक्षको संज्ञानात्मक वा आन्तरिक सन्दर्भको विश्लेषण हुन्छ ।

भाषामा निहित परिवेशलाई अर्थसँग जोड्ने योजकलाई सन्दर्भ मानिन्छ । सन्दर्भ आफैँमा अर्थको खास परिवेश पनि हो र यसले स्थितिलाई भाषिक रूपसँग एकाकार गराउने कार्य पनि गर्छ । सङ्कथनमा सन्दर्भलाई भाषिक रूप र स्थितिलाई जोड्ने युक्ति मानिन्छ । सन्दर्भका माध्यमले भाषेतर स्थितिको अर्थ भाषिक रूपमा प्राप्त हुन्छ । अर्कोतिर यसले रूपको संयोजनबाट स्थितिको निर्माण पनि गर्छ (शर्मा, २०५५, पृ. १९७) । सन्दर्भलाई भाषावैज्ञानिक सिद्धान्तमा एउटा अनिवार्य अङ्गका रूपमा लिनु आवश्यक हुन्छ । भाषाविज्ञानमा रहेका चार ओटा पक्षहरूमध्ये सन्दर्भ एउटा हो भने अर्थ, व्याकरण र ध्वन्यात्मकता अरू अङ्ग हुन् । अतः यी पक्षले चार ओटा पृथक पृथक श्रेणीका रूपमा रहेर भाषाको सन्तोषजनक व्याख्या गर्ने कार्य गर्छन् (एडोल्फ, सन् २००८, पृ. १०) । सन्दर्भ स्थानिक परिवेशका आधारमा स्थानीय र वैश्विक गरी दुई प्रकारका हुन्छन् । स्थानीय सन्दर्भ सञ्चारको समसामयिक अन्तर्क्रियात्मक अवस्थामा अडेको हुन्छ र वैश्विक सन्दर्भ भने सामाजिक, राजनीतिक, सांस्कृतिक र ऐतिहासिक संरचनाका रूपमा रहेको हुन्छ (वाकर र एलिस, सन् २०११, पृ. २१) । भाषिक पाठको सन्दर्भ विश्लेषणका क्रममा उक्त पाठमा रहेको वाह्य र आन्तरिक दुवै सन्दर्भको खोजीनिती गरिन्छ (पौडेल र पोखेल, २०७१, पृ. ४०) । सन्दर्भलाई यसमा रहेको बाह्य पक्ष र ज्ञानतत्त्वका आधारमा परिस्थितिगत र संज्ञानात्मक गरी दुई प्रकारमा वर्गीकरण गर्नु उपयुक्त हुन्छ । पाठको परिस्थितिगत सन्दर्भ भनेको सो पाठको स्थान, समय र परिस्थितिको परिणाम हो । यसलाई कृतिमा प्रयुक्त परिवेश, समय र सहभागीको अवस्थाका आधारमा चिन्न सकिन्छ र यस्ता सन्दर्भले बोकेको आशय वा अर्थ नै परिस्थितिगत सन्दर्भार्थ हो । यस्तो सन्दर्भबाट स्थान, समय र सहभागीमार्फत पाठमा प्रक्षेपण गरिएको सत्य निर्क्यौल गर्न सहज हुन्छ । यसलाई स्थानगत सन्दर्भ, कालगत सन्दर्भ र सहभागीगत सन्दर्भ गरी

तीन प्रकारमा विभाजन गरिएको पाइन्छ । वाकर र एलिसले भनेको वैश्विक सन्दर्भ पाठगत आशय वा ज्ञानमा आधारित भएको हुनाले यसलाई संज्ञानात्मक सन्दर्भ मान्न सकिन्छ ।

संज्ञानात्मक सन्दर्भ भनेको भाषिक उच्चारका अन्तर्तहमा रहेको ज्ञानात्मक पक्ष प्रकाशित गर्ने माध्यम हो । यसलाई भाषिक पाठको आन्तरिक सन्दर्भ पनि भनिन्छ । पाठक वा श्रोताले सङ्कथनलाई पढेर वा सुनेर जे बोध गर्छ, त्यो नै सङ्कथनको संज्ञानात्मक अर्थ हो भने सङ्कथनभित्र निहित अर्थलाई विमोचन गर्ने ज्ञानात्मक पृष्ठभूमि र परिवेशलाई नै संज्ञानात्मक सन्दर्भ भनिन्छ । संज्ञानात्मक सन्दर्भ सामाजिक, राजनीतिक, आर्थिक, धार्मिक तथा सांस्कृतिक, वैचारिक र वैज्ञानिक गरी मुख्यतः छ प्रकारका हुन्छन् । साहित्यमा निहित कलात्मक संज्ञान वस्तुसँगको मानिसको सौन्दर्यात्मक क्रियाकलापको उपज भएकाले (ढकाल, २०७८क., पृ. १८९) यसको खोजी गर्दा खास संज्ञानात्मक सन्दर्भको सहयोग आवश्यक हुन्छ ।

सङ्कथनमा संज्ञानात्मक सन्दर्भ भनेको मौखिक वा लिखित पाठलाई बुझ्न, व्याख्या गर्न र अर्थ दिन प्रयोग गर्ने मानसिक प्रक्रिया हो । अतः संज्ञानात्मक सन्दर्भको अवधारणाले यहाँ पाठमा निहित ज्ञानात्मक पक्षलाई प्रकाश्य पार्न प्रयुक्त पृष्ठभूमि र स्थितिमाथि निर्भर अर्थको आधारलाई जनाउँछ । समकालीन समाजमा रहेको सामाजिक परिवेश, आर्थिक अवस्था, धार्मिक तथा सांस्कृतिक पक्ष, राजनीतिक प्रणाली र त्यसले गर्ने कार्य संज्ञानात्मक सन्दर्भकै आधारमा अर्थिने हुनाले भाषिक उच्चारमा निहित अर्थको परिवेशजन्य स्थितिसँग रहेको संज्ञानात्मक सन्दर्भको अध्ययन महत्त्वपूर्ण हुन जान्छ । सङ्कथनात्मक पाठमा प्रयुक्त संज्ञानात्मक सन्दर्भार्थको खोजी अर्थ विश्लेषणको मुख्य लक्ष्य भएको हुनाले कृतिमा प्रयुक्त विषयको वैज्ञानिक र पूर्ण विश्लेषण गर्न संज्ञानात्मक सन्दर्भको अध्ययन आवश्यकीय हुन्छ ।

### २.२.२ सन्दर्भसम्बन्धी दृष्टिकोण

'सन्दर्भ' शब्द सङ्कथन विश्लेषण र पाठविश्लेषणमा सामान्य रूपमा प्रयोग हुने शब्द मानिन्छ । जसरी सङ्कथन शब्दको इतिहास खोज्न ह्यारिससम्म पुग्नु आवश्यक हुन्छ, ठिक त्यसै गरी 'सन्दर्भ' शब्दको खास तात्पर्य खोज्न मेलिनोस्कीको अध्ययनसम्म पुग्नुपर्ने हुन्छ । यहाँ उल्लिखित दुवै विद्वानले भाषिक व्याख्याको क्षेत्रलाई बढाउने कार्य गरे पनि दुवैका तरिका भिन्न भिन्न रहेका छन् । ह्यारिसले औपचारिक नियन्त्रणमा भाषा प्रयोगको अवस्थालाई अगाडि ल्याएको तर मेनिनोक्सीले भाषिक प्रयोगमा भाषिक सङ्केतले कसरी प्रयोगसन्दर्भलाई अगाडि ल्याउँछ भन्ने विषयमा आफ्नो अध्ययन अघि बढाएको हुनाले सन्दर्भको अध्ययनका क्रममा ह्यारिसको भन्दा मेलिनोस्कीको दृष्टिकोण तुलनात्मक रूपमा स्पष्ट देखा पर्छ (विडोसन, सन् २००४, पृ. ३६) । भाषाले जगत् बारेमा बताएको वा प्रतीत गराएको कुरा नै अर्थ हो । अर्थ स्थितिमाथि निर्भर हुन्छ । खासमा उच्चार घटित हुने भाषेतर पर्यावरणलाई स्थिति भनिन्छ । त्यस्तो पर्यावरणभित्र सहभागी, उच्चारको प्रक्रिया, समय, स्थानजस्ता कुराहरू समाविष्ट रहेका हुन्छन् । भाषाका प्रमुख तीन तहमध्ये स्थिति पनि एक हो । भाषाका अरू दुई तह भनेका रूप र वस्तु हुन् । भाषिक

तहलाई जोड्ने अन्तर्तहमा सन्दर्भ र स्वनिम वा लेख्यप्रक्रिया पनि आउँछन् । यिनीहरूमा सन्दर्भले स्थिति र रूपलाई अनि स्वन वा लेखप्रक्रियाले रूप र वस्तुलाई जोडेको हुन्छ (शर्मा, २०५५, पृ. १९७) । अतः अर्थका दृष्टिले हेर्दा प्रत्येक सङ्कथनमा विभिन्न स्थितिले अर्थको प्रतिफलनमा भूमिका खेलेको हुन्छ ।

सङ्कथनको सन्दर्भपरक विश्लेषण व्याकरणिक, पाठात्मक र अन्तर्क्रियात्मक विश्लेषणभन्दा भिन्न रहेको छ । यो सामान्य संज्ञानात्मक विश्लेषणभन्दा पनि पृथक रहेको छ । कुनै पनि भाषिक पाठको अंश बुझ्नका लागि हामीलाई विश्वको जानकारीमूलक ज्ञान र सामान्य अर्थमात्र बुझेर हुँदैन, पाठांशको उपयुक्त सन्दर्भको ज्ञान आवश्यक हुन जान्छ (भान डाइक, सन् २००८, पृ. ३) । व्यक्तिगत रूपमा प्रयुक्त भाषिक अभिव्यक्तिमा परिस्थितिको व्यापक सन्दर्भका अतिरिक्त अर्को तह पनि हुन्छ । सो तहमा स्थानीय सङ्कथनात्मक पाठसँग सम्बन्धित विभिन्न अर्थसँग सन्दर्भ सम्बद्ध रहेको हुन्छ । परम्परागत प्रयोगार्थ सिद्धान्तले भने बोलीलाई विश्लेषणको एकाइ मानेर सङ्कथनात्मक पाठ र बोलीको अध्ययनमा मात्रै जोड दिएकोमा (एडोल्फ, सन् २००८, पृ. १३) यो अध्ययन अर्थचिन्तनका दृष्टिले पूर्ण बन्न नसकेको देखिन्छ । भाषाको वास्तविक अर्थ त्यसबेला स्पष्ट हुन्छ, जब भाषालाई खास वातावरण वा परिस्थितिसँग सम्बद्ध गरेर हेरिन्छ । सङ्कथनमा सन्दर्भले भाषाको प्रयोग र अर्थ्याइलाई आकार दिन महत्त्वपूर्ण भूमिका खेल्छ । यसले प्रदान गरेको खास ढाँचाका माध्यमबाट अर्थहरू निर्माण गर्न, अभिप्रायहरू अभिव्यक्त गर्न र विशिष्ट सामाजिक, सांस्कृतिक र परिस्थितिजन्य अवस्थामा भाषिक सञ्चारलाई बुझ्न पनि सहज हुन्छ ।

शब्दमा निहित अर्थको अनिश्चितताका बारेमा पतञ्जलीले महाभाष्यमा चर्चा गरेको र उनले प्रत्येक शब्दको अर्थ सबै स्थानमा उही र निश्चित नहुने कुरा बताएको पाइन्छ (द्विवेदी, सन् १९५१, पृ. ८२) । पतञ्जलीको यस मतको अन्तर्यमा शब्दको अर्थ परिवेशजन्य हुन्छ भन्ने मान्यता रहेको छ । शब्दले बुझाउने अर्थ विभिन्न हुन्छन् । अर्थको बोधलाई शब्दको स्वरूपले मात्र नभएर परिवेशजन्य कुराले र वक्ताको आशयले पनि प्रभाव पारेको हुन्छ । त्यसैले शब्दको अर्थ यही हो भनेर किट्न गाह्रो हुन्छ । शब्दले परिवेशअनुसारको स्थितिलाई लिएर आएको हुनाले त्यस स्थितिलाई भाषिक रूपसँग एकाकार गराएपछि मात्र अर्थबोध हुन्छ । यसरी भाषिक रूप वा शब्द र परिस्थितिलाई एकीभूत गराउने कार्यमा सन्दर्भले काम गरेको हुन्छ । भाषाका कार्यमूलक तहमा वस्तु, रूप र स्थिति पर्छन् । यिनलाई पनि जोड्ने एकातिर वर्णविन्यास र ध्वनितत्त्व हुन्छन् भने अर्कातिर सन्दर्भ जस्ता अन्तर्तह रहेका हुन्छन् । यहाँ स्थितिले चाहिँ भाषिक प्रयोगको परिवेशलाई जनाउँछ (बन्धु, २०६४, पृ. १२७) । सन्दर्भले भाषिक प्रयोगको यही रूप र स्थितिलाई समेटेर खास परिस्थितिजन्य अर्थ वा आशयको बोध गराउँछ ।

माथिको अध्ययनपश्चात् सन्दर्भका निम्नलिखित अभिलक्षण रहेको निष्कर्ष प्राप्त हुन्छ :

(१) सन्दर्भ व्यक्तिपरक निर्माणमा आधारित र विषयगत हुन्छ ।

(२) सन्दर्भ भिन्न र अनुभवयुक्त हुन्छ ।

(३) सन्दर्भले भाषाको रूप र स्थितिलाई जोड्छ ।

(४) सन्दर्भले सङ्कथनको उत्पादन र बोधलाई नियन्त्रण गर्छ ।

(५) सन्दर्भ समाजमा आधारित हुन्छ ।

(६) सन्दर्भ गतिशील हुन्छ ।

(७) सन्दर्भ प्रायः व्यापक रूपमा व्यवस्थित हुन्छ ।

सन्दर्भलाई प्राचीन भाषासँग जोडेर अध्ययन गर्ने श्रेय विद्वान मेलिनोस्कीलाई दिइन्छ । मेलिनोस्कीको सन्दर्भसम्बन्धी धारणा पश्चिमी प्रशान्त महासागरमा अवस्थित ट्रोब्रियान्ड टापुमा गरेको भाषाको समाजवैज्ञानिक प्रयोगको प्रतिफलका रूपमा प्राप्त भएको हो । त्यस टापुमा गरेको परीक्षणपश्चात् उनले साधारण र अशिक्षित समुदायका मानिसले भाषालाई कोडको कार्यका रूपमा प्रयोग गर्ने बताएको पाइन्छ । उनका अनुसार भाषाका कोडले के भनिएको हो भनेर तब मात्र कार्य गर्छन्, जब सम्बन्धित वक्ताले कुन परिस्थितिको सन्दर्भमा भनेको हो भन्ने कुरा स्पष्ट हुन्छ । मेलिनोस्कीले कुनै एउटा शब्द पनि अर्थका लागि त्यसमा रहेको सन्दर्भमा पुरै निर्भर हुने बताएको पाइन्छ । ट्रोब्रियान्ड टापुका प्राचीन जातिका भाषामा गरेको खोजबाट प्राप्त यस निष्कर्षलाई उनले आधुनिक भाषाका सन्दर्भमा पनि लागु हुने बताएका छन् (विडोसन, सन् २००४, पृ. ३७) । यसरी हेर्दा मेलिनोस्कीको स्थितिसम्बन्धी खोजले परिवेशजन्य आधारमा मात्र भाषिक रूपको अर्थ निर्धारण हुने बताएको छ ।

भाषाविद् जे. आर. फर्थले भाषा वास्तविक जीवनमा आउँदा त्यसको अर्थ खास स्थितिबाट निष्पन्न हुन्छ भन्ने एकीकरणवादी विचार व्यक्त गरेका छन् । उनले स्थितिले भाषालाई वस्तुसँग सम्बन्धित गराउँछ भन्ने विचारको पुष्टिका लागि मेलिनोस्कीको स्थितिको सन्दर्भसम्बन्धी अवधारणाको सहयोग लिएको देखिन्छ (चापम्यान, सन् २००५, पृ. ८१) । खास गरी मेलिनोस्कीले भाषाप्रयोगको सन्दर्भको अध्ययनका क्रममा पर्याप्त जनसाङ्खिक उदाहरण प्रस्तुत गरे पनि भाषामा निहित अर्थ र सन्दर्भका बारेमा अरू नियमको प्रस्ताव नगरेको हुनाले उनको अध्ययनलाई पूर्णता दिन र सन्दर्भका सहायताले कुनै पनि सङ्कथनको भाषिक अध्ययन गर्न पछिल्ला विद्वानले यससम्बन्धी खोज अघि बढाएका हुन् (विडोसन, सन् २००४, पृ. ३८) यस दृष्टिले भाषासँग जोडेर सन्दर्भको अवधारणा प्रस्ट पार्ने क्रममा फर्थको कार्यलाई पनि पृष्ठभूमिका रूपमा महत्त्व दिइन्छ ।

फर्थले भाषाविद्हरूलाई भाषिक अर्थको वर्णनमा केन्द्रित गराएर भाषा परिस्थितिको सन्दर्भमा अभिव्यक्त हुने प्रक्रिया हो पनि भनेका छन् । खास परिस्थितिका सन्दर्भमा नै भाषाको प्रयोग अर्थपूर्ण हुने फर्थको विचारमा (भट्टराई, सन् २०२२, पृ. ६२-६३) भाषिक पाठमा निहित सन्दर्भसम्बन्धी चिन्तनको रूप पाइन्छ । फर्थका धारणामा भाषाविज्ञानको मुख्य लक्ष्य भाषिक उच्चारको अर्थ खोज्नु हो । उनका समकालीन ब्लुमफिल्डले यसलाई अस्वीकार गरेको समयमा

फर्थको धारणालाई भिन्न र अमिल्दो मानिएको थियो । आफूपूर्वका सस्युरले तयार पारेको भाषा र प्यारोलबिचको र चम्स्कीले भनेको प्रतिस्पर्धा र भूमिकाबिचको भिन्नतालाई अस्वीकार गर्दै फर्थद्वारा भाषालाई वक्ताको उच्चारण, कार्यको चरण र कार्यको तरिकाको समूहका रूपमा लिइएको छ । यसबाट वाक्क्रिया भनेको खाली वास्तविक वस्तु र रूपात्मक व्याकरणिक अवधारणाको अध्ययनमा मात्र सम्बन्धित रहेको हुन्छ भन्ने भाषाविद्हरूको मान्यताको खन्डन भएको देखिन्छ (चापम्यान, सन् २००५, पृ. ८१) । अतः भाषा र अर्थसम्बन्धी चिन्तनका कारण पनि भाषिक उच्चारको सन्दर्भविश्लेषणका क्षेत्रमा फर्थको सुरुवाती योगदान रहेको स्पष्ट हुन्छ ।

फर्थपछि जे. एस. ह्यारिसले 'भाषिक र गैरभाषिक व्यवहारबिचको सम्बन्ध' प्रस्ट पार्दै श्रोताले आफू संलग्न परिवेशअनुसार वक्ताका अभिव्यक्तिको व्याख्या गरेर अर्थबोध गर्ने बताएका छन् । "यतिखेर धावन मार्ग पूरै भरिएको छ" (द रन वे इज फुल एट द मुमेन्ट) भन्ने वाक्यको अर्थ ट्राफिक कन्ट्रोलरले पाइलटका लागि यतिखेर विमान अवतरण गर्नु असम्भव भन्ने हुन्छ भने विमानस्थलमा आफन्तको आगमनमा विमानलाई कुरेको कुनै साथीले उसको अर्को साथीलाई प्रयोग गर्दा विमान अवतरण गर्न ढिला हुन्छ भन्ने बुझिन्छ भन्दै प्रयोगका क्षणको वा स्थितिको भाषिक अर्थको विश्लेषण प्रक्रिया उनले अघि बढाएको पाइन्छ (भट्टराई, सन् २०२२, पृ. ६३) । यसरी फर्थले अगाडि बढाएको सन्दर्भसम्बन्धी चिन्तनलाई ह्यारिसले थप व्यवस्थित पार्न खोजेको देखिन्छ ।

सन्दर्भका सापेक्षबाट सङ्कथनको तह अध्ययन गर्ने विभिन्न दृष्टिकोणहरू विकसित भएका छन् । हाइम्स (१९७२) ले भाषिक अभिव्यक्तिको अवस्था, घटना र कार्यबिचको भिन्नताको अध्ययन गरेका छन् । हाइम्सद्वारा भाषिक रूपसँग सम्बन्धित समाजशास्त्रीय स्थितिहरूको विशेष अध्ययन गरिएको (एडोल्फ, २००८, पृ. ३१) र सन्दर्भमा आधारित भएर पाठको विश्लेषण गर्ने विभिन्न दृष्टिकोण पनि अघि सारिएको छ । भाषाविज्ञान अर्थ र सामाजिक सन्दर्भबाट पृथक् बन्दै गएको भनेर भाषाको सम्प्रेषणमा घटना र सङ्केत प्रकारहरूको खोजीमा लाग्नुपर्ने बताएका हाइम्स सामाजिक सन्दर्भ र सम्प्रेषणका प्रकार्यको खोजीमार्फत विचारमा निहित सन्देश र सन्दर्भहरूबिचको बहुसोपानिक सम्बन्धको अध्ययनतर्फ हाइम्स केन्द्रित रहेको पाइन्छ । (भट्टराई, सन् २०२२, पृ. ६६) । यहाँ हाइम्सको यस अध्ययनले भाषाको सम्प्रेषणका अवयव र परिघटनाका रूपमा सन्दर्भलाई सम्बद्ध गराएको देखिन आउँछ । सम्प्रेषणको जातिभाषिक पृष्ठभूमि भनेको खास गरी भाषिक उच्चारको परिवेश र त्यसले निर्धारण गर्ने अर्थकै परिवेश हो । "भाषाको अध्ययन भनेको परम्परित वाक्यव्याकरणको अध्ययन होइन, त्यसभन्दामाथि समग्र सङ्कथनात्मक अभिव्यक्तिको सन्दर्भपरक व्यवहारमा देखिने समुदायगत सांस्कृतिक जातित्वको गहन धरातलमा आधारित सम्प्रेषण व्यवस्थाको बृहत् अध्ययन हो भन्ने मान्यता हाइम्सले प्रस्तुत गरेका छन् ।" (भट्टराई, सन् २०२२, पृ. ७०) यसरी भाषिक सम्प्रेषणको अध्ययनका क्रममा हाइम्सले पनि सन्दर्भको अध्ययन आवश्यक मानेको र यसैलाई अघि बढाएको देखिन आउँछ । सन्दर्भको अध्ययन एकातिर कुनै प्रसङ्ग वा सहभागीको उमेर, पेसा, लिङ्ग जस्ता सामाजिक पृष्ठभूमिलाई चर

मानेर गरिन्छ भने अर्कातिर पाठमा वा विभिन्न पाठसँगको अन्तर्सम्बन्धित विशेष सन्दर्भलाई जोड दिने भाषिक रूपको छनौटको पनि यसमा अध्ययन गरिन्छ (एडोल्फ, सन् २००८, पृ. ७६) । अतः सन्दर्भको अध्ययनले भाषा प्रयोक्ताको सामाजिक पृष्ठभूमि र एक पाठसँग अनेक पाठको उपस्थिति वा भूमिका दुवैलाई समेट्छ ।

ह्यालिडेका अनुसार भाषाले मानिसको अन्तर्सम्बन्ध र अन्तर्क्रियालाई जनाउँछ। मानवीय भाषा दैनिक जीवनमा विचार आदानप्रदान गर्ने माध्यम हो । अन्तर्क्रियाको स्थितिका आधारमा यसको सिर्जना र परिवर्तन पनि हुन्छ। सामाजिक संस्थाको समग्र संरचनाले भाषाको बनोटलाई प्रभावित पार्छ। भाषाप्रयोगको सन्दर्भलाई बुझ्ने वा अर्थ्याउने धारणागत आधार निर्माण गर्ने श्रेय मेलिनोस्की दिइन्छ। भाषा जस्तै सन्दर्भ पनि फैलिएको हुनाले कार्यात्मक रूपमा यसमा विविधता पनि हुन्छ (ह्यालिडे, सन् २०१४, पृष्ठ ३२) यसरी भाषाको संरचनामा समाजको अमित छाप रहेको हुन्छ भन्दै ह्यालिडेले मेलिनोस्कीबाट उदाहरण लिएर स्थितिको सन्दर्भलाई थप प्रस्ट पारेका छन् ।

भाषिक रूप र वस्तुका बिचमा रहने स्थितिका प्रकारलाई मूलत क्षेत्र, सहभागी वा भूमिका र माध्यमका रूपमा अध्ययन गर्न सकिन्छ। क्षेत्रले भाषिक एकाइको परिस्थितिलाई र सामाजिक अवस्था तथा आर्थिक प्रकृतिलाई पनि जनाउँछ । के भइरहेको छ ? र के विषयमा कुराकानी भइरहेको छ ? भन्ने कुरालाई यसले जनाउँछ। सहभागी र भूमिकाले को भाग लिइरहेको छ ? भाग लिनेले खेलेको भूमिका के कस्तो छ ? र उनीहरूको स्तर तथा संस्थागत उपस्थिति कस्तो छ ? आदिलाई जनाउँछ । यसमा सहभागीको समाजसापेक्ष भूमिका पनि हेरिन्छ । मोड वा माध्यमले भाषा र अन्य आर्थी प्रणालीको भूमिका तथा भाषाको कथ्य वा लेख्य रूपादिलाई बुझाउँछ । यसमा भाषाप्रयोगको सन्दर्भ र अर्थ रहेको हुन्छ । यी सबैको समग्रताबाट भाषिक रूप र वस्तुलाई जोड्ने स्थितिको निर्माण हुन्छ (ह्यालिडे, सन् २०१४, पृ. ३३) । यसबाट भाषिक उच्चारमा अदृश्य रूपमा निहित रहेको स्थिति नै अर्थबोधको मुख्य कारक हो भन्ने तथ्य प्रमाणित हुन्छ । मेलिनोस्कीपछि फर्थ, ह्यारिस, हाइम्स, ह्यालिडे आदिले यसको विश्लेषणका प्रारूप र प्रक्रियामाथि अध्ययन गरेको पाइन्छ । पछिल्लो समय तिउन ए. भान डाइकले यससम्बन्धी विभिन्न पद्धतिको विकास गरेका छन् ।

पूर्वमा शब्द र अर्थचिन्तनका क्रममा शब्दमा निहित अर्थबोध गराउने व्यापारको चर्चा गर्दा शब्दशक्तिसम्बन्धी मान्यता स्थापित भएको पाइन्छ। यहाँ अर्थका दृष्टिले शब्दलाई वाचक, लक्ष्यक र व्यञ्जक गरी तीन प्रकारमा विभाजन गरिन्छ। यिनै तीन प्रकारका शब्दका अर्थलाई वाच्यार्थ, लक्ष्यार्थ र व्यङ्ग्यार्थ गरी तीन प्रकारमा विभाजन गरिन्छ (शर्मा र लुइटेल, २०७२, पृ. १४)। पूर्वमा चर्चा गरिएको वाच्यार्थ शब्दको अवधारणात्मक अर्थ र तार्किक अर्थसँग सम्बन्धित रहेको हुन्छ । अवधारणात्मक अर्थ अर्को कुनै भाषिक रूप, वक्ताको परिवेश र पृष्ठभूमि तथा सामाजिक सन्दर्भनिरपेक्ष रहेको हुन्छ (यादव र रेग्मी, २०५९, पृ. २७२-२७१) । शब्दले बुझाउने

लक्ष्यार्थ आशयगत अर्थको नजिक हुन्छ भने व्यङ्ग्यार्थले माथिल्लो तहको अर्थलाई जनाउँछ । व्यङ्ग्यार्थमा शब्दको प्रयोगको पृष्ठभूमि र परिस्थितिले पनि भूमिका खेलेको हुन्छ । 'घाम अस्तायो' वाक्यमा आएका शब्दले वाच्यार्थमा "साँझ पर्न लाग्यो" भन्ने अर्थ बुझाएर पनि व्यङ्ग्यार्थमा ग्वाला, पूजारी गृहस्थी, श्रमिक, चोर, प्रेमी आदिका लागि फरक फरक अर्थको बोध गराउँछ ( शर्मा लुइटेल, २०५९, पृ. २७२-२७१) । स्थान र परिवेशअनुसार एउटै शब्दले दिने अर्थमा भिन्नता हुन्छ । यास्क र पाणिनीले दिएको उदाहरणअनुसार कन्दोज देशमा 'शव्' धातुलाई 'गम्' धातु अर्थात् जानुको अर्थमा प्रयोग गर्छन् तर आर्यहरूले यसलाई देहावसान भएको शरीर भन्ने अर्थमा प्रयोग गर्छन् (द्विवेदी, सन् १९५१, पृ. १२८) । यसरी व्यङ्ग्यार्थले दिने अर्थ सन्दर्भबाट लाग्ने अर्थसँग समीप भएको हुन्छ । स्थान, समय र परिवेशअनुसार कुनै पनि भाषिक रूपले दिने अर्थ भिन्न हुन्छ भन्ने कुरा सन्दर्भार्थमा पनि हेरिन्छ । कुनै पनि भाषिक रूपको अर्थ तब मात्र स्पष्ट हुन्छ जब त्यसले बोकेको परिवेशजन्य स्थिति थाहा हुन्छ । यस आधारमा हेर्दा व्यङ्ग्यार्थ र सन्दर्भार्थमा समीपता देखिए पनि सन्दर्भार्थमा भाषिक रूपमा रहेको पर्यावरणजन्य स्थितिको खोजीमा जोड दिइन्छ भने व्यङ्ग्यार्थले वाच्यार्थ र लक्ष्यार्थभन्दा माथिल्लो अर्थलाई बुझाउने भएकाले यी दुईका बिचमा भिन्नता पनि रहेको छ । तथापि सन्दर्भार्थ र व्यङ्ग्यार्थ दुवै अर्थचिन्तनका आधार भएका र दुवैले शब्दको आधारभूत अर्थ नभएर शब्दमा निहित अर्को र विशिष्ट अर्थ बुझाउने भएकाले यिनमा अर्थ खोज्ने प्रक्रियामा चाहिँ समानता रहेको पाइन्छ ।

शब्द र अर्थका सम्बन्धमा स्फोटवादले विशेष र मौलिक दृष्टिकोण अघि सारेको पाइन्छ । स्फोटवादले शब्द र अर्थको समन्वित रूपलाई सकारेको छ । यसले शब्द र अर्थको अभिन्न सम्बन्ध रहेको बताउँदै शब्द र अर्थका माध्यमबाट समग्र भाषिक संरचना र त्यसबाट प्राप्त अर्थको विश्लेषण गर्छ । यसका अनुसार शब्द बाह्य र आन्तरिक दुई प्रकारका हुन्छन् । नाद वा ध्वनिसमुदाय बाह्य शब्द हो भने बुद्धिस्थ शब्द आन्तरिक हो । स्फोटवादमा बुद्धिस्थ शब्दलाई महत्त्व दिइएको हुनाले यसले ध्वनि समुदायसम्बन्धी मस्तिस्कमा निहित संस्कारलाई महत्त्व दिन्छ (चौलागाईं, २०७९, पृ. १०५) भन्ने कुरा स्पष्ट हुन्छ । सन्दर्भले पनि भाषिक रूपसँग अन्तर्निहित रहेको स्थितिलाई महत्त्व दिन्छ । अर्थात् यसले भाषिक रूपलाई अर्थ प्रतिफलनमा पुऱ्याउनका लागि आएका स्थितिको खोजी गर्छ । व्याकरणमा 'शब्द' भन्नाले रूपभन्दा माथिल्लो एकाइ हो तर स्फोटवादमा शब्दलाई रूपदेखि वाक्यसम्मका अर्थयुक्त एकाइ मानिन्छ । भाषिक संरचनामा वाक्यले मात्र समुच्च र स्वतन्त्र अर्थ दिन सक्छ अनि स्वतन्त्र र पूर्ण अर्थ दिने एउटै पद पनि वाक्यका रूपमा रहेको हुन्छ (चौलागाईं, २०७९, पृ. १०६) । सन्दर्भको प्रयोग कुनै स्थिति, परिस्थिति र वातावरणभन्दा बढी औपचारिक रूपमा गरिन्छ । यसलाई पाठमा रहेका कुनै अभिलक्षण, घटना र कार्यलाई वातावरणका सापेक्षतामा अध्ययन गर्दा प्रयोगमा ल्याइन्छ । यसरी पाठमा प्रयुक्त घटनाको अर्थ बुझ्नका लागि सन्दर्भको व्याख्या मात्र नभई विश्लेषण गरिन्छ (भान डाइक, सन् २००८, पृ. ४) । स्फोटवादले जोड दिएको प्रकरण र सङ्कथनमा प्रयुक्त सन्दर्भमा आशयगत समानता देखिन्छ । व्यवस्थापरक तथा प्रकार्यपरक भाषाविज्ञानका प्रवर्तक ह्यालिडेले भाषिक

अर्थको विश्लेषणका क्रममा प्रस्तुत गरेको परिस्थितिको सन्दर्भ र अर्थ खोजीका आधारहरू पनि स्फोटवादसँग निकट रहेको पाइन्छ। भाषासँगै आएको सन्दर्भका आधारमा मात्र भाषिक रूपको सही अर्थ लाग्छ र एउटै शब्दले पनि सन्दर्भअनुसार फरक अर्थ दिन्छ, भन्ने ह्यालिडेको आशय रहेको छ। प्रकरणका आधारमा एउटै भाषिक संरचनाले पनि फरकफरक अर्थ दिन सक्छ भन्ने स्फोटवादको मान्यतालाई हेर्दा स्फोटवाद र सन्दर्भ दुवै अर्थचिन्तनका क्रममा मिल्दाजुल्दा देखिन्छन् (चौलागाईं, २०७९, पृ. ११२-११३) । यसबाट स्फोटवादले जोड दिएको प्रकरणअनुसारको अर्थचिन्तन र ह्यालिडेले अघि सारेको शब्दको प्रकार्य र अर्थप्राप्तिमा सन्दर्भको भूमिकासम्बन्धी धारणा निकट रहेको देखिन्छ।

प्रकरणार्थ विज्ञान पनि अर्थसम्बन्धी सिद्धान्तका आधारमा सन्दर्भसँग निकट रहेको छ। वक्ता, स्थान, समय र प्रसङ्ग वा प्रकरणअनुसार प्रतिफलित हुने अर्थलाई प्रकरणार्थ मानिन्छ। यसरी वक्ता, परिवेश, समय आदिका आधारमा एउटै शब्दले भिन्न भिन्न अर्थ बुझाउन सक्छ ( चौलागाईं, २०७९, पृ. १०७) । सन्दर्भार्थले पनि भाषिक रूपसँगै आएको परिवेशजन्य स्थितिका आधारमा भाषिक रूपको अर्थ प्रतिफलन हुने कुरामा जोड दिएको हुनाले प्रकरणार्थ भाषाविज्ञान र सन्दर्भबिचमा अर्थचिन्तनका दृष्टिले समानता रहेको देखिन्छ। यसबाहेक क्षेत्र, विषय र व्यक्तिअनुसार पनि भाषाको प्रयोजन वा प्रयुक्तिमा भिन्नता देखापर्छ। प्रयोगको सन्दर्भअनुसार भाषामा निर्मित यस्ता भिन्न रूपलाई भाषाको प्रयोजनपरक भेद भनिन्छ। भाषाको प्रयोजनपरक भेदमा विषयानुसारका प्राविधिक शब्द र वाक्य गठनमा फरक देखिन्छ (गौतम, २०६७, पृ. २१) । यसका साथै भाषिक रूपले दिने अर्थमा पनि भिन्नता हुन्छ। जस्तै, 'तारिख' शब्दले कानुनमा झगडिया वा निजको वारिसलाई हाजिर हुन आउनका लागि अदालतले तोकिदिएको मितिलाई तर सामान्यार्थमा अङ्ग्रेजी महिनाको गते वा दिनलाई जनाउँछ। भाषाप्रयोगको क्षेत्र वा विषय, सहभागी र प्रकार वा माध्यमका आधारमा भाषाको प्रयोजनपरक भेदको निर्क्योल हुन्छ (गौतम र चौलागाईं, २०६७, पृ. २१-२२) । सन्दर्भले पनि विषयक्षेत्र र त्यसका पर्यावरणगत स्थिति, वक्ता र सहभागीको पृष्ठभूमिका आधारमा पाठको अर्थको खोजी गर्ने हुनाले सन्दर्भको अध्ययनमा भाषाको प्रयोजनपरक भेदको सहयोग लिन सकिने हुन्छ।

अर्थचिन्तनका थुप्रै सिद्धान्तमध्ये सङ्केत सिद्धान्तले अर्थलाई सङ्केतक र तिनले सङ्केत गर्ने सङ्केतितको सम्बन्धको प्रतिफल मान्छ। सङ्केतक र सङ्केतितको सोझो र दोहोरो सम्बन्धलाई सस्युरले प्रारम्भ गरेका हुन्। उनले वस्तु र त्यसको सङ्केतकका बिचको दोहोरो सम्बन्धको पक्षपोषण गरेका छन्। यसको विपरीत भाषाविज्ञानी अग्डेन र रिचर्डस्ले सङ्केतक र सङकेतित बिचमा सोझो सम्बन्ध नभई विचार वा सन्दर्भमार्फत त्रिकोणात्मक सम्बन्ध हुन्छ भन्ने मान्यता अगाडि ल्याएका हुन् (गौतम र चौलागाईं, २०६७, पृ. २९१) । सन्दर्भमा भाषाको प्रकार्य र यसको परिवेशबाट अर्थको उत्पादन भएको हुन्छ भन्ने मान्यता रहेको हुन्छ भने सङ्केत त्रिकोणमा संशोधित मान्यताका आधारमा शब्द र अर्थका बिचमा सन्दर्भ वा परिवेशजन्य कुरालाई मानेको देखिन्छ। यसबाट संरचनावादी सङ्केत सिद्धान्तसँग सन्दर्भ र अर्थचिन्तनको पनि सम्बन्ध

रहेको देखिन्छ । यसरी अर्थचिन्तनका पूर्वीय र पश्चिमी विभिन्न मान्यतासँग सन्दर्भसम्बन्धी मान्यताको समानता र भिन्नता दुवै देखा परेको छ। कुनै पनि भाषिक उच्चार वा पाठमा प्रयुक्त भाषिक रूप र स्थितिको संयोजनमार्फत अर्थापन गर्ने क्रममा सन्दर्भले अघि सारेको मान्यता कुनै लिखित तथा मौखिक पाठको अर्थबोधका लागि उपयुक्त रहेको छ। यसलाई साहित्यिक पाठको अर्थविश्लेषणका क्रममा पनि प्रभावकारी ढङ्गले प्रयोग गर्न सकिन्छ।

### २.२.३ संज्ञानात्मक सन्दर्भार्थ

भाषिक पाठमा प्रयुक्त शब्द र पाठको परिवेशजन्य स्थितिको योगमार्फत पाठभित्रको ज्ञानतत्त्व प्रकाशित गर्ने माध्यमलाई संज्ञानात्मक सन्दर्भ भनिन्छ। यस्तो सन्दर्भबाट प्रतिफलित अर्थलाई संज्ञानात्मक सन्दर्भार्थ भनिन्छ। 'संज्ञानात्मक सन्दर्भार्थ' पदावलीमा संज्ञान, सन्दर्भ र अर्थ गरी तीन ओटा पक्ष रहेका छन्। संज्ञान मानसिक प्रक्रियाहरूलाई समेट्ने व्यापक अवधारणा हो। सन्दर्भ भनेको भाषिक रूपमा निहित अर्थको प्रकाशन गर्ने माध्यम हो भने अर्थ भनेको त्यसको प्रतीति हो।

संज्ञान भनेको पाठका अन्तर्तहमा रहेको ज्ञानात्मक पक्ष हो। यसको खोजी सामाजिक वातावरणका विविध सन्दर्भका आधारमा गरिन्छ। संज्ञानमा कुनै तथ्यसम्बन्धी धारणा, स्मृति, निर्णय, समस्यासमाधान र भाषाको संरचना तथा अभिव्यक्तिलगायतका गतिविधि समावेश भएका हुन्छन्। लेनिनले संज्ञानलाई वस्तुबारेको विचारको शाश्वत र अन्तहीन अनुमान मानेको देखिन्छ (ढकाल, २०७८क., पृ. १९४)। संज्ञान मानिसको मानसिक क्षमता र सोच्ने प्रक्रियाको अध्ययन भएकाले यसले कसरी मानिसले कुनै पनि जानकारीको प्राप्ति, प्रशोधन, भण्डारण र उपयोग गर्छन् भनेर बुझाउँछ। साहित्यका परिप्रेक्ष्यमा कला वा साहित्यमा निहित वस्तुगत यथार्थलाई प्रतिबिम्बन र सम्मूर्तन गर्ने ज्ञानतत्त्व वा आशय नै संज्ञान हो। साहित्यलाई कलारूपहरू मध्ये सबैभन्दा प्रभावकारी संज्ञानात्मक साधनको रूप मानिन्छ (ढकाल, २०७८क., पृ. १८८)। सङ्कथनका सम्बन्धमा संज्ञानले भाषिक पाठमा निहित रहेको यही तथ्य र सत्यसम्बन्धी धारणालाई जनाउँछ। यस्तो धारणा वा सत्य त्यसको पृष्ठभूमिमा अन्तर्निहित रहेको हुन्छ। सन्दर्भको अध्ययनमा यही कुराको विश्लेषण गरिन्छ। भाषिक पाठमा प्रयुक्त उच्चारमा अन्तर्निहित परिस्थितिजन्य अवस्थालाई त्यस उच्चारसँग एकाकार गराएर सन्दर्भले जे कुरालाई बोध गराउँछ, त्यसैलाई संज्ञान भनिन्छ। यस्तो संज्ञानको खोजीका लागि सो भाषिक उच्चारमा निहित रहेको स्थितिको निर्क्योल गर्न अनि तिनीहरूलाई बाँध्ने र अर्थको प्रतिफलन गराउने सन्दर्भको आवश्यकता पर्छ। यसरी हेर्दा संज्ञानले यहाँ भाषिक उच्चारमा निहित आशयलाई बुझाउँछ।

संज्ञानसम्बन्धी धारणा र दृष्टिकोण पुरानो भए पनि संज्ञानात्मक विकासको सिद्धान्तको प्रवर्तन स्विस मनोवैज्ञानिक जाँ पियाजेले गरेका हुन्। जीवशास्त्री पियाजेद्वारा मनोविज्ञानको क्षेत्रमा प्रवर्तित संज्ञानात्मक विकासको सिद्धान्त र मानसिक विकासको प्रक्रियासम्बन्धी मान्यता शिक्षा र सिकाइ, मानसिक विश्लेषण र भाषाविज्ञानका क्षेत्रमा पनि उतिकै प्रयुक्त भएको पाइन्छ

(ज.ब.रा. र पौडेल, २०७४, पृ. २११-२१२) । संज्ञानलाई मानसिक पद्धति (मेन्टल मोडेल) का रूपमा प्रयोगमा ल्याई भाषिक अध्ययनका रूपमा प्रयोग गरिएको छ । पियाजेले ज्ञानविकासको कार्यलाई क्रमबद्ध मान्दै यसमा मानसिक योजना, आत्मसात्करण, समायोजन र सन्तुलन गरी जम्मा चार ओटा प्रक्रिया हुने बताएका छन् (ज.ब.रा. र पौडेल, २०७४, पृ. २१६) । पियाजले प्रतिपादन गरेको यो मान्यता सिकाइमा हुने संज्ञानात्मक विकासको प्रभावतिर प्रवृत्त भएको छ । पियाजेको संज्ञानसम्बन्धी तात्पर्यलाई यहाँ भाषिक पाठमा निहित ज्ञानतत्त्व वा आशयका रूपमा लिनु उपयुक्त हुन्छ । साहित्यकलामा संज्ञानको सिद्धान्तनिर्माणको श्रेय मार्क्सवादी सौन्दर्यशास्त्रीहरूलाई दिइन्छ । कलाको संज्ञानात्मक अन्तर्वस्तुसम्बन्धी हेगेलको धारणा आध्यात्मिक र प्रत्ययवादी भएको हुनाले यसको स्थानमा संज्ञानलाई वस्तुमार्फत यथार्थको प्रतिबिम्बनको विशिष्ट रूप मान्दै कलात्मक संज्ञानको आधुनिक सिद्धान्त मार्क्सवादअनुसार प्रतिपादित र विकसित भएको देखिन्छ (ढकाल, २०७८क., पृ. १९४-१९५) । विचारजगत र कलासाहित्यमा संज्ञानसम्बन्धी यही मान्यता आजभोलि प्रचलनमा रहेको छ ।

निश्चित भाषिक एकाइमा आधारभूत अर्थ निहित रहेको हुन्छ । त्यस्तो एकाइमा आधारभूत अर्थसँग सम्बन्धित रहेको प्रयुक्त अर्को भाषिक एकाइ, वक्ताको आशय र परिवेशजन्य स्थिति वा सामाजिक परिस्थितिका आधारमा निस्कने अर्थहरू पनि रहेका हुन्छन् (यादव र रेग्मी, २०५९, पृ. २७१-७२) । ह्यालिडेका अनुसार भाषाका आनुभविक, तार्किक, अन्तर्वैयक्तिक र पाठात्मक गरी चार घटक रहेका हुन्छन् । यिनमा आनुभविक घटकले विचारको सम्प्रेषण, तार्किक घटकले विचारलाई क्रममा जोडाइ र अन्तर्वैयक्तिक घटकले विचारलाई सामाजिक सम्बन्धसँग जोडेर व्यावहारिक कार्यसम्पादन गर्छ (बन्धु, २०६४, पृ. १३७) । पाठात्मक घटकले पाठसँग पूर्वपाठ र उपपाठको सम्बन्धलाई कार्यकारणमा र क्रमबद्धतामा हेर्ने कार्य गर्छ । सन्दर्भार्थलाई भाषाका यिनै घटकसँग जोडेर हेरिन्छ ।

भाषिक रूपले सङ्केत गर्ने कुनै वस्तु, भाव, घटना वा अवस्थालाई अर्थ भनिन्छ । अर्थले यति मात्र नबुझाएर अभिप्रायलाई पनि बुझाउँछ । कतिपय अवस्थामा भाषिक रूपले सङ्केत गरेको अवधारणात्मक अर्थका अतिरिक्त पनि अरू अर्थ सिद्धिएको हुँदैन र यस्तो अभिप्राय खास सन्दर्भ वा प्रसङ्गमार्फत मात्र स्पष्ट हुन्छ । अतः भनिएको कुरा मात्र होइन, भन्न खोजिएको कुरालाई पनि अर्थका रूपमा लिइन्छ (गौतम र चौलागाईं, २०६७, पृ. २७७) । भाषिक एकाइबाट नभएर त्यसको प्रयोगगत पृष्ठभूमिबाट प्राप्त अर्थलाई पृष्ठभूमिगत अर्थ पनि मानिन्छ । यस्तो अर्थ निर्माणमा वक्ताको सामाजिक अवस्था, समय, स्थानजस्ता परिवेशजन्य कुराहरूको प्रभाव रहन्छ । पृष्ठभूमिगत अर्थका सामाजिक अर्थ र प्रसङ्गार्थ गरी दुईओटा भेद रहेका छन् । सामाजिक अर्थ भनेको भाषिक एकाइका माध्यमबाट वक्ताको सामाजिक अवस्था, पृष्ठभूमि वा स्तरबाट प्राप्त हुने अर्थ हो । प्रसङ्गार्थ भाषिक एकाइको प्रयोगको स्थान, समय र स्थितिबाट र पाठमा निश्चित भाषिक एकाइ अघि र पछि रहेको भाषिक एकाइबाट पनि प्राप्त हुन्छ (यादव र रेग्मी, २०५९, पृ. २७६-७७) । वाक्यीय संरचनामा प्रयुक्त शब्दले खास सन्दर्भका आधारमा अर्थलाई बुझाउँछ ।

यस्तो अर्थ वक्ताको पूर्वसूचनामा आधारित हुने हुनाले सन्दर्भको ज्ञानबिना श्रोता वा पाठकले त्यो अर्थ बुझ्न सक्दैन । कुनै पनि शब्द खास सन्दर्भयुक्त वाक्यमा प्रयोग गरिएको हुन्छ । वक्ताले सन्दर्भअनुसार नै कथनको प्रयोग गर्ने र श्रोताले पनि सन्दर्भअनुसार नै अर्थ बुझ्ने हुनाले यसलाई प्रासङ्गिक वा पृष्ठभूमिगत अर्थ पनि भनिन्छ (गौतम र चौलागाईं, २०६७, पृ. २८३) । अतः अर्थको पूर्ण प्रतिफलनका दृष्टिले सन्दर्भार्थको विशेष महत्त्व रहेको हुन्छ ।

भाषिक पाठको भाव वा विचारलाई सामाजिक पक्षसँग जोडेर भाषामा निहित रहेको अनुपस्थिति पक्षको खोजी गरी अर्थ प्रतिफलन गर्ने कार्यमा सन्दर्भको विशेष महत्त्व हुन्छ । अतः सन्दर्भार्थ नै उच्चारको सही अर्थ बन्न हुन्छ । सन्दर्भार्थ भाषाको सांरचनिकताबाट नभएर यसको प्रयोगको पृष्ठभूमिबाट प्राप्त हुन्छ (यादव र रेग्मी, २०५८, पृ. २७७) । यो कुनै भाषिक एकाइले कुनै निश्चित सन्दर्भका माध्यमबाट व्यक्त गर्ने अर्थ हो । कुनै पनि भाषिक उच्चारको खास अर्थ खोज्नका लागि सन्दर्भार्थको सहयोग अनिवार्य हुन जान्छ (शर्मा, २०५५, पृ. २११) । यसबाट सङ्कथनात्मक पाठको अर्थका दृष्टिले विश्लेषण गर्दा सन्दर्भार्थको विश्लेषण आवश्यक रहेको स्पष्ट हुन्छ । भाषिक पाठमा प्रयुक्त भाषिक तथा गैरभाषिक पक्षको अध्ययनलाई चाहिँ सन्दर्भपरक विश्लेषण पनि भनिन्छ (गौतम, २०६८क., पृ. ५७३) । भाषिक पाठमा रहेको भाषिक पक्ष भनेको यसको रूप र गैह्रभाषिक पक्ष भनेको यसको परिवेशजन्य स्थिति हो । यी दुवैको विश्लेषण अर्थप्राप्तिका लागि गरिने हुनाले सन्दर्भपरक विश्लेषण र सन्दर्भार्थ विश्लेषण समानार्थी रूपमा प्रयुक्त हुन सक्ने पदावली मानिन्छन् ।

निश्चित पाठको भाषिक प्रक्रियामा सन्दर्भपरक प्रक्षेपण पनि समावेश भएको हुनाले यसले भाषिक अभिव्यक्ति निर्माणलाई पनि संशोधन गर्न सक्छ । भाषिक पाठमा पनि पाठ र सन्दर्भ एक अर्कामा अन्तक्रिया गर्छन् । भाषिक पाठमा रहेका कथनले वाक्यात्मक संरचनाको समग्रतामा होइन, कार्यका सापेक्षमा अर्थ प्रदान गर्छन् (विडोसन, सन् २००४ पृ. ५४) । सन्दर्भार्थको अध्ययनका क्रममा व्यवस्थापरक व्याकरणको पनि सहायता लिन सकिन्छ । व्यवस्थापरक व्याकरणले भाषिक संरचनाभित्रको अर्थगत छनौटलाई व्यवस्था मानेको हुनाले यसको अध्ययन भाषिक अर्थसँग जोडिएको देखिन्छ । "भाषाका मूलभूत तहहरूमा स्थितिलाई र अन्तर्तहका प्रसङ्गलाई राखेको हुनाले यस भाषिक सिद्धान्तमा अर्थलाई महत्त्व दिएको कुरा सिद्ध हुन्छ ।" (बन्धु, २०६४, पृ. १४४) । यसले भाषिक रूप र अर्थको बिचमा स्थिति रहने कुराको अध्ययन गर्छ । अतः सन्दर्भार्थको अध्ययनका क्रममा व्यवस्थापरक-प्रकार्यपरक भाषाविज्ञानको पनि सहयोग आवश्यक हुन्छ । सङ्कथन विश्लेषणले प्रयोगका अवस्थाका सन्दर्भहरू र भाषाबिचको सम्बन्धको ख्याल गर्दै यसको विवरण-वर्णन र कथ्य-लेख्य दुवै अन्तर्क्रियाको विश्लेषणसित गहिरो सम्बन्ध राख्छ । यसैले पाठहरूको गहन बोध र मूल्याङ्कन गर्नु अनि तिनीहरू तिनका प्रयोक्ताका लागि कसरी अर्थपूर्ण भए ? भन्ने कुरा खोज्नु सङ्कथन विश्लेषणको प्रमुख उद्देश्य रहेको हुन्छ । सङ्कथन विश्लेषणले सन्दर्भ र सहभागीका बिचको सम्बन्धबाट भाषिक पाठको अर्थ खोज्ने कार्य

गर्छ (पाल्ट्रिज, सन् २०१२, पृ. ३–४) । यसबाट सन्दर्भार्थको अध्ययन सङ्कथन विश्लेषणको मुख्य अध्ययनक्षेत्र रहेको पनि स्पष्ट हुन्छ ।

भाषाको रूपात्मक एकाइ र स्थितिका बिच स्थापित सम्बन्धबाट बुझिने अर्थ वा आशयलाई सन्दर्भार्थ भनिन्छ । कुनै भाषिक एकाइले खास सन्दर्भमा आएर बुझाउने अर्थ नै सन्दर्भार्थ हो (शर्मा, २०५५, पृ. २११) । भाषामा टेकेर पाठका विविध सन्दर्भको खोजी गर्नु र त्यस्ता सन्दर्भका सहायताले भाषिक अभिव्यक्तिको अर्थ खोज्नुलाई नै सन्दर्भार्थ विश्लेषण मानिन्छ । साहित्यिक पाठको वास्तविक अर्थ वा आशय प्राप्त गर्न सन्दर्भार्थको खोजी आवश्यक हुन्छ । सन्दर्भार्थलाई सामान्य बोलचालको भाषामा अर्थ नै भनिन्छ । भाषिक उच्चारलाई सन्दर्भले नै अर्थसम्म पुऱ्याउने कार्य गर्दछ । भाषाले वस्तुजगतका बारेमा गराउने प्रतीति वा अर्थ प्राप्तिका लागि स्थितिको भूमिका अनिवार्य हुन्छ । अर्थचिन्तनका क्रममा स्थिति भनेको उच्चारको भाषेतर पर्यावरण हो भने सन्दर्भ भनेको यही स्थितिलाई रूपसँग एकाकार गराएर भाषेतर स्थितिको अर्थ भाषिक रूपमा प्रतीत गराउने सम्बन्धसूत्र हो (शर्मा, २०५५, पृ. १९७) । अतः उच्चारमा अन्तर्निहित स्थितिबाट बोध भएको प्रतीति वा अर्थलाई नै सन्दर्भार्थ भनिएको हो ।

भाषिक पाठमा प्रयुक्त संज्ञानात्मक सन्दर्भार्थको खोजी अर्थ विश्लेषणको मुख्य लक्ष्य भएको हुनाले कृतिलाई आर्थी आधारमा विश्लेषण गर्न संज्ञानात्मक सन्दर्भको अध्ययन आवश्यक हुन्छ । संज्ञानात्मक सन्दर्भार्थ खोज्ने आधार सामाजिक, आर्थिक, राजनीतिक र ज्ञानविज्ञानगत आदि विभिन्न किसिमका हुन्छन् । संज्ञानात्मक सन्दर्भार्थ भनेको खासमा विभिन्न सन्दर्भका सहायताले बोध भएको पाठमा रहेको संज्ञान वा आशयगत पक्ष हो । यसको बोध र प्रकाशनका लागि त्यस्ता संज्ञानलाई प्रकाश्य पार्ने सन्दर्भको विश्लेषण गर्नु जरुरी हुन जान्छ । यस्तो संज्ञान भाषिक एकाइको प्रयोगको परिवेश, समय र सामाजिक अवस्थाका माध्यमले स्पष्ट हुन्छ । अतः पाठको अर्थविश्लेषण गर्दा खास सन्दर्भका माध्यमले त्यसमा भएका संज्ञानात्मक अर्थहरूको खोजीकार्यले मात्र त्यसको पूर्ण अर्थ वा आशय स्पष्ट हुन्छ । यस शोधकार्यमा सामाजिक सन्दर्भ, आर्थिक सन्दर्भ र राजनीतिक सन्दर्भका आधारमा विवेच्य निबन्धमा रहेको संज्ञानको खोजी गरिएको हुनाले यहाँ तीन ओटा सन्दर्भ र अर्थको सङ्क्षेपमा चिनारी दिइन्छ ।

### (१) सामाजिक सन्दर्भ र अर्थ

सामाजिक सन्दर्भ भनेको भाषिक उच्चारमा अन्तर्निहित रहेको ज्ञानात्मक तथ्यको सामाजिक परिवेश र अर्थसँगको सम्बन्ध हो । भाषिक पाठमा कुनै शब्दले अभिव्यक्त गर्ने ज्ञानतत्त्वलाई संज्ञानात्मक सन्दर्भ भनिन्छ भने त्यही ज्ञानतत्त्वको सामाजिक पर्यावरण नै सामाजिक सन्दर्भ मानिन्छ ।

समाजमा पुरानो समयदेखिका नियम, संरचना र आपसमा अन्तर्सम्बन्धित मान्यता एवम् विश्वास रहेका हुन्छन् । त्यस्ता मान्यता र विश्वासयुक्त परिवेशको आधारबिना पाठमा प्रयुक्त उच्चारको अर्थ्याइ अपूर्ण हुन जान्छ । पाठमा निहित अर्थ बुझ्न सामाजिक व्यवहार र विश्वाससँग

जोडिएका कुराहरू तथा तिनको प्रयोग र प्रभावका बारेमा अध्ययन गर्नु आवश्यक हुन्छ । मानिसको सामूहिक बसाइ र त्यहाँबाट निःसृत चेतनाको नाम समाज हो । समाजको निर्मितिमा धेरै मानिसको सामूहिक भावना मिसिएर बसेको हुन्छ । व्यक्तिको जीवनजस्तै समाजको पनि जीवन र विचार हुन्छ । जीवनदर्शन, संस्कृति र समाजको प्रभावसहित व्यक्ति आफ्नो जीवनमा कुनै मान्यता र विचारबाट परिचालित र मार्गनिर्देशित पनि भएको हुन्छ (चालिसे, सन् २०२३, पृ. ४५-४६) । अतः सामाजिक परम्परा, नियम र मानिसका दैनिक गतिविधि एवम् संस्कृतिजन्य मान्यताका आधारमा भाषिक उच्चारमा निहित अर्थको निर्क्योल गर्न सामाजिक सन्दर्भको विश्लेषण उपयोगी सिद्ध हुन्छ । समाजको कलासाहित्य, वर्गव्यवस्था, विभिन्न पेसा, धार्मिक मान्यता तथा आर्थिक, राजनीतिक आदि गतिविधि सामाजिकताभित्र समेटिइन्छन् । समाजमा रहेका मानवता, परोपकार, आदर्श, अध्यात्म, सहयोग, सहकार्य तथा मानव सहसम्बन्धले सामाजिकताको स्तरनिर्धारणमा सहयोग पुऱ्याउँछ (नेपाल, २०७९) । यही सामाजिकता नै भाषिक पाठमा अन्तर्निहित संज्ञानात्मक पक्ष पहिल्याउने साधन बन्न पुग्छ । अझ स्थान, समय र वक्ता वा सहभागीको भूमिका जनाउने परिस्थितिगत स्थितिको निर्माण पनि खास प्रकारको सामाजिक पृष्ठभूमिमा नै रहेर भएको हुन्छ। त्यसैले सामाजिक सन्दर्भको अध्ययनमा पाठमा रहेको सामाजिक परिवेशको अध्ययन आवश्यकीय हुन्छ ।

समाजको निश्चित संरचना निर्माणमा सामाजिक संस्थाको विशेष भूमिका रहेको हुन्छ । समाजमा सामाजिक आचरण र व्यवहारको निर्माण सामाजिक संस्थाकै आधारमा भएको हुन्छ । सामाजिक चिन्तन, व्यवहार, परम्परा आदिको समुच्चयबाट निर्मित यस्ता संस्थाले निश्चित सामाजिक संरचनाको विशिष्ट अभिलक्षणलाई पनि प्रकाश्य पार्छन् । समाजमा लैङ्गिक दृष्टिले नारी र पुरुषको सामाजिक भूमिका निर्धारण भएको हुन्छ । यहाँ निश्चित वर्ग वा समुदायका नियम र मान्यताहरू रहेका हुन्छन् र तिनै मान्यतालाई समाजले परिपालन गरिरहेको हुन्छ । समाजमा प्रचलित यस्ता मान्यताहरू परम्परागत विश्वास र वैज्ञानिक दृष्टिकोण दुवैका आधारमा तयार भएका हुन्छन् । यस्ता मान्यताहरू अन्धविश्वासका रूपमा पनि उत्तिकै प्रचलनमा रहेका हुन्छन् । यस्ता प्रचलन वा परम्पराले पाठको आर्थी पृष्ठभूमि निर्माण गरेका हुन्छन् अर्थात् पाठ निर्माण हुँदा सामाजिक संरचना र रीतिरिवाजले भाषिक रूपसँग सम्बन्ध राखेको हुन्छ (गौतम, २०६८क., पृ. ५७३) । त्यसैले पाठमा रहेको सन्दर्भार्थको अध्ययन गर्न त्यस्ता रीति, मान्यता वा सामाजिक प्रचलनको खोजी गरी त्यसैका सापेक्षताका कृतिको अर्थ लगाउने कार्य गरिन्छ ।

समाजमा सरकार, प्रशासन र कानुनले पनि स्विकारेका निश्चित सामाजिक नियमहरू रहेका हुन्छन् । जन्म, विवाह, बसाइँसराइ, मृत्यु र सम्बन्धविच्छेद जस्ता मुख्य नियमलाई राज्यको कानुनले पनि निश्चित विधिमार्फत लागु गरेको हुन्छ । समाजमा रहेका यस्ता खास प्रकारका नियम वा मान्यताका आधारमा समाजका बासिन्दाले आफ्नो आचरण निर्माण गरेका हुन्छन् । जस्ता व्यवहार र गतिविधि समाजमा प्रदर्शन भइरहेका हुन्छन्, सामाजिक प्राणीको हैसियतले मानिस त्यसैअनुकूल व्यवहार र आचरणलाई निर्माण र पालना गर्न बाध्य भएको हुन्छ। सामाजिक

रीतिरिवाज, कर्म र व्यवहारलाई साथमा लिएर सामाजिक नियमको नियन्त्रणमा रहने र समाजका हरेक गतिविधिबाट प्रभावित भएर सामाजिक रहनसहन, रीतिरिवाज र परम्पराले देखाएको संस्कारबाट नै मानिसले जीवननिर्वाहको शैली सिक्ने (श्रेष्ठ, सन् २०२२) हुनाले मानिसको जीवनयापनमा सामाजिक नियमको दरिलो प्रभाव रहेको मानिन्छ । कुनै पनि सङ्कथनात्मक पाठमा लेखकीय अभिव्यक्तिको सिलसिला यस्ता सामाजिक नियम र आचरणका आधारमा जोडिएको हुनाले साहित्यिक अभिव्यक्तिलाई सामाजिक नियमका खास स्थितिसँगै जोडेर त्यसमा निहित अर्थको खोजी गर्नु उपयुक्त हुन्छ ।

सामान्यतः धर्म भन्नाले दैवी शक्ति, परमात्मा अथवा अदृश्य शक्तिमा गरिने विश्वास र त्यस्ता शक्तिसँग सम्बन्धित नैतिक आचरण, व्यवहार, मूल्य र मान्यता, सङ्घसंस्था तथा पुरातन विधिहरू भन्ने बुभिन्छ । कहिलेकाहीँ आस्था अथवा विश्वास जस्ता शब्द पनि धर्मकै अर्थमा प्रयोग गरिन्छ । व्यापक अर्थमा भने धर्मभित्र मानवीय आचरण र कर्तव्यसँग सम्बद्ध सबै कुरा, सत्य र मानवको स्वाभाविक गुणलाई पनि समेटिन्छ । मानव संस्कृतिको विकाससँगै धर्मको अर्थ समाज र व्यक्तिअनुसार फरक फरक भएको पाइए पनि मानिसलाई धर्म र यससम्बन्धी चिन्तनले प्रभावित पारेको हुन्छ ।

धार्मिक चिन्तन र तदनुसारका संस्कारजन्य गतिविधि मानव समाजमा निरन्तर रहेका हुनाले समाजमा रहँदा मानिस कुनै न कुनै धार्मिक सम्प्रदायको अनुयायी बनेको हुन्छ । धर्म आचरण सुधार्ने विषय मानिएको हुनाले मानव समाजमा परम्परादेखि नै धर्मको अस्तित्व रहेको छ । कुनै पनि जाति वा समुदायका आफ्ना मान्यता र नियमहरू धार्मिक विचार र त्यससम्बन्धी आस्थाका आधारमा निर्धारण भएका हुन्छन् । धार्मिक चिन्तनको आधारमा बनेका वा आफूले पालना गरेको धार्मिक सम्प्रदायले तयार पारेका मान्यता र नियमका आधारमा मानिसले सामाजिक जीवनका संस्कारहरू सम्पन्न गर्छ । धार्मिक मान्यताका आधारमा रहेर व्यक्तिले समाजमा धार्मिक गतिविधि पनि सञ्चालनमा ल्याउँछ । यसरी धार्मिक विश्वासका भरमा मानिसले धार्मिक मान्यता र संस्कारजन्य गतिविधिको संरक्षण गरेको हुन्छ । धर्म समाजको सही पदप्रदर्शक भएको र मानिस निश्चित धार्मिक संस्कारका बाँधिएको हुनाले साहित्यिक पाठमा लेखकीय अभिव्यक्तिमा एकातिर धार्मिक आस्थाको अमिट छाप रहेको हुन्छ र अर्कोतिर धार्मिक मान्यताबाट प्रभावित भाषिक रूप पनि देखापर्छ ।

देश र कालसापेक्ष भएर वैचारिक तथा परम्परागत धारणाका रूपमा विकसित हुँदै आएका लोकमान्यता, जीवनबोध आदिका माध्यमले कुनै राष्ट्र, समाज, जाति आदिको स्वरूप जनाउने मान्यता, भावना, चिन्तनमनन, कलासाहित्य तथा सङ्गीत र भौतिक अभिव्यक्ति समेतको मूल्यपरम्पराको समष्टि रूपलाई संस्कृति भनिन्छ । समाजकै अभिन्न अङ्ग मानिने संस्कृति मानिसको कला, साहित्य र समग्र जीवन पद्धति पनि हो । संस्कृतिले मानिसलाई सामाजिक प्राणीका रूपमा विकास गर्न मद्दत गर्छ । त्यसैले यसलाई दोस्रो प्रकृति पनि मानिन्छ । मान्छेको

जीवनशैली चालचलनलगायतका कुराहरू संस्कृतिसँग जोडिएका हुन्छन् । यसरी हेर्दा "संस्कृति मानवसभ्यता र विकाससँग जोडिएर युग युगदेखि मानवपरम्परामा सर्दै, व्यवहृत हुँदै आएको चिन्तन, दर्शन र दृष्टि हो" (चालिसे, सन् २०२३, पृ. ४४) । संस्कृतिलाई हेर्ने, बुझ्ने र व्याख्या गर्ने सम्बन्धमा विभिन्न दृष्टिकोणको विकास भएको छ । यसलाई परम्परागत रूपमा समाजका सभ्रान्त वर्गले अरूका लागि निर्माण गरिदिएको अनुशासन र नैतिकताको नियम मान्ने चलन रहेकोमा पछिल्लो समयमा सबै वर्ग र तहका मानिसको जीवनपद्धतिलाई संस्कृति मान्न थालेपछि संस्कृतिको तात्पर्यमा भिन्नता आएको र 'संस्कृति' शब्दले व्यापकता पनि पाउन थालेको मानिन्छ ।

संस्कृतिको निर्माणमा समाजमा रहेको सामाजिक व्यवस्थासम्बद्ध परम्पराको भूमिका रहेको हुन्छ । हरेक समाज तथा संस्कृति त्यस समाज व्यवस्थाको ऐतिहासिक जगमा निर्माण भएको हुन्छ भन्ने एङ्गेल्स (सन् १९०२) को भनाइबाट यस कुराको पुष्टि हुन्छ । निश्चित समाजका मान्यता तथा अभ्यासहरू त्यही ऐतिहासिक परिवेशबाट प्रभावित हुने हुनाले संस्कृतिको सही अध्ययनका लागि समाजको ऐतिहासिक आधार बुझ्नु जरुरी हुन्छ । खास समाज व्यवस्थाभित्रको नियम, चलन तथा अभ्यासको झलक पनि ऐतिहासिकताबाट नै प्राप्त हुन्छ (अधिकारी, सन् २०२१, पृ. ८६-८७) । संस्कृतिभित्र उत्पादन, उपकरण तथा औजारजस्ता भौतिक पक्ष र ज्ञान, व्यवहार, बोली तथा आचरण जस्ता आत्मिक पक्ष दुवै पर्दछन् । संस्कृतिलाई मानव श्रमद्वारा निर्मित भौतिक र आत्मिक मूल्यहरूको योग मानिन्छ (किरण, २०६५, पृ. १६) । संस्कृति समाजको चिनारी भएको हुनाले यसका माध्यमले मानिसले मानवीय सद्भाव, हार्दिकता तथा असल गुण आर्जन गर्न सक्छ । संस्कृति परम्परागत रूपमा परिभाषित हुँदै र व्याख्यायित हुँदै आएको नैतिकतासम्बद्ध मानवीय आचरण मात्र नभएर मानवीय व्यवहारको प्रतिचित्र पनि हो । यसले मानव मस्तिस्कको स्वभावगत अवस्था, मान्छेको बौद्धिक अवस्था र कलाको भौतिक रूपलाई जनाउँछ (विलियम्स, सन् १९८३, पृ. एक्स.आई.) । मानव जीवनलाई निरन्तर अघि बढाउने भएकाले संस्कृतिलाई मानव मात्रको अभिन्न गुणका रूपमा हेरिन्छ । संस्कृति समाजको अभिन्न पाटो भएको हुनाले साहित्यिक कृति वा भाषिक पाठमा संस्कृतिका विविध स्थितिको अमूर्त र अव्यक्त उपस्थिति रहेको हुन्छ । त्यसैले भाषिक पाठको संज्ञानात्मक सन्दर्भार्थ पहिल्याउन सांस्कृतिक मान्यताको विश्लेषण आवश्यक मानिन्छ । कुनै पनि सङ्कथनमा सन्दर्भले स्थिति र भाषिक रूपलाई जोडेर अर्थबोधका लागि सहयोग गर्ने (शर्मा, २०५५, पृ. १९७) हुनाले सामाजिक सन्दर्भअन्तर्गतका सामाजिक परिवेशजन्य अवस्था, धार्मिक संस्कार तथा सांस्कृतिक मान्यताका आधारले पाठमा रहेको अर्थको प्रतिफलन गराउँछ । यही सामाजिक सन्दर्भमा आधारित रही सामाजिक संरचना र प्रचलन, धार्मिक संस्कार र सांस्कृतिक मान्यता सन्दर्भ यस शोधकार्यमा सामग्री विश्लेषणका लागि प्रयुक्त छन् ।

### (२) आर्थिक सन्दर्भ र अर्थ

आर्थिक सन्दर्भ भनेको भाषिक उच्चारमा अन्तर्निहित रहेको ज्ञानात्मक तथ्यको आर्थिक परिवेश र अर्थसँगको सम्बन्ध हो । भाषिक पाठमा रहेको आशय वा ज्ञानतत्त्वलाई संज्ञानात्मक सन्दर्भ भनिन्छ भने त्यही ज्ञानतत्त्वको आर्थिक पर्यावरणलाई नै आर्थिक सन्दर्भ मानिन्छ । पाठमा रहेका आर्थिक क्रियाकलापका सन्दर्भले खास अर्थ बोकेको हुन्छ । यस्ता आर्थिक सन्दर्भ सूच्यात्मक वा सङ्केतात्मक रूपमा रहेका पनि हुन सक्छन् (पौडेल र पोखेल, २०७१, पृ. ४६-४७) । पाठमा रहेको आशयलाई बुभ्मन र त्यस्ता सन्दर्भले पाठको अर्थप्रतिफलनमा खेलेको भूमिकाका आधारमा समग्र पाठलाई बुभ्मनका लागि पनि आर्थिक सन्दर्भको अध्ययन आवश्यकीय हुन्छ । यस्ता सन्दर्भमार्फत अर्थ खोज्न गरिबी र जीविकोपार्जन, वित्तीय अपचलन, उत्पादन सम्बन्ध र शोषण जस्ता आधार प्रयोग गरिन्छ ।

'गरिबी' भन्नाले सामान्यतया निर्धनतालाई जनाउँछ । 'गरिबी' शब्दद्वारा आर्थिकका अतिरिक्त सामाजिक, राजनीतिक, मानसिक आदि पक्षमा रहेको अभावलाई पनि बुझाइन्छ । आर्थिक रूपमा गरिब भन्नाले साधन-स्रोत र आर्थिक हैसियत नउक्सेको; सामाजिक रूपमा गरिब भन्नाले पुरातन, रुढिग्रस्त विचारले निर्देशित; राजनीतिक रूपमा गरिब भन्नाले राजनीतिक संस्कारहीन, समयानुकूल किसिमले चल्न नसक्ने र मानसिक रूपमा मान्छेको सोचाइको दुर्बल अवस्था भन्ने बुझिन्छ (हाडा, २०६८, पृ. १०१) । आर्थिक पक्षमा भएको अभाव र निर्धनताले अरू क्षेत्रलाई पनि प्रभावित पार्ने हुँदा यहाँ 'गरिबी' शब्दलाई आर्थिक क्षेत्रमा भएको निर्धनता भन्ने अर्थमा सीमित गरिएको छ । गरिबीलाई सापेक्ष र निरपेक्ष दुवै आधारबाट अध्ययन गर्न सकिन्छ । सापेक्ष गरिबीमा विश्वका पहिला र दोस्रा राष्ट्रका नागरिकले पाएका सुविधाका तुलतामा गरिब देश वा तेस्रो विश्वका जनताले भोगिरहेको आर्थिक जीवन र आयस्तरलाई हेरिन्छ भने निरपेक्ष गरिबीमा मानिसको दैनिक र आधारभूत रूपमा चाहिने आवश्यकताको पूर्ति हुन नसकेको अवस्थालाई हेरिन्छ । गरिबी भनेको अभाव वा निर्धनता भएको हुनाले यसको प्रत्यक्ष सम्बन्ध मानिसको दैनिक गुजारा र जीविकोपार्जनसँग जोडिएको हुन्छ । गरिब हुनु र जीविकोपार्जनमा समस्या हुनुको मुख्य कारण बेरोजगारी पनि हो । बेरोजगारीका कारण काम गर्ने श्रमिक तथा किसानमा दैनिक गुजारा गर्ने क्षमता पनि हुँदैन (ठाकुर, २०५३, पृ. ८२) । आर्थिक अवस्था कमजोर भएको खण्डमा मानिसका दैनिक आवश्यकता पनि सहज रूपमा पूरा हुँदैनन् । यस्तो अवस्थामा व्यक्तिलाई दैनिक गर्जो टार्न र परिवार पाल्न पनि धौ धौ परिरहेको हुन्छ । मानिसको दैनिक पारिवारिक जीवनका यस्ता अभावजन्य पक्षको अभिव्यक्ति र मानिसले जीविकोपार्जनका लागि गरेका सङ्घर्षका रूप भाषिक पाठमा अभिव्यक्त भएको हुन्छ ।

वित्तीय अपचलनभित्र भ्रष्टाचार तथा आर्थिक अनियमितता जस्ता विषयहरू पर्दछन् । भ्रष्टाचारलाई विश्वव्यापी रूपमा फैलिएको आर्थिक अपराध मानिन्छ । बृहत् अर्थमा यसले सबै प्रकारका आर्थिक विकृतिहरूलाई समेट्दछ । सार्वजनिक जीवनमा समाजले स्वीकृत गरेका

आचरणविपरीतका कार्यहरू गर्नु भ्रष्टाचार हो भने सीमित अर्थमा जाँदा आर्थिक अपचलन तथा हिनामिनालाई भ्रष्टाचार भनिन्छ (मैनाली, २०८०) । आजभोलि भ्रष्टाचार भन्नेबित्तिकै आर्थिक स्रोत र साधनको अपचलन भन्ने बुझिन्छ । आर्थिक आधारमा हेर्दा भ्रष्टाचार भनेको आर्थिक संशाधनहरूको अव्यवस्थित र गैरकानूनी प्रयोग हो, जसमा सार्वजनिक वा निजी क्षेत्रको सम्पत्तिको दुरुपयोग गरेर व्यक्तिगत लाभको लागि प्रयोग गरिन्छ । भ्रष्टाचार वर्तमान समयको आर्थिक आतङ्क सिर्जना गर्ने माध्यम मानिन्छ । यसले नागरिकमा ठुलो त्रास सिर्जना गरेको छ । घुसको लेनदेन, आर्थिक ठगी, असमान लाभ लिने कार्य, घरेलु सुविधाको अनुचित वितरण, घोटाला आदि आर्थिक दृष्टिले हुने भ्रष्टाचारका प्रकारहरू मानिन्छन् । भ्रष्टाचार र अनियमितता सार्वजनिक क्षेत्रमा बढी हुने गर्छ । यस्तो कार्यबाट सार्वजनिक सेवाप्रवाहमा अनियमितता कायम हुन जान्छ र सुशासनमा पनि बाधा पुग्छ । भ्रष्टाचारयुक्त कार्यहरूबाट समाजका गरिब, अशिक्षित, निरक्षर, असङ्गठित, कमजोर र सीमान्तकृत वर्गहरू अत्यधिक प्रभावित हुने गर्दछन् । विश्व बैंकको प्रतिवेदन (१९९७) ले कानूनी संरचना र न्यायिक प्रणालीको कमजोरीले भ्रष्टाचारलाई प्रोत्साहित गर्ने हुनाले सरकारी र निजी संस्थाहरूमा आन्तरिक नियन्त्रणको कमी हुँदा वा प्रभावकारी आन्तरिक नियन्त्रण प्रणालीको अभावले भ्रष्टाचारको जोखिमलाई बढाउने बताएको छ (पृ १३) । यसका विरुद्ध आवाज उठाउने साहस समाजमा रहेको निर्धन र तल्लो वर्गसँग नहुने भएकाले उनीहरू सबै प्रकारका भ्रष्टाचार सहन बाध्य हुन्छन् (मैनाली, २०८०) । भ्रष्टाचारका कारण सरकारमाथिको विश्वास घट्ने, सार्वजनिक सेवाको गुणस्तर घट्ने र यस्तो सेवा पैसामुखी हुने हुनाले यसले गरिबीलाई अझ बढ्न सहयोग गर्छ र समग्र सामाजिक संरचना तथा देशको आर्थिक उन्नतिमा बाधा उत्पन्न गर्ने गर्छ ।

आर्थिक अनियमितता भनेको आर्थिक क्रियाकलाप वा लेनदेनहरूमा नियम, कानुन वा नीतिहरूको पालना नगर्ने, त्रुटिपूर्ण लेखा प्रबन्ध गर्ने र गलत रिपोर्टिङ वा आर्थिक स्रोतहरूको दुरुपयोग गर्ने कार्य हो । यो आर्थिक भ्रष्टाचारभन्दा व्यापक अवधारणा हो । खास गरी संस्थाहरूमा प्रभावकारी आन्तरिक नियन्त्रण प्रणालीको अभावले आर्थिक अनियमितता निम्तिन्छ । जानाजानी गलत वित्तीय विवरण, सम्पत्ति दुरुपयोग वा कपटी व्यवहार, कानुनी र नीतिगत नियमहरूको अवज्ञा आदिले गर्दा पनि आर्थिक अनियमितता उत्पन्न हुन्छ ।

उत्पादन सम्बन्धभित्र उत्पादनका साधनको वितरण, आर्थिक शोषण तथा आर्थिक नियन्त्रणलाई समेटिन्छ । उत्पादन सम्बन्ध भनेको उत्पादनमा संलग्न मानिसहरूको भूमिका र सम्बन्ध हो । उत्पादन पद्धति नै सामाजिक जीवनको भौतिक आधार भएको हुनाले उत्पादन सम्बन्धलाई आर्थिक अवस्था निर्धारणको महत्त्वपूर्ण आधार मानिन्छ । उत्पादन सम्बन्धले उत्पादनका क्रममा मानिसका बिचमा हुने सम्बन्धलाई जनाउँछ । उत्पादन सम्बन्ध समाज विकासका सापेक्षमा परिवर्तन भइरहेको हुनाले यसकै कारण समाजमा आर्थिक रूपमा वर्ग निर्माण समेत भएको देखिन्छ (भण्डारी, २०७८, पृ. ३२७) । यसरी हेर्दा आर्थिक अवस्थाको निर्धारणमा उत्पादन सम्बन्धको विशेष भूमिका रहेको हुन्छ । आर्थिक शोषण आर्थिक दृष्टिले कसैलाई

सुविधाहीन बनाउने वा कम सुविधा दिने कार्य हो । यस शब्दले खास गरी मार्क्सवादी विचारमा विशेष महत्त्व राखेको हुन्छ । मार्क्सवादका अनुसार वर्गीय समाजमा सम्पत्तिको उत्पत्ति, उत्पादनका साधन र उत्पादित पुँजीको वितरणसँग लगेर शोषणलाई अर्थ्याइन्छ । मार्क्सवादी चिन्तनका अनुसार आर्थिक शोषण अतिरिक्त मूल्यको बचत हो । समाजलाई नियन्त्रण गर्ने कार्यमा राजनीतिक र सांस्कृतिक मात्र नभएर आर्थिक तत्त्वको पनि प्रधान भूमिका रहेको हुन्छ (शर्मा, २०६६, पृ. २०१) । यही आर्थिक तत्त्व नै आर्थिक शोषणको कारक पनि हो । यहाँ 'आर्थिक शोषण' पदावलीलाई आर्थिक र वित्तीय रूपमा शक्तिशाली वर्गले कमजोर वर्गलाई, धनीले गरिबलाई र शक्तिशाली देशले कमजोर देशलाई गर्ने आर्थिक सुविधाको वितरणमा गरेको अन्याय वा असमानता भन्ने अर्थमा सीमित गरिएको छ ।

पाठमा निहित गरिबी र जीविकोपार्जन, वित्तीय अपचलन तथा उत्पादन सम्बन्ध र शोषण आदिका आधारमा आर्थिक सन्दर्भको खोजी गरिन्छ । पाठमा गरिब र विपन्न वर्गको दयनीय अवस्थाको चित्रण केवल भाषिक रूपका माध्यमबाट मात्र गरिएको हुँदैन, विविध आर्थिक परिवेशजन्य स्थितिका माध्यमबाट पनि गरिएको हुन्छ । त्यस्ता परिस्थितिजन्य अवस्थालाई भाषिक रूपसँग एकाकार गरेर अर्थको खोजी गराउने कार्यमा आर्थिक सन्दर्भको विश्लेषण आवश्यक हुन जान्छ । पाठमा प्रयुक्त भएका भाषिक र व्यक्त सूचकमा थुप्रै यस्ता अव्यक्त स्थितिहरू र परिवेशजन्य अवस्था अन्तर्भूत रहेको हुन्छ । यिनलाई भाषिक रूपसँग एकाकार गराएर आर्थिक आधारमा अर्थसम्म पुऱ्याउने कार्य सन्दर्भले गरेको हुन्छ । त्यसैले भाषिक पाठमा रहेको आर्थिक सन्दर्भको व्याख्या र त्यसले व्यक्त गर्ने सन्दर्भमूलक संज्ञानको विश्लेषण भाषिक पाठको अर्थापनका क्रममा उपयोगी सिद्ध हुन्छ । यही आर्थिक सन्दर्भमा आधारित रही गरिबी र जीविकोपार्जन, वित्तीय अपचलन तथा उत्पादन सम्बन्ध र शोषणका सन्दर्भ यस शोधकार्यमा सामग्री विश्लेषणका लागि प्रयुक्त छन् ।

### (३) राजनीतिक सन्दर्भ र अर्थ

राजनीतिक सन्दर्भ भनेको भाषिक उच्चारमा अन्तर्निहित रहेको ज्ञानात्मक तथ्यको राजनीतिक परिवेश र अर्थसँगको सम्बन्ध हो । भाषिक पाठमा अभिव्यक्त ज्ञानपक्षलाई संज्ञानात्मक सन्दर्भ भनिन्छ र यस्तो ज्ञानतत्त्वको राजनीतिक वातावरण नै राजनीतिक सन्दर्भ हो । पाठमा रहेका राजनीतिक क्रियाकलापका सन्दर्भले खास अर्थ बोकेका हुन्छन् र पाठभित्रको ज्ञानतत्त्वको बोधका लागि यसमा निहित भाषिक रूपलाई अर्थ्याउनु जरुरी हुन्छ । यसरी पाठलाई अर्थ्याएर पाठको संज्ञानात्मक पक्षको विश्लेषणका लागि यसमा प्रयुक्त राजनीतिक सन्दर्भको अध्ययन गरिन्छ । पाठमा वक्ता वा प्रस्तोताले प्रयोग गरेको भाषिक सूचकमा राजनीतिका विविध परिवेशजन्य स्थितिलाई अन्तर्भूत गरेको हुन सक्छ । त्यस्ता स्थितिलाई भाषिक रूपसँग जोड्ने काम राजनीतिक सन्दर्भले गर्दछ (पौडेल र पोखेल, २०७१, पृ. ४७) । अतः पाठमा रहेको आशयलाई बुझ्न वा पाठमा निहित अव्यक्त स्थितिले अर्थप्रतिफलनमा खेलेको भूमिकाका आधारमा

समग्र पाठलाई बुझ्न पनि राजनीतिक सन्दर्भको अध्ययन गरिन्छ । राजनीतिक सन्दर्भको अध्ययन गर्दा मुख्यतः पाठमा निहित राष्ट्रिय राजनीति, अन्तर्राष्ट्रिय राजनीति र युद्ध तथा आणविक अस्त्रको प्रतिस्पर्धाका सन्दर्भको खोजी गरिन्छ ।

डेभिड इस्टनले 'राजनीति' शब्दको शाब्दिक अर्थ स्रोतहरूको उचित व्यवस्थापन मानेका छन् । यहाँ 'स्रोत' शब्दले आर्थिक, मानवीय, खनिज वा अन्य जुनसुकै वस्तु या विचारलाई बुझाउँछ । परिवार, समाज वा राष्ट्रमा आउने जुनसुकै समस्याको उचित व्यवस्थापन र जनसेवा पनि राजनीतिकै अर्को नाम हो (कोइराला, २०७९) । समाजमा सम्पन्न वर्गको दर्शन, सिद्धान्त, राजनीतिक कार्यक्रम, सङ्गठन एकातिर र श्रमजीवी वर्गको दर्शन, सिद्धान्त, राजनीतिक कार्यक्रम र सङ्गठन अर्कोतिर गरी परस्पर विरोधी राजनीतिक विषयवस्तुका रूपमा अस्तित्वमा रहेका हुन्छन् (खरेल, २०७९) । कतिपय मानिसले राजनीतिलाई फोहोरी खेलका रूपमा बुझे पनि वास्तवमा राजनीति राज्य सञ्चालनको एक मात्र आधार मानिन्छ । सत्ता र पैसाको उन्मादले राजनीतिलाई धमिल्याउने भएका कारण यसमा विकृति र कुरुपता जन्मिएको हुन सक्छ (कोइराला, २०७९) । त्यस्तो विकृतिका कारण राजनीतिलाई निश्चित मान्छेले स्वार्थ पूरा गर्ने साधनका रूपमा लिने गरेको पाइन्छ । खास गरी नातावाद, पक्षवाद, अनियमितता, भ्रष्टाचार जस्ता कारकहरूले राजनीतिलाई विकृत र विद्रुप बनाउँछ । राष्ट्रिय राजनीतिमा देशको संविधान वा प्रचलित कानुनमा व्यवस्था भएअनुसारका राजनीतिक दलहरूको अस्तित्व र तिनका गतिविधि, सरकारको गठन तथा विगठन र यससम्बन्धी निर्वाचन प्रक्रिया, सरकारका निर्णय र यसको प्रभावका कारण जनतामा परेको सकारात्मक तथा नकारात्मक असर जस्ता विषयहरू समेटिएको हुन्छ । 'राष्ट्रिय राजनीति' पदावली नेपालको परिवेशमा भएका बहुदलीय प्रजातान्त्रिक शासन व्यवस्था र निर्दलीय पञ्चायती व्यवस्थामा भएका राजनीतिसम्बन्धी समकालीन र ऐतिहासिक गतिविधि बुझाउनका लागि यहाँ प्रयुक्त भएको छ ।

राष्ट्रिय राजनीतिअन्तर्गत सरकार भनेको कुनै पनि राज्यको शासनको प्रणाली वा शासनको तरिका वा व्यवस्थासमेत हो । सरकारलाई सङ्कुचित र व्यापक गरी मूलतः दुई ओटा दृष्टिकोणले हेर्ने गरिएको छ । सङ्कुचित दृष्टिकोणमा सरकार भन्नाले मन्त्रीपरिषदलाई मात्र बुझाउँछ भने व्यापक दृष्टिकोणमा हेर्दा कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका तथा राज्यका तीन ओटा अङ्गअन्तर्गत रहेका निजामती सेवा, सेना, प्रहरी, सार्वजनिक संस्थान, सरकारी सञ्चार र सार्वजनिक वितरण प्रणालीसमेतको समग्र रूपलाई सरकार शब्दले समेट्छ (अधिकारी, २०७८) । सरकारले जनताका विभिन्न समस्याको समाधान गर्ने र दैनिक प्रशासन सञ्चालन गर्ने तथा राजनीतिक, आर्थिक तथा कानुनी कार्यका माध्यमबाट देशको शासनलाई सुरक्षित गर्ने कार्य पनि गर्दछ । सरकारलाई राजनीतिसँग सम्बन्धित विषय मानिए पनि सरकार भनेको निर्वाचनको माध्यमबाट वा कुनै अरू प्रक्रियाबाट निर्मित भएको कार्यपालिको अधिकार प्रयोग गर्ने कुनै पनि देशको निकाय हो । प्रजातान्त्रिक व्यवस्थामा सरकारमा रहेको शक्ति भनेको शासकीय बागडोरको जिम्मेवारी पाएको निश्चित राजनीतिक दलको समूहमा निहित रहेको हुन्छ । यहाँ 'सरकार'

शब्दलाई कार्यपालिकाको अधिकार प्राप्त, जनताबाट मनोनित वा राजाबाट नियुक्त सरकार प्रमुख र उसका मातहतमा रहने मन्त्रीहरूको समूह र तिनका गतिविधि रूपमा अर्थ्याइएको छ ।

प्रशासन भनेको सामान्य अर्थमा सरकारको दैनिक कार्य सञ्चालन गर्ने संयन्त्र हो । यस्ता संयन्त्रको माध्यमबाट नै सामान्य जनताले सरकारको अनुभूति गरेका हुन्छन् । देशमा आर्थिक तथा सामाजिक रूपान्तरणका लागि सबल वातावरण तयार गर्ने; विकासका गतिविधिको प्रभावकारिता निर्धारण गर्न मानवीय एवम् भौतिक साधनहरूको उच्चतम उपयोग गर्ने; राज्यका प्रशासनिक गतिविधिहरूको कार्यान्वयन र सञ्चालन गर्ने; दक्ष, सक्षम र सबल प्रशासनिक संयन्त्रको विकास गर्ने र विभिन्न कार्यसँग सम्बन्धित अधिकारीहरूलाई प्रशासनिक उत्तरदायित्व निर्वाह गराउने जस्ता दाायित्व प्रशासनले लिएको हुन्छ । सम्पूर्ण जनताको हित र समुन्नतिको लागि सामाजिक, आर्थिक र राजनीतिक न्याय प्रदान गर्ने, संविधानले परिकल्पना गरेको राजनीतिक, आर्थिक र सामाजिक उद्देश्य हासिल गर्ने, वितरणात्मक न्याय प्रदान गरी समाजमा पिछडिएको र न्यून आय भएका व्यक्तिहरूको हित प्रवर्धन गर्ने जस्ता कार्य प्रशासनअन्तर्गत पर्दछन् । अतः जनताको हित, कल्याण, शान्ति, सुरक्षामा महत्त्वपूर्ण भूमिका खेल्ने प्रशासन मानिसको सभ्यता सफल वा असफल भनी निर्धारण गर्ने माध्यम पनि हो (उप्रेती, २०७६) । यहाँ 'प्रशासन' शब्दलाई नेपालको सन्दर्भमा भएको सार्वजनिक प्रशासन र यसका विविध रूप तथा आयाममा सीमित गरिएको छ ।

राजनीति कुनै पनि देशको भौगोलिक सीमाभित्र र सीमाभन्दा बाहिर वा अन्तर्राष्ट्रिय जगतमा गरी दुई प्रकारको हुन्छ । राष्ट्रिय राजनीतिले देशभित्र भएको राजनीतिसम्बन्धी सम्पूर्ण व्यवस्था र यससँग सम्बन्धित गतिविधिलाई बुझाउँछ भने देशको भौगोलक सीमाभन्दा परको राजनीति वा कूटनीतिलाई अन्तर्राष्ट्रिय राजनीति मानिन्छ । यसमा देशहरूको दौत्य सम्बन्ध, नियन्त्रण तथा प्रभावका विषय रहेका हुन्छन् । यसका अतिरिक्त अन्तर्राष्ट्रिय सन्धिसम्झौता तथा विभिन्न संस्था र तिनका गतिविधि पनि अन्तर्राष्ट्रिय राजनीतिभित्र समेटिएको हुन्छ । कूटनीति भनेको राष्ट्रहरूबिचको औपचारिक सम्बन्ध र संवादको प्रक्रिया भएकाले यसले आपसी समझदारी, सहयोग र समस्या समाधानलाई प्रवर्धन गरिरहेको हुन्छ । कूटनीतिले राष्ट्रहरूको आर्थिक, राजनीतिक, सांस्कृतिक र सुरक्षासम्बन्धी हितहरूलाई संरक्षण र प्रवर्धन गर्न महत्त्वपूर्ण भूमिका खेल्छ । कूटनीतिमा सामान्यतयाः राजदूत, दूतावास र विभिन्न अन्तर्राष्ट्रिय सन्धि तथा समझदारीहरू समावेश भएका हुन्छन् । यसमा एक देशले अर्को देशप्रति राख्ने दृष्टिकोण र राष्ट्रिय स्वार्थका विषयहरू पनि रहेका हुन्छन् ।

युद्ध भनेको दुई वा दुईभन्दा बढी राष्ट्रहरू वा दुई वा धेरै समूह वा दलहरूका बिचमा भएको हतियारसहितको सङ्घर्षको रूप हो । युद्धले अवस्था र प्रकृति हेरी मानवीय र भौतिक क्षति गराउँछ । युद्धका राजनीतिक, आर्थिक, सामाजिक र धार्मिक जस्ता विभिन्न कारणहरू रहेका हुन्छन् । यसले समाजको संरचना, अर्थतन्त्र र संस्कृतिमा गहिरो असर पुऱ्याउन सक्छ । आणविक

प्रतिस्पर्धा भनेको राष्ट्रहरूबिच आणविक हतियारको विकास र विस्तारको प्रतिस्पर्धा हो । यस प्रतिस्पर्धाले राष्ट्रहरूलाई थप प्रभावकारी, शक्तिशाली र उन्नत आणविक हतियार बनाउन प्रेरित गर्छ । आणविक प्रतिस्पर्धा विभिन्न राष्ट्रहरूबिच रहेको हतियारको प्रतिस्पर्धा मात्र नभई विश्वशान्ति र सुरक्षाका लागि पनि एक गम्भीर चुनौती हो । यस्तो प्रतिस्पर्धा रोक्नका लागि विभिन्न अन्तर्राष्ट्रिय सन्धि र सम्झौताहरू भए पनि यो प्रतिस्पर्धा अझै पनि धेरै देशमा विद्यमान रहिरहेको देखिन्छ । आणविक प्रतिस्पर्धाको अवधारणा मुख्यतया शीतयुद्धको समयमा संयुक्त राज्य अमेरिका र सोभियत सङ्घले ठूलो मात्रामा आणविक हतियारहरू निर्माण गरेपछि चर्चामा आएको हो । 'शीतयुद्ध' शब्दको सिधा अर्थ चिसो सम्बन्ध भन्ने हुन्छ । यो व्यक्ति, समुदाय र राज्य सबैतिर प्रयुक्त हुने शब्द पनि हो । विश्व जगतमा वा राज्यको स्तरमा 'शीतयुद्ध' शब्दले तत्कालीन विश्व परिस्थितिसँग सम्बन्धित भएर मात्र अर्थ दिन्छ । विश्व राजनीतिमा सन् १९४५ पछिको विभाजित विश्वदेखि सन् १९९० मा सोभियत सङ्घको पतन भएसम्मको समयलाई शीतयुद्धको अवस्था मानिन्छ । आणविक प्रतिस्पर्धाको मुख्य उद्देश्य आणविक हतियारहरू प्राप्त गरेर राष्ट्रिय सुरक्षा वृद्धि गर्ने वा अन्य राष्ट्रहरूको विरुद्ध सन्तुलन कायम गर्ने हो र यसको विस्तार र विकासमा विश्वको दोस्रो विश्वयुद्धपछिको करिब साढे चार दशकको शीतयुद्धकालीन समयले उर्जा प्रदान गरेको पाइएको छ ।

राजनीतिलाई विभिन्न दृष्टिकोण, सिद्धान्त र व्यवहारमार्फत समाजमा सार्वजनिक कार्यव्यवहार सञ्चालन गर्ने पद्धति पनि मानिन्छ । राजनीतिले राज्यसत्तासँग सम्बन्धित रहेर वर्गीय हित र देशको उन्नति तथा भलाइका लागि गरिने मानवसेवालाई पनि जनाउँछ । भाषिक पाठमा पनि यस्ता राजनीतिक गतिविधिको चित्रण-वर्णन रहेको हुन्छ । पाठको निर्माणमा राजनीतिक विषयभित्र सरकार, प्रशासनका संयन्त्र, राष्ट्रियता, विदेशीसँगको सम्बन्ध र व्यवहार तथा विश्व राजनीतिका विविध स्थितिका धरातलको भूमिका रहेको हुन्छ । यस्तो धरातलले नै भाषिक रूपको अर्थ प्रतिफलित हुन्छ । पाठमा निहित यस्ता स्थितिका आधारमा पाठको अर्थ खोज्न सन्दर्भले भूमिका खेलेको हुन्छ । अतः पाठमा रहेको अर्थको खोजी गर्न राजनीतिक सन्दर्भको सहयोग लिनु आवश्यक हुन जान्छ । यस्ता राजनीतिक सन्दर्भको अध्ययनमा राष्ट्रिय राजनीतिको सन्दर्भ, अन्तर्राष्ट्रिय राजनीति तथा युद्धजन्य विषय र आणविक विकासमा भएको प्रतिस्पर्धाका आधारहरूको विश्लेषण उपयोगी सिद्ध हुन्छ । यही राजनीतिक सन्दर्भमा आधारित रही राष्ट्रिय राजनीति, अन्तर्राष्ट्रिय राजनीति र युद्ध तथा आणविक प्रतिष्पर्धाका सन्दर्भ यस शोधकार्यमा सामग्री विश्लेषणका लागि प्रयुक्त छन् ।

### २.२.४ निबन्धको विधागत स्वरूप र संज्ञानात्मक सन्दर्भार्थ

निबन्ध स्रष्टाका विचार र भावको आग्रहमूलक अभिव्यक्ति भएको साहित्यिक विधा हो । साहित्यका प्रमुख चार ओटा विधाहरू कविता, आख्यान, नाटक र निबन्धमध्ये यसलाई आख्यानविरपेक्ष गद्य विधा मानिन्छ । निबन्धमा वैयक्तिकता, निजात्मकता आत्मप्रकटीकरण,

बौद्धिकता र विचारको प्रतिपादन जस्ता आधारभूत अभिलक्षण रहेका हुन्छन् (गौतम, २०६८ख., पृ. ५०९) । गद्य अभिव्यक्तिमा सबैभन्दा खँदिलो, विचारप्रधान र सङ्गठित विधाका रूपमा यसलाई लिइन्छ । लेखकीय निजी विचार र दृष्टिकोणको विशेष भूमिका हुने हुनाले निबन्धलाई स्रष्टाको वैयक्तिक सोच, दृष्टिकोण र त्यसअनुसारको प्रस्तुति मान्नु उपयुक्त हुन्छ ।

निबन्धमा लेखकका निजी विचारको अभिव्यक्तिगत प्रधानता भएको हुनाले यसमा समाज, प्रकृति, संस्कृति, शिक्षा, इतिहास, भूगोल र दर्शन आदि अनेक क्षेत्रसँग निकट विषयवस्तु रहेका हुन्छन् । यसमा राष्ट्र, राष्ट्रियता, अन्तर्राष्ट्रिय घटना आदि पनि विषयका रूपमा आएका हुन सक्छन् । जीवनसम्बन्धी चिन्तनको गहिराइदेखि समाजका विकृति र विसङ्गतिलाई निबन्धको विषयवस्तुले समेटेको हुन्छ । पृथ्वी र अन्तरिक्षका जुनसुकै विषयलाई पनि निबन्धमा ल्याउन सकिने हुनाले निबन्धका विषयमा संसारका सबै कुरा र ज्ञानविज्ञानका सबै क्षेत्र समावेश हुन्छन् भन्ने स्पष्ट हुन्छ । यस्ता विषयअनुसारको भाषिक अभिव्यक्तिमा संज्ञानको सीमा पनि फराकिलो हुन्छ । यसरी हेर्दा निबन्धमा रहेको विषयविविधतासँगै यसमा रहेको भाषिक अभिव्यक्तिभित्र लेखकीय र अन्य परिवेशीय स्थितिको वर्णनमा सघनता रहेको हुन्छ । निबन्ध विषयवस्तु, विचार र शैलीय विन्यासको त्रिवेणी रहेको हुनाले यसमा भाषिक अभिव्यक्तिका माध्यमबाट विचारको प्रवाह पनि रहेको हुन्छ । निबन्धमा रहेको भाषिक अभिव्यक्तिको अर्थ प्रतिफलन र निबन्धमा रहेको आशयगत पक्षको बोधका लागि त्यस्ता निबन्धमा भएको भाषिक रूप र रूपमा अन्तर्निहित स्थितिको संयोजन र व्यवस्थापन गर्नु आवश्यक हुन्छ । अतः निबन्धमा प्रयुक्त भाषिक अभिव्यक्तिको अर्थको खोजी गर्न संज्ञानात्मक सन्दर्भको सहयोग उपयोगी हुन्छ । विभिन्न सन्दर्भका माध्यमबाट निबन्धमा निहित स्थितिहरूलाई प्रकाश्य पारी तिनमा रहेको संज्ञानात्मक सन्दर्भार्थको खोजी गर्न सकिन्छ । त्यसैले तुलनात्मक रूपमा साहित्यका अरू विधाभन्दा निबन्धात्मक भाषिक पाठको अर्थचिन्तनका लागि संज्ञानात्मक सन्दर्भार्थको विश्लेषण अध्ययनीय मानिन्छ ।

## २.३ निबन्धको सन्दर्भगत सर्वेक्षण

भैरव अर्यालले २०१४ मा प्रकाशित 'सरकारले दुलो खोज्नु पर्ला' शीर्षकको निबन्धबाट नेपाली निबन्ध लेखनका क्षेत्रमा प्रवेश गरेको देखिन्छ । अर्यालको पहिलो निबन्ध 'खोलापारिका पुरेत बाजे (२०१३) भनेर विभिन्न स्थानमा उल्लेख गरिएको (लुइटेल, २०७९) तर अर्यालको त्यस्तो शीर्षकको कुनै पनि निबन्ध नरहेको हुनाले "यिनको पहिलो प्रकाशित निबन्ध 'सरकारले दुलो खोज्नु पर्ला' (*हालखबर* २०१४ वैशाख २५)"(लुइटेल, २०६८, पृ. ११८) शीर्षकको निबन्धलाई नै मानिन्छ । उनका *काउकुती* (२०१९), *जय भुँडी* (२०२२), *गलबन्दी* (२०२६), *प्रवेशिका निबन्ध सङ्ग्रह* (२०२७), *इतिश्री* (२०२८), *दस औंतार* (२०३३), र *टेडो ऐना* (२०६३) गरी सात ओटा निबन्धसङ्ग्रह प्रकाशित भएका छन् । अर्यालका निबन्धहरू अपरिचित, आत्रेय, कुमुदिनी, बकस्फुस शर्मा, विष्णु शर्मा आदि उपनामबाट विभिन्न पत्रपत्रिकामा पनि प्रकाशित भएको पाइएको छ । यीमध्ये *काउकुती, जय भुँडी, गलबन्दी, इतिश्री* र *दस औंतार*भित्रका सबै निबन्ध *भैरव अर्यालका*

*हास्यव्यङ्ग्य* (२०६०) मा र विभिन्न पत्रपत्रिकामा प्रकाशित अरू निबन्ध *टेडो ऐना* (२०६३) मा सङ्गृहीत गरिएको पाइन्छ । उनका प्रकाशित निबन्धको जम्मा सङ्ख्या एक सय अठार ओटा रहेको छ ।

अर्यालका सबै निबन्धमा सामान्य रूपमा सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक तथा वैचारिक सन्दर्भको प्रयोग रहेको पाइएको छ । यीमध्ये पनि हास्यव्यङ्ग्यात्मक शैलीलाई अँगालिएका निबन्ध सन्दर्भको अध्ययनका दृष्टिले सशक्त रहेको पाइएको छ । नेपाली समाजका सामाजिक संस्था र तदनुसारका आचरण तथा व्यवहार, आर्थिक दृष्टिले विपन्नता, गरिबी र भ्रष्टाचार एवम् आर्थिक अनियमितता र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रका राजनीतिक गतिविधि एवम् युद्ध र आणविक अस्त्रनिर्माणको विद्यमान परिस्थिति उनका निबन्धमा वर्णित भएको छ । यसरी वर्णित भएको परिस्थितिबाट उनका निबन्धमा सामाजिक, आर्थिक तथा राजनीतिक सन्दर्भका माध्यमले विशेष अर्थ वा सन्दर्भार्थ द्योतन हुन्छ । प्रस्तुत शोधकार्यमा भैरव अर्यालका सबै निबन्धलाई सामाजिक, आर्थिक र राजनीतिक, ज्ञानविज्ञानगत, वैचारिक आदि सन्दर्भका दृष्टिले सर्वेक्षण गरिएकोमा उक्त सर्वेक्षणबाट प्राप्त नतिजालाई यहाँ तालिकामा राखिएको छ ।

**तालिका नं. १ : भैरव अर्यालका निबन्धहरूको सन्दर्भगत विवरण**

| निबन्ध क्रम | निबन्धको शीर्षक | लेखन /प्रकाशन | सङ्गृहीत कृति/पत्रिका | मुख्य सन्दर्भ |
|---|---|---|---|---|
| १ | सरकारले दुलो खोज्नु पर्ला | २०१४ | *हालखबर* पत्रिका | सामाजिक, आर्थिक, राजनीतिक |
| २ | प्रतिनिधि मण्डल फर्क्यो | २०१४ | *हालखबर* पत्रिका | सामाजिक, आर्थिक, राजनीतिक |
| ३ | आधुनिक सङ्कल्प | २०१४ | *हालखबर* पत्रिका | सामाजिक, राजनीतिक |
| ४ | दौरासुरुवाल नपठाइदिने भएँ ! | २०१५ | *हालखबर* पत्रिका | सामाजिक, राजनीतिक |
| ५ | तमसुक | २०१६ | *हालखबर* पत्रिका | आर्थिक, राजनीतिक |
| ६ | सुटुक्क विभागको गुप्त अभिव्यक्ति | २०१६ | *हालखबर* पत्रिका | राजनीतिक |
| ७ | चाहिएको छ | २०१६ | *हालखबर* पत्रिका | राजनीतिक |
| ८ | दरखास्त | २०१६ | *हालखबर* पत्रिका | राजनीतिक |
| ९ | चिनिया घुसघुसे | २०१६ | *हालखबर* पत्रिका | राजनीतिक |
| १० | कुरौटे चाहिएको छ | २०१७ | *हालखबर* पत्रिका | सामाजिक |
| ११ | रेडियो रसातल | २०१७ | *हालखबर* पत्रिका | सामाजिक, आर्थिक, राजनीतिक |
| १२ | अवसरवादी दर्शन | २०१७ | *हालखबर* पत्रिका | सामाजिक, राजनीतिक |
| १३ | चरीचुच्चे च | २०१९ | *काउकुती* सङ्ग्रह | सामाजिक, आर्थिक, राजनीतिक |
| १४ | हाँसोको जात-थर | २०१९ | *काउकुती* सङ्ग्रह | सामाजिक |

| | | | | |
|---|---|---|---|---|
| १५ | नयाँ भाका नयाँ कवित्त | २०१९ | *काउकुती* सङ्ग्रह | सामाजिक |
| १६ | नाम फेर्ने धुनमा | २०१९ | *काउकुती* सङ्ग्रह | सामाजिक |
| १७ | टी-पार्टी | २०१९ | *काउकुती* सङ्ग्रह | सामाजिक, राजनीतिक |
| १८ | लबस्तराको ओखती | २०१९ | *काउकुती* सङ्ग्रह | सामाजिक, राजनीतिक |
| १९ | बाबुसाहेबको लभ | २०१९ | *काउकुती* सङ्ग्रह | सामाजिक, राजनीतिक |
| २० | अन्तर्राष्ट्रिय भ्यागुता-सम्मेलन | २०१९ | *काउकुती* सङ्ग्रह | सामाजिक, राजनीतिक |
| २१ | मिस्टर एन्. मुनि नेपालमा | २०१९ | *काउकुती* सङ्ग्रह | सामाजिक, राजनीतिक, ज्ञानविज्ञानगत |
| २२ | जय भोलि | २०१९ | *काउकुती* सङ्ग्रह | सामाजिक, राजनीतिक, |
| २३ | कोट र जुत्ता | २०१९ | रचना पत्रिका (२०३८) | सामाजिक, आर्थिक |
| २४ | उपर कुरा | २०२० | रचना पत्रिका | सामाजिक |
| २५ | कन्याकेटी खोज्दा | २०१९ | *काउकुती* सङ्ग्रह | सामाजिक |
| २६ | मपाईं | २०२२ | *जय भुँडी* सङ्ग्रह | सामाजिक, राजनीतिक |
| २७ | चन्द्रलोक कसको ? | २०२२ | *जय भुँडी* सङ्ग्रह | राजनीतिक |
| २८ | लाहुरेको यात्रासंस्मरण | २०२२ | *जय भुँडी* सङ्ग्रह | सामाजिक, आर्थिक, राजनीतिक |
| २९ | नेता नम्बर एक सय एक | २०२२ | *जय भुँडी* सङ्ग्रह | राजनीतिक |
| ३० | महापुरुषको सङ्गत | २०२२ | *जय भुँडी* सङ्ग्रह | सामाजिक, आर्थिक, राजनीतिक |
| ३१ | *जय भुँडी* | २०२२ | *जय भुँडी* सङ्ग्रह | आर्थिक, राजनीतिक, वैचारिक |
| ३२ | ब्रह्माको प्रयोगशालाबाट | २०२२ | *जय भुँडी* सङ्ग्रह | सामाजिक, ज्ञानविज्ञानगत |
| ३३ | पख्नोस् | २०२२ | *जय भुँडी* सङ्ग्रह | सामाजिक |
| ३४ | पशु-पशुपति र मान्छे | २०२२ | *जय भुँडी* सङ्ग्रह | सामाजिक, राजनीतिक |
| ३५ | अमरावती कान्तिपुरी नगरी | २०२२ | *जय भुँडी* सङ्ग्रह | सामाजिक, राजनीतिक |
| ३६ | उडाउनुसित एकछिन उड्दा | २०२६ | *गलबन्दी* सङ्ग्रह | सामाजिक, राजनीतिक, ज्ञानविज्ञानगत |
| ३७ | चुरोट केही झिलिमिली संस्मरण | २०२६ | *गलबन्दी* सङ्ग्रह | सामाजिक, राजनीतिक |
| ३८ | टाउको | २०२६ | *गलबन्दी* सङ्ग्रह | सामाजिक, राजनीतिक, वैचारिक |
| ३९ | गलबन्दी | २०२६ | *गलबन्दी* सङ्ग्रह | सामाजिक, राजनीतिक |
| ४० | आलु | २०२६ | *गलबन्दी* सङ्ग्रह | सामाजिक, राजनीतिक |
| ४१ | मान्छे मोडेल | २०२६ | *गलबन्दी* सङ्ग्रह | राजनीतिक, ज्ञानविज्ञानगत |

| | | | | |
|---|---|---|---|---|
| ४२ | पच्चीसौँ शताब्दी अङ्गप्रत्यङ्गमा | २०२६ | *गलबन्दी* सङ्ग्रह | सामाजिक, राजनीतिक, ज्ञानविज्ञानगत |
| ४३ | ए ज्या भुसुक्कै | २०२६ | *गलबन्दी* सङ्ग्रह | सामाजिक |
| ४४ | साँढे | २०२६ | *गलबन्दी* सङ्ग्रह | सामाजिक, राजनीतिक |
| ४५ | सातसूत्रीय साहत्यिदर्पण | २०२६ | *गलबन्दी* सङ्ग्रह | सामाजिक |
| ४६ | जय नेपाल | २०२७ | *प्रवेशिका निबन्ध सङ्ग्रह* | राजनीतिक, सामाजिक |
| ४७ | डाँफे | २०२७ | *प्रवेशिका निबन्ध सङ्ग्रह* | सामाजिक |
| ४८ | विद्यार्थी जीवन | २०२७ | *प्रवेशिका निबन्ध सङ्ग्रह* | सामाजिक, ज्ञानविज्ञानगत |
| ४९ | मूलबाटो | २०२७ | *प्रवेशिका निबन्ध सङ्ग्रह* | सामाजिक |
| ५० | अनुशासन | २०२७ | *प्रवेशिका निबन्ध सङ्ग्रह* | सामाजिक |
| ५१ | हिमालय | २०२७ | *प्रवेशिका निबन्ध सङ्ग्रह* | सामाजिक |
| ५२ | आमा | २०२७ | *प्रवेशिका निबन्ध सङ्ग्रह* | सामाजिक |
| ५३ | बिजुली | २०२७ | *प्रवेशिका निबन्ध सङ्ग्रह* | सामाजिक र ज्ञानविज्ञानगत |
| ५४ | चराचुरुङ्गीको संसार | २०२७ | *प्रवेशिका निबन्ध सङ्ग्रह* | सामाजिक |
| ५५ | मेरो दिनचर्या | २०२७ | *प्रवेशिका निबन्ध सङ्ग्रह* | सामाजिक |
| ५६ | पुरस्कार | २०२७ | *प्रवेशिका निबन्ध सङ्ग्रह* | सामाजिक |
| ५७ | राष्ट्रिय पोशाक | २०२७ | *प्रवेशिका निबन्ध सङ्ग्रह* | राजनीतिक, सामाजिक |
| ५८ | नदीको कलकल | २०२७ | *प्रवेशिका निबन्ध सङ्ग्रह* | सामाजिक |
| ५९ | रमणीय पोखरा | २०२७ | *प्रवेशिका निबन्ध सङ्ग्रह* | सामाजिक |
| ६० | खेल | २०२७ | *प्रवेशिका निबन्ध सङ्ग्रह* | सामाजिक |
| ६१ | सिनेमा | २०२७ | *प्रवेशिका निबन्ध सङ्ग्रह* | सामाजिक |
| ६२ | मान्छे र चन्द्रमा | २०२७ | *प्रवेशिका निबन्ध सङ्ग्रह* | सामाजिक |
| ६३ | पेशा | २०२७ | *प्रवेशिका निबन्ध सङ्ग्रह* | सामाजिक, आर्थिक |
| ६४ | सङ्गीत | २०२७ | *प्रवेशिका निबन्ध सङ्ग्रह* | सामाजिक |
| ६५ | मन परेको पुस्तक | २०२७ | *प्रवेशिका निबन्ध सङ्ग्रह* | सामाजिक |
| ६६ | देश-प्रेम | २०२७ | *प्रवेशिका निबन्ध सङ्ग्रह* | सामाजिक, राजनीतिक |
| ६७ | जाँच | २०२७ | *प्रवेशिका निबन्ध सङ्ग्रह* | सामाजिक |
| ६८ | समाचार-पत्र | २०२७ | *प्रवेशिका निबन्ध सङ्ग्रह* | सामाजिक |
| ६९ | दुर्घटना | २०२७ | *प्रवेशिका निबन्ध सङ्ग्रह* | सामाजिक |
| ७० | गाउँले जीवन | २०२७ | *प्रवेशिका निबन्ध सङ्ग्रह* | सामाजिक |

| | | | | |
|---|---|---|---|---|
| ७१ | कम्प्युटर | २०२७ | *प्रवेशिका निबन्ध सङ्ग्रह* | सामाजिक |
| ७२ | झरीको दिन | २०२७ | *प्रवेशिका निबन्ध सङ्ग्रह* | सामाजिक |
| ७३ | हाम्रा राष्ट्रिय विभूतिहरू | २०२७ | *प्रवेशिका निबन्ध सङ्ग्रह* | सामाजिक, राजनीतिक |
| ७४ | सहशिक्षा | २०२७ | *प्रवेशिका निबन्ध सङ्ग्रह* | सामाजिक |
| ७५ | कितापी कीरा | २०२७ | *प्रवेशिका निबन्ध सङ्ग्रह* | सामाजिक |
| ७६ | विज्ञानको चमत्कार | २०२७ | *प्रवेशिका निबन्ध सङ्ग्रह* | ज्ञानविज्ञानगत |
| ७७ | पुस्तकालय | २०२७ | *प्रवेशिका निबन्ध सङ्ग्रह* | सामाजिक |
| ७८ | कौवाले कान लान खोज्दा | २०२७ | *प्रवेशिका निबन्ध सङ्ग्रह* | सामाजिक |
| ७९ | हाम्रा चाडपर्व | २०२७ | *प्रवेशिका निबन्ध सङ्ग्रह* | सामाजिक |
| ८० | स्वावलम्बन | २०२७ | *प्रवेशिका निबन्ध सङ्ग्रह* | सामाजिक |
| ८१ | अन्धविश्वास | २०२७ | *प्रवेशिका निबन्ध सङ्ग्रह* | सामाजिक |
| ८२ | श्रीपेच | २०२७ | *प्रवेशिका निबन्ध सङ्ग्रह* | राजनीतिक |
| ८३ | हाम्रा महाकवि | २०२७ | *प्रवेशिका निबन्ध सङ्ग्रह* | सामाजिक |
| ८४ | टेलिफोन | २०२७ | *प्रवेशिका निबन्ध सङ्ग्रह* | सामाजिक |
| ८५ | रमाइलो मेला | २०२७ | *प्रवेशिका निबन्ध सङ्ग्रह* | सामाजिक |
| ८६ | पृथ्वीनारायण ! तिमी फेरि आऊ | २०२७ | *टेडो ऐना* सङ्ग्रह | सामाजिक, आर्थिक, राजनीतिक |
| ८७ | कौवाले कान लैजाँदा | २०२७ | *टेडो ऐना* सङ्ग्रह | सामाजिक |
| ८८ | केही राष्ट्रिय रोग : एक अनुसन्धान | २०२८ | *इतिश्री* सङ्ग्रह | सामाजिक, आर्थिक, राजनीतिक |
| ८९ | भान्सा भो हजुर ? | २०२८ | *इतिश्री* सङ्ग्रह | आर्थिक, राजनीतिक |
| ९० | साथी, साथी र साथी | २०२८ | *इतिश्री* सङ्ग्रह | सामाजिक, आर्थिक |
| ९१ | विकृति प्रतियोगिताको आयोजक समिति | २०२८ | *इतिश्री* सङ्ग्रह | सामाजिक, राजनीतिक |
| ९२ | उन्नतिको शिखरतिर | २०२८ | *इतिश्री* सङ्ग्रह | सामाजिक, आर्थिक, राजनीतिक |
| ९३ | कवि चम्रेलजी : एक शब्दचित्र | २०२८ | *इतिश्री* सङ्ग्रह | सामाजिक, आर्थिक |
| ९४ | हराम पाँडे हजुर | २०२८ | *इतिश्री* सङ्ग्रह | सामाजिक, आर्थिक, राजनीतिक |
| ९५ | आधा घण्टा | २०२८ | *इतिश्री* सङ्ग्रह | सामाजिक, राजनीतिक |
| ९६ | सम्भावित दुनियाँ (?) | २०२८ | *इतिश्री* सङ्ग्रह | सामाजिक |
| ९७ | कन्जुस | २०२८ | *इतिश्री* सङ्ग्रह | सामाजिक, आर्थिक |
| ९८ | असनको डबली | २०२८ | *इतिश्री* सङ्ग्रह | सामाजिक, आर्थिक, राजनीतिक |

| | | | | |
|---|---|---|---|---|
| ९९ | आस्थाको फाइल | २०२८ | *इतिश्री* सङ्ग्रह | सामाजिक, राजनीतिक |
| १०० | मट्टितेल मेला- एक परम्परागत पर्व | २०३० | *टेडो ऐना* सङ्ग्रह | आर्थिक |
| १०१ | मादक पदार्थ र बेवारिसे लास | २०३० | *टेडो ऐना* सङ्ग्रह | सामाजिक, आर्थिक |
| १०२ | छोरालाई चिठी | २०३० | *टेडो ऐना* सङ्ग्रह | सामाजिक |
| १०३ | कागजमा आगो बल्दा | २०३१ | *टेडो ऐना* सङ्ग्रह | आर्थिक |
| १०४ | टोपी नियम र संस्करण | २०३१ | *टेडो ऐना* सङ्ग्रह | सामाजिक, राजनीतिक |
| १०५ | साहित्य र मदन पुरस्कार | २०३१ | *टेडो ऐना* सङ्ग्रह | सामाजिक, आर्थिक |
| १०६ | वेदजात्रा | २०३१ | *टेडो ऐना* सङ्ग्रह | सामाजिक, आर्थिक |
| १०७ | काला साथीहरूको बीचमा गहुँगोरो | २०३३ | *टेडो ऐना* सङ्ग्रह | सामाजिक, आर्थिक, राजनीतिक |
| १०८ | व्यङ्ग्य बाजेलाई एउटा खुला पत्र | २०३३ | *दस औतार* सङ्ग्रह | सामाजिक |
| १०९ | लेखनाथज्यूको भोजन भट्ट | २०३३ | *दस औतार* सङ्ग्रह | सामाजिक |
| ११० | व्यङ्ग्यविनोदी देवकोटा : केही झल्याकझुलुक | २०३३ | *दस औतार* सङ्ग्रह | सामाजिक |
| १११ | तिवारी गुरु र भान्छेबाजे | २०३३ | *दस औतार* सङ्ग्रह | सामाजिक |
| ११२ | व्यङ्ग्यकार रिमाल : एक दृष्टि | २०३३ | *दस औतार* सङ्ग्रह | सामाजिक, राजनीतिक |
| ११३ | खरदार बाजे र इतिहासको ठेली | २०३३ | *दस औतार* सङ्ग्रह | सामाजिक, राजनीतिक |
| ११४ | सम्पादक प्रेमराज रेग्मी | २०३३ | *दस औतार* सङ्ग्रह | सामाजिक |
| ११५ | शङ्कर दाइ र फ्रैङ्क क्यापरा | २०३३ | *दस औतार* सङ्ग्रह | सामाजिक |
| ११६ | भैरव अर्याल (मरिनसकेकाले बाँकी) | २०३३ | *दस औतार* सङ्ग्रह | सामाजिक |
| ११७ | भूतको भिनाजु (मर्ने आँटै नगरेकाले बाँकी) | २०३३ | *दस औतार* सङ्ग्रह | सामाजिक |
| ११८ | पूरक स्वस्थानी | ? | *टेडो ऐना* सङ्ग्रह | सामाजिक |

तालिका (१) मा रहेको भैरव अर्यालका निबन्धको सर्वेक्षणलाई हेर्दा उनका निबन्धमा सामाजिक, आर्थिक, राजनीतिक, वैचारिक तथा ज्ञानविज्ञानका विविध सदर्भको प्रयोग भएको पाइन्छ। यी निबन्धमा रहेको भाषिक रूपमा विविध परिस्थिति अन्तर्निहित भएको पाइन्छ। यस्ता परिस्थितिको बोधका लागि संज्ञानका विभिन्न पक्षको आवश्यकता पर्छ । यी निबन्धलाई

संज्ञानात्मक सन्दर्भार्थका आधारमा हेर्दा सामाजिक, आर्थिक र राजनीतिक सन्दर्भको प्रयोगका दृष्टिले जम्मा तिस ओटा निबन्ध सशक्त रहेको पाइएको छ ।

## २.४ प्रतिनिधि निबन्धको चयन

भैरव अर्यालका निबन्धको सर्वेक्षणपश्चात् उनका सर्वेक्षण गरिएका सबै निबन्धमध्ये संज्ञानात्मक सन्दर्भको विश्लेषणका लागि संज्ञानात्मक सन्दर्भअन्तर्गत सामाजिक, आर्थिक र राजनीतिक सन्दर्भको दृष्टिले सशक्त रहेका तिस ओटा निबन्धलाई सोद्देश्य ढङ्गले गरिएको नमुना छनौटअनुसारका निबन्धको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २ : विश्लेषणका लागि चयनित निबन्धको विवरण**

| क्र.स. | निबन्ध क्रम | निबन्धको शीर्षक | मुख्य सन्दर्भ |
|---|---|---|---|
| १ | १ | सरकारले दुलो खोज्नु पर्ला | सामाजिक, आर्थिक, राजनीतिक |
| २ | २ | प्रतिनिधि मण्डल फर्क्यो | सामाजिक, राजनीतिक |
| ३ | ४ | दौरासुरुवाल नपठाइदिने भएँ ! | सामाजिक |
| ४ | ५ | तमसुक | आर्थिक, राजनीतिक |
| ५ | ९ | चिनिया घुसघुसे | राजनीतिक |
| ६ | ११ | रेडियो रसातल | सामाजिक, राजनीतिक |
| ७ | १२ | अवसरवादी दर्शन | राजनीतिक |
| ८ | १३ | चरीचुच्चे च | आर्थिक |
| ९ | २० | अन्तर्राष्ट्रिय भ्यागुता-सम्मेलन | आर्थिक, राजनीतिक |
| १० | २१ | मिस्टर एन्. मुनि नेपालमा | राजनीतिक |
| ११ | २२ | जय भोलि | सामाजिक, राजनीतिक |
| १२ | २५ | कन्याकेटी खोज्दा | सामाजिक |
| १३ | २७ | चन्द्रलोक कसको ? | राजनीतिक |
| १४ | २८ | लाहुरेको यात्रासंस्मरण | सामाजिक, आर्थिक, राजनीतिक |
| १५ | २९ | नेता नम्बर एक सय एक | सामाजिक, राजनीतिक |
| १६ | ३० | महापुरुषको सङ्गत | सामाजिक, आर्थिक |
| १७ | ३१ | जय भुँडी | सामाजिक, आर्थिक |
| १८ | ३३ | पख्नोस् | सामाजिक, राजनीतिक |
| १९ | ३६ | उडाउनुसित एकछिन उड्दा | राजनीतिक |
| २० | ३९ | गलबन्दी | सामाजिक |

| | | | |
|---|---|---|---|
| २१ | ४१ | मान्छे मोडेल | राजनीतिक |
| २२ | ४४ | साँढे | सामाजिक, राजनीतिक |
| २३ | ८६ | पृथ्वीनारायण ! तिमी फेरि आऊ | सामाजिक, आर्थिक, राजनीतिक |
| २४ | ८८ | केही राष्ट्रिय रोग : एक अनुसन्धान | आर्थिक |
| २५ | ८९ | भान्सा भो हजुर ? | आर्थिक |
| २६ | ९२ | उन्नतिको शिखरतिर | आर्थिक, राजनीतिक |
| २७ | ९४ | हराम पाँडे हजुर | सामाजिक, आर्थिक, राजनीतिक |
| २८ | ९८ | असनको डबली | आर्थिक |
| २९ | १०१ | मादक पदार्थ र बेवारिसे लास | सामाजिक |
| ३० | १०७ | काला साथीहरूको बीचमा गहुँगोरो | आर्थिक, राजनीतिक |

तालिका (२) मा भैरव अर्यालद्वारा लिखित र विभिन्न समयमा प्रकाशित जम्मा एक सय अठार ओटा निबन्धमध्येबाट संज्ञानात्मक सन्दर्भार्थको विश्लेषणका लागि चयन गरिएका तिस ओटा निबन्धको विवरण दिइएको छ। यसमा अर्यालका समग्र निबन्धका सापेक्षमा निबन्धको क्रम निर्धारण गरिएको र निबन्धमा रहेका मुख्य सन्दर्भको सङ्केतात्मक विवरण पनि दिइएको छ। अर्यालका एउटै निबन्धलाई पनि भिन्न भिन्न सन्दर्भमार्फत अर्थ्याउन सकिने भए पनि सन्दर्भको सशक्त प्रतिनिधित्व हुन सक्ने निबन्धलाई मात्र यस शोधकार्यमा विश्लेषण गरिएको छ। छनौट भएका जम्मा तिस ओटा निबन्धमध्येबाट सत्र ओटा निबन्धलाई सामाजिक सन्दर्भका आधारमा, चौध ओटा निबन्धलाई आर्थिक सन्दर्भका आधारमा र बिस ओटा निबन्धलाई राजनीतिक सन्दर्भका आधारमा विश्लेषण गरिएको छ। यस शोधकार्यमा यसपछिका तीन ओटा परिच्छेदका यिनै निबन्धमा प्रयुक्त भाषिक रूपलाई सामाजिक, आर्थिक र राजनीतिक सन्दर्भार्थका आधारमा विश्लेषण गरेर प्रतिफलित अर्थको खोज गरिएको छ।

## २.५ प्रतिनिधि निबन्धको सन्दर्भगत व्याख्या

प्रस्तुत शोधकार्यमा सामग्री विश्लेषणका लागि प्रतिनिधिका रूपमा चयनित तिस ओटा निबन्धलाई संज्ञानात्मक सन्दर्भका आधारमा यहाँ सङ्क्षेपमा व्याख्या गरिएको छ। यस क्रममा निबन्धको क्रमअनुसार नै सबै निबन्धलाई भिन्नाभिन्नै उपशीर्षकमा राखेर निबन्धको विषयवस्तु र त्यसमा रहेका मुख्य सन्दर्भको सङ्केत गरी निबन्धको व्याख्या गरिएको छ। यहाँ सन्दर्भको उल्लेख गर्दा संज्ञानात्मक सन्दर्भअन्तर्गत सामाजिक, आर्थिक र राजनीतिक सन्दर्भको मात्र सङ्केत गरिएको छ। अर्यालका निबन्धलाई पछिल्ला परिच्छेदमा सामाजिक, आर्थिक र राजनीतिक सन्दर्भका आधारमा ती निबन्धमा रहेका भाषिक रूप र स्थितिको विवरणसहित विश्लेषण गरिएको हुनाले यहाँ सन्दर्भमार्फत प्राप्त हुने अर्थको विश्लेषण नगरी सन्दर्भसूचक भाषिक रूपको मात्र व्याख्या गरिएको छ।

### (१) 'सरकारले दुलो खोज्नु पर्ला' निबन्ध

'सरकारले दुलो खोज्नु पर्ला' निबन्ध अर्यालको निबन्धलेखनको पहिलो निबन्धका रूपमा रहेको छ । विशेष गरी राजनीतिक, सामाजिक र आर्थिक विषयवस्तु रहेको यस निबन्धको मुख्य विचार तत्कालीन अवस्थामा देशमा मन्त्रीमण्डल गठन गर्दाको अदूरदर्शिता, धार्मिक कार्यमा मानिसले गरेको बेवास्ता र धार्मिक संस्थाहरू उपेक्षित रहेको हुनाले आफ्नो अधिकारका लागि सङ्घर्ष गर्न पुरोहितहरूको निर्णय गरेको विषयसँग सम्बन्धित रहेको छ । निबन्धको मूल विषयवस्तु राजनीतिक रहेको भए पनि यसको अन्तर्यमा आर्थिक सुविधा र पुरोहितको पारिश्रमिकको स्थिति रहेको हुनाले यहाँ धार्मिक तथा आर्थिक परिवेश अन्तर्निहित भएको छ । नेपाली जनताले काजक्रियालगायतका धार्मिक संस्कार गर्न छोडेका, गरे पनि समयअनुसार कम पारिश्रमिक दिने गरेका कारण पण्डित वा पुरोहितहरूको जजमानी पेसा धरापमा परेकाले आन्दोलनका माध्यमले पुरोहित तथा पण्डितहरूका पेसा सुधार्ने र सरकारमा रहेर मन्त्री पद पनि खानेगरिको प्रचण्ड पुरोहित परिषद्को बैठक र यसमा भएका बहस र ९१ सूत्रीय माग लिएर सरकारमा ज्ञापनपत्र बुझाउने सो परिषद्को राजनीतिक क्रियाकलापमार्फत यस निबन्धमा धार्मिक सङ्घसंस्थाको स्वार्थी प्रवृत्तिप्रति लेखकीय कटाक्ष रहेको देखिन्छ ।

राजनीतिक परिस्थितिसँगसँगै आर्थिक र सामाजिक अवस्था पनि यस निबन्धमा वर्णित भएको छ । परिवर्तित राजनीतिक सन्दर्भमा मानिसहरूले हिन्दू परम्परागत धार्मिक संस्कार छोड्दै गएको र गर्नेहरूले पनि पुरोहितहरूलाई दिने पारिश्रमिक समयअनुसार प्रदान नगरेको हुनाले सरकारले पुरोहितहरूको संरक्षण गर्नुपर्ने तर त्यसतर्फ सरकारले ध्यान नदिएकाले रोजीरोटीका लागि सङ्घर्ष गर्नुपर्ने विचारलाई निबन्धमा 'मोटक हड्ताल' र 'सुरो लिएर रोजीरोटीका लागि सङ्घर्ष' जस्ता भाषिक रूपमार्फत स्पष्ट पारिएको छ । यस निबन्धमा धर्मको ख्याल, धर्ममन्त्री, कार्जे, गोदान, भागवत्को उक्ति, डबकावाद, दुनावाद जस्ता भाषिक रूप सामाजिक सन्दर्भका माध्यमले; १७ पैसाको दस्तुर, पुरेतहरूको हुक्का, रोजीरोटीका लागि शुरो लिएर लड्नु, मार्क्सवादले सामन्तवादको जरो उखेल्नु, बेनको राज्यमा क्रान्ति जस्ता भाषिक रूप आर्थिक सन्दर्भका माध्यमले र सरकारको मन्त्री रखाइ, धर्ममन्त्री, मार्क्सवादले सामन्तवादको जरै उखेल्नु, बेनको राज्यमा क्रान्ति, शुरो र मोटक हड्ताल जस्ता भाषिक रूप राजनीतिक सन्दर्भका माध्यमले अर्थ लाग्ने देखिन्छ । समग्रमा यस निबन्धको भाषिक अभिव्यक्तिमा तत्कालीन धार्मिक अवस्था, सरकारी रवैया र आर्थिक कारणले गर्दा ब्राह्मणहरूले गर्नुपरेको सङ्घर्षको पर्यावरण निहित रहेको छ । अतः यस निबन्धमा रहेको संज्ञानको खोजीका लागि सामाजिक, आर्थिक र राजनीतिक सन्दर्भको सहयोग आवश्यक रहेको छ ।

### (२) 'प्रतिनिधि मण्डल फर्क्यो' निबन्ध

'प्रतिनिधि मण्डल फर्क्यो' निबन्धमा 'सरकारले दुलो खोज्नु पर्ला' निबन्धकै विषयवस्तुको निरन्तरता र ९१ सूत्रीय माग लिएर प्रधानमन्त्रीसमक्ष जाने धार्मिक संस्थाको कार्यको वर्णन भएको

छ । पहिलो निबन्धमा सरकारी कामकारबाहीको विरोधमा जानेगरिको आन्दोलन गर्ने निर्णय र ९१ सूत्रीय मागमा साथमा पुरोहितहरू आन्दोलन र मागको तयारीमा रहेकामा यस निबन्धमा भने सोही माग लिएर प्रधानमन्त्रीसमक्ष गएको कुरासँगै राजनीतिक स्वार्थमा सौदाबाजी गरेर फर्किएको विषयवस्तु रहेको छ । जनताको कामकारबाही छोडेर आफ्ना पार्टीको अधिवेशन र सम्मेलनमा अल्मलिने प्रधानमन्त्रीको चालचलन, लामो समय कुराएर मात्र प्रधानमन्त्रीलाई भेट गराउने सचिवको कार्यशैली, धार्मिक पुरोहितसँग मन्त्री पदको सौदाबाजी गर्दै आन्दोलन मत्थर पार्ने प्रधानमन्त्रीको राजनीतिक तरिका यस निबन्धका विषयवस्तुका रूपमा रहेका छन् । आफ्नो पार्टीलाई सहयोग गरेमा मन्त्री पद बाँड्दै जाने तत्कालीन सरकारको राजनीतिक पद्धति र निर्वाचनमा सहयोग गर्नेलाई मात्रै प्रतिसहयोग गर्ने र तिनका मात्र माग सम्बोधन गर्ने प्रधानमन्त्रीको मत दुवैले यस निबन्धमा तत्कालीन अस्थिर राजनीति र सरकार सञ्चालनको व्यवस्थापनलाई जनाएको छ ।

सामान्य आर्थिक विषयबाहेक सामाजिक र राजनीतिक विषय नै यस निबन्धमा मुख्य रूपमा रहेका छन् । यहाँ कोरा नेपाली भेष, बाहुनको परम्परागत अधिकार, राणाका पालामा मान र उतै भोज उतै टिकट, वर्षको दुई पल्ट सराद्धे जस्ता भाषिक रूप सामाजिक सन्दर्भका माध्यमले र प्रतिनिधिमण्डल, हेडमन्त्री, पार्टी त्रि-झुन्ड परिषद्को उपशाखा उद्घाटन, बाहुन सरकार, राणाको पाला, पार्टीलाई सहयोग, २०१५ सालको चुनाव, सङ्घर्ष जस्ता भाषिक रूप राजनीतिक सन्दर्भका माध्यमले अर्थ लाग्ने देखिन्छ । राष्ट्रिय राजनीति, सरकार र प्रशासनसम्बन्धी स्थितिले भाषिक पाठलाई तत्कालीन राजनीतिक वातावरण र सरकारको कार्यशैलीसँग जोडेर अपरिपक्व राजनीतिक संस्कार र धार्मिक सङ्घसंस्थाको अवसरवादी शैलीलाई पनि बुझाएको छ । समग्रमा सरकारी कार्यशैली, जनताप्रतिको उत्तरदायित्वको कमी र धार्मिक कार्यमा भएको शक्ति र पदको सौदाबाजीको परिस्थिति यस निबन्धमा वर्णित भएको छ । अतः यस निबन्धमा प्रयुक्त संज्ञानको बोधका लागि सामाजिक र राजनीतिक सन्दर्भको सहयोग आवश्यक रहेको छ ।

### (३) 'दौरा सुरुवाल नपठाइदिने भएँ' निबन्ध

'दौरा सुरुवाल नपठाइदिने भएँ !' निबन्धमा तत्कालीन नेपालका केही राजनीतिक र धेरै सामाजिक विषयको वर्णन भएको छ । प्रजातन्त्राचार्यबाट दौरा सुरुवाल माग भएको तर नपठाउने निर्णयमार्फत काठमाडौँको फेसने भूतका कारण स्वदेशी र घरबुना कपडाका सट्टा विदेशी पहिरन संस्कृति लोकप्रिय भएको र राष्ट्रिय पोशाकको अस्तित्व सङ्कटमा परेकोतर्फ सङ्केत गर्दै अनौपचारिक पत्रात्मक शैलीमा काठमाडौँमा २००७ सालपछि जागृत भएको नारीवादी चेतना, नारीपोशाकमा आएको आधुनिकपन अनि नेपाली संस्कृति भुलेर युरोपेली पहिरन संस्कृति अँगालेको राजधानीमा समाजका अगुवा र राजनीतिक चेतना भएका व्यक्तिहरूबाट नै राष्ट्रिय सम्पदाको संरक्षणमा ध्यान नपुगेको कुरालाई यस निबन्धमा व्यङ्ग्यात्मक तरिकाले प्रस्तुत गरिएको छ । निबन्धमा आएका केही ऐतिहासिक सन्दर्भले भानुभक्त आचार्य र उनको 'अमरावती कान्तिपुरी

नगरी’ कविता तथा २००७ सालको प्रजातन्त्र स्थापनालाई पनि जनाएका छन् तर विशेष गरी सामाजिक तथा पौराणिक विषयमार्फत राष्ट्रिय पोशाक, राष्ट्रिय सम्पदा र राष्ट्रिय गौरवको क्षयीकरणतर्फ नै यहाँ व्यङ्ग्य गरिएको देखन्छ ।

खास गरी यस निबन्धमा काठमाडौँको फेसने भूत, टाउकाको टोपी, दौरा सुरुवाल, नेपाले सुचिकार, हाँसको माँझमा बकुल्लो, मेनका र उर्वशी, ईन्द्रको प्राइभेट रङ्गमञ्च, २००७ सालदेखि यता काठमाण्डू, दौरा सुरुवालको भीषण अपमान, महादेवले आफ्नी प्रियसी खोज्नु जस्ता भाषिक रूप सामाजिक सन्दर्भको माध्यमले मात्र अर्थिने देखिन्छ । यसरी हेर्दा नेपालीको पहिरन संस्कृतिमा आएको परिवर्तन र त्यसको असरलाई तथा तत्कालीन सामाजिक क्षेत्रको अवस्थाबोधका लागि सांस्कतिक परम्परा, सामाजिक संरचना र प्रचलन जस्ता सन्दर्भले यस निबन्धको अर्थापनमा भूमिका खेलेको छ । अतः यस निबन्धमा प्रयुक्त संज्ञानको खोजीका लागि सामाजिक सन्दर्भको सहयोग आवश्यक रहेको छ ।

### (४) **‘तमसुक’ निबन्ध**

‘तमसुक’ निबन्धमा विशेष गरी राजनीतिक तथा आर्थिक र अंशतः सामाजिक क्षेत्रको विषयवस्तु लिइएको छ र नेपालमा राजनीतिक पार्टी चलाउनका लागि विदेशी आर्थिक सहयोग लिने र यस्तो आर्थिक सहयोगका कारण विदेशीले नेपालका हरेक कुरामा हस्तक्षेप गर्न सक्ने यथार्थ वर्णित भएको छ । यहाँका राजनीतिक परिस्थितिले विश्वमा हावी भइरहेको अमेरिकी राजनीति नेपालका प्रजातान्त्रिक पार्टीभित्र समेत प्रवेश गरेको र नेपालको राष्ट्रिय महत्त्वका विषयमा अमेरिकी हस्तक्षेपको सम्भावना रहेकोतर्फ सङ्केत गर्छन् । २००४ सालको कलकत्ता डोरमा दर्ता भएको नेपाली काङ्ग्रेस पार्टीको स्थापनाको अवस्था र नेपालीको विदेशप्रति परनिर्भर हुने परिवेश पनि यहाँ रहेको पाइन्छ ।

निबन्धमा रहेका कोलम्बसको नाति वासिङ्टनको छोरा, घरका दाजुभाइलाई एउटै थाङ्नामा गुटुमुटु, नाइके रोजिनु, घरघर चहारी छिद्रान्वेषण गर्ने पासपोर्ट, कलकत्ता डोरबाट, बिर्तामा बनेको पार्टी जस्ता भाषिक रूप राजनीतिक सन्दर्भको माध्यमले र एक मिलियन कर्जा, ब्याज सयकडा १५०, घिउखाने दस्तुर रु. २०,०००।- साहूका खलक, पाँच वर्षभित्रमा सावाँब्याज, साहूको थैली जस्ता भाषिक रूप आर्थिक सन्दर्भको माध्यमले मात्र अर्थ लाग्ने देखिन्छ । यस निबन्धमा प्रयोग भएका भाषिक रूपले विभिन्न स्थितिको सहायतामा गैरकानुनी र गुप्त रूपमा विदेशी सहयोग लिएर पार्टी सञ्चालन गर्न, पार्टीको नेतृत्व आफू लिन र पार्टीलाई निर्वाचनमा उच्च स्थानमा पुऱ्याउन राजनीतिक पार्टी र नेताले गरेको तत्कालीन कृत्यलाई उदाङ्गो पारेको छ । अतः यस निबन्धमा प्रयुक्त संज्ञानको खोजीका लागि आर्थिक र राजनीतिक सन्दर्भको सहयोग आवश्यक रहेको छ ।

### (५) 'चिनिया घुसघुसे' निबन्ध

'चिनिया घुसघुसे' निबन्धले नेपालको कूटनीतिक दृष्टिसम्बन्धी विषयमार्फत नेपालीको छिमेकी राष्ट्रहरूलाई हेर्ने पक्षपाती दृष्टिकोण प्रस्तुत गरेको छ। मूलतः राजनीतिक सन्दर्भ र केही सामाजिक सन्दर्भमार्फत चीनलाई पक्षपाती दृष्टिले हेर्ने र भारतलाई आफ्नो ठान्ने भारतमुखी सरकारी नीति यहाँ प्रस्तुत गरिएको छ । बेलायती भाषा, हिन्दुस्तानी भाव, पुनरुत्थानवादी, समाजवादी र उत्तरी हावा जस्ता भाषिक रूपले चीनप्रतिको नेपाली दृष्टिकोणमा परिवर्तनको अपेक्षा गरिएको छ । नेपाललाई चीनले कुनै प्रभाव पारेको र हानि पनि नगरेको तर नेपालीको चीनलाई हेर्ने दृष्टिकोण एकपक्षीय रहेको हुनाले भारतले जे गरे पनि नबोल्ने तर चीनका विषयमा कपोलकल्पित कुरा गरेर यसको विरोध गर्ने र सबै नेपालीलाई चीनका विरुद्धमा भड्काउने नेपालका सरकारमा संलग्न व्यक्ति र विद्वान बुद्धिजीवीहरूको सोच र चेतनाको विरोध गर्नु यस निबन्धको आशय रहेको छ ।

निबन्धमा बेलायती भाषा, हिन्दुस्तानी भाव, पुनरुत्थानवादी, समाजवादी, राष्ट्रिय प्रगति, चिनियाँ आक्रमण, एक मुठी पानीका लागि सङ्घर्ष, सरकारको अश्रुग्याँस जस्ता भाषिक रूप राजनीतिक सन्दर्भका सहायताले मात्र अर्थ लाग्ने देखिन्छ। छिमेकी देशहरूलाई हेर्ने तत्कालीन एकपक्षीय दृष्टिकोणका कारण भारताभिमुख भएका र चीनको आलोचना गर्ने सरकारी संयन्त्रबाट निर्मित भाष्यका कारण चीनको नेपालप्रतिको तटस्थ र हस्तक्षेपविहीन नीतिप्रति पनि नकारात्मक भ्रम पैल्याउने कार्यको यहाँ विरोध गरिएको छ। अतः यस निबन्धमा प्रयुक्त संज्ञानको खोजीका लागि राजनीतिक सन्दर्भको सहयोग आवश्यक रहेको छ।

### (६) 'रेडियो रसातल' निबन्ध

'रेडियो रसातल' निबन्धमा विभिन्न क्षेत्रका बाह्र ओटा समाचारका विषयमार्फत सरकारका सामाजिक र आर्थिक निर्णयमाथिको व्यङ्ग्य प्रहार गरिएको छ। 'दसदानको दोस्रो दान' शीर्षकको समाचारमा महानदीयुक्त भूमिदानको प्सङ्ग उठाएर नेपालले भारतसँग गरेको सन्धिसम्बन्धी विषयवस्तुमार्फत नेपालका नदीहरू भारतलाई सन्धिका नाममा अप्रत्यक्ष रूपमा बिक्री गर्ने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । आर्यघाटमा बाँध बाँध्ने प्रसङ्गमार्फत देशभरिका समस्यालाई समाधान गर्नुपर्नेमा राजधानीमा मात्रै विकास गर्ने अपारदर्शी र राजधानीकेन्द्री प्रवृत्ति र विभिन्न नाममा विदेश उड्ने नेता र मन्त्रीहरूको प्रवृत्तिलाई यहाँ देखाइएको छ। पशुपति र विश्वनाथको प्रसङ्गमार्फत नेपालको हिमालय क्षेत्रमाथि भएको भारतको दावा र यससम्बन्धी विरोध रहेको छ भने समाजवादी नातागोता कमिसनको विषयमार्फत सरकारले आफ्ना आफन्तहरूको सूची तयार गरेरै विभिन्न स्थानमा नियुक्ति दिने र नातावादको संरक्षण गर्ने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ।

शिक्षा प्रणालीसँग सम्बन्धित विषयमार्फत यस निबन्धमा राजनीतिक रूपले निर्वाचनका लागि विभाजन गरिएको बुथअनुसार विद्यालय खोल्ने र आफ्ना कार्यकर्तालाई शिक्षकका रूपमा भर्ना गर्ने अनि पाठ्यक्रमका रूपमा पार्टीको घोषणापत्रलाई हुबहु पढाउन गरेको व्यवस्थासँग

जोडेर शिक्षा क्षेत्रमा भएको चरम राजनीतिकरणको विरोध गरिएको छ । यस निबन्धमा महादान समारोह, दश दान, महानदीयुक्त भूमिदान, जजमान-पुरेतको सम्बन्ध, हिमालयकी छोरी पार्वती, काशी निवासी विश्‍वनाथ बाबा, पशुपतिनाथ, कुमारी सङ्कटा जस्ता भाषिक रूपको सामाजिक सन्दर्भका माध्यमले र समाजवादी नातागोता कमिसन, को कसका मान्छे, को कसका मान्छे, नातागोताको फिरिस्त, घरेलु विभाग, पब्लिक सर्भिस कमिसनभन्दा माथिल्लो, बुथैपिच्छे प्राथमिक स्कुल, सत्तारुढ पार्टीका एजेन्ट, पार्टी घोषणापत्र नै पाठ्यक्रम जस्ता भाषिक रूपको राजनीतिक सन्दर्भका माध्यमले मात्र अर्थ लाग्ने देखिन्छ । यसरी हेर्दा मूलतः यहाँका राजनीतिक पर्यावरणले विदेशीसँग गरेको नेपालले असमान सन्धि, देशमा सञ्चालित प्रशासनिक प्रक्रिया र नातामुखी तथा कार्यकर्तामुखी विकास नीतिलाई जनाएका छन् । अतः यस निबन्धमा प्रयुक्त संज्ञानको खोजीका लागि सामाजिक र राजनीतिक सन्दर्भको सहयोग आवश्यक रहेको छ ।

### (७) 'अवसरवादी दर्शन' निबन्ध

'अवसरवादी दर्शन' निबन्धको विषयस्तु नैतिकताको समाप्तिपछि अवसरवाद मौलाएको तत्कालीन नेपाली र विश्‍व परिवेशबाट निर्मित भएको छ । यस निबन्धको विषयलाई कृष्ण, मार्क्स र गान्धीको समयको आदर्श र नैतिकता समाप्त भई जताततै अवसरले फँडा फिजाइरहेको वर्तमानतर्फ केन्द्रित गरिएको छ । मानवतावादको घोषणापत्रमा सही गर्ने संयुक्त राष्ट्र सङ्घका शक्तिशाली सदस्य राष्ट्रहरू नै हतियारको प्रतिस्पर्धामा उत्रिनु र पञ्चशीलको सूत्र निर्माण गरेर भाइचाराको स्थापना गर्न तम्सेका दोस्रो विश्‍वका देशहरू नै सीमा क्षेत्रमा युद्ध लडिरहनु सबै अवसरवादी दर्शनका उपज भएको भन्दै भनाइ र गराइको फरकका कारण संसारमा मौलाएको स्वार्थी, महत्त्वाकाङ्क्षी र अवसरवादी प्रवृत्तिको यहाँ विरोध गरिएको छ । नेपालको २००७ सालको प्रजातान्त्रिक आन्दोलन र यसअघि राजा त्रिभूवनलाई पदच्यूत गरेर राणाको अकण्टक राज्यको समर्थन गर्नेहरू प्रजातन्त्रको स्थापनापश्चात प्रजातन्त्रका पहरेदार जस्तो गरेर अगुवा भूमिकामा रहेको भन्दै अवसरवादका कारण राजनीति पनि धमिलो भएको र यसमा स्वार्थी प्रवृत्ति बढ्दै गएको तर्फको लेखकीय चासो र चिन्ता यस निबन्धमा देखिन्छ ।

निबन्धमा प्रगोग भएका कृष्णको कर्मवाद, मार्क्सको साम्यवाद, गान्धीको सर्वोदयवाद, संयुक्त राष्ट्र सङ्घका जेठा जेठा सदस्य, हतियारको होड, वाङ्डुङ सम्मेलन, अवसरवादको ध्वजा-पताका, प्रजातन्त्रवादी, समाजवादी जस्ता दर्जनौं भाषिक रूपको राजनीतिक सन्दर्भका सहायताले मात्र अर्थबोध हुन्छ । नेपालको राजनीतिमा सात सालको क्रान्तिदेखि नै अवसरवाद मौलाएको, यसैका कारण सत्र सालसम्म अस्थिरता र किचलो फैलिएको अनि देशमा प्रजातन्त्रवादी र समाजवादीको झुण्ड निर्माण गरेर भए पनि अवसरवादी शैली र आचरणको संरचना बलियो बनाइएको जानकारीसहित समाजमा, देशमा र विश्‍वमा बढ्दै गएको अवसरवादबाट बच्नु आजको आवश्यकता भएको यस निबन्धमा बताइएको छ । अतः यस निबन्धमा प्रयुक्त संज्ञानको खोजीका लागि राजनीतिक सन्दर्भको सहयोग आवश्यक रहेको छ ।

### (८) 'चरीचुच्चे च' निबन्ध

'चरीचुच्चे च' निबन्धको विषयवस्तु मान्छेमा बढेको छुच्चो र लुच्चो प्रवृत्तिका कारण सामान्य मानिसको जीविका कठिन बनेको तत्कालीन परिवेशले निर्मित भएको छ । लुच्च्याइँले राजकाजमा मात्र नभई मानिसका हरेक गतिविधिलाई प्रभाव पारेको यहाँ बताइएको छ । यस निबन्धमा मानिसमा रहेको छुच्याइँ र लुच्याइँको स्वभावले गर्दा दैनिक गुजारा गर्न गाह्रो पर्ने यथार्थ अभिव्यक्त गर्दै आणविक उन्नतिले दानविक प्रवृत्ति बढेको अनि छुच्चा र लुच्चाको आबादी बढेको आजको दुनियामा ज्ञान र विज्ञान नै छुचो र लुच्चो रहेको बताइएको छ । सामाजिक, राजनीतिक र आर्थिक स्थितिहरू प्रयुक्त यस निबन्धमा समाजमा रहेको अवसरवादी प्रवृत्ति र चन्दा सङ्कलन गरेर मानिसलाई ठगी खाने चतुर आविष्कारलाई प्रजातान्त्रिक मान्यता मान्दै छुच्चो र लुच्चो बने मात्र मानिसले आफूले सोचेको पाउन सक्ने भएकाले समाजबाट नैतिकता, इमानदारिता, कर्तव्यनिष्ठता र उत्तरदायित्व बोध हराएको तथा जालझेल, षड्यन्त्र, चन्दा, चाप्लुसी, प्रसस्ती र चाकडी मौलाएको तर्फ यहाँ कटाक्ष गरिएको छ । समाजमा मौलाएको ठग संस्कृतिको लक्ष्य आर्थिक रूपमा सम्पत्ति आर्जन गर्नु रहेको हुनाले सामान्य र इमानदार रहेर बाँच्न नसकिने भन्दै यहाँ चकार महात्म्यको भाषिक हिस्सीमार्फत समाजका आर्थिक अनियमितता, ठगी र शोषणको विरोध पनि गरिएको छ ।

सुधो गोटी, बालुवाको लुच्च्याइँ पकाएर खानु, आणविक उन्नतिले दानविक प्रवृत्ति, अस्पताल बनाउने बिङ्गा, चन्दा उठाउन, प्रजातान्त्रिक ठगपद्धति जस्ता यहाँ प्रयुक्त भाषिक रूपको अर्थ आर्थिक सन्दर्भका माध्यमले मात्र बोध हुन्छ । राजनीतिक क्षेत्रमा रहेको विसङगति, समाजमा मौलाएको चन्दा आतङ्क र अनाचार तथा आर्थिक विपन्नताप्रति तीक्ष्ण व्यङ्ग्य गरिएको यस निबन्धमा तत्कालीन समाज र राष्ट्रमा रहेका आर्थिक अवस्थाका विविध स्थिति निहित भएको पाइन्छ । अतः यस निबन्धमा प्रयुक्त संज्ञानको खोजीका लागि मुख्यतः आर्थिक सन्दर्भको सहयोग आवश्यक रहेको छ ।

### (९) 'अन्तर्राष्ट्रिय भ्यागुता सम्मेलन' निबन्ध

'अन्तर्राष्ट्रिय भ्यागुता सम्मेलन' निबन्धमा केही राष्ट्रिय परिवेशजन्य स्थिति र माछा, भ्यागुता र चेपागाडाको कथामार्फत अन्तर्राष्ट्रिय राजनीतिक नियन्त्रण र आणविक विकासको प्रतिस्पर्धासम्बन्धी विश्वपरिवेशको वर्णन गरिएको छ । फेवातालमा भएको 'अन्तर्राष्ट्रिय भ्यागुता सम्मेलन' तथा माछाहरूको निर्दोष प्रतिक्रिया जस्ता विषयमा प्रयुक्त स्थानहरू स्वदेशी देखिए पनि मूलतः आणविक विकास र यसको परीक्षणको होडबाजीमा रहेका राष्ट्रहरूको रवैयालाई सङ्केत गर्न यहाँ प्रयुक्त भएको देखिन्छ । आर्थिक दृष्टिले 'बेकारलाई भन्दा पुत्रकारलाई ज्यादा तनाव' र 'दाउरा गुइँठा वितरण सम्मेलन' जस्ता भाषिक रूपले नेपालीको आर्थिक हैसियत र तत्कालीन अवस्थामा जीविकोपार्जनका लागि गर्नुपर्ने न्यूनतम कार्यहरूलाई जनाएको छ । यहाँ वर्णित थुप्रै अन्तर्राष्ट्रिय राजनीतिक अवस्थामार्फत अमेरिका, रुस, चीन जस्ता विश्वका

शक्तिसम्पन्न राष्ट्रलाई सङ्केत गरिएको र मिसिसिपि, भोल्गा, गङ्गा जस्ता नदीबाट ती नदी रहेका सम्बन्धित देशको अन्तर्राष्ट्रिय सम्मेलनको प्रतिनिधित्वलाई जनाइएको छ ।

निबन्धमा रहेका पुत्रकारिताको दैनिक टन्टा, भ्याङप्वाला साइकिल, बेलुकालाई जोर्नुपर्ने उसिनाका रासन, दाउरा गुइँठा सम्मेलन, हुक्का चिरेर बाल्नु, फाटेको बिछ्यौनामा तन्द्रङ्ग पल्टिनु जस्ता भाषिक रूपको अर्थ आर्थिक सन्दर्भका माध्यमले र बेलायती बैठकमा परराष्ट्रमन्त्रीको राजकीय भोज, अन्तर्राष्ट्रिय भ्यागुता सम्मेलन, फेवातालको रैथाने भ्यागुतो, फेवातालमा भयङ्कर विस्फोट जस्ता दर्जनौँ भाषिक रूपको अर्थ राजनीतिक सन्दर्भका माध्यमले मात्र बोध हुन्छ । सभा-सम्मेलनका नाममा करोडौँ खर्च गर्ने र त्यस्ता सभाबाट नेतृत्व लिनका लागि तछाडमछाड गर्ने विषयमार्फत ठूला र शक्तिसम्पन्न राष्ट्रहरूले विश्वका ठूला संस्था र सम्मेलनहरूको नेतृत्व गर्नुपर्ने र उनीहरूबिच नै नेतृत्वमा प्रतिस्पर्धा रहने तत्कालीन विश्व राजनीतिको ध्रुवीकरणको वास्तविकता स्थितिलाई उजागर गरेको देखिन्छ। यस्ता स्थितिले आणविक प्रतिस्पर्धा र शक्तिशाली राष्ट्रहरूको उन्मादका कारण एक दिन पृथ्वी ध्वस्त हुने खतरातर्फ पनि विशेष सचेत तुल्याएको देखिन्छ । अतः यस निबन्धमा प्रयुक्त संज्ञानको खोजीका लागि आर्थिक र राजनीतिक सन्दर्भको सहयोग आवश्यक रहेको छ ।

### (१०) 'मिस्टर एन्. मुनि नेपालमा' निबन्ध

'मिस्टर एन्. मुनि नेपालमा' निबन्धमा हिन्दू धर्मअनुसारका ऋषि मानिएका नारदको नेपाल आगमनको प्रसङ्गमा अमेरिका र रुसको अन्तरीक्षको खोजान्वेषणमा भएको अस्वस्थ प्रतिष्पर्धा र यी देशबिचको शक्तिको होडबाजीका साथमा नेपालको आन्तरिक मामिलामाथिको विदेशी हस्तक्षेप र नेपालमाथिको विदेशी प्रभावको चरम रूप देखिन्छ । यसमा रहेका राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रका नारदको पौराणिक पात्रीय भूमिका, नेपालमा नारदको आगमन र उनको हुलिया परिवर्तनको विषयमार्फत अन्तरिक्षसम्बन्धी खोज र विकासमा शक्ति राष्ट्रहरूका बिच भएको प्रतिस्पर्धा र नेपाली संस्कार, संस्कृति तथा धार्मिक प्रचलनमा विदेशीले गरेको हस्तक्षेप जस्ता पक्षप्रति तीव्र व्यङ्ग्य गरिएको छ । यस निबन्धको विषयवस्तुका माध्यमबाट नेपालभित्रै रहेको सगरमाथामा अवतरण भएको स्पुतनिकको विमानबाट ओर्लेका नारदमुनि र सोलुखुम्बुदेखि काठमाडौँसम्मको उनको यात्राका मिथकीय घटनाक्रमलाई व्यङ्ग्यात्मक दृष्टिमा उनेर नेपालमाथि विदेशी राष्ट्रहरूको सांस्कृतिक प्रभाव तथा अमेरिका र रुसको अन्तरिक्षसम्बन्धी अग्राधिकार कायम गर्ने होडबाजी एवम् नेपाली संस्कृतिमा मौलाएको पश्चिमी शैलीको अन्धानुकरण जस्ता तत्कालीन यथार्थलाई हास्यात्मक ढङ्गले उठाइएको छ ।

निबन्धमा प्रयुक्त फ्लोरिडाको वेधशाला, स्पुतनिक, अमेरिकी वैज्ञानिक, लोकलोकान्तरको रहस्य, चन्द्रलोकमा पनि कम्युनिस्ट, सगरमाथाको टुप्पो, रेडियो मास्को, भारतीय लोकसभा, पेकिङको 'पिपुल्स डेल्ली', हलिउड, पेरिस, बम्बै, कोडाकको क्यामेरा, भोस्तोक युग, न्युयोर्क जस्ता दर्जनौँ भाषिक रूपलाई राजनीतिक सन्दर्भका माध्यमले मात्र अर्थ्याउन सकिन्छ । यहाँका

सामाजिक पक्षले नेपाली समाजको संरचना र नेपालीको स्वभावगत प्रवृत्तिलाई सङ्केत गर्छन् भने केही आर्थिक पक्षसँग सम्बन्धित विषवस्तुले नेपालमा रहेको गरिबी र जीविकोपार्जनका लागि गर्नुपरेको सङ्घर्षलाई पनि जनाएका छन् तर यस निबन्धमा रहेका विषयवस्तुबाट मुख्य रूपमा नेपाली राजनीतिक क्षेत्रमा भएको विदेशी हस्तक्षेप र विश्व राजनीतिमा देखिएको विकास र प्रगतिको अस्वस्थ प्रतितष्पर्धा र आक्रमणको बोध हुन्छ । अतः यस निबन्धमा प्रयुक्त संज्ञानको खोजीका लागि मुख्यतः राजनीतिक सन्दर्भको सहयोग आवश्यक रहेको छ ।

### (११) 'जय भोलि' निबन्ध

'जय भोलि' निबन्धमा मान्छेको भोलिवादी प्रवृत्ति, यसको प्रभावका कारण उसको प्रगतिमा भएको बाधा र यसबाट झन गम्भीर बनेको नेपाली अवस्था अनि नेपालमा हरेक क्षेत्रमा प्रयोगमा ल्याइएको भोलिवादले सरकारी र गैह्रसरकारी क्षेत्रलाई गाँजेको तर्फ केन्द्रित विषयवस्तुमार्फत लेखकीय विचारको प्रवाह भएको छ । विशेष गरी सामाजिक र राजनीतिक सन्दर्भहरूले यहाँका भाषिक रूपलाई तत्कालीन परिवेशजन्य स्थितिसँग जोडेको देखिन्छ । यहाँ प्रयुक्त धार्मिक तथा ऐतिहासिक अवस्थासम्बन्धी तथ्यले पनि प्रकारान्तरमा मानिसमा रहेको भोलिवादी प्रवृत्तिप्रति नै लक्ष्य गरेको छ । विश्वमा रहेको भोलिवादी प्रवृत्ति र ढिलासुस्तीका सापेक्षमा नेपालको प्रशासनिक र सामाजिक क्षेत्रमा भएको भोलिवादी संस्कृतिको बारेमा लेखिएको यस निबन्धमा राणाकालीनदेखि प्रजातन्त्रकालीनसम्मका राजनीतिक तथा सामाजिक वातावरणमा रहेको ढिलासुस्तीमाथि व्यङ्ग्य गरिएको छ । यहाँ राजर्षि महाराज, थरी, चौकी, गोस्वारा, तेह्रवटी नानीसँग जिस्किइरहेको श्री ३, तात्तातो बिन्ती, सिंहदरबार जस्ता भाषिक रूपले राजनीतिक परिस्थितिको निर्माण गरेर राणाकालीन प्रशासनिक संयन्त्रको कार्यप्रणालीमाथि मजाक उडाएको छ । विशेष गरी सामाजिक र राजनीतिक सन्दर्भले यहाँका भाषिक रूपलाई तत्कालीन परिवेशजन्य स्थितिसँग जोडेको छ । भोलिवादी प्रवृत्तिका कारण मानिसले आजका काम भोलिलाई र वर्तमानका काम भविष्यलाई साँच्दै गएको भन्दै नेपालीको मौलिक संस्कृतिका रूपमा यहाँ भोलिवादलाई चिनाइएको छ ।

समाजमा मौलाएको भोलिवादी परम्परालाई जनाउनका लागि यहाँ प्रयुक्त भोलानाथको झोली, भोलिको भक्त, भोलिवादको श्रीगणेश, प्रजा बढाउने व्यथा, पहिला बेते, भोलिको घोचो, प्याज नखाने बाहुन, असरकारी क्षेत्र जस्ता भाषिक रूप सामाजिक सन्दर्भका माध्यमले र ठुलो घर, उहिलेका जरसाहेब, राजर्षि महाराज, थरी, गोस्वारा, पुलिसचौकी, श्री ३ महाराज, तात्तातो बिन्ती जस्ता भाषिक रूप राजनीतिक सन्दर्भका माध्यमले मात्र अर्थ्याउन सकिन्छ । नेपालको ऐतिहासिक सन्दर्भ र सामाजिक जीवनका विविध स्थितिको सहयोग लिएर मान्छेमा बढ्दै गएको निस्क्रियता र कामचोर प्रवृत्तिलाई स्पष्ट पारिएको यस निबन्धमा भानुभक्तकालीन नेपाली समाज, भोलिको घोचो, भोलानाथको झोली, काजीसाहेब जस्ता दर्जनौँ भाषिक रूपमार्फत विश्व आधुनिकताको चरणमा प्रवेश गरेको, विज्ञान तथा प्रविधिले उन्नति गरेको तर नेपाली संस्कृतिमा भोलिवाद हावी रहेका कारण नेपालीको उन्नति हुन नसकेको तर्फ पनि व्यङ्ग्य गरिएको छ ।

नेपालीका सबै क्रियाकलाप भोलिवादी बनेको हुनाले भोलिवाद नेपाली संस्कृति, दर्शन, राजनीति र प्रशासन तथा सामाजिक व्यवहारमा व्याप्त रहेको यहाँ बताइएको छ । नेपालीहरूले खानलाई चाहिँ आजै गर्ने र बाँकी काम सबै भोलिलाई पन्छाउनाले उनीहरूको आर्थिक तथा सामाजिक स्तर नउक्सेको विषयतर्फ लक्षित गरी राणाशासन कालीनदेखि प्रजातन्त्रकालीन वातावरणसम्मका राजनीतिक ढिलासुस्ती र जनउत्तरदायित्व बहन नगर्ने प्रवृत्तिप्रति यहाँ कटाक्ष गरिएको छ । प्रशासनिक भोलिवाद र जवाफदेहिताहीन अवस्थाको अर्थबोध गराउन सिंहदरबारलाई भोलि दरबार, धनकुटामा आगलागी, फर्सी टाउके साहेबजस्ता सूचकमा अन्तर्निहित परिस्थितिहरूले भूमिका खेलेको देखिन्छ । अतः यस निबन्धमा प्रयुक्त संज्ञानको खोजीका लागि सामाजिक र राजनीतिक सन्दर्भको सहयोग आवश्यक रहेको छ ।

### (१२) 'कन्याकेटी खोज्दा' निबन्ध

'कन्याकेटी खोज्दा' नेपाली समाजको तत्कालीन सामाजिक संरचना र यसका प्रचलन तथा सांस्कृतिक मान्यताका पृष्ठभूमिमा निर्मित भएको निबन्ध हो । सामाजिक रीतिस्थितिको बोध गराउने यस निबन्धमा मानिसको व्यक्तिगत क्षमताभन्दा बढी कुरीति र मानवीय अहम्पनाले गर्दा नेपाली सामाजिक संरचना पिछडिएको तर्फ विचार प्रक्षेपण गरिएको छ । आत्मपरक ढङ्ग र कथात्मक शैलीमा नेपालको जातीय सांस्कृतिक सम्मिश्रण र यसलाई हेर्ने परम्परागत दृष्टिकोण पनि यहाँ प्रस्तुत गरिएको छ । विवाह एउटा सामाजिक संस्था हो । यस संस्थामा विभिन्न मान्यता र प्रचलन अन्तर्निहित रहेका छन् । यस्ता मान्यता र प्रचलनका कारण नेपालमा विवाह गर्ने कार्य जटिलसमेत बनेको छ । समाजमा जातीय संरचनाका प्रभावमा जातीय विभेद रहेको र विवाहमा दाइजो तथा तिलक दिने परम्परा र दाइजो तथा तिलकलाई लेखाजोखा गर्ने सोचका कारण कुनै एक व्यक्तिको विवाह हुन नसकी बुढ्यौलीसम्म कुमार र अविवाहित रहनुपरेको अवस्था र सांस्कृतिक संक्रमणका कारण महिलाहरू घरबाहिर निस्कने र सामाजिक तथा आर्थिक गतिविधिमा संलग्न हुनु नहुने कुराप्रतिको पुरातन दृष्टिकोण यस निबन्धमा विभिन्न परिस्थितिमा अन्तर्निहित सन्दर्भले अभिव्यक्त गरेको छ । निबन्धमा काँठे, मधिसे, स्वाडी, डुम, माउते, फाकन जस्ता भाषिक रूपमा नेपालको सामाजिक संरचना र जातीय स्थिति तथा जातीय रूपमा सङ्कीर्ण व्यवहारका कारण एक जाति वा क्षेत्रका व्यक्तिलाई अर्को जाति वा क्षेत्रले हेर्ने हेयपूर्ण दृष्टि रहेको अर्थबोध हुन्छ ।

यहाँ प्रयुक्त काँठे कछाड, मधिसे माउते, बालीमा नमिलेको डुम, खड्कौंलाको कुरो नमिल्नु, भात चल्नु तर दाल नचल्नु, कुखुराका चल्ला जस्तै एक डोका छोरीहरू, पितृ-ऋण, एक घुट्को तर्पन, ग्रहशान्ति जस्ता भाषिक रूपलाई सामाजिक सन्दर्भका आधारमा मात्र अर्थ्याउन सकिन्छ । यहाँ रहेको गर्दुवा, सम्धीभेट, दोसल्ला, सुनको सिक्री जस्ता भाषिक रूपले विवाहमा हुने दाइजो र तिलकका नाममा हुने खर्चलाई बुझाउँछ । यसै गरी झर्रो कार्की क्षेत्री, अधिकारी जैसी, दाल नचल्नु, गन्धर्व जाति, ज्वाइँको गोडाको पानी, बरियात जस्ता भाषिक रूपमा नेपाली समाजको

जातीय संरचना र जातीय विभेदका कारण विवाहमा हुने अवरोध अभिव्यक्त भएको छ । समग्रमा नेपालमा रहेको भौगोलिक र क्षेत्रीय विविधतामाथिको पुरातन दृष्टिकोण तथा क्षेत्रीय र जातीय भेदभावमार्फत विवाहरूपी सामाजिक संस्था जटिल बनेकोतर्फ यस निबन्धमा निहित विभिन्न सामाजिक स्थितिले जोड दिएको पाइन्छ । अतः यस निबन्धमा रहेको संज्ञानको खोजीका लागि सामाजिक सन्दर्भको सहयोग आवश्यक रहेको छ ।

**(१३) 'चन्द्रलोक कसको ?' निबन्ध**

'चन्द्रलोक कसको ?' निबन्धमा विश्वमा विज्ञान र प्रविधिको विकासको तीव्रता रहेकोमा शक्तिशाली राष्ट्रहरूले यसको अगुवा गरिरहेको र विश्वका सम्पूर्ण देशहरू नै लामबद्ध भएर एक वा दोस्रोको पछाडि लागेका कारण विश्वशान्ति र अमनचयनमा नकारात्मक असर पुगेको विषयवस्तुमार्फत विश्वमा भएको अन्तरीक्ष खोज, शक्ति प्रदर्शन र परिवर्तनसम्बन्धी लेखकीय विचारको प्रस्तुतीकरण भएको देखिन्छ । अन्तर्राष्ट्रिय जगतले गरेको अन्तरिक्षसम्बन्धी खोज तथा अनुसन्धानको सकारात्मक पक्षको समर्थन र शक्तिका कारण विभाजित समाज, देश र अन्तर्राष्ट्रिय जगतप्रति यहाँ व्यङ्ग्य प्रहार गरिएको छ । संसारका शक्तिशाली राष्ट्रको सूचीमा रहेका रुस र अमेरिका तथा तिनको पक्षपोषण गर्ने अरू साना देशको अवस्थालाई कथात्मक शैलीमा वर्णन गरिएको यस निबन्धमा शक्तिको ध्रुवीकरणका कारण विश्वमा दुई ध्रुवमा विभाजित भएका मानिसहरू र उनीहरूको सोहीअनुसारको शत्रुवत् व्यवहारका माध्यमबाट संसारमा भएका शक्तिशाली राष्ट्रहरूको विस्तारवादी प्रवृत्तिलाई यहाँ उदाङ्गो पारिएको छ ।

विज्ञान तथा प्रविधिको विकासका कारण विभिन्न देशले पृथ्वीमा मात्र नभई चन्द्रमाको पनि जमिन आवाद गर्ने योजना बनाएर सोहीअनुसार प्रस्थान गर्ने कार्यक्रम तय गरेको देखिन्छ । यहाँ प्रयुक्त संयुक्त मुलुक सङ्घ, सहारा नगर, जेनेभा, निरस्त्रीकरण हुन नसक्नु, अन्तर्ग्रहयामी जेट, जोधाहा मुलुक, पेकिङ, महायुद्धपछिको जर्मनी, समाजवादी, गणवादी जस्ता भाषिक रूपको राजनीतिक सन्दर्भका माध्यमले मात्र अर्थबोध हुन्छ । यस्ता भाषिक एकाइबाट संसारमा भएको शक्तिशाली देशहरूको विजय र शक्तिको हालीमुहालीका कारण पृथ्वीका मात्र नभई अन्तरिक्षका तथा विभिन्न ग्रह तथा उपग्रहमा पनि यस्ता देशहरूले कब्जा जमाएको विषयलाई यहाँ प्रस्तुत गरिएको छ । विशेषतः शक्तिशाली देशहरूको पुच्छर समातेर हिँड्ने ससाना देशहरूको परिस्थिति र हरेक विषयभित्र रहने गरेको अस्वस्थ प्रतिस्पर्धा र युद्धको रहस्यलाई यहाँ अन्तर्राष्ट्रिय राजनीति र युद्धका सन्दर्भले स्पष्ट पार्छ । यस निबन्धमा भएका अर्थबोधका लागि विशेष गरी तत्कालीन अन्तराष्ट्रिय राजनीति र यसका विविध अवस्थाको परिस्थितिगत अध्ययन आवश्यक भएको हुनाले यहाँ प्रयुक्त संज्ञानको खोजीका लागि राजनीतिक सन्दर्भको सहयोग आवश्यक रहेको छ ।

**(१४) 'लाहुरेको यात्रा संस्मरण' निबन्ध**

'लाहुरेको यात्रा संस्मरण' निबन्धमा गोर्खालीहरूको वीरता, विगतमा गोर्खालीले विदेशी भूमिमा गरेको त्याग र बलिदान तथा त्यसैका मान्यतामा निर्मित भएको लाहुरे संस्कृतिलाई

संस्मरणात्मक शैलीमा वर्णन गरिएको छ । नेपाली समाजमा लाहुरेहरूको भिन्नै संस्कृति र जीवनशैली रहेको छ। लाहुरेसम्बन्धी सामाजिक दृष्टिकोणमा रहेको फरक, लाहुरेहरूको रवाफपूर्ण र आकर्षक जीवनशैली अनि लाहुर जानुबाहेक अरू कुनै कामधन्दा नदेख्ने सोच र सोअनुसारको व्यवहारको यस निबन्धमा वर्णन गरिएको छ। नेपाली समाजमा रहेको लाहुरे जाने प्रवृत्ति, शानदार जीवनशैली बिताउने लाहुरेको सांस्कृतिक शैली, लाहुर जाने भनेर कुनै पनि अरु कामधन्दा नगरी कुरिरहने नेपाली प्रवृत्ति र लाहुर जाने धुनमा भारतका विभिन्न स्थानमा गएर मामुली काम गर्नुपर्ने स्वदेशीहरूको बाध्यतालाई यस निबन्धमा व्यङ्ग्यात्मक पाराले चिरफार गरिएको छ । लाहुर जानेको सङ्ख्यामा भएको वृद्धिका कारण पोखरा भर्तीकेन्द्रले नभ्याउने र लमजुङ भर्तीकेन्द्र खोल्नुपर्ने भन्दै यस निबन्धमा नेपालीको विदेशिने प्रवृत्तिप्रति कटाक्ष पनि गरिएको छ ।

यहाँ प्रयुक्त बर्माको लडाइँमा प्राप्त गरेको वीरचक्र, मर्दको दसोटी, पोथी गुट्मुट्याउने लाइसेन्स, पुत्रपुत्री प्रोडक्सन, लाहुरे जुराफ, अनाथका बाबा विश्वनाथ, पक्की भाषा, पाइजामा नफाटुन्जेल लाहुरे जस्ता भाषिक रूपको अर्थबोध सामाजिक सन्दर्भका माध्यमले; एक बटुको खोले, आर्थिक युग, साहू, गोडा सोरेक रुपियाँ, मसिना चामल झिकाउने, उसिना चामल बेसाउने, चाचार पाथी चनामा मोलाउनु, दालरोटीको समस्या जस्ता भाषिक रूपको अर्थबोध आर्थिक सन्दर्भका माध्यमले र कान्तिपुरकाजी, बर्माको लडाइँ, स्वदेशी हराउनु, नक्कली मयुर भित्रिनु, रक्सोलमा रिक्सा चलाउनु, दरभङ्गामा दरवानी गर्नु, मलायामा बुट ठोक्नु जस्ता भाषिक रूपको अर्थबोध राजनीतिक सन्दर्भका सहायताले मात्र हुने देखिन्छ । तत्कालीन सामाजिक परिस्थिति र सोचका कारण नेपालीहरूले पाउनुपरेको दुःख, अन्तर्राष्ट्रिय दृष्टिमा नेपालमाथि गरिएको अन्याय, विभेद र नेपालीहरूले भोग्नुपरेको अत्याचार तथा आर्थिक दृष्टिले नेपालीको जर्जर अवस्था अन्तर्निहित भएको हुनाले सामाजिक, आर्थिक र राजनीतिक सन्दर्भले मात्र निबन्धमा रहेको त्यस्तो परिस्थितिजन्य अवस्था अर्थिन्छ । परम्परादेखि लाहुरेका रूपमा भारतका विभिन्न स्थानमा काम गर्ने, भारत र बृटिसको सेवा गर्ने नेपालीले हाल भारतका विभिन्न सहरमा पाले, दरवान र रिक्साचालक जस्ता काममा खटिनु गरेको अवस्थालाई यस निबन्धमा वर्णन गरिएको छ । यसबाहेक नेपालीहरूको भारतका विभिन्न भूभागमा देखिएको दयनीय स्थितिसमेत सामाजिक सन्दर्भका माध्यमबाट यहाँ छर्लङ्ग भएको छ । अतः यस निबन्धमा प्रयुक्त संज्ञानको खोजीका लागि सामाजिक, आर्थिक र राजनीतिक सन्दर्भको सहयोग आवश्यक रहेको छ ।

### (१५) 'नेता नम्बर एक सय एक' निबन्ध

'नेता नम्बर एक सय एक' निबन्धको विषय राजनीतिक रहेको र यस विषयलाई नेपालमा प्रजातन्त्रको स्थापनापश्चातको एक दशकमा भएको राजनीतिक अस्थिरता र त्यसको फाइदा उठाउने राजनीतिक पार्टीका नेता तथा कार्यर्ताको मनोमानी र साधारण जनताको निरीह अवस्थाको वर्णनमा केन्द्रित गरिएको छ। आकाशबाट फुलौरा बर्सने दन्त्यकथामा रहेकोमा यसैका सादृश्यमा आधुनिक समयमा पातालबाट बर्सेझैँ नेताको वर्षा हुने भन्दै यस निबन्धमा नेपालको

इतिहासमा २००७ सालमा प्रजातन्त्रको उदय भएपछि रहेको १० वर्षे राजनीतिक संक्रमण र उक्त समयमा भएका राजनीतिक उतारचढाव तथा राजनीतिक दल एवम् कार्यकर्ताको बेलगाम वृद्धिलाई व्यङ्ग्यात्मक ढङ्गले प्रस्तुत गरिएको छ । यहाँ राजनीतिक संक्रमण र स्वार्थसिद्धिका कारण सबै प्रकारका काम र जागिरभन्दा राजनीति सजिलो जागिर बनेको र राजनीतिभित्रको अपरिपक्वता तथा अस्थिर सरकारका कारण जनताहरूले दुःख पाउनुपरेको तत्कालीन वास्तविकतालाई प्रतिबिम्बित गर्ने भाषिक रूपको प्रयोग भएको छ ।

यहाँ प्रयुक्त नुनमा कन्ट्रोल भए पनि नेतामा कन्ट्रोल नहुनु, कहिले नेतामार्का, कहिले नातामार्का, चन्दा, झन्डा काँधमा हालेर हिँड्नु, जङ्गबहादुरको पालाको जडाउरी कोट, नेताले फुर्का हालेको दिन, शहीदको शपथ, पार्टीको नशा अफिमको भन्दा कडा, मावलीको मद्दतले पार्टी खोल्नु जस्ता भाषिक रूपको राजनीतिक सन्दर्भका माध्यमले मात्र अर्थ लाग्ने देखिन्छ । अतः यस निबन्धमा रहेको भाषिक रूपभित्र विशेषतः नेपालको राष्ट्रिय राजनीतिसँग सम्बन्धित २००७ देखि २०१७ सम्मको एक दशकको प्रतिच्छायाँ भेटिन्छ । यसबाहेक राजनीतिक पार्टीहरूको निर्माण, तिनीहरूका गतिविधि र सयौंको सङ्ख्यामा बनेका राजनीतिक दलहरू तथा मावलीको सहयोगले निर्माण भएको पार्टी जस्ता विषयमार्फत नेपाली राजनीतिमा मौलाएको नातावादी-कृपावादी प्रवृत्ति पनि स्पष्ट हुन्छ । अतः यस निबन्धमा प्रयुक्त संज्ञानको खोजीका लागि सामाजिक र राजनीतिक सन्दर्भको सहयोग आवश्यक रहेको छ ।

### (१६) 'महापुरुषको सङ्गत' निबन्ध

'महापुरुषको सङ्गत' निबन्धमा समाजमा रहेका मानिसहरूको बौद्धिक हालत र महापुरुषको सङ्गत गर्नुपर्ने बाध्यताको पृष्ठभूमिमा समाजमा विभिन्न क्षेत्रमा नाम कहलिएका र आवरणमा विद्वान मानिएका मानिसहरूको आन्तरिक रहस्य, उनीहरूका कमजोरी तथा आपराधिक मनोवृत्ति एवम् गतिविधिलाई तत्कालीन सामाजिक, आर्थिक एवम् राजनीतिक संरचनाका सापेक्षमा प्रस्तुत गरिएको छ । उमेर छउन्जेल जे गर्न पनि तम्सने मानिस उमेर ढल्दै गएपछि महापुरुषको र उनीहरूले दिने ज्ञानको भोको हुने नेपाली यथार्थता यहाँ बताइएको छ । समाजमा एकातिर पुरुषको भन्दा नारीको सङ्ख्या धेरै हुनु र अर्कोतिर अधिकांश मानिसहरूको कुनै भाउ नभएको हुनाले वास्तविक महापुरुष खोज्न हम्मे हम्मे परेको अवस्था रहेको छ । यस्तो भए पनि महापुरुषको सङ्गत नगरी नहुने बाध्यताका कारण महापुरुष खोज्दै टोलदेखि सिंहदरबारसम्म धाउँदा पनि आडम्बरी, स्त्रीलम्पट र काम भने सिन्को नभाँच्ने तर संसार आफैंले जितेकोभैं गर्ने मानिसहरूलाई समाजले महान् मान्छे भनेर पुज्य बनाएर राखेका ढोँगीहरू मात्र फेला परेकोमा यससम्बन्धी विरोधमूलक अभिव्यक्ति निबन्धमा रहेको छ । समाजमा महान् ठानिएका मानिसहरू भित्री रूपमा नीच र पतित रहेका छन् । उनीहरू कर्म र कुकर्मको हेक्का नराखी कि त सम्पत्ति कुम्ल्याउनमा मस्त रहेका छन् कि त महिलामाथि गिद्दे दृष्टि राखेर उनीहरूको यौनशोषण गर्न उद्धत देखिन्छन् । गन्यमान्य ठानिएका मानिसको आन्तरिक चरित्र भने निकृष्ट र घृणित रहेको

यस्तो विषयमार्फत यस निबन्धमा नेपाली समाजको वास्तविक स्थिति अनि ठुला र महान् भनिएका मान्छेहरू नै नीच र पतित रहेको वास्तविकतालाई स्पष्ट पारिएको छ ।

निबन्धमा जब भयो राती अनि बूढी ताती, सालीका आसक्त, वृषोत्सर्ग, दानबिनाको ज्ञान, सत्यनारायणको कथा, घरैमा गएर त्रिशुल चखाइदिनु, गोपिनीको चीरहरण, लक्ष्मीले पत्याउनु, धम्मरधुसको छोरो नाफा जस्ता भाषिक रूपको अर्थ सामाजिक सन्दर्भका माध्यमले र मोहियानी मिलेका दुसरको, दुई पाथी कोदो, तहबिलको पैसा मासेर तबेला बनाउनु जस्ता भाषिक रूपको अर्थ आर्थिक सन्दर्भको माध्यमबाट मात्र बोध हुन्छ । यस निबन्धमासमाजमा महान् मानिएका महापुरुषका चर्तिकला र उनीहरूभित्रको सङ्कुचित दृष्टिकोण, स्वार्थ, धर्मान्धता एवम् विदेश गएपश्चात् नेपाललाई र नेपालीलाई मामुली ठान्ने ठालु प्रवृत्तिमाथि व्यङ्ग्य प्रहार गरिएको छ र यस्तो व्यङ्ग्य सामाजिक आर्थिक एवम् राजनीतिक सन्दर्भका माध्यमले उजिलिएको छ । अतः यस निबन्धमा प्रयुक्त संज्ञानको खोजीका लागि सामाजिक र आर्थिक सन्दर्भको सहयोग आवश्यक रहेको छ ।

**(१७) 'जय भुँडी' निबन्ध**

'जय भुँडी' निबन्धमा विशेषतः संसारमा भएको जनसाङ्ख्यिक अवस्था र खाद्यान्नको अभाव तथा विश्व भोकमरीको चपेटामा परिरहेका बखत उत्पादनका साधनमाथि धनी र हुने खानेहरूले गरेको नियन्त्रणको वर्णन गरिएको छ । संसारमा जताततै भोकमरी र खाद्यान्नको सङ्कट रहेको हुनाले पुरानो नैतिकता, सदाचार र धर्मकर्म नभएर आजको जरुरी विषय भनेको कसरी संसारमा रहेको भोकमरीको अन्त्य गर्ने भन्ने हो । यसतर्फ ध्यानाकृष्ट गराउनका लागि निबन्धमा विभिन्न प्रकारका भुँडीको वर्णन गरिएको छ । यहाँ प्रयुक्त भुँडीका विभिन्न रूपले सामान्य रूपमा मानवीय जैविक संरचनाभित्र हुने भुडीलाई नजनाएर सामाजिक र विशेषतः आर्थिक क्षेत्रमा हुने खाद्यान्नको अवस्था र दैनिकीको जोहो एवम् आर्थिक उन्नति र प्रगतिको टकरावका कारण भएको उछिनापाछिन र युद्ध आदिलाई जनाएको छ ।

निबन्धमा वर्णित भुँडीका प्रकार र प्रवृत्ति वा स्वभावमा रहेका फरकले संसारमा रहेको वर्गीय विभेदको अवस्था र वर्गशोषणलाई जनाएको छ । विश्व जगतमा देखिएको आर्थिक क्रान्ति गर्ने दर्शनका रूपमा माक्सवादलाई र नेपालमा रहेको आर्थिक असमानताको अन्त्य तथा विपन्न किसानहरूको पक्षमा गरिएको कदमका रूपमा भूमि सुधार कार्यक्रमलाई विभिन्न स्थितिका आधारमा यहाँ प्रस्तुत गरिएको छ । यहाँ प्रयुक्त व्यास बाजे, वेदव्यास, वेदनाश, विश्वामित्र जस्ता नैष्ठिक जस्ता भाषिक रूप सामाजिक सन्दर्भका माध्यमले; भुँडीपुराण, जल र नैवेद्य, भुँडीको पूजाविधि, घरबार सब पुरपार पार्नु, हाँडीघोप्टे भुँडी, घ्याम्पे भुँडी, टाकनटुकन भुँडी, ठन्डाराम भुँडी, काँचो तरुल र भ्याकुरले भुँडीपूजा, भवती भवती गहुँ म देही, सुरसाको मुख जस्ता भाषिक रूप आर्थिक सन्दर्भका माध्यमले र लिङ्कन, लेनिन, नेपोलियन, जङ्गबहादुर, अणुबम बनाउने खर्च, मार्क्सले भुँडीपूजाको समान पद्धति सोच्नु, भारतमा सर्वोदयको सपना, भूमिसुधारको महामेला

जस्ता भाषिक रूप राजनीतिक सन्दर्भका माध्यमले अर्थिन्छन् । यसका साथै निबन्धमा विश्वमा देखिएको आर्थिक असमानता र विपन्न एवम् कमजोर राष्ट्रहरूले भिख माग्नु परेको परिस्थिति विभिन्न सन्दर्भसूचक भाषिक रूपका माध्यमबाट अभिव्यक्त भएको छ । अतः यस निबन्धमा प्रयुक्त संज्ञानको खोजीका लागि सामाजिक, आर्थिक र राजनीतिक सन्दर्भको सहयोग आवश्यक रहेको छ ।

### (१८) 'पर्खनोस्' निबन्ध

'पर्खनोस्' निबन्धमा सम्पादकलाई छाप्नका लागि दिनुपर्ने लेखको विषयलाई लिएर स्वदेशमा र विदेशमा भएका सामाजिक र राजनीतिक गतिविधि, मनमुटाव, पर्खापर्खी र निराशाका घटनालाई हास्यात्मक पाराले प्रस्तुत गरिएको छ । भियतनाममा बौद्ध भिक्षुले आगोमा डडेर मर्नुपरेको भन्दै भियतनाम युद्धका कारण बनेको अशान्ति र बुद्ध धर्मको मूल भावनामाथि भएको कुठाराघातका विपक्षमा लेखकीय विचार यहाँ व्यक्त भएको छ । ताइवानमा जम्मा भएका सिपाही, थाइलैन्डमा खडा भएका अमेरिकी सैनिक अड्डा र यसमा बन्दी भएका नेपालीहरू, वैज्ञानिक आविष्कारका लागि दत्तचित्त भएका वैज्ञानिकहरू लगायत सबैले पर्खनुपरेको बाध्यताको उदाहरण दिएर यहाँ पर्खनुलाई सामान्यतः धैयको माध्यम र नियतपूर्ण ढिलासुस्ती दुवैका रूपमा हेरिएको छ ।

खासगरी तत्कालीन समयमा राजनीतिक क्षेत्रमा भएको जालझेल र ढिलासुस्तीका विषयमार्फत यस निबन्धमा विश्वमा भएका विभिन्न गतिविधि र मानव समाजमा परेको त्यसको असरलाई व्यङ्ग्यात्मक ढङ्गले वर्णन गरिएको छ । यहाँ प्रयुक्त ताइपेहमा जम्मा भएका तोर्मे सिपाहीहरू, थाइलैन्ड पुगेका थाकखोलाका सैनिक, अमेरिकी सैनिकको अड्डा, जर्मन एकीकरणको प्रश्न, चीनलाई साधारण सदस्यता, आणविक हतियारमा प्रतिबन्ध जस्ता भाषिक रूपको राजनीतिक सन्दर्भको माध्यमले मात्र अर्थबोध हुन्छ । मान्छेको जीवनको सुरुवात नै पर्खाइसँगै भएको हुनाले मानिसले आमाको कोखबाट जन्मनाका लागि समेत नौ महिनासम्म पर्खनुपरेको र जीवनका हरेक मोडमा पर्खिनुको विकल्प नभएको भन्दै सामान्यतः यहाँ पर्खाइलाई जीवनको नियमका रूपमा अर्थ्याइएको र विशेष गरी विश्वमा शान्ति र आनन्द खोसेर अशान्ति र युद्धको तयारी गरेका विभिन्न देशहरूले पर्खाउने बहानामा अन्याय गरिरहेको कुरा चीनको संयुक्त राष्ट्रसङ्घको सदस्यताको पर्खाइ, जर्मन एकीकरणको प्रश्न र आणविक हतियारको प्रतिबन्धमा भएको आनाकानीका माध्यमबाट उठाएर यसमार्फत विश्व परिवेशमा देखा परेको स्वार्थता, अन्तर्राष्ट्रिय प्रभाव र युद्धमोहलाई यहाँ व्यङ्ग्य गरिएको छ । अतः यस निबन्धमा प्रयुक्त संज्ञानको खोजीका लागि राजनीतिक सन्दर्भको सहयोग आवश्यक रहेको छ ।

### (१९) 'उडाउनुसित एकछिन उड्दा' निबन्ध

'उडाउनुसित एकछिन उड्दा' निबन्धमा समाजका ससाना गतिविधिदेखि अमेरिका र रुसले गरेका वैज्ञानिक प्रवृत्तिसम्मलाई समेट्दै मूलतः विकसित मानिसहरूलाई व्यङ्ग्य प्रहार

गरिएको छ । समाजमा उडाउनेको कमी छैन । एकातिर उडाउनुलाई यहाँ सामान्य रूपमा लिएर बिरालाले दुध उडाउनु वा मन्दिरमा परेवा उडाउनुलाई सामान्य रूपमा वर्णन गरिएको छ भने अर्कोतिर चन्द्रमामा रकेट उडाउने र हिरोसिमामा बम पड्काएर मानवता र शान्ति उडाउनेहरूमाथि यहाँ व्यङ्ग्यप्रहार गरिएको छ । यस निबन्धमा एकातिर उडाउनुलाई भौतिक र वैज्ञानिक प्रगतिका रूपमा र अर्कोतिर मान्छेको अरूलाई होच्याउने प्रवृत्तिका रूपमा लिइएको छ । दोस्रो विश्वयुद्धको समयमा अमेरिकाले जापानको हिरोशिमा र नागासाकीमा बम उडाएको भन्दै यहाँ आणविक अस्त्रको प्रयोग र युद्धका कारण मानिसको सातो उडेको तर्फ विचारलाई लक्षित गरिएको छ ।

निबन्धमा प्रयुक्त एउटा देशले भूउपग्रह उडाउनु, परेवा उडाउनु, एपोलो र सोयुजका उडान, वेधशाला, हिरोशिमा उडाउने, साँधसीमा उडाउने, नरले पृथ्वी नै उडाउनु जस्ता भाषिक रूपको अर्थबोध राजनीतिक सन्दर्भका माध्यमले मात्र हुन्छ । सामाजिक क्षेत्रका विविध घटना र मानवीय स्वभावका विविध प्रसङ्गमार्फत वर्तमान वैज्ञानिक युगमा समेत मान्छेको अरूलाई उडाउने प्रवृत्ति नहटेको हुनाले विश्वमा युद्ध र द्वन्द्वले तहसनहस पुऱ्याएको हिरोसिमा र नागासाकी जस्ता स्थानमा मरुभूमि निर्माण भएको र मान्छेको भौतिक उन्नति तथा प्रगति पृथ्वीको विनाशतिर अग्रसर रहेको विषयलाई तत्कालीन विश्व परिस्थितिसँग जोडेर राजनीतिक सन्दर्भमार्फत यहाँ देखाइएको छ । अतः यस निबन्धमा प्रयुक्त संज्ञानको खोजीका लागि राजनीतिक सन्दर्भको सहयोग आवश्यक रहेको छ ।

### (२०) **'गलबन्दी' निबन्ध**

'गलबन्दी' निबन्धमा मान्छेमा उत्पन्न हुने सामान्य रोगका रूपमा गलगाँडको दृष्टान्तसहित मान्छेले आफूसँग भएका कर्तुतहरूलाई छोपेर महान् बन्ने चाँजोपाजो गलबन्दीले मिलाइदिएको भन्दै गलबन्दीयुक्त मान्छेहरूको चरित्रप्रति व्यङ्ग्य गरिएको छ । मान्छे आडम्बरी र विकृत भएको छ । उसले हुने नहुने कृत्य गरेर त्यसको ढाकछोप गर्ने काम गरिरहेको छ । तत्कालीन राष्ट्रिय परिस्थिति तथा विश्व जगतका विविध घटनाहरूको परिवेशमा आधारित भाषिक रूपमा यहाँ मान्छेको मात्र होइन, देवताका पालामा पनि आफ्ना कुकृत्यलाई छोप्नका लागि महानताको चरित्र निर्माण गरिएको भन्दै गीतालाई समेत कृष्णको गलबन्दी मानिएको छ ।

गलगाँड भनेको मानिसमा हुने रोग हो तर निबन्धमा मानिस आफ्ना कर्मका गलगाँड बोकेर त्यसको ढाकछोप गरेर महान् बनेर हिडिरहेको प्रति यो शब्द लक्षित रहेको छ । यस निबन्धमा कृष्ण, कुरुक्षेत्र, अर्जुन, नास्तिक, स्वर्ग गोराहरूको जस्ता भाषिक रूपको अर्थ सामाजिक सन्दर्भका माध्यमले र ब्रह्माण्ड नभई ब्रह्मगाँड, ग्याँसच्याम्बर, कोलम्बसले अमेरिका पत्ता लगाउनु, मन्त्री हुनु, निरस्त्रीकरणको प्रस्ताव, प्रधानपञ्च, प्रधानमन्त्री जस्ता भाषिक रूपको अर्थ राजनीतिक सन्दर्भका माध्यमले मात्र स्पष्ट हुन्छ । यसरी मान्छेले आफ्ना कमीकमजोरीलाई सुधार गरेर होइन, गलबन्दीरूपी आडम्बरले ढाकेर संसारमा महान् बन्न खोज्ने चेष्टा गर्छ भन्ने

तथ्यमार्फत मानवीय स्वभाव, चरित्र, तिनका गतिविधि र आजको मान्छेका प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । अतः यस निबन्धमा प्रयुक्त संज्ञानको खोजीका लागि सामाजिक र राजनीतिक सन्दर्भको सहयोग आवश्यक रहेको छ ।

### (२१) **'मान्छे मोडेल' निबन्ध**

'मान्छे मोडेल' निबन्धमा मान्छेले भौतिक रूपमा धेरै प्रगति गरेर विज्ञान र प्रविधिको क्षेत्रमा निकै विकास भए पनि मान्छेको मोडेल पुरानै रहेको भन्दै नयाँ मोडेलको मान्छे बनाउन तम्तयार रहेका विद्वान-विज्ञहरूको विमर्श र छलफललाई विषय बनाइएको छ । पौराणिक प्रसङ्गलाई पनि जोडेर ब्रह्माले मान्छेको सिर्जना गरेको र मान्छेको मोडेल परिवर्तन गर्न पनि ब्रह्माकै आवश्यकता पर्ने भन्दै ब्रह्मालाई मान्छेले गरेको निवेदन र विषयगत विज्ञहरूको विमर्शमार्फत मान्छेलाई अझ कुरूप र कृत्रिम बनाउन मान्छे नै लागि परेको विषयप्रति यहाँ खेद व्यक्त गरिएको छ । संसारमा मान्छे क्रमशः स्वार्थी बन्दै गएको हुनाले मान्छेको मोडेलमा यही कुराको प्रतिबिम्बन देखिएको छ ।

मान्छेले विश्व शान्तिको नारा जपे पनि युद्धको मोह नत्यागेको हुनाले यसको प्रतिम्बिन विश्वमा विभिन्न स्थानमा भएका युद्ध र दमनबाट भएको भन्ने विचार पनि यहाँ प्रक्षेपण भएको देखिन्छ । भौतिक र वैज्ञानिक क्षेत्रमा गरेको उन्नतिका कारण मान्छे मानवताहीन र स्वार्थी पनि बन्दै गएको हुनाले बढी महत्त्वाकाङ्क्षा बोकेर उसले आज पृथ्वीकै पनि विनाश गर्न लागेको विषयलाई यहाँ व्यङ्ग्यात्मक पारेर प्रस्तुत गरिएको छ । यहाँ प्रयुक्त राकेट युग, हाइड्रोजनको एक वृष्टि, बिटनिक, सैगोनमा गएर अमेरिकी सिपाही, भियतकङ गुरिल्ला, एक मुखले शान्तिवार्ता र अर्को मुखले युद्धवार्ता जस्ता भाषिक रूपको आशय राजनीतिक सन्दर्भको सहयोगमा मात्र स्पष्ट हुन्छ । अझै युद्धप्रति आकर्षित भएको भन्दै अबको मान्छे बनाउँदा उसमा धेरै सन्तान उत्पादन गराउने शक्ति थप्न पाए सैनिकको सङ्ख्या पुग्दो मात्रामा हुने भन्ने विषयमार्फत संसारमा भएका युद्धका घटना र सैनिक बनाउनका लागि पनि मान्छे खोजी खोजी ल्याउने तत्कालीन युद्धको परिस्थिति यहाँ अन्तर्निहित रहेको छ । यसरी द्वितीय विश्वयुद्ध पश्चात् तत्कालीन विश्वको शीतजन्य सम्बन्ध र अमेरिका भियतनाम युद्धको परिवेशलाई यहाँ व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरिएको छ । अतः यस निबन्धमा प्रयुक्त संज्ञानको खोजीका लागि मुख्यतः राजनीतिक सन्दर्भको सहयोग आवश्यक रहेको छ ।

### (२२) **'साँढे' निबन्ध**

'साँढे' निबन्धमा धार्मिक दृष्टिले शिवजीको बाहन मानिएको साँढे र सामान्य जनावारका रूपमा रहेको गोरुको रूप साँढेलाई सन्दर्भार्थमा प्रयुक्त गरिएको छ । हिन्दूहरूका महान् देवता भएको हुनाले पशुपतिनाथको महिमा र गरिमा उच्च रहेको छ । उही पशुपतिनाथ वा शिवको बहानमा नियुक्त भएपछि शिवको बहान भएको रवाफमा साँढेले जसरी सबैलाई हेप्ने र आफ्नो घमण्ड प्रदर्शन गर्ने गरिरहेको छ, मानिसले विभिन्न वहानामा आफूलाई साँढे सावित गराएर

त्यसरी नै दम्भ प्रदर्शन गरिरहेको छ। महादेवको वहानका रूपमा नियुक्त भएपछि जसरी साँढेको फुर्ती र घमन्ड बढेको छ, ठिक त्यसै गरी संसारमा शक्तिशाली देशहरू शक्तिको आडमा ससाना देशहरूलाई हेप्ने र दमन गर्ने काममा लागिरहेका छन् र त्यस्ता केही शक्तिशाली देशको सहयोग पाएका वा समर्थक बनेका देशहरूको पनि घमन्ड बढिरहेको विषयलाई यस निबन्धमा विशेष जोडका साथ उठाइएको छ।

'साँढे' कुनै जनावर वा मान्छे नभई यो प्रवृत्तिका रूपमा विश्वमा विकसित भएको छ। यहाँ प्रयुक्त साँढेले जनावरलाई नजनाई मान्छेको र विशेष गरी देशहरूको अरूलाई हेप्ने दलाहा प्रवृत्तिलाई नजाएको छ। यस क्रममा निबन्धमा आएका पर्खालमा सिँगौरी खेलेर भत्काउन खोज्नु, मन्त्रीको पी.ए., राजिनामा, कान्जी हाउस बनाएर थुन्नु, शान्तिप्रिय बाच्छाहरू किचिनु जस्ता भाषिक रूपको तात्पर्यबोध राजनीतिक सन्दर्भमा माध्यमले मात्र सम्भव देखिन्छ। तत्कालीन समाज, राष्ट्र र अन्तर्राष्ट्रिय जगतमा मौलाएको ठालु, हेपाहा बन्ने प्रवृत्ति र मान्छेको अन्धमहतालाई पनि यहाँ सङ्केत गरिएको छ। समाजमा, राष्ट्रमा र विश्वजगतमा साँढे बन्ने प्रवृत्ति जताततै फैलिरहेको कारण संयुक्त राष्ट्रसङ्घ जस्तो कान्छी हाउस निर्माण गरेर विश्वका साँढेहरूलाई थुन्न प्रयास गरे पनि उनीहरूका कारण विश्वमा खतरा सिर्जना हुने सङ्केत गर्दै तत्कालीन अवस्थाका विश्वका शक्ति राष्ट्रहरूको हैकमवादी रवैयालाई विभिन्न अन्तर्राष्ट्रिय राजनीतिक सन्दर्भका माध्यमले यहाँ अर्थ्याइएको छ। अतः यस निबन्धमा प्रयुक्त संज्ञानको खोजीका लागि सामाजिक र राजनीतिक सन्दर्भको सहयोग आवश्यक रहेको छ।

### (२३) 'पृथ्वीनारायण ! तिमी फेरि आऊ' निबन्ध

'पृथ्वीनारायण ! तिमी फेरि आऊ' निबन्धमा पत्रशैलीमा नेपालका ऐतिहासिक व्यक्तित्व पृथ्वीनारायण शाह र उनको दिव्योपदेशसँग सम्बन्धित विभिन्न तथ्यमार्फत पृथ्वीनारायण शाहको उसबेलाको ऐतिहासिक र दूरदर्शी चरित्र तथा आजको राष्ट्रियता खण्डित भएको वर्तमानको वास्तविक अवस्थालाई तुलनात्मक रूपमा उठाइएको छ। पृथ्वीनारायण शाहले सुरु गरेको राष्ट्रनिर्माणको अभियानले बहादुर शाहसम्म पुग्दा पूर्णता पाएको तर अहिले दक्षिणको महाचतुर बादशाहले नेपालमाथि प्रभाव जमाएको कुरा यहाँ उल्लेख छ। नेपालको इतिहासमा पृथ्वीनारायण शाहको योगदान एकीकरणकर्ता वा राष्ट्रनिर्माताका रूपमा रहेको छ। उही पृथ्वीनारायणलाई फर्केर आउन भन्दै यहाँ विशेष गरी पृथ्वीनारायण शाहको दिव्योपदेश र तत्कालीन अवस्थाको दूरदर्शी विदेशनीतिको आवश्यकतालाई देखाउन खोजिएको हो। राष्ट्रियताका दृष्टिले दुई ढुङ्गाको तरुल बनेको नेपालको भौगोलिक स्थिति र दक्षिणी ढुङ्गाबाट गरिएको व्यवहार तथा उससँग भएका असमान सन्धिको विषयमार्फत नेपालको राजनीति र राष्ट्रियतामा विदेशी प्रभाव रहेको देखाइएको छ।

पृथ्वीनारायण शाहले दिव्योपदेशमा उल्लेख गरेको खानी चलाउने कुरा नेपालीले हालसम्म गर्न नसकेको तर आफ्ना सम्पदा बेचेर विदेशी सामान खरिद गर्ने गरेको तथ्य यहाँ गोरु, ट्याक्सी,

रुख, स्टोप जस्ता शब्दहरूबाट अभिव्यक्त भएको छ। नेपालीहरूले घरबुना र स्वदेशी पोशाकलाई भुलेर विदेशी पोशाक आयात गरेर लाउने गरेको विषय र हिन्दी चलचित्रहरूको व्यापार बढाइएको कुरा उल्लेख गर्दै नेपालीमा ढिलै भए पनि सांस्कृतिक जागरण आएको हुनाले चौधै अञ्चलमा सांस्कृतिक समारोहहरू सम्पन्न हुने थालेको आशावादी दृष्टिकोण पनि अभिव्यक्त भएको छ । यहाँ प्रयुक्त तीन सहर नेपालका नेवारहरूको नाच, हिन्दी चलचित्र, चौधै अञ्चलका सांस्कृतिक समारोहहरू जस्ता भाषिक रूपको तात्पर्य सामाजिक सन्दर्भका माध्यमले; खानी भयाका ठाउँमा गाउँ, नगद विदेश जानु, घरबुना खाँडी, जडिबुटी देस लैजानु जस्ता भाषिक रूपको आशय आर्थिक सन्दर्भका माध्यमले र दुई ढुङ्गाको तरुल, राजा र रैती, दषिनको समुद्रका वादशाह, रणचातुर्य, असमान सम्झौता, अरूको सैनिक मिसन, हिन्दुस्थानको सुरक्षा जस्ता भाषिक रूपको अर्थ राजनीतिक सन्दर्भको माध्यमबाट मात्र बोध हुने देखिन्छ । अतः यस निबन्धमा प्रयुक्त संज्ञानको खोजी गर्नका लागि सामाजिक, आर्थिक र राजनीतिक सन्दर्भको सहयोग आवश्यक रहेको छ ।

### (२४) 'केही राष्ट्रिय रोग एक अनुसन्धान' निबन्ध

'केही राष्ट्रिय रोग एक अनुसन्धान' निबन्धमा नेपाली समाजमा विद्वान र महत्त्वपूर्ण कहलिएका डाक्टरहरूको वास्तविक यथार्थ उजागर गर्दै नेपालमा फैलिएका विभिन्न समस्यालाई रोगका रूपमा परिभाषित गरिएको छ । यस निबन्धमा प्रयुक्त सात प्रकारका महाँरोगको प्रसङ्ग र तिनका माध्यमबाट नेपाली समाजमा रहेको सामाजिक आचरण, आर्थिक विपन्नता तथा राजनीतिक पद्धतिसम्बन्धी तत्कालीन परिवेश वर्णित भएको छ र यसलाई स्पष्ट पार्ने विशेष गरी सामाजिक सन्दर्भहरू रहेका छन् । यस निबन्धमा देशमा भएको डाक्टरी पेसा र यसमा रहेको विकृतिको विरोधका साथ केही स्वदेशी समस्याहरूलाई रोगका रूपमा परिचय गराइएको छ । यसरी निबन्धको विषयवस्तु स्वदेशका सामाजिक र आर्थिक क्षेत्रमा देखिएका समस्या र विकृतिलाई व्यङ्ग्यात्मक दृष्टि दिने कुरामा केन्द्रित रहेको छ । नेपालमा डाक्टरको सङ्ख्याचाहिँ बढे पनि डाक्टरहरूको सामाजिक दायित्व र जिम्मेवारीबोधको कमीका कारण उनीहरूले गर्ने उपचारलाई गयाका पण्डाले श्राद्धमा गरेको तरिकासँग यहाँ तुलना गरिएको छ ।

नेपालोप्याथीबाट पत्ता लगाएका भन्दै महाजनेन्डिस, चमेरिया, पद प्रेसर, कन्सुत्ले, 'रे'मेनिया, नामाञ्ची र पकेटोक्र्यासिस जस्ता सात ओटा भिन्न प्रकारका रोगको जानकारी दिँदै नेपालमा तत्कालीन समयमा मौलाएका मानवीय र सामाजिक प्रवृत्तिमाथि व्यङ्ग्यप्रहार गरिएको छ । यहाँ प्रयुक्त बिरामीको सङ्ख्या बेकार स्नातकझैँ दिन दोब्बर रात चौबर, गयाका पन्डाले श्राद्ध गराएझैँ, पोजिसनबद्ध प्रोसेसन, आत्मपुराण, सोह्रसरादका पुरेत बाजे, स्वास्नीको सारी बन्धकी राखी एउटा अड्भान्स पार्टी बोलाउन जस्ता भाषिक रूपलाई सामाजिक सन्दर्भका माध्यमले र पकेटोक्र्यासिस, झ्याउरे अनुहार, दाउरे जीउ र चाउरे गाला, शिक्षित बेकार र न्यूनवैतनिक कामदार जस्ता भाषिक रूपलाई आर्थिक सन्दर्भका माध्यमले मात्र अर्थ्याउन

सकिन्छ । यसरी सामाजिक तथा आर्थिक क्षेत्रमा देखिएका घमण्ड, पदलोलुपता तथा हल्लाको पछाडि लाग्ने र नामको भोको हुने आम प्रवृत्तिलाई यहाँ विभिन्न भाषिक रूपमार्फत प्रस्तुत गरिएको छ । यसका अतिरिक्त नेपालमा रहेको गरिबी र विपन्नताका कारण उत्पन्न शिक्षित बेरोजगार र न्यून वेतनभोगी कर्मचारीको आर्थिक दुरावस्थालाई समेत यहाँ प्रस्तुत गरिएको छ । यस निबन्धमा प्रयुक्त भाषिक रूपमा नेपाली समाजको २०२० को दशकमा देखिएको सामाजिक र आर्थिक परिस्थितिगत अव्यवस्था र तत्कालीन मानवीय प्रवृत्तिको पर्यावरण अन्तर्निहित भएको छ । अतः यस निबन्धमा रहेको संज्ञानको खोजीका लागि सामाजिक र आर्थिक सन्दर्भको सहयोग आवश्यक रहेको छ ।

**(२५) 'भान्सा भो हजुर ?' निबन्ध**

'भान्सा भो हजुर ?' शीर्षकको निबन्धले नेपाली समाजमा रहेको आर्थिक अभाव, विपन्नता र यसका मारमा परेका मानिसले दैनिक जीविकोपार्जनका लागि गर्नुपरेको दुःख, पीडाजन्य परिस्थिति अभिव्यक्त गरेको छ । यस निबन्धमा 'भान्सा' शब्दलाई आर्थिक सम्पन्नता र विपन्नताका दृष्टिले अर्थ्याउँदै भान्साका कारण समाजमा रहेको विभेद र यसैका आधारमा दैनिक जीविकोपार्जनका विभिन्न नाम रहेको पनि बताइएको छ । विशेषतः सहरकेन्द्रित न्यून वेतन भएका वा बेरोजगार मानिसहरूले दैनिक जीवनयापन गर्न नसकेको र उनीहरूको भान्साको व्यवस्था अत्यन्त जटिल बनेको तत्कालीन परिस्थिति अन्तर्निहित यस निबन्धमा नेपालको आर्थिक हैसियत र नेपाली जनजीवनमा रहेको गरिबीको चरम रूप देखापर्छ । सहरका मानिसले भान्सा गर्न पाएको छैन । सरकारी काम गर्ने र न्यूनवेतन भएका मानिसको दिनचर्याको पनि भिन्नै किसिमको समस्या रहेको छ । यति मात्र नभई सबै मानिस खानलाउनका दुःखले आक्रान्त भएको हुनाले कसैले दुध वा दही बेचेर त कसैले पाती पढेर आफ्नो दैनिक गुजाराको जोहो गरिरहेको विषयमार्फत तत्कालीन नेपालमा रहेको बेरोजगारी र रोजगारी प्राप्त गर्नेले पनि जीविका चलाउन धौ धौ परेको यथार्थलाई यहाँ स्पष्ट पारिएको छ ।

यहाँ प्रयुक्त सुर्जे साहूको आवाज, अघिल्लै महिना भान्सा गरेको एक मुरी चामलको उधारो, जागिरजीवी अधिकृत, काँचोकचिलो भान्सा, भोजन गर्नु, भान्सा गर्नु, हसुर्नु, धोक्र्याउनु, चौरासी व्यञ्जनका दर्जनौँ दर्जन रिकापीहरू, भान्सा विभागकी अध्यक्ष, मट्टितेलमा बनाएको पनि मिठो, भान्सा भगवतीका उपासक, हाम्रो मूल व्यथा नै भान्सा जस्ता भाषिक रूपको अर्थबोधका लागि आर्थिक सन्दर्भको सहयोग आवश्यक हुन्छ । यहाँ रहेको 'भान्सा' शब्दले सामान्य खानालाई नजनाएर मानिसको दैनिकी र यसका लागि भएको खाद्यान्नको जोहो तथा समग्रमा जीविकाका लागि हुने आर्थिक उपार्जन र उत्पादन सम्बन्धका आधारमा निर्मित वर्गीय समाजलाई पनि जनाएको छ । अतः यस निबन्धमा प्रयुक्त भाषिक अभिव्यक्तिले नेपाली समाजमा खानलाउनका लागि परेको तत्कालीन दुःख र विपन्नतालाई जनाउने भएको हुनाले यहाँ निहित रहेको संज्ञानको खोजीका लागि आर्थिक सन्दर्भको सहयोग आवश्यक रहेको छ ।

### (२६) 'उन्नतिको शिखरतिर' निबन्ध

'उन्नतिको शिखरतिर' शीर्षकको निबन्धमा सगरमाथाको शिखर र उन्नतिको शिखरमध्ये कुन चाहिँ अग्लो भन्ने सामान्य प्रश्न र त्यसबाट उत्पन्न खुल्दुलीको पृष्ठभूमिमा मान्छेले आफ्नो व्यक्तिगत स्वार्थ, पदीय हैसियतको आर्जन र बडप्पनका लागि हदैसम्मको निकृष्ट कार्य गरेको र मान्छेको यही गलत मार्गका कारण समाजमा हत्या, हिंसा, आतङ्क, लुट र भ्रष्टाचार बढ्दै गएको विषयलाई व्यङ्ग्य गरिएको छ । उन्नतिको शिखर हेर्ने भान्जाको इच्छा र यसैको फाइदा उठाउने मामाको महत्वाकाङ्क्षासम्बन्धी विषयवस्तुमार्फत निबन्धमा नेपाली समाजमा मौलाएको मानवताहीन स्वार्थी र द्रव्यपिपासु प्रवृत्ति तथा न्युनतम् नातासम्बन्ध पनि नभन्ने आधुनिकतामूलक दुष्प्रवृत्ति यहाँ देखाइएको छ । मामाको आश्वासनमा परेर उन्नतिको शिखर हेर्न जान लागेका बेलामा मामाले लाज, घिन त्यागेर मात्र उन्नतिको शिखर पुग्न सकिने भनेर सुझाएबाट गैह्रकानुनी माध्यमबाट धन र पद आर्जन गर्ने समकालीन सामाजिक तथा राजनीतिक चरित्रलाई यस निबन्धमा व्यङ्ग्य प्रस्ट हुन्छ ।

तत्कालीन नेपालको सामाजिक स्थिति अन्तर्निहित भएका मामाघर, बाबुको गुठुरीदेखि आमाको गहनासम्म जस्ता भाषिक रूप, आर्थिक अवस्था अन्तर्निहित भएका क्याबरेमा धनीमानी र सन्मानीहरूको लर्को, पन्ध्र-बिस हजार रुपियाँ, नैवद्य थुतेर उफ्रेको बाँदर, पोको, डलर र गिनीका झम्का जस्ता भाषिक रूप र राजनीतिक स्थिति अन्तर्निहित भएका टेबल चपाएर फायल थुक्नु, जागिर माग्न मन्त्रीको चाकडी, मेचैमेच लस्कर, घैँटैघैँटा, सिफारिस जस्ता भाषिक रूपको अर्थबोध क्रमशः सामाजिक, आर्थिक र राजनीतिक सन्दर्भका माध्यमबाट मात्र हुने देखिन्छ। यसरी वर्णनात्मक शैलीमा कथात्मक बान्की थपेर यस निबन्धमा उन्नतिको शिखर देखाइदिने बहानामा आफ्नै मामाले भान्जालाई लुटेर अन्त्यमा ज्यान मार्ने समेत धम्की दिएको हुनाले यसबाट अर्यालले तत्कालीन समयमा मौलाएको स्वार्थी र द्रव्यपिपासु प्रवृत्तिको विरोध गरेको देखिन्छ । यसका अतिरिक्त राजनीतिक तथा प्रशासनिक क्षेत्रमा देखिएको पदलोलुप प्रवृत्ति तथा पद र प्रतिष्ठाका लागि धन खर्च गर्ने वा नातानेता आदिको सिफारिस ल्याउने तत्कालीन राजनीतिक हस्तक्षेपयुक्त सामाजिक तथा प्रशासनिक संयन्त्रको यहाँ धज्जी उडाइएको छ । अतः यस निबन्धमा प्रयुक्त संज्ञानको खोजीका लागि सामाजिक, आर्थिक र राजनीतिक सन्दर्भको सहयोग आवश्यक रहेको छ ।

### (२७) 'हराम पाँडे हजुर' निबन्ध

'हराम पाँडे हजुर' शीर्षकको निबन्धमा कुनै खास व्यक्ति अप्रेसन गर्दाको बेहोसी क्षणमा चित्रगुप्तको कार्यालय पुगेको प्रसङ्गमार्फत चित्रगुप्तको कार्यालयमा भएको ढिलासुस्ती र न्याय सम्पादन प्रक्रियाको अलमललाई तत्कालीन नेपालमा रहेको चारखाल अड्डामा हुने ढिलासुस्ती, कर्मचारीतन्त्रको गैरजिम्मेवारी, भ्रष्टाचार तथा निकम्मा प्रशासनिक प्रक्रियासँग संयोजन गराइएको छ । मान्छे मरेर गएपछि पनि जिउँदो हुँदाको प्रशासनको अव्यवस्था, ढिलासुस्ती र कामचोर

प्रवृत्तिले निरन्तर पछ्याइरहेको हुनाले मानिसले मरेर पनि सुख नपाएको विषयको अन्तर्यमा नेपालको सरकारी कामकाजको प्रक्रियामुखी परम्परामाथि चोटिलो व्यङ्ग्य रहेको छ । नेपालमा सरकारी कार्यलयमा कामचोर प्रवृत्ति र कार्यालयमा घुसखोरी पनि प्रशस्तै रहेको छ । ससाना काममा पनि भोलिवादी परम्परा कायम भएको हुनाले जनताले प्रक्रियाका नाममा सास्ती मात्र पाइरहेको तत्कालीन स्वदेशी प्रशासनिक प्रवृत्तिमाथि व्यङ्ग्य प्रहार गर्न यहाँ चित्रगुप्तको कार्यालय र जन्म तथा मृत्युका धार्मिक प्रसङ्गको सहयोग लिइएको छ ।

पौराणिक पात्र र तिनको भूमिकासम्बन्धी पृष्ठभूमिमा प्रयुक्त लक्ष्मीको तर्फबाट विष्णुकामा बिन्ती, चित्रगुप्त, ज्योतिषी, आर्यघाटको घाटेचौकी, थरगोत्रावलीका लेखक, पापपुण्य प्रतिष्ठान, नरकको गल्लीमा डेरा, छोराले दान दिएको गुन्टागुठुरी जस्ता भाषिक रूपको अर्थ सामाजिक सन्दर्भका माध्यमले र डिल्लीबजार अड्डा, चित्रगुप्तको रिसेप्सन अफिस, निर्वाचन आयोग, पुर्जा, गुइँठा करपोरेसनको जथाभावी अफिस जस्ता भाषिक रूपको अर्थ राजनीतिक सन्दर्भका माध्यमले मात्र स्पष्ट हुन्छ । एकातिर कार्यालयमा ढिलासुस्ती र कामचोर प्रवृत्ति रहेको छ भने अर्कातिर काम गर्दा समेत खास संवेदनशील भएर नगरिदिनाले गर्दा सोही हेलचेक्र्याइँका कारण जनताले दुःख पाउनुपरेको तत्कालीन वास्तविकतालाई यहाँ प्रस्तुत गरिएको छ । यसरी हेर्दा निबन्धमा नेपालीहरूले प्रशासनिक दृष्टिले पाएको पीडा, हन्डर, दुःख, ढिलासुस्ती जस्ता विषयमाथि यहाँ व्यङ्ग्य प्रस्तुत गरिएको देखिन्छ । अतः यस निबन्धमा रहेको संज्ञानको खोजीका लागि सामाजिक, आर्थिक र राजनीतिक सन्दर्भको सहयोग आवश्यक रहेको छ ।

### (२८) **'असनको डबली' निबन्ध**

'असनको डबली' निबन्धमा विभिन्न विषयको सँगालोका रूपमा नेपालको कृषि प्रधानता र यसका समस्यादेखि सरकारी कर्मचारीमा रहेको रवाफ, जनतालाई शोषण गर्ने र हेप्ने प्रवृत्ति तथा विश्वमा भइरहेको आणविक हतियारको निर्माणसम्मका विषयहरू उठाइएको छ । कृषिप्रधान देश नेपालमा कृषि भने परनिर्भरता रहेको र आखिरमा देशमा खानलाउनका लागि चामलको समेत दुःख रहेको हुनाले चामलको भात खाएर साध्य नहुने भन्दै मकै वा कोदाको ढिँडो खानुपर्ने बाध्यता रहेको सङ्केत यहाँ गरिएको छ । देशमा सबै क्षेत्रमा विसङ्गति र अस्तव्यस्तता रहेको र देशमा मात्र होइन, विश्व जगतमा पनि आणविक प्रतिस्पर्धाका कारण विश्व बजार नै अस्तव्यस्त रहेको परिस्थितिलाई सूचनामूलक ढङ्गले यहाँ प्रस्तुत गरिएको छ । यसरी संसारमा रहेको विसङ्गति, अनियमितता तथा अस्तव्यस्ततालाई तत्कालीन परिस्थितिसँग जोडेर प्रस्तुत गरिएको यस निबन्धमा भिन्न शैलीमा देशमा र विश्वमा भएका थुप्रै गतिविधिमाथि हास्यात्मक तरिकाले व्यङ्ग्य गरिएको छ ।

विषयगत विविधताको सूत्रमय प्रस्तुति रहेको यस निबन्धमा अन्नपूर्णाको दर्शन, मूर्ति पनि झन्डै चोरिएको, हामी भनेको रैथाने भरिया, इमानदारी र बुद्धुपनको सीमारेखा जस्ता भाषिक रूपलाई आर्थिक सन्दर्भका माध्यमले र सरकारी कारलाई साइड दिनु, बम बर्साएर हजारौँ ज्यानको

एक चिहान, मानवता र विश्वशान्ति जस्ता भाषिक रूपलाई राजनीतिक सन्दर्भका माध्यमले मात्र अर्थ्याउन सकिन्छ । यहाँ आर्थिक दृष्टिले नेपालको अवस्था कमजोर हुँदै गरेको तत्कालीन परिस्थिति, धार्मिक मान्यतामाथि आएको गिरावट एवम् मूर्ति जस्ता बहुमूल्य वस्तुको चोरीसम्बन्धी तत्कालीन वास्तविकता अनि विश्व जगतमा देखिएका विभिन्न बेमेल र युद्धका अवस्थाका सूचनालाई आर्थिक र राजनीतिक सन्दर्भले विशेष रूपमा अर्थ्याएको देखिन्छ । अतः यस निबन्धमा प्रयुक्त संज्ञानको खोजीका लागि आर्थिक र राजनीतिक सन्दर्भको सहयोग आवश्यक रहेको छ ।

### (२९) **'मादक पदार्थ र बेवारिसे लास' निबन्ध**

'मादक पदार्थ र बेवारिसे लास' निबन्धमा दैनिक रूपमा मादक पदार्थ सेवन हुने गरेको राजधानीमा स्वदेशी तथा विदेशी हिपीहरूको लास भेटिने गरेको तत्कालीन सन्दर्भलाई विषयवस्तु बनाएर गाँजा, चरेस तथा अफिम जस्ता मादक पदार्थको अत्याधिक सेवन गर्ने अमेरिकी हिप्पीहरू र अत्याधिक रक्सी सेवन गर्ने नेपाली सहरिया बेरोजगारहरूका कारण सहरमा बेवारिसी र वारिसी लासको सङ्ख्या बढेको तर्फ सङ्केत गर्दै विभिन्न पौराणिक पात्रको चर्चामार्फत नेपालीको पियक्कड प्रवृत्ति र हिप्पी संस्कृतिका कारण नेपाली युवाहरूमा आएको नकारात्मक सोच, व्यवहार र जीवनशैलीप्रति व्यङ्ग्य गरिएको छ । विश्वका कुनाकाप्चाबाट नेपालको राजधानीमा भेला भएका विदेशीहरूको दैनिकी, उनीहरूको व्यवहार र काठमाडौँमा सरदर एउटाको दरले भेटिन थालेको बेवारिसी लासको विषय उठान गरेर यस निबन्धमा नेपाली युवाहरूमा विदेशी संस्कृतिको प्रभाव परेसँगै बेवारिसी मात्र नभई वारिसी लासको सङ्ख्या पनि बढ्ने तर्फ विशेष सचेत गराइएको छ ।

हिप्पीहरूका कारण स्वदेशी संस्कृतिमा आएको विचलनप्रति लक्ष्य गर्दै विदेशी महङ्गा रक्सी आयात गरेर बार रेस्टुरेन्ट चलाउनुको सट्टा स्वदेशी रक्सीलाई प्रवर्धन गर्नुपर्ने र गाँजालाई वैध घोषणा गर्नुपर्ने लेखकीय दृष्टिकोण पनि यहाँ देखिन्छ । यहाँ प्रयुक्त शिवबुटीहरूको अत्यधिक सेवन, जुज्जेश्वरीको जल, गाँजा गोष्ठी, चरेस चर्चा, अफिम अभ्यास जस्ता भाषिक रूपको अर्थबोध सामाजिक सन्दर्भका माध्यमले अनि पिठाको पीर र टालाको टन्टा, विदेशी रक्सीको खपत घट्ने जस्ता भाषिक रूपको अर्थबोध आर्थिक सन्दर्भका माध्यमले हुने देखिन्छ । निबन्धमा राजधानी र यसमा भएका गतिविधिलाई तत्कालीन समयमा देशमा विस्तार भएको हिप्पी संस्कृतिका सापेक्षमा मात्र अर्थ्याउन सहज हुन्छ । अतः यस निबन्धमा प्रयुक्त संज्ञानको खोजीका लागि सामाजिक र आर्थिक सन्दर्भको सहयोग आवश्यक रहेको छ ।

### (३०) **'काला साथीहरूको बीचमा गहुँगोरो' निबन्ध**

'काला साथीहरूको बीचमा गहुँगोरो' निबन्धको विषयवस्तु जर्मनको कलेज अफ सोलिडारिटीको जमघट र त्यसमा भएको अफ्रिकाली मानिसहरूको दिनचर्या र अफ्रिकी देशका मानिसहरूको आर्थिक अवस्था, उनीहरूमाथि भएको शोषण, उनीहरूको विद्रोह र उनीहरूप्रति हेर्ने गोरा मानिसहरूको सामाजिक दृष्टिकोणसँग केन्द्रित रहेको छ । जर्मनीमा रहेको पत्रकार

प्रशिक्षण कार्यक्रममा भेला भएका तेस्रा देशका काला, गोरा र गहुँगोरा मानिसहरूको जमघटको विषयबाट तयार भएको यस निबन्धमा प्रयुक्त विभिन्न पौराणिक पात्र र स्वभावसम्बन्धी प्रसङ्गले अफ्रिकी काला जातिहरूको स्वभाव, विद्रोह र झैझगडालाई जनाउँछन् भने उनीहरूमा रहेका मानवता र दयालुपनलाई कालीमा र लालीमाको सन्दर्भले जनाएका छन् । यस निबन्धमा नाइजेरियामा क्रियाशील इबो जस्ता आतङ्कवादी समूह र त्यसका क्रियाकलापको प्रसङ्गबाट त्यस्ता विद्रोहीहरूका राजनीतिक अवस्था, उनीहरूमाथि भएको शोषण र बाध्यता आदिको वर्णन गरिएको छ ।

विश्वमा भएको रङ्गभेदी दृष्टिकोणका कारण युरोपियनहरूले अफ्रिकी र विशेष गरी काला जातिका मानिसलाई हेर्ने पक्षपाती धारणा र सोहीअनुसारको ज्ञानका कारण सम्पूर्ण गोराहरूले कालामाथि गर्ने व्यवहार विभेदपूर्ण भएको निष्कर्ष निकाल्दै यहाँ रङ्गवादभन्दा मानवतावाद उच्च रहेको तर्फ सङ्केत गरिएको छ । यस निबन्धमा प्रयुक्त नामेबियाको विद्रोही पार्टी, रङ्गभेदको नीति, बिन्द्रालोमा घटेका दुःखान्त कथा-उपकथाहरू, राजनीतिले मानवतालाई खुँड्नु, समाजवादी देश, दक्षिण अफ्रिकी कालाहरू जस्ता भाषिक रूपलाई राजनीतिक सन्दर्भका सहायताले मात्र अर्थ्याउन सकिन्छ । यहाँ रहेको भाषिक रूपमा तत्कालीन समयको काला र गोराबिचको विभेदको अवस्था, अधिकांश अफ्रिकी देशहरूमा रहेको गरिबी, अशिक्षा र त्यसको प्रभाव तथा ती देशहरूमा रहेका नागरिक युद्ध तथा गृहयुद्ध जस्ता विषयलाई उठाइएको र यसबाट संसारमा रहेको गरिबी, भोकमरी र कालालाई हेर्ने गोराहरूको दृष्टिकोणको बोध हुन्छ । अतः यस निबन्धमा प्रयुक्त संज्ञानको खोजीका लागि आर्थिक र राजनीतिक सन्दर्भको सहयोग आवश्यक रहेको छ ।

## २.६ निष्कर्ष

सन्दर्भलाई निश्चित सङ्कथनमा प्रयुक्त भाषिक रूपमा निहित अर्थ प्रतिफलनको सहकारी साधन मानिन्छ । समय, स्थान र वक्ताको आधारमा आधारित परिस्थितिगत  सन्दर्भ र ज्ञानका सामाजिक, आर्थिक, राजनीतिक आदि आधारमा आधारित भएको संज्ञानात्मक सन्दर्भ गरी सन्दर्भ दुई प्रकारको हुन्छ । सामाजिक सन्दर्भले भाषिक उच्चारमा निहित संज्ञानको सामाजिकतालाई, आर्थिक सन्दर्भले सङ्कथनमा अन्तर्निहित रहेको ज्ञानात्मक तथ्यको आर्थिक पक्षलाई र राजनीतिक सन्दर्भले भाषिक उच्चारमा निहित ज्ञानात्मक पक्षको राजनीतिक परिवेशलाई बुझाउँछन् । विभिन्न सन्दर्भको माध्यमबाट भाषिक पाठमा निहित स्थितिहरूलाई प्रकाश्य पारी तिनमा निहित संज्ञानको बोध गर्ने कार्य सहज हुन्छ । निबन्धात्मक पाठको अर्थबोधका लागि सन्दर्भको विशेष भूमिका हुने हुनाले निबन्धात्मक पाठको अर्थचिन्तनमा सन्दर्भविश्लेषण महत्त्वपूर्ण रहेको स्पष्ट हुन्छ ।

भैरव अर्यालका एक सय अठार ओटा निबन्धको सर्वेक्षणपश्चात् छनौट गरिएका तिस ओटा प्रतितिधि निबन्ध सामाजिक अवस्था, आर्थिक पर्यावरण र राजनीतिक अवस्थासम्बन्धी स्थितिको प्रयोगका दृष्टिले सशक्त रहेकाले तिनलाई सामाजिक, आर्थिक र राजनीतिक सन्दर्भका

माध्यमले मात्र अर्थ्याउन सकिन्छ । अर्यालका निबन्धमा नेपाली समाजका सामाजिक परम्परा, प्रचलन तथा सामाजिक संस्था र तिनको भूमिकाको वर्णन रहेको छ । नेपाली समाजका धार्मिक संस्कारजन्य गतिविधि तथा संस्कृतिसँग सम्बन्धित राम्रा र नराम्रा पक्षहरूको व्यङ्ग्यात्मक प्रस्तुति पनि यी निबन्धमा रहेको छ । आर्थिक दृष्टिले हेर्दा गरिबी र यससँग सम्बन्धित विषय, विपन्नता, बेरोजगारी तथा रोजगारीका सिलसिलामा भारतमा गएर जस्तोसुकै काम गर्नुपर्ने बाध्यताको वर्णन यहाँ भएको छ । विभिन्न क्षेत्रमा भएको आर्थिक अनियमितता र भ्रष्टाचारसम्बन्धी लेखकीय दृष्टिकोण यहाँ अभिव्यक्त भएको छ । यसबाहेक उत्पादन सम्बन्धका आधारमा समाजमा रहेको वर्गशोषण र थिचोमिचोको पनि यहाँ कलात्मक वर्णन पाइन्छ । यी निबन्धमा स्वदेशी राजनीति, सरकार तथा प्रशासनिक संयन्त्र र यसका गतिविधि तथा अन्तर्राष्ट्रिय राजनीति र कूटनीतिका विषय एवम् युद्धजन्य पक्षलाई पनि समेटिएको छ ।  यसरी तत्कालीन सामाजिक अवस्था, आर्थिक गतिविधि र स्वदेशी तथा विदेशी राजनीतिक परिस्थितिसँग सम्बद्ध रहेका यी निबन्धको अर्थबोधका लागि संज्ञानात्मक सन्दर्भको अध्ययन आवश्यक हुन्छ ।

## तेस्रो परिच्छेद

# भैरव अर्यालका निबन्धमा सामाजिक सन्दर्भार्थ

### ३.१ विषयपरिचय

सङ्कथनात्मक पाठमा प्रयुक्त भाषिक रूप र परिवेशजन्य स्थितिको योगबाट प्रतिफलित अर्थ वा आशयलाई संज्ञानात्मक सन्दर्भार्थ भनिन्छ । संज्ञानात्मक सन्दर्भलाई स्थितिभित्रको सामाजिकता, आर्थिक अवस्था, संस्कृतिजन्य परम्परा आदिका आधारमा खोजी गरिन्छ । यस परिच्छेदमा भैरव अर्यालका निबन्धमा प्रयुक्त सन्दर्भमूलक संज्ञानलाई सामाजिक सन्दर्भार्थका आधारमा विश्लेषण गरिएको छ । सामाजिक सन्दर्भको सैद्धान्तिक मान्यताको सङ्क्षिप्त परिचय दिएर अर्यालका निबन्धमा प्रयुक्त सामाजिक सन्दर्भको विवरण दिई त्यस्ता सन्दर्भमार्फत भाषिक रूपले प्रदान गर्ने सन्दर्भार्थको यहाँ विश्लेषण गरिएको छ । सामाजिक सन्दर्भअन्तर्गत पनि सामाजिक संरचना र प्रचलन, धार्मिक संस्कार, सांस्कृतिक मान्यता गरी तीन ओटा सूचकका आधारमा यहाँ सामग्रीको विश्लेषण गरिएको छ ।

### ३.२ सामाजिक सन्दर्भसम्बन्धी सैद्धान्तिक मान्यता

सामाजिक सन्दर्भ भनेको कुनै पनि भाषिक पाठमा निहित संज्ञानको सामाजिक परिवेश हो । सङ्कथनात्मक पाठमा चित्रित वा वर्णित समाज नै कृतिको अर्थ पहिल्याउने खास परिवेश भएकाले कृतिमा निहित भाषिक रूपलाई त्यस्ता सामाजिक वातावरणका आधारमा अध्ययन गरी पाठभित्रको सन्दर्भार्थको टुङ्गो लगाइन्छ । समाज र यसको संरचना, सामाजिक जीवनका विविध गतिविधि तथा सामाजिक नियम, आचरण तथा त्यहाँ रहेका सङ्गति र असङ्गतिका विषयहरूले पाठमा प्रयुक्त भाषिक रूपलाई प्रभावित पारेको हुन्छ । यसकारण पनि त्यस्ता परिस्थितिजन्य कुराहरूलाई भाषिक रूपसँग एकाकार गरेर भाषिक रूपको अर्थप्राप्ति गर्नका लागि सामाजिक सन्दर्भको अध्ययन आवश्यकीय हुन जान्छ । साहित्यिक कृतिको विषयमा कुरा गर्दा आख्यानयुक्त कृतिमा सहभागीको परिवेश, समय र भूमिकामा सामाजिक परिवेशजन्य पक्ष रहेको हुन्छ र आख्यानेत्तर कृतिमा भने लेखकीय विचार वा चिन्तनमूलक अभिव्यक्तिमा सामाजिक पर्यावरण समाहित भएको हुन्छ । साहित्यिक पाठमा प्रयुक्त समय र स्थानले पनि प्रकारान्तरमा सामाजिक सन्दर्भलाई नै बुझाएको हुन्छ । समय र समाज तथा कुनै खास स्थान र समाजका बिचमा दोहोरो अन्तर्सम्बन्ध रहेको हुनाले समयगत रूपमा घटित घटना वा अभिव्यक्त विचारले तत्कालीन सामाजिक परिवेशको प्रतिबिम्ब बोकेको हुन्छ र स्थानका सम्बन्धमा पनि यही तथ्य लागु हुन्छ (पौडेल र पोखेल, २०७१, पृ. ४६) । अतः पाठमा वर्णित खास स्थान वा भूगोल र त्यसले सँगै ल्याएको जातिगत, संस्कृतिगत तथा धार्मिक पृष्ठभूमिसँग त्यस पाठको संज्ञानात्मक आशय जोडिएको हुनाले पाठको अर्थको खोजीमा सामाजिक परिवेशको भूमिका रहेको स्पष्ट हुन्छ ।

समाजमा रहेको धार्मिक वातावरण, धार्मिक मान्यता र यसका आधारमा बनेका संस्कारजन्य गतिविधिले पाठमा अन्तर्निहित धार्मिक परिवेशको भूमिका निर्वाह गर्ने हुनाले पाठगत अर्थको खोजीमा सन्दर्भलाई पनि सँगै अध्ययन गरिन्छ। भाषिक पाठमा रहेको संज्ञानको पहिचानका लागि त्यस पाठमा रहेका विविध धार्मिक र संस्कारजन्य सन्दर्भले भूमिका खेलेको हुन्छ। मानवीय जीवनका दैनिक गतिविधिमा गाँसिने धार्मिक क्रियाकलापको अङ्कन पाठमा रहेको हुनाले त्यस्ता धार्मिक संस्कार र मान्यता जनाउने सूचकको सहायताबाट पाठमा रहेको सिङ्गो अर्थको खोजी गर्न सकिन्छ।

समाज र संस्कृतिको अभेद्यका कारण कुनै भाषिक पाठमा निहित रहेको संज्ञानात्मक अर्थको खोजीका लागि त्यस पाठमा रहेका सांस्कृतिक मान्यता र यससँगै गाँसिने समग्र सांस्कृतिक परिवेशजन्य स्थितिहरूको खोजी आवश्यकीय हुन जान्छ। यस्ता सांस्कृतिक स्थितिलाई एकीकृत पारेर मात्र कृतिमा रहेको अर्थको खोजी कार्य सफल रूपमा सम्पन्न हुन्छ। अतः पाठमा रहेको संस्कृतिसापेक्ष संज्ञानको अध्ययन सांस्कृतिक सन्दर्भका आधारमा गरिन्छ।

संज्ञानात्मक सन्दर्भमार्फत अर्थको चिन्तन गर्दा सामाजिक आधारलाई विशेष रूपले स्वीकार गरिन्छ। कुनै निश्चित पाठको निर्माण हुन वा कुनै भाषिक उच्चारका लागि खास सामाजिक आधार चाहिन्छ। त्यसैले भाषिक अभिव्यक्तिका क्रममा यससँगै मूलतः सामाजिक क्षेत्रका विविध पक्षहरू समावेश भएर आएका हुन्छन्। पाठभित्रको ज्ञानतत्त्वको खोजी गर्दा यस्ता सामाजिक मान्यता र गतिविधिको जानकारी आवश्यक हुन्छ। सामाजिक सन्दर्भले समाज र भाषिक अभिव्यक्तिका थुपै स्थितिगत सुराकहरूलाई प्रकाश्य पार्छ। खास गरी भाषिक पाठको वाह्य सम्बन्ध भनेको पनि सामाजिक घटनाका तत्त्वहरूसित रहेको सम्बन्ध हो (गौतम, २०६८क., पृ. ५७३)। सामाजिक संरचना र प्रचलन, धार्मिक संस्कार र सांस्कृतिक मान्यताका आधारबाट पाठमा रहेको सामाजिक परिवेशजन्य स्थिति र तिनमा अन्तर्भूत अर्थको प्रतिफलन हुन्छ। यस परिच्छेदमा शोध्य विषयको सामाजिक सन्दर्भार्थको विश्लेषणका लागि यिनै तीन ओटा आधारको प्रयोग गरिएको छ।

## ३.३ अर्यालका निबन्धमा सामाजिक सन्दर्भ र अर्थ

भैरव अर्यालका निबन्धात्मक पाठमा विविध सामाजिक परम्परा, नियम तथा संस्कारजन्य गतिविधिका सन्दर्भले अर्थलाई जोडेको देखिन्छ। यी निबन्धमा रहेका तत्कालीन सामाजिक संरचना र यसले निर्माण गरेका सामाजिक नियम, मान्यताका अवस्था; धार्मिक सङ्घसंस्था र तिनका समकालीन गतिविधि तथा समाजमा यसले राख्ने प्रभाव; सांस्कृतिक प्रचलन तथा मूल्यमा आएको परिवर्तनको परिवशेजन्य परिस्थिति अन्तर्निहित रहेको हुनाले यी कुरालाई अर्थसँग सम्बन्धित गराउने सामाजिक सन्दर्भको प्रयोग भएको पाइन्छ। यी सन्दर्भले सामाजिक मान्यता र परम्पराको अभिव्यक्तिको अर्थबोध मात्र नगराई तत्कालीन मानवीय स्वभाव र राजनीतिक अवस्थाका विविध रहस्यको अभिव्यञ्जना पनि गराएको छ। सामाजिक सन्दर्भका विभिन्न प्रकारका आधारमा

अर्यालका निबन्धमा रहेको भाषिक रूपको विवरण र सोअनुसारका संज्ञानात्मक अर्थको विश्लेषण यहाँ गरिएको छ ।

### ३.३.१ सामाजिक संरचना र प्रचलन

समाजमा सामाजिक गतिविधि सञ्चालन गराउने विद्यमान मान्यता र परम्पराहरू सामाजिक संस्थामा आबद्ध भएर रहेका हुन्छन् । सामाजिक संस्थाले सामाजिक संरचनाको प्रारूपलाई प्रतिनिधित्व गर्छन् । सामाजिक संसारलाई क्रमशः पाठात्मक रूपमा प्रतिनिधित्व, अनुभूत र सम्बद्ध गराइने हुँदा वास्तविक पाठलाई सामाजिक परिघटनाको पक्ष मानिन्छ (गौतम, २०६८क., पृ. ५७३) । नेपाली समाजमा पनि जन्मदेखि मृत्युसम्मका सामाजिक संस्कारमा यहाँको सामाजिक संरचना, जातीय अवस्थिति र लैङ्गिक भूमिकाले महत्त्वपूर्ण प्रभाव छोडेको छ । यसका अतिरिक्त समाजमा चलिआएको धार्मिक मान्यता तथा गतिविधिसँग सम्बन्धित सामाजिक दृष्टिकोण पनि सामाजिक परम्परालाई निर्धारण गर्ने महत्त्वपूर्ण पक्ष मानिन्छ ।

भैरव अर्यालका निबन्धात्मक पाठमा नेपाली समाजमा प्रचलित परम्पराजन्य गतिविधि र विकृतिका रूपमा स्थापित सामाजिक क्रियाकलापको व्यङ्ग्यात्मक अभिव्यक्ति गरिएको हुन्छ । यी भाषिक पाठमा तत्कालीन नेपाली समाजका समस्या र तिनको आडमा सामाजिक रूपले हुने गरेका अनैतिक गतिविधि र शोषणको स्थिति पनि अन्तर्निहित भएको पाइन्छ । निबन्धमा गरिएको नेपाली समाजको यस्तो वर्णनसम्बद्ध तत्कालीन परिस्थिति सामाजिक संरचना र प्रचलनसम्बन्धी सन्दर्भको माध्यमबाट मात्र अर्थ्याउन सकिन्छ । अर्यालका निबन्धमा रहेका त्यस्ता भाषिक रूप तथा स्थितिको विवरण र सामाजिक संरचना र प्रचलनसम्बन्धी सन्दर्भका आधारमा त्यस्ता स्थितिको विश्लेषण गरेर निबन्धमा निहित सामाजिक संज्ञानको यहाँ खोजी गरिएको छ ।

**तालिका नं. ३ : सामाजिक संरचना र प्रचलनसम्बन्धी सन्दर्भको विवरण**

| निबन्धको शीर्षक | भाषिक रूप | स्थिति |
|---|---|---|
| प्रतिनिधि मण्डल फर्क्यो | बाहुन सरकारमा हुँदा बाहुन हेपिनु | तत्कालीन जातीय संरचना र शक्ति |
| दौरासुरुवाल नपठाइदिने भएँ ! | हाँसको माझमा बकुल्लो | पुरानो पोशाकको पक्षधरता घट्नु |
| | २००७ सालदेखि यता काठमाडौँ | राजधानीमा आधुनिकताको प्रभाव |
| | पाखे, काँठे मधेसी या सहरिया | नेपालमा रहेको क्षेत्रीय भेदभाव |
| | तासको जोकरझैँ जता गए पनि ठिक्क | विविधतापूर्ण नेपाली समाज |
| | मधिसे माउते र सहरिया स्वाँडी | क्षेत्रका आधारमा विभेद र हेयभाव |
| | बालीमा नमिलेको डुम | जातीय संरचना र विभेद |
| | गर्दुवा, सम्धी भेट, दोसल्ला आदि | विवाहमा जिन्सी सामान दिने चलन |

| | | |
|---|---|---|
| कन्याकेटी खोज्दा | जातको होचोअर्घेली | सामाजमा रहेको जातीय विभेद |
| | भात चल्नु, दाल नचल्नु | सामाजमा रहेको जातीय विभेद |
| | गन्धर्व जातिसँग पोइल जानु | सामाजमा रहेको जातीय विभेद |
| | जात मिल्दो ज्वाइँको गोडाको पानी खाने धोको | ज्वाइँसम्बन्धी सामाजिक सोच |
| | सम्धी भेटमा सुनको सिक्री | विवाहमा जिन्सी सामान दिने चलन |
| | कुखुराका चल्ला जस्तै एक डोका छोरीहरू | सन्तानोत्पादनको सामाजिक मान्यता |
| | परलोकमा एक घुड्को तर्पण दिने छोरो | छोरालाई हेर्ने पितृसत्तायुक्त व्यवहार |
| लाहुरेको यात्रा संस्मरण | मर्दको दसोटी | समाजमा रहेको बहुविवाहको चलन |
| | एउटा भालेलाई दसोटीसम्म पोथी गुट्मुट्याउने लाइसेन्स | समाजमा रहेको बहुविवाहको चलन |
| | विख्यात मर्दता | पुरुषको हैकम |
| | पुत्रपुत्री प्रोडक्सन | सन्तान जन्माउनका लागि विवाह |
| | बहुपत्नी लिमिटेड | समाजमा रहेको बहुविवाह |
| महापुरुषको सङ्गत | स्त्रीको भन्दा पुरुषको सङ्ख्या कम | नेपालको जनसाङ्ख्यिक स्थिति |
| | पूरापुरुषको भन्दा लघुपुरुषको सङ्ख्या धेरै | मानवताहीन मानिसको अधिकता |
| | भात कुराएबापत बुढी पन्यु लिएर झम्टिन्थी | महिलाको पारिवारिक भूमिका |
| | जहानबाट पनि महान् कुरा निस्कन्छन् | महिलालाई मामुली ठान्ने प्रवृत्ति |
| केही राष्ट्रिय रोग : एक अनुसन्धान | डाक्टर बन्ने लाइसेन्स नपुग्नु | तत्कालीन डाक्टरको पेसागत अवस्था |
| | भूतपूर्व मन्त्रीको सङ्ख्यामा वृद्धि | मन्त्रीहरूको सङ्ख्या र अस्थिर सरकार |
| | गयाका पन्डाले श्राद्ध गराउनु | सेवाका नाममा झारा टार्ने प्रवृत्ति |
| मादक पदार्थ र बेवारिसे लास | पिठाको पीर र टालाको टन्टा | दैनिक गुजाराको अभाव र गाँजा सेवन |
| | रक्सीको तुर्कोमा सम्मान र गाँजाको सर्कोमा अपमान | रक्सीलाई महत्त्व दिने र गाँजालाई हेय मान्ने फरक दृष्टिको हेराइ |
| | गाँजाको धुमविमानद्वारा शिवपुरीको भिसा | गाँजाका कारण हुने मृत्यु |
| | शिवबुटीको अत्यधिक सेवन | गाँजाको धुवाँमा जीवन समर्पण |
| | गुज्जेश्वरीको जलको सेवन | नेपालमा मद्यपानको चलन |
| काला साथीहरूको बीचमा गहुँगोरो | जाँड धेरै खानु | अफ्रिकी कालाहरूको मदिराको आदत |
| | कालिमाभित्रको लालिमा | मामुली ठानिएका काला मानिसको मानवीय स्वभाव र संवेदना |
| | बाइबिलको गुटिका पाठ | क्रिश्चियन धर्मको पालना |

तालिका (३) मा 'प्रतिनिधि मण्डल फर्क्यो', 'दौरा सुरुवाल नपठाइदिने भएँ !', 'कन्याकेटी खोज्दा', 'लाहुरेको यात्रा संस्मरण', 'महापुरुषको सङ्गत' 'केही राष्ट्रिय रोग : एक अनुसन्धान' 'मादक पदार्थ र वेवारिसी लास' र 'काला साथीहरूको बीचमा गहुँगोरो' गरी अर्यालका नौ ओटा निबन्धमा प्रयुक्त मुख्य भाषिक रूप र तिनमा रहेको स्थितिको विवरण दिइएको छ । यस्ता स्थितिमा निहित संज्ञानको बोधका लागि संज्ञान खोज्ने सामाजिक आधारअन्तर्गत सामाजिक संरचना र प्रचलनसम्बन्धी सन्दर्भको सहयोग आवश्यक रहेको छ । अर्यालका निबन्धमा रहेको सामाजिक संरचनासम्बन्धी संज्ञानको बोधका लागि यहाँ ती निबन्ध मध्येबाट उदाहरणका रूपमा लिइएका भाषिक रूपलाई तिनमा निहित सामाजिक संस्था, नियम, आचरण तथा सामाजिक प्रचलनका तत्कालीन स्थितिका सापेक्षतामा विश्लेषण गरिएको छ ।

अर्यालको 'प्रतिनिधि मण्डल फर्क्यो' निबन्धमा प्रचण्ड पुरोहित परिषदको प्रतिनिधि मण्डल, मागपत्र, प्रधानमन्त्रीलाई भेट्ने क्रममा भएका गतिविधि र सरकारको धारणाका विषयमा सामाजिक सन्दर्भको प्रयोग भएको छ । 'सरकारले दुलो खोज्नु पर्ला' निबन्धको विस्तारका रूपमा रहेको यस निबन्धमा नेपालको राणाशासन कालका पृष्ठभूमिमा राणाशासनको पतनपछिको नेपाली सामाजिक संरचना र सोहीअनुसारको अधिकारको अवस्थाको चित्रण भएको छ, जस्तै -

(१) प्र.म. का मेम्बर पण्डित दहीदूधप्रसाद पाध्याले आफ्ना साह्रा मर्काहरूको विश्लेषण गर्दै भन्नुभयो- "जुन देशमा बाहुनको सरकार छ, त्यस देशका बाहुनहरूको परम्परागत अधिकार बिलाउँदछ, यो कतिसम्म लज्जाजनक कुरा हो, बरु राणाको पालामा हाम्रो कति मान थियो, उतै भोज, उतै टिकट ।" (अर्याल, २०६३, पृ. ३)

उदाहरण (१) मा नेपालको जातीय संरचना, परम्परागत भूमिका र समयको परिवर्तससँगै भएको शासकीय व्यवहारको परिवेशमा तत्कालीन समयमा बाहुनको अधिकार कटौती भएको विषय जनाउने बाहुनको सरकार, बाहुनको परम्परागत अधिकार, राणाको पाला, उतै भोज-उतै टिकट गरी चार ओटा भाषिक रूपको प्रयोग भएको छ । यसले परम्परादेखिको नेपाली जातीय संरचना र शक्तिको बाँडफाँडलाई बुझाउँछ । राणाशासनको समयमा नेपाली समाज धर्मको आधारमा चलेको हुनाले बाहुनलाई विशेष महत्त्व र सुविधाप्राप्त भएको तर प्रजातन्त्रको स्थापनापछि बनेका प्रजातान्त्रिक सरकारमा बिस्तारै बाहुनका परम्परागत अधिकार र राज्यसंयन्त्रमा हुने धार्मिक व्यक्तिको सहभागिता सुनिश्चित नभएको अवस्था यहाँ स्पष्ट हुन्छ । यसबाहेक विभिन्न नाममा राणाशासन कालदेखि सुविधाको उपभोग गर्ने सीमित टाठाबाठा ब्राह्मणहरूको सुविधाभोगी चरित्र पनि यस भाषिक अभिव्यक्तिले बोध गराएको छ ।

'दौरा सुरुवाल नपठाइदिने भएँ !' निबन्धमा नेपाली समाजमा आएको आधुनिकता र पश्चिमी संस्कृतिको नयाँ रूप तथा शक्तिमा रहेका र ठुलाबडा भनिएकाले यसलाई अन्धानुकरण गरेको विषयको वर्णन गरिएको छ । समाजमा पुराना मान्यता, परम्परा र नेपाली परम्परागत

पोशाकको पहिरन गर्ने व्यक्ति गवाँर र पाखे कहलिने तथ्यको बोध गराउन यहाँ सामाजिक संरचनासम्बन्धी सन्दर्भले सहयोग गरेको छ, जस्तै -

(२) तपाईं स्वयम्ले पनि दौराको तुना पिठिउँपट्टि बाँध्ने हो कि भुँडीपट्टि बाँध्ने हो राम्रै सम्झनुभएको होला भन्न म सक्तिनँ । अब बिनसित्ति रिन गरेर दौरासुरुवाल त्यहाँ पठाइदिनु जरुरत छैन । किनभने हाँसको माँझमा बकुल्लो बनेर पक्कै पनि तपाईं त्यहाँ दौरा सुरुवाल लाउनुहन्न । अब यहाँ राखे पनि त्यहाँ राखे पनि आखिर पोको पारेर राख्ने नै बुझियो । (अर्याल, २०६३, पृ. ८)

उदाहरण (२) मा प्रयुक्त दौराको तुना, पिठ्यूपट्टि बाँध्ने हो कि भुँडीपट्टि बाँध्ने, बिनसित्ति रिन गरेर दौरासुरुवाल र हाँसको माझमा बकुल्लो गरी चार ओटा पदावलीले तत्कालीन समयको पोशाक संस्कृति र अनुत्पादक तथा उपभोगका क्षेत्रमा देखिएको आधुनिकतालाई जनाउँछ । अधिकांश मानिसहरू आधुनिकताका नाममा पश्चिमी पहिरनमा फसेकाले यसको संरक्षणको चासो र चिन्ता गर्ने व्यक्ति एक्लो बन्ने गरेको तत्कालीन पर्यावरणीय स्थिति यी पदावलीमा अन्तर्निहित रहेको छ । सामाजिक संरचना र प्रचलनसम्बन्धी सन्दर्भले उपर्युक्त भाषिक रूप र स्थितिलाई संयोजन गरी नेपाली राष्ट्रिय पोशाक र यसको संरक्षणको सट्टा विदेशी पोशाकको अन्धानुकरण गर्नेको सङ्ख्यामा भएको वृद्धि तथा परिवर्तन अनि चेतनाको वृद्धिका नाममा भएको तत्कालीन छाडापनको अवस्थालाई बुझाउँछ ।

'कन्याकेटी खोज्दा' निबन्धात्मक पाठमा नेपाली समाजको संरचना र यसअनुसारका सामाजिक मान्यता, गतिविधि तथा तिनको प्रभावका विषयलाई अभिव्यक्त गर्ने भाषिक रूपको प्रयोग भएको छ । नेपाली समाजको तत्कालीन सामाजिक मान्यता र २०१० को दशकमा रहेको परिवेशजन्य अवस्थामा निर्मित यस निबन्धले तत्कालीननेपाली समाजमा व्याप्त सामाजिक संस्था, यससम्बन्धी मान्यता र प्रभावलाई देखाएको छ । तलको उदाहरणबाट यस कुरालाई अझ स्पष्ट पारिएको छ :

(३) म भोजपुरमा जन्मेको, कीर्तिपुरमा हुर्केको, जनकपुरमा पढेको र हाल कान्तिपुरमा बसेको, अब मलाई पाखे, काँठे, मधिसे वा सहरिया जे भन्नुपर्छ तपाईं नै जान्नोस् । वास्तवमा मेरो कुनै खासपन छैन । तासको जोकरझैँ जता गए पनि ठिक्क । तर यही ठिक्कले आफूलाई पारिसक्यो दिक्क । कतै पाखे डोके भनिदिन्छन् त कतै काँठे कछाड, कतै मधिसे माउते भन्छन् त कतै सहरिया स्वाँडी । सबैतिर मिल्छु भन्दाभन्दै यताबाट पनि घुच्चा उताबाट पनि घुच्चा ख्वाएर मलाई बालीमा नमिलेको डूम गराइदिन्छन्, अनि केटी पाउने कहाँ ? (अर्याल २०७७, पृ. ५८)

उदाहरण (३) मा प्रयुक्त भएको भाषिक रूपमा नेपालको तत्कालीन समयको सामाजिक परिवेश अन्तर्निहित भएको छ । यस्तो सामाजिक परिवेश, भौगोलिक विविधता र सोअनुसारका विभेदपूर्ण व्यवहारलाई सामाजिक संरचना र प्रचलनका सन्दर्भले अर्थयुक्त तुल्याएको छ । नेपालको

भौगोलिक र क्षेत्रीय संरचनामा विविधता भएजस्तै मानिसहरूको बसोबास, उनीहरूका सांस्कृतिक परम्परा र रहनसहनमा पनि भिन्नता रहेको छ । यस्तो भिन्नतालाई क्षेत्रीय रूपमा अवस्थित मानिसहरूले स्वीकार नगरी एकले अर्कोलाई हेयपूर्ण दृष्टिले हेर्ने गरेको र सहरमा बसोबास गर्ने आधुनिक भनिएका मानिसले ग्रामीण, कृषिमा आधारित मानिसलाई पाखे र गाउँकै मानिसले चाहिँ सहरको नजिकमा गाउँमा बस्ने मानिसलाई काँठे भनेर विभेद गरेको देखिन्छ । यसबाहेक मधेसी माउते, सहरिया स्वाँडीजस्ता विशेषणबाट एकअर्कालाई होच्याउने सामाजिक सङ्कीर्ण दृष्टिकोण रहेको अर्थ प्रतिफलित हुन्छ । यसरी हेर्दा माथिको भाषिक रूपबाट नेपाली समाजमा प्रचलनमा रहेको विभेद र होचोअर्घेलीको अवस्थाको बोध हुन्छ । यसबाहेक नेपाली समाजको जातीय संरचना र यसमा रहेको विभेदपूर्ण सोचका कारण उच्च र शक्तिशाली जातिले निम्न र कमजोर जातिलाई विभेद तथा दमन गर्ने प्रचलन पनि डुमसँग सम्बन्धित भाषिक रूपबाट बोध हुन्छ । नेपाली सामाजिक संरचनाको उपजका रूपमा रहेको र परम्परागत सङ्कीर्ण मान्यतालाई प्रतिबिम्बन गर्ने नेपाली उखानभित्र जातीय विभेदका स्पष्ट लक्षणहरू रहेको पाउन सकिन्छ । यहाँ रहेको ‘बालीमा नमिलेको डुम’ पदावलीबाट यही जातीय विभेद र सोअनुसारको सामाजिक दृष्टिकोणको बोध हुन्छ । समाजमा रहेको जातीय विभेद र यससम्बन्धी दृष्टिकोणलाई तलको उदाहरणले अझ स्पष्ट पारेको छ :

(४) कोपुन्डोलका कार्कीसित भने गर्दुवा, सम्धीभेट, दोसल्ला इत्यादि सबै थोकको कुरो मिलेको हो तर फसाद पार्यो, जातैले । उ रहेछ सातपतरीको झर्रो कार्की क्षेत्री, म थिएँ अधिकारी जैसीको खड्किनीपट्टिको नातिको विवाहिता मगर्नीपट्टिको भानिज । यदि मसँग धनमान हुँदो हो त बीसौं शताब्दीमा जातभातको के कुरो उठ्थ्यो ? एउटा गतिलो गाई दान गरिदियो भने पण्डित बाजेले शास्त्र जोरिदिइहाल्थे, तर गरिब हुनाले जति नालीबेली लगाउँदा पनि जातको होचोअर्घेली देखिइहाल्यो । भात त हाम्रो चल्छ रे, तर दाल चल्दैन रे । दाल नचले सधैँ गोलभिँडा साँधेर भात खाउँला, देऊ न त कन्या भनेको, उनले पटक्क मानेनन् । मानून् पनि कसरी ! जातभात मिलाएर दिउँला भनी २५ वर्षसम्म साँचिराखेको उनकी जेठी छोरी सारङ्गी बजाउने गन्धर्व जातिसित पोइल गइछ, एउटी त बिग्री बिग्री, अर्की पनि बिजातलाई कसरी दिऊन् । बिचरालाई जातमिल्दो ज्वाइँको गोडाको पानी खाने धोको छँदै थियो (अर्याल २०७७, पृ. ५९-६०) ।

उदाहरण (४) मा नेपाली समाजमा रहेको जातीय संरचना र सोअनुसारका सामाजिक व्यवहार तथा विवाहमा दिइने दाइजोलाई सङ्केत गर्ने भाषिक रूपको प्रयोग भएको छ । नेपाली समाजमा सामाजिक संस्थाका रूपमा रहेको विवाहपरम्परा निश्चित र मौलिक मान्यताले युक्त रहेको छ । यस्तो वैवाहिक परम्परामा समाजमा व्याप्त जातीय संरचना र जातीय विभेदको स्पष्ट प्रभाव देखिन्छ । माथि प्रयुक्त गर्दुवा, सम्धी भेट, जातको होचोअर्घेली, भात चल्नु, दाल नचल्नु, गन्धर्व जातिसँग पोइल जानु, जात मिल्दो ज्वाइँको गोडाको पानी खाने धोको जस्ता भाषिक

रूपबाट समाजको जातीय संरचना, यसका आफ्नै मान्यता र ती मान्यताको प्रभावका कारण विवाह जस्तो संस्था जटिलतामा फसेको हुनाले वैवाहिक कार्य सहज नभएको तत्कालीन यथार्थको बोध हुन्छ । समाजमा उच्च भनिएका जातिले निम्न जातिका मानिससँग विवाह गर्ने कार्य बर्जित रहेको हुनाले यस्तो विवाह गर्न चाहने युवायुवती भागेर विवाह गर्ने गरेको कुरा 'गन्दर्भसँग पोइल जानु' भन्ने भाषिक रूपबाट ज्ञात हुन्छ । हिन्दू धार्मिक मान्यता र विश्वासका कारण समाजमा ज्वाइँलाई पूज्य व्यक्तिका रूपमा हेरिने र ज्वाइँ खोज्दा आफ्नै जातबाट खोज्ने विश्वास रहेको पाइन्छ । 'ज्वाइँको गोडाको पानी खानु' भन्ने पदावलीबाट यही यथार्थको बोध हुन्छ । छोरीको विवाहमा केटा पक्षलाई दिनुपर्ने गरगहना तथा सम्पत्तिसम्बन्धी सामाजिक मान्यता "सम्धी भेटमा सुनको सिक्री दिन्छ रे भनेपछि बाले पनि भन्नुभयो, 'गर न त गर घरान घर असलै हो'(अर्याल, २०७७, पृष्ठ ५८) भन्ने वाक्यभित्र प्रयुक्त 'सम्धी भेटमा सुनको सिक्री' भन्ने पदावलीबाट पनि स्पष्ट हुन्छ ।

जातीय विभेद मात्र नभएर लैङ्गिकता र यसअनुसारको विभेदपूर्ण व्यवहार समाजको तत्कालीन अवस्थाको खास अभिलक्षणका रूपमा रहेको हुनाले पितृसत्तात्मक सोचअनुसार पुरुषलाई महत्त्व दिने विचारको विकास भएको छ । घरमा पुरुषको निर्णय र छोरीलाई भन्दा छोरालाई महत्त्व दिने सामाजिक मान्यता तलको भाषिक रूपबाट अझ स्पष्ट हुन्छ :

(५) नैकापका नेउपानेकी छोरीको कुरा चल्यो । म पनि एक दिन झुक्याएर केटी हेर्न गएँ । नेउपानेको घरमा कुखुराका चल्लाजस्तै एक डोका छोरीहरू रहेछन् । पिँढीमा गएर निकैबेर विचार गर्दा पनि आफूलाई दिन्छु भनेकी केटी कुनचाहिँ हो ठम्याउन नसकेर म जिल्ल पर्दै थिएँ, एउटी सोह्र-सत्र वर्षकी ठिटी भित्रबाट निस्किन् र सोधिन्- "कसलाई खोजेको बूढाबा !" म छानाबाट खसेझैँ गरी आत्तिएँ । केटी त केटोलाई 'बूढाबा' पो भन्छे ए ! के म साँच्चै बूढो भइसकेँ त ! रनक्क रिस उठेकोले जुरुक्क उठेर आफ्ना चाउरिएका गाला, फुलेका दाह्री सुम्सुम्याउँदै घरतिर आएँ । मलाई लाग्यो अब त दुई-चार दिनभित्रैमा बिहा गर्न नपाए म मरिहाल्छु कि ? केटीले भनेको 'बूढाबा' भन्ने शब्द मेरो मगजमा फनफनाइरहन थाल्यो । (अर्याल, २०७७, पृ. ६१)

उदाहरण (५) मा नेपाली समाजको परम्परा र सामाजिक मान्यताको बोध गराउने भाषिक रूपको प्रयोग भएको छ । समाजमा सामाजिक संस्थाका रूपमा रहेको विवाह परम्परामा केटी हेर्ने चलन र विवाहसम्बन्धी निर्णय लिने कार्य पुरुषको अधिकारभित्र रहेको हुन्छ । पितृसत्तात्मक सामाजिक विश्वासअनुसार छोरालाई महत्त्व दिने दृष्टिकोण रहेकाले छोरा नजन्मिउन्जेल जतिसुकै छोरी भए पनि सन्तान बढाइरहने प्रचलनलाई 'कुखुराका चल्ला जस्तै एक डोका छोरीहरू' भन्ने पदावलीले स्पष्ट पार्छ । समाजमा रहेको तत्कालीन पितृसत्तात्मक सोच र सोअनुसारका गतिविधि यहाँ प्रस्तुत भएको छ । यसबाहेक पुरुषले जुनसुकै उमेरमा पनि विवाह गर्न सक्ने तर कन्या कलिली हुनुपर्ने अर्थात् अनमेल विवाहको तत्कालीन सामाजिक परम्परा पनि यहाँ प्रतिबिम्बित

भएको छ । वैदिक समाजदेखि नै विवाहलाई अनिवार्य संस्कारको रूपमा मानिएको छ । विवाह नभई कुनै पनि धार्मिक विधि-विधान र यज्ञसम्बन्धी कार्यहरूमा सहभागी हुन नपाइने मात्र होइन, अविवाहित जीवन शुद्ध र पवित्र नहुने बताइएको छ । त्यसैले वैदिक समाजमा गृहस्थ आश्रमको व्यवस्था भएको पाइन्छ (अधिकारी, सन् २०२१, पृ. ९१) । नेपाली समाज पनि धार्मिक मान्यताका आधारमा अडेको हुनाले बुढो भएर गाला चाउरी परिसक्दा पनि तरुनी केटीहरू खोजिहिँड्ने र विवाह नगरी नछोड्ने पुरुषको व्यक्तिसोच यही सामाजिक दृष्टिकोणको उपज मानिन्छ । यसबाट समाजमा व्याप्त पुरुषप्रधान दृष्टिकोण र अनमेल विवाहको परम्परा रहेको समकालीन यथार्थको पनि बोध हुन्छ ।

'लाहुरेको यात्रा संस्मरण' निबन्धमा नेपाली समाजको संरचना र यहाँका मानिसको दिनचर्या तथा लाहुरे संस्कृतिको विषय वर्णित रहेको छ । पुरुषले बहुविवाह गर्ने परम्परा र यसमा पुरुषको एकल निर्णय तथा जनसङ्ख्यामा भएको वृद्धिलाई पनि यहाँ देखाइएको छ । नेपाली समाजमा भएको बहुविवाह, सन्तानोत्पादन र महिलाको पराधीन अवस्थालाई तलको उदाहरणबाट स्पष्ट पारिएको छ :

> (६) 'मर्दको दसोटी हुन्छन्' भन्ने हाम्रो लौकिक आदर्शमुताबिक एउटा भालेलाई दसोटीसम्म पोथी गुटमुट्याउने लाइसेन्स समाजले दिएकै छ । यो विख्यात मर्दताको फलस्वरूप चुल्हैपिच्छे खोलिएका पुत्रपुत्री प्रोडक्सन 'बहुपत्नी लिमिटेड' का शाखाहरूबाट धडाधड उत्पादन हुने साराका साराले भोक लाग्नेबित्तिकै खान र रोग लाग्नेबित्तिकै उपचार गराउन थाले भने भोलिदेखि आकाशतिर फर्के फुलौरा बर्सलान् कि भनी आँऽऽ मुख बाउन नपर्ला भन्ने के ग्यारेन्टी ? (अर्याल, २०७७, पृ. ७६-७७)

उदाहरण (६) मा रहेको मर्दको दसोटी, एउटा भालेलाई दसोटीसम्म पोथी गुट्मुट्याउने लाइसेन्स, विख्यात मर्दता, पुत्रपुत्री प्रोडक्सन, बहुपत्नी लिमिटेड जस्ता भाषिक रूपले तत्कालीन सामाजिक परिवेशको पृष्ठभूमिमा नेपाली समाजको विवाहसम्बन्धी परम्परा र पुरुषले बहुविवाह गर्ने प्रचलनलाई बुझाएको छ । पुरुषलाई आफूलाई मनलागी गर्ने अनुमति भएको हुनाले उसैले समाजमा विभिन्न नियम र परम्पराको निर्माण र प्रयोग गरेको हुन्छ । पुरुषले बहुपत्नी राख्न पाउने प्रचलन पनि यसैको उपज मानिन्छ । पुरुषले एकभन्दा धेरै श्रीमती विवाह गर्ने र छोरा पाउनका लागि भए नि धेरै श्रीमती ल्याउने अनि छोरा जन्माउनका लागि भए पनि धेरै सन्तान जन्माउने परिपाटी रहेको तत्कालीन अवस्थातर्फ यहाँ कटाक्ष गरिएको छ । यसबाट सन्दर्भार्थमा नेपाली समाजमा रहेको महिलाको निरीह अवस्था र पुरुषको शक्ति तथा हैकमयुक्त अवस्थाको बोध हुन्छ ।

'महापुरुषको सङ्गत' निबन्धमा समाजमा महान् भनिएका व्यक्तिहरूको आन्तरिक चरित्रप्रति व्यङ्ग्य प्रस्तुत गरिएको छ । यहाँ प्रयुक्त भाषिक रूपले भित्र भित्र निकृष्ट चरित्रसहित

देखावटी रूपमा महान् चरित्र बोकेर समाजमा सम्मानित हुन खोज्ने ढोँगी मानिसको पाखण्डी प्रवृत्तिलाई बुझाएको छ (बराल, २०७८, पृ. २८७) । यस तथ्यलाई तलको उदाहरणबाट अझ स्पष्ट पार्न सकिन्छ :

(७) तर महापुरुष पाउने कहाँ ? यसै त देशको जनसङ्ख्यामा स्त्रीको भन्दा पुरुषको सङ्ख्या कम छ । त्यसमा पनि लाहुरे भएर विदेशमै रत्तिएका, दाउरे भएर स्वदेशमै लत्तिएकाको के भाउ ? योबाहेक जति छन् तिनमा पनि जमानाको जाँतोमा सभ्यताको सातु पिन्दापिन्दै जिङ्ग्राएका झ्याउरे छन् । त्यसैले कुरै गर्ने हो भने यहाँ पूरापुरुषको भन्दा लघुपुरुषको सङ्ख्या धेरै होला । महापुरुषको त कुरै छोडूँ । ( अर्याल, २०७७, पृ. ८६)

उदाहरण (७) मा महापुरुषको खोजीमा लागेको वक्ताको अभिव्यक्तिभित्र तत्कालीन नेपालको जनसाङ्ख्यिक स्थिति र यसमा रहेको लैङ्गिक उपस्थितिको परिवेश रहेको छ । समाजमा पढेलेखेका र बुद्धिजीवी मानिसहरूको अभाव, धेरैजसो मानिसहरू लाहुरे भएर विदेशिने प्रवृत्ति र बाँकी स्वदेशमै सामान्य जीविकोपार्जन गरिरहेको अवस्था रहेका कारण बौद्धिक र ज्ञानी मानिस नभेटिने तत्कालीन परिस्थिति यस भाषिक रूपमा कथात्मक रूपमा चित्रित भएको छ । महापुरुष, स्त्रीको भन्दा पुरुषको सङ्ख्या कम, लाहुरे, दाउरे, पुरापुरुष र लघु पुरुष जस्ता यहाँ प्रयुक्त सन्दर्भसूचक भाषिक रूपले नेपालको तत्कालीन लैङ्गिक जनसङ्ख्याको संरचना र मानिसहरूको सामाजिक स्तरलाई बुझाउँछन् । यसबाहेक पुरुष मात्र ज्ञानी, विद्वान र महान् हुने हुनाले पुरुषको भन्दा महिलाको सङ्ख्या बढी भएको अवस्थामा महापुरुष भेट्टाउन कठिन परेको स्थितिबाट तत्कालीन समाजको पितृसत्तात्मक व्यवस्था र शिक्षा एवम् चेतनाका दृष्टिले नारीको दयनीय अवस्था पनि स्पष्ट हुन्छ । पुरुषप्रधान समाजका कारण महिलालाई कुनै पनि अवसर सहजै प्रदान नगर्ने र पुरुषको निर्णय सर्वेसर्वा हुने सामाजिक प्रचलनअनुसार ज्ञानगुन बाँड्ने ज्ञानी र विद्वान व्यक्तिका रूपमा महिलाको गणना हुँदैन । माथिको भाषिक रूपमा पुरुषहरूको सङ्ख्या कम भएको, भएका पनि लाहुरे गएका र बाँकी रहेका असाक्षर र साधारण रहेका तथा महिलाहरूबाट ज्ञान बाँड्ने कामको सम्भावना नरहेको तत्कालीन सामाजिक संरचनाको सङ्केत मिल्छ । ज्ञानगुन र चेतनाका दृष्टिले महिलाहरूको अवस्था नाजुक रहेकोबाहेक उनीहरू घरको चौघेराभित्र भातभान्सामा मात्र सीमित रहने र उनीहरूलाई दयनीय पात्रका रूपमा हेरिने पुरुष दृष्टि तलको उदाहरणबाट अझ स्पष्ट हुन्छ :

(८) एक छिनपछि हुलमा पसेर हेरेको त आफ्नै महापुरुष पो साइकिल चोरमा पक्रिएछन् । एक पटक त माया पनि लाग्यो, तर के गर्नु, फुटपाथमा साइकिल अड्याएर किनमेल गर्न लागेकी एउटी महिलाकै साइकिल उडाएछन् चरिचुच्चे काजीले त । महापुरुष ठानेको मान्छेले कुदाउनै परे पनि कमसेकम मर्दाना साइकिल त कुदाउनुपर्थ्यो, हेर विचित्रता भन्ने सम्झँदै आधा रातमा घर पुगेँ । अघिपछि भएको

भए त्यस बेलासम्म भात कुह्राएबापत बुढी पन्यू लिएर झम्टन्थी होला, तर अहिले त महापुरुषको सङ्गतमा लागेको उसलाई थाहै थियो ।

कहिलेकाहीँ जहानबाट पनि महान् कुरा निस्कन्छन् भन्थे । नभन्दै घरकी बुढीले एउटा जड कुरो झिकी- “महापुरुष खोज्न पनि लुखुरेले केटी खोजेझैँ जहाँ पाए उहीँ लरखराएर हुन्छ ? पस्नुपर्छ सिंहदरबार ।”(अर्याल, २०७७, पृ. ९२)

उदाहरण (८) मा सामाजिक संरचना, सहरीकरण र समाजमा महान् मानिएका मानिसहरूको नैतिकताहीन चरित्र उदाङ्गो भएको छ। यहाँ महापुरुष मानिएका मानिसले साइकल चोरी गरेर आफ्नो असली महापुरुषत्व प्रदर्शन गरेको देखिन्छ । यस उदाहरणमा रहेको लैङ्गिक संरचनासम्बन्धी भाषिक रूपले महिलालाई दयायोग्य पात्रका रूपमा मानेको छ । महापुरुषले चोरेकै भए पनि मर्दाना वा पुरुषको साइकल चोर्नुपर्थ्यो तर महिलाको साइकल चोर्नुले साइकल चोरको समेत इज्जतमा गिरावट भएको छ । यहाँ रहेको भाषिक रूपमा ‘भात कुराएबापत बुढी पन्यु लिएर झम्टिन्थी’ र ‘कहिलेकाहीँ जहानबाट पनि महान् कुरा निस्कन्छन्’ भन्ने दुई ओटा उपवाक्यभित्र तत्कालीन समाजमा रहेको लैङ्गिक दृष्टिले विभेदयुक्त सामाजिक चेतनाको परिस्थिति अन्तर्निहित भएको छ । यसबाट महिलाको लैङ्गिक दृष्टिले हुने सामाजिक भूमिका तथा उनीहरूको चेतनामाथिको नजरअन्दाज स्पष्ट हुन्छ । यसरी हेर्दा २०२० सालमा प्रकाशित यस निबन्धमा तत्कालीन अवस्थाको नेपाली समाजमा रहेको पुरुष शक्ति, पुरुषको सामाजिक प्रभुत्व र महिलाका लागि पुरुषले निर्माण गरेको ‘कमजोर चेतनाविहीन वर्ग’ भन्ने भाष्यको पनि बोध हुन्छ ।

अर्यालको ‘केही राष्ट्रिय रोग एक अनुसन्धान’ निबन्धमा नेपालका राजनीतिक र सामाजिक क्षेत्रमा रहेका समस्यालाई अनुसन्धान गरेका रोगका रूपमा अभिव्यक्त गरिएको छ। यस निबन्धमा समाज, प्रशासन र सिङ्गै राजनीतिमा भएका स्वार्थ, जिम्मेवारीहीनता तथा आफ्नो पेसाप्रतिको वितृष्णालाई विभिन्न सन्दर्भमार्फत अर्थ्याइएको छ । समाजमा रहेको पेसागत गरिमा र त्यसको क्षयलाई देखाउनका लागि तत्कालीन समयको राजनीति र प्रशासनको परिस्थितिमा डाक्टरी पेसासम्बन्धी भाषिक रूपको यहाँ प्रयोग भएको छ, जस्तै -

(९) डाक्टर बन्ने लाइसेन्स पाएका तर डाक्टरी गर्ने सेन्सचाहिँ नपुगेका डाक्टर साहेबहरू भूतपूर्व मन्त्रीहरू बढेझैँ जतिसुकै बढे पनि के लाग्यो र, बिरामीको सङ्ख्या बेकार स्नातकझैँ दिन दोब्बर रात चौबर बढेको छ, छ। नपत्याए निःशुल्क अस्पतालहरूमा हेर्न जानुस्, कक्षमा मानौँ एउटा भव्य प्रोसेसन नै चलेको हुन्छ । तै हाम्रा कतिपय डाक्टरसाहेबहरू स्टेथोस्कोप सुँघाउनासाथ रोगको गन्ध पाइहाल्नुहुन्छ र मात्रै हो, नत्र गयाका पण्डाले श्राद्ध गराएझैँ आएजति बिरामीलाई लस्करै राखी आफ्नो आफ्नो रोग सम्झेर मम भन्नुस् है भनी सामूहिक जाँच गर्नुपर्ला भनेजस्तो भइसकेको छ । (अर्याल, २०७७, पृ. १९८)

उदाहरण (९) मा डाक्टर बन्ने लाइसेन्स, भूतपूर्वमन्त्रीको सङ्ख्यामा वृद्धि, गयाका पन्डाले श्राद्ध गराएझैं जस्ता सन्दर्भसूचक पद तथा पदावलीमा तत्कालीन सामाजिक व्यवहार र गतिविधिको परिवेश अन्तर्निहित रहेको छ। यी रूप र अवस्थालाई सामाजिक संरचना र प्रचलनका सन्दर्भले एकीभूत गराएर यस्ता भाषिक रूपको परिस्थितिजन्य अर्थको बोध गराएको छ । डाक्टरलाई चिकित्सा शास्त्रको अध्ययन गरेको व्यक्ति, बिरामीको उपचार गर्ने महत्त्वपूर्ण व्यक्ति र डाक्टरको पेसालाई समाजमा प्रतिष्ठित पेसाका रूपमा मानिन्छ । यहाँ प्रयुक्त 'डाक्टरी बन्ने लाइसेन्स भएका तर डाक्टरको सेन्स नपुगेका डाक्टर' पदावलीले डाक्टरको क्षमताहीनता र समाजमा डाक्टरको पेसागत मर्यादामा रहेको क्षयलाई बुझाउँछ। यसरी हेर्दा तत्कालीन समाजमा डाक्टरले गर्ने हड्ताल तथा डाक्टरको सङ्ख्यामा वृद्धि भए पनि बिरामीको उपचार गर्नपट्टि नलागेर पार्टीको झण्डा बोकेर दगुर्ने कार्य र पेसागत रूपमा कर्तव्यनिष्ठ भएर काम नगरी टोलटोलमा प्राइभेट क्लिनिक खोलेर पैसा कमाउने प्रवृत्तिका कारण डाक्टरले आफ्नो पदीय गरिमा कायम गर्न नसकेको र जनताको उनीहरूमाथि भरोसा नभएको अवस्थाबोध हुन्छ ।

'मादक पदार्थ र बेवारिसे लास' निबन्धमा नेपाली समाजमा विकसित सामाजिक विकृतिजन्य परम्परालाई उठान गरिएको छ । यस निबन्धमा नेपाली र विदेशी बेवारिसे भएर बराबर मर्ने गरेको विषयमार्फत यसको कारण लागु औषधलाई मान्दै यसतर्फ सचेष्ट हुन सङ्केत पनि गरिएको छ । नेपाली समाजमा रहेको गाँजा सेवन, मद्यपानको परम्परा र तत्कालीन अवस्थामा विकसित हिप्पी संस्कृतिले नेपाली युवाजमातमा पारेको प्रभावलाई यस निबन्धमा स्पष्ट पारिएको छ, जस्तै -

(१०)शिवजीका साधकहरूमा गाँजाको र गुजेश्वरीका उपासकहरूमा रक्सीको सेवन गर्ने प्रवृत्ति सनातन हो । पशुपति र गुजेश्वरीको देशमा यो सनातन प्रवृत्तिले विकास पाउनुलाई कसैले नराम्रो माने मानिरहोस्, हाम्रो निम्ति यो पनि एउटा संस्कृतिकै अङ्ग हो । त्यसैले आफूले नसके पनि देश-देशबाट धाएर आई हाम्रो कान्तिपुरमा बराबर गाँजा गोष्ठी, चरेस चर्चा र अफिम अभ्यास वा भट्टी भण्डारा आयोजित गरेर सास छोड्ने ती मददास लासहरूलाई हामीले श्रद्धाञ्जली दिनुपर्छ, उनीहरूको सङ्गतले गर्दा कमसेकम हाम्रा युवावृन्दले पनि जोगीका अखडामा सीमित गाँजा गोष्ठीलाई यत्रतत्र फैलाउने मौका पाएका छन् । यसबाट देशको गाँजा खेती र चिलिम शिल्पको विकासमा मद्दत पुग्ने कुरा त छँदै छ, शिवजीको प्रिय धुवाँ बुङ्बुङ्ती उडाएर पिठाको पीर र टालाको टन्टाले बगेका आँसु सुकाउन पनि धेरै नेपालीलाई सजिलो पर्नेछ । एउटै आशङ्का के छ भने अचेल सरदर दिनको एउटाको दरले पाइन थालेको बेवारिसी लासका सङ्ख्यामा पनि क्रमिक विकास भइदियो भने दोष विशिष्ट हिप्पीहरूलाई मात्रै दिने कि हिप्पी-शिष्य आफ्ना छोराछोरीलाई पनि दिने ? प्रहरीको समाचारले निश्चय नै यसै प्रश्नको सङ्केत बोकेको हुनुपर्छ । (अर्याल, २०६३, पृ. ८७)

उदाहरण (१०) मा प्रयुक्त भाषिक रूपले २०२० को दशकमा नेपालमा मौलाएको सामाजिक विकृतिजन्य प्रचलन र यसले भविष्यमा पार्न सक्ने दुरगामी प्रभाव देखाएको छ । यहाँ शिवजीका साधक, गुजेश्वरीका उपासक, सनातन प्रवृत्ति, संस्कृतिको अङ्ग, गाँजा गोष्ठी, चरेस चर्चा, अफिम अभ्यास, भट्टी भण्डारा, महदास लास, जोगीको अखडा, गाँजा खेती, चिलिम शिल्प, शिवजीको प्रिय धुवा, पिठाको पीर र टालाको टन्टा, बेवारिसी लास, हिप्पी, हिप्पीशिष्य र प्रहरीको समाचार जस्ता थुप्रै सन्दर्भसूचक भाषिक रूपमा नेपालमा मौलाएको विकृतिजन्य सामाजिक प्रचलन र तत्कालीन अवस्थाको हिप्पी संस्कृतिसँग सम्बन्धित परिस्थिति प्रतिबिम्बित भएको छ । अमेरिका लगायतका देशबाट युद्धको सन्त्रासले भागेका मानिसहरू हिप्पीका रूपमा नेपालीमा प्रवेश गरेका र उनीहरूको स्वतन्त्र रूपमा गाँजा सेवन गर्ने आदत र नेपालीमा पहिलेदेखि नै रहेको मद्यपान गर्ने अम्मलका कारण नेपाली समाज विकृतितिर अभिमुख भएको तत्कालीन अवस्थाको बोध यहाँको भाषिक रूपको माध्यमबाट हुन्छ ।

अर्यालका निबन्धमा नेपाली समाजमा रहेका चालचलनका स्थितिलाई जनाउने भाषिक रूपलाई सामाजिक संरचना र प्रचलनका सन्दर्भले जोडेका छन् । नेपाली समाजमा रहेको जातीय, वर्गीय र क्षेत्रगत संरचना तथा समाजका संरचनागत विशेषता र तत्कालीन अवस्थामा रहेको सामाजिक प्रचलनसम्बन्धी सन्दर्भको प्रयोगले तत्कालीन परिस्थितिजन्य परिवेशको बोध गराउनुका साथै सामाजिक क्षेत्रमा आएको चेतना र जागरणको स्वरूपलाई स्पष्ट पार्ने माध्यमका रूपमा पनि त्यस्ता सामाजिक सन्दर्भ अर्थपूर्ण रहेका छन् ।

समाजको संरचना र यसअनुसारका गतिविधिको प्रभाव लेखकको कृतिमा रहेको हुन्छ । अर्यालका निबन्धमा पनि नेपाली समाजको संरचना र यसअनुसारका तत्कालीन गतिविधि तथा यस्ता सामाजिक मान्यताको प्रयोगका क्रममा आएका समस्या र विकृतिलाई व्यङ्ग्य प्रहार गरिएको हुनाले यी निबन्धमा सामाजिक जीवनका विभिन्न स्थितिबाट सामाजिक सन्दर्भको माध्यमले तत्कालीन समाजमा रहेका विकृति र विवशताको बोध भएको छ । यी निबन्धमा रहेका सामाजिक संरचनासम्बन्धी सन्दर्भले नेपाली समाजमा रहेको पितृसत्तात्मक संरचना र यसको प्रभुत्व, सामाजिक रूपमा रहेको जातीय विभेदको विषय र समाजमा हुर्केका सामाजिक प्रचलनको वास्तविकता बोध गराएको देखिन्छ ।

### ३.३.२ धार्मिक संस्कार

'धार्मिक संस्कार' शब्दले धर्मसँग गाँसिएर आएका संस्कारजन्य गतिविधिको समष्टिलाई जनाउँछ । धार्मिक आस्था वा विश्वासभित्र मानवजन्य धार्मिक संस्कारहरू रहेका हुन्छन् । मानिसको जन्मदेखि मृत्युसम्मका विविध संस्कारजन्य कुराहरू धर्मले निर्धारण गरेको हुन्छ । आराधना, भक्ति, प्रार्थना, अहिंसा, सेवा, दान, व्रत, पूजा जस्ता धार्मिक गतिविधिभित्र पनि धार्मिक संस्कार नै निहित रहेको हुन्छ । मान्छेका जन्म, नामकरण, व्रतबन्ध, विवाह तथा मृत्युसँग सम्बन्धित सम्पूर्ण गतिविधिहरू धार्मिक संस्कारजन्य गतिविधिहरू मानिन्छन् । मानिसले सभ्यताको

दौरानमा समाजलाई व्यवस्थित गर्न समय र स्थानअनुसार विभिन्न किसिमका धर्महरूको विकास गरेको देखिन्छ । यसैमध्ये हिन्दू धर्म पनि एउटा हो । हिन्दू धर्ममा आधारित संस्कारका विषयमा प्राचीन समयदेखि चिन्तन भएको र संस्कारको सङ्ख्यामा मतभिन्नता भए पनि सामान्यतः स्मृति र पुराणहरूमा उल्लिखित १६ संस्कारलाई स्वीकार गरी तिनमा पनि मुख्यतः जन्म, यज्ञपवित्र वा शिक्षा, विवाह र मृत्युलाई मुख्य संस्कारका रूपमा चर्चा गरिएको छ (बराल, २०४४, पृ. ३९) । भैरव अर्यालका निबन्धमा हिन्दू धार्मिक चिन्तन र संस्कारजन्य गतिविधिका सन्दर्भ जनाउने विभिन्न स्थिति रहेको देखिन्छ। ती निबन्धमा रहेको नेपाली समाजको धार्मिक गतिविधिको तत्कालीन परिस्थिति धार्मिक संस्कारसम्बन्धी सन्दर्भको माध्यमबाट मात्र अर्थ्याउन सकिन्छ । अर्यालका निबन्धमा रहेका धार्मिक संस्कारसम्बन्धी सन्दर्भको विवरण र यससम्बन्धी भाषिक रूपको विश्लेषण गरेर संज्ञानात्मक सन्दर्भार्थको यहाँ खोजी गरिएको छ ।

**तालिका नं. ४ : धार्मिक संस्कारसम्बन्धी सन्दर्भको विवरण**

| निबन्धको शीर्षक | भाषिक रूप | स्थिति |
|---|---|---|
| सरकारले दुलो खोज्नु पर्ला | प्रचण्ड पुरोहित परिषद् | धार्मिक संस्था |
| | धर्मको गति | संस्कार बिर्सेको अवस्था |
| | जनताले कार्जे गर्न छोड्नु | संस्कारमा आएको विचलन |
| | पँहेलो झन्डा | धार्मिक सङ्केत |
| प्रतिनिधि मण्डल फर्क्यो | पितृहरू रिसाएर अकल्याण गरिरहनु | धार्मिक विश्वास र पितृतर्पण |
| दौरा सुरुवाल नपठाइदिने भएँ ! | पुरेतले रेखी हाल्नु | हिन्दूले गर्ने पितृश्राद्ध |
| रेडियो रसातल | महादान समारोह | अत्यन्तै ठुलो दान गर्ने अवस्था |
| | दश दान मध्येको दोस्रो दान | हिन्दूहरूको दानसम्बन्धी मान्यता |
| | महानदीयुक्त भूमिदान | नदीसहितको जमिनको दान |
| | दक्षिण फर्की गरेको महादान | भारतलाई गरिएको दान |
| | पण्डित प्रवर सिन्हा | धार्मिक व्यक्तित्व |
| मिस्टर एन. मुनि नेपालमा | घाँटीमा तुलसीको कन्ठी र हातमा वीणा | हिन्दू धर्मअनुसारको आचरण |
| जय भोलि | सरस्वतीको तानाबाना बोकेर दक्षिणा फर्काउँदै दुनिया छकाउने गुरुजी | पण्डित पुरोहितको प्रवृत्ति |
| | ज्वाइँको गोडाको पानी खाने धोको | धार्मिक विश्वासअनुसारका गतिविधि |
| | कन्यादान | विवाहसम्बन्धी धार्मिक गतिविधि |
| | पितृऋण | परलोकसम्बन्धी धार्मिक मान्यता |

| | | |
|---|---|---|
| कन्याकेटी खोज्दा | परलोकमा एक घुड्को तर्पण दिने छोरो | परलोकसम्बन्धी धार्मिक मान्यता |
| | ग्रहशान्ति | विपत टार्ने धार्मिक गतिविधि |
| लाहुरेको यात्रा संस्मरण | विश्वनाथ बाबाको पाउ | पूजाजन्य धार्मिक गतिविधि |
| | विश्वनाथ बाबालाई केटी चढाउनु | देवता भक्ति र चेलीबेटी बेचबिखन |
| | भागीरथीमा बगाइदिउँला | गङ्गा नदी |
| | ससुराली भिन्न भएको साल सोह्रसरादमा गएको ज्वाइँ | सामाजिक मान्यता र श्राद्ध संस्कार |
| नेता नम्बर एक सय एक | साइकलरूपी छुचुन्द्रोमा गणपति लम्केझैँ | हिन्दूदेव गणेश र उनको बहान मुसो |
| | श्राद्ध गर्दा बिकरलाई घोप्ट्याएको दुनु पुरेतले सोझ्याउनु | हिन्दूहरूको पितृश्राद्ध पद्धति |
| महापुरुषको सङ्गत | सालीका आसक्तहरू कालीका भक्त हुनु | स्त्रीलम्पटको भगवान भक्ति |
| | मर्ने बेलामा वृषोत्सर्ग | दानदातव्य |
| | गङ्गाजलले सूर्यलाई अर्घ्य | ग्रहपूजा पद्धति |
| जय भुँडी | भीमसेन पूजा र भगवती पूजा | धार्मिक संस्कार |
| | शङ्कर रिसाउँदा संसार संहार हुनु | महादेवको स्वभावसम्बन्धी मान्यता |
| | भुँडीले सुरसाको मुख | रामायणमा वर्णित विशाल राक्षस |
| केही राष्ट्रिय रोग : एक अनुसन्धान | गयाका पन्डाले श्राद्ध गराएझैँ | भारतको गयामा पितृश्राद्ध गराउने पद्धति |
| | साइकलमा गुडेर नवग्रहको निर्णय | ग्रहपूजासम्बन्धी धार्मिक प्रचलन |
| हराम पाँडे हजुर | मर्दा आफैँ रुन नपाइने संसारको कानुन | मृत्युको शाश्वतता |
| | पुरेतकहाँबाट नाम सच्याउनु | जन्मसंस्कारसम्बन्धी स्थिति |
| | ज्योतिषकहाँबाट नाम सच्याउनु | भाग्यवादी मान्यता |
| | शुद्धशान्तिमा छोराले दान गरेको गुन्टागुठुरी | हिन्दू धर्मका अनुसार मृत्युसंस्कार |
| | हिन्दूत्वमा शङ्का | सनातन धर्मका मान्यतामा प्रश्न |
| | जनै र टुपी देखाउनु | हिन्दू धर्मानुसारको संस्कार |
| | विधर्मी हिप्पी | हिन्दूधर्म विपरीत आचरण |
| | थरगोत्रावलीका लेखक शिखरनाथ | जात र थरसम्बन्धी धार्मिक मान्यता |
| | पैतालिस दिनपछि चित्रगुप्तले बोलाउनु | हिन्दू धर्मका अनुसार मृत्युसंस्कार |
| असनको डबली | अन्नपूर्णा देवीको विश्वास लाग्नु | धर्मकर्ममा विश्वास |

तालिका (४) मा 'सरकारले दुलो खोज्नु पर्ला', 'प्रतिनिधि मण्डल फर्क्यो', 'दौरा सुरुवाल नपठाइदिने भएँ !', 'रेडियो रसातल', 'मिस्टर एन.मुनि नेपालमा', 'जय भोलि', 'कन्याकेटी खोज्दा', 'लाहुरेको यात्रा संस्मरण', 'नेता नम्बर एक सय एक', 'महापुरुषको सङ्गत', 'जय भुँडी', 'केही राष्ट्रिय रोग : एक अनुसन्धान', 'हराम पाँडे हजुर' र 'असनको डबली' गरी चौध ओटा निबन्धमा रहेका मुख्य भाषिक रूप र तिनमा रहेको स्थितिको विवरण दिइएको छ । यस्ता स्थितिमा निहित रहेको संज्ञानको बोधका लागि संज्ञान खोज्ने सामाजिक आधारअन्तर्गत धार्मिक संस्कारसम्बन्धी सन्दर्भको सहयोग आवश्यक रहेको छ । अर्यालका निबन्धमा रहेको धार्मिक संस्कारजन्य संज्ञानको बोधका लागि यहाँ ती निबन्धबाट उदाहरणका रूपमा लिइएका भाषिक रूपलाई ती धार्मिक गतिविधिसम्बन्धी तत्कालीन स्थितिका सापेक्षतामा विश्लेषण गरिएको छ ।

'सरकारले दुलो खोज्नु पर्ला' निबन्धमा प्रयुक्त प्रचण्ड पुरोहित परिषद्, बागमतीको किनार, १७ पैसाको दस्तुर, १७ पैसाको गोदान, पहेलो झण्डा, शुरो र मोटक हड्ताल जस्ता भाषिक रूपमा तत्कालीन समाजका धार्मिक संस्था, धार्मिक संस्कार र परम्परामा आएको परिवर्तन तथा समयानुसार पारिश्रमिक नबढ्दा पुरोहितलाई परेको सङ्कटजन्य स्थिति निहित भएको छ। यहाँका स्थानसूचक, प्रक्रियासूचक तथा अवस्थासूचक स्थितिहरूलाई सामाजिक सन्दर्भले भाषिक रूपसँग एकाकार गराएका छन् । बदलिदो राजनीतिक र सामाजिक परिवेशमा नेपालीले धार्मिक संस्कार र यससँग सम्बन्धित धार्मिक कार्य गर्न छाडेको र गरिहाले पनि जजमानले पुरोहितलाई खुसी गराउने गरी दक्षिणा र गोदान नगरेको विषय यहाँ वर्णित रहेको छ । यस्ता धार्मिक चिन्तन र धार्मिक संस्कारजन्य गतिविधिका सन्दर्भमार्फत नेपालमा राणा शासनको अन्त्य भई बहुदलीय प्रजातन्त्रको स्थापना भएपश्चात्को सामाजिक परिवेशमा भएको हिन्दू धर्मका मान्यताअनुसारका धार्मिक संस्कारमा आएको घटौती र यसबाट जजमान तथा पुरोहितको सम्बन्धमा आएको तिक्ततासम्बन्धी तत्कालीन सामाजिक अवस्थाको बोध भएको छ । तलको उदाहरणबाट यस कुरालाई स्पष्ट पारिएको छ :

(१) आज नेपालीमा धर्मको कुन गति भैरहेको छ, जनताले धेरैजसो कार्जे गर्न छाडिसके, गरिहाले भने पनि पुरेतको दस्तुर १७ पैसाको १७ पैसा छँदैछ । आजको आर्थिक परिस्थितिमा १७ पैसाको गोदान लिएर पुरेतहरूलले कसरी हुक्का टार्ने ? (अर्याल, २०६३, पृ. १-२)

उदाहरण (१) मा धर्मको कुन गति, कार्जे, पुरेत र सत्र पैसाको गोदान गरी चार ओटा भाषिक रूपमा नेपाली हिन्दूहरूको धार्मिक संस्कार र यससम्बन्धी गतिविधिको परिवेश अन्तर्निहित भएको छ । 'धर्मको गति' पदावलीमार्फत यहाँ धर्मको कुनै चाल वा गति नबुझिई सन्दर्भार्थमा नेपालमा हिन्दू धर्मको गरिमा र निरन्तरतामा आएको क्षय भन्ने अर्थ प्रतिफलित भएको छ । कार्जेले सबै प्रकारका धार्मिक अनुष्ठान र संस्कारजन्य गतिविधिलाई बुझाउँछ भने 'पुरेत' ले जजमानी पेसा अँगाल्ने सबै हिन्दू पुरोहित र 'गोदान' शब्दले धार्मिक संस्कारमा दिइने समग्र

दक्षिणालाई बुझाउँछ । नेपालमा हिन्दूहरूको धार्मिक संस्कारप्रतिको परिवर्तित गतिविधि र सोच पनि यहाँ देखिन्छ । यो स्थितिलाई धार्मिक संस्कारको सन्दर्भले एकीभूत गराएर तत्कालीन अवस्थामा नेपाली हिन्दूहरूमा रहेको धार्मिक अनुष्ठान, पुरोहित र पारिश्रमिकको दयनीय अवस्थाको बोध गराएको छ ।

अर्यालको 'प्रतिनिधि मण्डल फर्क्यो' निबन्धमा नेपाली धार्मिक समाजका तत्कालीन परिस्थितिजन्य अवस्थाको वर्णन रहेको छ । धार्मिक विश्वास र पितृतर्पणसँग सम्बन्धित स्थिति अन्तर्निहित भएको यस भाषिक रूपमा धार्मिक संस्कारसम्बन्धी सन्दर्भले विशेष अर्थ बोकेको छ, जस्तै -

(२) मेरो पार्टीलाई सहयोग गर्नुहुन्छ भने मन्त्रीमण्डलमा एकजना राखिदिन पनि मलाई गाह्रो छैन । अवश्य नै राखिदिन्छु र धर्म विभाग पनि चाँडै नै खोलिदिनेछु । सङ्घर्ष गर्छु भनेर मेरो मुटु नकमाइदिनुहोला । म तपाईंका १० माग अहिले पूरा गरिदिन्छु र अरू २०१५ सालको चुनावबाट विजयी बनेपछि । तपाईंहरूले मलाई चुनाव जिताउनोस् तब म महिनाको एउटा सराद्धे गर्नैपर्छ भन्ने विधान बनाइदिउँला । (अर्याल, २०६३, पृ. ४)

उदाहरण (२) मा धर्मसम्बन्धी संस्थाको आन्दोलन र सरकारको सौदाबाजीको विषय रहेको छ । समाजमा धर्मका नाममा राजनीति गर्ने पुरोहितहरूको टोलीले धर्मविभागको मागसहित ज्ञापनपत्र बुझाएकोमा सरकारका तर्फबाट हेडमन्त्रीले आफूलाई सहयोग गरे धर्म विभाग खोल्नेदेखि अरू प्रकारका माग पनि पूरा गरिदिने वचन दिएको देखिन्छ । माथि आएका पार्टीलाई सहयोग गरे मन्त्रीमन्डलमा एकजना राखिदिनु, धर्म विभाग, महिनाको एउट सराद्धे गर्ने विधान गरी जम्मा तीन ओटा भाषिक रूपमा तत्कालीन नेपालको धार्मिक परिवेश र पण्डितहरूको राजनीतिक स्वार्थ देखिन्छ । यसबाट तत्कालीन समयमा धार्मिक कार्यका नाममा सरकारी हस्तक्षेप र धार्मिक संस्थाको स्वार्थमा सामान्य सनातनी हिन्दू धार्मिक आस्था भएका मानिस चल्नुपर्ने अवस्था थियो भन्ने अर्थबोध हुन्छ । धार्मिक संस्कार र तत्जन्य गतिविधि समाजमा सञ्चालन हुनु र धर्मको रक्षा गर्नु स्वाभाविक कुरा मानिन्छ तर पण्डित र पुरोहितहरूले नै पितृहरूले रिसाएर देशमा अकल्याण सिर्जना गरेको निहुँमा जजमानलाई जबरजस्ती दुईपटक श्राद्ध गर्न लगाउने बाध्यकारी माग पेस गर्ने र सरकारलाई सहयोग गरे महिनाको एउटा श्राद्ध गर्ने गरी विधान बनाइदिने सरकारी आश्वासनबाट यहाँ धार्मिक संस्कारका नाउँमा तत्कालीन समाजमा पण्डित पुरोहितहरूले गरेको दमन र नियन्त्रण स्पष्ट हुन्छ ।

'रेडियो रसातल' निबन्धमा नेपाली समाजमा रहेका सामाजिक, धार्मिक तथा सांस्कृतिक विषयमाथिको व्यङ्ग्यात्मक अभिव्यक्ति रहेको छ । हिन्दू धार्मिक मान्यताअन्तर्गतको दान समारोहविषयक भाषिक रूपमार्फत धार्मिक संस्कारको सन्दर्भ जोडेर नेपालले तत्कालीन समयमा

गरेको असमान वैदेशिक सन्धि र देशका नदीनाला अरूलाई सुम्पने परिस्थिति अभिव्यक्त भएको छ । तलको उदाहरणबाट यस तथ्यलाई अझ स्पष्ट पार्न सकिन्छ :

(३) अस्ति साँझ भ्याउँकिरी बैठकमा आयोजित एक महादान समारोहमा अर्धमूली तथा अर्धचुली मन्त्री श्री श्री श्री 'ग' वर्गीय कुँवरकूल कलाधर महाप्रभुले राष्ट्रिय दश दानमध्येको दोस्रो रूप महानदीयुक्त भूमिदान कार्य सम्पन्न गर्नुभयो । नेपालको गण्डस्थलमै छोएर दखिखन फर्की गरेको यस महादानलाई मुर्दावादको तुमूल गगनभेदी ध्वनिका साथ अवकाशोन्मुख पण्डितप्रवर सिन्हा महाशयले बडो हड्बडका साथ हात पार्नुभयो । चियापानीको अभिषेक गर्दै पण्डितजीले आशिष् दिनुभयो । यस महादानको प्रभावले गर्दा हामी जजमान-पुरेतको सम्बन्ध पुस्तौँपुस्तासम्म जस्ताको तस्तै रहनेछ । रहँदा बस्दा यसको सुवासले हामीलाई एउटै परिवार बन्न पनि बेर लाग्नेछैन । (अर्याल, २०६३, पृ. २२-२३)

उदाहरण (३) मा प्रयुक्त भाषिक रूपले धार्मिक संस्कारजन्य गतिविधिका रूपमा रहेको दान परम्परामार्फत नेपालले गरेको नदीसम्बन्धी असमान सम्झौताको तत्कालीन परिस्थितिबाट नेपाली राजनीतिको परनिर्भरता र नेपाली प्राकृतिक सम्पदा अरूले प्रयोग गर्न पाउने गरी गरेको सन्धि सम्झौताको तत्कालीन अवस्थाको बोध गराउँछ । यहाँ प्रयुक्त दश दानमध्येको दोस्रो दान, महानदीयुक्त भूमिदान, दक्षिण फर्की गरेको महादान, मुर्दावादको तुमल गगनभेदी ध्वनि, अवकाशोन्मुख, पण्डितप्रवर सिन्हा, एउटै परिवार बन्न पनि बेर नलाग्नु जस्ता भाषिक रूपबाट तत्कालीन राजनीतिक परिस्थिति र विदेशीसँगको नेपाल सरकारको व्यवहार तथा विदेशी सामु नेपाल सरकारको नतमस्तक अवस्था रहेको बुझिन्छ । यहाँ रहेको धार्मिक संस्कारसम्बन्धी सन्दर्भ धार्मिक गतिविधि र संस्कारसँग प्रत्यक्ष सम्बन्धित नभई भारतसँग गरिएको गण्डक सम्झौतालाई अर्थ्याउन प्रयुक्त भएको छ । माथि रहेको नदीदानले गण्डक सम्झौता, दक्षिण फर्किएको भन्नाले भारताभिमुखता र दुई परिवार एकै हुन बेर नलाग्नुले भारतको इसारामा नेपाली राजनीति चल्ने यथार्थको बोध हुन्छ ।

बी.पी कोइरालाको नेतृत्वमा नेपालको इतिहासमै पहिलोपटक २०१६ जेठ १३ गते जननिर्वाचित सरकार गठन भएपश्चात् एक महिनाभित्रै भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरुले नेपाल भ्रमण गर्नुको मुख्य उद्देश्य नै भारतको प्राथमिकतामा रहेको गण्डकबाँध बाँध्न नेपाललाई मनाउनु रहेको बुझिन्छ । नेहरुले नेपालमा रहँदा नेपाल सरकारलाई गण्डक बाँध निर्माणमा मनाउने प्रयास मात्र नगरी नेपाल सरकारले नमाने भारतले एकलौटी रूपमा भारतीय भूमिमा बाँध बनाउने चेतावनी पनि सार्वजनिक रूपमै दिएका र भारतले गण्डक परियोजनालाई आफ्नो दोस्रो पञ्चवर्षीय योजनामा राखिसकेको हुनाले गण्डक बाँध जसरी पनि बनाउने उसको ध्येय अनुसार नै नेहरुले नेपाल भ्रमण गरेको करिब छ महिनापछि २०१६ मङ्सिर १९ गते नेपाल-भारत बिच असमान र अन्यायपूर्ण गण्डक सम्झौतामा काठमाडौंमा हस्ताक्षर भएको र

सम्झौताको पाँच वर्षमै २०२१ सालमा गण्डक बराजको निर्माण सम्पन्न भएको बुझिन्छ । गण्डक सम्झौताका प्रावधान असमान र अन्यायपूर्ण र नेपालका विपक्षमा रहेका छन् (ढकाल र सत्याल, २०७५) । माथिको उदाहरणमा दशदान, भूमिदान, अभिषेक जस्ता पदले धार्मिक संस्कारका प्रक्रियालाई जनाए पनि यहाँ ती शब्द नेपाल र भारतका बिचमा भएको गण्डकी नदीसम्बन्धी यही सन्धिलाई जनाउनका लागि प्रयोग भएको देखिन्छ । २०१७ साल बैशाखमा प्रकाशित यस निबन्धमा नेपाल र भारतका बिचमा भएको असमान गण्डक सम्झौता र यसका प्रावधानले भावी दिनमा देशमा पार्ने दूरगामी प्रभावको सङ्केत रहेको पाइन्छ ।

'कन्याकेटी खोज्दा' निबन्धात्मक पाठमा पितृसँग सम्बन्धित संस्कार र छोराको भूमिकासँग सम्बन्धित भाषिक रूपको परिवेशजन्य पृष्ठभूमिमा हिन्दू धार्मिक संस्कार र सोसम्बन्धी विश्वास अभिव्यक्त भएको देखिन्छ । तलको उदाहरणमा रहेको भाषिक रूपमा परलोक र पितृउद्धारसम्बन्धी यही वास्तविकता अभिव्यञ्जित रहेको छ :

(४) चिटचिट पसिना आउँन थाल्यो । रातरातभर म सोच्न थालैँ- साहूको ऋण तिर्न नसके पनि एउटी कन्याकेटी भित्र्याएर पितृ-ऋण नतिरी कसरी मर्नु ? यस लोकमा एक घुट्को चिया खान नपाए पनि परलोकमा एक घुट्को तर्पन दिने एउटा छोरो त चाहिन्थ्यो । (अर्याल, २०७७, पृ. ६१)

उदाहरण (४) मा हिन्दू धार्मिक विश्वास र सोअनुसारका संस्कारलाई जनाउने भाषिक रूपमार्फत एकातिर धार्मिक मान्यताका आडमा पितृऋण तिर्न जसरी भए पनि विवाह गर्नुपर्ने र छोरो नै जन्माउनुपर्ने विचार देखिन्छ भने अर्कातिर समाजमा छोराको महत्त्व र भूमिका उच्च रहेको कुरा पनि स्पष्ट हुन्छ । वेदकालीन समयदेखि नै सन्तान जन्माउनु अनिवार्य मानिएको र यसमा पनि छोरो वा पुत्रको जन्मलाई विशेष महत्त्वका साथ हेरिएको छ । ऋग्वेद तथा अथर्ववेदका थुप्रै ऋचाहरूमा 'पुत्र प्राप्त होस्, पुत्रवती भए' भनी दिइएका आशीर्वादबाट यस तथ्यको पुष्टि हुन्छ (अधिकारी, सन् २०२१, पृ. ८९) । हिन्दू धर्मअनुसारका धार्मिक विश्वासमा यस लोकलाई भन्दा परलोकलाई महत्त्व दिइन्छ र जिउँदो अवस्थामा भन्दा दिवङ्गत भइसकेपछिको अवस्थामा रहेको आत्माको अस्तित्वलाई बढी विश्वास गरिन्छ । समाजमा रहेका सबै खालका ऋणभन्दा पितृहरूले लगाएको ऋण ठूलो हुने हुनाले पितृऋण नतिरे दुःखको सागरमा फसिन्छ र यस्तो अवस्थामा वर्तमान लोक र परलोकमा समेत शान्ति मिल्दैन भन्ने धार्मिक विश्वास रहेको छ । माथि प्रयुक्त पितृऋण, परलोक र एक घुट्को तर्पण दिने एउटा छोरो जस्ता पद पदावलीबाट यही धार्मिक संस्कार, तत्जन्य विश्वास र सामाजिक परम्पराको बोध हुन्छ ।

अर्यालको 'नेता नम्बर एक सय एक' निबन्धमा हिन्दूहरूको पितृश्राद्धसम्बन्धी धार्मिक संस्कारजन्य सन्दर्भमार्फत नेपालको तत्कालीन राजनीतिक पार्टीप्रतिको वक्ताको दृष्टिकोण निर्माण भएको छ र यसमा तत्कालीन समयका राजनीतिक पार्टी र यस्ता पार्टीमा रहेको अपारर्शिता तथा आफन्तवादी प्रवृत्ति प्रतिबिम्बित भएको छ, जस्तै -

(५) श्राद्ध गर्दा बिकरलाई घोप्ट्याएको दुनो पनि पछि गएर पुरेतले सोभ्याउन लाउँछन्, तर मेरो घोप्टिएको दुनो कतै पनि सोभिएन । एक सय ओटा नेताको सङ्गत गरेँ, जुत्ता बोकेँ, आखिरमा आएर न यता न उता । त्यसैले झोकै शान्ति मैले पनि मावलीको मद्दतले एउटा पार्टी खोलेको छु, जसको नाम हो- 'अखिल नेपाल भस्याङभुसुङ दल' । जसले जे भने पनि आखिर म पनि एउटा नेता भैहालेँ । (अर्याल, २०७७, पृ. ८५)

उदाहरण (५) मा हिन्दू धर्मअन्तर्गत रहेको पितृउद्धारसँग सम्बन्धित श्राद्धकर्मको विषय रहेको छ । कतै गए पनि आफ्नो मन वा चित्त नबुझेको कुरा स्पष्ट पार्न लेखकले श्राद्धको विषय प्रयोग गरेको देखिन्छ । हिन्दू धर्ममा पितृउद्धारका लागि भनेर गरिने पितृश्राद्धमा बिकरको दुनोलाई पहिले घोप्ट्याउन लगाइन्छ । यसको तात्पर्य अशुद्धताको नाश गरेको भन्ने हुन्छ र पछि श्राद्धकर्म सक्ने क्रममा यसलाई सोझो पारिन्छ । नेपालमा नेता र पाटी खोल्ने परम्पराको विकासका कारण सयौँ पार्टीको जन्म भएको र सबै पार्टीहरूमा स्वार्थ, नातावाद, कृपावाद र भ्रष्टाचार व्याप्त रहेको विषय अर्थ्याउनका लागि यस्तो पितृश्राद्धसम्बन्धी धार्मिक संस्कारजन्य सन्दर्भ यहाँ अर्थपूर्ण रहेको देखिन आउँछ । यसले कार्यकर्ताको मनको चाहना वा स्वार्थता कतै गए पनि पूरा नभएको अवस्थाको बोध गराउँछ ।

अर्यालको 'महापुरुषको सङ्गत' निबन्धमा विभिन्न धार्मिक संस्कारजन्य सन्दर्भबाट अर्थ लाग्ने भाषिक रूपको प्रयोग गरिएको छ । समाजमा रहेका महान् कहलिएका मानिसहरूको वास्तविक आडम्बरी स्वभाव र धर्मका नाममा शोषण गर्ने प्रवृत्ति प्रस्ट पार्न यहाँ विभिन्न धार्मिक गतिविधि, मान्यता र विश्वासलाई जनाउने भाषिक रूपको प्रयोग भएको छ, जस्तै -

(६) बूढाले मलाई हप्काउँदै भने- "मर्ने बेलामा त जो छन् सो दसदान गर्नु, वृषोत्सर्ग गर्नु, सप्ताह लाउनु, शय्यादान गर्नु पो पर्छ त जाबा ! दानबिनाको ज्ञान जो छन् सो मकैबिनाको घान जस्तै हुन्छ, बुझिस् !" उनी मलाई बुझाउँदै थिए, नजिकै बाँधेको भैँसीले गोबर लतपतिएको पुच्छर हल्लाउँदै बूढाको मुखमा छ्याप्प हानिदियो । हत्त न पत्त रामनामीले दाह्री पुछे, अकस्मात् हाच्छिउँ आएर तमाखुका धुवाँले धैस्याएका जुँगामा नाकपुरे पालिस थोपरिदियो । त्यही बेला एक जना गाहकी गोरु खोज्दै उनैको गोठभित्र आइपुग्यो । जुँगा मुसार्दै बूढाले भने - "हिजो एक जना पिशाचकहाँ जो छन् सो सत्यनारायणको कथा भन्न गएको, अमिलो ट्वाँक दही जो छन् सो खान दिएर रुघा जो छन् सो लागिसक्यो ।" (अर्याल, २०७७, पृ. ८७)

उदाहरण (६) मा रहेका दशदान, वृर्षोत्सर्ग, सप्ताह, शैयादान जस्ता पदमा हिन्दू धार्मिक परम्परा र विश्वासजन्य परिस्थिति अन्तर्निहित भएको देखिन्छ । हिन्दू सनातन धर्ममा मान्छेले यस लोकलाई भन्दा परलोकलाई धेरै महत्त्व दिने हुनाले परलोकको सुधारका लागि दानदातव्य गर्ने र सप्ताह महापुराण लगाउने परम्परा रहेको छ । धार्मिक गुरुहरूले विशेष गरी दानसहितका

यस्ता धार्मिक कार्यमा जोड दिएका र दानबिनाको कुनै पनि कार्यले परलोक सुधार्न नसकिने र भयङ्कर पापको कुण्डमा पर्ने विचार बाँडिरहेका हुन्छन् । यस्तै धार्मिक कार्यको सुझाव दिने क्रममा रहेको भाषिक अभिव्यक्तिमार्फत धार्मिक गुरु र ज्ञानीहरूको स्वार्थपूर्ण चरित्र र उनीहरूमा रहेको द्रव्यलोलुपताको अर्थ प्रतिफलित भएको छ । सत्यनारायणको कथा र जजमानलाई पिशाच भनेको कुराले पनि यही धार्मिक संस्कार र पण्डितहरूको कठोर व्यवहारलाई बुझाउँछ । धार्मिक पक्षका जानकार, विद्वान गुरु र कथाबाचक व्यासहरूको स्त्रीलम्पट चरित्रलाई तलको उदाहरणबाट अझ स्पष्ट पारिएको छ :

(७) दरबारै भने हुने उनको 'कुटी'मा पुगेपछि आफू त वृन्दावनमा पसेको मुसो जस्तै अक्क न बक्क भएँ । अघिल्तिर कन्या साथमा सधवा, पछिल्तिर सयौँ बूढी र विधवा राखेर गोपी गुरु सुनाउँदै रहेछन्- गोपिनीको चीरहरण । मैले सम्झेँ, एउटी आइमाई मान्ने हामी त पुरुष कहिन्छौँ भने यतिका आइमाईले पत्याएका गोपी गुरुलाई महापुरुष नभन्ने को ? पुराण सकिएपछि गुरुको चरणाविन्दमा आफ्नो अभागी पुर्पुरो टेकाउँदै मैले भने- "म एउटा ज्ञानको भोको महापुरुषको सङ्गत गर्ने धोको लिएर आएको छु हजुर ?" पुराणका भेटीघाटी बटुलेर पोको पार्दै गुरुले भने- "लौ, सधैँ यहाँ आएर भक्तभक्तिनीको सेवा गर्नू ।"(अर्याल, २०७७, पृ. ८९)

उदाहरण (७) मा धार्मिक अनुष्ठानका नाममा हुने यौनशोषण र धर्मका जानकार गुरुहरूको स्त्रीलम्पट चरित्रलाई उदाङ्गो पार्न अघिल्तिर कन्याका साथमा सधुवा, पछिल्तिर विधवा, आइमाईले पत्याएका गुरु जस्ता भाषिक रूपको प्रयोग भएको छ । यहाँ रहेको पर्यावरणीय अवस्था भनेको धार्मिक प्रवचनमा रहने महिलाहरूको मात्र उपस्थिति र धर्मगुरुको तरुनीप्रतिको आकर्षण नै हो । यस धार्मिक परिवेशलाई धार्मिक संस्कारसम्बन्धी सन्दर्भले प्रकाश्य पारेको छ र यसबाट धर्मगुरु तथा पण्डित, प्रवचनकर्ता वा कथाबाचकको असली चरित्र गरिमायुक्त नरहेको तथ्यबोध हुन्छ ।

समाजका गन्यमान्य मानिएका धर्मगुरु र पण्डितमा मात्र नभएर प्रतिष्ठित र धनवान् कहलिएका मानिसको पनि चारित्रिक अवस्थालाई दर्साउनका लागि 'महापुरुषको सङ्गत' निबन्धमा अभिव्यक्त भाषिक रूपलाई धार्मिक संस्कारसम्बन्धी सन्दर्भले अर्थपूर्ण बनाएको छ, जस्तै -

(८) मेरा महापुरुष फेरि भन्दै गए- "चाहिने जो सोझो औँलाले घिउ आउँदैन, चाहिने जो यत्रो श्रीसम्पत्ति चाहिने जो आलु बेचेर मात्र अथवा चाहिने जो कुटोकोदालो गरेर मात्र चाहिने जो कमाएको ठान्नुभएको छ ? चाहिने जो लक्ष्मीको ध्यान गर्नेले चाहिने जो मौकामा गाई पनि मार्नुपर्छ, भाइ पनि मार्नुपर्छ । (अर्याल, २०७७, पृ. ८९-९०)

उदाहरण (८) मा प्रयुक्त लक्ष्मीको ध्यान, गाई मार्नु र भाइ मार्नु जस्ता भाषिक रूपमा हिन्दू धार्मिक विश्वास र यससँग जोडिएका गतिविधिको परिस्थिति अन्तर्निहित रहेको र यसबाट नेपाली समाजमा महान् र धनी कहलिएका मानिसले धन कमाउनका लागि गरेको कुकृत्य स्पष्ट

हुन्छ। हिन्दू धार्मिक मान्यतामा लक्ष्मीलाई धनकी देवीका रूपमा लिइन्छ। त्यसैले सु:ख र आर्थिक समृद्धिका लागि लक्ष्मीको पूजा र उपासना गर्ने गरिन्छ। यहाँ लक्ष्मीको सन्दर्भ भनेको धन कमाउने कार्यसँग जोडिएको छ। लक्ष्मीको ध्यानले यहाँ धनसम्पत्तिको आर्जनलाई बुझाएको छ। यसबाहेक गाईलाई हिन्दू धर्ममा पूजा गरिने हुनाले गोवधलाई अपराध मानिन्छ । यति मात्र होइन, हिन्दू धार्मिक मान्यताको मूल मर्ममा अहिंसाको सिद्धान्त रहेको छ । यहाँ भने आवश्यक परेको बेला गाई र भाइ दुवैलाई मारेर सम्पत्तिको जोहो गर्ने विचार रहेको हुनाले यहाँ धार्मिक विश्वास र परम्परासम्बद्ध परिस्थितिबाट अनैतिक बाटोबाट अकूत सम्पत्तिको आर्जन गर्ने समाजका कथित धनी मानिसहरूको बद्नियतपूर्ण सोच र सोअनसारको कार्यको बोध हुन्छ।

माथिका बाहेक सन्त महाराज भई रामनामी गुन्नु, कालिका भक्त हुनु, धर्मशास्त्रका नम्बरी पण्डित, चतुश्लोकी भागवत पाठ, बद्रीदर्शन, निष्ठा कर्म जस्ता सन्दर्भसूचक भाषिक रूपको पनि धार्मिक संस्कारसम्बन्धी सन्दर्भमार्फत अर्थबोध हुन्छ । धार्मिक गतिविधि, धार्मिक स्थल र धार्मिक व्यक्तित्वको परिचय, प्रकृति र मानवीय धार्मिक चिन्तनका स्थितिबाट यस्ता भाषिक रूपको तात्पर्य स्पष्ट हुन्छ । धार्मिक संस्कार जनाउने सन्दर्भमार्फत यहाँ धार्मिक अनुष्ठानको गरिमा र धार्मिक प्रवचनका नाममा हुने गरेको विकृति, विद्रुपता तथा धर्महीन एवम् नैतिकताहीन सामाजिक क्रियाकलापको तत्कालीन वास्तविकता अर्थिएको छ ।

'केही राष्ट्रिय रोग : एक अनुसन्धान' निबन्धमा बिरामीको उपचार गर्ने डाक्टरको काम गराइलाई व्यङ्ग्य प्रहार गर्ने क्रममा धार्मिक विषयको अभिव्यक्ति भएको छ। यहाँ प्रयुक्त भाषिक रूपमा हिन्दू धार्मिक मान्यता, मृत्युपछिको संस्कार र धार्मिक स्थलसम्बन्धी भाषिक रूपको प्रयोग भिन्न स्थितिमा भएको छ, जस्तै -

> (९) तै हाम्रा कतिपय डाक्टरसाहेबहरू स्टेथोस्कोप सुँघाउनासाथ रोगको गन्ध पाइहाल्नुहुन्छ र मात्रै हो, नत्र गयाका पण्डाले श्राद्ध गराएझैं आए जति बिरामीलाई लस्करै राखी आफ्नो आफ्नो रोग सम्झेर मम भन्नुस् है भनी सामूहिक जाँच गर्नुपर्ला भनेजस्तो भइसकेको छ। (अर्याल, २०७७, पृ. १९८)

उदाहरण (९) मा गया, पन्डा र श्राद्ध क्रमशः धार्मिक स्थल, व्यक्ति र संस्कारलाई जनाउने भाषिक रूप रहेका छन्। गया भारतमा अवस्थित रहेको हिन्दूहरूको पवित्र तीर्थस्थल हो। सामान्य रूपमा गयालाई हिन्दू धर्ममा धार्मिक दृष्टिले पवित्र स्थल मानिन्छ र त्यहाँ गएर पितृतर्पण र श्राद्ध गर्दा पितृको उद्धार हुन्छ भन्ने मान्यता रहिआएको छ। श्राद्धकर्म भनेको मरेका पितृहरूका नाममा गरिने हिन्दू धार्मिक संस्कार हो भने पन्डा भनेको धार्मिक संस्कारादि कर्म गराउने पुरोहित हो । यसरी प्रयुक्त भएका यी भाषिक रूपको यहाँ सन्दर्भगत अर्थ भिन्न देखिन्छ। तत्कालीन स्वास्थ्य क्षेत्रमा उब्जिएका समस्याका जगमा गयाका पन्डाले गरेको श्राद्धपद्धतिलाई केवल झारा टार्ने पद्धति मात्र मानिएको छ । गया जस्तो पवित्र स्थानमा श्राद्धकर्म गर्ने मानिसहरूलाई जसरी पन्डाहरूले सामूहिक मन्त्रको बाचन गरेर श्राद्धकर्मको नाममा खाली कुम्लो मात्र भर्ने कार्य गर्छन्,

ठीक त्यसै गरी नेपालमा डाक्टरले गरेको उपचारको शैली र बढेको बिरामीको सङ्ख्याका कारण उपचारका नाममा सामान्य जाँच र सोधपुछ मात्र गर्ने अवस्था आइपरेको यथार्थको बोध हुन्छ । यहाँ डाक्टरहरूको उपचारका नाममा झारा टार्ने प्रवृत्तिलाई बुझाउन गयाका पन्डाको श्राद्धका नाममा ठगी गर्ने प्रवृत्तिको उदाहरण प्रस्तुत गरिएको पाइन्छ ।

माथिका अतिरिक्त 'टी-पार्टी' निबन्धमा लुरीले पालेको कुखुरो, दशैंको भेडा, कुमार ग्रह फ्याँते कटवालले सिएको दौरासुरुवाल, उतारेकी जेठी जस्ता भाषिक रूपबाट महिलालाई हेर्ने तत्कालीन सामाजिक दृष्टिकोण र बहुविवाहका कारण महिलाले भोगेको दुःखको बोध हुन्छ । यसरी हेर्दा सामाजिक बेथितिप्रति व्यङ्ग्य गरिएका अर्यालका निबन्धमा नेपाली समाजमा प्रचलित धार्मिक परम्परा र यससँग सम्बन्धित धार्मिक गतिविधि तथा धार्मिक विश्वासको अभिव्यक्ति रहेको छ । यी निबन्धमा प्रयुक्त भाषिक रूपमा समाजमा व्याप्त धार्मिक अन्धविश्वास, धार्मिक गतिविधिमाथिको हस्तक्षेप र धार्मिक संस्कारको क्षयीकरणका कारण पुरोहितहरूको पेसामा आएको सङ्कट, जन्म, विवाह र मृत्युसँग निकट धार्मिक गतिविधिका पुरातन रूपको बोध भएको छ । धार्मिक संस्कारजन्य गतिविधिका सन्दर्भमार्फत तत्कालीन राजनीति र कूटनीति तथा नेपाल र भारतबिच भएका असमान सन्धि आदिको पनि यहाँ अर्थबोध भएको छ । अतः धार्मिक अनुष्ठान र दान, प्रार्थना, पूजा जस्ता धार्मिक गतिविधि र मानवीय संस्कारका पर्यावरणमा निहित रहेको यथार्थबोध गराउने अर्यालका निबन्ध सन्दर्भार्थका दृष्टिले निकै सशक्त देखिन्छन् ।

### ३.३.३ सांस्कृतिक मान्यता

मानव सामाजिक प्राणी भएको हुनाले समाजमा ऊ खास मान्यता र परम्परामा बाँधिएको हुन्छ । यस्ता मान्यता र परम्पराको समग्रतालाई संस्कृति मानिन्छ । संस्कृति मानवजीवनको समग्र प्रक्रिया र जीवन जिउने कला तथा मानवीय विश्वासको समग्रता पनि हो । संस्कृतिमा मानिस आफैंद्वारा निर्मित विधि-व्यवस्था, नैतिक सदाचार र सामाजिक अनुबन्धमा बाँधिने गरी तयार पारेको मान्यता र परम्परा रहेको हुन्छ । संस्कृतिको अन्तर्वस्तु सामान्य तर रूप विशेष किसिमको हुन्छ (प्रभात, २०७४ख, पृ.४६२) । संस्कृतिको अध्ययन गर्न यसमा निहित रहेका मान्यता र विश्वासको अध्ययन आवश्यक हुन्छ । भैरव अर्यालका निबन्धमा नेपाली संस्कृतिका विविध पक्षको वर्णन भएको छ । यस्तो वर्णनमा रहेको भाषिक रूपमा नेपाली समाजमा प्रचलित सांस्कृतिक मान्यतासम्बन्धी परिवेश अन्तर्निहित भएको छ । यी निबन्धलाई सांस्कृतिक मान्यतासम्बन्धी सन्दर्भले अर्थपूर्ण पनि बनाएको छ । यस्ता सन्दर्भमार्फत निबन्धमा नेपाली समाजमा आधुनिकताका नाममा परिवर्तित भएको पहिरन तथा खाद्य र श्रम संस्कृतिको तत्कालीन अवस्थाको बोध हुन्छ । अर्यालका निबन्धमा रहेका सांस्कृतिक मान्यतासम्बन्धी सन्दर्भको विवरण र यससम्बन्धी भाषिक रूपको विश्लेषण गरेर संज्ञानात्मक अर्थको यहाँ खोजी गरिएको छ ।

### तालिका नं. ५ : सांस्कृतिक मान्यतासम्बन्धी सन्दर्भको विवरण

| निबन्धको शीर्षक | भाषिक रूप | स्थिति |
|---|---|---|
| सरकारले दुलो खोज्नु पर्ला | अर्ध इङ्ग्लिस मिस्टरको ताइन | अङ्ग्रेजी भाषामोह |
| | बोतलबादको तानाशाही | मदिराको प्रचलन |
| | दहीवाद | कृषि खाद्य संस्कृति |
| | डबकावादले दुनावादको विनाश गर्नु | ब्राह्मण संस्कृतिमा मदिराको प्रवेश |
| प्रतिनिधि मण्डल फर्क्यो | सुटबुट नलगाई नेपाली भेषमा जानु | पहिरन संस्कृति |
| | तीनदिनसम्म हेडमन्त्रीज्यूको चोक कुरिरहनु | जनउत्तरदायित्वहीन प्रशासन |
| | गोडा पचासेक सिलिप पठाउनु | जनतालाई दुःख दिने प्रशासन |
| दौरा सुरुवाल नपठाइदिने भएँ ! | काठमाडौँको फेसने भूत | पहिरनको संस्कृतिमा परिवर्तन |
| | घरबुना दौरासुरुवाल | परम्परागत भेषभुषाको संरक्षण |
| चरीचुच्चे च | पार्टी खोलूँ, चन्दा उठाउन थालूँ | समाजमा रहेको चन्दा संस्कृति |
| | पत्रिका चलाउने भनौं, वार्षिक ग्राहक बनाउँदै जाऊँ | समाजमा मौलाएको ठग संस्कृति |
| | अस्पताल बनाउने बिङ्गा | समाजसेवाका नाममा चन्दा असुली |
| | ठग्ने प्रजातान्त्रिक उपाय | प्रजातन्त्रको दुरुपयोग र स्वार्थपूर्ति |
| जय भोलि | भानुभक्तले भनेझैं पर्सि | आदिकवि र राणाकालको सरकार |
| | बम भोलाकी जय | अल्छे प्रवृत्तिका कारण हुने विपन्नता |
| | बीसौं शताब्दी | तत्कालीन नेपाल |
| | एक्काइसौं शताब्दीका लागि डिपोजिट | नेपालको पछौटेपनको आँकलन |
| | युद्ध महायुद्धमा वीरता | विश्वका लडाइँमा नेपालीकोबहादुरिता |
| | बाजेले बर्माको लडाइँमा वीरगति प्राप्त | विश्वयुद्धमा नेपालीको योगदान |
| | वीर चक्र चुलोमाथिको दलिनमा घुसार्नु | विदेशमा नेपालीको वीरता |
| | वीर भएकोले उद्यम इलममा नलाग्नु | देशमा केही नगर्ने नेपाली चलन |
| | लाहुरे बनकै जम्मा मर्दी संस्कारमा हुर्किनु | समाजमा व्याप्त लाहुर संस्कृति |
| | पोखरा भर्ती केन्द्र जस्तै लमजुङ भर्ती केन्द्र | लाहुरे बन्नेको सङ्ख्यामा वृद्धि |
| | गोडामा एक जोर लाहुरे जुराफ | लाहुरे पहिरनको मौलिकता |
| | नामको लागि १७ वटा सलाम | विदेशीको सेवा |

| | | |
|---|---|---|
| लाहुरेको यात्रा संस्मरण | तन्नेरीमा लाहुर नपस्ने र बुढ्याइँमा काशी नबस्ने | नेपाली सामाजिक चिन्तन |
| | वीरको छाउरो | नेपालीका पुर्खाको इतिहास |
| | रक्सोलमा रिक्सा चलाउनु | नेपालीको भारतमा मजदुरी |
| | दरभंगामा दरबानी गर्नु | नेपालीको भारतमा मजदुरी |
| | मलायामा बुट ठोक्नु | नेपालीको भारतमा मजदुरी |
| | मणिकणिकामा मुर्दा बोक्नु | नेपालीको भारतमा मजदुरी |
| | पाइजामा नफाटुन्जेल लाहुरे हुनु | नेपालीको भारतमा मजदुरी |
| महापुरुषको सङ्गत | पाठीको घिच्रो निमोठ्नु | स्त्री चौपायाको बध |
| | लाटीको तिघ्रो चिमोट्नु | नेपाली अल्लारे संस्कृति |
| | बासी पानीले पूजा र भुजा सिध्याउनु | भगवानभक्ति र खाद्य संस्कृति |
| जय भुँडी | वेदव्यास | पूर्वीय वैदिक संस्कृति |
| | वेदनाश | आधुनिक पश्चिमी संस्कृति |
| | बासी पानी | शुद्धतासम्बन्धी नेपाली चलन |
| | टौवामा कौवा नबस्दै पूजा र भुजा | पूजापाठको सनातनी संस्कृति |
| पृथ्वीनारायण ! तिमी फेरि आऊ | रागतानमा मोह | रसरङको परम्परा |
| | दौलत खोलिनु | देशको धन बाहिर जानु |
| | तीन सहरका नेवारहरूको नाच | काडमाडौँको नेवारी संस्कृति |
| | हिन्दी चलचित्र | भारतीय चलचित्रप्रतिको मोह |
| | नाचघरका मेचहरू लहरै रित्तै | नेपाली परम्परागत नृत्यलाई हेला |
| मादक पदार्थ र वेवारिसी लास | गाँजा गोष्ठी | नेपालमा लागू पदार्थको प्रयोग |
| | चरेस चर्चा | नेपालमा लागू पदार्थको प्रयोग |
| | अफिम अभ्यास | नेपालमा लागू पदार्थको प्रयोग |
| | भट्टी भण्डारा | नेपाली समाजमा रक्सी सेवन |
| | महदास लास | लागुऔषधका कारण मृत्यु |
| | जोगीको अखडा | गाँजा प्रयोगको अड्डा |
| | गाँजा खेती | गाँजाको उत्पादन |
| | चिलिम शिल्प | गाँजा खाने चलन |
| | शिवजीको प्रिय धुँवा | गाँजाप्रतिको मोह |
| | पिठाको पीर र टालाको टन्टा | आर्थिक अभाव र गाँजा सेवन |
| | बेवारिसी लास | काठमाडौँमा हुने मृत्यु |

| | | |
|---|---|---|
| | हिप्पी | स्वच्छन्द संस्कृतिका नेपाल भित्रिएका विदेशी |
| | हिप्पीशिष्य | नेपाली युवामा हिप्पी संस्कृतिको प्रभाव |

तालिका (५) मा 'सरकारले दुलो खोज्नु पर्ला', 'प्रतिनिधि मण्डल फर्क्यो', 'दौरा सुरुवाल नपठाइदिने भएँ !', 'पृथ्वीनारायण ! तिमी फेरि आऊ' 'चरीचुच्चे च', 'जय भोलि', 'लाहुरेको यात्रा संस्मरण', 'जय भुँडी' र 'मादक पदार्थ र वेवारिसी लास' गरी अर्यालका नौ ओटा निबन्धमा रहेका मुख्य भाषिक रूप र तिनमा रहेको स्थितिको विवरण दिइएको छ । यस्ता स्थितिमा निहित रहेको संज्ञानको बोधका लागि संज्ञान खोज्ने सामाजिक आधारअन्तर्गत सांस्कृतिक मान्यतासम्बन्धी सन्दर्भको सहयोग आवश्यक रहेको छ । अर्यालका निबन्धमा रहेको सांस्कृतिक सन्दर्भार्थको बोधका लागि यहाँ ती निबन्धमध्येबाट उदाहरणका रूपमा लिइएका भाषिक रूपलाई ती भाषिक रूपमा निहित सांस्कृतिक परिस्थितिका सापेक्षता विश्लेषण गरिएको छ ।

'प्रतिनिधि मण्डल फर्क्यो' निबन्धमा पुरोहित सम्प्रदायका समस्या र मागका लागि सरकारलाई भेट्न गएको प्रतिनिधि मण्डललाई सरकारका मन्त्रीले कुराएको भाषिक रूपमार्फत नेपालको प्रशासनिक संस्कृतिसम्बन्धी परिवेश अन्तर्निहित भएको छ, जस्तै-

(१) आफ्नो पुरोहित सम्प्रदायमा परिआएका पीर र मर्काहरू बोध गराएर माननीय हेडमन्त्री छेउ चर्काचर्की गर्न भनी गएको उक्त मण्डलले गएको ३ दिनसम्म हेडमन्त्रीज्यूको चोक कुरिरहन पऱ्यो । सुटबुट नलगाईकन कोरा नेपाली भेषमा आएकोले गोडा पचासेक सिलिप पठाउँदा पनि सेक्रेटरी साहेबले भेट दिन निकै लाज मान्नुभयो । (अर्याल, २०६३, पृ. ३)

उदाहरण (१) मा नेपाली पहिरनको परम्परागत संस्कृति र सरकारी संयन्त्रको भोलिवादी संस्कृतिको परिवेश अन्तर्निहित रहेको छ । यसबाहेक पुरोहित सम्प्रदायको प्रतिनिधि मण्डलको हेडमन्त्रीसँग चर्काचर्कीको मनसायमा पनि प्रजातन्त्रोत्तर कालमा थालिएको माग पूरा गराउने र आन्दोलन गर्ने भिन्न शैलीको स्थिति देखिन्छ । यहाँ रहेका हेडमन्त्री छेउ चर्काचकी, तीन दिनसम्म हेडमन्त्रीज्यूको चोक कुरिरहनु, सुटबुट नलगाईकन कोरा नेपाली भेष, गोडा पचासेक सिलिप पठाउँदा पनि सेक्रेटरी साहेबले भेट दिन निकै लाज मान्नु गरी चार ओटा भाषिक रूपलाई नेपालमा तत्कालीन समयमा रहेको पहिरनको प्रचलन र परिवर्तन तथा सरकारी कामका हुने प्रक्रिया र शक्तिमा रहेका व्यक्तिहरूको शैलीका आधारमा अर्थ्याउन सकिन्छ । नेपालमा प्रजातन्त्रको स्थापना हुनुपूर्व राणाशासन कायम थियो । राणा शासनकालमा धार्मिक मान्यता र परम्परामा आधारित राज्यव्यवस्था र सोहीअनुसारको पोशाक-पहिरनको व्यवस्था रहेकोमा प्रजातन्त्रको स्थापनापछि बनेका प्रजातान्त्रिक सरकारले व्यवस्था मात्र पश्चिमी नभई पोशाक पनि पश्चिमी शैलीको लगाउने गरेको र त्यस समयमा दौरा सुरुवालमा आएका धार्मिक मानिसहरूलाई

समेत प्रधानमन्त्रीलाई भेट गराउन सङ्कोच मानेर भेट दिन नमान्ने तत्कालीन अवस्था रहेको थियो । पहिरन संस्कृतिमा आएको परिवर्तन र पश्चिमी पोशाकतर्फको यही मोह माथिको उदाहरणबाट बोध हुन्छ ।

समाजमा परम्परागत रूपमा रहेको पहिरन र वेषभुषासम्बन्धी संस्कृतिका सापेक्षतामा आधुनिकताका नाममा विकसित पश्चिमी संस्कृतिप्रतिको व्यङ्ग्य अर्यालको 'दौरा सुरुवाल नपठाइदिने भएँ !' निबन्धमा रहेको छ । यहाँ दौरा सुरुवालको विषयमार्फत दौरासुरुवाल मात्र नभएर नेपाली परम्परागत मौलिक पोशाक र यसको पहिरन बिरानो बनेको विषय गम्भीर रूपमा उठाइएको छ । नेपाली पोशाकको प्रयोग नहुनाले गर्दा यसलाई सूचीकारले पनि बनाउन बिर्सिसकेको भन्दै सांस्कृतिक दृष्टिले सङ्क्रमण काल मानिएको २००७-२०१७ को कालखण्डमा सरकारका उच्च पदस्थ व्यक्तिदेखि नेता र साधारण सहरियाले समेत नेपाली परम्परागत र मौलिक संस्कृति बिर्सन थालेको अवस्थालाई सांस्कृतिक मान्यतासम्बन्धी सन्दर्भले अर्थ्याएको छ, जस्तै-

(२) तपाईंलाई काठमाण्डूको फेसने भूत लागेर टाउको टोपीसम्म चपाइसक्यो भन्ने समाचार सुन्दा हामीलाई ज्यादै दिक्क लागेको छ । तपाईंले एकजोर दौरा सुरुवाल पठाइदेऊ भनी लेखेको पत्र हात पऱ्यो । ६ पैसाको टिकट टाँसेका पत्रबाट हामीलाई छ छक्का छत्तिस पैसाको छक्क लाग्यो । नेपाले सूचीकारले समेत दौरा सुरुवाल सिलाउन बिर्सिसके भन्ने तपाईंले लेख्दा तपाईं स्वयम्ले पनि दौराको तुना पिठिउँपट्टि बाँध्ने हो कि भुँडीपट्टि बाँध्ने हो राम्रै सम्झनु भएको होला भन्न म सक्तिनँ । (अर्याल, २०६३, पृ. ७-८)

(३) मुखभरी पाउडरको विगुत घसेर त्यो चुराहीन स्वच्छ हातमा प्लास्टिकको झोली झुन्ड्याएर मानौं सौभाग्यको भीख माग्न हिँडेझैं घरी रञ्जना घरी पारस घरी जनसेवा घरी कल्याणका ढोका ढोका चहारी हिँड्दा तपाईंले चाहिँ दौरा सुरुवाल लगाएर पछि लाग्नु कहाँसम्मको बेइज्जतीको उदाहरण देखिएला । त्यसप्रति पनि तपाईंले सोच्नुपर्ने हो । भाउजूको इज्जत बचाउनु कुनै पनि देवरको परमकर्तव्य भएकोले पनि मैले तपाईलाई दौरा सुरुवाल पठाइदिन हिचकिचाएको हुँ । २००७ सालदेखि यता काठमाण्डूमा कतिसम्म नारी जागृति आइसकेको छ, त्यो तपाईंले नलेखे पनि म केही न केही बुझ्दछु । (अर्याल, २०६३, पृ. ७-८)

उदाहरण (२) मा प्रयुक्त काठमाण्डूको फेसने भूत, नेपाले सूचीकार, दौरा सुरुवाल, दौराको तुना पिठिउँपट्टि बाँध्ने हो कि भुँडीपट्टि बाँध्ने जस्ता पदावलीबाट तत्कालीन समयको पोशाक संस्कृति र आधुनिकताका नाममा परम्परागत पोशाकको प्रचलन हराएको अवस्थाको बोध हुन्छ । अधिकांश मानिसहरू आधुनिकताका नाममा पश्चिमी पहिरनमा फसेकाले नेपाली मौलिक संस्कृतिको संरक्षणको चासो र चिन्ता गर्ने व्यक्ति एक्लो बन्ने गरेको तत्कालीन पर्यावरणीय स्थिति

पनि यहाँ अन्तर्निहित रहेको छ । काठमाडौँको फेसने भूत पदावलीमा प्रजातन्त्र स्थापनापश्चात् काठमाडौँ सहरमा आएको आधुनिकीकरण र पोशाक पहिरनमा आएको फेसनको तत्कालीन स्थिति अन्तर्निहित भएको छ । यस स्थितिबाट माथिको भाषिक रूपले राजधानीमा र विशेष गरी देशको मुख्य केन्द्रमा फेसनका नाममा राष्ट्रिय पोशाक विलय हुँदै गएको र विदेशी पोशाकहरूको अनुकरण गर्दै नेपाली राष्ट्रिय सांस्कृतिक परम्परामाथि प्रहार भएको भन्ने अर्थबोध हुन्छ । उदाहरण (३) मा प्रयुक्त भाउजूको इज्जत, २००७ सालदेखि यता काठमाण्डू र नारी जागृति जस्ता भाषिक रूपले नेपालमा अनुत्पादक एवम् उपभोगका क्षेत्रमा देखिएको आधुनिकतालाई जनाएका छन् । नेपाली राष्ट्रिय पोशाक र यसको संरक्षणको सट्टा विदेशी पोशाकको अन्धानुकरण गर्नेको सङ्ख्यामा वृद्धि भएको र परिवर्तन तथा चेतनाको वृद्धिका नाममा भएको तत्कालीन छाडापनको अवस्था पनि यसबाट बोध हुन्छ । समग्रमा माथिका दुवै उदाहरणमा प्रयुक्त भाषिक रूपमा निहित स्थितिबाट सांस्कृतिक सन्दर्भका माध्यमले नारी जागरण र आधुनिकताका नाममा परम्पराको नाश भएको र नेपाली मौलिक संस्कृतिमाथि आक्रमण भएको तत्कालीन सांस्कृतिक यथार्थको बोध हुन्छ ।

नेपालमा प्रजातन्त्रको उदयसँगै मौलाएको गरिखाने होइन, मागिखाने र ठगिखाने प्रवृत्तिलाई लिएर तत्कालीन समाजको चन्दा संस्कृतिलाई 'चरीचुच्चे च' निबन्धमा स्पष्ट पारिएको छ । तलको उदाहरणबाट यो कुरा स्पष्ट हुन्छ :

(४) त्यसै दिन एउटाले कुरा उठायो- बरु एउटा पार्टी खोलूँ, चन्दा उठाउन थालूँ । अर्को साथीले भन्यो- त्यसो किन नि ? एउटा पत्रिका चलाउने भनौँ, वार्षिक ग्राहक बनाउँदै जाऔँ, वर्ष दिनभित्रमा एउटा निकालिदिउँला । अरू त च्वाम्म भइहाल्छ । नभए स्कुल खोल्ने या अस्पताल बनाउने बिड्गा लगाएर उठाए पनि भयो । त्यसै माग्न जाऔँ भने सुटेडबुटेड लबिदरेको इन्सल्ट भइहाल्छ । चन्दा भनेपछि त न माग्नेले लजाउनुपर्छ, न दाताले रिसाउन हुन्छ । चन्दा- यो बिसौँ शताब्दीका चतुरहरूले आविष्कार गरेको प्रजातान्त्रिक ठगपद्धति जो चरीचुच्चे 'च' बाटै उठेको न हो ! (अर्याल, २०७७, पृ. ६)

उदाहरण (४)मा तत्कालीन नेपालमा बढ्दै गएको चन्दा सङ्कलनको सन्दर्भ रहेको छ । यहाँ चन्दा संस्कति र ठगिदाने प्रवृत्तिलाई जनाउन पार्टी खोल्ने, पत्रिका निकाल्ने भनेर ग्राहक बनाउने, स्कुल खोल्ने वा अस्पताल खोल्नेसम्बन्धी भाषिक रूप प्रयुक्त भएका छन् । यी पदावलीले तत्कालीन नेपाली सामाजिक संस्कृतिलाई पनि जनाएका छन् । त्यस बेलामा कुनै राजनीतिक पार्टी खोले चन्दा उठाएर आम्दानी गरी धन कमाउने प्रचलन रहेको थियो । प्रजातन्त्रको आगमन भइसकेको हुनाले स्कुल वा अस्पताल खोल्ने बहानामा चन्दा वा अनुदान मागेर पैसा जम्मा पार्ने पनि प्रचलन रहेको थियो । त्यसबाहेक पत्रिका सञ्चालनका नाममा वार्षिक ग्राहक बनाएर पैसा कमाउने प्रचलन रहेको र यस्ता ठग पद्धतिको विकास भइसकेको तत्कालीन नेपाली संस्कृतिमार्फत

निबन्धमा नेपालीहरूको चतुर र ठगाहा प्रवृत्तिलाई स्पष्ट पारिएको छ। यसबाट नेपालमा २००७-२०१७ को दशकमा राजनीतिक पार्टी खोल्ने होडबाजी रहेको र पार्टीका नाममा चन्दा माग्ने र कुम्ल्याउने प्रवृत्ति हावी रहेको, प्रजातन्त्रको आगमन भएपछि नेपालमा पत्रपत्रिकाको प्रकाशन पनि सुरु भएकामा त्यस बेला पत्रिकाको वार्षिक ग्राहकका नाममा पैसा असुल्ने र कुनै एक वा दुई अङ्क निकालेर ठगिखाने प्रवृत्ति पनि मौलाएको तथ्यबोध हुन्छ साथै चन्दा आतङ्क, ठगी आदि प्रजातान्त्रिक व्यवस्थामा विकसित र नेपालमा देखिएका ठगपद्धति यसैबेला सुरु भएको पनि स्पष्ट हुन्छ ।

नेपालीको दर्शन, चिन्तन र कार्यमा निहित रहेको भोलिवादी प्रवृत्तिमाथि टिप्पणी गरिएको 'जय भोलि' निबन्धमा नेपाली सोच र कार्यमा आएको भोलिवाद वा भविष्यलाई काम साँच्ने प्रवृत्तिको परम्परागत इतिहासको सिलसिला र यसको दूरगामी प्रभावप्रति सचेत गराउने भोलिवादको सर्वत्र व्याप्तीलाई तलका भाषिक रूपबाट अर्थ्याउन सकिन्छ :

(५) भोलिवाद हाम्रो संस्कृति हो, दर्शन हो, राजनीति हो, प्रशासन हो, सामाजिक व्यवहार हो । तैपनि मेरो थोत्रो मगज यही शङ्कामा सधैं जेलिइरहन्छ । हरेक कामकुरोमा भोलि भन्दाभन्दै भानुभक्तले भनेझैं पर्सि हामी सबैले झोली बोकेर 'बम् भोलानाथकी जय' भन्दै डाँडैडाँडा कुद्न त परोइन ? के बेर ! आज गरे हुने कामलाई भोलि पर्खेपछि त्यही हिसाबले यसपालिका सारा काम आघौँलाई पन्छन के बेर ? यस दशकका काम अर्को दशकलाई थन्कन के बेर ? अनी बीसौँ शताब्दीका सम्पूर्ण जिम्मेदारी र कर्तव्यहरू एकाइसौँ शताब्दीका लागि डिपोजिट रहन के बेर ? (अर्याल, २०७७, पृ. ५७)

उदाहरण (५) मा भानुभक्तले भनेझैं पर्सि, बम भोलाकी जय, बीसौँ शताब्दी र एक्काइसौँ शताब्दीका लागि डिपोजिट गरी चार ओटा भाषिक रूपमा नेपालमा मौलाएको अकर्मण्यको स्थिति अन्तर्निहित भएको छ। यसबाट नेपालमा राजनीति, प्रशासन र समाजमा अल्छे र जवाफदेहिताहीन सोचको विकास भएको तत्कालीन परिस्थितिको बोध हुन्छ । यहाँ रहेको भानुभक्तको विषयले ऐतिहासिक घटनाका आधारमा नेपालको जनहितमा काम नगर्ने राणाकालीन प्रशासनलाई बुझाउँछ । बम भोलाको विषयले नेपालीको कर्महीन र अल्छे स्वभावका कारण मगन्ते हुनुपर्ने सम्भावनाको सङकेत गरेको र बीसौँ शताब्दीका काम र एक्काइसौँ शताब्दीका लागि डिपोजिटको विषयले नेपाल विश्वमा हरेक क्षेत्रमा अरू देशभन्दा पछि पर्ने आशङ्का व्यक्त गरेको छ ।

नेपालीहरूको वीरता र नेपाली समाजमा विशेष गरी पहाडतिर रहेको लाहुरे बन्ने संस्कृतिलाई अर्थ्याउन र लाहुरेको तत्कालीन वास्तविकतालाई प्रस्तुत गर्न 'लाहुरेको यात्रा संस्मरण' निबन्धमा विभिन्न सामाजिक सन्दर्भको भूमिका रहेको छ । यस्ता सन्दर्भले नेपाली समाजमा सांस्कृतिक रूपमा भिन्न र मौलिक अस्तित्व बोकेको लाहुर जाने संस्कृतिलाई पनि स्पष्ट पारेका छन् । तलको उदाहरणबाट यस तथ्यलाई पुष्टि गर्न सकिन्छ :

(६) आखिर भुडी भर्नुसम्मै त हो, बल र तागत भन्ने वस्तु त बाबुबाजेको नामैदेखि टाँसिएर आएको छँदै छ नि ! कत्रा कत्रा युद्ध, महायुद्धमा वीरता देखाउन सक्नेको सन्तान, एक बटुको खोले पियोस् वा हाफ प्लेट छोलेको भरमा जिओस्, यति मामुली कुरामा केको खोजीनिती ? अझै मेरो वीरतामाथि विश्वास छैन भने हेर्न आउनुहोला, बाजेले बर्माको लडाइँमा वीरगति प्राप्त गरी कमाएको वीरचक्र अहिलेसम्म चुल्होमाथिको दलिनमा घुसारेको छँदै छ । (अर्याल, २०७७, पृ. ७६)

उदाहरण (६) मा नेपालीहरूको विदेशसँगको परिचय, उनीहरूले लडाइँमा प्राप्त गरेको वीरता र ठुलठुला युद्धमा विभिन्न देशका मातहतमा रहेर भाग लिएको अनि वीरता प्रदर्शन गरेको तथ्यले स्वदेशी लाहुरे संस्कृतिलाई देखाएको छ । माथि रहेका युद्ध महायुद्धमा वीरता, बाजेले बर्माको लडाइँमा वीरगति प्राप्त, वीर चक्र र चुलोमाथिको दलिनमा घुसार्नु गरी चार ओटा सन्दर्भसूचक पदावलीले विदेशी सेनामा गएर काम गर्ने नेपाली समाजमा रहेको श्रम संस्कृतिलाई प्रतिबिम्बन गरेका छन् । संस्कृति देश, कालसापेक्ष भएर वैचारिक तथा परम्परागत धारणाका रूपमा विकसित हुँदै आएका लोकमान्यता, जीवनबोध, आधार, विचार, रहनसहन, आदिका माध्यमले प्रकाश्य भएको हुन्छ (चालिसे, सन् २०२३, पृ. ४४) । माथिको भाषिक रूपमा निहित अर्थको विश्लेषण गर्दा यसबाट नेपालीको इतिहास वीर भनेर विश्वमा चिनिएको, नेपालीले लडाइँमा विदेशीलाई ठूलो योगदान गरेको, आफ्नो ज्यानसमेत गुमाएको र युद्धमा वीरगति प्राप्त गर्ने व्यक्तिलाई प्रदान गरिने वीरचक्र प्रत्येक लाहुरेका सन्तानले गौरवपूर्ण रूपमा सुरक्षित र संरक्षित गरेको भन्ने अर्थबोध हुन्छ । नेपालमा लाहुर जानेभन्दा अरू कुनै पेसा र इलम नदेख्ने हुनाले पुरुषका लागि लाहुरे बन्नुलाई जीवनको पहिलो र महत्त्वपूर्ण पेसा मान्ने चिन्तन रहेको कुरा तलको उदाहरणले अझ स्पष्ट पार्छ :

(७) वीर भएकोले इलमउद्योगको पीर गर्नापट्टि लागिएन त, कि दाउरे बन, कि लाहुरे बनकै जम्बामर्दी संस्कारमा हुर्कियो अहिलेसम्म ! अनि भन्नोस् मैले झैँ रोग, भोकलाई स्वातन्त्र्य नदिने हो भने आखिर पोखराभर्ती केन्द्रजस्तै लमजुङभर्ती केन्द्रसमेत खोल्नुपर्यो भने ! (अर्याल, २०७७, पृ. ७७)

उदाहरण (७) मा वीर भएकोले उद्यम इलममा नलाग्नु, लाहुरे बनकै जम्बामर्दी संस्कारमा हुर्किनु र पोखरा भर्ती केन्द्र जस्तै लमजुङ भर्ती केन्द्र खोल्नु गरी तीन ओटा सन्दर्भसूचक भाषिक रूप प्रयुक्त भएका छन् । माथिका भाषिक रूपले भारतीय र ब्रिटिस सेनामा भर्ती लाग्ने र लैजाने नेपाली पेशागत संस्कृतिलाई बुझाएको छ । वीर भएपछि ससाना उद्यम इलममा लाग्नुहुँदैन, वीरको सन्तान भएको हुनाले विदेशी सेनामा आबद्ध भएर लडाइँमा वीरता देखाउनुपर्छ भन्ने तत्कालीन सामाजिक मान्यता रहेको थियो । नेपालीहरूमा लाहुर जाने मोह अत्यधिक रूपमा बढेको हुनाले उनीहरूलाई भर्ती गरी सम्बन्धित देश र स्थानमा पुर्‍याउने कार्य पोखरा भर्तीकेन्द्रले गर्दै रहेकोमा त्यसले नपुग्ने भई लमजुङ भर्तीकेन्द्र समेत खोल्नुपर्ने आवश्यकता आउन सक्ने

अवस्थाको बोध हुन्छ । यसबाहेक लमजुङ भर्ती केन्द्रको सन्दर्भले नेपालको पहाडका अत्यधिक धेरै मानिस लाहुरे बन्न जाने सांस्कृतिक प्रचलन रहेको तथ्यप्रतिको लेखकीय विरोध पनि स्पष्ट पार्छ। लाहुरेको नाममा जसरी भए पनि भारततिर जाने नेपालीको पेसागत संस्कृति, सोअनुसारको सोच र चिन्तनलाई यस निबन्धमा अभिव्यक्त गरिएको पाइन्छ, जस्तै -

(८) मुख्य कुरो के भने, यत्रो वीर भएर पनि अहिलेसम्म गोडामा एक जोर लाहुरे जुराफ पर्न सकेको छैन । हुन त नामको लागि एउटा काम गर्नुभन्दा नामको लागि सत्रोटा सलाम गर्नु आजको सभ्यता हो, तर एक बारको चोलामा झोला बोकेर लाहुरै नगई के मर्नु जस्तो लागेर आयो । तन्नेरीमा लाहुर नपस्ने र बुढ्याइँमा काशी नबस्ने नेपाली गति पर्दैन भन्छन् । हुन पनि वीरको छाउरो भएपछि फ्याउरोझैँ के आफ्नै घरका लुते धन्दामा लाग्नु त । (अर्याल, २०७७, पृ. ७७)

उदाहरण (८) मा पुर्खाको वीरतापूर्ण इतिहास रहे पनि पछिल्लो पुस्ताको आर्थिक अवस्था नाजुक रहेको हुनाले लाहुर गएर वीरताको पनि सम्मान गर्ने र आर्थिक हैसियत पनि निर्माण गर्ने नेपाली युवाको उत्कट चाहनाको अभिव्यक्ति रहेको छ । यहाँ रहेका गोडामा एक जोर लाहुरे जुराफ, नामको लागि १७ ओटा सलाम, तन्नेरीमा लाहुर नपस्ने र बुढ्याइँमा काशी नबस्ने र वीरको छाउरो गरी चार ओटा भाषिक रूपले नेपालीको हैसियत, लाहुरेको पेशागत दैनिकी र लाहुरे बन्नैपर्ने नेपाली चिन्तनलाई स्पष्ट पारेका छन् । यहाँ रहेको लाहुरे जुराफको सन्दर्भले लाहुरेको पोशाक संस्कृतिमा मौलिकता रहेको तत्कालीन अवस्था अवस्थालाई देखाउँछ । सत्र ओटा सलामले विदेशीसँग झुकेर उनीहरूकै मातहतमा उनीहरूकै कल्याणका लागि चाकडी गर्ने नेपाली लाहुरेहरूको सांस्कृतिक पद्धतिको बोध हुन्छ भने वीरको सन्तान भएपछि घरको लुतेधन्दामा नलागी वीरताको प्रदर्शन गर्न विदेशी भूमिमा लाग्ने सन्दर्भले नेपालीहरूको स्वदेशमा सिन्को नभाच्ने र विदेशीकै पाउ पर्ने तत्कालीन अवस्थाको चलनलाई बुझाउँछ ।

नेपालीहरू बृटिस र भारतीय सेनामा काम गर्नु र नेपालमा भिन्नै प्रकारको परिचय स्थापना गर्नु नेपालीको सांस्कृतिक चिन्तन र पेसागत रूप भए पनि पछिल्लो समयमा यसरी लाहुरे बन्न वा बेलायती तथा भारतीय सेनामा कार्य गर्न नभएर भारतका विभिन्न स्थानमा कार्य गर्न जाने र नेपाल फर्किंदा लाहुरे बनेको शान देखाएर फर्किने नेपाली पुरुषको चालचलन र यसैलाई लाहुरे मान्ने आमनेपालीको सोझोपनलाई यहाँ व्यङ्ग्य गरिएको पाइन्छ, जस्तै -

(९) मामाको यस प्रश्नले मलाई छक्क पार्यो र सोधेँ- "के साँच्चै लाहुर यही हो मामा ?" मामाले मुस्कुराउँदै जवाफ दिए- "भनिहालेँ नि, हाम्रो निम्ति डाँडो काट्यो कि सबतिर लाहुर । रक्सोलमा रिक्सा चलाऊ वा दरभङ्गामा दरबानी गर, मलायामा बुट ठोक कि मणिकर्णिकामा मुर्दा बोक, घर गएपछि कमसेकम पाइजामा नफाटुन्जेल तिमी लाहुरे भइहाल्छौ ।"(अर्याल, २०७७, पृ. ८०-८१)

उदाहरण (९) मा वक्ता र बोद्धाबिच भएको संवादमा लाहुरे संस्कृतिसम्बन्धी पुरानो मान्यता र वर्तमानमा यस संस्कृतिसँग जोडिएका बाध्यात्मक नवीन अवस्थालाई अभिव्यक्त गर्ने रक्सोलमा रिक्सा चलाउनु, दरभङ्गामा दरबानी गर्नु, मलायामा बुट ठोक्नु, मणिकणिकामा मुर्दा बोक्नु, पाइजामा नफाटुन्जेल लाहुरे हुनु जस्ता सन्दर्भसूचक भाषिक रूपमा नेपाली समाजको संस्कृति र तत्कालीन पर्यावरणमा लाहुरे संस्कृतिसम्बन्धी सांस्कृतिक मान्यता र यसमा आएको विचलन प्रतिबिम्बित भएको देखिन्छ । नेपालीले देखाएको वीरता स्वदेशी भूमिको रक्षा, संरक्षण र विकासका लागि नभएर विदेशी भूमिको संरक्षण र विकासका लागि भएको अनि लाउरे बन्ने धुनमा अहिले पनि भारतका विभिन्न स्थानमा काम गर्न जाने नेपाली वास्तविक यथार्थ टिठलाग्दो रहेको तत्कालीन अवस्थालाई यहाँका सन्दर्भले अर्थ्याएको छ ।

सांस्कृतिक सन्दर्भमार्फत पशुवधसम्बन्धी नेपाली धार्मिक तथा सांस्कृतिक मान्यता, नेपालीहरूका पूजा र आराधनाको संस्कृति तथा खानपानसम्बन्धी तत्कालीन स्थितिको प्रतिबिम्बित 'महापुरुषको सङ्गत' निबन्धमा भएको छ, जस्तै -

(१०) 'जब भयो राती अनि बूढी ताती' भनेझैँ जब कालले पासो हाल्दै ल्याउँछ अनि मान्छेमा ज्ञानगुनको चासो लाग्दै आउँछ । पहिले सालीका आसक्तहरू पछि कालीका भक्त हुन्छन्, पहिले खन्तीराजमा बदनामी कमाएकाहरू पछि सन्त महाराज भई रामनामी गुन्न थाल्छन् । संस्कारै यस्तै छ । संसारै यस्तै छ । त्यसैले आफू पनि उस्तै । साठी नपुगुन्जेल पाटीको घिच्रो पनि निमोठ्यो, लाटीको तिघ्रो पनि चिमोटियो । कसैको घाँटी अँठ्याइयो त कसैको गाँठी जिब्ट्याइयो । कतै जोरै हात लम्काइयो त कतै सोह्रै भाइ झम्काइयो । जब दाँत झर्दै र आँत मर्दै आयो तब घैटामा घाम लाग्यो ए, महापुरुषको सङ्गत त गर्नै पर्ने ! (अर्याल, २०७७, पृ. ८६)

उदाहरण (१०) मा नेपाली समाजमा स्त्री चौपायालाई वध नगर्ने धार्मिक मान्यतायुक्त प्रचलन रहेको छ । यही सांस्कृतिक प्रचलनका आधारमा कानुनको समेत निर्माण भएको छ । माथि प्रयुक्त भाषिक रूपमा एकातिर नेपाली समाजको चिन्तन र स्वभाव र अर्कातिर मर्ने बेलामा धर्मकर्म गर्नुपर्ने सामाजिक सोच प्रतिबिम्बित भएको छ । नेपाली समाजमा रहेको बिहान पूजा गर्ने संस्कृति र शुद्धतासम्बन्धी चिन्तनलाई व्यक्त गर्ने भाषिक रूप यही निबन्धमा अर्को उदाहरणमा रहेको देखिन्छ, जस्तै -

(११) यहाँ पूरापुरुषको भन्दा लघुपुरुषको सङ्ख्या धेरै होला । महापुरुषको त कुरै छोडूँ । तैपनि पहिल्यै हरेस खाएर त भएन । त्यसैले एक दिन बिहान टौवामा कौवा नबस्तै गौवाको बासी पानीले पूजा र भूजा चामचुम पारेर निस्कँै म महापुरुषको सङ्गत गर्न । (अर्याल, २०७७, पृ. ८६)

उदाहरण (११) ले हरेक बिहान पूजा गर्ने नेपाली संस्कृतिलाई जनाएको छ । महापुरुषको खोजीमा बासीपानीले पूजा र भुजा चामचुम पारेर निस्कने पात्रको भाषिक अभिव्यक्तिमा नेपाली

धार्मिक परम्परा र शुद्धतासम्बन्धी दृष्टिकोण यहाँ अभिव्यञ्जित भएको छ । यहाँ प्रयुक्त पूरापुरुष, लघुपुरुष, महापुरुष, बासी पानी, टौवामा कौवा नबस्दै, पूजा र भुजा गरी छ ओटा भाषिक रूपमा नेपालमा मान्छेको मूल्याङ्कन गर्ने सांस्कृतिक चिन्तन, पूजापाठ गर्ने प्रचलन, बासी पानीलाई अशुद्ध मान्ने खाद्य संस्कृतिसम्बन्धी मान्यता र बिहानै खाना खानु नहुने तथ्य अन्तर्निहित भएको पाइन्छ । यसबाट तत्कालीन अवस्थाको नेपाली समाज हिन्दू सनातनी धार्मिक संस्कृतिबाट अनुप्राणित रहेको यथार्थ बोध हुन्छ । महापुरुष खोज्ने उद्देश्य भएको हुनाले यस्तो पवित्र उद्देश्य पूरा गर्न घरमा पूजाआजा गरी निस्किने लोकविश्वास पनि यहाँ अभिव्यक्त भएको देखिन्छ । नेपाली बिहानै पूजा गर्छन् अर्थात् उनीहरू धर्ममा विश्वास भन्ने आशय पनि यहाँ अभिव्यक्त भएको छ । यसका अतिरिक्त काठमाडौँमा अहिले मात्र होइन, यस समयमा पनि खानेपानीको समस्या रहेको थियो भन्ने रहस्य पनि यहाँको परिवेशले स्पष्ट पार्छ ।

व्यासले पुराण लेखेको सन्दर्भ तथा नेपाली सभ्यता र संस्कृतिलाई बिर्सेर पश्चिमी संस्कृतिको अन्धानुकरण गरेको विषयमार्फत व्यासकृत भनिएका महाभारत तथा पुराणका मान्यतामा अन्धभक्त भएर खालि तिनको पूजा र अर्जनामा लागेको तर वेदमा उल्लेख भएका राम्रा कुराहरूको अनुसरण र विकास नगरेको हुँदा नेपाली समाजका आर्थिक समस्याको समाधान हुन नसकेको तथ्य अभिव्यक्त गर्न 'जय भुँडी' निबन्धमा पुराण र वेदनाशको प्रसङ्ग प्रस्तुत गरिएको छ । तलको उदाहरणबाट यो कुरा स्पष्ट हुन्छ :

(१२) व्यास बाजेले अठार पुराण लेखे, तर सबभन्दा जरुरी एउटा पुराणचाहिँ लेख्न भुसुक्कै बिर्सेछन् । वेदव्यासको युगमा बिर्सेको कुरो अहिले आएर वेद नाशको युगमा तैँले कसरी सम्झिस् ? भन्नुहोला, मलाई पनि हिजै मात्र आफ्नी बूढी आमाले झट्ट सम्झाइदिइन् । साथै यस पुराणको महात्म्य पनि मैले उनैबाट दृष्टान्तसहित बुझ्ने मौका पाएकोले अरू पुराणको प्रारम्भमा 'शारदायै नमः' भनेजस्तै पुराणको सुरुमा म भन्दछु- बूढी आमायै नमः । (अर्याल, २०७७, पृ. ९४)

उदाहरण (१२) मा पुराण, भूँडीपुराण, वेदव्यास र वेदनाश गरी चार ओटा सन्दर्भसूचक शब्दले नेपालको धार्मिक तथा सांस्कृतिक अवस्थालाई दर्साएका छन् । वेदलाई हिन्दू आर्यहरूको मात्र नभई समस्त मानव जातिको पहिलो वाङ्मयिक ग्रन्थ मानिन्छ । विश्वमा भएको ईश्वर र देवतासम्बन्धी चिन्तन यसैमा समाविष्ट रहेको छ (प्रपन्नाचार्य, २०७५, पृ. १) । पुराणचाहिँ वेद, उपनिषद्पछिका हिन्दू धर्मग्रन्थहरू हुन्, जसमा सृष्टिको उत्पत्ति, देवता, ऋषि, राजा र धार्मिक नियमहरूसम्बन्धी कथाहरू समावेश भएका हुन्छन् । पौराणिक प्रसङ्गको उल्लेख गरेर वैदिक परम्परामा आधारित सनातन संस्कृति तथा आधुनिक रूपमा विकसित भएको भिन्न संस्कृतिमार्फत पूर्वीय सभ्यता र संस्कृतिमाथि प्रहार भइरहेको तथ्यलाई पश्चिमी सभ्यता र परम्पराको अनुसरण गरिएको स्थितिका सापेक्षमा यहाँ स्पष्ट पारिएको छ । सांस्कृतिक मान्यताले कुनै राष्ट्र, समाज, जाति आदिको स्वरूप छुट्टिने मान्यता, भावना, चिन्तनमनन, धर्म तथा दर्शन जस्ता विषयका

मूल्यपरम्पराको समष्टिगत रूपलाई समेट्छ (चालिसे, सन् २०२३, पृ. ४४) । वेदनाशले एकातिर वेदमाथिको प्रश्नलाई र अर्कोतिर पश्चिमी संस्कृतिको अन्धानुकरणका कारण वेदको महिमा नाश भएको तत्कालीन अवस्थालाई बोध गराएको छ । वैदिक कालमा प्रजावर्गको प्रतिनिधित्व गर्ने 'समिति' निर्माण गरेर प्रजाका समस्याहरूको समाधान गर्ने प्रचलन रहेकोमा (प्रपन्नाचार्य, २०७५, पृ. ३९) आधुनिक युगमा सरकारी संयन्त्र र जनताका समस्यालाई बेवास्ता गर्ने स्वदेशी प्रचलनलाई जनाउन 'वेदनाश' शब्दको प्रयोग भएको छ । माथि प्रयोगमा आएको भुँडीपुराणको प्रचलित अर्थ भुँडीसम्बन्धी पुराण र व्यङ्ग्यार्थमा खाद्यचिन्तन भए पनि यहाँ विश्व परिवेशमा रहेको खाद्यान्नको अभाव अनि यसका लागि गरिब देशहरूले गरेको याचना र रोदनको स्थिति निहित रहेको हुनाले यसको वास्तविक अर्थ उत्पादन सम्बन्धमा रहेको विभेद तथा यसले सिर्जना गरेको आर्थिक असमानता र शोषण भन्ने हुन्छ । यसबाट वेदको रचना र यसैमा आधारित भएर विकसित वैदिक संस्कृति तथा यसको अनुसरण गर्न छोडिएको आधुनिक समय र मार्क्सवादी सांस्कृतिक चिन्तन र अर्थव्यवस्था दुवैको बोध हुन्छ ।

नेपाली संस्कृति र यसको संरक्षणसम्बन्धी भाषिक रूप रहेको 'पृथ्वीनारायण ! तिमी फेरि आऊ' निबन्धमा प्रजातन्त्रको स्थापनापछिको नेपालको सांस्कृतिक क्षयीकरणको परिवेश अन्तर्निहित भएको छ । यस परिस्थितिलाई सांस्कृतिक मान्यतासम्बन्धी सन्दर्भले प्रकाश्य पारेको छ, जस्तै -

(१३) तिमीलाई एउटा कुराको पीर लाग्याथ्यो क्यार । त्यो "कुन कुरा भन्या मुग्लान नजिकै रहेछ । त्यस जग्गामा छोकडा पत्रीया रह्या छन् । ...राग तानमा बडो ठूलो मोह हुन्छ र दौलथ पनि खोलिन्छ ।.....आफ्ना स्वष सयेललाई ता शास्त्र बमोजिम तीन सहर नेपालका नेवारहरूको नाच भिकाई हेऱ्या पनि हुन्छ । यिनमा त दिया पनि आफ्नै देशमा रहन्छ ।" तर बडामहाराज तिम्रो यो भनाइलाई हामीले बुढ्यौलीको गनगन भनी टेरपुच्छर लगाएनौँ र हिन्दी चलचित्रहरू भिकाई ब्ल्याकमा टिकट किनेर भए पनि छोरी बुहारी सँगै लिएर प्यारकी दुनियाँका याङ्गल र ट्रयाङ्गल नाप्यौँ । एउटा नाटक वा नाच देखाउनुपऱ्यो भने हामीले चन्दा मागेभैँ टिकट भिडाउनुपर्छ र पनि नाचघरका मेचहरू लहरका लहर रित्तै रहन्छन् तर हिन्दी फिलिमका हलहरू सधैँ हाउसफुल ? (अर्याल, २०६३, पृ. ३९)

उदाहरण (१३) मा रहेको भाषिक रूपमा नेपाली संस्कृति र यससम्बन्धी आचरणको विषय रहेको छ । पृथ्वीनारायण शाहको दिव्योपदेशमा रहेको वाक्यलाई उद्धृत गरी नेपालमा २००७ सालमा प्रजातन्त्रको स्थापनापश्चात् नै भारतबाट आयातित कलासंस्कृतिको मोह चुलिएको वास्तविकताको अभिव्यक्ति यस निबन्धमा रहेको छ । यहाँ प्रयुक्त मुग्लान, राग तानमा मोह, दौलथ खोलिनु, तीन सहरका नेवारहरूको नाच, हिन्दी चलचित्र, नाचघरका मेचहरू लहरका लहर रित्तै जस्ता भाषिक रूपमा नेपालको २०२० को दशकको सांस्कृतिक स्थिति, नेपाली सभ्यता तथा

संस्कृतिप्रतिको वितृष्णा एवम् हिन्दी संस्कृतिप्रतिको अनुरागको परिवेश अन्तर्निहित भएको छ । यस समयमा नेपालमा नेपाली परम्परागत संस्कृति र यससम्बन्धी गतिविधि, नृत्य तथा नाटकको प्रचलन हराएर खालि हिन्दी चलचित्र र यसमा रहेका आधुनिकतातिरको मोह विद्यमान थियो । फलस्वरूप नेपाली कला र संस्कृतिको दयनीय अवस्था रहेको र यसको संरक्षणमा पनि जनस्तरको कुनै चासो नरहेको अवस्था थियो । यसैलाई सङ्केत गर्न यहाँ हिन्दी चलचित्रको विषय उठान भएको छ । नेपाली मौलिक कला र संस्कृति तथा त्यसमा पनि नेवारी कलासंस्कृति पृथ्वीनारायण शाहकै पालामा पनि प्रसिद्ध रहेको थियो । त्यसको संरक्षण र प्रवर्धन गर्न सके स्वदेशी संस्कृतिलाई बढावा दिन सकिने र त्यसबाट आर्थिक आर्जन पनि हुने सोचको विकास त्यसैबेला भएको थियो तर आधुनिकताका नाममा त्यस्ता जातीय र मौलिक संस्कृतिको जगेर्ना गर्नुको सट्टा नेपालीहरू यसलाई बेवास्ता गरेर विदेशी आधुनिक संस्कृतिमा रमाउने अवस्था सिर्जना भयो । यसैको फलस्वरूप नेपाली संस्कृति र यससँग सम्बन्धित नाच तथा नाटकलाई नरुचाउने तर भारतीय सिनेमालाई टिकट काटेर परिवारै बसेर हेर्ने चलन चलेको भन्ने तथ्यमार्फत तत्कालीन नेपाली समाजको आफ्ना संस्कृतिको संरक्षणमा देखिएको अरुचि र विदेशी संस्कृति र मनोरञ्जनका साधनप्रतिको मोह यसबाट स्पष्ट हुन्छ ।

'मादक पदार्थ र बेवारिसे लास' निबन्धमा काठमाडौँमा दिनदिनै भेटिने बेवारिसी लासको विषयमार्फत नेपाली समाजमा व्याप्त रहेको मद्यपान सेवनको परम्परा र तत्कालीन अवस्थामा विकसित हिप्पी संस्कृतिले नेपालमा पारेको प्रभावलाई स्पष्ट पारिएको छ, जस्तै -

(१४) त्यसैले आफूले नसके पनि देश-देशबाट धाएर आई हाम्रो कान्तिपुरमा बराबर गाँजा गोष्ठी, चरेस चर्चा र अफिम अभ्यास वा भट्टी भण्डारा आयोजित गरेर सास छोड्ने ती मददास लासहरूलाई हामीले श्रद्धाञ्जली दिनुपर्छ, उनीहरूका सङ्गतले गर्दा कमसेकम हाम्रा युवावृन्दले पनि जोगीका अखडामा सीमित गाँजा गोष्ठीलाई यत्रतत्र फैलाउने मौका पाएका छन् । यसबाट देशको गाँजा खेती र चिलिमशिल्पको विकासमा मद्दत पुग्ने कुरा त छँदैछ, शिवजीको प्रिय धुवाँ बुङबुङ्ती उडाएर पीठाको पीर र टालाको टन्टाले बगेका आँसु सुकाउन पनि धेरै नेपालीलाई सजिलो पर्नेछ । एउटै आशङ्का के छ भने अचेल सरदर दिनको एउटाको दरले पाइन थालेको बेवारिसी लासका सङ्ख्यामा पनि क्रमिक विकास भइदियो भने दोष विशिष्ट हिप्पीहरूलाई मात्रै दिने कि हिप्पी-शिष्य आफ्ना छोराछोरीलाई पनि दिने ? (अर्याल, २०६३, पृ. ८७)

उदाहरण (१४) मा प्रयुक्त भाषिक रूपले नेपालमा २०२० को दशकमा नेपालमा मौलाएको हिप्पी संस्कृति र यसले भविष्यमा पार्न सक्ने दुरगामी प्रभाव देखाएको छ । गाँजा गोष्ठी, चरेस चर्चा, अफिम अभ्यास, भट्टी भण्डारा, मददास लास, जोगीको अखडा, गाँजा खेती, चिलिम शिल्प,

शिवजीको प्रिय धुवा, पिठाको पीर र टालाको टन्टा, बेवारिसी लास, हिप्पी, हिप्पीशिष्य जस्ता भाषिक रूपमा यहाँ नेपालभित्र मौलाएको हिप्पी संस्कृतिको परिस्थिति प्रतिबिम्बित भएको छ ।

हिप्पी संस्कृति भिन्न प्रकृतिको संस्कृतिका रुपमा नेपालमा देखिएको र यसमा यौनिक मामिलामा खुलापन, साधारण जीवनशैली, गाजा चरेसादि लागू औषधको सेवन र हिन्दू तथा बौद्ध धार्मिक गतिविधिमा सहभागिता जस्ता विशेषता रहेकोमा पछिल्लो समय आफूले बोकेर ल्याएको खर्च सकिँदा आर्थिक अभाव र अत्याधिक लागू औषधको सेवनले हिप्पीहरूको धमाधम ज्यान जान थालेको अवस्था भएको पाइएको छ । हिप्पी संस्कृतिले तत्कालीन नेपाली युवाहरूलाई पनि ठूलो प्रभाव पारेको र २०३० सालमा *गोरखापत्र*मा प्रकाशित यस निबन्धमा सोही संस्कृति, उनीहरूको जीवनशैली र विशेष गरी गाँजा, चरेस आदि सेवनका कारण उनीहरूको मृत्यु भएको तथ्यमार्फत हिप्पी संस्कृति र दिनचर्याको प्रभावस्वरूप नेपाली युवाहरूमा देखिएको लागू औषधप्रतिको आकर्षण र कर्मशील जीवनप्रतिको विकर्षणलाई सङ्केत गरिएको छ ।

माथिका अतिरिक्त ‘कुरौटे चाहिएको छ’ निबन्धमा रहेका बैतरणी दान, कालो प्रदर्शन र बाँडीचुडी खाएको धन जस्ता भाषिक सूचकको प्रयोगले नेपालको सामाजिक तथा सांस्कृतिक संस्कार, समाजमा मौलाएको व्यभिचार र भ्रष्टाचार तथा यसमा हुने गरेको मिलेमतो; ‘कोट र जुत्ता’ निबन्धमा रहेका दशैंमा दरबार, ससुरालीमा नयाँ लुगा जस्ता सन्दर्भसूचक भाषिक रूपमा नेपाली समाजको विवाहसंस्कार तथा चाडपर्व मनाउने तरिका र ‘हाँसोको जात-थर’ निबन्धमा रहेका हाँस्यो कि काम नास्यो, महादेव वा भीमसेनले जस्तो छाती फुलाएर हाँस्नु, बुहारी त के, भूतपूर्व बुहारी, बुहारीका उम्मेदवार पनि हाँस्नु, गरिब गुरुबालाई हाँस्ने साइतमा नआउनु जस्ता भाषिक सूचकका आधारमा नेपाली समाजको अवस्थागत विविधता स्पष्ट हुन्छ । यसै गरी ‘टी-पाटी’ निबन्धमा बोक्सी पकाउनु, पञ्चामृतको सुरमा, सुवेदी, द्विवेदी, चतुर्वेदीको चर्तिकला, पञ्चामृतोपाख्यान, बिरालोले मुसो ढुकेझैं ढुक्नु, ब्राह्मण भोज, दशैंको भेडा खुइलिझैं खुइलिनु, ठूलाबडा कहाँबाट एक जोर सुट ल्याउने, जोइ पोइको झगडा जस्ता सन्दर्भसूचक भाषिक रूपले नेपाली सामाजिक परम्परा, अन्धविश्वास र संस्कारजन्य अवस्थाको बोध हुन्छ ।

## ३.४ निष्कर्ष

अर्यालका निबन्धमा नेपालको सामाजिक अवस्था, जातीय संरचना, परम्पराजन्य धार्मिक गतिविधि र सांस्कृतिक चालचलनका सुकृति तथा विकृति दुवै अभिव्यक्त गर्ने भाषिक रूपको प्रयोग पाइन्छ । उनको ‘प्रतिनिधि मण्डल फर्क्यो’ निबन्धबाट हिन्दू धर्ममा विश्वास राख्ने राणाकालीन समाजका सीमित टाठाबाठा ब्राह्मणहरूको सुविधाभोगी चरित्र र प्रजातन्त्रको स्थापनापछि तिनमा देखिएको छटपटी; ‘दौरा सुरुवाल नपठाइदिने भएँ !’ निबन्धबाट नेपाली राष्ट्रिय पोशाक संरक्षणको सट्टा विदेशी पोशाकको अन्धानुकरण गर्ने तत्कालीन समाजको छाडापन; ‘कन्याकेटी खोज्दा’ निबन्धबाट नेपाली सामाजिक संरचनाको उपजका रूपमा रहेका परम्परागत सङ्कीर्ण मान्यता, जातीय विभेद तथा सोअनुसारको सामाजिक दृष्टिकोण र ‘मादक पदार्थ र

बेवारिसे लास' निबन्धबाट हिप्पीहरूको नेपाल आगमन, गाँजा सेवन गर्ने उनीहरूको आदत र नेपालीहरूको मद्यपान गर्ने अम्मलका कारण नेपाली समाजका आएको विकृतिसम्बन्धी यथार्थको बोध हुन्छ । 'महापुरुषको सङ्गत' निबन्धबाट तत्कालीन नेपाली समाजमा रहेको पुरुष शक्ति, पुरुषको सामाजिक प्रभुत्व र उनीहरूले महिलालाई कमजोर र चेतनाविहीन वर्ग भन्ने भाष्य निर्माण गरेको तथ्य र 'केही राष्ट्रिय रोग : एक अनुसन्धान' निबन्धबाट पेसागत कर्तव्यनिष्ठताको अभाव र प्राइभेट क्लिनिक खोलेर पैसा कमाउने प्रवृत्तिका कारण डाक्टरी पेशाको पदीय गरिमा कायम हुन नसकेको यथार्थको बोध हुन्छ । यसरी हेर्दा यी निबन्धमा रहेका भाषिक रूपबाट सामाजिक संरचना र प्रचलनसम्बन्धी सन्दर्भमार्फत तत्कालीन सामाजिक र राजनीतिक अर्थ प्रतिफलन भएको स्पष्ट हुन्छ ।

'सरकारले दुलो खोज्नु पर्ला' निबन्धबाट नेपालको सामाजिक परिवेशमा निहित हिन्दू धार्मिक मान्यता, त्यसअनुसार धार्मिक संस्कारमा आएको घटौती र यसबाट जजमान तथा पुरोहितको सम्बन्धमा आएको दरारसम्बन्धी तत्कालीन अवस्था; 'प्रतिनिधि मण्डल फर्क्यो' निबन्धबाट पण्डित र पुरोहितहरूले धार्मिक संस्कारका नाउँमा साधारण मानिसमाथि गरेको दमन र नियन्त्रण साथै धर्मका नाममा भएको राजनीतिक पद र प्रतिष्ठाको सौदाबाजी; 'रेडियो रसातल' निबन्धबाट नेपाल र भारतका बिचमा भएको असमान गण्डक सम्झौता र यसका प्रावधानले भावी दिनमा देशमा पार्ने दूरगामी प्रभाव; तथा 'कन्याकेटी खोज्दा' निबन्धबाट परलोकसम्बन्धी हिन्दू धार्मिक विश्वास तथा सामाजिक परम्परा र पितृऋणको मुक्तिका लागि छोरालाई महत्त्व दिने धार्मिक दृष्टिकोणको बोध हुन्छ । 'लाहुरेको यात्रा संस्मरण' निबन्धबाट समाजमा रहेको धार्मिक आस्था, धर्मकर्म र तीर्थाटनका नाममा भारत जाने प्रचलन; 'महापुरुषको सङ्गत' निबन्धबाट धार्मिक कार्यको सुझाव दिने धार्मिक गुरु र ज्ञानीहरूमा निहित द्रव्यलोलुपता र चारित्रिक निकृष्टता; 'केही राष्ट्रिय रोग : एक अनुसन्धान' निबन्धबाट पितृउद्धारका नाममा गयाका पन्डाले गर्ने श्राद्धकर्ममार्फत नेपालीहरूलाई भारतमा धर्मका नाममा ठग्ने प्रवृत्ति र 'नेता नम्बर एक सय एक' निबन्धबाट धार्मिक संस्कारमा आधारित श्राद्धकर्म र बिकरको दुनोमार्फत नेपालका राजनीतिक पार्टीमा रहेको स्वार्थता र विकार वा अशुद्धताको बोध हुन्छ । यसरी हेर्दा यी निबन्धमा रहेका भाषिक रूपबाट धार्मिक सन्दर्भमार्फत तत्कालीन धार्मिक, सामाजिक र राजनीतिक अर्थ प्रतिफलन भएको स्पष्ट हुन्छ ।

'प्रतिनिधि मण्डल फर्क्यो' निबन्धबाट जनताका कामका चासो नदिने र दर्शनभेट दिन पनि गाह्रो मान्ने बढप्पनको सरकारी संस्कृति; 'दौरा सुरुवाल नपठाइदिने भएँ !' निबन्धबाट पश्चिमी शैलीको पोशाक मोहका कारण नेपाली पहिरन संस्कृतिमा आएको परिवर्तन र परम्परागत नेपाली सांस्कृतिक परम्परामाथिको प्रहार; 'पृथ्वीनारायण ! तिमी फेरि आऊ' निबन्धबाट तत्कालीन नेपाली समाजमा रहेको मौलिक संस्कृतिको संरक्षणमा देखिएको निष्क्रियता र विदेशी संस्कृति तथा मनोरञ्जनका साधनप्रतिको अतिमोह; र 'मादक पदार्थ र बेवारिसी लास' निबन्धबाट हिप्पी संस्कृतिको प्रभावस्वरूप नेपाली युवाहरूमा देखिएको लागू औषधप्रतिको आकर्षण र कर्मशील

जीवनप्रतिको विकर्षणको बोध हुन्छ । 'चरीचुच्चे च' निबन्धबाट प्रजातन्त्रको स्थापनापश्चात् मौलाएको चन्दा आतङ्क, ठगी आदि प्रजातान्त्रिक व्यवस्थामा विकसित र नेपालमा देखिएका ठगपद्धति; 'जय भोलि' निबन्धबाट जनहितमा काम नगर्ने नेपालीको कर्महीन तथा अल्छे स्वभाव र भोलिवादी संस्कृतिका कारण विश्वका अरू देशभन्दा नेपाल पछि पर्ने सम्भावना; 'लाहुरेको यात्रा संस्मरण' निबन्धबाट नेपालमा मौलाएको लाहुरे बन्न जाने सांस्कृतिक प्रचलनका कारण देश पछाडि परेको अनि नेपालीले विदेशमा पनि दुःख पाएको तत्कालीन वास्तविकता र 'जय भुँडी' निबन्धबाट आधुनिक युगमा सरकारी संयन्त्र र जनताका समस्यालाई बेवास्ता गर्ने सरकारी प्रवृत्तिका साथमा वेदको रचना र यसैमा आधारित भएर विकसित वैदिक संस्कृति तथा यसको अनुसरण गर्न छोडिएको आधुनिक परिस्थिति अनि 'महापुरुषको सङ्गत' निबन्धबाट नेपालीहरूको पूजापाठको संस्कृति, लोकविश्वास तथा धार्मिक विश्वास स्पष्ट हुन्छ । समग्रमा अर्यालका निबन्धात्मक पाठमा प्रयुक्त विषयवस्तु र यसलाई अभिव्यक्त गर्ने भाषिक रूपमा अन्तर्निहित तत्कालीन नेपाली समाज, यसको संरचना, सामाजिक प्रचलन, धार्मिक विश्वास र सांस्कृतिक गतिविधिसम्बन्धी तत्कालीन सामाजिक र राजनीतिक स्थितिको बोधलाई सामाजिक सन्दर्भका माध्यमले प्रस्तुत गरिएको र सन्दर्भार्थका दृष्टिले यी निबन्ध उपयुक्त र अर्थपूर्ण रहेको देखिन्छ ।

## चौथो परिच्छेद

# भैरव अर्यालका निबन्धमा आर्थिक सन्दर्भार्थ

### ४.१ विषयपरिचय

आर्थिक सन्दर्भलाई स्थितिभित्रको आर्थिक परिवेश, भ्रष्टाचार, आर्थिक निर्भरता र सशक्तता तथा पेशागत व्यवहार आदिका आधारमा खोजी गरिन्छ। यस परिच्छेदमा भैरव अर्यालका निबन्धमा प्रयुक्त संज्ञानात्मक सन्दर्भार्थको आर्थिक आधारमा विश्लेषण गरिएको छ । आर्थिक सन्दर्भको सैद्धान्तिक पक्षको परिचय दिएर अर्यालका निबन्धमा प्रयुक्त आर्थिक सन्दर्भको विश्लेषण गरी त्यस्ता सन्दर्भमार्फत भाषिक रूपले प्रदान गर्ने सन्दर्भार्थको विश्लेषण यहाँ गरिएको छ। आर्थिक सन्दर्भअन्तर्गत सामग्रीको विश्लेषण गर्दा यहाँ गरिबी र जीविकोपार्जन, वित्तीय अपचलन तथा उत्पादन सम्बन्ध र शोषण गरी तीन ओटा सूचकका आधारमा गरिएको छ। यस क्रममा पहिले अर्यालका निबन्धहरूमा रहेको आर्थिक गतिविधिसम्बन्धी स्थिति निहित भएका भाषिक रूपको विवरण दिइएको छ र त्यसपछि प्रतिनिधि निबन्धबाट उदाहरण लिएर तिनमा रहेको अर्थको विश्लेषण गरिएको छ।

### ४.२ आर्थिक सन्दर्भसम्बन्धी सैद्धान्तिक मान्यता

आर्थिक सन्दर्भ भनेको भाषिक उच्चारमा अन्तर्निहित रहेको संज्ञानको आर्थिक पक्ष हो । यसमा पाठमा निहित रहेको ज्ञानतत्त्वलाई आर्थिक पर्यावरणका आधारमा खोजी गरिन्छ । सामाजिक व्यवस्थामा अर्थतन्त्रका विविध विषयको प्रभाव र भूमिका रहेको हुन्छ । समाजमा रहेको आर्थिक उत्पादन र यसको वितरणका कारण उत्पन्न भएको हैसियत, आर्थिक अनियमिमता र यसका विभिन्न परिणाम तथा समाजमा आर्थिक दृष्टिले गरिएको विभेद र शोषणका विषय आर्थिक सन्दर्भका माध्यमले अर्थ्याउन सहज हुन्छ। यस्ता आर्थिक पक्षहरू गरिबी र जीविकोपार्जन, वित्तीय अपचलन, उत्पादन सम्बन्ध र आर्थिक दृष्टिले वर्गनिर्माण तथा आर्थिक रूपमा हुने दमन तथा शोषण आदि रहेका छन् ।

आर्थिक सन्दर्भको अध्ययनमा गरिबी, वित्तीय अपचलन र उत्पादन सम्बन्ध तथा आर्थिक शोषणजन्य गतिविधिसँग सम्बन्धित स्थितिहरूलाई अर्थ्याउन आर्थिक सन्दर्भको विशेष भूमिका रहेको हुन्छ। भाषिक पाठमा आर्थिक सुविधा आदि वितरणमा भएको असमानता र त्यसको मारमा परेका गरिब र विपन्न वर्गको दयनीय अवस्थाको चित्रण केवल भाषिक रूपका माध्यमबाट मात्र गरिएको हुँदैन, त्यहाँ विविध आर्थिक परिवेशजन्य स्थितिका माध्यमबाट पनि गरिएको हुन्छ । समाजमा रहेको उत्पादन सम्बन्ध र वर्गीय शोषणका विषय आर्थिक सन्दर्भका आधारमा मात्र अर्थ्याउन सकिन्छ । साहित्यमा चित्रित-वर्णित वर्गीय अवस्था आर्थिक आधारमै निर्माण भएको हुन्छ। मार्क्सवादले समाजमा रहने सबै संरचना र संस्थालाई आर्थिक आधारकै अधिरचना मानेको छ । यस्ता आर्थिक परिस्थितिजन्य अवस्थालाई भाषिक रूपसँग एकाकार गरेर अर्थको खोजी

गराउने कार्यमा आर्थिक सन्दर्भार्थको विश्लेषण आवश्यक हुन जान्छ । यसरी आर्थिक पक्षसँग सम्बन्धित भएका विविध स्थितिको विश्लेषणबाट पाठमा प्रक्षेपण भएको आर्थिक परिस्थितिको अर्थबोध हुने हुनाले संज्ञानात्मक सन्दर्भार्थको खोजी गर्दा आर्थिक सन्दर्भको अध्ययन गरिन्छ ।

## ४.३ अर्यालका निबन्धमा आर्थिक सन्दर्भ र अर्थ

भैरव अर्यालका निबन्धात्मक पाठमा नेपालमा र विश्वमा रहेको गरिबी र दैनिक जीविकोपार्जनमा भएका कठिनाइ, सरकारी क्षेत्रमा भएका विकृति र आर्थिक अपचलन तथा भ्रष्टाचारजन्य गतिविधि तथा समाजमा भएको धनी र गरिबको सुविधाको उपभोग र यसले निर्माण गरेको आर्थिक असमानता तथा शोषणका सन्दर्भले अर्थलाई जोडेको देखिन्छ । उनका निबन्धमा रहेका सरकारी सङ्घसंस्था र तिनका अपारदर्शी आर्थिक गतिविधि, देशमा व्याप्त रहेको गरिबी र त्यसका कारण समाजमा निम्न वर्गले मात्र नभई जागिरजीवीहरूले समेत जीवन धान्न धौ धौ परेको अवस्था तथा समाजमा र विश्वमा व्याप्त रहेको उत्पादन सम्बन्ध र आर्थिक शोषणका परिवशेजन्य अवस्था तथा तत्कालीन सरकारी आर्थिक नीति र यसले निम्त्याएका परिस्थिति अन्तर्निहित रहेको हुनाले यी कुरालाई अर्थसँग अन्तर्सम्बन्धित पार्ने आर्थिक सन्दर्भको प्रयोग भएको पाइन्छ । यी सन्दर्भले तत्कालीन विश्व परिवेशमा रहेको उत्पादनका साधनको असमान वितरण, नेपालमा रहेको गरिबी र अवसरको न्यूनता, आर्थिक अनियमितता आदिको अभिव्यञ्जनामा पनि सहयोग गरेको छ ।

अर्यालका निबन्धमा प्रयुक्त विषयवस्तुलाई आर्थिक सन्दर्भले अर्थ्याएको देखिन्छ । उनका निबन्धमा तत्कालीन राष्ट्रिय योजना, जनताको आर्थिक अवस्था र गरिबी तथा सरकारका तर्फबाट भएका आर्थिक विकास र उन्नतिका केही कदम र जनताको प्रतिक्रियाका विविध स्थिति निहित रहेको छ । निम्न र मध्यमवर्गीय समाजमा रहेको आर्थिक स्रोतको सीमितता र नेपालीको आर्थिक अवस्थाको वर्णन गर्ने भाषिक रूपको प्रयोग यहाँ भएको छ र त्यस्ता भाषिक रूपमा सन्दर्भका माध्यमबाट तत्कालीन नेपाली जनतामा रहेको गरिबी र भोकमरी तथा न्यून वेतनभोगी सहरिया र जागिरे जीवनका यथार्थको प्रतिबिम्बन भएको छ । यी निबन्धमा रहेको आर्थिक विषवस्तुनिकट भाषिक रूप र तिनमा निहित संज्ञानलाई गरिबी र जीविकोपार्जन, वित्तीय अपचलन र उत्पादन सम्बन्ध र शोषण गरी तीन ओटा सूचकका आधारमा यहाँ विश्लेषण गरिएको छ ।

### ४.३.१ गरिबी र जीविकोपार्जन

अर्यालका निबन्धात्मक पाठमा नेपाली समाजमा रहेको गरिबी र नेपालीले दैनिक जीवनयापनका लागि गरेका विभिन्न क्रियाकलापमाथि व्यङ्ग्यात्मक अभिव्यक्ति गरिएको छ । यसका अतिरिक्त यी पाठमा तत्कालीन नेपाली समाजका आर्थिक समस्या र तिनका आधारमा जन्मिएका अरू सामाजिक र पारिवारिक समस्या तथा विश्वजगतमा देखिएको गरिबी र भोकमरीको स्थिति पनि अन्तर्निहित भएको पाइन्छ । निबन्धमा गरिएको आर्थिक विषयको यस्तो वर्णनमा निहित तत्कालीन परिस्थिति गरिबी र जीविकोपार्जनसम्बन्धी सन्दर्भको माध्यमबाट मात्र

अर्थ्याउन सकिन्छ । अर्यालका निबन्धमा रहेका आर्थिक विपन्नता र दैनिक जीवनयापनका लागि गरिने गतिविधि समेटिएको भाषिक रूप तथा स्थितिको विवरण अनि गरिबी र जीविकोपार्जनसम्बन्धी सन्दर्भका आधारमा त्यस्ता स्थितिको विश्लेषण गरेर निबन्धमा निहित आर्थिक संज्ञानको यहाँ खोजी गरिएको छ ।

**तालिका नं. ६ : गरिबी जीविकोपार्जनसम्बन्धी सन्दर्भको विवरण**

| निबन्धको शीर्षक | भाषिक रूप | स्थिति |
|---|---|---|
| सरकारले दुलो खोज्नु पर्ला | हुक्का टार्नु | जीवकाका लागि सङ्घर्ष |
| | रोजी र रोटीका निम्ति शुरो लिएर लड्नु | जीवकाका लागि सङ्घर्ष |
| तमसुक | एक मिलियन रुपियाँ कर्जा | वैदेशिक ऋण |
| | थैली डुब्नु | ऋण तिर्न नसक्ने अवस्था |
| चरीचुच्चे 'च' | बालुवाको लुच्च्याइँ पकाएर खानु | दैनिक गाँसबाँसको अभाव |
| | निर्वाह गर्न मुस्किल हुनु | सोझोपनका कारण हुने विपन्नता |
| अन्तर्राष्ट्रिय भ्यागुता सम्मलेलन | बेकारलाई भन्दा बढी पुत्रकारलाई पीर | सन्तानको लालनपालनको चिन्ता |
| | पुत्रकारिताको आफ्नो दैनिक टन्टा टार्न पत्रकारिताको पेसा अँगाल्नु | जीविकोपार्जनका लागि पेसा |
| | झ्याङ्वाला साइकिलको घरमा पत्रकारिताको सेवा गर्नु | जागिरदारको अवस्था |
| | साँझ-सबेर प्वाङ टकटकाएर पुत्रकारिताको मेवा चाट्नु | जागिरदारको अवस्था |
| | बेलुकालाई जोड्नुपर्ने उसिनाका रासन | जागिरदारको अवस्था |
| | पुत्र र पुत्रकी महतारीको सम्बन्धविच्छेद | खाद्यान्नको अभावले परिवारमा किचलो |
| लाहुरेको यात्रा संस्मरण | गोडामा एक जोर जुराफ पर्न नसक्नु | समाजमा रहेको गरिबी र लाहुरे बन्ने सपना |
| | नानीहरूले सास्ती पाउनु | समाजमा रहेको गरिबी र उत्पीडन |
| | विश्वनाथ बाबालाई केटी चढाउनु | धर्मका नाममा चेलीबेटी बेचबिखन |
| | दालरोटीको समस्या टर्नु | आर्थिक अभाव र चेलिबेटी बेचबिखन |
| | साहूलाई ढाँट्नु | साहूसँग ऋण लिनु |
| | चचार पाथी चनामा मोलाउनु | विपन्नताको अवस्था |
| | डुकुको झोलसित ढिँडो पुकुपुकु निल्नु | आर्थिक दृष्टिले निम्न वर्गीय भोगाइ |

| | | |
|---|---|---|
| | रक्सौलमा रिक्सा चलाउनु | गरिबीका कारणमा भारतमा श्रम |
| | दरभङ्गामा दरवानी गर्नु | गरिबीका कारणमा भारतमा श्रम |
| | मलायामा बुट ठोक्नु | गरिबीका कारणमा भारतमा श्रम |
| | मर्णिकर्णिकामा मुर्दा बोक्नु | गरिबीका कारणमा भारतमा श्रम |
| | लाहुरे बन्न गएको दाउरे बनेर झ्याउरे गाउँनु | आर्थिक उपार्जनमा असफलता |
| | टुकुचामा पखालेको डुकुचा केलाउनु | निम्न आर्थिक अवस्था |
| जय भुँडी | भुडीँ पूजा | खाद्यान्नको जोहो |
| | परचक्रीको दैलो कुर्नु | खानका लागि विदेशीको मुख ताक्नुपर्ने अवस्था |
| | हुक्काको नलीदेखि बन्दुकको नालीसम्म बोक्नु | जीवकोपार्जको दुःख |
| | भुँडीको पूजासामा | खाद्यान्नको जोहो |
| | छोरा र दुलाहाको प्रतीक्षामा आँखा तान्नु | विदेश गएको पुरुषको प्रतीक्षा |
| | भुँडीको नैवेद्य | जीविकोपार्जनका लागि खाद्यान्न |
| | भुँडीवालाका जुनसुकै सर्त | धनीहरूको मनोमानी |
| | नाकको टुप्पामा कालो दलेर ल्याप्चे सही | गरिबी र ऋण लिने बाध्यता |
| | हाउडे भुँडीमा पस्नु | चरम गरिबी |
| | एसिया, अफ्रिकाका कैयौँ टाकनटुकन भुँडीहरू | अफ्रिकाको गरिबीको अवस्था |
| | पश्चिम फर्केर 'भवति भवति गहुँ मे देहि' भनी प्रार्थना गर्नु | युरोपलाई गरेको आर्थिक सहयोगको अपिल |
| | भुँडीका लागि समुद्र तरेका भारतीय | भारतमा भएको आर्थिक |
| | भुँडीकै भाग नपुगी लङ्काबाट लर्काइनु | भारतमा भएको आर्थिक अभाव |
| | ब्रह्मा मुलुक पसेका नेपाली भुँडीकै समस्याले फर्काइनु | नेपालीको बर्मा प्रवेश |
| | काँचो तरुल र भ्याकुरले भुँडीपूजा | अनिकाल र कन्दममुलको खोजी |
| | आज पृथ्वीको कुनै छेउ | |
| | बाँझो रहन नदिई हलो चलाई नैवेद्य फलाउनु | जीविकाका लागि कृषिकर्म |
| | भुँडी भुँडी भकुरा भकुर गर्नु | आनका लागि हुने सङ्घर्ष |
| | अरबौं ठण्डाराम भुँडीहरूले रुन्चे स्वरमा चिच्याउनु | विश्वमा रहेको आर्थिक अवस्था गरिबी |
| | सुर्जे साहूको आवाज | गरिबी र खाद्यान्नको अभाव |
| | अघिल्लो महिना भान्सा गरेको एक मुरी चालम | निर्वाहको समस्या |

| | | |
|---|---|---|
| भान्सा भो हजुर ? | पसलको उधारो | निर्वाहको समस्या |
| | जागिरजीवी अधिकृत | जागिरेको आर्थिक हैसियत |
| | उधारो, रिन घुस, कमिसन, नाफा, नजराना | आर्थिक अपचलन |
| | हिजो बेलुका गरेको काँचोकचिलो भान्सा | विपन्नता |
| | केवल भात खाए पुग्नु | विपन्नता |
| | भुँडीको सार्दाम | आधारभूत रूपमा खाद्यान्नको जोहो |
| | मट्टितेलमा बनाएको पनि मीठो लाग्नु | निर्धनता |
| | टीएडीएसहित विदेश भ्रमणको निम्तो | अभावमा पैसा पर्याप्त भएको कल्पना |
| | बाजेले चोकमा पाती पढ्नु | गुजाराका लागि विविध कर्म |
| | एक मुठी भात बनाउने गेडा झोलीमा थपिदिनु | खाद्यान्नको जोहो |
| | एक सुका पैसा बढ्ता | गरिबी |
| | भान्सा गर्ने कलामा तरुनी छोरीको मद्दत | खानका लागि जे पनि गर्नु |
| | भान्सा भगवतीका उपासक | खानेकुरा |
| | बहिदार खाली भो कि भनी धाउनु | बेरोजगारीको अवस्था |
| | हाम्रो मूल व्यथा नै भान्सा | नेपालीको राष्ट्रिय गरिबी |
| केही राष्ट्रिय रोग : एक अनुसन्धान | पकेटोक्यासिस | पैसाको अभाव |
| | झ्याउरे अनुहार, दाउरे जीउ र चाउरे गाला | विपन्नता र खाद्यान्नको अभाव |
| | फेमेलियोसाइटिस | परिवार धान्न नसक्नु |
| | शिक्षित बेकार र न्यूनवैतनिक कामदारहरू | बेरोजगारी र न्यून आम्दानी |
| हराम पाँडे हजुर | नरकको गल्लीमा डेरा सस्तो पाउनु | सहरमा रहेको महङ्गी |
| असनको डबली | नरकको गल्लीमा डेरा सस्तो पाउनु | सहरमा रहेको महङ्गी |
| | अब भात खाएर साध्य नहुनु | आर्थिक अभाव |
| | कृषिप्रधान देशमा अन्नको अनिकाल | नेपालको गरिबी |
| मादक पदार्थ र बेवारिसे लास | पीठाको पीर र टालाको टन्टा | हातमुख जोर्ने समस्या |
| काला साथीहरूको बीचमा गहुँगोरो | कालाहरू कालाहरूकै बिच पनि हेपिनु | आर्थिक कारण हुने हेपाइ |
| | पाएको पैसा एक दुई दिनमै रक्सी र आइमाईमा सिध्याउनु | गरिबी र यसअनुसारको आदत |
| | चुरोटसम्म मागेर खानु | आर्थिक अभाव |

तालिका (६) मा 'सरकारले दुलो खोज्नु पर्ला', 'तमसुक', 'मादक पदार्थ र बेवारिसे लास', 'चरीचुच्चे च', 'अन्तर्राष्ट्रिय भ्यागुता सम्मेलन', 'लाहुरेको यात्रा संस्मरण', 'जय भुँडी', 'भान्सा भो हजुर ?', 'हराम पाँडे हजुर', 'केही राष्ट्रिय रोग : एक अनुसन्धान', 'काला साथीहरूको बीचमा गहुँगोरो' र 'असनको डबली' गरी बाह्र ओटा निबन्धमा रहेका मुख्य भाषिक रूप र तिनमा रहेको स्थितिको विवरण दिइएको छ । यस्ता स्थितिमा निहित रहेको संज्ञानको बोधका लागि संज्ञान खोज्ने आर्थिक आधारअन्तर्गत गरिबी र जीविकोपार्जनसम्बन्धी सन्दर्भको सहयोग आवश्यक रहेको छ। अर्यालका निबन्धमा रहेको जीविका र गरिबीसम्बन्धी संज्ञानको बोधका लागि यहाँ ती निबन्ध मध्येबाट उदाहरणका रूपमा लिइएका भाषिक रूपलाई तिनमा निहित आर्थिक विषयसँग सम्बन्धित तत्कालीन स्थितिका सापेक्षतामा विश्लेषण गरिएको छ ।

'सरकारले दुलो खोज्नु पर्ला' निबन्धमा सरकारका विरुद्धमा आन्दोलनको चुनौती दिने धर्म र संस्कृतिका संरक्षकहरूको हुङ्कार रहेको छ। समाजमा भएको सांस्कृतिक पक्षको क्षयीकरण र जजमान गर्ने पुरोहितहरूले सनातन संस्कृतिको संरक्षणका लागि गरेको कार्यमा सरकारको उदासीनतासम्बन्धी विषयमा यहाँ तत्कालीन समाजमा रहेको जजमानी पेसाको ह्रासमबन्धी परिस्थिति अन्तर्निहित रहेको छ। यसमा धर्मका नाममा स्वार्थमा लाग्ने पुरेतवादलाई पनि व्यङ्ग्य गरिएको छ । यस निबन्धमा रहेको भाषिक रूप र त्यसमा निहित रहेको परिस्थितिलाई तलको उदाहरणद्वारा स्पष्ट पारिएको छ :

> (१) आज नेपालीमा धर्मको कुन गति भैरहेको छ, जनताले धेरैजसो कार्जे गर्न छाडिसके, गरिहाले भने पनि पुरेतको दस्तुर १७ पैसाको १७ पैसा छँदैछ । आजको आर्थिक परिस्थितिमा १७ पैसाको गोदान लिएर पुरेतहरूलले कसरी हुक्का टार्ने ? अतः संघे शक्ति कलौ युगे' भन्ने भागवतको उक्तिअनुसार पनि आफ्नो रोटी र रोजीको निम्ति शुरो लिएर लड्नैपर्छ। (अर्याल, २०६३, पृ. १-२)

उदाहरण (१) मा दस्तुर सत्र पैसाको, १७ पैसाको गोदान, हुक्का टार्ने, रोजीरोटीको निम्ति शुरो लिएर लड्नु गरी चार ओटा भाषिक रूपले पुरेत्याइँको तत्कालीन अवस्था र उनीहरूको असन्तुष्टि तथा सरकारका विरुद्ध आन्दोलनको अवस्था देखाइएको छ। यसमा प्रतिबिम्बित भाषिक रूपको आशयगत स्थितिले हिन्दू पुरेतवादी सत्तासंस्कृतिको विसङ्गतिलाई स्पष्ट पार्छ। धार्मिक संस्कारलाई द्रव्यसँग जोड्ने प्रवृत्ति मौलाउन थालेकाले धार्मिक महानता र शुद्धतामा क्षय सुरु भएको लेखकीय आशय यहाँ स्पष्ट देखिन्छ । यसबाहेक मार्क्सवादी चिन्तनका कारण निर्मित पुरेत्याइँ कर्मप्रतिको लेखकीय दृष्टिचेत पनि यी सूचकका आधारमा प्रकाश्य भएको छ। तथापि यहाँ रहेको सन्दर्भार्थले धार्मिक तथा सांस्कृतिक पक्षभित्रको आर्थिक अवस्थाको प्रकाशन गर्छ । यस निबन्धको प्रकाशन २०१४ मा भएकाले यसमा तत्कालीन नेपालको सामाजिक तथा धार्मिक परम्परा र त्यससँगै जोडिएका जाति वा वर्गको आर्थिक अवस्था यहाँ देखिन्छ । शुरो धार्मिक कार्यमा प्रयुक्त पात्र (सामान, भाँडो) हो । पण्डितहरूको आन्दोलनको हतियारका रूपमा यहाँ

शुरोलाई लिइएको छ। शुरो लिएर गर्ने आन्दोलन भनेको धार्मिक आन्दोलन हो र यसले मानिसले धार्मिक संस्कार तथा अनुष्ठान गर्न छोडेको तत्कालीन अवस्थाका कारण पुरोहितहरूको पारिश्रमिक घटेको हुनाले यसका लागि गरिने सङ्घर्षको बोध गराउँछ। देशमा महङ्गी बढेको तर पुरेतहरूको दस्तुर र गोदानमा राख्ने दामको दर उही भएको हुनाले पुरेतले जीवन चलाउन धौधौ परेको, रोजीरोटीका लागि आन्दोलनमा लाग्नुपरेको र आन्दोलनका बलमा सरकारको नेतृत्वमा पुगेर आर्थिक उपार्जन गर्ने परिपाटी यहाँ रहेको दक्षिणा र सङ्घर्षको स्थितिले बोक्ने सन्दर्भार्थ हो। यस आधारमा तत्कालीन समयमा जजमान गर्ने ब्राह्मणको दयनीय आर्थिक अवस्था र आफ्नो पारिश्रमिकका लागि आन्दोलनमा लाग्नुपर्ने बाध्यात्मक अवस्था यहाँ अभिव्यञ्जित भएको छ।

पुरोहितको आर्थिक समस्या र यसमा सरकार उदासीन देखिएको विषयमा संरचित यस निबन्धमा धार्मिक संस्कारमा रहेको पारिश्रमिकको ठगी तथा सरकारले यस बारेमा कुनै सम्बोधन नगरेको र राज्यसत्तामा पुरोहित तथा पण्डितलाई समावेश नगरेको विषयलाई लिएर पुरोहितहरूले आफ्नो जीविकाका लागि क्रान्ति गर्न गरेको निर्णय "मर्ता क्या न कर्ता भनेझैँ हाम्रो मुख मोसिएपछि बेनको राज्यमा क्रान्ति गरेझैँ क्रान्ति..."(अर्याल, २०६३, पृ. २) भन्ने वाक्यबाट स्पष्ट हुन्छ। यस वाक्यमा मर्ता क्या न कर्ता, मुख मोसिनु र बेनको राज्यमा क्रान्ति गरेझैँ क्रान्ति गरी तीन ओटा स्थितिसूचक भाषिक रूपमा जीवकोपार्जन र सङ्घर्षसम्बन्धी तत्कालीन सन्दर्भ रहेको छ। 'मर्ता क्या न कर्ता' हिन्दी भाषाबाट आएको आगन्तुक उखानले सङ्घर्ष नगरे अस्तित्वको समाप्ति हुने कुरालाई बुझाएको छ। सरकारले जनताको लोकप्रियताका नाममा आफूले खाइपाइआएको कुरा खोसेपछिको अवस्थालाई मुख मोसिएको कुरोले सङ्केत गर्छ। मुख मोसिनुको अर्थ खाइपाइआएको कुरा खोसिनु हो। विशेष गरी राणाशासनको समयमा र त्यसको लगतै राणाशासनको प्रभाव भएका केही वर्षमा राणाहरूका गुरुका रूपमा पण्डितहरूले ऐसआराम र अतिरिक्त सुविधा पाएकोमा यसको खोसुवापछिको असन्तुष्टि पनि यहाँ देखिन्छ।

बेनको राज्यमा क्रान्ति अर्को स्थितिसूचक पदावलीका रूपमा प्रयुक्त भएको छ। यो अल्जेरियामा भएको क्रान्ति र धार्मिक संस्थाले शासकका विरुद्धमा गरेको क्रान्तिको अवस्था हो। लामो समय फ्रान्सेली सेनामा काम गरेका बेन बेलाले फ्रान्सको नियन्त्रणमा रहेको अल्जेरियालाई स्वतन्त्र तुल्याउन योगदान गरेका थिए। उनले फ्रान्सका विरुद्धमा गुरिल्ला युद्धसमेत गरेका थिए (ओल्सोन, १९९१, पृ. ५१-५२)। स्वतन्त्र अल्जेरियामा लोकप्रिय बनेका र राष्ट्रपतिसमेत बनेका बेन बेलाको समयमा पुरानो राजनीतिक प्रतिशोधका कारण राजनीतिक विरोध र यसका अतिरिक्त बेलाले धार्मिक विरोधको सामना गर्नुपऱ्यो। बेनले इस्लाम मूल्यका आधारमा शासन नचलाई जनतामा लोकप्रियता मात्र कमाउन खोजेको र इस्लामी कानुनको अपहेलना गरेको भनेर तत्कालीन धार्मिक समूह उलेमा एसोसियसनले सन् १९६४ मा धार्मिक क्रान्तिको आह्वान गरेको देखिन्छ (इभान्स र फिलिप, सन् २००८, पृ. ७७)। बेनको राज्यमा भएको क्रान्तिले दुई ओटा क्रान्तिको सन्दर्भलाई जनाए पनि २०१४ वा सन् १९६१ मा प्रकाशित यस निबन्धांशमा बेनले अल्जेरियाली जनताको अस्तित्व रक्षा र स्वतन्त्रताका लागि गरेको अघिल्लो क्रान्तिको सन्दर्भ

ल्याइएको स्पष्ट हुन्छ । उपनिवेश र आर्थिक नियन्त्रणविरोधी आन्दोलनको यही अन्तर्राष्ट्रिय स्थितिको प्रयोगमार्फत पण्डितहरूले आफ्नो मुख मोसिएको र सरकारमा पनि आफ्नो प्रतिनिधित्व नभएको भनेर क्रान्ति गर्ने उद्घोष गरेको यहाँ स्पष्ट हुन्छ । यसले लेखकीय आशयका रूपमा धार्मिक स्वार्थ पूरा नभएर गरिने विरोधतिर सङ्केत गरेको भए पनि सन्दर्भार्थमा सरकारका विरुद्धमा गरिने पण्डितहरूको सङ्घर्षलाई नै बुझाउँछ । माथिको उदाहरणमा राजनीति, परिवर्तन र क्रान्तिका अवस्थाको प्रयुक्ति भए पनि ती अवस्थाका अन्तर्यमा आर्थिक पक्ष रहेको छ । सरकारी रवैयाका कारण आर्थिक लाभको पदमा पण्डितलाई नराखिएको र आफ्नो सुविधा खोसेर जनताको लोकप्रियताका नाममा धार्मिक संस्कार र यससँग जोडिएको आर्थिक पक्षको बेवास्ता गरेर सरकार अघि बढेको हुनाले पुरोहित र पण्डितहरूले आर्थिक हैसियत निर्माणका लागि आन्दोलन गर्नुपरेको तथ्य माथिका सन्दर्भबाट प्रतिफलित भएको छ ।

नेपाली समाजमा हुर्किएको लुच्चो प्रवृत्तिका कारण जीविकोपार्जनमा परेको कठिनाइ 'चरीचुच्चे च' निबन्धमा विभिन्न भाषिक रूपमार्फत अर्थिएको छ । यस निबन्धको मुख्य विचार मान्छेमा मानवीय भावना ह्रास हुँदै गएको अवस्थामा ज्ञान र विज्ञान पनि लुच्चो बनेको, ज्ञान-विज्ञानका विविध ग्रन्थ स्वार्थमा आधारित भएर लेखिएको र समग्र विश्व जगतका मान्छे नै अनैतिकता, बेइमानी र स्वार्थकेन्द्रित बनेकोतर्फ लक्षित रहेको पाइन्छ, जस्तै-

(२) हो, मान्छे बिछट्ट छुच्चा भए, चौपट्ट लुच्चा भए । यिनै छुच्चा र लुच्चाको मिचोमा परेर हामीजस्ता लाटासुधा मान्छे फुच्चामा गनियौँ । अनि, गुच्चा खेल्दा जसरी चुपो लागेको सुधो गोटीलाई चारैतिरबाट ताकिन्छ, त्यसै गरी छुच्चा र लुच्चाका कुर्कुच्चाहरू सधैँ हामीजस्ता फुच्चालाई घुच्चा खुवाउन तम्सिरहेका हुन्छन् । हुँदाहुँदा छुच्याइँ र लुच्याइँ नजान्नेहरूले अब बालुवाको लुच्चाइँ पकाएर खाए मात्रै हो, नत्र निर्वाह गर्न मुस्किलै छ । (अर्याल, २०७७, पृ. ५)

उदाहरण (२) मा रहेका लाटा सुधा मान्छे फुच्चामा गनिनु, बालुवाको लुच्चाइँ पकाएर खानु र निर्वाह गर्न मुस्किल हुनु जस्ता पदावलीले आजको युगमा इमानदार भएर लुच्याइँ नगरी जीविकोपार्जन गर्न कठिन भएको र लुच्याइँ नजान्ने मानिस समाजमा विपन्न र निम्सरो बन्नुपरेको कुरालाई स्पष्ट पार्छ । नेपालको सामाजिक अवस्थितिमा राजनीतिक संक्रमण, स्वार्थलोलुपता तथा मानवताहीन प्रवृत्ति बढ्दै गरेको तत्कालीन नेपाली सामाजिक संरचना र यसका कारण इमानदारिता, मानवीयता र सोझोपन हेपिँदै गएको र त्यस्तो स्वभावले दैनिक जीविकोपार्जन गर्न समेत कठिनाइ रहेको तथ्य यहाँ प्रकटित हुन्छ । दुनिया सबै स्वार्थ र लुच्याइँमा लागेको हुनाले इमानदारिताको मूल्य विघटन भएको र लुच्चाइँका कारण सोझा र निमुखा मानिस विपन्न भएर रहनुपर्ने अवस्था देखिएको कुरालाई माथिको उदाहरणले स्पष्ट पार्छ ।

'अन्तर्राष्ट्रिय भ्यागुता सम्मेलन' निबन्धमा विभिन्न होटलमा बसेर सभा सम्मेलन गर्ने तर काम नगर्ने तर पदीय हैसियत र कुर्सीका लागि अस्वस्थ प्रतिस्पर्धा गर्ने विश्व नेताहरूको

प्रवृत्तिसम्बन्धी विषयसँगै देशमा रहेको गरिबी र सन्तानको भरणपोषण गर्ने चटारोसम्बन्धी तत्कालीन परिस्थिति अन्तर्घुलित भएको छ । यस निबन्धात्मक पाठमा अन्तर्राष्ट्रिय जगतका विभिन्न विकृतिको साथसाथै तत्कालीन नेपाली समाजमा रहेको गरिबी, विपन्नता, अभाव र पेशाकर्मीहरूको दयनीय अवस्थाको कलात्मक वर्णन पाइन्छ। तत्कालीन नेपाली समाजको आर्थिक अवस्था र जागिरे जीवनका समस्यालाई गरिबी र जीविकोपार्जनसम्बन्धी सन्दर्भका माध्यमले यहाँ स्पष्ट रूपमा अर्थ्याएको छ। तलको उदाहरणबाट यस कुराको पुष्टि हुन्छ :

(३) आजको दुनियाँमा बेकारलाई भन्दा बढ्ता पिर पुत्रकारलाई हुन्छ; ट्याक्सीकारको भन्दा बढ्ता धपेडी पत्रकारलाई हुन्छ । त्यसमाथि पनि कसैले पुत्रकारिताको आफ्नो दैनिक टन्टा टार्न पत्रकारिताको पेसा लियो भने त्यसको जीवन कति टाटेपाङ्ग्रे होला आफैँ सोच्नुस् । त्यसमाथि पनि अझ आफूचाहिँ त दिनभर झ्याङप्वाला साइकिलको भरमा पत्रकारिताको सेवा गर्नुपर्ने र साँझ-सबेर प्याङ टकटकाएर पुत्रकारिताको मेवा चाट्नुपर्ने नेपाली पत्रकार ! त्यसैले मेरो दिमाग रातदिन यस्तरी चक्कराइरहन्छ- मानौँ मस्तिष्कको पर्दामा कुनै सिनेमाको रिल घुम्दै छ । एक सेकेन्ड विश्व नेताहरूको निरस्त्रीकरण भाषण सम्झन पुग्छु त अर्को सेकेन्ड बेलुकालाई जोड्नुपर्ने उसिनाका रासन । एकछिन जेनेभा सम्झौता त अर्कोछिन पुत्र र पुत्रकी महतारीको सम्बन्धविच्छेद । (अर्याल, २०७७, पृ. ४३)

उदाहरण (३) मा आजको दुनियाँमा सबैलाई समस्या र तनाव रहेको भन्दै मानिसमा रहेको आर्थिक अभाव, विपन्नता र दैनिक गुजाराको लागि दौडाहामा लाग्नुपर्ने परिस्थिति अभिव्यक्त भएको छ। बेकारलाई भन्दा बढ्ता पिर पुत्रकारलाई हुनु, पुत्रकारिताको आफ्नो दैनिक टन्टा टार्न पत्रकारिताको पेशा अँगाल्नु, झ्याङप्वाला साइकिलको भरमा पत्रकारिताको सेवा गर्नु, साँझ-सबेर प्याङ टकटकाएर पुत्रकारिताको मेवा चाट्नु, बेलुकालाई जोड्नुपर्ने रासन, पुत्र र पुत्रकी महतारीको सम्बन्धविच्छेद जस्ता भाषिक रूपमा नेपाली समाजमा रहेको गरिबी, पत्रकारिता पेशामा भएको आर्थिक सङ्कट र समग्रमा सामान्य जागिर खाने न्यून वेतनभोगी मानिसको जीविकोपार्जनको कठिनाइसम्बन्धी तत्कालीन परिवेश अन्तर्निहित भएको छ। यसबाट २०१० को दशकको नेपाली समाजको गरिबी, अभाव र हातमुख जोड्ने कार्यमा गर्नुपरेको धपेडी स्पष्ट हुन्छ । यहाँ प्रयुक्त 'पुत्रकार' शब्दले जहान परिवारको लालनपालन गर्ने जिम्मेवारी बोकेको अभिभावक भन्ने आशय बोकेको छ। उसिना चामल पदावलीले खानपानका लागि प्रयोग गरिने निम्न कोटिको खाद्यान्नको बोध गराउँछ र झ्याङपाला साइकिल पदावलीले पत्रकार लगायतका निम्नस्तरको जागिर खाने मानिसको आर्थिक हैसियत स्पष्ट पार्छ । यसबाट जागिरे नेपालीमा रहेका आर्थिक अभाव तथा बिहानबेलुकाको गर्जो टार्नका लागि धौ धौ भएको अवस्था र साथमा आम रूपमा तत्कालीन बहुसंख्यक नेपालीहरूको जीविकोपार्जनसम्बन्धी समस्याको बोध हुन्छ ।

'लाहुरेको यात्रा संस्मरण' निबन्धमा नेपाली समाजमा रहेको गरिबी र हातमुख जोर्ने समस्याका कारण भारतमा गएर काम गर्नुपरेको अवस्था र नेपालमा लाहुरे जाने भने पनि भारतका विभिन्न स्थानमा गएर निम्नस्तरको काम गर्नुपर्ने तत्कालीन बाध्यताको वर्णन गरिएको छ । .यहाँ भक्तिनी, बज्यै, विश्वनाथ बाबा र भलादमी जस्ता पद तथा पदावली प्रतीकात्मक रूपमा प्रस्तुत गरिएका छन् । नेपाली चेलीलाई विश्वनाथ बाबाको भक्तिमा लाग्नका लागि लगिएको भनिए पनि नेपालीको दालरोटीको समस्या टार्नका लागि र विशेष गरी चेलिबेटीलाई देहव्यापारका लागि बेच्न लगेको देखिन्छ (शुभेच्छु, २०७८, पृ. ३६७) । तलको उदाहरणबाट यस तर्कलाई पुष्टि गर्ने आधार प्राप्त भएको छ :

(४) मैले सोधिनसक्तै बूढी थोते मुख नचाउँदै भन्न थालिन्- "कहाँ हुन्थ्यो, उनै विश्वनाथ बाबाको पाउमा त हो नि ? यी नानीहरूले पनि कहाँ साहै सास्ती पाएछन्, सबै अनाथको बाबा विश्वनाथ भनेर उतै लिएर हिँडेकी । एउटीलाई सासूले नसहेर छुट्टी, अर्कीको पोइ लाहुर... ।" बूढी परी लाउँदै थिइन्, बीचैबाट अर्का एउटा भलादमीले प्वाक्क भन्यो- "कुरो राम्रो, विश्वनाथ बाबालाई सधैं भेटी मात्र कति चढाउनु त, कहिलेकाहीँ केटी पनि चढाइदिनैपर्छ । यसबाट एकातिर चेलिबेटीको उद्धार हुन्छ, अर्कोतिर आफ्नो दालरोटीको समस्यै टर्छ ।" भलादमीले यो कस्तो कुरा गरेका हुन्, म त अक्क न बक्क भई जिल्लिँदै थिएँ, बूढी आमै भने जिस्क्याइएको जँड्याहाझैँ पाखुरा खैँचेर सराप्न थालिन्- "तीर्थ जान लागेका मेरा छोरीबेटीसँग आँखा जुधाउने तँ लुठालाई पख्लास् !" वास्तवमा त्यो भलादमीले आँखा जुझाएकै थिएन है, नभएको कुरा भन्नु पाप लाग्छ । (अर्याल, २०७७, पृ. ७८)

उदाहरण (४) मा स्वदेशमा आयआर्जनको माध्यम नभएपछि नेपालीहरू भारतका विभिन्न स्थानमा गएर सबै प्रकारका काम गर्ने क्रममा आर्थिक उपार्जनका लागि चेलीबेटीसमेत भारतमा लिएर गएको अवस्था बुझाउने भाषिक रूपको प्रयोग भएको छ । यहाँ नानीहरूले सास्ती पाउनु, अनाथको बाबा विश्वनाथ, विश्वनाथ बाबालाई केटी चढाउनु, दालरोटीको समस्या टर्नु जस्ता भाषिक रूपलाई गरिबी र जीविकोपार्जनका सन्दर्भले अर्थ्याएको छ । यहाँ रहेको दालरोटीको समस्या समधान भन्ने पदावलीले नेपालमा भएका चेलीबेटी बेचबिखनसम्मका समस्या आर्थिक अभावका कारण निम्तिएको तथ्यलाई बुझाएको छ । नेपालमा भएको गरिबी र अज्ञानताका कारणले भारतमा तीर्थाटन र धार्मिक कार्यका लागि भारत जाने निउँमा नेपाली छोरीबुहारी पनि बेच्ने गरिएको तत्कालीन स्थितिलाई यस भाषिक अंशले समेटेको देखिन्छ । यसबाट तत्कालीन सामाजिक सन्दर्भ र आर्थिक अभावका सापेक्षतामा हुने वैदेशिक रोजगारको खोजी, धार्मिक तीर्थयात्रा र नेपाली महिलालाई देहव्यापारका लागि समेत भारत लैजाने तत्कालीन यथार्थको बोध हुन्छ । साथै नेपालमा विपन्नता र दैनिक जीवननिर्वाहको कठिनाइका जगमा आर्थिक अभाव र गरिबीका कारण अनेक प्रकारका विकृतिको जन्म भएको कुरा पनि यहाँबाट प्रस्ट हुन्छ ।

समाजमा एकातिर पर्याप्त आर्थिक गतिविधि नभएका कारण मानिस बेरोजगार भएर भोकमरीमा परेको र अर्कोतिर सामान्य परम्परागत कृषिमा आधारित भएर बिहानबेलुकाको खानाको जोहो गरेको मानिसलाई पनि यहाँ उत्पादन भएका सामान केही टाठाबाठाले भारतमै निकासी गरिदिएपछि हुने समस्या र पैठारी गरिएका आयातित वस्तु किनेर खान नसकिने यथार्थ निबन्धमा वर्णित रहेको छ, जस्तै -

(५) म आफ्नै सोचाइमा एकसुर थिएँ, पछाडिबाट कोट्ट्याउँदै एक जना साहूजीले भने..."तपाइँ लाहुर जाने भए त्यतातिर रायोको सागको माग विचार गर्नुहोला है ! नभए एजेन्ट भनेर प्रचार गरे कमिसन पनि दिउँला । मेरो व्यापार चानचुने छैन बुझ्नुभो, यसपालि मात्रै ५ हजारको साग निकासी भयो ।" आफ्नो मूल राष्ट्रिय तरकारी पनि विदेश निकासी गर्ने साहूको कुरा सुन्दा मेरो भने साह्रै चित्त दुख्यो र भनिहालेँ- "बिहानबेलुका अरू थोक केही नपाए पनि डुकुको झोलसित ढिँडो पुकुपुकु निल्न सकिन्थ्यो, त्यही डुकु पनि निकासी गरिदिएपछि त तरकारी मात्र होइन, भोलिदेखि तिहुनकै समस्या त पर्दैन ?" (अर्याल, २०७७, पृ. ७८-७९)

उदाहरण (५) मा नेपालीको निम्न स्तरको जीवन शैली र तिहुनसँग भात खाएर दिन काटिरहेको अवस्थामा त्यसलाई पनि निकासी गरेपछि आइपर्ने समस्याको सङ्केत रहेको छ । डुकुको झोलसित ढिँडो पुकुपुकु निल्नु, भोलिदेखि तिहुनकै समस्या गरी दुई ओटा भाषिक रूपलाई नेपालीको तत्कालीन आर्थिक हैसियतसम्बन्धी स्थितिका सापेक्षमा यहाँ अर्थ्याउन सकिन्छ। देशको आर्थिक अवस्था कमजोर रहेको हुनाले देशवासीको पनि आर्थिक हैसियत निम्न रहेको छ। बिहान र बेलुका सागको झोलसँग भात खान पाउनु नेपालीको अहोभाग्य बनेको समयमा सागको समेत निकासी भएपछि गरिब र विपन्न परिवारलाई अझ आर्थिक सङ्कट पर्ने सम्भावनातिरको सङ्केत पनि यहाँ देखिन्छ। नेपालीले खानाका रूपमा विभिन्न परिकार खान पाएको छैन । उसले केवल ढिँडो पेटभरि खान पाउनुलाई नै समृद्धि मान्नुपर्ने अवस्था रहेको छ। यसबाट नेपालको २०२० सालतिरको यही आर्थिक अभाव र जनताको विपन्न जीवनस्तरको बोध हुन्छ।

जे जस्तो कामका लागि भए पनि भारतमा जाने र फर्कदा आफूलाई लाहुरेको परिचयका साथ फर्किने विषय नेपालमा रहेको बेरोजगारी र भारतका विभिन्न स्थानमा गएर जस्तोसुकै काम गर्नुपर्ने नेपालीको बाध्यात्मक परिस्थितिमा आधारित रहेको छ । नेपालीहरू नेपालभित्रै पनि भारतीयहरूद्वारा हेपिएको कुरा "पहाडिया लोग मुर्ख होते हैं। सडक बनवा दी हैं हम लोगों ने, घच्चा देते हैं हमें ही। जरा सन्मान के काइदे सीखो" (अर्याल, २०७७, पृ. ७९) भन्ने अभिव्यक्तिमा देखिन्छ। नेपालीहरू गरिबीका कारण काम खोज्दै जाँदा भारतीयहरूद्वारा हेपिने, ठगिने र लुटिने गरेको पाइन्छ (बराल, २०७८, पृ. २८७) । नेपालीले कामको लागि भारतका विभिन्न स्थानमा गएको र जस्तो भए पनि काम गर्ने गरेको तत्कालीन स्वदेशी परिस्थिति तलको भाषिक रूपबाट अझ स्पष्ट हुन्छ :

(६) मामाको यस प्रश्नले मलाई छक्क पार्यो र सोधेँ- "के साँच्चै लाहुर यही हो मामा ?" मामाले मुस्कुराउँदै जवाफ दिए- "भनिहालेँ नि, हाम्रो निम्ति डाँडो काट्यो कि सबतिर लाहुर । रक्सोलमा रिक्सा चलाऊ वा दरभङ्गामा दरबानी गर, मलायामा बुट ठोक कि मणिकर्णिकामा मुर्दा बोक, घर गएपछि कमसेकम पाइजामा नफाटुन्जेल तिमी लाहुरे भइहाल्छौ ।" मामाका यी मार्मिक कुराले म त छानाबाट खसेजस्तै भइहालेँ, निधारमा चिटचिट पसिना आयो, नाक-मुख खङ्ग्रङ्ग सुकेर रिक्सैमा घोप्टो परौँला भन्ने डर लाग्न थाल्यो । (अर्याल, २०७७, पृ. ८०-८१)

उदाहरण (६) मा तत्कालीन नेपालीहरूको रोजगारी र जीविकोपार्जनसँग सम्बन्धी विषय रहेको छ । यहाँ रक्सोलमा रिक्सा चलाऊ, दरभङ्गामा दरबानी गर, मलायामा बुट ठोक, मणिकर्णिकामा मुर्दा बोक, पाइजानमा नफाटुन्जेल लाहुरे हुनु गरी पाँच ओटा भाषिक रूपमा नेपालीहरूमा रहेको गरिबी र देशमा रोजगारीको अभावले गर्दा भारतका विभिन्न स्थानमा गएर उनीहरूले रिक्सा चालकदेखि दरवान र लास बोक्नेसम्मको काम गर्नुपरेको परिस्थिति देखिन्छ । देशमा रोजगारी नभएपछि उत्पादनमा पनि कमी भई हातमुख जोर्नलाई समस्या पर्छ । देशमा पर्याप्त रूपमा रोजगारी सिर्जना नभएमा एकातिर देशको मानव संशासन, प्राकृतिक स्रोत र पुँजीको भरपुर उपयोग हुन पाउँदैन र उत्पादन तथा राष्ट्रिय आयमा पनि कमी हुन जान्छ ( ठाकुर, २०५३, पृ. ८२) । यसैको फलस्वरूप विदेशमा कामको खोजीमा भौतारिने क्रमको थालनी हुन पुग्छ । नेपालमा रहेको तत्कालीन समयको आर्थिक अभाव र गरिबीको प्रमुख कारण यही देखिन्छ । यसबाट नेपालको अर्थतन्त्र न्युन आय, बेरोजगारी र भारतीय क्षेत्रमा गरेको श्रममा आधारित भएको र स्वदेशी उत्पादन, उपभोग र रोजगारीको अवस्था दयनीय रहेको अर्थ प्रतिफलित हुन्छ ।

'जय भुँडी' निबन्धमा नेपाली मात्र नभएर संसारमा रहेका मानिसको आर्थिक हैसियतलाई चार प्रकारका भुँडी, तिनको प्रवृत्ति र भकुराभकुरको अवस्थामार्फत देखाइएको छ । यस निबन्धमा विशेष गरी आर्थिक हैसियतका आधारमा संसारका देशहरूको अवस्था र अफ्रिकाको भोकमरी तथा शक्तिसम्पन्न राष्ट्रको आर्थिक नियन्त्रणका विषयमार्फत त्यस्ता देशको आर्थिक अवस्था नाजुक रहेको अर्थ फ्रतिफलित भएको छ । नेपालमा भएको भूमिसुधारको अवस्था र भूमिसम्बन्धी ऐन, २०२१ को घोषणाका कारण बेचैन बनेका धनाढ्यहरूको तत्कालीन परिवेशीय अवस्थालाई यस निबन्धमा जोडिएका आर्थिक सन्दर्भले देखाएका छन् । तलको उदाहरणबाट यस कुराको पुष्टि हुन्छ :

(७) सबैले थाहा पाएकै छन्- यही भुँडीपूजाको लागि हाम्रा कैयन् पुर्खाले परचक्रीको दैलो कुरे । हुक्काको नलीदेखि बन्दुकको नालीसम्म बोके । अझै कैयौँ बुढिया र दुलही नानीहरू भुँडीको पूजासामा खोज्न निस्केका आफ्ना छोरा र दुलहाहरूको प्रतीक्षामा आँखा तान्दै छन्" । (अर्याल, २०७७, पृ. ९६)

उदाहरण (७) मा भुँडीपूजा, पुर्खा, परचक्रीको दैलो, हुक्काको नलीदेखि बन्दुकको नालीसम्म बोक्नु, बुढिया र दुलही नानीहरू, भुँडीको पूजासामा, छोरा र दुलहाहरूको प्रतीक्षामा आँखा तान्नु गरी छ ओटा भाषिक रूपमा नेपालीको आर्थिक अवस्थाको ऐतिहासिक कालावधिका विविध स्थिति रहेको र तिनलाई गरिबी र जीविकोपार्जनको सन्दर्भले अर्थ्याएको छ । नेपालीका पुर्खादेखि नै आर्थिक उपार्जन र जीवनयापनका लागि भारत र बेलायतको सेवा गरेको ऐतिहासिक तथ्य पनि यहाँ अन्तर्भूत रहेको छ । भुँडी पूजाको पूजासामाले जनजीविकाका लागि आवश्यक खाद्यान्न र आर्थिक व्यवस्थापनलाई जनाएको छ । सुगौली सन्धिदेखि बिसौँ शताब्दीको मध्यसम्म नै नेपालीले परिवार पाल्नका लागि विदेशिनु परेको र विदेशमा पाले, दरवान, नोकर जस्ता मामुली काम गर्नुपरेको थियो भन्ने अर्थ माथिको भाषिक रूपबाट प्राप्त हुन्छ । छोरा र दुलाहाको प्रतीक्षामा दुलहीहरूले आँखा तन्काउनुले आज पनि पुरुषको विशेदिने प्रवृत्ति उस्तै रहेको र यसको मुख्य कारणका रूपमा आर्थिक अवस्था हो भन्ने तथ्यबोध हुन्छ । यसरी माथिका भाषिक रूपमा अन्तर्निहित रहेको इतिहासदेखि तत्कालसम्मको परिवेशजन्य स्थितिले नेपालीको आर्थिक हैसियतको नाजुक अवस्थाको अर्थबोध हुन्छ ।

गरिबी र आर्थिक विभेदका कारण सिर्जित परिस्थिति संसारमा जताततै रहेको छ । विश्व अर्थतन्त्रलाई नियन्त्रण गर्ने युरोपेली मुलुक र कमजोर आर्थिक अवस्थाका कारण नियन्त्रित बनेका एसियाली र अफ्रिकी मुलुकको अर्थतन्त्र र त्यसका प्रभावलाई 'जय भुँडी' निबन्धले स्पष्ट पारेको छ । खाद्यान्नको जोहो गर्न शक्तिसम्पन्नहरूका अगाडि जुनसुकै सर्त पनि मानेर ऋण लिनुपरेको; त्यसै ऋणको मारमा आफ्नो भएको जग्गाजमिन पनि गुमाउनु परेको र तत्कालीन विश्वपरिवेशमा एसिया र अफ्रिकाका कतिपय देशमा रहेको गरिबी, भोकमरी र युरोपेली देशहरूसँग खाद्यान्नका लागि याचना गर्नुपरेको यथार्थलाई तलको उदाहरणले अझ स्पष्ट पार्छ :

(८) भुँडीको नैवेद्यको लोभले भुँडीवालका जुनसुकै सर्तमाथि नाकको टुप्पामा कालो दलेर ल्याप्चे सही गर्नुपर्दा कति टाकनटुकन भुँडीहरूले हाँडीघोप्टे भुँडीझैँ हाउडे भुँडीमा पस्नुपरेथ्यो । यी कथाहरू सम्झेर सम्झिनसक्ना छन् । एसिया, अफ्रिकाका कैयौँ टाकनटुकन भुँडीहरूले अझै पश्चिम फर्केर 'भवति भवति गहुँ मे देहि' भनी प्रार्थना गर्न छुटेको छैन । (अर्याल, २०७७, पृ. ९७)

उदाहरण (८) मा भुँडीको नैवेद्य, भुँडीवालाका जुनसुकै सर्त, नाकको टुप्पामा कालो दलेर ल्याप्चे सही, हाउडे भुँडीमा पस्नु, एसिया, अफ्रिकाका कैयौँ टाकनटुकन भुँडीहरू, पश्चिम फर्केर 'भवति भवति गहुँ मे देहि' भनी प्रार्थना गर्नु गरी छ ओटा स्थितिसूचक भाषिक रूपले गरिबीसम्बन्धी आर्थिक सन्दर्भमार्फत नेपालको र विश्वजगतको जनसङ्ख्याको अवस्थामा त्यहाँ भएका खाद्यान्नको अभाव र भोकमरीको विषय उठान गरेका छन् । नेपालमा प्रजातन्त्रको स्थापना भएपश्चात् एक दशकको अवधिसम्म सङ्क्रमणकालीन राजनीतिक अवस्था रहेको र त्यसपश्चात् एकदलीय शासन व्यवस्था लागु भएपछि पनि आर्थिक गतिविधिको सुधारका लागि कुनै पनि ठोस

कार्यक्रम नआएको हुनाले नेपालमा उल्लेख्य गरिबी रहेको थियो । नेपालमा मात्र होइन, एसिया र अफ्रिकाका अल्पविकसित देशहरूको अर्थतन्त्र पनि नराम्रो अवस्थामा रहेको र यसका कारण ती देशमा गरिबी, भोकमरी र विपन्नता बढेको थियो । माथिको उदाहरणमा नेपालमा भएको गरिबीको अवस्था र विश्वपरिवेशमा विपन्न देशहरूले खाद्यान्नका लागि युरोपको मुख ताक्नुपरेको सोही अवस्था स्पष्ट हुन्छ ।

मान्छे सभ्यताको सुरुवातमा समान रहेको, आदिम मानिसमा खानाको जोहो गर्ने र सम्पत्ति आर्जन गर्ने मोह नभएका कारण वर्गभेद नभएको तर आधुनिक कालमा आइपुग्दा मानिसले आफ्नो स्वार्थी प्रवृत्तिका कारण उत्पादनका साधनमाथिको अधिकार जमाएको हुनाले आर्थिक स्रोतका विषयमा द्वन्द्व र कलह भएको कुरालाई तलका उदाहरणबाट स्पष्ट पारिएको छ :

(९) सुरुमा काँचो तरुल र भ्याकुरले भुँडीपूजा गर्ने मान्छेले आज पृथ्वीको कुनै छेउलाई बाँझो रहन नदिई हलो चलाई नैवेद्य फलायो । तर एकले अर्कोको अस्तित्व आवश्यक नठान्दा भुँडी भुँडी भकुराभकुर गर्न थाले । बलियो भुँडी घ्याम्पे भए, घ्याम्पा घ्याम्पा जुधे, कोही हाँडघोप्टे हुन पुगे त धेरैजसो ठण्डाराम भै भकुन्डिए । आखिर अरबौँ ठण्डाराम भुँडीहरूले रुन्चे स्वरमा चिच्याउनुपर्‍यो । भुँडीपूजा हुन्छ भने सबैको हुनुपर्छ । फलस्वरूप मार्क्सले भुँडीपूजाको समान पद्धति सोचे, भुँडीवालहरूले उनलाई उडाए, तर आखिर कतिपय देशका ठण्डाराम भुँडीहरूको ध्यान त्यता नगई छोडेन । (अर्याल, २०७७, पृ. ९७)

उदाहरण (९) मा काँचो तरुल र भ्याकुरले भुँडीपूजा, पृथ्वीको कुनै छेउलाई बाँझो रहन नदिनु, हलो चलाई नैवेद्य फलाउनु, भुँडी भुँडी भकुराभकुर गर्नु, अरबौँ ठण्डाराम भुँडीहरूले रुन्चे स्वरमा चिच्याउनु, भुँडीपूजा सबैको हुनुपर्ने, मार्क्सले भुँडीपूजाको समान पद्धति सोच्नु, ठण्डाराम भुँडीहरूको ध्यान त्यतातिर जानु जस्ता भाषिक रूपमा मानव सभ्यताको प्रारम्भ र आदिम साम्यवादी युगको कन्दमूल सङ्कलन र कृषि समाजको उत्पादन पद्धति तथा सामन्तवादी र पुँजीवादी युगको आर्थिक परिवेश अन्तर्निहित भएको छ । काँचो तरुल र भ्याकुरले भुँडी पूजा भन्ने भाषिक रूपबाट आदिम समयमा अर्थात् आदिम साम्यवादी समाजमा समान रूपमा मान्छेको जीविकोपार्जन रहेको र आर्थिक उत्पादनमा लुछाचुँडी नरहेको तथ्यको बोध हुन्छ । पृथ्वीको कुनै छेउलाई बाँझो रहन नदिई हलो चलाएर अन्न उत्पादन गर्नु कृषि युगको युगीन परिवेश हो । खाद्यान्नमा एकथरिको बोलवाला र वर्चस्व हुनु सामन्तवादी युगको युगीन सन्दर्भ हो । मानव समाजको विकाससँग सम्बन्धित ऐतिहासिक अवस्थाद्वारा यहाँ आधुनिक कालमा विश्व जगतको आर्थिक उत्पादन तथा त्यसमाथिको नियन्त्रण गर्ने पुँजीवादी देशहरूको नीति र साना, अल्पविकसित तथा गरिब मुलुकहरूका मानिसको आर्थिक दुर्गतिको स्थिति निर्माण भएको छ । यसमार्फत नेपालमा मात्र नभई संसारमै आर्थिक दृष्टिले बहुसंख्यक मानिस निम्न स्तरमा रहेको र खाद्यान्नकै लागि सङ्घर्ष गरिरहनु परेको बिसौँ शताब्दीको विश्व यथार्थ प्रस्तुत गरिएको छ ।

संसारमा भएको गरिबी र विपन्नता तथा सोहीअनुसारको समस्याको समाधानका लागि भएको प्रयासलाई नेपालमा भएको आर्थिक ऐन तथा कार्यक्रमसम्बन्धी विषयमा उल्लेख गरिएको छ। नेपालमा भएका गरिब र भूमिहीन किसानको जीवनस्तरमा हुने सकारात्मक परिवर्तनसम्बन्धी तथ्य तलको उदाहरणबाट पुष्टि हुन्छ :

(१०) मैले यो भुँडीपुराण पनि भुँडीदेवीकै उपासनाको लागि लेखेको हुँ । जुन दिन भूमिसुधारको महामेला सकिएर खोजेजस्तै गरी सबैले भुँडीपूजाको सौभाग्य पाउलान्, त्यसै दिन व्यास बाजेका अठार पुराणमा उन्नाइसौं महापुराणको रूपमा मेरो भुँडीपुराण कसो नजोडिएला त ?" (अर्याल, २०७७, पृ. ९८)

उदाहरण (१०) मा भूमिसुधारको महामेला, सबैले भुँडीपूजाको सौभाग्य, व्यास बाजेका अठार पुराण र महापुराणको रूपमा मेरो भुँडीपुराण गरी चार ओटा स्थितिसूचक भाषिक रूपले नेपालमा रहेको गरिबी र जीविकोपाजर्नको दयनीय परिस्थिति र यससम्बन्धी सरकारी कार्यक्रमलाई बुझाएका छन् । यस्ता स्थितिमा खास गरी नेपालमा ल्याइएको भूमिसम्बन्धी ऐन, २०२१ र यसको कार्यान्वयनसँग सम्बन्धित तथ्यहरू रहेका छन् ।

नेपालमा राजा महेन्द्रले २०१७ साल पुस १ गते जननिर्वाचित सरकार विघटन गर्दा गरिब, किसानको हितमा काम गर्न नसकेको आरोप लगाएको हुनाले एकातिर आफ्नो जनविरोधी कदमको राजनीतिक वैधता तथा जनसमर्थन लिन र अर्कातिर आफ्नो प्रजातन्त्रविरोधी अन्तर्राष्ट्रिय छवि सुधारका लागि पनि किसानको पक्षमा केही गरेको देखाउन २०२१ सालको महत्त्वाकाङ्क्षी भूमिसुधारको घोषणा गरेका थिए । जमिनको व्यक्तिगत स्वामित्वमा हदबन्दी, मोही किसानको भूमिमाथिको अधिकारको सुनिश्चय तथा कृषिको उत्पादकत्व वृद्धिका लागि सरकारी सहयोग जस्ता प्रावधान यसमा समेटिएका भए पनि घोषणाअनुरूपका परिणाम आउन नसकेको र आएका नतिजा पनि खण्डित रूपमा ज्यादै ढिलो गरी आएका थिए। केही अपवादलाई छोडेर हदबन्दीभन्दा माथिको जमीनको राष्ट्रियकरण र पुनर्वितरण असफल रहेको हुँदा भूमि सुधारको घोषणाले बढेको किसानको अपेक्षा कार्यान्वयनको असफलताले निराशामा परिणत भएको थियो । यही निराशा र आक्रोश २०२० र ३० को दशकमा भएका किसान आन्दोलन वा विद्रोहहरूका रूपमा आएको थियो (ढकाल, २०७८ख.) । भूमिुधारको महामेलाको समाप्ती र यसमा रहेको व्यवधानको विषय यससँग सम्बन्धित रहेको छ । जनतामा सस्तो लोकप्रियताका लागि महेन्द्रले भूमिसम्बधी ऐनको घोषणा गरे पनि त्यसको कार्यान्वयन भूमिपतिहरूको विरोधका कारण चुनौतीपूर्ण बनेको थियो भन्ने अर्थ यस सन्दर्भले बोकेको छ । भूमिसुधार कार्यक्रम २०२१ सालमा घोषणा गरिए पनि २०२३ सालमा मात्र यसलाई पूर्ण रूपमा लागु गरिएको थियो । नेपालमा तेस्रो पञ्च वर्षीय योजनाको समाप्तीसम्म अर्थात् २०२७ सालसम्म पनि जग्गाको नापीको काम निरन्तर रहेको थियो (ठाकुर, २०५३, पृ. २४०) । अतः २०२२ सालमा प्रकाशित यस निबन्धमा भुँडी पूजा अर्थात् नेपालीको गुजारा र खानपानको प्रबन्धका पक्षमा लेखकीय चाहना व्यक्त भएको भए पनि

भूमिसूधार नामको महत्त्वाकाङ्क्षी योजना केवल कागजमा मात्र रहेको हुनाले भूमिसूधारको कार्यक्रम त्यसबेला सम्पन्न हुने चरणमा नरहेको र यसमा थुप्रै चुनौती रहेको वास्तविकता यहाँ भूमिसुधारको महामेला र यसको टुङ्ग्याउनीसम्बन्धी भाषिक रूपले स्पष्ट पार्छ ।

'केही राष्ट्रिय रोग : एक अनुसन्धान' निबन्धमा समाज र राजनीतिक क्षेत्रका विविध प्रवृत्तिका मानिसको आचरण र स्वभावमाथिको लेखकीय टिप्पणी भेटिन्छ । समाजमा कामको सिन्को नभाँच्ने तर बुद्धिजीवी कहलिएका मानिसको व्यक्तिवादी स्वभावदेखि कर्मचारीको पदलोलुप र भ्रष्ट आचरणमाथि व्यङ्ग्यात्मक दृष्टिप्रक्षेपण भएको यस निबन्धमा बेरोजगारी र न्यूनतम ज्यालामा गुजारा गर्ने रोगलाई 'पकेटोक्राइसिस' मान्दै (बराल, २०७८, पृ. २९२) तत्कालीन नेपालमा भएको न्यून बेतन भएका कर्मचारीको आर्थिक हैसियत देखाइएको छ, जस्तै -

> (११) नेपालोप्याथीले अन्त्यमा एउटा व्यापक रोगको चर्चा गरेको छ। अधिकांश जनतालाई बराबर दुःख दिने यस महारोगको नाम हो– पकेटोक्यासिस। झ्याउरे अनुहार, दाउरे जीउ र चाउरे गाला पकेटोक्यासिसका लक्षण हुन् । यो बढ्दै गएपछि फेमेलियोसाइटिस पनि हुन सक्छ भनी एक अनुभवीले बताएका छन् । खास गरेर यो रोग शिक्षित बेकार र न्यूनवैतनिक कामदारहरूमा बराबर लागेको देखिन्छ । ( अर्याल, २०७७, पृ. २०२)

उदाहरण (११) मा पकेटोक्यासिस, झ्याउरे अनुहार, दाउरे जीउ र चाउरे गाला, फेमेलियोसाइटिस, शिक्षित बेकार र न्यूनवैतनिक कामदारहरू गरी पाँच ओटा भाषिक रूपमा २०२० को दशकको नेपालको शैक्षिक विकास, रोजगारीको अभाव र भएका सीमित क्षेत्रमा काम गर्ने जागिरेहरूको पनि आर्थिक दृष्टिले निम्न स्तरको परिस्थिति निहित रहेको पाइन्छ । आयआर्जनको अभावमा कुपोषणयुक्त शरीर लिएर हिड्नु, परिवार पाल्ने न्यूनतम् पैसाको पनि कमाइ नहुनु र भए पनि पर्याप्त नहुनु अनि पत्नी देख्दैमा डराउने गरी मनोरोगी बन्नु जस्ता विशेषता लिएर जीवन बाँच्नुको आशय आर्थिक दृष्टिले विपन्नता र भोकमरीको अवस्था आइपरेर हो । माथिको उदाहरणमा रहेको भाषिक रूपबाट तत्कालीन नेपालमा रहेको सामान्य जागिरेको अवस्था, शिक्षित बेरोजगारको नाजुक हालत र समग्र देशमा रहेको गरिबी र विपन्नताको बोध हुन्छ ।

जर्मनीमा भएको तालिममा भेटिएका अफ्रिकाली साथीको स्मरणमा लेखिएको 'काला साथीहरूको बीचमा गहुँगोरो' निबन्धमा रङ्गभेदी नीति र आर्थिक अभाव तथा विदेशी हस्तक्षेपका कारण अफ्रिकाली जनताले भोग्नुपरेको पीडा र पछौटेपनको वर्णन गरिएको छ । अफ्रिकाका विभिन्न देशका नागरिकको आर्थिक अवस्था र सोहीअनुसारको सोच र व्यवहारको तत्कालीन परिस्थिति जनाउने भाषिक रूपमा त्यहाँको गरिबी र जीविकोपार्जनको यथार्थ यस निबन्धमा प्रकाश्य भएको छ, जस्तै -

(१२) केही दक्षिण अफ्रिकी कालाहरू कालाहरूकै बीच पनि जाँड धेरै खाने हुनाले हेपन्थि । पाएको पैसा एक दुई दिनमै रक्सी र आइमाईमा सिध्याएर भोलिपल्टदेखि चुरोटसम्म मागेर खाने उनीहरूको स्वभाव भएकोले सबै उनीहरूदेखि प्रायः पन्छन खोज्थे । अधिकपानले कहिलेकाहीँ उनीहरू आ-आफैँ काटाकाट गर्लान् कि जस्तो पनि गर्थे तर भोलिपल्ट फेरि सँगै बाटो ढुकेर कुनै केटी देखे भने संयुक्त सलामी बजाइहाल्थे । (अर्याल, २०६३, पृ. ११७)

उदाहरण (१२) मा दक्षिण अफ्रिकी कालाहरू, जाँड धेरै खाने, पाएको पैसा एक दुई दिनमै रक्सी र आइमाईमा सिध्याउने, भोलि पल्टदेखि चुरोटसम्म मागेर खाने, आफैँमा काटाकाट गर्ने, सबै बाटो ढुकेर कुनै केटी देखे भने संयुक्त सलामी बजाउने जस्ता भाषिक रूपमा अफ्रिकाली जनताको आर्थिक स्तर देखिन्छ । उनीहरूमा गरिबी र पछौटेपन रहेको हुनाले जीविकोपार्जनका लागि आर्थिक अभाव रहेको छ । आर्थिक अभाव, गरिबी र बेरोजगारीका कारण उनीहरूको सोच र दृष्टिकोण पनि निम्न तहको छ अनि यसले उनीहरूको व्यवहार र स्वभावलाई समेत प्रभावित तुल्याएको छ । अफ्रिकाका अधिकांश देश युरोपेली उपनिवेशमा नियन्त्रित रहेको, त्यसरी नियन्त्रणमा राख्ने उपनिवेशवादी देशहरूले त्यहाँको प्राकृतिक स्रोत आदिको मात्र दोहन गरेको तर उत्पादनका साधनको न्यायोचित वितरण तथा विकास निर्माणका कार्यमा जोड नदिएका कारण सन् १९९० को दशकभन्दा अगाडि यी देशहरूमा चरम गरिबी रहेको विभिन्न तथ्याङ्कले देखाएको छ । सन् १९९३ सम्म पनि अफ्रिकामा ६५ प्रतिशत मानिसहरूसँग दैनिक दुई डलरसम्मको उपभोग्य वस्तु समेत नरहेको हुनाले यो सङ्ख्या गरिबीको रेखामुनि रहेको देखिन्छ (बिजल र अन्य, सन् २०१६, पृ. ७५) । यो सङ्ख्या अघिल्लो दशकमा अझै धेरै रहेको विश्व बैङ्कद्वारा गराइएको यस अध्ययनले बताएको छ। माथि प्रयुक्त भाषिक रूपमा तत्कालीन समयको उपनिवेशकालीन अफ्रिकाली देशहरूको आर्थिक अवस्था र त्यहाँका मानिसहरूको गरिबीयुक्त निम्न स्तरको जीवन भोगाइसम्बन्धी परिवेश अन्तर्निहित देखिन्छ । २०३३ सालमा अर्थात् सन् १९७६ सालमा लेखिएको यस निबन्धबाट लिइएको भाषिक रूपबाट सन् १९७० को दशकको अफ्रिकाली आर्थिक विपन्नताबाट दक्षिण अफ्रिका मात्र होइन, अफ्रिकाका अधिकांश देशहरूको आर्थिक हैसियत निम्न कोटिको रहेको; शक्तिशाली देशहरूको नियन्त्रणमा रहनुपरेको; दमनका कारण उनीहरूमा आक्रामक स्वभाव निर्मित भएको र त्यहाँ निम्नवर्गीय विपन्न ग्रामीण जीवनशैली रहेको वास्तविकताको बोध हुन्छ ।

### ४.३.२ वित्तीय अपचलन

वित्तीय अपचलन भनेको सरकारी वा सामाजिक सम्पत्तिको गलत प्रयोग हो । यसभित्र मुख्य गरी आर्थिक अनियमितता र आर्थिक भ्रष्टाचार पर्दछन् । आर्थिक अनियमितता भनेको कुनै नीतिनियमको परिधिलाई नाँघेर र नियमविपरीत कुनै आर्थिक कारोबार सञ्चालन गर्नु वा आर्थिक अपचलन गर्नु हो । यसमा आर्थिक दृष्टिले नियमको उलङ्घन हुने गर्दछ । आर्थिक अनियमितता

र आर्थिक भ्रष्टाचारलाई एउटै अर्थमा लिने गरेको पाइन्छ तर आर्थिक अनियमितताले नियमको उलङ्घन गरेर गरिने आर्थिक विषयसम्बन्धी निर्णय जस्ता पक्षलाई र आर्थिक भ्रष्टाचारले आर्थिक स्रोतको अपचलन र घुसलाई बढी बुझाउँछ । भैरव अर्यालका निबन्धमा नेपाली समाज र नेपाल राज्यका आर्थिक कार्यक्रम, त्यसको व्यवस्थापन र अनियमितिताका विषयले स्थान पाएको छ । यस्ता निबन्धमा सामाजिक क्षेत्रमा भएका आर्थिक अपचलनका विषयदेखि प्रशासनिक संयन्त्रमा भएका आर्थिक अनियमितता तथा घुससँग सम्बन्धित थुप्रै स्थितिहरूको वर्णन पाइन्छ । यस्तो वर्णनमा रहेको तत्कालीन आर्थिक अवस्था, आर्थिक गतिविधिमाथिको नियन्त्रण र प्रशासनिक क्षेत्रमा भएको आर्थिक अपचलनको परिस्थिति वित्तीय अपचलनसम्बन्धी सन्दर्भका माध्यमबाट अर्थ्याउन सकिन्छ । अर्यालका निबन्धमा रहेका वित्तीय अपचलनसम्बन्धी सन्दर्भको विवरण र यससम्बन्धी भाषिक रूपको विश्लेषण गरेर संज्ञानात्मक अर्थको यहाँ खोजी गरिएको छ ।

**तालिका नं ७ : वित्तीय अपचलनसम्बन्धी सन्दर्भको विवरण**

| निबन्धको शीर्षक | भाषिक रूप | स्थिति |
|---|---|---|
| तमसुक | एक मिलियन रुपिञा कर्जा | पार्टी टिकाउन गोप्य कर्जा |
| रेडियो रसातल | आर्यघाटमा बाँध | सहरमुखी योजना र भ्रष्टाचार |
| लाहुरेको यात्रा संस्मरण | विश्वनाथ बाबालाई केटी चढाउनु | गैह्रकानुनी कामबाट आर्थिक उपार्जन |
| | चेलीबेटीको उद्धार- दालरोटीको समस्या समाधान | गैह्रकानुनी कामबाट आर्थिक उपार्जन |
| | अमरावती इन्स्योरेन्स कम्पनीका एजेन्ट बाजेलाई खीर खुवाउनु | घुस ख्वाउने प्रवृत्ति |
| | चित्रगुप्तले कमसेकम सेकेन्ड क्लास सिट दिनु | घुस ख्वाउने प्रवृत्ति |
| | हुक्का समातेर सेवा गरेबापत सुब्बाङ्गी | राणाकालीन पजनी प्रक्रिया |
| महापुरुषको सङ्गत | चिठी हेर्नेवित्तिकै कालोनिलो बेहोस भएर लड्नु | सरकारी कार्यालयको घुसखोरी प्रवृत्ति |
| | तहबिलको पैसा मासेर तबेला बनाउनु | कर्मचारीले गरेको वित्त अपचलन |
| | दुईचार ओटी केटीहरू लिएर जानु, | चेलीबेटी बेचबिखन |
| | केटीको भाउ चर्को, | चेलीबेटी बेचबिखन |
| | बिरालीको घिउ बेचेर भएपनि बुहारीको जिउ बेचेर भए पनि ढिकुटी भर्नु | धनार्जनको गैह्रकानुनी तरिका |
| जय भुँडी | भुँडीपुराण | आर्थिक अनियमिताको ज्ञान |
| | नेताहरूका उद्‌गमस्थल भुँडी | नेताहरूको भ्रष्टाचारी प्रवृत्ति |
| | सालाखाला साडे सात भुँडी | जनसङ्ख्या र गरिबी |
| | अणुबम बनाउने खर्च | अनावश्यक क्षेत्रमा भएको खर्च |

| | | |
|---|---|---|
| | भर्सेलीबाट भाग्नुपरेका बिरालाझैँ नाक बजाउनु | आर्थिक शोषणका विरुद्ध सङ्घर्ष |
| उन्नतिको शिखरतिर | बाबुको गुठुरीदेखि आमाको गहनासम्म | पदका लागि पैसाको खर्च |
| | आठ-नौओटा हजारी भित्री गोजीमा घुसारेर | पदका लागि पैसाको खर्च |
| | मर्सिडिजमा ठाँटसँग बस्नु, | सम्पत्ति र विलासिताको मोह |
| | उन्नतिको शिखर | आर्थिक प्रगतिको बाटो |
| | घिन, धक, पाप इत्यादि कुनै कुराको परवाह नगर्नु | प्रगतिका लागि जे पनि गर्नु |
| | मेचैमेच लस्कर | सत्तासीन मानिसहरू |
| | तिमी कसको मान्छे ? | नातावादी प्रवृत्ति |
| | बिना सिफारिस उन्नतिको लोकतिर लाग्न पोको चाहिनु | उच्च पदमा पुग्न कि नाता कि घुस आवश्यक हुनु |
| | सर्वसाधारण मान्छे एउटा झलझले पोको च्यापेर भित्र पस्नु | सम्पत्ति बुझाउनु |
| | मेचहरू आफैँ टक्कराउन थाल्नु | घुस खानको लागि लुछाचुँडी |
| | मान्छे पोको छाडेर बेपत्ता हुनु | सम्पत्ति बुझाउनु |
| हराम पाँडे हजुर | डिल्लीबजार अड्डा | प्रशासनिक कार्यालय |
| | कारिन्दागिरी गर्दागर्दै मरेकाले कारिन्दामा नियुक्त हुनु | घुसखोरीको श्रृङ्खला |
| | क्राइभेन कोसेली | कोसेलीका रूपमा घुसको अपेक्षा |
| भान्सा भो हजुर? | उधारो, रिन घुस, कमिसन, नाफा, नजराना | आर्थिक अपचलन |
| असनको डबली | आजको बेकारको भोलि तीनवटा कार हुनु | भ्रष्टाचारको चरम अवस्था |

तालिका (७) मा 'तमसुक', 'रेडियो रसातल', 'लाहुरेको यात्रा संस्मरण', 'जय भुँडी' 'उन्नतिको शिखरतिर' 'हराम पाँडे हजुर' 'भान्सा भो हजुर ?' र 'असनको डबली' गरी अर्यालका आठ ओटा निबन्धमा रहेका मुख्य भाषिक रूप र तिनमा रहेको स्थितिको विवरण दिइएको छ । यस्ता स्थितिमा निहित रहेको संज्ञानको बोधका लागि संज्ञान खोज्ने आर्थिक आधारअन्तर्गत वित्तीय अपचलनसम्बन्धी सन्दर्भको सहयोग आवश्यक रहेको छ । अर्यालका निबन्धमा रहेको आर्थिक अनियमिततासँग सम्बन्धित संज्ञानको बोधका लागि यहाँ ती निबन्धमध्येबाट उदाहरणका रूपमा लिइएका भाषिक रूपलाई ती भाषिक रूपमा निहित आर्थिक गतिविधिसम्बन्धी तत्कालीन स्थितिका सापेक्षतामा विश्लेषण गरिएको छ ।

'तमसुक' निबन्धमा नेपाली राजनीतिमा विदेशी प्रभाव र राजनीतिका नाममा आर्थिक अनियमितता गरेर पार्टी चलाउने तत्कालीन प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । यहाँ बेलायतको उपनिवेशवादी चरित्र र अमेरिकाको पछिल्लो शक्तिको प्रभावमा परेको तत्कालीन नेपाली

राजनीतिको अवस्थाको घुमाउरो वर्णन रहेको छ । यहाँ रहेको राजनीतिकर्म र यसको संरक्षण र बचाउका लागि गरिएको आर्थिक चलखेललाई तलको उदाहरणले स्पष्ट पार्छ :

(१) लिखितम धनीका नाम कोलम्बसको नाति वाशिङ्टनको छोरा पारि पश्चिम पाताल प्रदेश बस्ने सर एच. ह्वाइट उपनिवेशवादाचार्य सो धन-बेहोरिणीका नाम बदनामप्रसादको नाति बेइज्जतप्रसादको छोरा वर्ष ४२० को हुल्लडप्रसाद कोचेल्गाँडाको लिहलगत चलन पेपरका नोट रु. एक मिलियन रुपियाँ कर्जा लियाँ, बापत आफ्ना घरका दाजुभाइ सबैलाई एउटै थाङ्नामा गुटुमुटु पारी आफू नाइके रोजिनका निमित्त लियाको ठीक सदर साँचो हो । यिनी रुपियाँको ब्याज सयकडा १५०।- नगदै वर्षेनि बुझाउँला र घिउखाने दस्तुर रु. २०,०००।- को रकममा साहूका खलकलाई घरघर चहारी क्षिद्रान्वेषण गर्ने पासपोर्ट समेत नजराना चढाउँला । (अर्याल, २०६३, पृ. १०-११)

उदाहरण (१) मा कोलम्बसको नाति, वाशिङ्टनको छोरा, पारि पश्चिम पाताल, सर एच. ह्वाइट उपनिवशवादाचार्य, धन बेहोरिणी, बदनामप्रसादको नाति बेइज्जतप्रसादको छोरा वर्ष ४० को हुल्लडप्रसाद कोचेल्गाँडा, एक मिलियन रुपियाँ कर्जा, घरका दाजुभाइ सबैलाई एउटै थाङ्नामा गुटुमुटु, आफू नाइके रोजिनका निमित्त रुपियाँको ब्याज सयकडा १५०, घिउखाने दस्तुर रु. २०,०००।- र साहूका खलकलाई घरघर चहारी क्षिद्रान्वेषण गर्ने पासपोर्ट समेत नजराना गरी एघार ओटा सन्दर्भसूचक पदावली रहेका छन् । कोलम्बसले अमेरिका पत्ता लगाउने व्यक्ति, वाशिङ्टनले अमेरिकाका प्रथम राष्ट्रपतिलाई जनाउँछ र सर एच, ह्वाइटले बृटिस इन्डियाका शक्तिशाली सैन्य कमान्डरलाई जनाउँछ । बेलायत र अमेरिकाको नेपालजस्ता देशमाथि पर्ने आर्थिक प्रभावलाई 'तमसुक' निबन्धको यो अंशमा देखाइएको छ । बेलायती र अमेरिकी उपनिवेशवादीहरूको शक्ति दोस्रो विश्वयुद्धपछि घटेको र भौतिक रूपमा उनीहरूको उपनिवेशीय भूभाग नरहेको भए पनि उनीहरूले आर्थिक तथा सामाजिक रूपमा विश्वभर पारेको प्रभाव कुनै न कुनै रूपमा रहेको तथ्य यहाँ देखिएरको आर्थिक प्रभावबाट स्पष्ट हुन्छ । यहाँ दिइएको ऋण रकम नेपालको सामाजिक तथा आर्थिक विकासका लागि दिइएको नभएर एउटा पार्टीलाई प्रभावमा राखेर यसका माध्यमबाट नेपाल जस्ता साना र भर्खरै प्रजातान्त्रिक अभ्यास गरिरहेका मुलुकमाथि हरतरहले नियन्त्रण राख्नका लागि दिइएको हो । नेपालमा २०१५ मा भएको आमनिर्वाचन र त्यस निर्वाचनमा नेपालका प्रमुख राजनीतिक पार्टीले गरेको आर्थिक गतिविधिको स्थितिका सापेक्षमा यहाँ आर्थिक अनियमितासम्बन्धी सन्दर्भका माध्यमबाट तत्कालीन समयका नेपाली राजनीतिक पार्टीको चुनावमा पैसा खर्च गर्ने रवैया एक मिलियन रुपियाँ गोग्य कर्जा भन्ने पदावलीले यहाँ स्पष्ट हुन्छ । यसका अतिरिक्त कर्जा र चर्को ब्याज असुलेर एकातिर आर्थिक रूपमा अनियमितता गर्ने विदेशीको कार्य र अर्कातिर त्यसको अनेक प्रकार फाइदा लिने पुँजीवादी देशको प्रवृत्तिको पनि यहाँ बोध हुन्छ ।

'महापुरुषको सङ्गत' निबन्धमा समाजमा महान् मानिएका व्यक्तित्वका आन्तरिक चरित्रको सत्यता खुलस्त पारिएको छ। समाजका धर्मगुरुदेखि व्यापारी र नेता तथा जागिरेसम्मका मानवीय कमजोरी तथा आडम्बर र फुर्तीफार्तीको चिरफार यस निबन्धमा गरिएको छ। यसरी वर्णन गर्ने क्रममा समाज र प्रशासनिक संयन्त्रमा भएका आर्थिक गतिविधि र तिनको तौरतरिकाका विभिन्न स्थिति यहाँ अन्तर्भूत भएको पाइन्छ। प्रशासनको जिम्मेवारी सम्हालेर बसेको र देशको मुटु मानिने सिंहदरबारमै आर्थिक अपचलन गर्ने कर्मचारी र उसको कुकृत्यमार्फत नेपालीमा कर्मचारी तन्त्रमा व्याप्त रहेका भ्रष्ट आचरण र आर्थिक हिनामिनालाई तलको उदाहरणमा देखाइएको छ :

(२) चारको घन्टी लाग्यो, दुवै जना उठ्यौं, त्यताबाट ढोकामा नआइपुग्दै एउटा पिउनले आएर उनलाई चिठी टक्र्यायो। चिट्ठी हेर्नेबित्तिकै बिचरा कालोनीलो मुख लगाएर डङ्रङ्ग लडे बरन्डामै। पछि पो थाहा पाइयो... तहबिलको पैसा मासेर तबेला बनाएबापत उनलाई भ्रष्टाचारको पुर्जी आएको रहेछ। (अर्याल, २०७७, पृ. ९३)

उदाहरण (२) मा रहेको चिठी हेर्नेवित्तिकै कालोनिलो बेहोस भएर लड्नु र तहबिलको पैसा मासेर तबेला बनाउनु गरी दुई ओटा भाषिक रूपमा आर्थिक पक्षको हिनामिना गर्ने कर्मचारी र उसको अवस्था देखिएको छ। भ्रष्टाचारले निजी लाभको लागि सार्वजनिक कार्यालयको दुरुपयोगलाई जनाउँछ (विश्व बैंक, सन् १९९७, पृ. ८)। निजी तबेला बनाउनका लागि सरकारी अड्डाको ढुकुटीको रकम मास्ने कर्मचारी र उसको गतिविधिमार्फत यहाँ तत्कालीन प्रशासनिक संयन्त्रमा रहेको घुसखोरीको तथ्यबोध हुन्छ। "उहिल्यै सिमसिमे मन्त्रीको पालामा उनको हुक्का समातेर सेवा गरेबापत एकैपटक सुब्बाङ्गी पाएका"(अर्याल, २०७७, पृ. ९२) हुक्के सुब्बाको शान र रवाफ ज्यादै भएको र उनको पजनी प्रक्रिया अनियमितताबाट भएको हुनाले उनलाई आर्थिक रकमको हिनामिनाका लागि आँट बढेको देखिन्छ। दुःख नगर्ने र नमीठो नखाने भन्ने सुब्बाको भ्रष्टाचार प्रकरणमार्फत यहाँ नेपालको प्रशासनिक संयन्त्रमा मौलाएको भ्रष्टााचारी र घुसखोरी प्रवृत्तिको यथार्थता स्पष्ट हुन्छ।

गैह्रकानुनी काम गरेर कालाबजारबाट अकुतसम्बन्धी कमाउने व्यक्तिले पनि आर्थिक अनियमितता र खराब आचरणनिर्माणमा भूमिका खेलेको यस निबन्धमा देखिन्छ। समाजमा प्रतिष्ठित मानिएका उद्योगी, व्यापारी र समाजसेवीको असल रूप भिन्न किसिमको र घिनलाग्दो रहेको तथ्य यस निबन्धमा पाइन्छ। तत्कालीन नेपाली समाजमा भएका पात्र र तिनका गतिविधिसम्बन्धी यस स्थितिबाट समाजका महान् भनिएका व्यक्तिहरूको आडम्बरी, ढोँगी र आपराधिक वृत्तिको यहाँ तथ्योद्घाटन भएको छ, जस्तै -

(३) घरमा पुग्नेबित्तिकै साहूजीले चुरोट टर्क्याउँदै सत्कार गरेर छोराछोरीले पैसा उडाइदिए भन्ने दुःख पनि प्रकट गरे। अनि कुरै कुरामा आफ्ना कुराको बासा खोल्न नपाउँदै उनले साउती गर्दै भने- "म चाहिने जो तपाईंकहाँ आउदै थिएँ, चाहिने जो म बद्री

दर्शन गर्न चाहिने जो जाने अठोट गरेको छु, चाहिने जो 'पशुपतिको जात्रा सिद्राको बेपार' भन्दछन्, चाहिने जो दुई-चारओटी केटीहरू पाए चाहिने जो लिएर जाऊँ भनेको, चाहिने जो अचेल उता (?) तिर केटीको भाउ चर्को छ भन्ने सुन्छु । चाहिने जो बाजेले यताउति दुइटी केटीलाई चाहिने जो नोकरी लाइदिन्छु भनेर ल्याइदिनु भए चाहिने जो, जो मिलेको आधाआधी गरौँला ।" साहूका कुराले म छक्क परेँ । मेरा महापुरुष फेरि भन्दै गए- "चाहिने जो सोभ्को औँलाले घिउ आउँदैन, चाहिने जो यत्रो श्रीसम्पत्ति चाहिने जो आलु बेचेर अथवा चाहिने जो कुटोकोदालो गरेर मात्र चाहिने जो कमाएको ठान्नु भएको छ ? चाहिने जो लक्ष्मीको ध्यान गर्नेले चाहिने जो मौकामा गाई पनि मार्नुपर्छ, भाइ पनि मार्नुपर्छ । चाहिने जो बिरालीको घिउ बेचेर भए पनि, बुहारीको जिउ बेचेर भएपनि चाहिने जो ढिकुटी भर्नुपर्छ बाजे ! यस कालमा ! (अर्याल २०७७, पृ. ८९-९०) ।

उदाहरण (३) मा पशुपतिको जात्रा सिद्राको व्यापार, दुईचार ओटी केटीहरू लिएर जानु, केटीको भाउ चर्को, नोकरी लाइदिन्छु भनेर केटी फुकाउनु, मिलेको आधाआधि गर्नु, बिरालीको घिउ बेचेर भए पनि बुहारीको जिउ बेचेर भएख पनि ढिकुटी भर्नु जस्ता भाषिक रूपमा तत्कालीन समाजमा अनैतिक र गैरकानुनी आर्थिक गतिविधि र त्यसबाट अवैध सम्पत्ति कमाउने तत्कालीन परिस्थिति देख्न सकिन्छ । सरकारी संयन्त्रमा हुनेगरेको आर्थिक हिनामिना र घुसजस्ता विषय मात्र नरहेर समाजमा प्रतिष्ठा काम गरेका मानिसहरू गैह्रकानुनी र अमानवीय व्यापारसम्बन्धी स्थिति यहाँ विशेष अर्थपूर्ण रहेको छ । यसबाट समाजले पत्याएका मानिसबाट नै अकुत सम्पत्ति जम्मा गर्ने तथा अमानवीय र आपराधिक कार्यमा संलग्न हुने गरेको यथार्थको बोध हुन्छ । यसबाट नेपालमा रहेको कालाबजारी र चेलीबेटी बेचबिखनको तत्कालीन अवस्था पनि प्रस्ट हुन्छ ।

'उन्नतिको शिखरतिर' निबन्धमा मान्छेले अनैतिक कार्य गरेर उन्नतिप्रगति गरेको विषयमाथि व्यङ्ग्य प्रहार गरिएको छ । यहाँ प्रयुक्त भाषिक रूपले नेपालका हुने प्रशासनिक र राजनीतिक नियुक्तिमा हुने घुसखोरी, नातावाद र कृपावादसम्बन्धी परिस्थितिलाई समेटेको छ । यहाँ बिनापैसा कुनै पनि काममा सफलता प्राप्त गर्न नसकिने भन्दै विशेष गरी नियुक्ति प्रक्रिया र सरुवा बढुवा जस्ता पेशागत उन्नति र विकासमा पैसाको खोलो बगाउने प्रचलनलाई देखाउन खोजिएको छ । मान्छेले आफ्नो मानप्रतिष्ठा, इज्जत र न्यूनतम मानवीयतासमेत बेचेर आपराधिक र हिंसात्मक गतिविधिमा संलग्न हुँदै पैसा कमाएको र सम्पत्ति आर्जनको अन्धतामा आफ्नो र पराइ कसैलाई पनि बाँकी नराखेको स्थिति यहाँ देखिन्छ । आधुनिक भौतिकवादी स्वार्थकेन्द्रित दृष्टिकोण तथा पद र पैसाका लागि सबै प्रकारका निन्दनीय क्रियाकलाप गर्ने तत्कालीन मानवीय दुष्प्रवृत्ति तलको उदाहरणबाट स्पष्ट हुन्छ :

(४) बाबुको गुठुरीदेखि आमाको गहनासम्म लटरपटर पारी बटुलेका आठ-नौ ओटा हजारी भित्री गोजीमा घुसारेर म मामाको मर्सिडिजमा ठाँटसँग बसेँ । उन्नतिको शिखरतिर

जान लागेकोले मेरो नाक पनि चुलिँदाचुलिँदा एउटा सानोसानो शिखर भएजस्तो मनमा लागिरहेको थियो । म आफ्नो चिरप्रतिक्षित प्रेमिकालाई लिन हिँडेको दुलहाझैँ मख्ख परेर चुपचाप थिएँ । मामाचाहिँ मलाई सिकाउँदै हुनुहुन्थ्यो- "बुझ्यौ भान्जा ! 'उन्नतिको शिखरतिर लाग्दा लाज, घिन, धक, पाप इत्यादि कुनै कुराको पर्बाह गर्नु हुन्न नि !" मैले असजिलो लाग्दालाग्दै पनि मुन्टो हल्लाएर 'हस्' भनेँ । (अर्याल, २०७७, पृ. २२०)

उदाहरण (४) मा बाबुको गुठुरीदेखि आमाको गहनासम्म, आठ-नौ ओटा हजारी भित्री गोजीमा घुसारेर, मर्सिडिजमा ठाँटसँग बस्नु, उन्नतिको शिखर र लाज, घिन, धक, पाप इत्यादि कुनै कुराको पर्बाह नगर्नु गरी पाँच ओटा भाषिक रूपमा अनैतिक कार्य गर्ने र पैसाले प्रगति किनबेच गर्ने तत्कालीन राजनीतिक तथा सामाजिक परिवेश समेटिएको छ । मान्छेले पद र शक्तिमा पुग्नका लागि आफ्नो सर्वस्व त्याग्न तयार हुने र त्यहाँ पुगेपछि फेरि अकुत सम्पत्ति कुम्ल्याउने प्रवृत्तिलाई यहाँको भाषिक रूपले स्पष्ट पार्छ ।

समाजले सम्पन्नता र उन्नतिको लेखाजोखा गर्न बनाएको मापदण्डमा कुनै पनि दयामाया र मानवीयता नरहेको हुनाले सम्पन्न मानिसलाई समाजले हेर्ने नजर सम्मानयुक्त रहेको छ । त्यसका कारण पनि मानिस जसै गरेर भए पनि पद आर्जन र पैसा कमाउने ध्याउन्नमा लागेको तथा यसका लागि उसले घिनलाग्दा र हिंसात्मक काम गर्ने गरेको यथार्थ तलको उदाहरणमा पनि देखिन्छ :

(५) त्यहाँ मेचैमेच लस्कर लागेर सजिएका थिए, कोही साना, कोही ठूला, कोही गद्दार र कोही घुमन्ते मेचहरू । पस्नेबित्तिकै कामेको स्वरमा विनम्रतापूर्वक भनेँ- "उन्नतिको शिखर हेर्न जान लागेको, मामाले धोका दिए, प्रवेश पाउँछु कि ?" मेचहरू हल्ल हाँसे । एउटा ठूलो मेचले अलि गम्भीर भएर सोध्यो- "तिमी कसको मान्छे ?" म अकमकिएँ । ब्रह्माजीको मान्छे भनूँ कि नेपालको मान्छे भनूँ कि ? या यो नभनेर अरू थोकैको मान्छे भन्नुपर्ने हो कि ? वास्तवमा आजसम्म मैले सोचेकै थिइनँ- म कसको मान्छे हुँ । अर्को मेचले फेरि सोध्यो- "तिम्रो कुनै मेचसँग सम्बन्ध छ ? छ भने सिफारिस लेराऊ, बिनासिफारिस उन्नतिको लोकतिर लाग्न पोको चाहिन्छ पोको ।" नभन्दै त्यहाँ म जस्तै एउटा सर्वसाधारण मान्छे एउटा झलझले पोको च्यापेर भित्र पस्यो । सब मेचको ध्यान उतैतिर आकृष्ट भयो । उसलाई सबै आफैँतिर तान्ने बल गरिरहेका थिए । म ट्वालट्वालती हेरेको हेरै थिएँ । मेचहरू आआफैँ टक्कराउन थाले, मान्छे पोको छाडेर बेपत्ता भयो । (अर्याल, २०७७, पृ. २२१)

उदाहरण (५) मा नेपालको राजनीति र प्रशासनिक क्षेत्रमा देखिएको विकृति र पद तथा सम्पन्नताका लागि गर्ने अमानवीय र आपराधिक क्रियाकलाप देखिन्छ । यहाँ मेचैमेच लस्कर,

तिमी कसको मान्छे ? बिना सिफारिस उन्नतिको लोकतिर लाग्न पोको चाहिनु, सर्वसाधारण मान्छे एउटा झलझले पोको च्यापेर भित्र पस्नु, मेचहरू आफैँ टक्कराउन थाल्नु, मान्छे पोको छाडेर बेपत्ता हुनु जस्ता भाषिक रूपले नेपाली राजनीति र प्रशासनका क्षेत्रमा देखा परेको अनियमितता, भ्रष्टाचार र गुन्डागर्दी शैलीलाई बुझाएका छन् । यहाँ प्रयुक्त मेचको अर्थ उच्च पदमा पदासीन र शक्तिका मतियार भन्ने हुन्छ भने सिफारिसले राजनीतिक नातावादलाई अनि 'पोको' शब्दले सम्पत्ति वा उच्च पद प्राप्त गर्न बुझाउने पैसालाई जनाउँछ । माथिको भाषिक रूपमा तत्कालीन नेपालको राजनीतिक तथा प्रशासनिक स्थिति अन्तर्निहित रहेको र यसबाट सन्दर्भार्थमा २०२० देखि २०३० सालको दशकमा नेपालमा मौलाएको नातावादी, कृपावादी र पैसामुखी प्रवृत्तिको बोध हुन्छ ।

'हराम पाँडे हजुर' निबन्धमा बिरामी निको पार्नका लागि अस्पतालमा लगेको बिरामी अप्रेसनका क्रममा बेहोस भएका बेलामा चित्रगुप्तको अड्डामा पुगेको परिकल्पनामार्फत नेपालको चारखाल अड्डा र यस्ता कार्यालयमा हुने घुसखोरी र जटिल प्रशासनिक प्रक्रियामाथि टिप्पणी गरिएको छ । यहाँको भाषिक रूपले मरेपछि फर्केर फेरि आउन मन नलागेको विषयमार्फत इमानदार कर्मचारीले भोगेको जीवनको वितृष्णामूलक अवस्थालाई प्रकाश्य पारेको छ, जस्तै -

(६) उसले भन्यो- "म पनि डिल्लीबजार अड्डामा कारिन्दागिरी गर्दागर्दै मरेकाले यहाँ कारिन्दैमा परेको त हुँ नि । खोइ क्राइभेन कोसेली केही ल्याएनौ ? यहाँ आएपछि चुरोट समेतपाएको छैन ।

मैले भनेँ- "ख्वै हजुर, एक त मलाई यति छिटै मरिएला भन्ने नै लागेको थिएन । दोस्रो मरिसकेपछि पनि अड्डाखाना धाउनुपर्छ भन्ने थाहा थिएन । (अर्याल, २०७७, पृ. २३१)

उदाहरण (६) मा नेपालको प्रशासनिक संयन्त्रमा हुने घुस र कोसेली खाने परम्पराको भाषिक रूपमार्फत यहाँ रहेको घुसखोरीको सङ्केत गरिएको छ । डिल्लीबजारको अड्डा, कारिन्दागिरी गर्दागर्दै मरेकाले कारिन्दामा पर्नु, क्राइभेन कोसेली र मरिसकेपछि पनि अड्डाखाना धाउनु गरी चार ओटा भाषिक रूपमा नेपालको तत्कालीन प्रशासनिक प्रक्रियाको स्थिति अन्तर्निहित भएको छ । डिल्लीबजार अड्डाले चारखाल अड्डा र काठमाडौँको प्रशासन सञ्चालन गर्ने कार्यालयलाई बुझाउँछ । यहाँ कार्यरत कर्मचारी मरेर स्वर्गमा पुगेर पनि डिल्लीबजारमा लिएको कोसेलीको खोजी गरिरहेबाट प्रशासनमा रहेको प्रक्रियामुखी तरिका र घुसतन्त्रको वास्तविकता उद्घाटित भएको छ । प्रक्रियामुखी प्रशासन र प्रशासनमा जनताको पहुँच नभएमा यसले भ्रष्टाचारलाई प्रोत्साहित गर्छ । यसले प्रक्रियालाई छिटो वा सजिलो बनाउनको लागि घूस दिने प्रचलनलाई बढावा दिन्छ । यसका अतिरिक्त समाजमा व्याप्त नैतिक र सांस्कृतिक मूल्यहरूले पनि भ्रष्टाचारलाई बढाउन मद्दत गरेको हुन्छ (विश्व बैंक, सन् १९९७, पृ १३) । नेपालको सरकारी प्रशासन प्रक्रियामुखी रहेको हुनाले जनताको पहुँचमा नरहेको र समयमा काम नहुने हुनाले यहाँ

भ्रष्टाचार मौलाएको देखिन्छ । ज्यूँदोमा मात्र नभएर मरेर गएको मानिसबाट पनि कोसेलीको अपेक्षा गर्नुले नेपालमा प्रशासनिक कार्यमा कोसेली, उपहार आदिका नाममा खुलेआम रूपमा भ्रष्टाचार व्याप्त रहेको थियो भन्ने अर्थ प्रतिफलित हुन्छ ।

माथिका अतिरिक्त 'उन्नतिको शिखर' निबन्धमा प्रयुक्त "सुर्ती उद्योगदेखि मूर्ति वाणिज्यसम्म" (अर्याल, २०७७, पृ. २१९) ले तत्कालीन समयको उद्योगदेखि गैह्रकानुनी रूपमा मूर्ती चोरी र विदेश निकासाको स्थितिमार्फत नेपालमा मौलाएको गैह्रकानुनी धन्दा र "डलर गिनीका झम्का"(अर्याल, २०७७, पृ. २२२) ले नेपालीमा जम्मा गरेको पैसा र विदेशी बैङ्कमा पैसा जम्मा गर्ने कार्यलाई बुझाउँछ । यी भाषिक रूपले तत्कालीन आर्थिक अवस्था र विविध वित्तीय परिस्थितिका सापेक्षमा विभिन्न प्रकारका अनियमिता र भ्रष्टाचारलाई जनाएका छन् । यिनको अर्थबोधका लागि वित्तीय अपचलनसम्बन्धी सन्दर्भको भूमिका रहेको छ ।

### ४.३.३ उत्पादन सम्बन्ध र शोषण

उत्पादन सम्बन्धले समाजमा भएको आर्थिक उत्पादनको स्वामित्व र यसमा रहेको हैसियतलाई बुझाउँछ । उत्पादन सम्बन्धमा न्याय र समानता भए शोषण शून्य हुन्छ र यदि त्यस्तो अवस्था नभएमा आर्थिक शोषण विकराल बन्न पुग्छ । आर्थिक शोषण भन्नाले सामान्यतः एक व्यक्तिले अर्को व्यक्तिको श्रम, स्रोत वा सम्पत्ति उपयोग गरेर त्यसको वास्तविक मूल्यभन्दा कम प्रतिफल दिनु वा पूर्ण रूपमा प्रतिफल नदिनु भन्ने बुझिन्छ । मार्क्सले श्रमको मूल्य सिद्धान्तको रूपमा अतिरिक्त मूल्यको सिद्धान्तको अवधारणा अघि सारेका र पुँजीवादी समाजमा पुँजीपति वर्गले कसरी नाफा आर्जन गर्दछन् र श्रमिकलाई आर्थिक शोषण गर्छन् भन्ने बारेमा गहिरो विश्लेषण गरेका छन् (ज्ञवाली, सन् २०२०, पृ. २१५) । मार्क्सवादी दृष्टिकोणअनुसार आर्थिक शोषण भनेको पुँजीवादमा देखिने सामाजिक सम्बन्धको आधारमा श्रमिकहरूलाई न्यूनतम पारिश्रमिकमा काम गराएर उनीहरूको श्रमबाट उत्पन्न अतिरिक्त मूल्यलाई पूँजीपति वर्गले आफ्नो रूपमा राखेर गर्ने शोषण हो । यस्तो शोषण सामाजिक विभेद, असमानता, गरिबी, आदिका कारणबाट समाजमा सुरक्षित बनेको हुन्छ । यस्तो शोषणको आधार भनेको उत्पादन सम्बन्ध नै हो । उत्पादन सम्बन्ध मालिक र कामदारको रूपमा रहँदा शोषण बढी हुन्छ । आज विश्वमा फैलिएको अशान्तिको मुख्य कारण उत्पादनको वितरणमा असमानता र आर्थिक शोषणलाई मानिएको छ (भट्टराई, २०७४, पृ. १२५) । साहित्यमा समाजका विविध गतिविधिको चित्रण हुने भएकाले समाजमा हुने यस्तो आर्थिक असमानता र शोषणको पनि चित्रण-वर्णन भएको हुन्छ । भैरव अर्यालका निबन्धमा नेपालको राष्ट्रिय परिवेश तथा विश्वजगतमा भएका आर्थिक गतिविधि, शोषण र विभेदको वर्णन गरिएको पाइन्छ । यस्ता शोषणको वर्णन गर्न प्रयुक्त विविध सन्दर्भको माध्यमबाट यस्ता शोषणका रूप र प्रकारको विश्वेषण गर्न सकिन्छ । यहाँ अर्यालका निबन्धमा रहेको आर्थिक शोषणसम्बन्धी भाषिक रूपका आधारमा त्यसमा निहित सन्दर्भार्थको विश्लेषण गरिएको छ ।

## तालिका नं ८ : उत्पादन सम्बन्ध र शोषणसम्बन्धी सन्दर्भको विवरण

| निबन्धको शीर्षक | भाषिक रूप | स्थिति |
|---|---|---|
| सरकारले दुलो खोज्नु पर्ला | सत्र पैसाको दस्तुर | ब्राह्मणलाई दक्षिणा |
| | सत्र पैसाको गोदान | ब्राह्मणलाई दक्षिणा |
| तमसुक | सयकडा एक सय पचास ब्याज | चर्को ब्याज |
| | घिउखाने दस्तुर रु. २०००० | अतिरिक्त आर्थिक दायित्व |
| रेडियो रसातल | एक इन्च जुँगाको रु १० कर | हरेक वस्तुमा करको दवाव |
| लाहुरेको यात्रा संस्मरण | हामीकहाँबाट मसिना चामल झिकाउने पैसा | भारतले गरेको आर्थिक नियन्त्रण |
| | उताबाट उसिना चामल बेसाउने पैसा | भारतले गरेको आर्थिक नियन्त्रण |
| जय भुँडी | मार्क्सले भुँडीपूजाको समान पद्धति | आर्थिक समानताको चिन्तन |
| | भुँडीवाल | आर्थिक दृष्टिले शोषक, सामन्त |
| | ठण्डाराम भुँडीहरूको ध्यान त्यता नगई नछोड्नु | विपन्नहरूमा आएको वर्गबोध |
| | लाखौं ठण्डाराम भुँडीहरू | विश्वका गरिब मानिसहरू |
| | भुँडीपूजा हुन्छ भने सबैको हुनुपर्छ | आर्थिक समानत ाको सोच |
| | भूमि सुधारको योजना | आर्थिक समानताको कार्ययोजना |
| | ९५ प्रतिशत भुँडीहरू | गरिब मानिसहरूको बहुमत सङ्ख्या |
| | जुगानुजुगदेखि टन्किएको भुँडीले मादल र दमाहाझैं बज्नुपर्ने | पुरातनदेखि शोषण भइरहेको अवस्था |
| पृथ्वीनारायण ! तिमी फेरि आऊ | षानी चलाउनु | प्राकृतिक स्रोतको उपयोग |
| | कुलो काटी षेत बनाई आवाद | कृषिद्वारा अन्न उत्पादन |
| | खानीहरू चलन गर्न नसक्नु | प्राकृतिक स्रोतको उपयोग गर्न नसक्नु |
| | ट्याक्सी किन्नु तर पेट्रोलको जोहो नहुनु | विपन्नता र आर्थिक परनिर्भरता |
| | रुख बेचेर स्टोप किन्नु तर मट्टीतेलको जोहो नहुनु | विलासिता र आर्थिक परनिर्भरता |
| | जडीबुटी देश लैजानु र नगद खिच्नु | निर्यात व्यापार र आयआर्जन |
| | देश लैजान बाटो नपाउनु | भूपरिवेष्ठित अवस्था |
| | दुई ढुङ्गालाई नछोई बाहिर निस्कने गौडो बनाइदिन नसक्नु | अन्तर्राष्ट्रिय व्यापारमा छिमेकी देशको नियन्त्रण नियन्त्रण |
| | टुकी बाल्न नपाएर अध्यारोमा पोइ पर्खनु | मट्टितेलको अभाव |

| | | |
|---|---|---|
| भान्सा भो हजुर ? | भात खानु भनेको जिउनार गर्नु, | खाद्यान्न ग्रहणमा हुने आर्थिक भेद |
| | हलो जोतेर खानुपर्नेले हसुर्नु | गरिबहरूको खाद्य संस्कृति |
| | सुक्खा रोटी टोकेको भए पनि | गरिबी र शोषितको खानपान |
| | चौरासी व्यञ्जनका दर्जनौँ रिकापी | सम्पन्नहरूको खाद्य संस्कृति |
| मादक पदार्थ र बेवारिसे लास | भ्याट ६९ को आयात घटाउनु | विदेशी रक्सी खरिद |

तालिका (८) मा 'सरकारले दुलो खोज्नु पर्ला', 'तमसुक', 'रेडियो रसातल', 'पृथ्वीनारायण ! तिमी फेरि आऊ', 'लाहुरेको यात्रा संस्मरण', 'जय भुँडी', 'भान्सा भो हजुर ?' र 'मादक पदार्थ र बेवारिसे लास' गरी अर्यालका सात ओटा निबन्धमा रहेका मुख्य भाषिक रूप र तिनमा रहेको स्थितिको विवरण दिइएको छ । यस्ता स्थितिमा निहित रहेको संज्ञानको बोधका लागि संज्ञान खोज्ने आर्थिक आधारअन्तर्गत उत्पादन सम्बन्ध र शोषणसम्बन्धी सन्दर्भको सहयोग आवश्यक रहेको छ। अर्यालका निबन्धमा रहेको उत्पादन सम्बन्ध र आर्थिक शोषणजन्य संज्ञानको बोधका लागि यहाँ ती निबन्ध मध्येबाट उदाहरणका रूपमा लिइएका भाषिक रूपलाई ती भाषिक रूपमा निहित आर्थिक विषयसम्बन्धी तत्कालीन स्थितिका सापेक्षतामा विश्लेषण गरिएको छ ।

'सरकारले दुलो खोज्नु पर्ला' निबन्धमा धार्मिक तथा संस्कारजन्य विषयभित्र नेपालमा रहेको आर्थिक शोषणको सन्दर्भ उप्काइएको छ । यस निबन्धमा धार्मिक कार्यमा लगाइसकेपछि दिइने दक्षिणामा भएको शोषणको विषय रहेको तर यसले सन्दर्भार्थमा नेपालीहरूको हरेक पेसामा रहेको श्रमशोषण र आर्थिक दृष्टिले ठग्ने परम्पराको बोध गराउँछ, जस्तै -

(१) आज नेपालीमा धर्मको कुन गति भैरहेको छ, जनताले धेरैजसो कार्जे गर्न छाडिसके, गरिहाले भने पनि पुरेतको दस्तुर १७ पैसाको १७ पैसा छँदैछ । आजको आर्थिक परिस्थितिमा १७ पैसाको गोदान लिएर पुरेतहरूले कसरी हुक्का टार्ने ? अतः संघे शक्ति कलौ युगे' भन्ने भागवतको उक्तिअनुसार पनि आफ्नो रोटी र रोजीको निम्ति शुरो लिएर लड्नैपर्छ । (अर्याल, २०६३, पृ. १-२)

उदाहरण (१) मा दस्तुर सत्र पैसाको, १७ पैसाको गोदान गरी दुई ओटा भाषिक रूपले पुरेत्याइँको तत्कालीन अवस्था, उनीहरूको असन्तुष्टि र सरकारका विरुद्ध आन्दोलनको अवस्था देखाइएको छ । यस निबन्धमा तत्कालीन नेपालको सामाजिक तथा धार्मिक परम्परा र त्यससँगै जोडिएका वर्गको आर्थिक अवस्था र शोषणको वर्णन रहेको छ। शुरो लिएर आन्दोलन गर्ने कुरामा पण्डितहरूको आन्दोलनको हतियारका रूपमा शुरोको प्रयोगमार्फत आर्थिक शोषण र अभावका लागि वा आफूले पाइआएको सुविधाको कटौतीपछिको असन्तुष्टि र सङ्घर्षको उद्घोष यहाँ देखिन्छ । खास गरी राणा शासनकालमा आर्थिक रूपमा विभेदपूर्ण रूपमा पारिश्रमिक र ज्याला दिने पद्धति रहेको र त्यस समयमा साधारण मानिसलाई बिनापारिश्रमिक काममा लगाइने र माथिल्ला वा उच्च मानिएको ब्राह्मणहरूलाई भने पर्याप्त धनराशि दक्षिणाका रूपमा दिने प्रचलन

रहेकोमा प्रजातन्त्रको स्थापना भएपश्चात् पनि नेपालीलाई कम पारिश्रमिक दिएर आर्थिक ठगी गर्ने प्रचलन समाजमा व्याप्त रहेको र यसमा सरकार पनि मुकदर्शक बनेको तत्कालीन परिस्थितिको बोध माथिको उदाहरणबाट हुन्छ ।

'तमसुक' निबन्धमा नेपालमा राजनीति टिकाउन प्रयोग हुने सबै प्रकारका गतिविधिसँगै आर्थिक चलखेलको विषय अघि सारिएको छ । अखबारीय व्यङ्ग्यका रूपमा रहेको यस निबन्धमा नेपालमा २०१५ सालको संसदीय निर्वाचनमा भएका नैतिक र अनैतिक गतिविधिको स्थिति निहित रहेको छ । यसबाट नेपालमा २०१५ सालको आम निर्वाचनमा दलीय नेताद्वारा अँगालिएको बाह्य शक्तिको आथिक आडभरोसालाई जनाउँछ (प्रभात, २०६३, पृ. च) । यसमा रहेको अमेरिकी शक्ति र बेलायती पुरानो हस्तक्षेपी शैलीलाई तलको उदाहरणबाट स्पष्ट पारिएको छ :

(२) चलन पेपरका नोट रु. एक मिलियन रुपियाँ कर्जा लियाँ, बापत आफ्ना घरका दाजुभाइ सबैलाई एउटै थाङ्नामा गुटुमुटु पारी आफू नाइके रोजिनका निमित्त लियाको ठीक सदर साँचो हो । यिनी रुपियाँको ब्याज सयकडा १५०।- नगदै वर्षेनि बुझाउँला र घिउखाने दस्तुर रु. २०,०००।- को रकममा साहूका खलकलाई घरघर चहारी क्षिद्रान्वेषण गर्ने पासपोर्ट समेत नजराना चढाउँला । तोकिएबमोजिमको रकम-कलम सालिन्दा बुझाउँदै आगामी पाँच वर्षभित्रमा सावाँ ब्याज घिउखानेसमेत सबै रकम चुक्ता गरी यहीँ हाजिर भई सुटुक्क बुझाउँन ल्याउँला । (अर्याल, २०६३, पृ. १०-११)

उदाहरण (२) मा राजनीतिक परिस्थितिभित्र आर्थिक शोषणको विषयवस्तु जनाउने भाषिक रूपको प्रयोग भएको छ । नेपालको राजनीतिमा बलियो प्रभाव पार्ने बेलायत र अमेरिकाले आर्थिक ऋण प्रदान गरेको तर चर्को ब्याजमा यस्तो रकम लगानी गरेको र घिउखाने दस्तुर पनि चर्को बनाएको स्थितिमार्फत नेपालको राजनीतिमा विदेशीको प्रभाव रहेको र चर्को ब्याजमा गरेको यस्तो लगानीमा ब्याजदर तथा कोसेलीतुल्य दस्तुर आदि कारणले गर्दा आर्थिक रूपमा चरम शोषणमा परेको तत्कालीन अवस्थाको बोध हुन्छ । विदेशी शक्तिले सहयोग गर्ने नाममा नेपालको आन्तरिक मामिलामा प्रभाव पार्ने र आर्थिक सहयोगको चर्को ब्याज असुल्ने गरेका कारण नेपालले चरम आर्थिक शोषण खप्नुपर्ने तथ्य तलको उदाहरणबाट स्पष्ट हुन्छ :

(३) सो नबुझाउन्जेल मेरा हकभोगमा रहेका २००४ सालको कलकत्ता डोरबाट मेरा नाममा दर्ता भयाको बिर्तामा बनेको पार्टी साहूले भोगचलन गरी जे जस्तो काम लिनुपर्छ, लिने गरी लिनू भनी धितो धरौट राखी कालगतिले मेरो बीचमा अन्त्य भए तापनि हाम्रा गुठियारहरूका एक एक सन्तानसँग साहूले गर्ने कृत्य गरी गराई आफ्नो थैलीउपर गरिलिनुभयामा मेरो मनोमान खुसी राजीसँग साहूकै ड्रइङ् रुममा बसी पार्टीबन्धक भाकापत्रको तमसुक लेखी किनारामा लेखिएका मानिस साक्षी राखी

तपाइँ साहू सर.एच. ह्वाइट उपनिवेशवादाचार्यका हजुरमा चढाएँ । (अर्याल, २०६३, पृ. ११)

उदाहरण (३) मा रहेको विषयवस्तु राजनीतिक पार्टीलाई बन्धक राखेर विदेशी सहयोग मागेको नेपाली राजनीतिको तत्कालीन वास्तविकताबाट निर्मित भएको भए पनि यसले आम रूपमा विदेशीसँग सजिलै ऋण लिने र यसको बदलामा विदेशी नियन्त्रण र चर्को ब्याज तिरिरहेर विपन्न र कङ्गाल बनिने देशीय स्थितिलाई बुझाउँछ । यहाँ रहेका २००४ सालको कलकत्ता डोर, मेरा नाममा दर्ता भयाको बिर्तामा बनेको पार्टी, साहूले भोगचलन, थैलीउपर गरिलिनु, साहूकै ड्रइङ रुममा बसी पार्टीबन्धक भाकापत्रको तमसुक, सर.एच. ह्वाइट उपनिवेशवादाचार्य जस्ता भाषिक रूपमा तत्कालीन नेपाली राजनीतिमा बेलायती प्रभाव र बेलायत जस्ता देशले औपनिवेशिक प्रवृत्ति औपचारिक रूपमा त्यागे पनि आर्थिक शोषण र नियन्त्रणका माध्यमबाट विश्व कब्जा गर्ने परिस्थिति निहित भएको छ । यसबाट आर्थिक रूपले अनुदान वा ऋण जेसुकै दिएर भए पनि विदेशी ठुला र धनी भनिएका देशले नेपाल जस्ता साना देशलाई आर्थिक नियन्त्रण र शोषण गरिरहेको तत्कालीन अवस्थाको बोध हुन्छ ।

'लाहुरेको यात्रा संस्मरण' निबन्धमा नेपाली समाजका सामाजिक, राजनीतिक गतिविधिका सापेक्षमा नेपालको आर्थिक स्थिति र यसमा रहेको भारतीय नियन्त्रणलाई देखाइएको छ । समाजमा लाहुरे भनेर धक्कु लाए पनि नेपालीको वास्तविक स्थिति र वीरताको कथा पराधीन नै रहेको कुरा भारतीयहरूले होच्याएको अभिव्यक्तिबाट प्रस्ट हुन्छ । नेपालको अर्थतन्त्रमा रहेको भारतीय प्रभावका कारण नेपालीले सहजै जीवनयापन गर्न नसकेको र भारतले नेपालको आर्थिक प्रणालीको प्रमुख हिस्सामाथि नियन्त्रण गरेकाले नेपालीमाथि आर्थिक शोषण गरेको र नेपालीले भने दैनिक जीवनयापनका लागि समेत भारतमा जानुपर्ने र भारतीयहरूको हेपाइ र ठगाइ सहनुपर्ने अवस्था रहेको तथ्य कलात्मक रूपमा यहाँ प्रस्तुत भएको छ, जस्तै -

(४) "फ्याँकिदेऊ त्यो टोपीसोपी, यता टोपीको दर्शन पाएपछि पोको मात्र होइन पोकोवालालाई बोकोझैँ घिच्च्याएर बेचिदिन बेर छैन बाबै !" मामाको यो व्याख्यान मैले केही पनि बुझिनँ । तैपनि टोपी फुकालेर रिक्सामा बसेँ । मामाले सोध्दै गए- "अब के गर्छौ त ? रिक्सै चलाउँछौ भने, मामाभानिजको कामकुरो मिलिहाल्यो । होइन, म त नोकरी नै गर्छु भन्छौ भने कुनै होटेलमा बेरा खाली छ कि बुझ्नुपर्ला ।" मामाको यस प्रश्नले मलाई छक्क पाऱ्यो । (अर्याल, २०७७, पृ. ८०)

उदाहरण (४) मा नेपालीले भारतका विभिन्न स्थानमा गएर काम गर्ने र नेपाल छोड्नेवित्तिकै भारतीयद्वारा नेपाली ठगिने गरेको विषय रहेको छ । टोपी नेपालीको पहिचान र राष्ट्रिय परिचयको द्योतक हो । टोपीले यही अर्थ बोकेको हुन्छ तर यहाँ टोपीले नेपालीको सोझोपनलाई जनाएको मात्र नभई भारतका विभिन्न स्थानमा नेपालीलाई ठग्नका लागि दिने चिनारीलाई जनाएको छ । यहाँ रहेको टोपीसोपी, टोपीको दर्शन, रिक्सा चलाउनु र होटलमा बेरा

जस्ता भाषिक रूपबाट नेपालीको आर्थिक अवस्था र तिनमा भएको आर्थिक शोषण तथा ठगीको तत्कालीन परिस्थितिको बोध हुन्छ । यहाँ प्रयोग भएको टोपी र त्यसको सन्दर्भार्थ नेपालीको सोझोपन र तिनलाई भारत पस्नेवित्तिकै गरिने ठगी भन्ने हो । यसका अतिरिक्त “आइन्दा ऐसा मत कर्ना कहाँ जा रहे हो ? हमारे यहाँ नौकर बैठेगा ?”(अर्याल, २०७७, पृ. ७९) भन्ने भाषिक अभिव्यक्तिबाट पनि यही कुरा स्पष्ट हुन्छ ।

‘जय भुँडी’ निबन्धमा मानव समाजमा विश्वभरि नै व्याप्त रहेको शोषक र शोषित वर्गको आर्थिक पक्षसम्बन्धी द्वन्द्वलाई व्यङ्ग्यात्मक शैलीमा अभिव्यक्त गरिएको पाइन्छ । व्यासले लेखेका अठार पुराणजस्तै पुराणका रूपमा भुँडी पुराणको विषय उठान गर्दै यहाँ “प्रागैतिहासिक युग वा पुराणमा वर्णित समाजदेखि दास युग, सामन्ती युग हुँदै आजको पुँजीवादी एवम् प्रजातान्त्रिक युगमा पनि शोषकबाट समयअनुसार नयाँ नयाँ तरिकाबाट शोषित वर्ग हेपिएको र दबिएको” ( सुवेदी, सन् २०२२, पृ. ७२) अवस्थाको बोध गराइएको छ । यस निबन्धमा रहेको आर्थिक शोषणको पक्षलाई तलको उदाहरणमा अझ स्पष्ट देख्न सकिन्छ :

> (५) लाखौँ ठण्डाराम भुँडीहरूको उचित पूजाको लागि नेपालले भूमि सुधारको योजना लागू गर्न परिरहेछ । तैपनि हाँडीघोप्टे र घ्याम्पे भुँडीहरू ङ्यारङ्यार-ङरङर गरी भर्सेलीबाट भाग्नुपरेका बिरालाझैँ नाक बजाउँदै छन् । तर नैवेद्यको जोरजामका लागि कस्सिएका ९५ प्रतिशत भुँडीहरूको माझमा निहुँ खोज्न लागे भने उनीहरूको जुगानुजुगदेखि टन्किएको भुँडीले मादल र दमाहाझैँ बज्नुपर्ने कुरा स्वतः सिद्ध भइसकेको छ । (अर्याल, २०७७, पृ.९८)

उदाहरण (५) मा ठण्डाराम भुँडी, भूमि सुधारको योजना, हाँडीघोप्टे र घ्याम्पे भुँडी, भर्सेलीबाट भाग्नुपरेका बिराला नैवेद्यको जोरजाम, ९५ प्रतिशत भुँडी, जुगानुजुगदेखि टन्किएको भुँडी, मादल र दमाहाझैँ बज्नुपर्ने जस्ता स्थितिसूचक भाषिक रूपले विश्वमा रहेको आर्थिक शोषणका सापेक्षमा नेपालमा रहेको गरिबी र आर्थिक शोषणको तत्कालीन स्थितिलाई बुझाएका छन् । यहाँ रहेका विभिन्न प्रकारका भुँडीले नेपाली जनतालाई बुझाएका छन् भने आर्थिक वर्गका रूपमा रहेको गरिब र विपन्न वर्गलाई ठन्डाराम भुँडी र सुविधाभोगी धनी वर्गलाई हाँडीघोप्टे र घ्याम्पे भुँडीले जनाएको छ । “भुँडीको सम्बन्ध खानु र जिउनुसित छ, यो आवश्यकता हो तर यो कतिका लागि वैभव प्रदर्शनको माध्यम बनेको छ” (बराल, २०७८, पृ. २८८) । नेपालमा ९५ प्रतिशत मानिसलाई खानलाउनको धौधौ परेको र निर्वाहमुखी कृषि पेसामा आश्रित भएर पनि यिनी भूमिहीन किसानका रूपमा धनी वर्गको खेती जोतेर खाइरहेको तत्कालीन अवस्थामा रहेको आर्थिक शोषणको चरम रूप यसले सङ्केत गरेको छ ।

मानव इतिहासको आदिम साम्यवादी युगदेखि सामन्ती युगसम्मको सङ्केत गर्दै वर्तमानमा विश्वमा गरिब वर्गले भोग्नुपरेको उत्पीडन र वर्गसङ्घर्षको क्रमलाई यहाँ उठाइएको छ । मार्क्सवादले आर्थिक उत्पादन पद्धतिअनुसार समाजको विश्लेषण गरेको छ । मानिसको सामाजिक

जीवन परिवर्तको मुख्य आधार नै आर्थिक भएको हुनाले साहित्य, कला जस्ता सामाजिक चेतनाका रूप यसैअनुसार निर्मित हुन्छन् (भण्डारी, २०७८, पृ. ३२७-३२८) । विश्वमा विभिन्न समयमा शक्तिशाली वर्गले कमजोर वर्गमाथि गरेको दमनका विरुद्ध आर्थिक विषमता र शोषण सिर्जित भएको विषय 'जय भुँडी' निबन्धमा उठाइएको छ । शासक तथा पुँजीपति वर्गबाट दबाइएका बहुसङ्ख्यक निम्न वर्गका मजदुर, किसान, गरिबहरू सचेत र सङ्गठित भएर बहुसङ्ख्यक मानवमाथि शोषण र दमन गर्ने पुँजीपति वर्गसँग समानताका लागि लड्नुपर्ने विचार (सुवेदी, सन् २०२२, पृ. ७५) यहाँ रहेको भाषिक रूपमा निहित आर्थिक स्थितिबाट बोध हुन्छ ।

माथि उल्लिखित भूमिसुधार योजनाले नेपालमा २०२१ सालमा घोषणा भएको भूमिसम्बन्धी ऐनलाई जनाउँछ । यसको कार्यान्वयन गर्ने चरणमा नेपालमा असीमित भूमिको मालिक बनी गरिब किसानलाई भूमि उपलब्ध गराएर आफू उत्पादनको लगभग जम्मै हिस्सा लिइरहेका भूमिपतिहरूले आफ्नो अधिकार र भूमिमाथिको आधिपत्य खोसिने त्रासका कारण यसको कार्यान्वयनमा बाधा पुऱ्याइरहेको तत्कालीन वास्तविकता यहाँ भर्सेलीबाट भाग्नुपरेका बिरालाझैँ नाक बजाउनु भन्ने पदावलीबाट बोध हुन्छ । यहाँ रहेको जुगानुजुगदेखि टन्किएको भुँडी भन्ने शब्दावलीमा नेपालमा पुरानो समयदेखि शक्तिसम्पन्नहरूले भूमिमाथि अधिकार जमाएका ऐतिहासिक स्थिति निहित रहेको छ र यसबाट पनि नेपालमा भूमिको असमान वितरण भएको तथ्य स्पष्ट हुन्छ । यहाँ रहेको जुगानुजुगदेखि टन्किएको भुडीँ मादल वा दमाहाझैँ बज्ने कुराले चरम आर्थिक शोषण खपेका अधिकांश विपन्न किसानले सङ्घर्ष गर्नेतिरको लेखकीय आशय पनि देखिन्छ। २०२० को दशकमा देशका विभिन्न भागमा भएका किसान आन्दोलन (ढकाल, २०७८ख.) लाई त्यही लेखकीय आशयको परिणति मान्नु उपयुक्त हुन्छ ।

'पृथ्वीनारायण ! तिमी फेरि आऊ' निबन्धमा पृथ्वीनारायण शाहको दिव्यपदेशमा उल्लेख गरिएका आर्थिक समृद्धिका वाक्यहरूका आधारमा आधुनिक नेपालमा आर्थिक परावलम्बी प्रवृत्ति र विशेष गरी भूपरिवेष्ठित देशहरूले खप्नु परेका आर्थिक नियन्त्रणका परिस्थितिको वर्णन गरिएको छ। यस्तो परिस्थितिभित्र नेपालको राष्ट्रिय आर्थिक प्रणाली, भूपरिवेष्ठित देशहरूले भोगेको आर्थिक समस्या र नेपाली अर्थतन्त्रमा भारतको निर्धारक भूमिकासम्बन्धी वास्तविकता स्पष्ट भएको छ, जस्तै -

(६) बडामहाराज ! तिमी ता भन्थ्यौ - "षानी भयाका ठाउँमा गाउँ भया पनि गाउँ अरू जग्गामा सारिकन पनि षानी चलाउनू। गह्रो बन्या जग्गामा घर भया पनि घर अन्त जग्गामा सारी कुलो काटी षेत बनाई आवाद गर्नु ।" तर कन्जुसको सन्दुषझैँ हामीकहाँ खानी छ भन्दैमा हामी अझै मख्ख छौँ । बराबर सर्भे गर्छौं, प्रदर्शनीमा खानीका नमूना देखाउँछौँ तर खानीहरू चलन गर्न सकेका छैनौँ । हामीले गोरु बेचेर ट्याक्सी किन्यौँ, पेट्रोलको जोहो छैन, रुख बेचेर स्टोप किन्यौँ, मट्टीतेलको जोहो छैन । (अर्याल, २०६३, पृ. ३८)

उदाहरण (६) मा "खानी भयाका ठाउँमा गाउँ भया पनि गाउँ अरू जग्गामा सारिकन पनि षानी चलाउनु, गह्रो बन्या जग्गामा घर भया पनि घर अन्त जग्गामा सारी कुलो काटी षेत बनाई आवाद, खानीहरू चलन गर्न नसक्नु, ट्याक्सी किन्नु तर पेट्रोलको जोहो नहुनु र रुख बेचेर स्टोप किन्नु तर मट्टीतेलको जोहो नहुनु जस्ता भाषिक रूपमा नेपालमा पर्याप्त खानीजन्य उत्पादनको सम्भावना भए पनि त्यस्तो खानी आदिको उत्खनन गर्न नसकेको र विदेशी अर्थतन्त्रको नियन्त्रणमा परेर नेपाली अर्थतन्त्रको गति अगाडि बढेको विषयको वर्णन रहेको छ । नेपाली अर्थतन्त्रको हिस्सालाई विशेष गरी भारतले नियन्त्रण गरेको हुनाले नेपालमा पराधीनता तथा अभाव रहेको कुरा यसबाट प्रस्ट हुन्छ । नेपालले आफ्नो देशमा उत्पादन भएका वस्तु निकासी गर्न र समुद्रपारका वस्तु नेपालमा ल्याएर प्रयोग गर्न नसकेको यथार्थ तलको उदाहरणमा अझ स्पष्ट रूपमा देखिन्छ :

(७) "आफ्नो देशको जिनीस जडीबुटी देस लैजानु र नगत् खिच्नु" भन्ने तिम्रो अर्ति नपाएका होइनौँ । तर एक त हामीले उद्योगै गर्न सकेनौँ, जति गरेका छौं त्यही पनि 'देस' लैजान हामीले बाटो पाएनौँ । 'हाम्रा तम्रा सन्तान'ले पछि यो मर्का खप्नुपर्छ भन्ने तिमीजस्ता दुरदर्शीलाई थाहा थिएन भन्न हामी सक्दैनौँ तर चाहँदा-चाहँदै पनि तिमीले हाम्रो सीमा समुद्रसँग जोडिदिन सकेनौ, दोइ ढुङ्गालाई नछोई बाहिर निस्कने गौँडो बनाइदिन सकेनौ । तर यो तिम्रो दोष होइन महाराज ! हाम्रो परावलम्बीपनको चेताउनी हो, हाम्रो अति विश्वास गर्नेपनको प्रायश्चित हो । आज तिमी भएको भए के ठान्दा हौ महाराज- हिन्दुस्थानको सुरक्षाको निम्ति छाती सोझ्याइरहेको नेपाली जवानकी तरुनी स्वास्नी टुकी बाल्न नपाएर अँध्यारैमा पोइ फर्कने दिन गन्दै छ । (अर्याल, २०६३, पृ. ४०)

उदाहरण (७) मा अन्तर्राष्ट्रिय व्यापार र देशभित्र उद्योगमार्फत देशको अर्थतन्त्र बलियो बनाउने पृथ्वीनारायण शाहको दिव्यपदेशका वाक्य र यसका सापेक्षतामा नेपालमा अर्थतन्त्र सञ्चालन र आर्थिक गतिविधिमा रहेको वर्तमान अवस्था अभिव्यक्त भएको छ । यहाँ प्रयुक्त जडीबुटी देस लैजानु र नगद खिच्नु, देस लैजान बाटो नपाउनु, दुई ढुङ्गालाई नछोई बाहिर निस्कने गौडो बनाइदिन नसक्नु, हिन्दुस्तानको सुरक्षाको निम्ति छाती सोझाइरहेको नेपाली जवान र तरुनी स्वास्नी टुकी बाल्न नपाएर अध्यारोमा पोइ पर्खनु जस्ता भाषिक रूपमा विश्वमा भूपरिवेष्ठित राष्ट्रले भोग्नुपरेका आर्थिक समृद्धिसम्बन्धी व्यवधान, यस्ता देशहरूको अन्तर्राष्ट्रिय व्यापारमा आइपरेका चुनौती र नेपालको अर्थतन्त्रमा भारतीय भूमिकाको तत्कालीन पृष्ठभूमि अन्तर्निहित भएको पाइन्छ । नेपालमा मट्टीतेलको हाहाकार भएको, पेट्रोल प्राप्त नभएको अवस्था रहेको छ तर नेपालीले भने भारतीय राष्ट्रियता र सीमा सुरक्षाका लागि ज्यानको परवाह नगरी योगदान गरिरहेको छ । यसबाट तत्कालीन समयको भारतनियन्त्रित नेपाली अर्थतन्त्र र यसबाट सिर्जित परावलम्बी तथा नाजुक अवस्था स्पष्ट हुन्छ ।

'भान्सा भो हजुर ?' निबन्धमा तत्कालीन नेपाली समाजमा रहेको भान्सा गर्नका लागि आइपर्ने कठिनाइलाई अभिव्यक्ति गरिएको छ । भान्सा गर्ने समस्या भनेको नेपाली समाजमा रहेको दैनिक गुजाराको समस्या हो । यस्तो समस्याको जगमा नेपालीहरूबिचमा रहेको आर्थिक विभेद र शोषणको पृष्ठभूमि रहेको छ । भान्साको पृष्ठभूमिमा नेपाली समाजमा रहेको आर्थिक असमानता र सोहीअनुसारका शब्दको प्रयोग निबन्धबाट लिइएको तलको अंशबाट स्पष्ट हुन्छ :

(८) भात खानु भनेको ज्यूनार गर्नु, भोजन गर्नु, भान्सा गर्नु, हसुर्नु, घिच्नु र धोक्र्याउनु पनि हो । धनधान मानसानले ज्वाजल्यमान मानिसहरू ज्यूनार गर्छन्, हलो जोतेर खानुपर्ने परिश्रमीहरू सायद हसुर्छन्, धोक्रा बोकेर ज्याला कमाउनेहरू सायद धोक्र्याउँछन् र साह्रै हिन्नेती ठहरिएका वा रिस उठेका मान्छेहरू घिच्छन् । कमसेकम आफूलाई सन्तोष के छ भने हिजो बेलुका पानेरोटी धोक्र्याएको भए पनि, सुक्खा रोटी टोकेको भए पनि, रिसाएको साहूले कमसेकम यसरी त सोधिदिएन- 'घिच्यो बाज्या ? धोक्र्यो साहेब ? हसुर्नु भो हजुर ?' (अर्याल, २०७७, पृ. २०४-२०५)

उदाहरण (८) मा प्रयुक्त जिउनार गर्नु, भोजन गर्नु, भान्सा गर्नु, हसुर्नु, घिच्नु र धोर्क्याउनु जस्ता शब्द खानकै लागि प्रयोग गरिए पनि तिनीहरूभित्र नेपाली समाजको आर्थिक अवस्थागत भिन्नतासम्बन्धी तत्कालीन परिस्थिति अन्तर्निहित भएको छ । नेपालमा धनवान, सम्पन्न वा परिकारयुक्त भोजन गर्नेदेखि सामान्य भात खान धौधौ पर्ने मानिसहरूको बसोबास रहेको छ । यहाँ उत्पादनको प्रतिफल वितरणमा रहेको असमानता र आर्थिक शोषणका कारण समाजमा स्पष्ट रूपमा आर्थिक विभेद देखिन्छ । यस्तो विभेदले एक थरिलाई चौरासी व्यञ्जन तयार पारेर सानन्दपूर्वक भोजन गर्ने स्थितिमा र अर्को थरीलाई बिहान र बेलुकाको खाद्यान्नको जोहो गर्न पनि धौधौ पर्ने स्थितिमा पुऱ्याएको छ। उत्पादन सम्बन्ध र शोषणसम्बन्धी सन्दर्भले यहाँ तत्कालीन नेपाली समाजमा रहेको गरिबी र सम्पन्नताबिचको दुरी तथा धनी र सम्पन्नहरूले गरिब र विपन्नहरूलाई गर्ने व्यवहार पनि स्पष्ट हुन्छ । तत्कालीन अवस्थामा विपन्नहरूका पक्षमा कुनै आर्थिक समृद्धिको निर्णय नभएको हुनाले समाजमा धनी र गरिबबिचको दूरी बढ्दै गएको र यस्तो दुरीका कारण सीमित मानिसहरूको जीवनस्तर विलासिता र सुखमा बितेको भए पनि अधिकांश नेपालीहरूको जीवनस्तर आर्थिक अभाव, असमानता र शोषणको चापमा परेको यथार्थलाई माथिको भाषिक रूपले स्पष्ट पारेको छ । यसबाहेक समाजमा रहेको आर्थिक विभेद र सम्पन्नहरूको शोषणका कारण निम्न वर्गले अत्यन्तै आधारभूत जीवन जिएको तथ्य निबन्धमा प्रयुक्त तलको उदाहरणबाट अझ स्पष्ट हुन्छ :

(९) भात खानु मात्र भन्दा सिलाबरको वा पित्ले थालमा पस्केको रातोरातो चपरी भात केही न केही एकथोक तरल तिउनसित मुछेर गाँस हाल्नु भन्ने बुझिन्छ । अधिकांश भद्रभलादमीकहाँ भात खाँदा फलफूलको त कुरै छाडौं, दाल तरकारीको पनि नियमित प्रबन्ध हुँदैन, केवल भात खाए पुग्छ । त्यसैले प्राय दाल तरकारी खाए-नखाएतिर

वास्तै नराखी हामी सोध्ने गर्छौं- 'भात खायौ ?' त्यही भात पनि उसिनाको पऱ्यो वा चामलको कायममुकायम मकै, कोदो, फापर या चनाले गराउनुपर्यो र जिभ्रामा अड्काईअड्काई निल्नुपर्यो भने त्यसलाई घिचेको भन्नलाई कुनै आपत्ति छैन । (अर्याल, २०७७, पृ. २०५)

उदाहरण (९) मा प्रयुक्त सिलाबर वा पित्लेथाल, रातोरातो चपरी, एकथोक तरल पिउनसित मुछेर गाँस हाल्नु, तरकारीको नियमित प्रबन्ध नहुनु, मकै, कोदो, फापर या चनाले भोजन गराउनु जस्ता भाषिक रूपले विपन्न नेपालीको खाद्यसम्बन्धी यथार्थलाई बुझाउँछ। नेपाली समाजमा आर्थिक दृष्टिले विपन्न मानिसहरूको उत्पादनका साधनसम्मको पहुँचमा नरहेकाले उनीहरू ठूलो आर्थिक विभेदको चपेटामा परेको, सीमित सङ्ख्यामा रहेका धनी व्यक्तिहरूका हातमा देशको अर्थतन्त्रको हिस्सा निर्भर रहेको हुनाले बाँकी अधिकांश ग्रामीण तथा सहरिया साधारण मानिसहरू कुनै आर्थिक गतिविधि र आयआर्जनका कार्यमा संलग्न हुन नसकेको तत्कालीन विभेदपूर्ण अवस्थालाई माथि प्रयुक्त भाषिक रूपले सङ्केत गरेको छ। यसबाट २०२० को दशकमा रहेको नेपाली राष्ट्रिय अर्थतन्त्र तथा आर्थिक गतिविधिको अवस्थाबोध हुन्छ र तत्कालीन अवस्थामा नेपाली समाजमा उत्पादनका साधनमाथि सीमित मानिसहरूको मात्र पहुँच र अधिकार रहेको हुनाले व्यापक रूपमा आर्थिक असमानता तथा शोषण रहेको तथ्य पनि यसबाट स्पष्ट हुन्छ ।

माथिका अतिरिक्त 'चरीचुच्चे च' निबन्धमा प्रयुक्त "ठगीकन जेल जान नपर्ने प्रजातान्त्रिक उपाय" (अर्याल, २०७७, पृ. ६) मा प्रजातन्त्रले परम्परागत रूपमा जनताको शासनको अर्थ दिए पनि यहाँ आर्थिक शोषण गर्न पाउने आधारलाई जनाएको छ। यसले प्रजातन्त्रको स्थापना भएपछि जनतालाई आर्थिक रूपमा शोषण गर्ने वैधानिक तरिकाको विकास भएको र जनता आर्थिक रूपमा पनि शोषणमा परेको अवस्थाबोध गराउँछ । 'महापुरुषको सङ्गत' निबन्धमा प्रयुक्त 'मोहीले दुई पाथी कोदो बुझाउन नल्याउँदा घरैमा गएर त्रिशुल चखाइदिनु' (अर्याल, २०७७, पृ. ८८) भन्ने पदावलीमा आएको मोही, दुई पाथी कोदो र त्रिशुल चखाइदिनु जस्ता भाषिक रूपले सन्दर्भमार्फत भिन्न अर्थ द्योतन गरेका छन् । मोही जग्गा जोत्नेले प्राप्त गर्ने कानुनी अधिकार हो तर यहाँ 'मोही' शब्द साहू वा तल्सिङले गरेको शोषण देखाउन प्रयुक्त भएको छ भने दुई पाथी कोदोले मोहीले बुझाउने कुतलाई जनाउँछ। यहाँ प्रयुक्त 'त्रिशुल' शब्दलाई विशेष परिस्थितिको सहायताले मात्र अर्थ्याउन सकिन्छ। त्रिशुलले फलामबाट बनेको शिवजीको हतियारलाई जनाउँछ तर यहाँ त्रिशुलले यस्तो धार्मिक अस्त्र नभई जग्गाधनीले मोही वा गरिब किसानमाथि गरेको आर्थिक शोषण र यससँगैको चरम अमानवीय व्यवहार वा यातनालाई बुझाएको छ। 'जय भुँडी' निबन्धमा प्रयुक्त "नैवेद्यका ठुलाठुला स्रोतहरू हाँडीघोप्टे भुँडीकै सामु घोप्टिन पुगेका" (अर्याल, २०७७, पृ. ८८), भित्र रहेका नैवेद्य, स्रोत र हाँडीघोप्टे भुँडीका सामु घोप्टिनु जस्ता भाषिक रूपमा आर्थिक उत्पादनमाथिको नियन्त्रण सम्पन्न देशहरूले गरेको र उनीहरूले गरेको आर्थिक शोषणको चरम रूपलाई जनाउँछ। यहाँ रहेको नैवेद्य कुनै धार्मिक कार्यका लागि चढाइने प्रसाद नभएर मानिसको

जीविका गर्ने खाद्यान्न र समग्र विश्वको अर्थतन्त्र भन्ने अर्थमा प्रयुक्त भएको छ। यसले संसारमा भएको आर्थिक असमानता र विपन्न देशहरूले भोगेको आर्थिक शोषणको तत्कालीन अवस्थाको बोध गराएको छ । 'उन्नतिको शिखर' निबन्धमा प्रयुक्त मामाले नैवद्य थुतेर उफ्रेको बाँदरझैँ भाग्नु (अर्याल, २०७७, पृ. २२०) भन्ने पदावलीमा पनि नैवेद्य, थुत्नु र बाँदर जस्ता शब्दको अर्थ सन्दर्भार्थमा मात्र स्पष्ट हुन्छ । यहाँ रहेको नैवेद्यले सम्पत्ति वा रुपियाँको पोकोलाई जनाउँछ, थुत्नुले लुटेर लिनु र 'बाँदर' शब्दले एकातिर अन्यत्रको नभई विशेषत: पशुपति क्षेत्रमा रहेको बाँदरलाई जनाउँछ भने यहाँ बाँदरको सन्दर्भगत अर्थ भनेको सम्पत्तिका लागि नैतिकता, लाज, घिन सबै पचाउने र नातासम्बन्धलाई पनि त्याग्ने लालची र भ्रष्ट प्रवृत्ति भन्ने हो । यसरी अर्यालका निबन्धमा रहेको विविध भाषिक रूपमा विशेष गरी नेपालको २०१० देखि २०३० सालसम्मको तत्कालीन नेपाली समाजको आर्थिक असमानता र शोषणको परिवेश स्पष्ट हुन्छ । यस्तो परिवेशमा निहित अर्थबोधका लागि आर्थिक शोषणका विविध सन्दर्भको भूमिका रहेको पनि स्पष्ट हुन्छ ।

## ४.४ निष्कर्ष

भैरव अर्यालका निबन्धमा विश्वमा व्याप्त गरिबी र मानिसको दैनिक जीवननिर्वाहका जटिलताको वर्णन भएको देखिन्छ । 'सरकारले दुलो खोज्नु पर्ला' निबन्धबाट जजमानी गर्ने ब्राह्मणको दयनीय आर्थिक अवस्था र पारिश्रमिकका लागि उनीहरूले आन्दोलनमा लाग्नुपर्ने बाध्यात्मक परिस्थितिको बोध हुन्छ। 'काला साथीहरूको बीचमा गहुँगोरो' निबन्धबाट १९७० को दशकको अफ्रिकाली जनताको निम्न आर्थिक हैसियत तथा शक्तिशाली देशहरूको नियन्त्रण र दमनका कारण निर्मित निम्नवर्गीय र विपन्न ग्रामीण जीवनशैलीको वास्तविकताको बोध हुन्छ । 'चरीचुच्चे च' निबन्धबाट दुनिया सबै स्वार्थ र लुच्याइँमा लागेको हुनाले इमानदारिताको मूल्य विघटन हुन गई लुच्चाइँका दवावमा सोझा र निमुखा मानिसले विपन्न भएर रहनुपर्ने अवस्था रहेको तथ्यबोध हुन्छ। 'अन्तर्राष्ट्रिय भ्यागुता सम्मेलन' निबन्धबाट जागिरे नेपालीले भोग्नुपरेको आर्थिक अभावका कारण बिहानबेलुकाको गर्जो टार्नका लागि धौधौ भएको अवस्था र साथमा आम रूपमा बहुसंख्यक नेपालीहरूको जीविकोपार्जनको समस्याको बोध हुन्छ। 'लाहुरेको यात्रा संस्मरण' निबन्धबाट नेपालमा रहेको विपन्नता र दैनिक जीवननिर्वाहको कठिनाइका कारण एकातिर भारतका विभिन्न स्थानमा गएर दुःख गर्नुपरेको र अर्कोतिर आर्थिक विपन्नताकै कारण अनेक प्रकारका विकृतिको जन्म भएको कुरा प्रस्ट हुन्छ । 'जय भुँडी' निबन्धमा अन्तर्निहित इतिहासदेखि तत्कालसम्मको परिवेशजन्य स्थितिले विश्वमा रहेको गरिबी र भोकमरीको अवस्थाका साथै नेपालीको आर्थिक हैसियतको नाजुक अवस्थालाई बुझाउँछ र 'केही राष्ट्रिय रोग : एक अनुसन्धान' निबन्धबाट तत्कालीन नेपालमा रहेको सामान्य जागिरेको अवस्था, शिक्षित बेरोजगारको स्थिति र समग्र रूपमा देशमा रहेको गरिबी र विपन्नताको यथार्थबोध हुन्छ। यसरी यी निबन्धमा निहित परिस्थितिबाट गरिबी र जीविकोपार्जनसम्बन्धी सन्दर्भमार्फत तत्कालीन स्वदेशी तथा विश्व गरिबी, विपन्नता, भोकमरीको यथार्थबोध भएको छ।

अर्यालका निबन्धमा सरकारी तथा सामाजिक क्षेत्रका वित्तीय अपचलन र भ्रष्टाचारयुक्त कार्यमाथि व्यङ्ग्य प्रहार गरिएको छ । 'तमसुक' निबन्धबाट अतिरिक्त कर्जा र चर्को ब्याज असुलेर आर्थिक रूपमा अनियमितता गर्ने र अनेक प्रकारले फाइदा लिने पुँजीवादी देशको प्रवृत्तिको बोध हुन्छ । 'महापुरुषको सङ्गत' निबन्धबाट नेपालको प्रशासनिक संयन्त्रमा मौलाएको भ्रष्टाचारी र घुसखोरी तथा समाजमा बढेको कालाबजारी र चेलीबेटी बेचबिखनको तत्कालीन अवस्था प्रस्ट हुन्छ । 'हराम पाँडे हजुर' निबन्धबाट नेपालको प्रशासनिक संयन्त्रमा कोसेली, उपहार आदिका नाममा हुने खुलेआम भ्रष्टाचारको बोध हुन्छ । 'उन्नतिको शिखरतिर' निबन्धबाट मान्छेले पद र शक्तिमा पुग्नका लागि आफ्नो सर्वस्व त्याग्न तयार हुने र त्यहाँ पुगेपछि फेरि अकुत सम्पत्ति कुम्ल्याउने प्रवृत्तिमार्फत नेपालमा मौलाएको नातावादी, कृपावादी र पैसामुखी प्रवृत्तिको बोध हुन्छ । यस निबन्धबाट तत्कालीन समयमा रहेको गैह्रकानुनी रूपमा मूर्ती चोरी र विदेश निकासाको स्थितिमार्फत नेपालमा मौलाएको गैह्रकानुनी धन्दा र विदेशी बैङ्कमा पैसा जम्मा गर्ने प्रवृत्तिको पनि बोध हुन्छ । यसरी हेर्दा यी निबन्धमा तत्कालीन स्वदेशी र विदेशी परिवेशका आधारमा सरकारी र सामाजिक क्षेत्रमा हुने सबै प्रकारका आर्थिक अपचलजन्य अवस्था सन्दर्भका माध्यमले अर्थिएको स्पष्ट हुन्छ ।

अर्यालका निबन्धमा समाजमा र विश्वमा व्याप्त आर्थिक परिस्थितिबाट उत्पादन सम्बन्ध तथा शोषणका विविध अर्थको प्रतिफलन भएको छ । 'सरकारले दुलो खोज्नु पर्ला' निबन्धमा जजमानी पेसाको स्थितिमार्फत नेपालमा कम पारिश्रमिक दिएर आर्थिक ठगी गर्ने प्रचलन र यसमा सरकारको बेवास्ता अनि 'तमसुक' निबन्धबाट नेपालको आन्तरिक मामिलामा प्रभाव पार्ने र आर्थिक सहयोगको चर्को ब्याज असुल्ने अमेरिकी तथा बेलायती कार्यशैलीका कारण नेपाल चरम आर्थिक शोषणमा परेको तथ्यको बोध हुन्छ । 'पृथ्वीनारायण ! तिमी फेरि आऊ' निबन्धबाट नेपालको राष्ट्रिय आर्थिक प्रणाली, भूपरिवेष्ठित देशहरूले भोगेको आर्थिक समस्या र भारत नियन्त्रित नेपाली अर्थतन्त्र र यसबाट नेपालमा सिर्जित परावलम्बी अवस्था स्पष्ट हुन्छ । 'लाहुरेको यात्रा संस्मरण' निबन्धबाट दैनिक जीवनयापनका लागि भारतमा जानुपर्ने नेपालीको बाध्यता, भारतीयहरूको हेपाइ र ठगाइ सहनुपर्ने अवस्थाको बोध अनि 'जय भुँडी' निबन्धबाट भूमिहीन किसान धनी वर्गको खेती जोतेर खाइरहेको तत्कालीन स्वदेशी परिस्थिति र विश्वमा रहेको आर्थिक शोषणको चरम अवस्था र 'भान्सा भो हजुर ?' निबन्धबाट नेपाली राष्ट्रिय अर्थतन्त्र तथा आर्थिक गतिविधिका सापेक्षमा तत्कालीन अवस्थामा नेपाली समाजमा रहेको आर्थिक असमानता तथा शोषणको तथ्यबोध हुन्छ । 'चरीचुच्चे च' निबन्धबाट प्रजातन्त्रमा मौलाएको आर्थिक शोषणसम्बन्धी विकृतिका कारण जनता आर्थिक रूपमा शोषणमा परेको तत्कालीन यथार्थको बोध र 'महापुरुषको सङ्गत' निबन्धबाट समाजमा रहेको आर्थिक विभेद र समाजका धनी र महान् भनिएकाहरूबाटै गरिएको आर्थिक दमन र नियन्त्रणको बोध हुन्छ । यसरी यी निबन्धबाट तत्कालीन नेपाली समाजको उत्पादन सम्बन्धमा रहेको विभेद र शोषणको अर्थबोधका लागि उत्पादन सम्बन्ध र शोषणका विविध सन्दर्भको भूमिका रहेको स्पष्ट हुन्छ ।

## पाँचौं परिच्छेद

# भैरव अर्यालका निबन्धमा राजनीतिक सन्दर्भार्थ

## ५.१ विषयपरिचय

राजनीतिक सन्दर्भलाई राजनीतिक परिस्थितिका आधारमा ज्ञानतत्त्व खोज्ने आधार मानिन्छ । राजनीतिक सन्दर्भार्थको खोजी गर्दा राजनीतिक परिवेश, सरकार र यसको सञ्चालन, प्रशासनिक व्यवस्थापन, राजनीतिक परनिर्भरता आदिका आधारमा खोजी गरिन्छ । यस परिच्छेदमा भैरव अर्यालका निबन्धमा प्रयुक्त सन्दर्भमूलक संज्ञानको राजनीतिक सन्दर्भका आधारमा विश्लेषण गरिएको छ । यहाँ राजनीतिक सन्दर्भको सैद्धान्तिक पक्षको परिचय दिएर अर्यालका निबन्धलाई राजनीतिक सन्दर्भमार्फत भाषिक रूपले प्रदान गर्ने सन्दर्भार्थको विश्लेषण गरिएको छ । यहाँ राजनीतिक सन्दर्भअन्तर्गत सामग्रीको विश्लेषण गर्दा राष्ट्रिय राजनीति, अन्तर्राष्ट्रिय राजनीति र युद्ध तथा आणविक प्रतिस्पर्धा गरी तीन ओटा सूचकका आधारमा गरिएको छ ।

## ५.२ राजनीतिक सन्दर्भसम्बन्धी सैद्धान्तिक मान्यता

राजनीतिलाई राज्यसत्तासँग सम्बन्धित विषय मानिन्छ । राजनीति गर्ने भनेको आफ्नो निश्चित वर्गसँग सम्बन्धित रहेर वर्गीय हितका लागि र देशको उन्नति तथा भलाइका लागि गर्ने मानवसेवा हो । राजनीति कुनै पनि देशको भौगोलिक सीमाभित्र र यसभन्दा बाहिरको गरी मुख्यतः दुई प्रकारको हुन्छ । देशको राजनीतिभित्र राजनीति र यसको प्रणालीगत व्यवस्था, सरकारको ढाँचा, राजनीतिक दलहरू र तिनको भूमिका र प्रशासनसँग सम्बन्धित भएका सबै गतिविधिहरूलाई राखिन्छ । साहित्यिक पाठमा स्वदेशी राजनीतिका विविध पक्षको चित्रण–वर्णन भएको हुन्छ । स्वदेशी वा राष्ट्रिय राजनीतिका पनि विविध कालखण्डका भिन्न व्यवस्था रहेका हुन्छन् र त्यसका कालखण्डका विशेषताको प्रतिच्छायाँ साहित्यिक पाठमा निहित रहेको हुनाले यसको अर्थबोधका लागि राष्ट्रिय राजनीतिको तत्कालीन सन्दर्भको सहयोग आवश्यकीय हुन्छ ।

अन्तर्राष्ट्रिय राजनीतिमा विश्वका विभिन्न मुलुकका शासन व्यवस्था र विदेश नीति तथा त्यसले अरू देशलाई पारेको प्रभाव, अन्तर्राष्ट्रिय सङ्घसंस्था र तिनको कामकारबाहीमा भएको हस्तक्षेप आदिलाई समेट्ने गरिन्छ । कुनै पनि भाषिक पाठको अर्थ खोज्दा यसमा रहेको राष्ट्रिय राजनीति, अन्तर्राष्ट्रिय राजनीति र कूटनीति तथा आणविक हतियारको विकास तथा विस्तार जस्ता विषयका विश्वसन्दर्भको पनि खोजी र विश्लेषण आवश्यकीय हुन्छ । यसका अतिरिक्त युद्ध र आणविक हतियारसम्बन्धी पक्षलाई पनि राजनीतिको एउटा हिस्सा मानिन्छ । यसरी हेर्दा राजनीतिक सन्दर्भार्थको खोजीका क्रममा राष्ट्रिय राजनीति, अन्तर्राष्ट्रिय राजनीति र युद्ध तथा आणविक प्रतिष्पर्धाका सन्दर्भमार्फत पाठगत संज्ञानको खोजी गरिन्छ । यस्ता सन्दर्भको ज्ञानबिना भाषिक पाठको खास अर्थ पहिल्याउन नसकिने भएकाले साहित्यिक कृतिको अर्थ विश्लेषणमा राजनीतिक सन्दर्भार्थको अध्ययन उपयोगीसिद्ध हुन्छ ।

## ५.३ अर्यालका निबन्धमा राजनीतिक सन्दर्भ र अर्थ

भैरव अर्यालका निबन्धात्मक पाठमा नेपालमा रहेको राजनीतिक अवस्था, अन्तर्राष्ट्रिय राजनीतिले नेपालमा पारेको प्रभाव, नेपाली राजनीतिको परनिर्भरता, विश्वमा रहेको आणविक विकासमा भएको होडबाजी र यसको चपेटामा परेका तेस्रो र कमजोर राष्ट्रका विविध अवस्थाले अर्थलाई जोडेको देखिन्छ । उनका निबन्धमा रहेका सरकारी कार्यालय र तिनका कार्यप्रक्रिया, राजनीतिक अस्थिरताका कारण जनतामा परेको प्रभाव र शक्तिशाली मुलुकको प्रभाव तथा नियन्त्रणमा रहेका साना र कमजोर मुलुकको अवस्थालाई जनाउन विविध भाषिक रूपको प्रयोग भएको छ। यी रूपको अर्थ तत्कालीन विश्वमा रहेको राजनीतिक खिचातानी र अस्त्रको परीक्षणको होडबाजी र देशभित्रकै राजनीतिका थुप्रै रूप र आयामसँग जोडिएको छ । यस्ता भाषिक रूपले तत्कालीन नेपालको अपरिपक्व स्वदेशी राजनीति, विश्व जगतमा देखिएको शीत सम्बन्ध र युद्धका विविध विषयलाई स्पष्ट पारेको देखिन्छ। अर्यालका निबन्धलाई राजनीतिक सन्दर्भार्थका आधारमा अध्ययन गर्दा राष्ट्रिय राजनीति, अन्तर्राष्ट्रिय राजनीति र युद्ध तथा आणविक प्रतिस्पर्धा गरी तीन ओटा सूचकमा आधारमा यहाँ सामग्री विश्लेषण गरिएको छ ।

### ५.३.१ राष्ट्रिय राजनीति

राष्ट्रिय राजनीतिले कुनै पनि देशको भौगोलिक सीमाभित्र रहेको राजनीतिक गतिविधि, दृष्टिकोण र सरकारका गतिविधिलाई जनाउँछ । सरकार भनेको कुनै पनि देशको शासन सञ्चालनमा रहेको शक्ति हो भने शासन सञ्चालनका दौरानमा गरिने दैनिक प्रशासनिक कार्यहरूलाई प्रशासन भनिन्छ । यी शब्दले समग्रमा कुनै पनि देशको राजनीतिक व्यवस्था, शासनको प्रणाली र प्रक्रिया तथा जनताका सम्पूर्ण क्रियाकलापको नियमन तथा नियन्त्रणलाई बुझाउँछन् । अर्यालका निबन्धमा राष्ट्रिय राजनीतिका विविध अवस्था र कार्यलाई जनाउने स्थिति अन्तर्निहित रहेको पाइन्छ। उनका निबन्धमा प्रयुक्त समकालीन विषयवस्तु र त्यसमा अन्तर्निहित राजनीतिक अवस्था र यसका उतारचढावलाई विभिन्न सन्दर्भमार्फत अर्थ्याउन सकिन्छ । यी निबन्धमा प्रयुक्त राजनीतिक परिवेशले विभिन्न अर्थ बोकेको देखिन्छ। उनका निबन्धमा तत्कालीन राष्ट्रिय राजनीति, प्रशासनिक संयन्त्र र यसका कार्यप्रक्रिया तथा राजनीतिक चालबाजीसम्बन्धी पर्यावरणीय अवस्थाहरू रहेका छन् । यी निबन्धमा रहेको राष्ट्रिय राजनीतिसम्बन्धी सन्दर्भको विवरण र तिनमा रहेको सन्दर्भार्थको तल विश्लेषण गरिएको छ ।

**तालिका नं. ९ : राष्ट्रिय राजनीतिसम्बन्धी सन्दर्भको विवरण**

| निबन्धको शीर्षक | भाषिक रूप | स्थिति |
|---|---|---|
| | सरकारको मन्त्री रखाइ | अदूरदर्शी मन्त्रीमण्डल |
| | धर्मविभाग र धर्ममन्त्री | हिन्दू धार्मिक आधिपत्यको मोह |
| | बेनको राज्यमा क्रान्ति गरेझैं क्रान्ति | अस्तित्व रक्षाका लागि सङ्घर्ष |

| | | |
|---|---|---|
| सरकाले दुलो खोज्नु पर्ला | शुरो र मोटक हड्ताल | धार्मिक आन्दोलन |
| | एकानब्बे सूत्रीय माग | सङ्घर्षको पद्धति |
| | सरकारले दुलो खोज्नु पर्ला | सरकारलाई तह लगाउने चेतावनी |
| प्रतिनिधि मण्डल फर्क्यो | गोडा पचासेक सिलिप | प्रक्रियामुखी प्रशासन |
| | हेडमन्त्री पार्टीको त्रिझुण्ड परिषद्को उपशाखा उद्घाटन गर्न जानु | जनउत्तरदायित्वविहीन सरकार |
| | राणाको पालामा उतै मोज उतै टिकट | राणा सरकारको विलासिता |
| | बाहुन सरकार | सरकारमा भएको जातीय उपस्थिति |
| | देशमा बाहुनको परम्परागत अधिकार | धार्मिक विषयमा बेवास्ता |
| | पार्टीलाई सहयोग गरे एक जना मन्त्री राखिदिने | राजनीनिक सौदाबाजी |
| | मलाई चुनावमा जिताए सबै माग पूरा गरिदिने | राजनीनिक सौदाबाजी |
| दौरासुरुवाल नपठाइदिने भएँ ! | प्रजातन्त्राचार्य | प्रजातन्त्रका मतियार |
| तमसुक | नाइके रोजिन | नेता वा प्रधानमन्त्री चुनिनु |
| | २००४ साल | राजनीतिक पार्टीको स्थापना |
| | बिर्तामा बनेको पार्टी | पार्टीमा भएको परिवारवाद |
| चिनिया घुसघुसे | सरकारको अश्रुग्याँस | भारतविरोधी आन्दोलनमा नियन्त्रण |
| रेडियो रसातल | को कसका मान्छे को कसका मान्छे | नातागोता पहिचानमा कठिनाइ |
| | मन्त्री मन्त्रीका बिच अन्यौल | कार्यकर्ता पहिचानमा अलमल |
| | सबैका मान्छेले पजनीमा स्थान | नातालाई जागीरमा आरक्षण |
| | भए जति आपस्तहरू जागिरमा बुत्याउन | जागीरमा नातागोताको नियुक्ति |
| | सबै नातागोताको फिरिस्त | सरकारमा बस्नेका आफन्तको सूची |
| | समाजवादी नातागोता कमिसन | समाजवादका नाममा नातावाद |
| | घरेलु विभागअन्तर्गत | जागिरमा पार्टीको हस्तक्षेप |
| | पब्लिक सर्भिस कमिसनभन्दा माथिल्लो स्तर | स्वतन्त्र निकायमाथि पार्टीको प्रभाव |
| | बुथैपिच्छे एकोटा प्राथमिक स्कुल | शिक्षामा राजनीतिकरण |
| | सत्तारुढ पार्टीका एजेन्ट नै अध्यापक | शिक्षक नियुक्तिमा सत्ताको दुरुपयोग |
| | पार्टी घोषणापत्र नै पाठ्यक्रम | राजनीतिबाट प्रभावित र अवैज्ञानिक पाठ्यक्रम |
| | पाठ्यक्रम बोर्डको सुझाव | राजनीतिक नियुक्तिको नतिजा |

| | | |
|---|---|---|
| | मन्त्रीज्यू परिवारसहित अध्ययन गर्दै | नातावाद हावी र विज्ञको बेवास्ता |
| | २००७ सालको राजनीतिक क्रान्ति | नेपालको प्रजातान्त्रिक आन्दालन |
| | अवसरवादको ध्वजा पताका | सरकारको अवसरमुखी चरित्र |
| | बुद्धिजीवी | सत्तासीन र ढुल्मुले विद्वान |
| | उच्च उच्च जागिरदार | सरकारी अधिकारी र सत्तामुखी कर्मचारी |
| | त्रिभुवनलाई पदच्युत | त्रिभुवनलाई राजाबाट हटाएको अवस्था |
| | राणाको अकण्टक राज्यमा बुढीऔंलाको चक्र खिउन्जेल थिचेर सही | राणा शासनका कट्टर समर्थक |
| | प्रजातन्त्रको प्रहरी | प्रजातन्त्रका समर्थक र हिमायती |
| | प्रजातन्त्रको उदय | नेपालमा प्रजातन्त्रको स्थापना |
| | टाउको पिरोल्न लगाउनेहरू | प्रजातन्त्र स्थापनापछि छद्मभेषी भएर गाउँ पसेका राणा समर्थकहरू |
| अवसरवादी दर्शन | समाजवादका उपासक | समाजवादी चिन्तनदृष्टि बोक्ने |
| | एउटा खुट्टो एकातिर अर्को खुट्टो अर्कोतिर गरेको नेपालवाद | नेपालका राजनीतिक पार्टीको विभाजित विदेश नीति |
| | २००७ देखि नेपालको कुनै दिन शान्ति र सन्तोषको सास फेर्न नपाएको | राजनीतिक अस्थिरता र यसको प्रभाव |
| | राजनीतिक अस्थिरता | सरकारमा हुने फेरबदल |
| | तथाकथित प्रजातन्त्रवादी | अवसरवादी राजनीतिक पार्टी |
| | तथाकथित समाजवादी | अवसरवादी राजनीतिक पार्टी |
| | पृथ्वीनारायणको ऐक्यवाद | राष्ट्रिय एकताको विचार |
| | भीमसेन थापाको राष्ट्रवाद | विदेशीसँग नडग्ने विचार |
| | पशुपति र गुज्जेश्वरीको देश | नेपालमा हिन्दू राज्य |
| | सरकारका निम्ति सी.आई.डी.को रिपोर्ट ब्रह्मवाक्य | सरकारी निर्णय प्रक्रिया |
| | अखबार र रेडियोको खबर ब्रह्मवाक्य | जनताको सिधापन |
| अन्तर्राष्ट्रिय भ्यागुता सम्मलेलन | दाउरा-गुइँठा वितरण सम्मेलन | समाजमा सुविधा वितरण |
| | राजर्षी महाराज | जुद्ध शमशेर |
| | ससुरालीमा श्राद्ध खान निस्केका थरी | प्रशासनिक अवस्था |

| | | |
|---|---|---|
| जय भोलि | चौकीका हवलदार छुट्टीमा | प्रशासनिक अवस्था |
| | ठाना | प्रशासनिक संयन्त्र |
| | गोस्वारा | प्रशासनिक संयन्त्र |
| | तीन महिना तीन दिनपछि तात्तातो बिन्ती | सरकारी काममा ढिलासुस्ती |
| | तेह्रओटी नानीसँग जिस्किरहेका श्री ३ ज्यू | शासकको विलासिता |
| | श्री ३ बाट तात्तातो हुकुम | केन्द्रीकृत शासन |
| | भोलि नै निभाउन लगाइदिनू | सरकारी काममा ढिलासुस्ती |
| नेता नम्बर एक सय एक | आकाशबाट फुलौरा बर्सेझैँ एकताका पातालबाट नेता बर्सनु | नेताको सङ्ख्यामा वृदि |
| | नुनमा कन्ट्रोल भए पनि नेतामा कन्ट्रोल नहुनु | नेताको सङ्ख्यामा वृदि |
| | कहिले नेतामार्का कहिले नातामार्का | जापगरमा नावावाद र नेतावाद |
| | चन्दा उठेपछि चपचुस्कीको चमेना गर्नु | राजनीतिक दलको चन्दा संस्कृति |
| | झोला र झन्डा काँधमा हाल्नु | कार्यकर्ताको नेतालाई सघाउने कार्य |
| | जङ्गबहादुरको पालाको जडाउरी कोट | परुानो विचार र कार्यकर्ताको स्तर |
| | डन्डाले सोझ्याउनु | आतङ्क र धाकधम्की |
| | नेताले फुर्का हालेको दिन सालीले हीराका लुर्का पाउनु | नातावादी वितरण विधि |
| | नेताका सालाको र सालाका सालाको मुद्का पाउनु | शक्तिको आडमा दम्भ गर्ने प्रर्वत्ति |
| | पार्टीको नशा अफिमको नशाभन्दा कडा | राजनीतिमा लाल्ने नशा |
| | मावलीका मद्दतले पार्टी खोल्नु | नातावादको जतातत्तै प्रभाव |
| महापुरुषको सङ्गत | सिमसिमे मन्त्रीको पालामा हुक्का समातेर सेवा गरेबापत सुब्बाङ्गी | चाकडीका आधारमा पद |
| हराम पाँडे हजुर | कचहरीमा पुऱ्याएको बनपाले | प्रशासनिक कामकाज प्रक्रिया |
| | भोलि आऊ | सरकारी काममा ढिलासुस्ती |
| | मरिसकेको मान्छे | सरकारी काममा ढिलासुस्ती |
| | छोराले ढिकुरामा पिण्ड दिइसक्नु | सरकारी काममा ढिलासुस्ती |
| | चित्रगप्तको रिकर्ड अड्डा पुर्जा र रिकर्ड | सरकारी कार्यालय |
| | गुइँठा कर्पोरेसनको जथाभावी अफिस | ससाना खाद्यआपूर्ति संस्था |
| | पुर्जा र रिकर्ड | सरकारी कागजातको अभिलेख |
| | एउटै प्रश्नमा नेताहरूले बेग्लाबेग्लै अर्थ झिक्नु | नेताहरूको जता पनि ठिक्क पार्ने पद्धति |

| | | |
|---|---|---|
| भान्सा भो हजुर ? | टिप्पणी र आदेशको सम्बन्ध | कार्यालयीय प्रक्रिया |
| | अपिसको मागफारमलाई फाइलमा कोच्नु | प्रशासनको ढिलासुस्ती |
| | आदेश र निकासा | प्रशासनको प्रक्रिया |
| असनको डबली | इमानदारी र बुद्दुपनको सीमारेखा | कर्मचारीको इमानदारिता |
| | बीस वर्ष जागिर खाँदा बीस पैसा नखानु | कर्मचारीको अपवाद सोभ्फोपन |
| | माग पूरा नभए हड्ताल | माग पूरा गराउने राजनीतिक काइदा |
| पृथ्वीनारायण ! तिमी फेरि आऊ | दुई ढुङ्गाको तरुल जस्तो राज्य | नेपालको भौगोलिक अवस्थिति |
| | राजा र रैती | देशमा भएको शासन व्यवस्था |
| | हाम्रै सैनिक हाम्रै नीति | सरकारको सैन्य नीति |
| | अरूको सैनिक मिसन | भारतको सैन्य सल्लाह र सहयोग |
| | बेलैमा सुधारेर तटस्थता जोगाउनु | सन्तुलित विदेशनीति |
| | एक मित्रको निम्ति सबै मित्र चिढ्याउने नीति | भारतको हितमा काम गर्न दवाव |
| | बहादुर शाहले किल्ला काँगडा जोड्नु | नेपालको एकीकरणको निरन्तरता |
| मादक पदार्थ र बेवारिसे लास | प्रहरीको जातै छुच्चो | नेपालको प्रहरी प्रशासन |

तालिका (९) मा 'सरकारले दुलो खोज्नु पर्ला', 'प्रतिनिधि मण्डल फर्क्यो', 'दौरा सुरुवाल नपठाइदिने भएँ !', 'तमसुक', 'चिनिया घुसघुसे', 'रेडियो रसातल', 'अवसरवादी दर्शन', 'अन्तर्राष्ट्रिय भ्यागुता सम्मेलन', 'जय भोलि', 'नेता नम्बर एक सय एक' 'महापुरुषको सङ्गत', 'पृथ्वीनारायण ! तिमी फेरि आऊ', 'हराम पाँडे हजुर', 'भान्सा भो हजुर ?' 'असनको डबली' र 'मादक पदार्थ र बेवारिसे लास' गरी अर्यालका सोह्र ओटा निबन्धमा रहेका मुख्य भाषिक रूप र तिनमा रहेको स्थितिको विवरण दिइएको छ । यस्ता स्थितिमा निहित रहेको संज्ञानको बोधका लागि संज्ञान खोज्ने राजनीतिक आधारअन्तर्गत राष्ट्रिय राजनीतिसम्बन्धी सन्दर्भको सहयोग आवश्यक रहेको छ। अर्यालका निबन्धमा रहेको राजनीति र यससँग जोडिएका संज्ञानको बोधका लागि यी निबन्धमध्येबाट उदाहरणका रूपमा लिइएका भाषिक रूपलाई ती भाषिक रूपमा निहित तत्कालीन राजनीतिक स्थितिका सापेक्षतामा विश्लेषण गरिएको छ।

'सरकारले दुलो खोज्नु पर्ला' निबन्धमा नेपालमा सरकार निर्माणको अवस्था र यसका कारण परम्परागत रूपमा प्राप्त भएको बाहुनहरूको अधिकारको कटौतीसम्बन्धी विषय वर्णित रहेको छ। यहाँ प्रयुक्त राजनीतिक सन्दर्भमार्फत तत्कालीन नेपालको प्रजातन्त्रको स्थापनापछिको समयमा बन्ने र विगठन हुने सरकारको स्वरूप र त्यसका अपरिपक्वता स्पष्ट हुन्छ। नेपालमा २००७ सालदेखि पछि निर्माण भएका सरकार र त्यसबेलाका राजनीतिक अस्थिरताको वर्णन यहाँ भएको छ, जस्तै -

(१) उक्त बैठकमा सर्वप्रथम बैठकको कारणप्रति परिचय दिँदै पं. बलिदेउ पराजुलीले भन्नुभयो- आजको सरकारको मन्त्री रखाइ बढो अधुरो छ, भए नभएका विभाग र मन्त्रीहरू भएपछि हाम्रो धर्मको ख्याल राखिदिने धर्म विभाग र धर्ममन्त्री राख्ने कदम सरकारले किन उठाएन ? (अर्याल, २०६३, पृ. १)

उदाहरण (१) मा नेपालको सरकार निर्माण र मन्त्रीमण्डल विस्तारको तत्कालीन स्थिति निहित रहेको छ । यहाँ रहेका सरकारको मन्त्री रखाइ, भए नभएका विभागमा मन्त्री, धर्मविभाग र धर्ममन्त्री गरी तीन ओटा भाषिक रूपमा तत्कालीन अवस्थाको सरकार निर्माण र यससँग सम्बन्धित राजनीतिक गतिविधिसम्बन्धी परिवेश अन्तर्निहित रहेको छ । यसमा तत्कालीन अवस्थाको सरकार निर्माण र यसमा धर्मविभाग र मन्त्री नराखेको विषयप्रति पुरोहितहरूले जनाएको असन्तुष्टि र मन्त्रीमण्डल गठन गर्दा विवेक नपुग्ने सरकार प्रमुखको दृष्टिकोण र सोचलाई आलोचना गर्ने भाषिक रूपमार्फत यहाँ राजनीतिमा हुने प्रभावको बोध हुन्छ ।

'मन्त्री' शब्दले सरकारको कार्यपालिकामा दैनिक सरकार सञ्चालन गर्ने विभागअनुसारको अधिकारी भन्ने जनाउँछ । यस शब्दको अर्थ पार्टीमा प्रमुखको मातहतमा रहेर खास विभाग हेर्ने अधिकारी वा विभाग प्रमुख भन्ने पनि हुन्छ । माथिका भाषिक रूपमा आएका तीनै ओटा मन्त्री शब्द पहिलो अर्थसँग सम्बन्धित रहेका छन् । माथि प्रयुक्त भएका 'मन्त्री' शब्दले सामान्यतः एउटै अर्थ बोके पनि सन्दर्भपरक दृष्टिले यी शब्दबाट फरक फरक अर्थ प्रतिफलन भएको छ । पहिलो मन्त्रीले सरकारको मन्त्री रखाइप्रति असन्तुष्टि जनाएको छ । यो मन्त्रीले मन्त्रीमण्डल गठन गर्दा विवेक नपुग्ने सरकार प्रमुखको दृष्टिकोण र सोचलाई आलोचना गर्छ । दोस्रो 'मन्त्री' शब्दले भए नभएका विभाग र मन्त्रालय खडा गरेर मन्त्रीको सङ्ख्या बढाउने तत्कालीन सरकारको रबैयालाई जनाउँछ र तेस्रो 'मन्त्री' ले थुप्रै सङ्ख्यामा मन्त्री थपेर मन्त्रीमण्डल गठन गर्दा पनि धर्मसम्बन्धी विभाग र धर्ममन्त्री नियुक्त नगरेको सरकारको कार्यप्रति हिन्दू धार्मिक संस्थाले गरेको विरोधलाई बुझाउँछ । यसबाट नेपालमा प्रजातन्त्र स्थापना भएपछि बहुदलीय प्रजातान्त्रिक अभ्यास भए पनि त्यस्तो अभ्यासका क्रममा चाहिनेभन्दा बढी सङ्ख्यामा र अदूरदर्शी तरिकाले मन्त्रीमण्डल विस्तार भएको कुरा स्पष्ट हुन्छ ।

'प्रतिनिधि मण्डल फर्क्यो' निबन्धमा 'सरकारले दुलो खोज्नु पर्ला' शीर्षकमा प्रयुक्त विषयकै निरन्तरताका रूपमा प्रचण्ड पुरोहित परिषद्को प्रतिनिधि मण्डल र यसका सरकारका सामु राखेका ९१ सूत्रीय मागमा सम्बद्ध पुरोहितहरूको धार्मिक विषय र यसमा हुने सरकारी हस्तक्षेपको रूप देखिन्छ । नेपालमा भएको राणाशासन काल धार्मिक मान्यतामा आधारित भएको हुनाले यसमा बाहुनले हालिमुहाली गरेको र प्रजातन्त्रको स्थापनापश्चात् गठित सरकारले भने बाहुनको परम्परागत अधिकार कटौती गरेको भाषिक अभिव्यक्तिमार्फत नेपालको सरकारसम्बन्धी विगत र वर्तमानको अवस्थाको तुलना देखिन्छ, जस्तै -

(२) प्र.म. का मेम्बर पण्डित दहीदूधप्रसाद पाध्याले आफ्ना साह्रा मर्काहरूको विश्लेषण गर्दै भन्भयो- "जुन देशमा बाहुन सरकार छ, त्यस देशका बाहुनहरूको परम्परागत अधिकार पनि बिलाउँदछ, यो कतिसम्म लज्जाजनक कुरा हो, बरु राणाको पालामा हाम्रो कति मान थियो, उतै भोज, उतै टिकट ।" (अर्याल, २०६३,पृ. ३)

उदाहरण (२) मा नेपालमा निर्मित सरकारको जातीय अवस्था र राणा शासनकालमा भएको राजनीतिक तथा सामाजिक अवस्था देखिन्छ । यहाँ प्रयुक्त बाहुन सरकार, बाहुनहरूको परम्परागत अधिकार, राणाको पालामा मान, उतै भोज, उतै टिकट जस्ता भाषिक रूपमा नेपालमा बनेको सरकार जातीय रूपमा बाहुनले नेतृत्व गरेको तत्कालीन राजनीतिक अवस्था निहित रहेको छ । यसबाट सरकारमा बस्नेहरूबाट जाति वा समुदायका आधारमा राजनीतिक लाभ लिने नेपालीको चरित्र स्पष्ट हुन्छ । तत्कालीन सरकारमा नातावादी तथा कृपावादी प्रवृत्ति हावी भएको थियो । यसबाट आफ्ना जाति र समुदायका मानिस शक्तिमा भएका बखतमा सक्दो लाभ लिने र राजनीतिमा अनुचित प्रभाव पार्ने तत्कालीन चरित्रको बोध हुन्छ । यसका अतिरिक्त आन्दोलनको परिस्थिति, सरकारलाई दिइने मागपत्र तथा सरकारले पनि चुनाव र यससँग सम्बन्धित भएर सुविधामा गर्ने सौदाबाजीलाई निबन्धमा यसरी प्रस्तुत गरिएको छ :

(३) "तपाईंहरूका माग सबै उचित छन् । मेरो पार्टीलाई सहयोग गर्नुहुन्छ भने मन्त्रीमण्डलमा एकजना राखिदिन पनि मलाई गाह्रो छैन । अवश्य नै राखिदिन्छु र धर्म विभाग पनि चाँडै नै खोलिदिनेछु । सङ्घर्ष गर्छु भनेर मेरो मुटु नकमाइदिनु होला । म तपाईंका १० माग अहिले पूरा गरिदिन्छु र अरू २०१५ सालको चुनावबाट विजयी बनेपछि । तपाईंहरूले मलाई चुनाव जिताउनुहोस् तब म महिनाको एक सराद्ध गर्नैपर्छ भनेर विधान बनाई दिउँला । (अर्याल, २०६३,पृ. ३)

उदाहरण (३) मा प्रयुक्त पार्टीलाई सहयोग गर्नु, धर्म विभाग पनि चाँडै नै खोलिदिने, २०१५ सालको चुनाव, चुनाव जिताउनु, महिनाको एक सराद्ध गर्नैपर्छ भनेर विधान बनाउनु जस्ता भाषिक रूपमा नेपालको सरकार निर्माण, २०१५ सालको आम निर्वाचन र निर्वाचनमा हुने अवाञ्छित गतिविधिको तत्कालीन परिवेश अन्तर्निहित भएको छ । यसबाट आन्दोलन र मागमार्फत राजनीतिक अभीष्ट पूरा गर्ने प्रवृत्ति र निर्वाचनमा हुने अनियमितताको यथार्थ बोध हुन्छ ।

अर्यालको 'तमसुक' शीर्षकको निबन्धमा राष्ट्रिय राजनीतिका तत्कालीन स्थिति, निर्वाचन तथा यसमा हुने गरेको चलखेल र आर्थिक पक्षको अपचलनका परिवेशजन्य विषय रहेका छन् । यहाँका स्थितिलाई हेर्दा नेपालमा आम निर्बाचनका समयमा विदेशीसँग ऋण लिएर चुनाबी खर्च टार्ने र पैसाको भरमा चुनाव जित्ने तत्कालीन राजनीतिक परिस्थितिगत सत्यको बोध हुन्छ । यहाँ रहेका राजनीतिक सन्दर्भलाई तलका उदाहरणद्वारा स्पष्ट पारिएको छ :

(४) सो नबुझाउञ्जेल मेरा हक भोगमा रहेका २००४ सालको कलकत्ता डोरबाट मेरो नाममा दर्ता भयाको बिर्तामा बनेको पार्टी साहूले भोगचलन गरी जे जस्तो काम लिनुपर्छ लिने गरी लिनू भनी धितो धरौट राखी कालगतिले मेरो बीचमा अन्त्य भए तापनि हाम्रा गुठियारहरूका एक एक सन्ताससँग साहूले गर्ने कृत्य गरी आफ्नो थैली उपर गरीलिनुभयामा मेरा मनोमान खुसीराजीसँग साहूकै ड्इङ रुममा बसी पार्टीबन्धक भाकापत्रको तमसुक लेखी किनारामा लेखिएका मानिस साक्षी राखी तपाईँ साहू सर एच. ह्वाइट उपनिवेशवादाचार्यका हजुरमा चढाएँ । (अर्याल, २०६३,पृ. ११)

उदाहरण (४) मा २००४ साल, कलकत्ता डोर र बिर्तामा बनेको पार्टी, साहूले भोगचलन गरी चार ओटा भाषिक रूपमा नेपालको तत्कालीन राष्ट्रिय राजनीतिको परिवेशजन्य स्थिति देखिन्छ । यहाँ रहेको स्थिति भनेको २००४ सालको नेपाली काङ्ग्रेस पार्टीको स्थापना, भारतको कलकत्तामा बनेको सो पार्टीको अवस्था र आम निर्वाचन तथा सरकार निर्माणका लागि विदेशीको आर्थिक सहयोग लिनु हो । यस निबन्धमा पार्टी प्रमुख र सरकार प्रमुख बन्नका लागि विश्वेश्वरप्रसाद कोइरालाले गरेको विदेशीसँगको हारगुहारलाई व्यङ्ग्य गरेको छ । तत्कालीन अवस्थामा काङ्ग्रेस पार्टीको प्रभाव र निर्वाचनको परिणामपछिको सरकारको रणनीतिसम्बन्धी लेखकीय आशयको पनि यसबाट बोध हुन्छ । राजनीतिक सन्दर्भमार्फत नेपालमा २०१५ सालको संसदीय निर्वाचनमा दलीय नेताद्वारा अँगालिएको विदेशीको आडभरोसा, अमेरिकी साम्राज्यवादी शैली (प्रभात, २०६३, च) र नेपालमा रहेको यसको प्रभावको यथार्थ यहाँ अर्थपूर्ण बनेको छ । यस सन्दर्भबाट तत्कालीन सरकार र सरकारमा रहेको पार्टीलाई सत्तामा पुऱ्याउनका लागि अमेरिकी सहयोग रहेको तथ्य व्यञ्जित भएको छ ।

'अवसरवादी दर्शन' निबन्धमा २००७ सालमा नेपालमा भएको राजनीतिक क्रान्ति र प्रजातन्त्रको स्थापनापश्चात् अवसरवाद अझ मौलाएको र प्रजातन्त्र स्थापनापूर्वको राजनीतिक परिस्थिति र यसका मतियारहरूको अवसरवादिताको वर्णन गरिएको छ। देशमा भएको राजनीतिक अस्थिरता र राजनीतिमा मौलाएको प्रजातन्त्रवादी तथा समाजवादी विचारको धरातलमा पनि अवसरवाद नै मौलाएको तथ्यलाई अभिव्यक्त गर्ने भाषिक रूपको प्रयोग यहाँ भएको छ, जस्तै -

(५) २००७ सालको राजनीतिक क्रान्तिदेखि विशेष गरी अवसरवादको ध्वजा पताका देशका बुद्धिजीवीहरूले फहराउँदै आएका छन् । कुना-काप्चामा बस्ने गरिब अनपढ व्यक्तिहरूमा यो वादले छुन सकेको छैन तापनि धनीमानी देखे सुनेका जमिनदार हुन् वा कवि र उच्च उच्च जागीरदारहरूमा अवसरवादले छापा मार्दै आएको छ । त्रिभुवनलाई पदच्युत गरी राणाको अकण्टक राज्यमा बुढीऔँलाको चक्र खिउन्जेल थिचेर सही गर्ने व्यक्तिहरू पर्सिपल्टदेखि प्रजातन्त्रको प्रहरी भनिन पुगेका र प्रजातन्त्रको उदयपछि अर्काको घरभित्र पसी टाउको पिरोल्न लगाउनेहरू केही

> समयपछि उनैसँग कुम जोडेर समाजवादका उपासक बनेका थिए । उदाहरणहरू हामीले बिर्से पनि इतिहासका पानाले कहिल्यै बिर्सन्नन् । एउटा खुट्टो एकातिर अर्को खुट्टो अर्कोतिर गरेको नेपालवादलाई पनि हुर्कन सजिलो छैन किनभने वर्तमान समाजको रगरगमा अवसरवादले लाहाछाप मार्दै ल्याएको छ । (अर्याल, २०६३, पृ. २८)

उदाहरण (५) मा नेपालको राजनीतिक इतिहासमा भएका घटनाको वर्णनभित्र नेपालमा राणाशासनको समय र तत्कालीन राजा त्रिभुवनका समर्थक र त्रिभुवनविरोधी मानिसहरूको उदाहरण दिएर नेपालको इतिहासको २००७ सालको त्रिभुवनले सत्तात्याग गरेर दिल्ली गएको र त्रिभुवनलाई पदच्युत गरिएको तत्कालीन अवस्थालाई प्रतिबिम्बित गर्ने भाषिक रूपको प्रयोग भएको छ । यहाँ रहेका २००७ सालको राजनीतिक क्रान्ति, जागिरदारहरूमा अवसरवादले छापा मार्नु, त्रिभुवनलाई पदच्युत गर्नु, राणाहरूको अकण्टक राज्य, प्रजातन्त्रको प्रहरी, प्रजातन्त्रको उदय, घर भित्र पसी टाउको पिरोल्न लगाउनेहरू, समाजवादका उपासक, इतिहासको पाना, नेपालवाद जस्ता भाषिक रूपमा नेपालमा प्रजातन्त्रका लागि भएको क्रान्ति र तत्कालीन राजा त्रिभुवनको भूमिका तथा तत्कालीन राजनीतिक परिस्थिति अन्तर्निहित भएको छ । यसबाट तत्कालीन राष्ट्रिय राजनीतिको पृष्ठभूमिमा व्यक्ति स्वार्थमा रमाउने प्रवृत्तिको वास्तविकता स्पष्ट हुन्छ ।

नेपालको राष्ट्रिय राजनीतिका विशेष गरी २००७ देखि १७ सालसम्मको सन्दर्भलाई नेपालमा सबै क्षेत्रमा मौलाएको अवसरवादलाई राजनीतिसँग राखेर यस निबन्धमा हेरिएको छ । नेपालको राजनीतिक इतिहासमा भएका थुप्रै अवस्थालाई यहाँको राष्ट्रिय राजनीतिका विविध सन्दर्भले अर्थ्याएका छन् । तलका उदाहरणमा यही तथ्यलाई स्पष्ट पारिएको छ :

> (६) 'तर' राखेर दुवै पक्षबाट काम माम र नामको दुनो सोभ्याउन चाहनेहरूको आबादी बढ्दै आएकाले नै २००७ देखि नेपालको कुनै दिन शान्ति र सन्तोषको सास फेर्न नपाएको हो । नेपालको राजनीतिक अस्थिरताका अस्थिरतामा कुनै एक खास शक्ति या कुनै खास जमातको हात नभएर व्यापक रूपमा बढ्दै गएको अवसरवादको नतिजा स्वरूप यो हुन गएको हो । अवसरवादिताको मुलभूत प्रेरणा दिनेहरूमा तथाकथित प्रजातन्त्रवादी र तथाकथित समाजवादीहरूको ठूलो हात भएको मान्नुपर्छ । (अर्याल २०६३, पृ. २९)

उदाहरण (६) मा रहेका माम र नामको दुनो सोभ्याउनु, २००७ देखि, शान्ति र सन्तोषको सास, खास जमातको हात, तथाकथित प्रजातन्त्रवादी, तथाकथित समाजवादी जस्ता भाषिक रूपमा नेपालमा भएको प्रजातन्त्रको स्थापनापश्चात्को तत्कालीन राजनीतिक अवस्था र यस अवस्थामा मौलाएको अवसरवादको विकास अन्तर्निहित भएको छ । यहाँ प्रस्तुत भएको माम र नामको दुनो पदावलीले परम्परागत अर्थ नबुझाएर आर्थिक उन्तति र प्रतिष्ठालाई जनाएको छ

भने जसरी भए पनि नाम कमाउने र पद र पैसा कमाउने प्रवृत्तिको बोधका लागि यहाँ माम र नामको दुनो प्रयुक्त रहेको छ । यहाँ २००७ साललाई र यसपछिको समयलाई पनि प्रजातन्त्रको स्थापना भएपछिको सुखद् काल वा समयका रूपमा नभएर अवसरवादी प्रवृत्तिको विकास भएको खराब समयका रूपमा देखाइएको छ । यहाँ रहेका प्रजातन्त्रवादी र समाजवादी भनेको कुनै प्रजातन्त्रको पक्षधर र मार्क्सवादी वा बामपन्थी विचारका पक्षधर नभएर नेपालमा रहेको काङ्ग्रेस र कम्युनिष्ट पार्टी र यससम्बद्ध विचारको आडमा तर सिद्धान्तबाट विचलित स्वार्थी मानिसहरूको झुन्डलाई जनाउँछ । यहाँ नेपालमा रहेका प्रजातन्त्रका पक्षधर र समाजवादी पार्टीहरूको गतिविधिप्रतिको लेखकीय वितृष्णाको पनि बोध हुन्छ ।

'रेडियो रसातल' निबन्धमा विभिन्न क्षेत्रमा भएका गतिविधिको व्यङ्ग्यात्मक जानकारीमूलक समाचारको शैलीमा 'महादान समारोह' शीर्षकमा प्रस्तुत समाचारमा रहेका विविध भाषिक रूपले नेपालको भारतसँग भएको असमान गण्डक सम्झौता र यसअघि भारतसँगै गरिएको कोशी सम्झौतासम्बन्धी तथ्यमार्फत नेपालको तत्कालीन सरकारको विदेश नीति, नेपालका प्राकृतिक स्रोतमाथिको भारतीय नियन्त्रण र उपयोगसम्बन्धी वास्तविकताको बोध हुन्छ, जस्तै -

(७) अस्ति साँझ झ्याउकिरी बैठकमा आयोजित एक महादान समारोहमा अर्धमूली तथा अर्धचुली मन्त्री श्री श्री श्री 'ग' वर्गीय कुँवरकुल कलाधर महाप्रभुले राष्ट्रिय दश दानमध्यको दोस्रो रूप महानदीयुक्त भूमिदान कार्य सम्पन्न गर्नुभयो । नेपालको गण्डस्थलमै छोएर दक्षिण फर्की गरेको यस महादानलाई मुर्दावादको तुमूल गगनभेदी ध्वनिका साथ अवकाशोन्मुख पण्डितप्रवर सिन्हा महाशयले बडो हडबडका साथ हात पार्नुभयो । चियापानीको अभिषेक गर्दै पण्डितजीले आशिष दिनुभयो । यस महादानको प्रभावले हामी पुरेतको सम्बन्ध पुस्तौं पुस्तासम्म जस्ताको तस्तै रहनेछ । रहँदा बस्दा यसको सुवासले हामीलाई एउटै परिवार बन्न पनि बेर लाग्ने छैन । (अर्याल, २०६३ पृ. २३)

उदाहरण (७) मा प्रयुक्त भाषिक रूपले नेपालले गरेको नदीसम्बन्धी असमान सम्झौताको तत्कालीन परिस्थितिबाट नेपाली राजनीतिको परनिर्भरता र नेपाली प्राकृतिक सम्पदाको अरूले प्रयोग गर्न पाउने गरी गरेको सन्धिसम्झौताको तत्कालीन अवस्थालाई बोध गराउँछ । महानदीयुक्त भूमिदान, दक्षिण फर्की गरेको महादान, मुर्दावादको तुमल गगनभेदी ध्वनि जस्ता भाषिक रूप तत्कालीन समयमा भारतसँग गरिएको गण्डक सम्झौतालाई अर्थ्याउन प्रयुक्त भएका छन् । नदीदानले गण्डक सम्झौता, दक्षिण फर्किएको भन्नाले भारताभिमुखता र दुई परिवार एकै हुन बेर नलाग्नुले भारतको इसारामा नेपाली राजनीति चल्ने सङ्केतलाई जनाउँछन् ।

माथिको उदाहरणमा नेपाल र भारतका बिचमा भएको गण्डकी नदीसम्बन्धी सन्धिलाई जनाउनका लागि प्रयुक्त भाषिक रूपले भारतको नेपालमाथिको नियन्त्रण तथा राजनीतिक दवावको त्यही अवस्थालाई बुझाउँछ । नेपालले अन्तर्राष्ट्रिय सम्बन्ध सुधार गर्ने बहानामा एकपछि

अर्को असमान किसिमका र नेपाल तल पर्ने खालका सम्झौता गर्दै गएको श्रृङ्खलालाई यहाँको भूमियुक्त नदीदानले स्पष्ट पार्छ । नेपालको तत्कालीन सरकारले लिएका अन्तर्राष्ट्रिय सम्बन्धसम्बन्धी नीति तथा सोअनुसारका गतिविधिका कारण देशमा भावी समयमा कठिनाइ उत्पन्न भई नेपालीको अस्तित्वमा चुनौती हुने र विदेशीले हरेक क्षेत्रमा प्रभाव राख्ने तथा हस्तक्षेप गर्न सक्ने सम्भावनाको सङ्केत यहाँ देखिन्छ ।

सरकारको नातावादी, कृपावादी चरित्र र शिक्षा तथा कर्मचारी प्रशासनमा भएको चरम राजनीतिकरणको विषयलाई पनि यहाँ विभिन्न सन्दर्भमार्फत देखाइएको छ । कर्मचारी नियुक्तिमा रहेको राजनीतिक हस्तक्षेप, नातावादी प्रवृत्ति र हरेक क्षेत्रमा भएको राजनीतिक प्रभावलाई यस निबन्धमा रहेको तलको उदाहरणद्वारा स्पष्ट पारिएको छ :

(८) को कसका मान्छे को कसका मान्छे भन्ने मन्त्री मन्त्रीका बिच अन्यौल परी समानस्तरमा सबैका मान्छेले पजनीमा स्थान पाउन नसकेकाले र यस्तै अन्यौल परिरहेमा भए जति आपस्तहरू जागीरमा बुत्याउन नसकिने सम्भावना भएकालले सरकारले सबै सबै नातागोताको फिरिस्त (फेहरिस्त) तयार गरी खोजे -खोजेको बखत सिफारिस गर्नका निम्ति एउटा समाजवादी नातागोता कमिसन भन्ने अड्डा खडा गर्ने भएको समाचार छ । यो कमिसन घरेलु विभागअन्तर्गत रहनेछ र यसको स्तर पब्लिक सर्भिस कमिसनभन्दा माथिल्लो हुनेछ भन्ने पनि समाचारमा जनाइएको छ । (अर्याल, २०६३, पृ. २५-२६)

(९) बुथैपिच्छे एकोटा प्राथमिक स्कुल खोल्न पर्याप्त शिक्षक नभएकोले जुन जुन बुथमा सत्तारुढ पार्टीका जो जो एजेन्ट थिए, तिनलाई नै कहिल्यै नखोसिने गरी अध्यापक नियुक्त गर्न शिक्षा विभागले सोचेको छ । साथै राष्ट्रभर एउटै पाठ्यक्रम चालु गर्ने सरकारको निर्णय भएकोले अरू पाठ्यक्रम बनाउनुभन्दा पार्टी घोषणापत्र नै पाठ्यक्रमका रूपमा राखिएमा एकै किसिमको शिक्षा फैलिनेछ भन्ने पाठ्यक्रम बोर्डको सुझावमाथि मन्त्रीज्यू परिवारसहित अध्ययन गर्दै हुनुहुन्छ भन्ने समाचार छ । (अर्याल, २०६३, पृ. २६)

उदाहरण (८) मा को कसका मान्छे को कसका मान्छे, मन्त्रीमन्त्रीबिचमा अन्यौल, सबैका मान्छे पजनी, नातागोताको फेहरिस्त, समाजवादी नातागोता कमिसन, घरेलु विभाग र पब्लिक सर्भिस कमिसनको भन्दा माथिल्लो स्तर जस्ता भाषिक रूपमा तत्कालीन सरकारको नातावादको विषय र जागिरमा मान्छे पजनी गर्ने प्रक्रियाको परिवेश गरेको छ । माथिका भाषिक रूप र यसमा निहित स्थितिलाई राष्ट्रिय राजनीति र सरकार सञ्चालनका सन्दर्भले एकाकार गराएको छ । यहाँ 'को कसका मान्छे' भनेर मन्त्रीमा नै अन्यौल भएको तथ्यमार्फत तत्कालीन नातावादी सरकारी नीति र आकाङ्क्षी धेरै भएकाले यसमा भएको अलमल तथा त्यस अलमललाई हटाउन नातासबन्धीहरूको फेहरिस्त तयार पारेर जागिरमा पजनी गर्ने लज्जास्पद अवस्था रहेको बुझिन

आउँछ तर यसले दिने सन्दर्भगत राजनीतिक संज्ञान भनेको तत्कालीन समयमा रहेको हरेक विषयमा भएको नातावादी तथा कृपावादी प्रवृत्ति र सरकारका महत्त्वपूर्ण पदमा आफ्ना कार्यकर्ता र नातागोताका मान्छे भर्ना गरेर राज्यको सुविधा आफ्नै परिवार र नातेदारले दोहन गर्ने परिपाटी भन्ने हो । यहाँ रहेको 'समाजवादी नातागोता कमिसन' नयाँ पदावली हो । समाजवादले सरकारको नियन्त्रणमा राष्ट्रिय सुविधा रहेको जनताको शासनव्यवस्था भन्ने अर्थ दिन्छ तर यहाँ प्रयुक्त समाजवादले व्यङ्ग्यात्मक रूपमा नाममा रहेको समाजवाद तर काममा रहेको नातावादलाई जनाउँछ । यसले सङ्केत गरेको सन्दर्भ भनेको प्रजातान्त्रिक समाजवादको हो । अतः यस समाजवादमा जनतालाई निष्पक्ष रूपमा राज्यका अवसरहरू प्राप्त नभएको रहस्यतिर यहाँ विषयको वर्णन भएको हुनाले समाजवादको सन्दर्भले परिवारवाद र नातावादको अभिव्यञ्जना गर्छ । पब्लिक सर्भिस कमिसनले नेपालको कर्मचारी प्रशासनको नियुक्ति, सरुवा जस्ता प्रक्रियामा सिफरिस गर्ने स्वतन्त्र आयोगलाई जनाउँछ । नेपालीमा लोक सेवा आयोग भनिने यस स्वतन्त्र आयोगले निश्चित मापदण्ड तयार पारी सार्वजनिक प्रशासनका लागि दक्ष र योग्य जनशक्तिको सिफारिस गर्दछ । यहा रहेको लोकसोवा आयोगले नातागोता कमिसनभन्दा तल्लो स्तरको आयोगलाई जनाएको छ । यसबाट सन्दर्भगत रूपमा लोक सेवा आयोग एउटा नाम मात्रको आयोग र राजनीतिक पार्टीका नातागोता र कार्यकर्ताको भर्ती गर्ने सत्ताधारीको साक्षी बन्ने निकायका रूपमा रहेको भन्ने अर्थ प्राप्त हुन्छ । यसबाट तत्कालीन समयमा लोक सेवा आयोगबाट दक्ष र योग्य जनशक्ति छान्ने परम्परा खाली देखावटी भएको तर वास्तविकतामा सत्तासीन पार्टीका नातागोताले अवसर पाउने नातातन्त्र रहेको हावी थियो भन्ने तथ्य बोध हुन्छ ।

उदाहरण (९) मा प्रयुक्त बुथैपिच्छे एकोटा प्राथमिक स्कूल, सत्तारुढ पार्टीका एजेन्टलाई अध्यापक, पार्टी घोषणापत्र नै पाठ्यक्रम र परिवारसहितको मन्त्रीज्यूको अध्ययन गरी चार ओटा भाषिक सूचकले सरकारी शिक्षानीति र शिक्षकको नियुक्ति प्रक्रियाको तत्कालीन स्थितिको बोध गराउँछन् । यी स्थितिलाई सरकार सञ्चालन र व्यवस्थापनको प्रभावका कारण शिक्षामा भएको हदैसम्मको राजनीतिका आधारमा हेर्नु उपयुक्त हुन्छ । यी राजनीतिक सन्दर्भको सोझो सम्बन्ध शिक्षाको ज्योति र चेतना फैल्याउने निउँमा बुथैपच्छि प्राथमिक स्कुल खोलेर आफ्नै कार्यकर्तालाई जागिर ख्याउने तत्कालीन अवस्था र शिक्षामा कार्यकर्ता भर्ती गर्ने सत्तासीन परिपाटीसँग रहेको छ । यहाँ पार्टीको घोषणापत्रलाई नै पाठ्यक्रमका रूपमा पढाउनुपर्ने पाठ्यक्रम बोर्डको सुझावले यस्ता संस्थामा भएको राजनीतिक नियुक्तिको प्रभाव र मन्त्रीको सपरिवारको अध्ययनबाट नातावादी र परिवारवादी प्रवृत्तिका कारण स्वतन्त्र विज्ञ नियुक्त गरेर शिक्षामा वैज्ञानिक पाठ्यक्रम बनाउन नसकेको तत्कालीन अवस्थाको बोध हुन्छ । यसबाट तत्कालीन समयको कर्मचारी प्रशासन मात्र नभएर शैक्षिक क्षेत्र पनि विकृत थियो भन्ने कुरा पनि स्पष्ट हुन्छ । यसबाट तत्कालीन शिक्षानीति, पाठ्यक्रम र शिक्षक छनौटमा भएको चरम राजनीतिकरणप्रतिको लेखकीय असन्तुष्टि अभिव्यक्त गर्ने आशय पनि छर्लङ्गै हुन्छ । यो निबन्ध २०१७ साल बैसाख १३ गते *हालखबर* पत्रिका प्रकाशित भएको र यसको राजनीतिक संज्ञानको परिधिमा नेपालमा नेपाली

काङ्ग्रेसको २०१६ सालमा बनेको दुई तिहाइ बहुमतको एकलौटी सरकार रहेको थियो । यही सरकारको समयमा भएका राजनीतिक गतिविधि र सरकारका कामकारबाहीको अभिव्यञ्जनाका क्रममा माथिका भाषिक रूपको प्रयोग भएको प्रस्ट हुन्छ ।

'जय भोलि' निबन्धमा सरकारी कामकाजमा हुने ढिलासुस्ती र जनताको काममा जिम्मेवारीबोध नभएको सरकारी अवस्थाको अभिव्यक्ति रहेको छ । यसमा नेपालको सरकार र राजनीतिक इतिहासको विषयबाट राणा सरकारको पालामा भएको प्रशासनिक तजबिज र सोअनुसारको कामकारबाहीमाथि व्यङ्ग्य प्रहार गएिको छ । यहाँ रहेको भाषिक रूपमा तत्कालीन प्रशासन संयन्त्र र यसका गतिविधि तथा जनतामा त्यसको प्रभावको तत्कालीन यथार्थ प्रतिबिम्बित भएको छ, जस्तै -

(१०) उहिल्यै राजर्षि महाराजको पालामा कुन्नि कता हो आगो लाग्यो रे । लाग्नासाथ घरपेटीले थरीलाई पुकारेछ । थरी ससुरालीमा श्राद्ध खान निस्किसकेकोले थरिनीले भनिछन्- "भोलि उहाँ आउनेबित्तिकै म भनिदिउँला ।" भोलिपल्ट बिहान एक चिलिम तमाखु पनि राम्रो ननिखारीकन थरीजी पुलिसचौकीमा पुगेछन् । तर चौकीका हवलदार छुट्टी लिएर हिँडिसकेछन् । घरतिर सिपाहीले सोही बेहोरा बताई भोलि आउने आज्ञा दियो । भोलिपल्ट चौकीले खबर दियो र त्यसको भोलिपल्ट ठानामा खबर पुग्यो । ठानाले गोस्वारालाई, गोस्वाराले हजुरियालाई खबर गर्दागर्दै श्री ३ महाराजकहाँ तीन महिना तीन दिनपछि तात्तातो बिन्ती चढ्यो कि फलाना ठाउँमा आगो लाग्यो । तेह्रओटी नानीसँग जिस्किरहेका श्री ३ ज्यूले "लौ भोलि सम्झाउनू" भन्ने हुकुम दिए । भोलिपल्ट मुखारीको मौका पारी हजुरियाले डराईडराई बिन्ति बिसायो- "सरकार फलाना ठाउँमा आगोले सिद्ध्याएछ ।" काखीमा अत्तर छिट्न लगाउँदै श्री ३ बाट तात्तातो हुकुम बक्स्यो- "लौ भोलि नै निभाउन लगाइदिनू ।"(अर्याल, २०७७, पृ. ५५)

उदाहरण (१०) मा रहेका राजर्षि महाराज, ससुरालीमा श्राद्ध खान निस्केका थरी, चौकीका हवलदार छुट्टीमा, ठाना, गोस्वारा, तीन महिना तीन दिनपछि तात्तातो बिन्ती, तेह्रओटी नानीसँग जिस्किरहेका श्री ३ ज्यू, श्री ३ बाट तात्तातो हुकुम, भोलि नै निभाउन लगाइदिनू जस्ता भाषिक रूपमा नेपालको राणाकालीन इतिहास र तत्कालीन प्रशासन संरचना तथा कार्यशैलीसम्बन्धी पर्यावरण अन्तर्निहित भएको पाइन्छ । यहाँको राजर्षि महाराजले जुद्ध शमशेरलाई बुझाउँछ । हवलदार, थरी, सिपाही, थाना, गोस्वारा जस्ता शब्दहरू तत्कालीन प्रशासनको संयन्त्रलाई जनाउनका लागि प्रयुक्त भएका छन् भने तीन महिना तीनदिनपछि तात्तातो हुकुमले तत्कालीन प्रशासनमा रहेको ढिलासुस्तीलाई बुझाउँछ । यहाँ रहेका तेह्रवटी नानीसँग जिस्किरहेका श्री ३ बाट तत्कालीन शासकको विलासिता र जनताको कामभन्दा पनि ऐसआराममा रम्ने सरकार प्रमुखको प्रवृत्तिको बोध हुन्छ । अतः माथिको उदाहरणबाट सन्दर्भार्थमा राणाकालीन प्रशासन

जनउत्तरदायी नरहेको अनि सरकारका कारिन्दा र सरकार स्वयम् नै जनसेवालाई छोडेर व्यक्तिगत कार्य र विलासितामा लाग्ने गरेको यथार्थको बोध हुन्छ ।

तत्कालीन राजनीतिक अवस्थाका विषयमा रहेको 'नेता नम्बर एक सय एक' निबन्धमा राष्ट्रिय राजनीतिका विविध गतिविधिलाई बुझाउने भाषिक रूप प्रयोग भएको पाइन्छ । यस निबन्धमा रहेका सन्दर्भसूचक भाषिक रूपको माध्यमबाट प्रजातन्त्र स्थापनापछिको नेपालको राजनीतिक अवस्था प्रतिबिम्बित भएको छ । नेपालमा प्रजातन्त्रको स्थापनापछि राजनीतिक पार्टी खोल्ने र सञ्चालन गर्ने स्वतन्त्रता प्राप्त भएसँगै देशका एकपछि अर्को पार्टीको स्थापना भएको र नेपाली जनतालाई ती पार्टीले आ-आफ्नो कित्तामा गुटबन्दी गराएको तत्कालीन अवस्थालाई जनाउन यस्ता भाषिक रूप अर्थपूर्ण पनि रहेका छन् । देशमा भएको राजनीतिक गतिविधि, सरकार निर्माण र जनउत्तरदायित्वसम्बन्धी अवस्थालाई तलको उदाहरणबाट थप स्पष्ट पारिएको छ :

(११) कसैलाई कुराले फुलाएर, कसैलाई सुराले झुलाएर, कसैलाई झन्डाले लोभ्याएर, कसैलाई डन्डाले सोझ्याएर, कसैलाई खेती जोरिदिउँला भनेर, कसैलाई केटी खोजिदिउँला भनेर, कसैलाई नुन पाउला भनेर, कसैलाई सुन लाउला भनेर इत्यादि गर्ने कृत्य गरी मेरा मनोमान खुसी राजीसाथ पार्टीको सदस्यबुकमा सही गराएँ । यसको फलस्वरूप कैयौँ पटक जुलुस, भाषण, हडताल, पिकेटिङ गरियो । "जहाँसम्म हाम्रो अखिल नेपाल दुःखमोचन पार्टीको सरकार हुँदैन, त्यहाँसम्म सङ्घर्ष जारी नै रहन्छ" भन्दै सभापति श्री बिकनबिलास बानियाँले नेपालचौरमा कुर्ले । शहीदको शपथ खाँदै उनले यो पनि भने कि हाम्रो पार्टीको सरकार बनेको भोलिपल्ट नेपालको दुःखजति कालमोचनमा लगी म बगाइदिन्छु ।

नभन्दै नेताले फुर्का हालेको दिन उनकी सालीले हीराका लुर्का पाइन्, मैलेसम्म एक तुर्का चिया पाएको थिएँ, मैले बनाएका सदस्यले एक कुड्का ल्वाङ पनि पाएनन् वा अरू जनताले भने भोलिपल्टदेखि कतै नेताका सालाको, कतै सालाको पनि सालाको मुड्का पाउन थाले । यो देखी मलाई साह्रै जङ चल्यो र म पुगेँ अर्कै पार्टीमा । (अर्याल, २०७७, पृ. ८४)

उदाहरण (११) मा झन्डाले लोभ्याउनु, डन्डाले सोझ्याउनु, खेती जोरिदिनु, केटी खोजिदिनु, नुन पाउला र सुन लाउला भनेर लोभ्याउनु, नेताले फुर्का हाल्नु, सालीले हीराका लुर्का पाउनु र जनताले मुड्का पाउनु जस्ता भाषिक रूपको प्रयोग भएको छ । यी सन्दर्भसूचक भाषिक रूपले तत्कालीन राजनीतिक तरलता र नेताको उत्तरदायित्वहीन अवस्थालाई जनाएका छन् । नेपालमा प्रजातन्त्रको स्थापनापश्चात् भएको खुला राजनीतिक वातावरणमा जनतालाई प्रलोभनमा पारेर र धम्क्याएर दुवै तरिकाले नियन्त्रणमा लिने, कार्यकर्ता बनाउने र भोट प्राप्त गर्ने अनि निर्वाचित भएपछि जनताका समस्याको वास्ता नगर्ने र जनतालाई सास्ती दिने महत्त्वाकाङ्क्षी

एवम् स्वार्थी राजनीतिक चरित्र रहेको अर्थबोध हुन्छ । यो तथ्य तलको उदाहरणमा निहित स्थितिबाट अझ स्पष्ट हुन्छ :

(१२) एक सयवटा नेताको सङ्गत गरेँ, जुत्ता बोको, आखिरमा आएर न यता न उता । त्यसैले झोकै शान्ति मैले पनि मावलीको मद्दतले एउटा पार्टी खोलेको छु, जसको नाम हो- 'अखिल नेपाल भस्याङभुसुङ दल' । जसले जे भने पनि आखिर म पनि एउटा नेता भैहालेँ । (अर्याल, २०७७, पृ. ८५)

उदाहरण (१२) मा सय ओटा नेता, मावलीको मद्दतले पार्टी खोल्नु र जसरी भए पनि नेता बन्नु गरी तीन ओटा सन्दर्भसूचक भाषिक रूपलाई समकालीन राजनीतिक वातावरणसँग जोड्ने कार्य राजनीतिक सन्दर्भले गरेको छ । यहाँ सन्दर्भमार्फत राजनीतिक पार्टी र नेताको मात्र उत्पादन गर्ने तत्कालीन समयमा नेताको जाकडी गर्नुपर्ने र नेता वा पार्टीसँग चित्त नबुझे तुरुन्तै अर्को पार्टी खोल्ने परिपाटी बुझिन्छ । "मावलीको मद्दतले एउटा पार्टी खोलेको" भन्ने भाषिक रूपबाट राजनीतिक पार्टी खोल्ने र सञ्चालन गर्ने स्वतन्त्रता प्राप्त भएको र च्याउ उम्रेझैँ राजनीतिक दलहरूको सङ्ख्यामा वृद्धि भएको तर राजनीतिक संस्कारमा परिपक्वता नआएको २००७ देखि १७ सालसम्मको संक्रमणकालीन राजनीतिक स्थिति स्पष्ट हुन्छ । यसबाट नेपालमा तत्कालीन अवस्थामा एकपछि अर्को गर्दै पार्टी खोल्ने प्रक्रम, पार्टीमा परिवारवादको प्रभाव र जसरी भए पनि नेता बन्नुपर्ने खराब संस्कार रहेको तथ्य पनि स्पष्ट हुन्छ ।

प्रजातन्त्रको स्थापनापछि राजनीतिक स्वतन्त्रता प्राप्त भएको र त्यतिबेला पार्टीहरू च्याउ उम्रेझैँ उम्रेकोले नेताको सङ्ख्यामा वृद्धि भएको तत्कालीन यथार्थ "साँच्ची भनूँ भने तिनताक नुनमा कन्ट्रोल भए पनि नेतामा थिएन । पाटीमा बास नपाए पनि पार्टीमा त खास पाइन्थ्यो"( अर्याल, २०७७, पृ. ८२) भन्ने वाक्यमा देखिएको छ । "तर के गर्नु प्रोमोसन पाउने बेला भयो कि आइपुग्थ्यो अर्कै जगरसेठ, कहिले नेतामार्का र नातामार्का (अर्याल, २०७७, पृ. ८२) भन्ने वाक्यमा प्रयुक्त सन्दर्भसूचक भाषिक रूपबाट तत्कालीन नेपाली प्रशासनमा राजनीतिक प्रभाव र नातावादी प्रवृत्तिको स्थिति बोध हुन्छ । यस निबन्धमा उल्लिखित राजनीतिक पार्टीहरूको नामले प्रतीकात्मक रूपमा तत्कालीन अवस्थामा खोलिएका र दर्ता भएका राजनीतिक दललाई बुझाउँछ भने सन्दर्भगत दृष्टिले हेर्दा देशको भौगोलिक सीमा, जनताको जनसाङ्ख्यिक स्थिति तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशको सापेक्षमा अनावश्यक सङ्ख्यामा राजनीतिक दलबाजी हाबी रहेको तत्कालीन यथार्थ पनि यहाँ स्पष्ट हुन्छ ।

यसरी हेर्दा समग्रमा 'नेता नम्बर एक सय एक' निबन्धमा प्रयुक्त विभिन्न भाषिक रूपमा अन्तर्निहित राजनीतिक परिस्थितिलाई राष्ट्रिय राजनीतिका सन्दर्भले अर्थ्यायाएको र यस निबन्धको सन्दर्भार्थ प्रजातन्त्र स्थापनापश्चात्को नेपालको एक दशकको सङ्क्रमणकालीन राजनीति, राजनीतिक पार्टीहरूको अस्वस्थ प्रतिस्पर्धा, निर्वाचित राजनीतिक दलको सत्ताकेन्द्रित स्वार्थसिद्धि, प्रशासनिक संयन्त्रमा रहेको भ्रष्टाचार र चरम राजनीतिक प्रभाव तथा सरकारमा भएका

राजनीतिक पार्टीका कार्यकर्ताले सिर्जना गरेको आतङ्क तथा त्यसको मारमा परेका निरीह नेपाली जनताको अवस्थालाई अभिव्यक्त गर्न केन्द्रित रहेको देखिन्छ ।

'हराम पाँडे हजुर' निबन्धमा मृत्युपछिका परिवेशको परिकल्पनामार्फत नेपालको तत्कालीन राजनीतिक तथा प्रशासनिक परिवेशको वर्णन भएको छ । पौराणिक पात्र चित्रगुप्तको विषयलाई लिएर यस निबन्धमा नेपालमा भएको प्रशासनिक संयन्त्र र यसको कार्यशैली तथा जनताको काम गर्ने र अभिलेख राख्ने तरिका एवम् यसलाई सच्चाउने नाममा जनालाई दुःख दिने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । यहाँ नेपालको तत्कालीन प्रशासनिक संयन्त्रको कमजोरी र कार्यशैलीको तत्कालीन परिवेशका विभिन्न स्थिति रहेका छन् र तिनलाई प्रशासनिक प्रक्रियासम्बन्धी सन्दर्भले जोडेको छ, जस्तै -

१३) उनले रिसाएर भने- "लिखितम्‌को अगाडि बकितम् चल्दैन, बुझ्यौ ? यो चित्रगुप्तको रिकर्ड अड्डा हो, गुइँठा कर्पोरेसनको जथाभावी अफिस हो र तिमीले जे भन्यौ म त्यही पत्याऊँ ? पुर्जामा- 'राम पाँडे हजुर छ' रिकर्डमा 'हराम पाँडे' छ कसरी कारबाई गर्ने ?"(अर्याल, २०७७, पृ. २३२)

उदाहरण (१३) मा चित्रगप्तको रिकर्ड अड्डा, गुइँठा कर्पोरेसनको जथाभावी अफिस, पुर्जा र रिकर्ड गरी चार ओटा भाषिक सूचकले पौराणिक विषयमार्फत प्रशासनिक संयन्त्रको विद्यमान अवस्थाको बोध गराएका छन् । यहाँ चित्रगुप्तको अड्डाले न्याय प्रदान गर्ने कार्यालयलाई जनाउँछ भने मृत्युपछि समेत जनताले न्याय पाउन नसकेको तत्कालीन अवस्थालाई जनाउन यहाँ मृत्युपछिको काल्पनिक परिवेशको निर्माण भएको छ । गुइँठा कर्पोरेसनको जथाभावी अपिसले कामकाजी नभएका नेपालका कार्यालयलाई बुझाएको छ भने यहाँ रहेका पुर्जा र रिकर्ड गरी दुई ओटा पदले प्रशासनिक कार्यप्रक्रियालाई जनाए पनि यसको मुख्य सन्दर्भले नेपालको प्रशासनिक व्यवस्थापन र जनतालाई दुःख दिने परम्पराको बोध गराउँछ । यसबाट पौराणिक सन्दर्भमा न्यायालयका रूपमा हेरिने चित्रगुप्तको कार्यालयलाई पापपुण्यको निर्क्यौल गर्ने अड्डाको रूपमा मानिने भए पनि आधुनिक समयमा नेपालका न्यायालयमा पनि आनाकानी, ढिलासुस्ती र जनतालाई दुःख दिने प्रवृत्ति बढेको र अहिलेका न्यायमूर्तिहरू असक्षम र निर्णय क्षमतामा कमजोर रहेको यथार्थ यहाँ बोध हुन्छ । यसबाहेक देशको प्रशासनिक संयन्त्रमा रहेको आचरण, व्यवहार र जवाफदेहिताको अभावलाई तलको उदाहरणबाट स्पष्ट पारिएको छ :

(१४) विशेष पुलिसको कचहरीमा पुऱ्याइएको वनपालेझैँ कारिन्दालाई तीनपटक नमस्ते गरी थरथर काम्दै थुचुक्क एउटा त्रिपाईमा बसेँ । कारिन्दाले नमस्तेसम्म नफर्काई टर्रो आवाजमा झर्केर सोध्यो - "नाम क्या हो ? मैले काम्दो सवरमा हात जोड्दै बताएँ - "राम पाँडे हजुर !" कारिन्दाले नाम टिप्यो र पुर्जीका लाथि "भोलि आऊ" भन्यो । मैले छक्क पर्दै सोधेँ - "म आजै मरिसकेको मान्छे भोलि त दुई दिन हुन्छ

हजुर ! छोराले ढिकुरामा पिण्ड दिइसक्छ । आज कहाँ जाउँ र भोलि फेरि यहाँ आऊँ त ?" (अर्याल, २०७७, पृ. ३२१)

उदाहरण (१४) मा रहेका कचहरीमा पुऱ्याएको बनपाले, भोलि आऊ, मरिसकेको मान्छे, छोराले ढिकुरामा पिण्ड दिइसक्नु जस्ता भाषिक रूपमा नेपालको प्रशासनिक प्रक्रियाको प्रतिबिम्ब देखिन्छ । हिन्दू धार्मिक मान्यताअनुसार मान्छे मरेपछिको मुक्तिको यात्रासम्बन्धी विश्वासका आधारमा तयार पारिएको विषयवस्तु रहेको यस उदाहरणमा नेपालको सरकारी प्रशासनिक संरचना र यसको जनताप्रतिको व्यवहारको तत्कालीन स्थिति निहित भएको छ । यसमा प्रशासनमा व्याप्त रहेको भोलिवादी प्रवृत्ति वा ढिलासुस्तीको चरम रूप पनि देखिन्छ । मान्छे मरेर गइसक्दा पनि उसका विभिन्न प्रक्रिया पूरा गरेर काम नबन्नुने तत्कालीन सरकारी सेवाप्रतिको व्यङ्ग्यात्मक अभिव्यक्ति यहाँ देखिन्छ । यसबाट सरकारी सेवाका नाममा जनताले सास्ती मात्र पाउने र सरकारी कर्मचारी जनताका कामप्रति कुनै उत्तरदायी नहुने पञ्चायती प्रशासनको स्वरूप अवगत हुन्छ । यस निबन्धमा माथि उल्लेख गरेबाहेकका "के यो कुनै निर्वाचन आयोग हो र नाम सच्याई सच्याई मिलाउनुपर्ने ?" (अर्याल, २०७७, पृ. २३२), "हरियो मसीले अर्को तोक लगाइदिनु" (ऐ. पृ. २३३), "जिउँदो भएको भए त्यहाँ कुर्दाकुर्दै सिलटिम्मुर चपाइसक्थैं" (ऐ. पृ. २३४), "पैँतालिस दिनपछि एक दिन मलाई बोलाएर चित्रगुप्तले भने"(ऐ. पृ. २३५) जस्ता भाषिक रूपमा तत्कालीन नेपालको प्रशासनिक परिस्थिति वर्णित भएको छ । यसको अन्तर्यमा रहेका वास्तविकतालाई नेपालको राजनीतिसम्बन्धी सन्दर्भले अर्थ्याएको छ । यसबाट पनि सन्दर्भार्थमा उही जनउत्तरदायित्वविहीन सरकारी प्रशासन संयन्त्र, कर्मचारी तन्त्र र प्रक्रियामुखी प्रशासनिक व्यवस्थाको यथार्थबोध हुन्छ ।

माथिका अतिरिक्त 'महापुरुषको सङ्गत', 'अन्तर्राष्ट्रिय भ्यागुता सम्मेलन', भान्सा भो हजुर ?' जस्ता निबन्धमा पनि स्वदेशी राजनीति र यसका विविध परिवेशजन्य अवस्थासहितको भाषिक रूपको प्रयोग भएको छ । यस्ता स्थितिहरूबाट पनि तत्कालीन अवस्थाको सरकारी सूचनाको स्रोत, देशको प्रशासन संयन्त्रमा भएको कामचोर प्रवृत्ति र जनताका कामका ढिलासुस्ती गरेर अल्झाउने तत्कालीन कर्मचारी तन्त्रको दुष्प्रवृत्तिको बोध हुन्छ ।

### ५.३.२ अन्तर्राष्ट्रिय राजनीति

अन्तर्राष्ट्रिय राजनीतिले कुनै पनि देशबाहिरको भौगोलिक सीमामा रहेको राजनीतिक गतिविधि, दृष्टिकोण र विभिन्न देशका सरकारका गतिविधिलाई जनाउँछ । यसले विश्व जगतमा देखिएका द्विपक्षीय तथा बहुपक्षीय सम्बन्ध र यसको प्रभाव पर्ने अरू राष्ट्रहरूको अवस्थालाई पनि बुझाउँछ । अन्तर्राष्ट्रिय रूपमा रहेको कूटनीति पनि अन्तर्राष्ट्रिय राजनीतिकै हिस्सा मानिन्छ । विश्वका विभिन्न देशले अरू देशका लागि तयार पारेको नीति नै कूटनीति हो । यस शब्दले कुनै पनि देशहरूबिचको द्विपक्षीय तथा बहुपक्षीय सम्बन्ध, प्रभाव तथा नियन्त्रणलाई पनि बुझाउँछ । अर्यालका निबन्धमा अन्तर्राष्ट्रिय राजनीतिका विविध अवस्था र कार्यलाई जनाउने स्थिति

अन्तर्निहित रहेको पाइन्छ । उनका निबन्धमा प्रयुक्त विषयवस्तुलाई र त्यसमा निहित तत्कालीन विश्वको राजनीतिक अवस्था र यसका उतारचढावलाई अन्तर्राष्ट्रिय राजनीतिसम्बन्धी सन्दर्भमार्फत अर्थ्याउन सकिन्छ । अर्यालका निबन्धमा प्रयुक्त भाषिक रूपले विभिन्न अर्थ बोकेको देखिन्छ । उनका निबन्धमा तत्कालीन विश्व राजनीतिका गतिविधि तथा अन्तर्राष्ट्रिय जगतका सरकार र अन्तर्राष्ट्रिय संस्थाले गरेका राजनीतिक चालबाजीसम्बन्धी अवस्थाहरू तथा कूटनीतिका विषय पनि रहेका छन् । अर्यालका निबन्धमा रहेको अन्तर्राष्ट्रिय राजनीतिसम्बद्ध सन्दर्भको विवरण र तिनमा रहेको सन्दर्भार्थको तल विश्लेषण गरिएको छ ।

**तालिका नं. १० : अन्तर्राष्ट्रिय राजनीतिसम्बन्धी सन्दर्भको विवरण**

| निबन्धको शीर्षक | भाषिक रूप | स्थिति |
|---|---|---|
| सरकारले दुलो खोज्नु पर्ला | बेनको राज्यमा क्रान्ति गरेझैँ क्रान्ति | अस्तित्व रक्षाका लागि सङ्घर्ष |
| तमसुक | सर एच. ह्वाइट उपनिवेशवादाचार्य | उपनिवेशवादको नाइके |
| | घरघर चहारी छिद्रान्वेषण गर्ने पासपोर्ट | देशको चियोचर्चो गर्ने अनुमति |
| | कलकत्ता डोर | भारतमा बनेको पार्टी |
| चिनिया घुसघुसे | बेलायती भाषा र हिन्दूस्तानी भावले भरिपूर्ण प्रेस वक्तव्य | चीनविरुद्धको बेलायती र भारतीय विचार |
| | सुरुदेखि नै बेलायती | देशमा अङ्ग्रेजको प्रभाव |
| | हिन्दूस्तानी भनेपछि साससम्म गन्हाउनु | भारतको विरोध र बेलायतको समर्थन |
| | चिनियाले आक्रमण गर्नु | मिथ्या तर्क र हल्ला |
| | नेपाली सिपाहीलाई चिनियाले मार्नु | मिथ्या तर्क र हल्ला |
| | उत्तरी हावाको झोक्का | चिनिया चिन्तन र विचार |
| | नेपालमा चिनिया घुसघुसे | चीनप्रतिको पक्षपाती दृष्टिकोण |
| अवसरवादी दर्शन | संयुक्त राष्ट्रसङ्घका जेठा सदस्य | संयुक्त रष्ट्रसङ्घका भिटो पावर भएका सदस्य |
| | वाक्डुङ सम्मेलन र पञ्चशीलता | असंलग्नतासम्बन्धी तटस्थ नीति |
| | जेनेभा सम्झौता | शान्ति स्थापनाको दस्तावेज |
| | विश्वको राजनीति सी.आई.डी. र संवाददातामा निर्भर | विश्वराजनीतिको रहस्य |
| | भारतीय भवनमा नेपाली कविहरूको गोष्ठी | विदेशी राष्ट्रको आधिपत्य |
| | अमेरिकन दुतावासमा हिमाली फिल्म प्रदर्शन | विदेशी राष्ट्रको आधिपत्य |

| | | |
|---|---|---|
| अन्तर्राष्ट्रिय भ्यागुता सम्मेलन | बेलायती बैठकमा परराष्ट्रमन्त्रीको राजकीय भोज | विदेशी राष्ट्रको आधिपत्य |
| | भानुभक्तको शालिकनेर रविन्द्र जयन्ती | विदेशीको पाउ पर्ने प्रवृत्ति |
| | मिसिसिपीखोले प्रतिनिधि मण्डलका नेता मिस्टर ओल्ड एस डलर | राजनीतिक होडबाजीका नाइके |
| | भोल्गाखोले प्रतिनिधि मण्डलका नेता मिस्टर मार्शल फटाटोभ | राजनीतिक होडबाजीका नाइके |
| | टेम्सखोले प्रतिनिधि मण्डलका नेता मि. एस.एस. पायड | राजनीतिक होडबाजीका नाइके |
| | सीनाखोले नेता चार्जस् एश्चेन | राजनीतिक होडबाजीका नाइके |
| | ह्वाङखोले प्रतिनिधि मण्डलका नेता म्याउँ-म्याउँ चु | राजनीतिक होडबाजीका नाइके |
| | गङ्गाखोले प्रतिनिधि मण्डलका नेता श्री शान्तिकान्त चतुर्वेदी | राजनीतिक होडबाजीका नाइके |
| | बाग्मतीखोले प्रतिनिधि मण्डलका नेता टारटुर सिङ | नेपालको विदेशी सामुको उपस्थिति |
| | पञ्चशीलको आधार | परराष्ट्रसम्बन्धी नीति |
| | साना खोलाका समस्या | साना देशका बाध्यता |
| | विश्वमा भएका गिदी जम्मा हुनु | वैचारिक विविधताको जमघट |
| मिस्टर एन. मुनि नेपालमा | स्पुतनिक | रूपको अन्तरिक्ष यान |
| | अन्तरिक्ष मानव | नारद |
| | ब्रह्माण्ड भेदन | विश्वरहस्यको खोजमा रुसको प्रगति |
| | लोकलोकान्तरको सारा रहस्य | पृथ्वीसम्बन्धी जानकारी |
| | चन्द्रलोकमा पनि कम्युनिष्ट घुसाउनु, | रुसको चन्द्रमा यात्राको प्रयास |
| | आकर्षण र प्रत्याकर्षण | शक्तिशशाली देशको तानातान |
| | रुसी प्रतिनिधिले दिएको मस्कोभिच कार | नेपालमाथि विदेशी प्रभाव |
| | जापानी प्रतिनिधि ल्याएको ट्रान्जिस्टर | नेपालमाथि विदेशी प्रभाव |
| चन्द्रलोक कसको ? | संयुक्त मुलुक सङ्घको अफिस सहारामा | राष्ट्र सङ्घको शून्य भूमिका |
| | न निरस्त्रीकरण न विश्व शान्ति | अन्तरिक्षमा पुग्ने होडबाजी |
| | जोधाहा मुलुक | चीन र बेलायतको शक्ति |
| | अङ्ग्रेजको राज्य फेरि घाम नअस्ताउने | भाषा र अन्य शैलीको उपनिवेशवाद |
| | साम्यवादी र समाजवादी | विश्वका शक्ति केन्द्र |

| | | |
|---|---|---|
| जय भुँडी | बिस्मार्क हुन् कि पृथ्वीनारायण शाह | चर्चित शासक |
| | ब्रह्माको मुलुक पसेका नेपाली बर्माबाट फर्काइनु | नेपालीको बर्मा बसाइ र त्यहाँबाट फिर्ता भएको अवस्था |
| पृथ्वीनारायण ! तिमी फेरि आऊ | दखिन ढुङ्गा | नेपालको छिमेकी भारत |
| | उत्तर ढुङ्गा | नेपालको उत्तरी छिमेकी चीन |
| | एकदुई थरी दाजुभाइले एउटै ढुङ्गातिर बढी ढेप्न खोज्नु | नेपालको विदेश नीतिमा मतवैभिन्य |
| | अर्काका चेकपोष्ट लिनु | नेपाली भूमिमाथिको हस्तक्षेप |
| | असमान व्यापार सन्धि | नेपाल भारत व्यापार सन्धि |
| | देशको सीमामा अरूको चेकपोष्ट | नेपाली सीमामा भारतीय हस्तक्षेप |
| | एक मित्रले अर्को मित्रको चेवा गर्ने अड्डा बनाउनु | भारतले चीनको सुराकीका लागि नेपालको भूमि प्रयोगको चेष्टा |
| | नून मट्टितेलको तगारो हाल्नु | भारतको नाकाबन्दी |
| | दुई ढुङ्गालाई नछोई बाहिर निस्कने गौडो नपाउनु | भारतका कारण तेस्रो देशमा पहुँच नहुनु |
| | हिस्दूस्थानको सुरक्षाका निम्ति छाती थाप्नु | भारतीय सेनामा योगदान |
| काला साथीहरूको बीचमा गहुँगोरो | आतिथेय गोर र परिचेय काले | युरोपेली र अफ्रिकी जनताको अवस्था |
| | नामेवियाको विद्रोही पार्टीको प्रचार शाखा | नामिबियाको राजनीति |
| | कतिपय काला, घरबेटी जस्तै गहुँगोरा र आफूजस्तै गहँगोरा | एसियाली, अफ्रिकी र युरोपेलीमा फरक |
| | मार्टिन लुथर किङ | काला जातिका नेता |
| | पेट्रिस लुमुम्बास | काला जातिका नेता |
| | रङ्गभेदी नीति | गोराले कालालाई गर्ने विभेद |
| | रङ्गभेदको भर्त्सना गर्ने देश | जर्मनको उदार नीति |
| | गोरेको भए पनि समाजवादी देश | जर्मनको राजनीतिक व्यवस्था |

तालिका (१०) मा 'सरकारले दुलो खोज्नु पर्ला', 'तमसुक', 'चिनिया घुसघुसे', 'अवसरवादी दर्शन', 'अन्तर्राष्ट्रिय भ्यागुता सम्मेलन', 'चन्द्रलोक कसको ?' 'जय भुँडी', 'पृथ्वीनारायण ! तिमी फेरि आऊ', र 'काला साथीहरूको बीचमा गहुँगोरो' गरी अर्यालका नौ ओटा निबन्धमा रहेका मुख्य भाषिक रूप र तिनमा रहेको स्थितिको विवरण दिइएको छ । यस्ता स्थितिमा निहित रहेको संज्ञानको बोधका लागि संज्ञान खोज्ने राजनीतिक आधारअन्तर्गत अन्तर्राष्ट्रिय राजनीतिसम्बन्धी सन्दर्भको सहयोग आवश्यक रहेको छ । अर्यालका निबन्धमा रहेको अन्तर्राष्ट्रिय राजनीति र

यससँग जोडिएका संज्ञानको बोधका लागि यहाँ ती निबन्धमध्येबाट उदाहरणका रूपमा लिइएका भाषिक रूपलाई ती भाषिक रूपमा निहित तत्कालीन विश्व राजनीतिका विविध स्थितिका सापेक्षतामा विश्लेषण गरिएको छ ।

नेपाली राजनीतिमाथिको नियन्त्रण र त्यसमा अन्तर्राष्ट्रिय रूपमा प्रभाव पार्ने विषयवस्तु र यसमाथिको दृष्टिकोण 'तमसुक' निबन्धमा देखिन्छ । अमेरिका र बेलायत जस्ता देशले नेपालमा हुने राजनीतिसम्बन्धी क्रियाकलापमा हस्तक्षेप गरेको र यसमा भारतको पनि भूमिका रहेको तथ्य यस निबन्धमा रहेको भाषिक रूपमा भेटिन्छ, जस्तै -

(१) तोकिएबमोजिमको रकम-कलम सालिन्दा बुझाउँदै आगामी पाँच वर्षभित्रमा सावाँ ब्याज घिउखानेसमेत सबै रकम चुक्ता गरी यहीँ हाजिर भई सुटुक्क बुझाउन ल्याउँला । सो नबुझाउन्जेल मेरा हक भोगमा रहेको २००४ सालको कलकता डोरबाट मेरो नाममा दर्ता भयाको बिर्तामा बनेको पार्टी साहूले भोगचलन गरी जे सस्तो काम लिनुपर्छ लिनु गरी लिनू भनी धितो धरोट राखी कालगतिले मेरो बीचमा अन्त्य भए तापनि हाम्रा गुठियारहरूका एक एक सन्ताससँग साहूले गर्ने कृत्य गरी आफ्नो थैली उपर गरीलिनुभयामा मेरा मनोमान खुसीराजीसँग साहूकै ड्रइङ रुममा बसी पार्टीबन्धक भाकापत्रको तममसुक लेखी किनारामा लेखिएका मानिस साक्षी राखी तपाईं साहू सर एच. ह्वाइट उपनिवेशवादाचार्यका हजुरमा चढाएँ । (अर्याल, २०६३,पृ. ११)

उदाहरण (१) मा रहेका २००४ सालको कलकता डोरबाट दर्ता भयाको पार्टी, साहूकै ड्रइङ रुममा बसी पार्टीबन्धक भाकापत्र र सर एच. ह्वाइट उपनिवेशवादाचार्य गरी तीन ओटा भाषिक रूपमा नेपाली राजनीतिको तत्कालीन अवस्था, विदेशीसँगको पराधीनता र विश्वराजनीतिमा हुर्किएको उपनिवेशवादको स्थिति प्रतिबिम्बित भएको छ । भारतको कलकत्तामा बनेको र नेपालमा रहेको राजनीतिक पार्टी र नेपालमाथिको युरोपेली तथा अमेरिकी हस्तक्षेपका कारण परराष्ट्र मामिलामा नेपालको पराधीन अवस्थाको पनि यहाँ बोध हुन्छ । माथि प्रयुक्त 'सर एच. ह्वाइट'ले युरोपेली उपनिवेशवादको नयाँ शैलीलाई प्रतिनिधित्व गर्छ । यसबाट विदेशी आर्थिक सहयोगका निउँमा बेलायत, अमेरिका जस्ता देशले नेपाली राजनीतिमाथि गरेको हस्तक्षेप पनि स्पष्ट हुन्छ ।

'चिनिया घुसघुसे' निबन्धमा छिमेकी राष्ट्रसँगको नेपालको दौत्य सम्बन्ध र यसमा अवलम्बन गरिएको विभेदजन्य व्यवहार जनाउने भाषिक रूपमार्फत भारतको गुणगान गाउने र चिनको विरोध गर्ने नेपालमा प्रचलित रहेको तत्कालीन राष्ट्रिय राजनीति र त्यसले निर्माण गरेको प्रवृत्ति अन्तर्निहित भएको छ । यहाँ प्रयुक्त "हाम्रो देशमा चिनियाहरूले ठाउँठाउँमा आक्रमण गरिरहेका छन् भन्ने कुरा पच्चिसै आना सत्य नभए तापनि बर्बराइरहनु मेरो सिद्धान्त हो" (अर्याल, २०६३, पृ. १९) भन्ने वाक्यबाट नेपालमा चीनले आक्रमण नगरेको अनि नेपालको राजनीति र

कूटनीतिमाथि कुनै प्रभाव नराखेको कुरा स्पष्ट हुन्छ । यसै गरी "बेलायती भाषामा लेखिएको हिन्दुस्थानी भावले परिपूर्ण प्रेस वक्तव्य" (अर्याल, २०६३, पृ. १९) भन्ने पदावलीले नेपालमाथिको बेलायत र भारतको प्रभाव र नियन्त्रणको बोध गराउँछ । यसबाट नेपालको आन्तरिक मामिलामा चीनको कुनै हस्तक्षेप नभए पनि भारत र बेलायतको प्रभावका कारण चीनविरोधी भाष्यको निर्माण भइरहेको तत्कालीन अवस्थाको प्रतिबिम्बन भएको छ । यसबाट तत्कालीन परिस्थितिमा भारतले गरेको दबाब तथा नियन्त्रणलाई सहज स्वीकार गर्ने तर चीनले नेपालमाथि त्यस्तो प्रभाव दबाब नगरेकै भए पनि चिनिया व्यवहारका विषयमा झुटो प्रचार गराउने तत्कालीन अन्तर्राष्ट्रिय राजनीतिक चालबाजीको पनि यहाँ बोध हुन्छ ।

'अवसरवादी दर्शन' निबन्धमा संयुक्त राष्ट्र सङ्घ र यसको भूमिका, असंलग्न अभियान र पञ्चशीलको सूत्र तथा विश्वमा फैलिएको अवसरवादको रूपसम्बन्धी विषय रहेको छ। नेपालको राष्ट्रिय राजनीतिका अतिरिक्त विश्व राजनीतिका कतिपय अवस्थालाई यहाँको अन्तर्राष्ट्रिय राजनीतिका विविध सन्दर्भले अर्थ्याएका छन् । तलका उदाहरणमा यही तथ्यलाई स्पष्ट पारिएको छ :

(२) आज एकातिर मानवतावादको चार्टरमा सही गर्न संयुक्त राष्ट्र सङ्घका जेठा जेठा सदस्यहरू हतियारको होडमा तछाडमछाड गर्दैछन् भने अर्कोतिर बाङलुङ सम्मेलनमा पञ्चशीलको सूत्र निर्माण गर्न मोटामोटा सरकारहरू सीमा क्षेत्रको तानातान गर्दैछन् । मानव अधिकारको नारा र पञ्चशीलका कुराहरूको क्रियान्विती यी आधारमा छन् । आज अवसरवादी दर्शनमा आधारित हुँदै आएकोले मानव समाजकै नैतिक बल क्रमश सेलाउँदै गएको अनुभव हुनु स्वभाविक छ । यसरी मानव अन्तर्राष्ट्रिय सहयोगको युग भनिए पनि कामले अन्तर्राष्ट्रिय अवसरवादिताको युग हुन गएको वर्तमान समयमा नेपाली समाजमा पनि अवसरवादी दर्शनको व्यापक प्रभाव जम्नु कत्ति अचम्मलाग्दो कुरा होइन । (अर्याल, २०६३, पृ.२८)

उदाहरण (२) मा संयुक्त राष्ट्रसङ्घका जेठा जेठा सदस्य, हतियारको होडमा तछाडमछाड, पञ्चशीलको सूत्र निर्माण गर्न मोटामोटा सरकारहरू, सीमा क्षेत्रको तानातान, अन्तर्राष्ट्रिय अवसरवादिता जस्ता भाषिक रूपमा शान्ति र मैत्रीका नाममा हुने गरेका आडम्बर र युद्धमोहको स्थिति अन्तर्निहित भएको छ। यहाँ रहेको संयुक्त राष्ट्रसङ्घका जेठा सदस्यले पहिले बनेका सदस्य नभएर सुरक्षा परिषद्का स्थायी सदस्यहरूको शक्ति प्रदर्शनको अवस्था प्रतिबिम्बित भएको छ । पञ्चशीलका मान्यता निर्माणमा मुख्य भूमिका खेल्ने मोटा सरकार भन्नाले भारतको नेपाल तथा अरू उसका छिमेकी देशसँगको सम्बन्ध र विशेष गरी नेपालको सीमा अतिक्रमणलाई जनाएको छ। यसबाट कुरामा र नियममा जे भए पनि व्यवहारमा भने अवसरवादी प्रवृत्तिको विस्तार रहेको तत्कालीन विश्व परिवेशको बोध हुन्छ ।

'मिस्टर एन. मुनि नेपालमा' निबन्धमा रुसबाट अन्तरिक्षमा उडेको स्पुतनिकभित्र अन्तरिक्ष मानव पसेको कुरा फ्लोरिडाको वेधशालाबाट थाहा पाएपछिको विषयसङ्केतमार्फत ब्रह्माण्डमा र अन्तरिक्षसम्बन्धी खोजमा अमेरिका र रुसको सफलता तथा यी दुई राष्ट्रबिचको अस्वस्थ प्रतिस्पर्धा र यसको प्रभावमा परेको नेपाली राजनीतिसम्बन्धी तत्कालीन परिस्थिति अभिव्यक्त भएको छ । यस निबन्धमा स्वर्गबाट झरेका नारदको पौराणिक प्रसङ्गमार्फत विश्व जगतमा देखिएको शक्ति सङ्घर्ष र यसको प्रतिस्पर्धाको वर्णनका अन्तरिक्ष खोजसम्बन्धी र ब्रह्माण्ड खोजसम्बन्धी चिन्तन वर्णित भएको छ । छान्दोग्योपनिषद्मा नारदको विद्वता र उनमा भएको सङ्गीत तथा उनमा रहेको वैज्ञानिक आविष्कारको कलाको वर्णन पाइन्छ (प्रपन्नाचार्य, २०७५, पृ. २९६) । विश्वका सबै देशका वैज्ञानिकको आविष्कार र विकासका विषयलाई यस निबन्धमा रहेको 'नारद' पात्रले समेटेको हुनाले यहाँ उक्त प्रयोग अर्थपूर्ण रहेको छ । तलको उदाहरणद्वारा यस तथ्यलाई अझ स्पष्ट पारिएको छ :

> (३) अनि त्यस स्पुतनिकलाई अमेरिकाभित्र उतार्ने कोसिस चल्न थाल्यो । किनभने स्पुतनिक थियो रुसको 'अन्तरिक्ष मानव', रुसमा ओर्लियो भने त बिताइहाल्यो । उसै त 'पहिले ब्रह्माण्डभेदन गर्ने हामी' भनी रुस लौकाजत्रो नाक पार्छ, अझ त्यो 'अन्तरिक्ष मानव'समेत उसैको भयो भने लोकलोकान्तरको सारा रहस्य पहिले पत्तो पाउने पनि उही हुन्छ । अनि चन्द्रलोकमा पनि कम्युनिस्ट घुसाइदियो भने अरूले त डाडुमा पानी तताएर डुबे भैहाल्यो । तर रुसी वैज्ञानिकहरू झन् के कम हुन्थे । आफ्नो स्पुतनिक आफ्नै देशमा उतार्न उनीहरूले पनि ज्यूज्यानले मिहिनेत गरे । दुवैतिरका आकर्षण र प्रत्याकर्षणको फलस्वरूप स्पुतनिक ढल्पलाउँदैढल्पलाउँदै आएर बसिदियो, सगरमाथाको टुप्पामा । (अर्याल, २०७७, पृ.४९)

उदाहरण (३) मा प्रयुक्त स्पुतनिक, अन्तरिक्ष मानव, ब्रह्माण्ड भेदन, लोकलोकान्तरको सारा रहस्य, चन्द्रलोकमा पनि कम्युनिष्ट घुसाउनु, आकर्षण र प्रत्याकर्षणको फलस्वरूप जस्ता भाषिक रूपमा तत्कालीन विश्वपरिवेशमा देखिएको शक्ति राष्ट्रहरूले हरेक क्षेत्रमा गरेको अस्वस्थ प्रतिस्पर्धा र एकपछि अर्को नयाँ खोज अनुसन्धान गर्ने होडबाजीसम्बन्धी परिवेश अन्तर्निहित भएको छ । यो परिवेश भनेको दोस्रो विश्वयुद्धपश्चात् विश्वका विकसित राष्ट्रहरूले ब्रह्माण्डका विविध विषय र अन्तरिक्षसम्बन्धी खोजका क्रममा प्राप्त गरेका सफलता र तिनको श्रेय लिने उछिनापाछिनको तत्कालीन परिवेश हो । अक्टोबर ४, १९५७ मा रुसले स्पुतनिक नामको भूउपग्रह तत्कालीन सोभियत सङ्घ र वर्तमानमा काजकस्तानमा रहेको एउटा सहर बालकोनर नजिकैबाट अन्तरिक्षमा प्रक्षेपण गरेपछि रुसको पृथ्वी, ग्रहहरू र अन्तरिक्षसम्बन्धी अध्ययनको थालनी भएको हो । रुसले बनाएको यो उपग्रह नै विश्वको पहिलो भूउपग्रह पृथ्वीको अक्षमा पुगेको ८३.६ किलोग्राम पिण्ड भएको थियो (विलियम, २०२२) नेपाली संवत्अनुसार २०१५ साल असोज महिनामा रुसले गरेको सो भूउपग्रह प्रक्षेपणको समयसन्दर्भ यस निबन्धमा रहेको छ । यहाँ प्रस्तुत

भएको स्पुतनिक र तानातानको अवस्थाले दोस्रो विश्वयुद्धपश्चात् विश्व जगतमा स्पष्ट राजनीतिक ध्रुवीकरण देखिएको र अन्तरिक्षसम्बन्धी खोजमा होडबाजी नै चलेको यथार्थबोध हुन्छ ।

स्पुतनिकले खगोलीय क्षेत्रका बारेमा अध्ययन थालेको युरोपको प्रगतिलाई बुझाउँछ । अर्यालले दोस्रो विश्वयुद्ध पछिको विश्वशक्तिको ध्रुवीकरणपश्चात् पुँजीवादी र समाजवादी राष्ट्रहरू विकास र प्रगतितिर लम्किएको तथ्यलाई एकातिर उजागर गर्न खोजेको देखिन्छ भने अर्कातिर द्वितीय विश्वयुद्धसँगै ध्रुवीकृत बनेको विश्वको पूँजीवादी समूह र कम्युनिस्ट समूहको प्रगतिमा भएको होडबाजी र त्यसको मारमा पर्ने नेपाल जस्ता ससाना देशहरूको भविष्यको खतरापूर्ण अवस्थालाई इङ्गित गर्न खोजेको पाइन्छ । सन् १९४५ मा विधिवत् रूपमा दोस्रो विश्वयुद्ध सम्पन्न भएपश्चात् विश्व नराम्ररी दुई ध्रुवमा विभाजित भएको र एउटा ध्रुवको नेतृत्व अमेरिकाले गरेर आफूमातहतका सम्पूर्ण देशहरूलाई गोलबद्ध गर्ने योजनाअनुसार उनीहरूलाई सहयोग गर्ने बहानामा मार्सल प्लान सुरु गरेको र अर्कातिर समाजवादी समूहको नेतृत्व गरेको तत्कालीन सोभियत सङ्घले आफूमातहतका देशहरूलाई एकताबद्ध गर्दै उनीहरूको आर्थिक तथा सामाजिक उत्थानका लागि कोमेकोन योजना सुरु गरेको इतिहासले बताउँछ (बेन्टी, २०१५, पृ. १२७) । यसपश्चात् सोभियत समूहको प्रगतिमा अमेरिकाली समूहलाई जलन हुने र अमेरिकाली समूहको प्रतिकारमा सोभियत समूह उत्रने कार्यको निरन्तरता रहेको देखिन्छ । यही सन्दर्भबाट निबन्धमा सोभियत सङ्घले स्पुतनिकमार्फत पृथ्वीको अध्ययन र ब्रह्माण्डको समग्र अध्ययन गरिसकेको र चन्द्रमामा पनि कम्युनिस्ट प्रवेश गरेमा आफ्नो अस्तित्व नामेट हुने बारेको अमेरिकी सोच र त्यस समयका तदनुरूपका क्रियाकलापको बोध हुन्छ ।

नेपालले भौतिक विज्ञान र प्रविधिका क्षेत्रमा प्रगति गर्न नसकेको र विदेशी विकास र उन्नतिमा निर्भर हुनुपरेको यर्थाथता तलको उदाहरणबाट अझ प्रस्ट भएको छ :

(४) रुसी प्रतिनिधिले दिएको मस्कोभिच कारमा गुडेर शीतलनिवास पुग्दा त नारद साँच्चिकै मिस्टर एन्. मुनि जस्तै देखिए । आसमानी रङको सुट, चाइनिज जुत्ता इत्यादिले ठाँट्टिएका । तर घाँटीमा तुलसीको कण्ठी र हातमा वीणा भने छँदै थियो । बेलुका बेलायती बैठकको कक्टेल पार्टीमा उनी सन्ध्या नगरी भोजन ग्रहण नै गर्दिनँ भनी अड्केकोले आयोजकहरूले फकाईफुल्याई बाथरूमभित्र पसाइदिए । तर घण्टाभर बितिसक्यो, सन्ध्या गर्न गएका नारद अहिले आउलान् छैन, भरे आउलान् छैन । लाचार भएर पार्टीका आयोजक “हल्लो मिस्टर मुनि !” भन्दै बाथरुमभित्र पसेर हेर्छन् त मुनि समाधिमा ! बल्लबल्ल समाधि खुलाइयो- जापानी प्रतिनिधिले ल्याएको ट्रान्जिस्टरको सहायताले समाधि छुटेपछि जापानी प्रतिनिधिले त्यही ट्रान्जिस्टर समर्पण गर्दै मुनीजीसँग निवेदन गरे- “यो सबभन्दा पछिल्लो प्रोडक्सन हो ।” (अर्याल, २०७७, पृ. ५२-५३)

उदाहरण (४) मा नारदमुनिको पौराणिक प्रसङ्ग र विश्व जगतमा भएको विज्ञान र प्रविधिको विकासको तत्कालीन परिस्थितिमा नेपालमा रहेको प्रविधिगत विकासको परनिर्भरता वर्णित भएको छ । 'वैश्वानरतन्त्र' का रचयिता नारदलाई आविष्कारसम्बन्धी ज्ञानका जन्मदाता पनि मानिन्छ । 'वैश्वानर' अर्थात् अग्नि तत्त्वबाट समस्त विज्ञानको स्वरूप निकाल्ने सूत्र नारदले रचेको मानिएको छ (प्रपन्नाचार्य, २०७५, पृ. २९६) । आधुनिक जगत्को विज्ञान र प्रविधिको विकासमा यही आगो वा शक्ति (एनर्जी) को प्रयोग भएको छ । यहाँ प्रयुक्त नारदले परम्परागत आविष्कार पनि भुलेको र नवीन विकास गर्न नसकेको राष्ट्रिय परिस्थितिको बोध गराउँछ । नारद मुनिको पहिरन मस्कोबाट ल्याइएको मस्कोभिच कार, बेलायती ककटेल पार्टी, जापानी ट्रान्जिस्टर जस्ता भाषिक रूपमा नेपालको परनिर्भर अर्थतन्त्र र अन्तर्राष्ट्रिय राजनीतिको स्वदेशमाथिको प्रभाव र नियन्त्रण देखिन्छ । तत्कालीन विश्व परिवेशमा विज्ञान र प्रविधिले फड्का मारेको परिस्थितिगत बोधसँगै नेपालको प्रविधिगत विकासमा भएको पछौटेपन र परनिर्भर प्रवृत्ति पनि यहाँ स्पष्ट हुन्छ । यसका अतिरिक्त पूर्वीय सभ्यता र संस्कृतिमाथि पश्चिमा मुलुकहरूको अनुचित प्रभाव र त्यसैको अन्धानुकरणमा निर्लिप्त भएको नेपाली समाज र सरकारी चिन्तन दृष्टि पनि यहाँ प्रतिफलित भएको छ ।

'पृथ्वीनारायण ! तिमी फेरि आऊ' निबन्धमा पृथ्वीनारायण शाहको दिव्यपदेशका राजनीतिक र कूटनीतिक विषयका सापेक्षमा नेपालको विदेश नीति, अन्तर्राष्ट्रिय जगतको नेपालमाथिको प्रभाव र नियन्त्रण तथा नेपालको परराष्ट्र मामिलामा देखिएको पराधीन अवस्थाको वर्णन भएको छ । पृथ्वीनारायण शाहले अङ्ग्रेजको चतुरता र सिङ्गै भारतलाई अङ्ग्रेजले निलेको अवस्थामा नेपालले सतर्क र सजग भएर रहनुपर्ने कुरा व्यक्त गरेका र नेपाल दुई ढुङ्गाको बिचको तरुल भएकाले यसले छिमेकी राष्ट्रहरूसँगको दौत्य सम्बन्धलाई सन्तुलनमा राख्नुपर्ने तथ्य अभिव्यक्त गरेका तर यसका विपरीत नेपालको परराष्ट्र सम्बन्ध र छिमेकी देशहरूसँगको व्यवहार भेदभावपूर्ण रहेको तथा चीनसँगको दूरता र भारतसँगको अति निकटताका कारण नेपालको परराष्ट्र मामिलामा भारतीय हस्तक्षेप रहेको तत्कालीन स्थिति यस निबन्धमा प्रयुक्त भाषिक रूपमा अभिव्यक्त भएको छ, जस्तै -

(५) "आफ्नो देशको जिनीस जडीबुटी देस लैजानु र नगत् खिच्नु" भन्ने तिम्रो अर्ति नपाएका होइनौं । तर एक त हामीले उद्योगै गर्न सकेनौं, जति गरेका छौं त्यही पनि 'देस' लैजान हामीले बाटो पाएनौं । 'हाम्रा तम्रा सन्तान'ले पछि यो मर्का खप्नुपर्छ भन्ने तिमीजस्ता दुरदर्शीलाई थाहा थिएन भन्न हामी सक्दैनौं तर चाहँदा-चाहँदै पनि तिमीले हाम्रो सीमा समुद्रसँग जोडिदिन सकेनौ, दोइ ढुङ्गालाई नछोई बाहिर निस्कने गौंडो बनाइदिन सकेनौ । तर यो तिम्रो दोष होइन महाराज ! हाम्रो परावलम्बीपनको चेताउनी हो, हाम्रो अति विश्वास गर्नेपनको प्रायश्चित हो । आज तिमी भएको भए के ठान्दा हौ महाराज- हिन्दुस्थानको सुरक्षाको निम्ति छाती सोझ्याइरहेको नेपाली

जवानकी तरुनी स्वास्नी टुकी बाल्न नपाएर अँध्यारैमा पोइ फर्कने दिन गन्दै छ। (अर्याल, २०६३, पृ. ४०)

उदाहरण (५) मा प्रयुक्त देश लैजान बाटो, सिमाना समुद्रसँग जोडिदिनु, दुई ढुङ्गालाई नछोई बाहिर निस्कने गौँडो, हिन्दुस्तानको सुरक्षाको निम्ति छाती सोभ्याइरहेको नेपाली जवान, टुकी बाल्न नपाएर अँध्यारैमा पोइ पर्खनु जस्ता भाषिक रूपमा नेपालको भौगोलिक अवस्थितिका कारण समुद्रसम्मको बाटो नपाई व्यापार बढाउन नसकेको अवस्था र त्यसैको परिणामस्वरूप व्यापारमा भारतको भर पर्नुपर्ने प्रवृत्ति अन्तर्निहित भएको छ। यहाँ नेपालको छिमेकी देशहरूसँगको सम्बन्धमा देखिएको असमान व्यवहार र नेपालले अङ्गीकार गरेको दक्षिणाभिमुख प्रवृत्तिका कारण नेपाली परराष्ट्र मामिलामा भारतले गरेको अनावश्यक हस्तक्षेपसम्बन्धी तत्कालीन परिस्थिति पनि अन्तर्निहित भएको देखिन्छ। यसबाट भूपरिवेष्ठित भएका कारण नेपालले आम रूपमा भोग्नुपरेका समस्या, अदुरदर्शी प्रभावमा आधारित परनिर्भर र भारतमुखी रहेको तत्कालीन परराष्ट्र सम्बन्ध तथा भारतले मट्टितलेको निर्यातमा गरेको प्रतिबन्धका कारण उत्पन्न परिस्थितिको बोध हुन्छ।

नेपालमा प्रजातन्त्रको स्थापना भएपश्चात् निर्मित भएका विभिन्न अस्थिर सरकारले अङ्गीकार गरेको परराष्ट्र नीति र तदनुसारको सम्बन्धका क्रममा भारत र चीनलाई हेर्ने दृष्टिकोणमा विभेद रहेको र यससम्बन्धी भएका विभिन्न निर्णय तथा सम्झौताको विषय पनि यस निबन्धमा अभिव्यक्त भएको छ, जस्तै -

(६) हामीले के बेमनासिव गरेका थियौँ र महाराज ! हाम्रो देशको सिमामा अरूको चेकपोस्ट चाहिन्न भन्यौँ, हाम्रै सैनिक, हाम्रै नीति पर्याप्त र प्रवीण छन्, अरूको सैनिक मिसन चाहिन्न भन्यौँ। बीचमा एक दुईथरि दाजुभाइले दुई ढुङ्गाको तरुललाई एकै ढुङ्गातिर बढी हेप्न खोजेर केही भूल गरेका भए त्यसलाई बेलैमा सुधारेर आफ्नो तटस्थता जोगाउन खोज्नु हाम्रो के अन्याय हो र ! बडामहाराज ! के एक मित्रले अर्को मित्रको चेवा गर्ने अड्डा बन्नु हाम्रो निम्ति ठिक थियो त- किमार्थ थिएन। एक मित्रको निम्ति सबै मित्र चिढ्याउने नीति "त्यजेदेत् कुलस्वार्थे ग्रामस्वार्थे कुलं त्यजेत्" को नीतिसँग मेल खाला र ? त्यसैले बडामहाराज ! हामीले त मित्रहरूसित सामन्जस्य खोजेका हौँ, निहुँ होइन । हामीले शुद्ध तटस्थतामा कसैले नुन मट्टितेलको तगारो हाल्न खोजे त्यस्ताले तटस्थताको मर्म नबुझेको मात्र हामी भन्न सक्छौँ, नुन मट्टितेलको सामान्य विवशतासित आफ्नो सार्वभौमिकताको प्राण जस्तो तटस्थता साट्न सक्दैनौँ भन्नेमा हामी अब विश्वस्त भइसकेको कुरा तिमीलाई सुनाउन पाउँदा हामीलाई सन्तोष लागेको छ। (अर्याल, २०६३, पृ. ३९-४०)

उदाहरण (६) मा रहेका देशको सिमामा अरूको चेकपोस्ट, दुई ढुङ्गाको तरुललाई एकै ढुङ्गातिर बढी हेप्न खोज्नु, एक मित्रले अर्को मित्रको निम्ति चेवा गर्ने अड्डा बन्नु, एक मित्रको निम्ति सबै मित्र चिढ्याउने नीति, शुद्ध तटस्थतामा कसैले नुन मट्टितेलको तगारो जस्ता भाषिक

रूपमा नेपालमा भएको भारतीय हस्तक्षेप र चीनविरोधी गतिविधिमा नेपालको प्रयोग गर्न खोजेको तत्कालीन अन्तर्राष्ट्रिय अवस्था प्रतिबिम्बित भएको छ। नेपालमा प्रजातन्त्रको स्थापनापछि बनेका विभिन्न सरकारमध्ये टङ्कप्रसाद आचार्यको सरकारले भारत र चीन दुवै पक्षसँग समान र सुमधुर सम्बन्ध स्थापित गर्न चीनसँग गरेको सन्धि र विश्वेश्वरप्रसाद कोइरालाको नेतृत्वमा गठित नेपाली काङ्ग्रेसको एकलौटी सरकारले भारतसँगको सम्बन्ध सुमधुरताका लागि गरेको प्रयासका कारण चीनसँगको सम्बन्धमा बढेको दरार र राजा महेन्द्रले फेरि नेपाल-चीनको सम्बन्ध सुधार गरेको यथार्थ अभिव्यक्तिमार्फत नेपालको भौगोलिक अवस्थितिका कारण भारत र चीनसँगको समान वैदेशिक तथा कूटनीतिक सम्बन्ध स्थापनाको लेखकीय आग्रह पनि यहाँ देखिन्छ। यसबाहेक राजा महेन्द्रले सुधार गरेको नेपाल-चीन सम्बन्धको समर्थन गर्ने भाषिक अभिव्यक्तिभित्र तत्कालीन राजनीतिक परिस्थिति र पञ्चायतकालीन परराष्ट्र सम्बन्धको सकारात्मक पक्ष पनि यहाँ अभिव्यञ्जित भएको छ । 'भारतीय भूमिको सुरक्षाका लागि ज्यान अर्पण गर्ने नेपाली युवा कि तरुनी श्रीमती मट्टीतेल बाल्न नपाएर अँध्यारोमा जिउनु' भन्ने भाषिक रूपमा बोध्य विषय नेपालको भूपरिवेष्ठित स्थिति र नेपालको अन्तर्राष्ट्रिय व्यापारमा भारतले गरेको नियन्त्रणसम्बन्धी तत्कालीन पृष्ठभूमि रहेको छ। यसबाट देशको भौगोलिक अवस्था र भारतको हेपाइ र नियन्त्रणका कारण देशको आर्थिक स्थिति र दैनिक जनजीवनका विविध गतिविधिमा व्यवधान खडा भएको तत्कालीन अवस्थाको बोध हुन्छ ।

'काला साथीहरूको बीचमा गहुँगोरो' निबन्धको विषयवस्तु संसारमा काला र गोरा मानिसहरूका बिचको विभेदका कारण अन्तर्राष्ट्रिय सोच र संस्कृति निर्माण भएको हुनाले कालाहरू गोराद्वारा हेपिएकोप्रति केन्द्रित रहेको छ । नेपालमा समेत त्यस्तो पूर्वाग्रही सोचको विकास भएको यथार्थता "कालाहरूप्रति केही पूर्वाग्रहले आफूलाई थिचिरहेकै थिएँ - यी फोहोरी हुन्छन्, यी झगडालु हुन्छन्, खतरनाक हुन्छन्" र "मेरो कोठामा कालो साथी नआओस्" (अर्याल, २०६३, पृ. ११४) गरी दुई ओटा वाक्यमा रहेको भाषिक रूपमा निहित तत्कालीन रङ्गभेदी विश्व परिस्थिति र यसअनुसारको लेखकीय सोचबाट बोध हुन्छ । संसारमा उपनिवेशवादी देशहरूले अफ्रिकी देशहरूलाई गरेको सबै प्रकारको नियन्त्रण र काला जातिप्रतिको गोरा देशका मानिसहरूको धारणा तलको उदाहरणबाट अझ स्पष्ट हुन्छ :

(७) एक दिन अर्कै एक काला साथीसित म घुम्दै थिएँ। आमाचाहिँले डोहोऱ्याएर हिँडिरहेको एउटा सानु केटो हामीलाई हेर्दै रुन थाल्यो । मसँग हिँड्ने कालो साथीले भन्यो- "हेर, त्यो मलाई देखेर रोएको हो बुझिस् ।" उसले नजिकै गई बच्चोलाई प्यार देखायो, हात मिलायो। तर ऊसँग हात मिलाइसकेपछि केटोले आफ्नो हात हेऱ्यो। कालोसित हात मिलाउँदा उसको गोरो हातका कति कालो लागेछ- उसले त्यही हेरेको रे ! उसकी सुशिक्षित आमा लजाई । मेरो कालो साथी आत्मग्लानिले निचोरियो । मैले केही भन्नै सकिनँ। (अर्याल, २०६३, पृ. ११६-११७)

उदाहरण (७) मा संसारमा फैल्याइएको काला र गोरा मानिसका बिचको विभेदलाई जनाउने भाषिक रूपको प्रयोग भएको छ। यहाँ रहेका सानु केटो हामीलाई हेर्दै रुन थाल्नु, कालो साथीले प्यार देखाएर हात मिलाउनु, केटोले आफ्नो हात हेर्नु र कालो साथी आत्मग्लानिले निचोरिनु जस्ता प्रसङ्गमा तत्कालीन विश्वमा रहेको काला र गोरासम्बन्धी धारणा, यही अनुसारको गोराहरूको व्यवहार र कालाहरूमा परेको प्रभावसम्बन्धी परिस्थिति रहेको छ। यसबाट आधुनिक कालको पछिल्लो कालखण्डमा आइपुग्दा पनि विशेष गरी गोरा मानिस भएका देशहरूले अफ्रिकाली देश र त्यहाँका जनतालाई हेर्ने दृष्टिकोणमा व्यवहारतः परिवर्तन नआएको समकालीन सत्यको बोध हुन्छ।

माथिका बाहेक 'अवसरवादी दर्शन' निबन्धमा प्रयुक्त "वाङ्डुङ सम्मेलनमा पञ्चशीलको सूत्र निर्माण गर्न मोटामोटा सरकारहरू सीमाक्षेत्रको तानातान गर्दैछन्" (अर्याल, २०६३, पृ. २८) भन्ने वाक्यमा तत्कालीन अन्तर्राष्ट्रिय परिस्थितिमा भारत र पाकिस्तानको सीमा विवाद र सम्बन्धमा आएको तिक्तताको आशय रहेको छ। यसरी हेर्दा तत्कालीन अन्तर्राष्ट्रिय क्षेत्रका विवाद, ध्रुवीकरण, शक्तिको प्रदर्शन र नियन्त्रणमाथि अर्यालका निबन्धमा व्यङ्ग्य प्रहार गरिएको र यस्तो व्यङ्ग्य अन्तर्राष्ट्रिय राजनीतिसम्बन्धी सन्दर्भका माध्यमबाट सशक्त बनेको स्पष्ट हुन्छ।

### ५.३.३ युद्ध र आणविक प्रतिस्पर्धा

युद्ध भनेको दुई पक्षबिच हुने झगडा हो। युद्धले यहाँ दुई वा सोभन्दा बढी राष्ट्रहरू, समूहहरू वा गुटहरूबिचको हिंसात्मक, सङ्घर्षमूलक र आक्रामक क्रियाकलापलाई जनाउँछ। विश्वमा भू-राजनीति, धर्म, व्यापार, स्रोत र साधनको उपयोगमा रहेको विवाद आदिका कारण युद्ध हुन्छ र यसले जनधनको क्षति हुनुका साथै मानिसमा आतङ्क सिर्जना गर्छ। आणविक प्रतिस्पर्धा भन्नाले आणविक हतियारहरूको विकास, तिनको क्षमतामा वृद्धि तथा परमाणु हतियारको परीक्षण र दुरुपयोगसमेत बुझिन्छ। विश्वमा शक्ति, प्रभुत्व र डर कायम राख्न चाहने शक्तिशाली राष्ट्रले परमाणु हतियारको निर्माण, परीक्षण र भण्डारण गर्ने गरेको पाइन्छ। वर्तमान विश्वमा आणविक अस्त्रको अत्यधिक रूपमा निर्माण भएका कारण पृथ्वीकै अस्तित्व खतरामा परेको विज्ञहरूको भनाइ रहेको छ। अर्यालका निबन्धमा तत्कालीन विश्वमा देखिएका युद्ध र आणविक हतियारको विकासमा देखा परेका विविध गतिविधिको अभिव्यक्ति रहेको पाइन्छ। उनका निबन्धमा विश्वमा चलेका तत्कालीन युद्ध र शक्तिशाली राष्ट्रहरूले गरेको आणविक शक्तिको विकास र यसका कारण मानवीय जीवन र समग्र पृथ्वीलाई परेको मर्कासम्बन्धी विषयमाथि व्यङ्ग्यात्मक दृष्टि राखिएको छ। यस्ता विषयलाई युद्ध र आणविक प्रतिस्पर्धासम्बन्धी सन्दर्भमार्फत अर्थ्याउन सकिन्छ। अर्यालका निबन्धमा रहेको युद्ध र आणविक प्रतिस्पर्धासम्बन्धी सन्दर्भको विवरण र तिनमा रहेको सन्दर्भार्थको तल चर्चा गरिएको छ।

## तालिका नं. ११ : युद्ध र आणविक प्रतिस्पर्धासम्बन्धी सन्दर्भको विवरण

| निबन्धको शीर्षक | भाषिक रूप | स्थिति |
|---|---|---|
| अन्तर्राष्ट्रिय भ्यागुता सम्मेलन | विश्वनेताको निरस्त्रीकरण भाषण | शान्ति स्थापनाको ढौंग |
| | जेनेभा सम्झौता | शान्ति स्थापनाको दस्तावेज |
| | चीनको क्रान्तिमा फर्मोसाबाट उँधो झरेका गुरिल्ला | चीनको क्रान्ति |
| | द्वित्तीय विश्ययुद्धको बेला जापानमाथि हुनहुनाएका लडाकु विमान | दोस्रो विश्वयुद्ध र जापानमाथिको आक्रमण |
| | रकेटले साँगुरिँदै ल्याएको र पकेटले फराकिँदै लगेको आणविक युद्ध | क्षेप्यास्त्र युद्ध |
| | अन्तर्राष्ट्रिय भ्यागुता सम्मेलन | विश्वशक्तिको सभा सम्मेलन |
| | खोलामा जाल हाल्ने र बारुद पड्काउने काम | आणविक युद्ध |
| | भ्यागुताको डकारले फेवातालमा विस्फोट | शक्तिराष्ट्रको कचिङ्गल |
| चन्द्रलोक कसको ? | एकै झोकमा पृथ्वीको गति बटारिनु | आणविक शक्तिले सिर्जित विश्वखतरा |
| | महायुद्धपछिको जर्मनी | भर्सिलिज सन्धिबाट भएको जर्मनीको तहसनहस |
| | परस्पर सिँगोरी खेल्ने साँढेहरू | अमेरिका र रुसको शक्तिटक्कर |
| | बम बर्साएर हजारौँ ज्यानको एक चिहान | हिरोसिमाको बम प्रहार |
| | तर मानवता र विश्व शान्तिमा भूमिका | मानवतामा अन्तरिक्षसम्बन्धी खोजको प्रयोग नहुनु |
| पख्नोस् | ताइपेहमा जम्मा भएका तोर्मे सिपाहीँहरू | विश्वमा फैलिएको युद्ध |
| | अमेरिकी सैनिकको अड्डामा थुनिएका थाक्सेहरू | विश्वमा फैलिएको युद्ध |
| | दलाई लामाका दलालहरू | तिब्बती जनता र तिनको प्रवृत्ति |
| ‘उडाउनुसित एकछिन उड्दा | हिरोसिमा उडाउने | अमेरिकाले जापानमाथि गरेको बम प्रहार |
| | साँधसीमा उडाउनेहरू | देशको सीमा सङ्कट |
| | पृथ्वी नै उडाउनु | आणविक अस्त्रको गलत प्रयोग |
| | विटनिक | अमेरिकाको भौतिकवादी दृष्टिविरुद्धको सामाजिक आन्दोलन |
| | अमेरिकी सिपाही | भियतनाम युद्ध |
| | भियतकङ गुरिल्ला | भियतनाम युद्ध |
| | रगत उम्लिनु | युद्धको परिस्थिति |

| | | |
|---|---|---|
| मान्छे मोडेल | हाइड्रोजनको एक वृष्टिमा सृष्टि खतम हुन | मान्छेको सिर्जनाले पृथ्वीलाई खतरा |
| | सैनिक बढे शक्ति बढ्नु | युद्ध मोह |
| | सैगोनमा १२ जना अमेरिकी सैन्य थपिनु, | भियतनाम युद्ध र अरू युद्धको खतरा |
| | एउटा मुखले शान्तिवार्ता र अर्को मुखले युद्धवार्ता | विश्वका शक्तिशाली राष्ट्रको भनाइ र गराइमा हुने फरक व्यवहार |
| साँढे | भित्तैमा पनि सिँगौरी खेलेर तुजुक शान्ति पार्नु | शक्तिशाली राष्ट्रको हतियारको तुजुक |
| | कान्जीहाउसमा थुन्न खोज्नु | अन्तर्राष्ट्रिय नियम कानुनले युद्ध रोक्ने प्रयास |
| | साँढेहरू पर्खालमा सिगौरी खेलेर भत्काउन र भाग्न खोज्नु, | सीमा चुनौती |
| | शान्ति शान्ति भनेर चिच्याउनु | विश्वका सामान्य जनताको अवस्था |
| | साँढेहरू होक्का-होक्का गर्दै जुधिरहनु | युद्धको परिस्थिति |
| | संसारका शान्तिप्रिय बाच्छाहरू किचिनु र मिचिनु | विश्वका सामान्य जनताको अवस्था |
| असनको डबली | बम बर्साएर हजारौँ ज्यानको एक चिहान पार्नु | आणविक परीक्षण र युद्ध |
| पृथ्वीनारायण ! तिमी फेरि आऊ | दक्षिणको समुद्रका बादशाह | भारतमा शासन गर्दैगरेको अङ्ग्रेज |
| | त्यो बल हामी माथि जाइलाग्नु | नेपाल-अङ्ग्रेज युद्ध |
| | जाइ कटक नगर्नु | युद्धको मुकाविला |
| | घुँडो टेकिनु र पँखेरा अलिकति चुँडिनु | नेपालले युद्धमा हार्नु र जमिन खोसिनु |
| | रणचातुर्य नमिल्नु | युद्धको तरिकामा र नीतिमा भिन्नता |
| | असमान सम्झौता | सुगौली सन्धिमा हस्ताक्षर |
| | लाखौँको जवानी दिनु र पेन्सनमा झुन्डिएको बुढ्याइँ फिर्ता लिनु | नेपालले भारतीय र ब्रिटिस सेनामा काम गर्नु |
| | खोरन्ड्याइँ र अन्ध्याइँ फिर्ता लिनु | नेपालले ब्रिटिस सेनामा काम गरेर पाएको अशक्तता |
| काला साथीहरूको बीचमा गहुँगोरो | कठिन प्रयासमा युद्धविराम | कालाहरूको झगडा |
| | कोठाभरि जङ्गी कानुनु | सैनिकबराबरको कडा नियम |
| | नाइजेरियाको ताजा इतिहास | नाइजेरियाको गृहयुद्ध |
| | इबो | नाइजेरियाको आतङ्कवादी समूह |
| | राजनीतिले मानवतालाई खुँड्नु | विश्व राजनीति र युद्धले मानवता तहसनहस पारेको अवस्था |

तालिका (११) मा 'अन्तर्राष्ट्रिय भ्यागुता सम्मेलन', 'चन्द्रलोक कसको ?', 'उडाउनुसित एकछिन उड्दा', 'पख्नोस्', 'मान्छे मोडेल', 'साँढे', 'पृथ्वीनारायण ! तिमी फेरि आऊ', 'असनको डबली' र 'काला साथीहरूको बीचमा गहुँगोरो', गरी अर्यालका नौ ओटा निबन्धमा रहेका मुख्य भाषिक रूप र तिनमा रहेको स्थितिको विवरण दिइएको छ । यस्ता स्थितिमा निहित रहेको संज्ञानको बोधका लागि संज्ञान खोज्ने राजनीतिक आधारअन्तर्गत युद्ध र आणविक प्रतिस्पर्धासम्बन्धी सन्दर्भको सहयोग आवश्यक रहेको छ । अर्यालका निबन्धमा रहेको युद्धजन्य पक्ष र आणविक हतियारको निर्माण, विकास तथा परीक्षणसँग जोडिएका संज्ञानको बोधका लागि यहाँ ती निबन्धमध्येबाट उदाहरणका रूपमा लिइएका भाषिक रूपलाई त्यसमा निहित तत्कालीन विश्वराजनीतिमा देखिएका युद्ध र आणविक विकासका सापेक्षता विश्लेषण गरिएको छ ।

'अन्तर्राष्ट्रिय भ्यागुता सम्मेलन' निबन्धमा तत्कालीन विश्व जगतमा देखिएको आणविक शस्त्रअस्त्र निर्माणको होडबाजी, अस्वस्थ प्रतिस्पर्धा र त्यसको मारमा परेका तेस्रो विश्वका जनताको दयनीय अवस्था अभिव्यक्त गरिएको छ, जस्तै -

(१) सर्वप्रथम एउटा रातो-सेतो वर्णको अग्लो मोटो भ्यागुतालाई देखाउँदै फेवातालको भ्यागुतोले सुनायो- "उहाँ मिसिसिपीखोले प्रतिनिधि मण्डलका नेता मिस्टर वल्ड एस. डलर हुनुहुन्छ ।" हात ठटाइ र हात मिलाइ पनि साथै सुरु भइहाल्यो । अनि एउटा निकै राता वर्णको ठीक कदको खाइलाग्दो भ्यागुतालाई देखाउँदै फेवाताले भ्यागुताले भन्यो- "उहाँ हुनुहुन्छ, भोग्लाखोले प्रतिनिधि मण्डलका नेता मार्शल फटाटोभ ।" त्यसपछि क्रमशः उसले टेम्सखोले प्रतिनिधि मण्डलका नेता मि. एस्. एस्. पायड, सीनाखोले नेता चार्जस् एश्चेनको पनि परिचय गरायो । (अर्याल, २०७७, पृ. ४७)

उदाहरण (१) मा मिसिसिपीखोले प्रतिनिधि मण्डलका नेता मिस्टर ओल्ड एस डलर, भोल्गाखोले प्रतिनिधि मण्डलका नेता मिस्टर मार्शल फटाटोभ, टेम्सखोले प्रतिनिधि मण्डलका नेता मि. एस.एस. पायड, सीनाखोले नेता चार्जस् एश्चेन जस्ता भाषिक रूपबाट विश्वमा भएका विभिन्न राष्ट्रको उपस्थितिमा भएको सभासम्मेलनको बोध हुन्छ । यहाँ प्रयुक्त 'खोले' विशेषणले विभिन्न देशको सभ्यतालाई फरक फरक रूपमा बुझाएको छ । मिसिसिपी खोलेले अमेरिकी र भोल्गा खोलेले रुसका प्रतिनिधिलाई र यसै गरी अरू खोलाहरूले पनि विभिन्न देशका प्रतिनिधिलाई बुभाएको छ । विश्वका विभिन्न राष्ट्रले करौडौं खर्च गरेर सभासम्मेलन गर्ने तर पदको लोलुपता र शक्तिको सञ्चयका लागि उनीहरू सदैव लागि पर्ने हुनाले यसबाट ससाना र तेस्रो विश्वका राष्ट्रहरू मारमा परेको तत्कालीन यथार्थ यसबाट बोध हुन्छ ।

फेवातालमा भेला भएका मिसिसिपीखोलेदेखि भोल्गाखोले, गङ्गाखोले र बागमतीखोले प्रतिनिधि भ्यागुतामार्फत शक्तिको होडबाजीमा रहेका अमेरिकाजन्य पुँजीवादी र रुसजन्य

समाजवादी देशहरू र तिनका अनुयायीहरू तथा त्यसको मारमा परेका नेपाल जस्ता ससाना र कमजोर देशको तत्कालीन अवस्था तलको उदाहरणबाट अझ स्पष्ट पारिएको छ :

(२) सारा माछाहरू कराउन थाले- "बचाओ बाबा बचाओ ! हामी लाटासुधा माछाहरूलाई नकिच । तिमीहरू दुई-चार ओटा भुँडीवाल भ्यागुताको रिसारिसले कञ्चन पानी विषाक्त नपारिदेऊ ।" तर टाउके भ्यागुतालाई माछाको रुवाइको के पर्वाह ? उसमाथि पनि रिस उठेको बेलामा को वेद पढ्छ र ? एक्कासि एउटा भ्यागुताले बुद्रुक्क उफ्रेर डुम्म के डकारेको थियो, फेवातालमा भयङ्कर विस्फोट भइहाल्यो । (अर्याल, २०७७, पृ. ४८)

उदाहरण (२) मा फेवातालमा भेला भएका मिसिसिपी खोलेदेखि भोल्गा खोले, गङ्गा खोले र बागमती खोले प्रतिनिधि भ्यागुतामार्फत अमेरिकाको पुँजीवादी शैली र यसका मतियार र रुसको समाजवादी शैली र यसका मतियार देशहरूका कारण तेस्रो विश्वमा रहेका देशलाई अप्ठ्यारो परेको र पृथ्वीकै अस्तित्वसमेत खतरामा परेको तथ्य यहाँ प्रकाश्य भएको छ । पञ्चशीलको मान्यतालाई आधार मानेको ढोङ रचेर भित्रभित्रै आणविक शक्तिका कारण विश्व ध्वस्त गर्न तम्सिएका शक्तिसम्पन्न राष्ट्रहरूको राजनीतिक प्रतिशोध यस निबन्धमा रहेका खोला, बारुद, ससाना खोलाका समस्या तथा पानी सुकेका खोलामा रहेका भ्यागुताहरूको बसोबासको प्रबन्ध जस्ता भाषिक रूपले अभिव्यक्त गर्छन् । तत्कालीन अवस्थामा देखिएको अन्तर्राष्ट्रिय राजनीतिक यथार्थ, त्यसले निर्माण गरेको शक्तिको टकराव र त्यस्तो टकरावको मारमा परेका तेस्रो विश्वका निर्दोष राष्ट्रहरूको दयनीय स्थितिको प्रतिबिम्बन पनि यहाँ देखापर्छ । मिसिसिपी अमेरिकाको नदी, भोल्गा रुसमा बहने नदी, ह्वाङ चीनको नदी, गङ्गा भारतको नदी र बागमती नेपालको नदी हो । नदीहरूको नाम र प्रतिनिधि मण्डलमार्फत तत्कालीन अन्तर्राष्ट्रिय राजनीतिमा रहेका अमेरिका, रुस, चीन, भारत जस्ता देशहरूको स्थिति र गतिविधि तथा त्यस्ता शक्तियुक्त राष्ट्रहरूसँग टक्कर गर्न नसक्ने असंलग्न राष्ट्रहरूको अवस्था यहाँ देखिन्छ । माथि उल्लेख गरिएका नदीहरू केवल सम्बन्धित देशका नदीहरूका रूपमा मात्र प्रयुक्त नभई विशेष सन्दर्भ र अर्थमा प्रयुक्त भएका छन् । विश्वव्यापीकरणका कारण एक ठाउँ वा देशको हिंसाले अर्को ठाउँ वा विश्वमा नै प्रभाव पार्ने भएकाले (पोखरेल, २०७३) विश्व जगत नै आक्रान्त बनेको तत्कालीन युद्धमय परिस्थितिको विरोध गर्दै त्यसबाट मुक्तिका लागि शान्तिको स्थापनामा जोड दिने अर्यालका निबन्धको लेखकीय आशय यहाँ देखिन्छ । **अतः** यहाँ प्रयुक्त राजनीतिक सन्दर्भले तत्कालीन अवस्थाको अमेरिकी पुँजीवादी साम्राज्य र त्यसको प्रतिध्रुवमा रहेको रुसी समाजवादी बर्चस्वको टक्करलाई नै मुख्य रूपमा स्पष्ट पार्छन् ।

'मान्छे मोडेल १९६७' निबन्धमा मान्छेलाई ब्रह्माले बनाएको भन्ने पौराणिक मिथकसँग जोडेर विज्ञान र प्रविधिको आधुनिक युगमा अहिले भएकोभन्दा थप भौतिक, आर्थिक र बौद्धिक प्रगति गर्न मान्छेको मोडेल परिवर्तन गर्नुपर्ने विषय उठाइएको छ । यस निबन्धमा रहेको मान्छेले

सभ्यता र विज्ञान तथा प्रविधिको विकासक्रममा गरेका अहङ्कार, स्वार्थ र युद्धजन्य गतिविधिका कारण पृथ्वीलाई समेत खतरा भएको तथ्यलाई तलको उदाहरणले स्पष्ट गरेको छ :

(३) "...नपत्याए बिटनिकहरू सोध्नुस्, कति विद्रोही भएर निस्केका छन् उनीहरू, सैगोनमा गएर अमेरिकी सिपाही र भियतकङ गुरिल्लाहरूलाई भेट्नुहोस्, कसरी उम्लेको छ उनीहरूको रगत ! यस्तै चाल हो भने बाजे, हाइड्रोजनको एक वृष्टिमा तपाइँको सम्पूर्ण सृष्टि खतम !" (अर्याल, २०७७, पृ. १५९)

उदाहरण (३) मा मान्छेको पुरानो मोडेलका कारण उसमा असन्तुष्टि, कुण्ठा र विद्रोह जन्मेको भन्दै तत्कालीन विश्वमा रहेको युद्धआतङ्क र नागरिक युद्धको परिस्थिति तथा भावी समयमा यस्तै युद्धको निरन्तरताका कारण पृथ्वीलाई नष्ट पार्न सक्ने सम्भावित खतरा देखाइएको छ । यहाँ प्रयुक्त विटनिक, सैगोनमा अमेरिकी सिपाही, भियतकङ गुरिल्ला, रगत उम्लिनु, हाइड्रोजनको एक वृष्टिमा सृष्टि खतम हुनु जस्ता भाषिक रूपमा सन् १९५० देखि ७० को दशकसम्म विश्वमा देखिएको युद्ध, आक्रमण तथा आतङ्कवादी अवस्था सिर्जनासम्बन्धी विश्व परिस्थिति अभिव्यक्त भएको छ । सन् १९५५ नोभेम्वर १ देखि १९७५ अप्रिल ३० सम्म लगभग १९ वर्षसम्म अमेरिका-भियतनाम युद्धमा खास गरी उत्तर र दक्षिण भियतनामबिच युद्ध भएको र विश्वका कम्युनिस्ट र गैर कम्युनिस्टबिचको युद्ध मानिएको यस युद्धमा उत्तरी भियतनाम कम्युनिस्टको प्रतिनिधित्व गर्ने देश र दक्षिण भियतनाम पुँजीवादी व्यवस्थामा विश्वास गर्ने देश भएको हुनाले उत्तरी भियतनामलाई सोभियत युनियन, चीन जस्ता विश्वका कम्युनिस्ट मुलुकहरूले र दक्षिणी भियतनामलाई अमेरिका, दक्षिण कोरिया, फिलिपिन्स, अष्ट्रेलिया थाइल्याण्ड र अन्य कम्युनिस्ट विरोधी पुँजीवादी देशहरूले सहयोग गरेका थिए (ढकाल, २०७५) । माथि प्रयुक्त सैगोन भियतनामको राजधानी हो भने भियतकङ गुरिल्लाले दक्षिणी भियतनाममा स्थापित भूमिगत गिरोहलाई जनाउँछ । न्यायको उपस्थिति र सामाजिक न्यायको प्रत्याभूतिलाई शान्ति स्थापना हुनका लागि अनिवार्य पूर्वसर्त मानिन्छ (पोखरेल, २०७३) तर सामाजिक न्यायको मान्यताका विपरीत मानिसमा युद्धमोह बढ्दै गएको देखिएको छ । यसबाट विश्वमा शान्ति स्थापनार्थ भएका विभिन्न प्रयास र संयुक्त राष्ट्रसङ्घ जस्ता संस्थाको भूमिका नगन्य रहेको अनि युद्ध, आक्रमण र हतियारको प्रदर्शन तथा त्यसको चपेटामा परेका विद्रोहीहरूमा प्रतिकारी चेतना पनि बढ्न थालेको छ भन्ने तत्कालीन यथार्थ स्पष्ट हुन्छ । प्रथम र दोस्रो विश्वयुद्धको विभीषिकाको आवृत्तिलाई रोक्न संयुक्त राष्ट्रसङ्घको स्थापना भएपश्चात् (पोखरेल, २०७३) पनि अमेरिका भियतनाम युद्धको आतङ्कले तत्कालीन विश्व राजनीति र अन्तर्राष्ट्रिय जगतको युद्धको परिवेश निर्माण गरेको समयमा अर्यालको लेखन अगाडि बढेको हुँदा उनका निबन्धमा युद्ध र यससम्बन्धी गतिविधिको विरोध अभिव्यञ्जित भएको छ । माथिको उदाहरणमा केवल भियतनाम युद्धको विषय मात्र नभएर सन्दर्भार्थमा विश्वमा फैलिरहेका अशान्ति, करिब बिस वर्ष चलेको अमेरिका भियतनाम युद्ध र यसका कारण विभाजित विश्वको तत्कालीन परिस्थितिको पनि बोध हुन्छ । यसका अतिरिक्त विश्वमा विदेशी आक्रमण र नियन्त्रणका कारण जतातत्तै भूमिगत समूहहरूको

स्थापना र विकास भएको कुरा पनि यहाँ स्पष्ट हुन्छ । विश्व जगतमा देखिएको राजनीतिक दृष्टि र युद्धको प्राथमिकतालाई अभिव्यक्त गर्ने भाषिक रूपको तलको उदाहरणमा देखिन्छ, जस्तै -

(४) "मान्छे बढे नागरिक बढ्छन्, नागरिक बढे सैनिक बढ्छन्, सैनिक बढे शक्ति बढ्छ अनि विश्वमा शक्ति सन्तुलन हुन्छ । त्यसैले पेट नराखे पनि प्रत्येक महिलामा एक-एक दर्जन पाठेघर राखिदिनुपर्छ ता कि वासिङ्टनमा एउटी आइमाई सुत्केरी हुँदा सैगोनमा १२ जना अमेरिकी सैन्य थपिन सकून् । साथै मान्छेलाई आँखा जस्तो मुख पनि डबल हुनु जरुरत छ । यसो भएमा परेको बेलामा एउटा मुखले शान्तिवार्ता र अर्को मुखले युद्धवार्ता एकैपटक गर्ने सुविधा विश्वका राजनीतिक नेताहरूलाई मिल्दछ । (अर्याल, २०७७, पृ. १६०)

उदाहरण (४) मा रहेका सैनिक बढे शक्ति बढ्नु, सैगोनमा बाह्र जना अमेरिकी सैन्य थपिनु, एउटा मुखले शान्तिवार्ता र अर्को मुखले युद्धवार्ता गरी तीन ओटा भाषिक रूपमा संसारमा रहेको युद्धसम्बन्धी मानवीय चेतना र चिन्तन, अमेरिकाले थालेको सैगोन युद्ध र विश्वराजनीतिमा देखा परेको वैरभाव देखिन्छ । युद्धको नशाले प्रभाव पारेको आधुनिक मान्छेले जनसङ्ख्या वृद्धिलाई महत्त्व दिएको र देशमा भएको सैन्य अभ्यास तथा अरू देशहरूसँग गरिने युद्धका कार्यलाई जोड दिएको पाइन्छ । यसरी हेर्दा विश्वमा शान्ति स्थापनाका विभिन्न प्रयास र शान्ति कायम गर्ने सभा सम्मेलनमा पक्षधरता देखिए पनि यसको अन्तर्यमा भने शक्ति सञ्चय गर्ने राष्ट्रहरूको दोहोरो चरित्र भएका कारण उनीहरूको युद्धप्रियता र यसको फलस्वरूप आम मानिसहरूले दुःख पाएको वास्तविकता बोध हुन्छ ।

अर्यालको 'साँढे' निबन्धमा मानवीय स्वभावका रूपमा देखिएको साँढे प्रवृत्ति र सोहीअनुसार विश्व जगतमा देखिएका शक्ति राष्ट्रहरूको साँढे प्रवृत्तिमाथि व्यङ्ग्य गरिएको र साँढेको हेपाहा प्रवृत्तिको प्रतीकात्मक उदाहरण दिँदै साँढे जस्तै अहङ्कारी, स्वार्थकेन्द्रित तथा दमनकारी प्रवृत्तिका कारण शक्ति राष्ट्रहरूबिचको युद्धमा ससाना र कमजोर देशहरू पीडामा परिरहेको यथार्थलाई तलको उदाहरणद्वारा स्पष्ट पारिएको छ :

(५) कोही नपाए भित्तैमा पनि सिँगौरी खेलेर तुजुक शान्त गर्ने साँढेको प्रवृत्तिले मान्छेमा पनि साँढा हुने रहर जगाइदिन्छ । त्यसैले हामी कान्जीहाउस बनाएर थुन्न खोज्छौँ, साँढेहरू पर्खालमा सिँगौरी खेलेर भत्काउन र भाग्न खोज्छन् । हामी शान्तिशान्ति भनेर चिच्याउँछौँ, साँढेहरू होक्काँ-होक्काँ गर्दै जुधिरहेछन्, सम्भव छ एक दिन दुई-चार ओटा हान्ने साँढेको जुधाइमा संसारका सम्पूर्ण शान्तिप्रिय बाच्छाहरू किचिन के बेर ? मिचिन के बेर ? (अर्याल, २०७७, पृ. १७७)

उदाहरण (५) मा हिन्दू धर्मअनुसार पशुपतिनाथ वा भगवान् शिवको बाहनका रूपमा चिनिएको साँढे वा गाईको सन्तान वा गोरुका रूपमा समाजमा परिचित जनावरको विषयमार्फत विश्वमा देखिएको साँढे प्रवृत्ति र यसका कारण मारमा परेको तेस्रो विश्वका देशहरूको अवस्था

अभिव्यक्त भएको छ । यहाँ प्रयुक्त भित्तैमा पनि सिँगौरी खेलेर तुजुक शान्ति पार्नु, कान्जीहाउसमा थुन्न खोज्नु, साँढेहरू पर्खालमा सिँगौरी खेलेर भत्काउन र भाग्न खोज्नु, शान्ति शान्ति भनेर चिच्याउनु, साँढेहरू होक्का-होक्का गर्दै जुधिरहनु, संसारका शान्तिप्रिय बाछाहरू किचिनु र मिचिनु जस्ता भाषिक रूपमा विश्वका शक्तिसम्पन्न र हतियारले युक्त भएका राष्ट्रहरूको अहङ्कार र महत्त्वाकाङ्क्षाको मारमा परेका ससाना देशहरूको तत्कालीन परिस्थिति अन्तर्निहित भएको छ । दोस्रो विश्वयुद्धपछि विश्वमा भावी युद्धको सम्भावना रोक्न र शान्ति स्थापना गर्न भनेर सन् १९४५ मा संयुक्त राष्ट्र सङ्घको स्थापना भएपश्चात् नै विश्वमा भूराजनीतिको नयाँ आयाम सुरु भएको हो । अतः भूराजनीतिको आधुनिक स्वरूप दोस्रो विश्वयुद्धपश्चात् निर्मित भएको अमेरिका र सोभियत सङ्घको विपरीत ध्रुवी सङ्गठन निर्माणलाई मानिन्छ । यस्तो प्रतिध्रुवीकरण शक्तिको उच्चता, आर्थिक विकास, वैचारिक एकता जस्ता विदेशी राष्ट्रहरूसँगको दौत्य सम्बन्धमा बाहेकका अन्य विषयहरूमा भएको थियो (दाहाल, सन् २०२४, पृ. १९३) । यसका कारण विश्वको समग्र शक्ति नै दुई भागमा विभक्त भएको थियो । यही साँढेजस्तै अहङ्कारी र निहु-खोजुवा प्रवृत्ति देखाउने शक्तिले मैमत्त मुलुकहरूको तत्कालीन अवस्था (बराल, २०७८, पृ. २९१) यस उदाहरणबाट बोध हुन्छ ।

'काला साथीहरूको बीचमा गहुँगोरो' निबन्धमा अफ्रिकाका देशहरूमा रहेको गृहयुद्ध र अशान्तिको तत्कालीन परिस्थिति निहित भएको भाषिक रूपको प्रयोग भएको छ । अफ्रिकी देश नाइजेरियामा रहेको ताजा इतिहास र त्यहाँ रहेको आतङ्कवादी सङ्गठन 'इबो'को निर्माणको पृष्ठभूमिमार्फत संसारमा चलिरहेको अशान्ति र युद्धको रहस्यको यस निबन्धमा सङ्केत गरिएको छ, जस्तै -

(६) एक रात नाइजेरियाको ताजा-ताजा इतिहास ऊ सुनाउँदै थियो । मैले प्वाक्क सोधेँछु- "ती इबो भन्ने त साह्रै खतरनाक गुरिल्ला जस्तै छन् रे हो ?" ऊ सुतिरहेको ठाउँबाट जुरुक्क उठ्यो र गर्ज्यो- "के तैँले मलाई त्यस्तो देखिस् ?" मैले भनेँ, "हैन, म इबोबारे सोध्दैछु ।" चुरोट सल्काएर बडा गौरवपूर्ण अनुहार लगाउँदै मेरो साथीले गम्भीर वाणीमा भन्यो- "हेर् अर्याल म पनि एउटा इबो हुँ ।" (अर्याल, २०७७, पृ. ११५)

(७) उसको आँखाको बिजुली बज्र बन्नुको सट्टा वर्षा बनी दर्किएला जस्तो देखियो- उसको बिन्द्रालोमा घटेका दुःखान्त कथा-उपकथाहरू सुनेर सुनिनसक्ना थिए । सुनाएर पनि सुनाइनसक्ना छन् । कसरी राजनीतिले मानवतालाई खुँड्छ- त्यसको ज्वलन्त उदाहरण उसको घरानाको दुःखान्त इतिवृत्त थियो । (अर्याल, २०७७, पृ. ११६)

उदाहरण (६) मा तत्कालीन नाइजेरियाको ताजा इतिहास र यहाँ फैलिएका गृहयुद्ध तथा 'इबो' नामको आतङ्कवादी सङ्गठनको जानकारीसहित अफ्रिकाका विभिन्न देशमा फैलिएको

गृहयुद्धको पृष्ठभूमिमा निहित अवस्था रहेको छ। यहाँ प्रयुक्त नाइजेरियाको ताजा-ताजा इतिहास, इबो र खतरनाक गुरिल्ला गरी तीन ओटा भाषिक रूपमा तत्कालीन अफ्रिकी देशहरूमा रहेको युरोपेली नियन्त्रण, स्वतन्त्र राष्ट्रको मान्यता प्राप्त गरे पनि ती राष्ट्रमा नियोजित रूपमा सुरु भएको निरंकुशता र त्यसका विरुद्धको गुरिल्ला युद्धको पृष्ठभूमि अन्तर्निहित भएको छ। यसबाट विश्वमा युद्ध र गृहयुद्ध जे सुकै प्रकृतिको भए पनि युद्ध फैलिएको र अशान्ति छाएको वास्तविकता बोध हुन्छ भने अर्कोतिर त्यस्ता गृहयुद्धको कारण युरोपेली र शक्तिशाली देशको स्वार्थ र युद्धमोह रहेको तथ्य पनि स्पष्ट हुन्छ।

'असनको डबली' निबन्धमा मान्छेले सफलता हासिल गरेको चन्द्रलोक यात्रालाई विज्ञानको चमत्कारका रूपमा र मान्छेले यति बिघ्न सफलता प्राप्त गरे पनि मान्छेमा हराउँदै गएको मानवता र शान्तिप्रियताका कारण विश्व शान्ति स्थापनामा अन्तरिक्ष खोजसम्बन्धी सफलताको भूमिका नरहने तथ्यलाई अभिव्यक्त गर्न "...एकातिर गैसकेको ज्यानलाई मुटु फेरेर पनि जोगाइन्छ; अर्कातिर बम बर्साएर हजारौँ ज्यानको एक चिहान पर्छ।"(अर्याल २०७७, पृ. २४९) र "चन्द्रलोक यात्रा चमत्कारै हो विज्ञानको। तर मानवता र विश्व शान्तिमा यसको के भूमिका होला ?" (ऐ. पृ. २५०) भन्ने तीन ओटा वाक्यमा प्रयुक्त भाषिक रूपको प्रयोग भएको छ। तत्कालीन विश्व जगतको अन्तरिक्ष खोजसम्बन्धी अपार सफलता र यससँगै विश्वमा भएको आणविक शक्ति र प्रविधिको विकासमा उच्चतम अवस्था भएका देशहरूको स्थिति पनि यसबाट स्पष्ट हुन्छ।

यी बाहेक 'चन्द्रलोक कसको ? निबन्धमा "जसको एक झोकमा पृथ्वीको दैनिक गति बटारिन सक्थ्यो।" र " मेरो विचारमा महायुद्धपछिको जर्मनीजस्तै तानातान र खोसाखोस त होला नि ?" गरी दुई ओटा वाक्यमा शक्तिशाली मानिएका राष्ट्रहरूको आणविक विकासका कारण धरापमा परेको पृथ्वीको अस्तित्व र प्रथम विश्वयुद्धपश्चात् पेरिस सन्धिमार्फत जर्मनीको भागबन्डाको परिस्थिति रहेको देखिन्छ। यसबाट दोस्रो विश्व युद्धपश्चात् निर्मित संयुक्त राष्ट्रसङ्घमार्फत विश्वमा शान्ति र मैत्रीभाव विकास हुने अपेक्षा गरिकोमा अमेरिका र रुसको नेतृत्वमा निर्मित भएका राष्ट्रहरूको समूह र उनीहरूको आणविक अस्त्रको परीक्षणको होडबाजी, अमेरिकाको भियतनाममाथिको आक्रमण तथा यस विषयमा ध्रुवीकृत भएको विश्व दृष्टिकोणको बोध हुन्छ। विश्व शान्तिको नारा लगाउने राष्ट्रहरूले नै शक्तिको प्रदर्शन र अत्याधुनिक आणविक अस्त्रहरूको निर्माण तथा परीक्षण गरिरहेको तत्कालीन परिस्थितिमा आणविक अस्त्र परीक्षणको होडबाजीले विश्व शान्तिलाई पनि चुनौती दिइरहेको (पोखरेल, २०७३) यथार्थबोध यस निबन्धमा भएको छ र यसबाट पृथ्वीकै अस्तित्व समाप्त हुने खतरा रहेको पनि तथ्यबोध हुन्छ। यसरी हेर्दा अर्यालका यी निबन्धमा संसारमा विकसित आणविक शक्तिनिर्माण, सञ्चय र परीक्षणको वृद्धिका कारण विश्वमा शान्ति खलबलिएको र यसले मानव जीवनलाई मात्र नभएर पृथ्वीको भौतिक अस्तित्वलाई नै तहसनहस पारेको यथार्थबोध युद्ध र आणविक प्रतिस्पर्धाको सन्दर्भमार्फत भएको स्पष्ट हुन्छ।

## ५.४ निष्कर्ष

अर्यालका निबन्धबाट नेपालको राजनीतिक अवस्था, सरकारी संयन्त्र, प्रशासनका विविध विषयभित्रका यथार्थ तथ्यको बोध भएको छ । 'सरकारले दुलो खोज्नु पर्ला' निबन्धबाट नेपालमा प्रजातन्त्रको स्थापनापछिको समयमा बन्ने र विगठन हुने सरकारको स्वरूप र त्यसका अपरिपक्वता; 'प्रतिनिधि मण्डल फर्क्यो' निबन्धबाट आन्दोलन र मागमार्फत राजनीतिक अभीष्ट पूरा गर्ने प्रवृत्ति तथा निर्वाचनमा हुने अनियमितता अनि 'तमसुक' निबन्धबाट तत्कालीन सरकार र सरकारमा रहेको पार्टीलाई सत्तामा पु¥याउनका लागि विदेशी सहयोग लिएको तथ्यको बोध हुन्छ । 'रेडियो रसातल' निबन्धबाट विदेशीसँग तल पर्ने सम्झौताका कारण सिर्जित राष्ट्रिय गौरवमा कमी, कर्मचारी नियुक्तिमा राजनीतिक हस्तक्षेप, नातावादी प्रवृत्ति र हरेक क्षेत्रमा सत्तासीन पार्टीले पारेको राजनीतिक प्रभावको बोध हुन्छ । 'अवसरवादी दर्शन' निबन्धबाट तत्कालीन राजनीतिक स्थितिमार्फत राष्ट्रिय राजनीतिको स्वार्थमा रमाउने प्रवृत्ति स्पष्ट हुन्छ । 'जयभोलि' निबन्धबाट राणाकालीन प्रशासनको अनुत्तरदायी प्रवृत्ति, सरकारका कारिन्दा र सरकार स्वयम् नै जनसेवालाई छोडेर व्यक्तिगत कार्य र विलासितामा लाग्ने गरेको यथार्थ बोध हुन्छ । 'नेता नम्बर एक सय एक' निबन्धबाट जनतालाई प्रलोभन र धम्की दुवै तरिकाले नियन्त्रणमा लिएर सत्तामा पुग्ने र जनतालाई सास्ती दिने तत्कालीन महत्त्वाकाङ्क्षी तथा स्वार्थी राजनीतिक प्रवृत्तिको बोध हुन्छ । 'हराम पाँडे हजुर' नेपालको प्रशासनिक ढिलासुस्ती र न्याायलयमा पनि आनाकानी, ढिलासुस्ती र जनतालाई दुःख दिने प्रवृत्ति बढेको र अहिलेका न्यायमूर्तीहरू असक्षम र निर्णय क्षमतामा कमजोर रहेको यथार्थ बोध हुन्छ । यसरी यी निबन्धमा निहित तत्कालीन स्वदेशी परिस्थितिका विविध तथ्यहरू राष्ट्रिय राजनीतिसम्बन्धी सन्दर्भका माध्यमले प्रकाश्य भएको स्पष्ट हुन्छ ।

अर्यालका निबन्धबाट विश्व परिवेशको शीतयुद्धमूलक स्थिति, रुस तथा अमेरिका जस्ता शक्तिशाली देशहरूका कारण निर्मित भएको राजनीतिक ध्रुवीकरण, उपनिवेशवादी र शक्तिशाली देशहरूले साना देशमाथि राखेको कूटनीतिक प्रभाव तथा नियन्त्रणबाट सिर्जित तत्कालीन यथार्थको बोध भएको छ । 'सरकारले दुलो खोज्नु पर्ला' निबन्धबाट अल्जेरियाको क्रान्ति र मार्क्सवादी विचारको अन्तर्राष्ट्रिय प्रभावको बोध हुन्छ । 'तमसुक' निबन्धबाट विदेशी आर्थिक सहयोगका निउँमा बेलायत, अमेरिका जस्ता देशले नेपाली राजनीतिमाथि गरेको हस्तक्षेप स्पष्ट हुन्छ। 'चिनिया घुसघुसे' निबन्धबाट तत्कालीन परिस्थितिमा भारतले गरेको दबाब र नियन्त्रणलाई सहज स्वीकार गर्ने तर चीनले नेपालमाथि गरेको त्यस्तो प्रभाव र दबाब नहुँदा नहुँदै पनि चिनिया व्यवहारका विषयमा झुटो प्रचार गर्ने तत्कालीन सरकारी सोचको बोध हुन्छ। 'अवसरवादी दर्शन' निबन्धबाट पञ्चशीलका मान्यता निर्माणमा मुख्य भूमिका खेल्ने देशले खेलेको विपरीत भूमिका, भारतको नेपाल तथा अरू उसका छिमेकी देशसँगको सम्बन्ध र विशेष गरी नेपालको सीमा अतिक्रमणको यथार्थबोध हुन्छ। 'पृथ्वीनारायण ! तिमी फेरि आऊ' निबन्धबाट भूपरिवेष्ठित भएका कारण नेपालले आम रूपमा भोग्नुपरेका समस्या, अदुरदर्शी प्रभावमा आधारित परनिर्भर र

भारतमुखी रहेको तत्कालीन परराष्ट्र सम्बन्ध तथा भारतले मट्टितलेको निर्यातमा गरेको प्रतिबन्धका कारण उत्पन्न परिस्थितिको बोध हुन्छ । 'मिस्टर एन. मुनि नेपालमा' निबन्धबाट विश्वमा दोस्रो विश्वयुद्धपश्चात् देखिएको राजनीतिक ध्रुवीकरण र अन्तरिक्षसम्बन्धी खोजमा चलेको होडबाजीको यथार्थबोध हुन्छ । यसरी हेर्दा यी निबन्धमा तत्कालीन विश्व परिवेशको वैमनस्य, तिक्त सम्बन्ध र साना देशहरूको पराधीन अवस्थालाई अर्थ्याउन अन्तर्राष्ट्रिय राजनीतिसम्बन्धी सन्दर्भले भूमिका खेलेको स्पष्ट हुन्छ ।

अर्यालका निबन्धमा रहेको युद्ध, सैन्य अभ्यास, आणविक परीक्षण जस्ता परिवेशजन्य अवस्थाबाट संयुक्त राष्ट्र सङ्घको भूमिकामाथि नियन्त्रण, भावी युद्धको सम्भावना र पृथ्वीको अस्तित्वमाथिको संकटको अर्थ द्योतन भएको छ । 'अन्तर्राष्ट्रिय भ्यागुता सम्मेलन' निबन्धबाट विभिन्न राष्ट्रको सभासम्मेलन, पदको लोलुपता र शक्तिको सञ्चय र यसको मारमा परेका तेस्रो विश्वका राष्ट्रहरूको अवस्थाबोध हुन्छ । 'मान्छे मोडेल' निबन्धबाट अमेरिका-भियतनाम युद्धका कारण विभाजित विश्वको तत्कालीन राजनीति र विदेशी आक्रमण तथा नियन्त्रणका कारण जतातत‍ै भूमिगत समूहहरूको स्थापना र विकास तथा मान्छेमा रहेको युद्धमोह स्पष्ट हुन्छ । 'साँढे' निबन्धबाट आणविक अस्त्रहरूको निर्माण र परीक्षण गरिरहेको तत्कालीन परिस्थितिमा आणविक अस्त्र परीक्षणको होडबाजीले विश्व शान्तिलाई चुनौती दिइरहेको र यसबाट पृथ्वीकै अस्तित्व समाप्त हुने सम्भावना बोध हुन्छ । 'असनको डबली' निबन्धबाट मान्छेमा हराउँदै गएको मानवता र शान्तिप्रियताका कारण विश्व शान्ति स्थापनामा अन्तरिक्ष खोजसम्बन्धी सफलताको भूमिका नरहने तथ्य स्पष्ट हुन्छ । यसरी हेर्दा यी निबन्धमा तत्कालीन समयका विश्वमा भएका युद्धजन्य अवस्था, सैन्य सञ्चय तथा आणविक अस्त्र निर्माणको प्रतिस्पर्धाका घटनाहरूको पृष्ठभूमिमा युद्ध र आणविक प्रतिस्पर्धाका सन्दर्भका माध्यमले विश्वमा देखिएको युद्धमोह र मानवतामा आएको सङ्कटको अर्थ स्पष्ट भएको छ ।

## छैटौं परिच्छेद

# संज्ञानात्मक सन्दर्भका आधारमा भैरव अर्यालका निबन्धको मूल्याङ्कन

### ६.१ विषयप्रवेश

अर्यालका निबन्धमा प्रयुक्त भाषिक रूपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रका सामाजिक, आर्थिक र राजनीतिक विषयलाई समेट्ने विभिन्न स्थिति अन्तर्निहितमा भएको छ र त्यस्ता स्थितिमा निहित संज्ञानको बोधका लागि सन्दर्भको प्रयोगको खोजी अपेक्षित रहेको छ । उनका निबन्धमा विषयलाई अर्थपूर्ण र गम्भीर बनाउनका लागि सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक र वैचारिक विषयको वर्णन भएको र त्यस्तो वर्णनसँगै यी निबन्धमा विभिन्न सन्दर्भ जोडिएर आएको पाइन्छ । यस्ता सन्दर्भले निबन्धमा प्रयुक्त भाषिक रूपलाई तत्कालीन पर्यावरणजन्य स्थितिसँग जोडेर निश्चित अर्थ प्रतिफलनमा सहयोग गरेका छन् । यस परिच्छेदमा संज्ञानात्मक सन्दर्भार्थका दृष्टिले अर्यालका निबन्धलाई मूल्याङ्कन गर्दा समकालीन यथार्थ र विधागत सौन्दर्यमूल्य गरी दुई ओटा उपशीर्षकमा विभिन्न सूचकका आधारमा त्यस्ता सन्दर्भको प्रयोजन र औचित्यको मूल्याङ्कन गरिएको छ ।

### ६.२ सन्दर्भगत संज्ञानका दृष्टिले अर्यालका निबन्ध

सन्दर्भगत संज्ञानका दृष्टिले अर्यालका निबन्धलाई मूल्याङ्कन गर्दा समकालीन यथार्थको अभिव्यक्ति र विधागत सौन्दर्य मूल्य गरी दुई ओटा उपशीर्षकमा गरिएको छ । यी दुई ओटा उपशीर्षकभित्र विभिन्न सूचकका आधारमा त्यस्ता सन्दर्भको प्रयोजन र औचित्यको मूल्याङ्कन गरिएको छ । समकालीन यथार्थको अभिव्यक्तिअन्तर्गत सामाजिक, आर्थिक र राजनीतिक आधारका विभिन्न आठ ओटा सूचकका आधारमा निबन्धको मूल्याङ्कन गरिएको छ भने विधागत सौन्दर्य मूल्यअन्तर्गत निबन्धको विधागत पहिचान र शैलीय पक्षका विभिन्न तीन ओटा सूचकका आधारमा ती निबन्धको मूल्याङ्कन गरिएको छ ।

### ६.२.१ समकालीन यथार्थको अभिव्यक्ति

समकालीन यथार्थले तत्कालीन समयको वा लेखकले देखेको, भोगेको र सुनेको वास्तविक अवस्थाको बोध गराउँछ । लेखकले समकालीन समाज र यसका विविध अवस्थाबाट विषय, विचार र भाव ग्रहण गरेर साहित्यिक कृतिको रचना गर्ने हुनाले त्यस्ता कृतिमा निहित भाषिक पाठमा लेखकका समकालीन यथार्थका गतिविधिको प्रभाव परेको हुन्छ । अर्यालका निबन्धमा प्रयुक्त भाषिक रूपमा तत्कालीन समाज, राजनीति र अर्थव्यवस्थाका विविध स्थिति अन्तर्निहित भएको पाइन्छ । यहाँ यस्तो यथार्थका आधारमा अर्यालका निबन्धको मूल्याङ्कन गरिएको छ । समकालीन यथार्थको अभिव्यक्तिका आधारमा सामाजिक बेथितिप्रतिको व्यङ्ग्य, धार्मिक विसङ्गतिको विरोध, सांस्कृतिक विचलनप्रतिको दृष्टिकोण, गरिबी र आर्थिक अव्यवस्थाप्रतिको असन्तोष, राष्ट्रिय राजनीतिक परिस्थितिप्रति व्यङ्ग्य, अन्तर्राष्ट्रिय राजनीतिक अवस्था र युद्ध र आणविक

प्रतिष्पर्धाप्रति व्यङ्ग्य गरी सात ओटा सूचकका आधारमा यहाँ अर्यालका निबन्धको मूल्याङ्कन गरिएको छ ।

### (१) सामाजिक बेथितिप्रति व्यङ्ग्य

सामाजिक संस्थाको विशेष भूमिकामा समाजको निश्चित संरचना निर्मित भएको हुन्छ । सामाजिक आचरण र व्यवहारको निर्माण पनि परिवार, विवाह, नातासम्बन्ध, धर्म जस्ता सामाजिक संस्थाकै आधारमा भएको हुनाले यसले समग्र सामाजिक अवस्थाको निर्माण गर्छ । यसबाट समाजको संरचना "सामाजिक आवश्यकता पूरा गर्न समाजद्वारा स्वीकृत व्यवहारहरूको व्यस्थित ढाँचा" (शर्मा, २०६६, पृ. ५) का आधारमा निर्मित भएको कुरा पुष्टि हुन्छ । नेपाली समाजमा जातीय अवस्था, सामाजिक मान्यता, विवाह र परिवार जस्ता सामाजिक संस्थाका भिन्न प्रकारका नियम र परम्परा विकसित भएको पाइन्छ । अर्यालका निबन्ध नेपाली समाजको यही अभिलक्षण र तिनका अव्यवस्थामाथि व्यङ्ग्यात्मक दृष्टि राखिएको छ ।

अर्यालका निबन्धमा सामाजिक बेथितिमाथि दृष्टिप्रक्षेपण गर्ने क्रममा समाजमा रहेका जन्मसंस्कार, विवाह, पुरुष र नारीको भूमिका जस्ता विषयलाई पनि व्यङ्ग्यात्मक दृष्टिले हेरिएको छ । "समाजको यथार्थ र कलात्मक चित्रण नडराई गर्ने अर्याल" (शर्मा, २०२६) का निबन्धहरूमा नेपाली समाजमा प्रचलित जातिसम्बन्धी दृष्टिकोण तथा समाजमा रहेको जातीय तथा क्षेत्रीय विभेदको पनि विरोध गरिएको छ । उनको 'प्रतिनिधि मण्डल फर्क्यो' निबन्धमा बाहुनको सरकार हुँदा बाहुन नै हेपिनुपर्ने भन्ने नेपालको तत्कालीन जातीय संरचना र जातीय हैसियतलाई अभिव्यक्त गर्ने भाषिक अभिव्यक्ति रहेको र यसबाट सामान्यतः सरकारमा रहेका ब्राह्मणहरूले ब्राह्मणकै समस्या नबुझेको भन्ने बुझिए पनि सामाजिक संरचना र प्रचलनसम्बन्धी सन्दर्भमार्फत नेपालमा जातीय संरचना र सामाजिक रूपमा जातिलाई हेर्ने विभेदकारीदृष्टिकोणको बोध भएको छ ।

अर्यालको 'कन्याकेटी खोज्दा' निबन्धमा नेपाली समाजका विवाहसम्बन्धी सामाजिक मान्यता, पम्परागत सङ्कीर्ण दृष्टिकोण र जातीय विभेदलाई अभिव्यक्त गर्ने भाषिक रूपको प्रयोग भएको छ, जस्तै -

> (१) भात त हाम्रो चल्छ रे, तर दाल चल्दैन रे । दाल नचले सधैँ गोलभिँडा साँधेर भात खाउँला, देऊ न त कन्या भनेको, उनले पटक्क मानेनन् । मानून् पनि कसरी ! जातभात मिलाएर दिउँला भनी २५ वर्षसम्म साँचिराखेको उनकी जेठी छोरी सारङ्गी बजाउने गन्धर्व जातिसित पोइल गइछ, एउटी त बिग्री बिग्री, अर्की पनि बिजातलाई कसरी दिऊन् । बिचरालाई जातमिल्दो ज्वाइँको गोडाको पानी खाने धोको छँदै थियो (अर्याल २०७७, पृ. ५९-६०) ।

विभिन्न बाध्यतामा विदेशिनुपर्ने र बेचिनुपर्ने नेपाली युवायुवतीको तत्कालीन विवशता, समाजमा रहेको सामाजिक-आर्थिक समस्या तथा बेथिति र तत्कालीन सामन्ती शोषणजस्ता विषयवस्तुको कलात्मक प्रस्तुति 'लाहुरेको यात्रा संस्मरण' निबन्धमा भएको छ । "मर्दको दसोटी हुन्छन्' भन्ने हाम्रो लौकिक आदर्शमुताबिक एउटा भालेलाई दसोटीसम्म पोथी गुटमुट्याउने लाइसेन्स समाजले दिएकै छ" (अर्याल, २०७७, पृ. ७६-७७) भन्ने वाक्यमा समाजमा रहेको लैङ्गिक विभेदप्रति कटाक्ष गरिएको छ । नेपाली समाजका विभिन्न क्षेत्रमा रहेको दुष्प्रवृत्तिप्रति व्यङ्ग्य प्रहार गरी 'महापुरुषको सङ्गत' निबन्धमा खास गरी बाहिर हेर्दा समाजले महान् ठानेका व्यक्तिहरूको वास्तविकता देखाइएको छ (पौड्याल, सन् २०२४, पृ. १७) । महान् व्यक्ति वा समाजमा सम्मान र प्रशंसायोग्य व्यक्ति बुझाउने 'महापुरुष' शब्दको सर्वप्रचलित अर्थमाथि यहाँ व्यङ्ग्य गरिएको र समाजमा भएका चोर, स्त्रीलम्पट तथा आर्थिक दृष्टिले लुब्ध मानिसलाई बुझाउनका लागि यहाँ 'महापुरुष' शब्दको प्रयोग भएको छ । समाजमा बुद्धिजीवीको कमी, लाहुरे संस्कृति र तत्कालीन समाजको यथार्थ अवस्थाको वर्णन भएको यस निबन्धमा देशको तत्कालीन जनसङ्ख्याको संरचना र सोचको सामाजिक स्तरलाई सामाजिक सन्दर्भले स्पष्ट पारेको छ । "नेपाली समाजका ठूलाबडाहरूका चारित्रिक दुर्बलताको कलात्मक वणर्न" (लुइटेल, २०७९) यस निबन्धमा पाइन्छ, जस्तै -

(२) दरबारै भने हुने उनको 'कुटी'मा पुगेपछि आफू त वृन्दावनमा पसेको मुसो जस्तै अक्क न बक्क भएँ । अघिल्तिर कन्या साथमा सधवा, पछिल्तिर सयौँ बूढी र विधवा राखेर गोपी गुरु सुनाउँदै रहेछन्- गोपिनीको चीरहरण । मैले सम्झेँ, एउटी आइमाई मान्ने हामी त पुरुष कहिन्छौँ भने यतिका आइमाईले पत्याएका गोपी गुरुलाई महापुरुष नभन्ने को ? (अर्याल, २०७७, पृ. ८९)

निबन्धमा प्रयुक्त विभिन्न प्रकारका पुरुषको प्रयोग व्यञ्जनाका आधारमा मात्र नभई तत्कालीन समाजको प्रतिबिम्बनका दृष्टिले पनि अर्थपूर्ण रहेको छ। महापुरुषले मर्दाना वा पुरुषको साइकल नचोरेर महिलाको साइकल चोर्नु र भात कुराएबापत बुढी पन्यु लिएर झम्टिन्थी, कहिलेकाहीँ जहानबाट पनि महान् कुरा निस्कन्छन् भन्ने तीन ओटा भाषिक रूपभित्र तत्कालीन समाजमा रहेको लैङ्गिक विभेदयुक्त सामाजिक चेतनाको तात्पर्य रहेको छ । यहाँ महिलालाई जनसङ्ख्या बढी भएको स्थितिलाई मात्र नजनाई विवेक र बौद्धिकताहीन अवस्थाका नारीलाई जनाउँछ । पुरुषलाई मात्र ज्ञानी ठान्ने तत्कालीन पितृसत्तात्मक व्यवस्था तथा शिक्षा र चेतनाका दृष्टिले नारीको दयनीय अवस्थाको बोध पनि यसबाट हुन्छ । २०२० सालमा प्रकाशित यस निबन्धमा तत्कालीन नेपाली समाजमा रहेको पुरुष शक्ति, पुरुषको सामाजिक प्रभुत्व तथा महिलाप्रति पुरुषदृष्टि विभिन्न सन्दर्भका माध्यमले स्पष्ट भएको छ ।

वैदिक कालमा महिलाहरूले पुरुषसरह सामाजिक अधिकार र सम्मान प्राप्त गरेको र लौकिक कालमा पनि भारत वर्षमा महिलाहरूको सम्मानजनक अवस्था रहेको (प्रपन्नाचार्य,

२०७५, पृ. ७१) पाइन्छ तर आधुनिक समयमा यस्तो अधिकारको समानता र सम्मानको अन्त्य भई उनीहरूलाई निम्न तहको र निम्सरो मान्न थालिएको तथ्य यस निबन्धमा देखिन्छ । यसरी हेर्दा 'महापुरुषको सङ्गत' निबन्धमा सामाजिक सन्दर्भको प्रयोग गरेर तत्कालीन नेपाली समाजको वस्तुयथार्थ र महिलालाई हेर्ने विभेदकारी दृष्टिकोणलाई कलात्मक तरिकाले प्रस्तुत गरिएको छ ।

समग्रमा अर्यालका निबन्धमा नेपाली समाजमा रहेको पुरुष प्रवृत्ति र समाजका गन्यमान्य भनिएका मानिसको जिम्मेवारीहीनता, सामाजिक मान्यताका रूपमा प्रचलनमा रहेर समस्याका रूपमा विकास भइरहेको दाइजो प्रथा, सामाजिक संस्थाको परिचालनमा रहेको अव्यवस्था जस्ता विषयको वर्णनका क्रममा विविध सामाजिक सन्दर्भले भूमिका खेलेको देखिन्छ ।

**(२) धार्मिक विसङ्गतिको विरोध**

अर्यालका निबन्धमा धार्मिक संस्कारका रूपमा रहेका पुरातन मान्यता र विभेदको विरोध गरिएको छ । धर्मका नाममा देखिने स्वार्थी र आत्मकेन्द्रित पद्धति, धार्मिक विद्वान, धर्मगुरु र धार्मिक सङ्घसंस्थाका सञ्चालकहरूप्रति पनि यी निबन्धमा तीक्ष्ण व्यङ्ग्य गरिएको छ। 'सरकारले दुलो खोज्नु पर्ला' निबन्धमा नेपालमा प्रजातन्त्रको स्थापना भएपश्चात् हिन्दू धार्मिक मान्यता र संस्कारमा आएको कमी, समाजमा व्याप्त धर्मान्धता र धर्मका नामबाट राजनीतिक र सामाजिक लाभ लिने प्रवृत्ति अभिव्यक्त भएको छ । 'प्रतिनिधि मण्डल फर्क्यो' निबन्धमा धार्मिक संस्कार मानव जीवनको महत्त्वपूर्ण पक्ष भए पनि राणा शासनकालीन समयमा ब्राह्मणहरूलाई धार्मिक संस्कारका नाममा सम्मान गरेर अरू जातिको विभेद गरेको र पछि धार्मिक गतिविधि, धार्मिक संस्था र धार्मिक संस्कारका नामबाट सीमित व्यक्तिहरूले आफ्नो स्वार्थ पूरा गरेका कारण यस्ता धार्मिक नामका क्रियाकलापमाथि चर्को विरोध गरिएको छ तर यी निबन्धमा यस्तो विरोध लेखकीय अभिव्यक्तिमा सोझो रूपमा नदेखिई निबन्धात्मक कलामार्फत र तत्कालीन धार्मिक परिस्थितिको तथ्यमूलक चित्रणमार्फत भएको छ । पण्डित र पुरोहितहरूले नै पितृउद्धारको नाममा जजमानहरूलाई जबरजस्ती दुईपटक श्राद्ध गर्न बाध्य बनाउन गरेको माग र सरकारलाई राजनीतिक सहयोग गरे महिनाको एउटा श्राद्ध गर्ने गरी विधान बनाइदिने सरकारी आश्वासनबाट यहाँ धार्मिक संस्कारका नाउँमा तत्कालीन समाजमा पण्डित पुरोहितहरूको दमन र नियन्त्रण सन्दर्भमार्फत स्पष्ट भएको छ ।

'कन्याकेटी खोज्दा' निबन्धमा नेपाली समाजमा व्याप्त धार्मिक संस्कार र सोही आधारमा पितृलाई तर्पण दिने अधिकार छोरामा मात्र रहेको र छोरो जन्माएर मृत्युपछिको मार्ग सफल हुने विश्वासलाई कटु व्यङ्ग्य गरिएको छ, जस्तै -

> (३) साहूको ऋण तिर्न नसके पनि एउटी कन्याकेटी भित्र्याएर पितृ-ऋण नतिरी कसरी मर्नु ? यस लोकमा यी घुट्को चिया खान नपाए पनि परलोकमा एक घुट्को तर्पन दिने एउटा छोरो त चाहिन्थ्यो । (अर्याल, २०७७, पृ. ६१)

हिन्दू धार्मिक मान्यतामा पितृऋण तिर्न जसरी भए पनि विवाह गर्नुपर्ने र छोरो नै जन्माउनुपर्ने विचारमा अडेको देखिन्छ । यस निबन्धमा छोरालाई महत्त्व दिने र पितृतर्पणका लागि छोरो आवश्यक हुने हुनाले जसरी भए पनि छोरो जन्माउनुपर्ने धार्मिक अन्धविश्वास कथात्मक शैलीमा विशेष सामाजिक व्यवस्थाभित्रको धार्मिक मान्यताका सापेक्षमा प्रस्तुत गरिएको छ ।

'महापुरुषको सङ्गत' निबन्धमा धार्मिक गुरु र सम्मानित व्यक्तित्वका रूपमा स्थापित समाजमा गन्नेमान्ने व्यक्तिहरू आर्थिक र सामाजिक एवम् चारित्रिक दृष्टिले कति पतित हुन्छन् भन्ने विषय विभिन्न धार्मिक सन्दर्भसूचक भाषिक रूपका माध्यमबाट प्रस्तुत गरिएको छ । यस निबन्धमा ज्ञानका खानी र धर्मका अभियन्ता मानिएका व्यक्तिहरू द्रव्यपिपासु र चारित्रिक दृष्टिले स्त्रीलम्पट रहेको यथार्थ स्पष्ट पार्न तत्कालीन समाज व्यवस्था र धार्मिक गतिविधिका विभिन्न स्थितिलाई जनाउने भाषिक रूपको सहयोग लिइएको छ । 'केही राष्ट्रिय रोग : एक अनुसन्धान' निबन्धमा हिन्दूहरूको श्राद्धकर्म र यससँग सम्बन्धित विषयमाथि व्यङ्ग्यात्मक दृष्टिले विरोध गरिएको छ । "सामाजिक संस्कारको प्रवक्ताका रूपमा भैरव अर्याल निकै-निकै विस्तीर्ण देखापर्छन्" (त्रिपाठी, २०२८) । भारतको गयामा गरिने श्राद्धकर्म र श्राद्धका नाउँमा कर्ताहरूलाई लाइन लगाएर भारतीय पण्डाहरूले ठग्ने विषयलाई यहाँ रोचक ढङ्गले उठाइएको छ । नेपालमा डाक्टरहरूले बिरामी जाँचका नाममा गरेका कर्म सापेक्षमा यहाँ भारतीय पुरोहितहरूले नेपालीलाई धार्मिक दृष्टिले ठगिरहेको विषयमाथि तीव्र विरोध गरिएको छ । यसमा खाली हिन्दूहरूले गर्ने श्राद्धकर्ममा मात्र नभई हिन्दू धर्मका नाममा भारतीयहरूद्वारा सोझा, इमानदार र धर्मभिरु नेपालीहरू धार्मिक तथा आर्थिक शोषणमा परेको विषय तत्कालीन धार्मिक गतिविधिजन्य सन्दर्भमार्फत स्पष्ट भएको छ । 'रेडियो रसातल' निबन्धमा एकातिर नेपालले छिमेकी मुलुकसँग गरेका असमान सन्धि-सम्झौता र यसका कारण नेपाललाई भविष्यमा पर्न सक्ने अन्याय तथा थिचोमिचोलाई सङ्केत गरिएको छ भने अर्कोतिर दान, महादान आदिका समारोहमार्फत गरिने धनदान र त्यसका कारण हिन्दू धर्मका वास्तविक धार्मिक संस्कार ओझेलमा परेको र धर्म, अनुष्ठान र दानदातव्यजस्ता कर्ममा देखिएको बेथितिको तीव्र विरोध गर्न "अर्धमूली तथा अर्धचुली मन्त्री श्री श्री श्री 'ग' वर्गीय कुँवरकुल कलाधर महाप्रभुले राष्ट्रिय दश दानमध्यको दोस्रो रूप महानदीयुक्त भूमिदान कार्य सम्पन्न गर्नुभयो" (अर्याल, २०६३, पृ. २३) भन्ने वाक्यको प्रयोग गरिएको छ । यसले तत्कालीन नेपालले भारतसँग गरेको गण्डक सम्झौतालाई जनाएको छ । अर्यालका 'जय भोलि', 'असनको डबली' जस्ता अरू निबन्धमा पनि धार्मिक क्षेत्रमा हुने विसङ्गतिको विरोध गरिएको छ । ती निबन्धमा रहेको धार्मिक अव्यवस्था र विसङ्गतिप्रतिको विरोधभाव धार्मिक संस्कारजन्य सन्दर्भका माध्यमबाट अर्थिएको छ । अतः तत्कालीन नेपाली समाजको धार्मिक गतिविधि र यसभित्रका बेथितिहरूको बोधका लागि विभिन्न सन्दर्भको भूमिका रहेको हुनाले सन्दर्भका दृष्टिले यी निबन्धहरू सशक्त रहेको प्रस्ट हुन्छ ।

यसरी हेर्दा अर्यालका निबन्धमा नेपालमा रहेको धार्मिक संस्कारसँग सम्बन्धित विभिन्न क्रियाकलापमाथि दृष्टि प्रक्षेपण गरिएको र मानिसले सनातनी परम्पराअनुसार आफ्ना धर्म संस्कार सरल रूपमा गर्न नपाएको; धार्मिक संस्कार, अनुष्ठान र परम्पराका रूपमा समाजमा ठगिखाने प्रचलन सुरु भएको; धार्मिक संस्था र पद्धतिको नाम बेचेर विभिन्न पद र पैसामा निर्लिप्त हुने सीमित व्यक्तिहरूले धार्मिक गतिविधि र संस्कारलाई राजनीतिक रङ दिएको तथा समाजमा धर्मज्ञान भएका भनिएका पथप्रदर्शक व्यक्तिहरू सामाजिक, आर्थिक र चारित्रिक दृष्टिले पतित भएको तत्कालीन धार्मिक परिस्थितिमाथि तीव्र विरोध गर्न धार्मिक संस्कारजन्य गतिविधिले भूमिका खेलेको र धार्मिक संस्कार, अनुष्ठान तथा तिनको परिपालनासम्बन्धी लेखकीय दृष्टिकोणका अतिरिक्त तत्कालीन नेपाली समाजमा रहेको धर्मसँग सम्बन्धित बेथितिको बोध गराउन यस्ता सन्दर्भको भूमिका र योगदान विशेष रहेको स्पष्ट हुन्छ ।

**(३) सांस्कृतिक विचलनप्रतिको दृष्टिकोण**

अर्यालका निबन्धमा नेपाली समाजका विभिन्न सांस्कृतिक प्रचलन र मान्यता तथा आधुनिकताका नाममा नेपालमा आएको सांस्कृतिक विचलनसम्बन्धी लेखकीय विरोध अभिव्यक्त भएको देखिन्छ । यी निबन्धमा नेपालमा परम्परादेखि चलिआएको मौलिक सांस्कृतिक परम्पराको समर्थन र पछिल्लो समयमा विकसित पश्चिमी संस्कृतिको अनुकरणसम्बन्धी विषयमाथि पनि व्यङ्ग्य गरिएको छ ।

अर्यालको 'दौरा सुरुवाल नपठाइदिने भएँ !' निबन्धमा नेपाली राष्ट्रिय पोशाकको संरक्षणको अभाव र विदेशी पोशाकको अन्धानुकरण गर्नेको सङ्ख्यामा भएको वृद्धिप्रति विरोध गरिएको छ । "काठमाडौँको फेसने भूत लागेर टाउकाको टोपीसँग चपाइसक्यो" (अर्याल, २०६३, पृ. ७) र "२००७ सालदेखि यता काठमाडौँ" (ऐ. पृ. ८) जस्ता भाषिक रूपमार्फत तत्कालीन समाजमा आएको सामाजिक परिवर्तनसँगै परम्परागत संस्कार तथा प्रचलनमा आएको वितृष्णाप्रति पनि यहाँ व्यङ्ग्य गरिएको छ । परम्परागत मौलिक पोशाक र यसको पहिरन बिरानो बनेको विषय गम्भीर रूपमा यहाँ उठाइएको छ । नेपाली पोशाकको प्रयोग नहुनाले गर्दा यसलाई सूचीकारले पनि बनाउन बिर्सिसकेको भन्दै सांस्कृतिक दृष्टिले सङ्क्रमण काल मानिएको २००७-२०१७ को कालखण्डमा सरकारका उच्च पदस्थ व्यक्तिदेखि नेता र साधारण सहरियाले समेत नेपाली परम्परागत र मौलिक संस्कृति बिर्सन थालेको अवस्थाप्रति यहाँ विमति राखिएको छ । 'पृथ्वीनारायण ! तिमी फेरि आऊ' निबन्धमा नेपाली संस्कृति सम्बन्धित नाच तथा नाटकलाई नरुचाउने तर भारतीय सिनेमामा मोह राख्ने विषयबाट तत्कालीन नेपाली समाजले आफ्ना संस्कृतिको संरक्षणमा देखाएको अरुचि र विदेशी संस्कृति र मनोरञ्जनका साधनप्रति देखाएको मोह खास स्थितिमा निहित रहेको र यसलाई सांस्कृतिक मान्यताको सन्दर्भले प्रस्ट्याएको छ ।

'मादक पदार्थ र बेवारिसे लास' निबन्धमा नेपालका लागु औषधका कारण विदेशी हिप्पीहरूको दिनहुँ बेवारिसे लास भेटिएको र हिप्पीहरूको अनुसरण गरेका कारण नेपालीहरूको

वारिसी लास पनि उत्तिकै मात्रामा बढ्न सक्ने जोखिमतर्फ सचेष्ट गराइएको छ। नेपालमा २०२३ सालमा हिप्पीहरू प्रवेश गरेका र यस समयसम्म नेपालले लागू औषधसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा हस्ताक्षर नगरेको हुँदा लागू औषध यहाँ खुला रूपमा प्राप्त भएको पाइन्छ । त्यसैले पनि हिप्पीहरूलाई नेपालमा रहन र बस्न सहज बनेको र पछि अमेरिकाले नेपाललाई लागू औषधसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिमा हस्ताक्षर गर्न र आफ्ना देशका नागरिकहरूलाई फिर्ता पठाउन गरेको चेतावनीपूर्ण अनुरोधपश्चात् २०३० को दशकमा बिस्तारै हिप्पीहरू काठमाडौँबाट हराएको (सुवेदी २०८०) पाइएको छ । यहाँ हिप्पी संस्कृति र गाँजा, चरेस आदिको सेवनका कारण सामाजिक संरचना र सामाजिक सुसम्बन्धमा दरार आउनेसमेत सङ्केत गरिएको छ । यसको अभिव्यक्तिका लागि यहाँ शिवबुटी, गुहेश्वरीको जल, हिप्पी, हिप्पीशिष्य, गाँजा गोष्ठी, चरेस शिल्प जस्ता सन्दर्भसूचक भाषिक रूप प्रयुक्त भएको र तिनमा अन्तर्निहित स्थितिका माध्यमबाट मात्र तिनलाई अर्थ्याउन सहज भएको हुनाले यहाँका शब्दहरूको सन्दर्भपरक प्रयोजन अर्थपूर्ण रहेको छ ।

'कन्याकेटी खोज्दा' निबन्धको विषयवस्तु पुरुषको व्यक्तिसोचको सामाजिक दृष्टिकोणमार्फत निर्मित भएको छ । यसबाट तत्कालीन नेपाली समाजमा व्याप्त पुरुषप्रधान दृष्टिकोण र समाजमा अनमेल विवाहको परम्परा रहेको समकालीन यथार्थको पनि बोध भएको छ । 'केही राष्टिय रोग : एक अनुसन्धान' निबन्धमा बिरामीको उपचार गर्नपट्टि नलागेर पार्टीको झण्डा बोकेर दगुर्ने डाक्टरी कार्य र पेसागत रूपमा कर्तव्यनिष्ठ भएर काम नगरी टोलटोलमा प्राइभेट क्लिनिक खोलेर पैसा कमाउने ठग संस्कृति विकास भएको देखाइएको छ। यस्तो प्रवृत्तिका कारण डाक्टरले आफ्नो पदीय गरिमा कायम गर्न नसकेको र जनताको उनीहरूमाथि भरोसा घटेको अवस्थाको अर्थबोध र समाजमा कर्तव्य नगर्ने, राजनीतिक पार्टीको झोला बोक्ने र पार्टीकै आडमा राम्रा सुविधा तथा पद प्राप्त गर्ने नेपाली जागिरे संस्कृतिलाई पनि विभिन्न सन्दर्भका माध्यमले देखाइएको छ ।

'लाहुरेको यात्रा संस्मरण' निबन्धमा पटक पटक 'लाहुरे' शब्दको पुनरावृत्ति भएको छ । यसमा लाहुरे बन्ने नेपाली संस्कृति र पुर्खाहरूको वीरतापूर्ण गाथाको भरमा अहिले विदेशिएर विभिन्न ठाउँमा दुःख पाएको तथापि लाहुरे बन्ने र भन्ने सांस्कृतिक प्रचलन कायम रहेको यथार्थलाई निबन्धमा उठान गरिएको छ। यहाँ प्रयुक्त भाषिक रूप र तत्कालीन नेपाली सामाजिक चिन्तन तथा सांस्कृतिक मान्यताका आधारमा हेर्दा यस निबन्धमा नेपालीहरूले विदेशी सेनामा गएर काम गर्ने र आफ्नो बहादुरिता प्रदर्शन गर्ने परम्परागत प्रचलन नेपाल अङ्ग्रेज युद्धपछि सुगौली सन्धिपश्चात् भएको, नेपालमा ब्रिटिस सेना र भारतीय सेनामा काम गर्न जाने व्यक्तिहरूलाई लाहुरे भनिएको र पछिल्लो समय लाहुरे बन्ने धुनमा भारतका विभिन्न स्थानमा वैदेशिक रोजगारमा गएर केही आर्थिक आर्जन गरी भारतीय सैनिक पोशाक लगाउने र गाउँमा लाहुरेको सान देखाउने प्रचलन नेपालमा रहेको यथार्थ यहाँ सन्दर्भमार्फत नै स्पष्ट भएको छ । नेपाली समाजमा लाहुरेलाई हेर्ने, बुझ्ने र सम्मान गर्ने भिन्नै किसिमको सांस्कृतिक मान्यता

युवाको लाहुरे जाने लहरमा वृद्धि भएका कारण थप भर्तीकेन्द्र खोल्नुपर्ने अवस्था रहेको जस्ता अर्थ सन्दर्भकै माध्यमले प्रतिफलित भएका छन् ।

यी बाहेक अर्यालका 'चरीचुच्चे च' निबन्धमा २००७-१७ को दशकमा रहेको राजनीतिक पार्टी खोल्ने होडबाजी पार्टीका नाममा चन्दा माग्ने र कुम्ल्याउने जस्ता ठग प्रवृत्ति पनि मौलाएको अवस्था "बिसौं शताब्दीका चतुरहरूले आविष्कार गरेको प्रजातान्त्रिक ठगपद्धति" (अर्याल, २०७७, पृ. ६) भन्ने पदावलीबाट बोध भएको छ । 'जय भोलि' निबन्धमा नेपालीको दर्शन, चिन्तन र कार्यमा निहित रहेको भोलिवादी प्रवृत्तिमाथि व्यङ्ग्य गर्न सामाजिक तथा राजनीतिक स्थितिको सहयोग लिइएको छ। 'जय भुँडी' निबन्धमा भएका 'वेदव्यास' र 'वेदनाश' जस्ता शब्दले नेपालको धार्मिक तथा सांस्कृतिक अवस्थालाई दर्साएका र यसबाट वैदिक परम्परामा आधारित सनातन संस्कृति र आधुनिक रूपमा विकसित भएको भिन्न संस्कृतिको आशय स्पष्ट भएको छ । 'महापुरुषको सङ्गत' निबन्धमा महापुरुषको खोजीमा बासीपानीले पूजा र भुजा चामचुम पारेर निस्कने पात्रको भाषिक अभिव्यक्तिमार्फत नेपाली धार्मिक परम्परा र शुद्धतासम्बन्धी दृष्टिकोण अभिव्यञ्जित भएको छ। नेपालीहरूको पूजापाठ गर्ने संस्कृति, तथा खाद्य संस्कृतिको पनि यहाँ बोध भएको छ । अतः तत्कालीन सामाजिक परिवेशमार्फत सांस्कृतिक परम्पराका विविध स्थितिहरूका सहयोगमा समकालीन सांस्कृतिक मान्यताप्रति व्यङ्ग्य गरिएका अर्यालका निबन्ध सांस्कृतिक सन्दर्भका माध्यमले मात्र अर्थपूर्ण रहेको हुनाले यी निबन्ध सन्दर्भार्थका दृष्टिले सशक्त रहेको स्पष्ट हुन्छ ।

### (४) गरिबी र आर्थिक अव्यवस्थाप्रतिको असन्तोष

अर्यालका निबन्धमा नेपाली समाजमा र विश्वमा रहेको गरिबी र आर्थिक अव्यवस्थाप्रति पनि असन्तोष र आक्रोश व्यक्त भएको छ। यी निबन्धमा एकातिर राजनीतिक तथा प्रशासनिक व्यवस्था र समाजमा रहेको वर्गीय व्यवस्थाका कारण निम्न वर्ग आफूभन्दा माथिल्लो वर्गको आर्थिक शोषणमा परेको र अर्कातिर आर्थिक दृष्टिले सम्पन्न र शक्तिशाली राष्ट्रहरूले विपन्न र बाध्यतामा परेका साना र तेस्रा देशका सरकारलाई विभिन्न आर्थिक प्रलोभनको बहानामा आर्थिक नियन्त्रण गरेको यथार्थ रहेको छ। यी निबन्धको आशय एकातिर विश्व जगतमा रहेको आर्थिक शोषण र उत्पीडनका अवस्थाको बोध गराउनु र अर्कातिर आर्थिक नियन्त्रणलाई जरैदेखि उखेलेर आर्थिक समानता, न्याय र उत्पादनका साधनहरूको न्यायोचित वितरणको अपेक्षा गर्नु पनि रहेको छ । यी निबन्धमा विपन्नता, भोकमरी, बेरोजगारी, न्यूनबेतन तथा आर्थिक सहायताका लागि गरिएको याचनाका थुप्रै स्थितिहरू अन्तर्निहित भाषिक रूपको प्रयोग भएको छ । यसबाहेक विश्वमा मौलाएको भ्रष्टाचार र आर्थिक शोषण तथा नियन्त्रणका अवस्थाहरू पनि यी निबन्धमा रहेको पाइन्छ ।

'सरकारले दुलो खोज्नु पर्ला' निबन्धमा धार्मिक तथा संस्कारजन्य विषयभित्र नेपालमा रहेको आर्थिक शोषणको सन्दर्भ उठाइएको छ । 'पृथ्वीनारायण ! तिमी फेरि आऊ' निबन्धमा

नेपाली अर्थतन्त्रको हिस्सालाई विशेष गरी भारतले नियन्त्रण गरेको हुनाले नेपाली अर्थतन्त्रमाथिको विदेशी नियन्त्रण देखाइएको छ । 'तमसुक' निबन्धमा विदेशी शक्तिले सहयोग गर्ने नाममा नेपालको आन्तरिक मामिलामा प्रभाव पार्ने र आर्थिक सहयोगको चर्को ब्याज असुल्ने अमेरिकी कार्यशैलीका कारण नेपालमा चरम आर्थिक शोषण खप्नुपर्ने तथ्य अभिव्यञ्जित भएको छ । 'लाहुरेको यात्रा संस्मरण' निबन्धमा रहेको टोपीसोपी, टोपीको दर्शन, रिक्सा चलाउनु र होटलमा बेरा जस्ता भाषिक रूपबाट नेपालीको आर्थिक अवस्था र तिनमा भएको आर्थिक शोषण र ठगीको तत्कालीन परिस्थिति देखाइएको छ । 'महापुरुषको सङ्गत' निबन्धमा गैह्रकानुनी तरिकाले सम्पत्ति कमाएर समाजमा धनी बन्ने व्यक्तिले गर्ने आर्थिक अनियमितता, खराब आचरण र मानवताहीन कर्मसम्बन्धी वास्तविकता उदाङ्गो पारिएको छ । समाजमा प्रतिष्ठित मानिएका उद्योगी, व्यापारी समाजसेवीको द्रव्यलोलुपता पनि यस निबन्धमा विविध सन्दर्भका सहायताले खुलस्त भएको छ । यसबाट तत्कालीन नेपाली समाजको समकालीन आर्थिक दुरावस्था र आर्थिक शोषणको चरम रूप र यस्ता आडम्बरी, ढोँगी र आपराधिक वृत्ति भएका व्यक्तिको सम्पत्ति वा धनसम्बन्धी दृष्टिकोण यहाँ प्रस्तुत भएको छ ।

नेपालमा र विश्व जगतमा देखिएका सबै प्रकारका आर्थिक विसङ्गति, अभाव, उत्पीडन, शोषण र आर्थिक पक्षमाथि नियन्त्रणका स्थितिलाई विभिन्न सन्दर्भका माध्यमले अर्थ्याउँदै विश्वमा देखिएको आर्थिक शोषण र विश्व अर्थतन्त्रमाथि निश्चित पुँजीवादी देशहरूले गरेको नियन्त्रण तथा नेपाली राष्ट्रिय अर्थतन्त्रका आर्थिक शोषणसम्बन्धी अवस्थाको बोध गराउन अर्यालका निबन्ध सक्षम रहेको देखिन्छ । यस्तो बोध गराउन 'हराम पाँडे हजुर', 'भान्सा भो हजुर ?', 'जय भुँडी' जस्ता निबन्ध सशक्त रहेको देखिन्छ । 'जय भुँडी' निबन्धमा 'भुँडी' शब्दको प्रयोगले संसारमा भएको खाद्यान्नको जोहो र विभिन्न प्रकारका भुँडीले आर्थिक दृष्टिले वर्गीय विद्रोह (लुइटेल, २०६८, पृ. १२०) हुने सम्भावनाको बोध गराएको छ । मानव इतिहासको आदिम साम्यवादी युगदेखि, सामन्तहरूको एकाधिपत्यबाट विकसित दास युग र सामन्ती युगसम्म आइपुग्दा गरिब वर्गले भोग्नुपरेको उत्पीडन र वर्गसङ्घर्षको अवस्था (सुवेदी, सन् २०२२ पृ. ७५) 'जय भुँडी' निबन्धबाट बोध हुन्छ । यहाँ प्रयुक्त भुँडी-भुडीको भकुराभकुरले विश्वमा आवश्यक आर्थिक क्रान्तिलाई बुझाउँछ । यहाँ प्रयुक्त भूमिसुधारको महामेलाले ९५ प्रतिशत मानिसलाई खानलाउनको धौ धौ परेको र निर्वाहमुखी कृषि पेसामा आश्रित भएर पनि भूमिहीन किसानका रूपमा धनी वर्गको खेती जोतेर खाइरहेको तत्कालीन नेपालमा रहेको आर्थिक शोषणको चरम रूपलाई बुझाउँछ । 'भान्सा भो हजुर ?' निबन्धमा भान्साको कुरा गर्ने तर भान्साको समस्याले ग्रस्त मानिसहरूका बाध्यताको विषयमा चुँ पनि नबोल्ने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ (बराल, २०७८, पृ. २९३) । यस निबन्धबाट तत्कालीन नेपालमा विपन्नहरूका पक्षमा कुनै आर्थिक समृद्धिको निर्णय नभएको हुनाले समाजमा धनी र गरिबबिच बढेको दुरीका कारण सीमित मानिसहरूको जीवनस्तर विलासिता र सुखमा बितेको भए पनि अधिकांश नेपालीहरूको जीवनस्तर आर्थिक अभाव असमानता र शोषणको चापमा परेको यथार्थ स्पष्ट भएको छ । 'उन्नतिको

शिखरतिर' निबन्धबाट नेपालको प्रशासनिक र राजनीतिक नियुक्तिमा हुने घुसखोरी, नातावाद तथा कृपावादसम्बन्धी परिस्थिति स्पष्ट हुन्छ । बिनापैसा कुनै पनि काममा सफलता प्राप्त गर्न नसकिने र विशेष गरी नियुक्ति प्रक्रिया र सरुवा बढुवा जस्ता पेसागत उन्नति र विकासमा पैसाको खोलो बगाउने प्रचलनलाई पनि यहाँ स्पष्ट पारिएको छ । यसरी अर्यालका विभिन्न निबन्धमा गरिबी र आर्थिक अव्यवस्थाप्रतिको असन्तोष आर्थिक सन्दर्भका माध्यमले स्पष्ट भएको हुनाले सन्दर्भार्थका आधारमा यी निबन्ध सशक्त रहेको स्पष्ट हुन्छ ।

### (५) राष्ट्रिय राजनीतिक परिस्थितिप्रति व्यङ्ग्य

अर्यालका 'सरकारले दुलो खोज्नु पर्ला' 'प्रतिनिधि मण्डल फर्क्यो' 'तमसुक' 'चिनिया घुसघुसे' 'रेडियो रसातल' 'अवसरवादी दर्शन' र 'पृथ्वीनारायण ! तिमी फेरि आऊ' जस्ता निबन्धमा नेपालको तत्कालीन राजनीतिक अवस्थामाथि व्यङ्ग्य प्रहार गरिएको पाइन्छ । नेपालमा प्रजातन्त्रको स्थापना र तत्पश्चात्का दुई दशक समयभित्र भएका राजनीतिक गतिविधिलाई यहाँ तर्ककत र तथ्यका आधारमा सोझै अभिव्यक्त नगरी तत्कालीन राजनीतिक परिवेशको आधारमा प्रस्तुत गरिएको र राजनीतिक सन्दर्भका माध्यमबाट त्यस्ता भाषिक रूपको अर्थ प्रतिफलित भएको छ । "अलोकप्रिय सरकारका नीतिनियमको मर्मभेदी आलोचना र भण्डाफोर गर्नाका लागि पनि हास्यव्यङ्ग्यलले रामवाणको काम गरेको हुन्छ" (भट्ट, २०७८, पृ. ५९) । अर्यालका निबन्धमा नेपालको राणा शासनकालीन समयको सरकार र प्रशासनिक संयन्त्रदेखि प्रजातन्त्रको स्थापना र तत्पश्चात्का १० वर्षको संक्रमणकालीन राजनीतिक परिस्थितिका अतिरिक्त अभिव्यक्ति स्वतन्त्रतामा बन्देज लागेको पञ्चायतकालीन परिवेशका एक दशक अर्थात् ११ वर्षको अवधि (२०२८ सम्म विशेष गरी) का राजनीतिक घटनाका आधारमा तत्कालीन अलोकप्रिय सरकार र अरू राजनीतिक बेतितिमाथि व्यङ्ग्य गरिएको छ । यीबाहेक 'जय भोलि', 'नेता नम्बर एक सय एक', 'गलबन्दी', 'साँढे', 'हराम पाँडे हजुर', 'असनको डबली' जस्ता निबन्धमा नेपालको राणाशासन कालीन प्रशासनिक संयन्त्र, प्रजातन्त्रको स्थापना भएपश्चात् भएको राजनीतिक गतिविधि, सरकार निर्माणको अस्थिरता, शक्तिको प्रयोग, कर्मचारीतन्त्रमा भएको दम्भ, अनियमितता र भ्रष्टाचारका गतिविधिमाथिको कटाक्ष रहेको छ । राष्ट्रिय राजनीतिका विविध सन्दर्भमार्फत यस्तो व्यञ्जनामूलक अभिव्यक्तिको अर्थबोध भएको छ ।

अर्यालका निबन्धमा 'मन्त्री' शब्दको धेरैपटक आवृत्ति भएको छ । 'मन्त्री' शब्दले सरकारको कार्यपालिकामा दैनिक सरकार सञ्चालन गर्ने विभागअनुसारको अधिकारी भन्ने जनाउँछ । यस शब्दको अर्थ पार्टीमा प्रमुखको मातहतमा रहेर खास विभाग हेर्ने अधिकारी वा विभाग प्रमुख भन्ने पनि हुन्छ । तर निबन्धमा प्रयुक्त मन्त्रीको अर्थ विशेष सन्दर्भको सहायताले मात्र स्पष्ट हुन्छ । 'सरकारले दुलो खोज्नु पर्ला' निबन्धमा नेपालमा प्रजातन्त्र स्थापना भएपछि बहुदलीय प्रजातान्त्रिक अभ्यास भए पनि त्यस्तो अभ्यासका क्रममा चाहिनेभन्दा बढी र अदूरदर्शी रूपमा मन्त्रीमण्डल विस्तार भएको कुरालाई सङ्केत गर्न मन्त्री, धर्ममन्त्री, मन्त्रीहरू र उपमन्त्री शब्दको प्रयोग

गरिएको छ। तत्कालीन सरकारको धर्मप्रतिको दृष्टिकोण र धार्मिक संस्थाका अगुवाहरूको सरकार र पदमा बस्ने स्वार्थयुक्त पदलोलुप प्रवृत्ति रहेको यथार्थ पनि यसैमार्फत ज्ञात हुन्छ । जनता र सङ्घसंस्थाका कुराहरू नसुन्ने सरकारलाई आन्दोलनका भरमा मन्त्री वा उपमन्त्री पद पाउने तत्कालीन परिस्थितिगत सत्य र आन्दोलन तथा विरोध मत्थर गर्न मन्त्री वा उपमन्त्री पदको प्रयोग गर्ने तत्कालीन सरकारको प्रवृत्ति पनि सन्दर्भमार्फत यहाँ स्पष्ट भएको छ । 'प्रतिनिधि मण्डल फर्क्यो' निबन्धमा हेडमन्त्री, महामन्त्री, मन्त्रीमण्डल र मन्त्री गरी चार ओटा भाषिक रूपमा मन्त्री शब्द दश पटकसम्म प्रयुक्त भएको छ। यहाँ प्रयुक्त भएका 'मन्त्री' शब्दले सन्दर्भार्थमा आफ्नै पार्टीको काममा भुलिरहने आफ्नै राजनीतिक झुण्डमुखी तर देशको कार्यपालिका प्रमुख, र आन्दोलन र मागपत्र आदिको नेतृत्व गर्ने आन्दोलनकारी प्रतिनिधि मण्डल निर्माण गरेर सरकारसँग सौदाबाजी गर्ने र पण्डित पुरोहितहरूका माग सम्बोधन गराएर धार्मिक संस्कारको संरक्षण गर्ने निहुमा आफू देशको मन्त्री पद प्राप्त गर्ने लालसी संस्थाका विभागीय नेतृत्व भन्ने बुझिन्छ । यसरी हेर्दा सन्दर्भगत दृष्टिले माथि प्रयुक्त मन्त्रीले दिने सन्दर्भपरक अर्थ तत्कालीन राजनीतिक पृष्ठभूमिबाट निर्मित भएको छ ।

अर्यालको 'सरकारले दुलो खोज्नु पर्ला' निबन्धमा सरकारका विरुद्धमा आन्दोलनको चुनौती दिने धर्म र संस्कृतिका संरक्षकहरूको हुँङ्कार रहेको छ । समाजमा आएको सांस्कृतिक विचलन र जजमान गर्ने पुरोहित र पण्डितले सनाता धर्म र संस्कृतिको संरक्षणका लागि सरकारको उदासीनता रहेको छ र साथमा यहाँ पुरेतवादलाई व्यङ्ग्य गर्दै सरकारलाई चेतावनी दिएको र अर्यालमा रहेको मार्क्सवादी विचारको प्रभाव देखिन्छ (प्रभात, २०६३, ङ) । यसरी हेर्दा निबन्धमा वैचारिक पक्षको अभिव्यक्तिका यहाँ तत्कालीन राजनीतिक सन्दर्भ र यसका विविध स्थितिको सहयोग लिइएको देखिन्छ । 'केही राष्ट्रिय रोग : एक अनुसन्धान' निबन्धमा प्रयुक्त "भूतपूर्व मन्त्रीहरू बढेझैँ" (अर्याल, २०७, पृ. १९८), राजनीतिक रन्डीबाजी (पृ. २००), 'उन्नतिको शिखरतिर' निबन्धमा प्रयुक्त "जागिर माग्न मन्त्रीको चाकडीमा पुगेको स्नातक" (पृ. २२०), 'हराम पाँडे हजुर' निबन्धमा प्रयुक्त "गुइँठा कर्पोरेसनको जथाभावी अफिस" (पृ. २३२) जस्ता भाषिक रूपलाई तत्कालीन राजनीतिक अदूरदर्शिता तथा अव्यवस्थाका पृष्ठभूमिबाट मात्र अर्थ्याउन सकिन्छ। यी निबन्धमा प्रयुक्त भाषिक रूपबाट तत्कालीन समयको सरकारको पक्षपाती कार्यशैली, समाज परिवर्तनका लागि मार्क्सवादी लेखकीय वैचारिक धरातलको छाप, शिक्षित बेरोजगारीको अवस्था र देशको प्रशासनिक संयन्त्रको निम्नस्तरको बोध हुन्छ।

राणा शासन कालमा भएको प्रशासनिक संयन्त्र र यसमा रहेको ढिलासुस्ती 'जय भोलि' निबन्धमा निहित परिवेशबाट स्पष्ट हुन्छ । 'प्रतिनिधि मण्डल फर्क्यो' निबन्धमा प्रयुक्त "बरु राणाको पालामा हाम्रो कति मान थियो, उतै भोज, उतै टिकट" (अर्याल, २०६३,पृ. ३) भन्ने भाषिक रूपले सन्दर्भार्थमा राणा शासन कालमा हुने शासकीय शैलीको स्वेच्छाचारिता र विलासितालाई बुझाउँछ । २००४ सालमा नेपाली काङ्ग्रेस पार्टीको भारतमा स्थापना भएको विषय 'तमसुक' निबन्धबाट र २००७ सालको क्रन्ति र त्रिभुवनको भूमिकासम्बन्धी पृष्ठभूमिमा

त्रिभुवनलाई पदच्युत गर्नेहरू नै प्रजातन्त्रको स्थापना पछि शक्तिको हालीमुहालीमा रहेको यथार्थ 'अवसरवादी दर्शन' निबन्धमा रहेको छ । 'चिनिया घुसघुसे' निबन्धमा नेपालको छिमेकी राष्ट्रसँगको दौत्य सम्बन्ध र यसमा अवलम्बन गरिएको विभेदजन्य व्यवहारजनाउने भाषिक रूपमार्फत नेपालमा प्रचलित रहेको भारतको गुणगान गाउने र चिनको विरोध गर्ने तत्कालीन राष्ट्रिय राजनीति र त्यसले निर्माण गरेको प्रवृत्ति अन्तर्निहित भएको छ । नेपालमा प्रजातन्त्र स्थापना भएपछि बहुदलीय प्रजातान्त्रिक अभ्यास भए पनि त्यस्तो अभ्यासका क्रममा अदूरदर्शी मन्त्रीमण्डल विस्तार, जनउत्तरदायीभन्दा पार्टी उत्तरदायी नेतृत्व र अवसरको खोजीमा लागेका प्रजातन्त्रवादी र समाजवादी दलहरूको स्वार्थकेन्द्रित गतिविधिजस्ता तत्कालीन समयमा भएका राजनीतिक गतिविधि, राजनीतिक तरलता र त्यसमा आडमा वृद्धि भएको राजनीतिक विकृतिमाथि अर्यालका निबन्धमा व्यङ्ग्य गरिएको छ । 'तमसुक' निबन्धमा आम निर्वाचनमार्फत बहुमत प्राप्त गर्न र सरकार निर्माणका लागि विदेशीले गरेको आर्थिक सहयोग, यसमा रहेको नाइके रोजिनको सन्दर्भले पार्टी प्रमुख र सरकार प्रमुख बन्नका लागि विश्वेश्वरप्रसाद कोइरालाले विदेशीसँगको गरेको हारगुहार र आफ्नै पार्टीलाई बन्धक बनाएको यथार्थलाई व्यङ्ग्य प्रहार गरिएको छ । ययसमा प्रयुक्त भाषिक रूप नेपालमा सम्पन्न भएको २०१५ सालको संसदीय निर्वाचनमा दलीय नेताद्वारा अँगालिएको विदेशीको आडभरोसा र अमेरिकी साम्राज्यवादी शैली (प्रभात, २०६३, च) तथा नेपालमा परेको यसको प्रभाव बुझाउन अर्थपूर्ण रहेका छन् । २००७ सालदेखि २०१७ सालसम्मको युगीन नेपाली राजनीतिक गतिविधि र नेताका कुटिल चरित्रको जीवन्त प्रस्तुति 'नेता नम्बर एक सय एक' निबन्धमा (लुइटेल, २०७९) रहेको राजनीतिक परिस्थितिको कलात्मक चित्रणमार्फत गरिएको छ । यसरी हेर्दा नेपालको राणा शासनकालीन अवस्था, प्रजातन्त्रकालको एक दशक र पञ्चायती व्यवस्थाका एक दशकको राजनीतिक अव्यवस्था, अस्थिरता, स्वार्थ, जनउत्तरदायित्वहीनता तथा प्रशासनिक प्रक्रियामा रहेका विकृतिजन्य विषयप्रति अर्यालका निबन्धमा व्यङ्ग्य प्रहार भएको छ र यस्तो व्यङ्ग्य सन्दर्भका माध्यमबाट सुदृढ र स्पष्ट बनेको छ ।

**(६) अन्तर्राष्ट्रिय राजनीतिक अवस्था**

अर्यालका निबन्धमा निरस्त्रीकरण, विश्वशान्ति र आणविक अस्त्रको होडबाजी शब्दलाई पटकपटक पुनरावृत्त गरिएको पाइन्छ । यी भाषिक रूपको पृष्ठभूमि विश्वमा भएको प्रथम र दोस्रो विश्वयुद्ध र तत्पश्चात् विश्वका शक्तिशाली राष्ट्रहरूले गरेको आणविक अस्त्रको विकास र परीक्षणको आतङ्कले निर्मित भएको छ । यस्तो अन्तर्राष्ट्रिय परिवेशले अर्यालले निबन्ध रचना गरेको तत्कालीन समय २०१० र २०३० सालको २ दशक अर्थात् १९६० देखि ८० सम्मको विश्व राजनीतिमा देखिएको युद्धमोहलाई स्पष्ट पार्छ । अर्यालका निबन्धमा रहेको यथार्थबोध लेखकमा रहेको अन्तर्राष्ट्रिय समाज चेतनाले निर्मित भएको देखिन्छ (गौतम, २०७८, पृ. ३७७) । आजको संसार नै हिंसा र शान्तिको दोसाँधमा रहेकाले यी दुवै शक्तिको प्रतिस्पर्धा रहेको अवस्थामा शान्ति चाहने तर व्यवहारमा हिंसा गर्ने प्रवृत्तिका कारण विश्व शान्तिमा चुनौती खडा भएको देखिन्छ (

पोखरेल, २०७३) । यसरी हेर्दा विश्व शान्तिको नारा लगाउने तर विश्वलाई युद्धको चौघेरामा पार्ने शक्तिराष्ट्र एवम् तिनीहरूको आणविक शक्तिको विकासका कारण पृथ्वीमा उत्पन्न भएको खतरा वा विश्वको भौतिक अस्तित्वमाथिको चरम सङ्कटका विभिन्न स्थितिहरूलाई यी निबन्धमा अभिव्यक्त गरेको देखिन्छ । उनका निबन्धमा रहेको "अन्तर्राष्ट्रिय राजनीतिक जगतका दुष्प्रवृत्ति र शक्ति राष्ट्रका स्वेच्छाचारी प्रवृत्तिको चित्रण" (लुइटेल, २०७८, पृ. ३२३) सामान्य अभिधार्थबाट भन्दा व्यञ्जनार्थ र सन्दर्भार्थबाट मात्र बोध हुन्छ । यसका अतिरिक्त यी निबन्धमा विचारको सोझो र नारामूलक अभिव्यक्ति नभई विश्वमा भएका युद्ध, युद्धलाई रोक्ने संस्थागत प्रयास, तिनको असफलता तथा शक्तिसम्पन्न राष्ट्रहरूमा शक्तिको अस्वस्थ प्रतिस्पर्धा र ध्रुवीकरणसम्बन्धी घुमाउरो अभिव्यक्ति अन्तर्राष्ट्रिय राजनीतिका विविध सन्दर्भका सहायताले स्पष्ट हुन्छ । अतः राजनीतिक क्षेत्रका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गतिविधिका तत्कालीन स्थितिको बोध गरी निबन्धमा निहित रहेको राजनीतिक संज्ञानको अर्थ प्रतिफलन कार्यमा सन्दर्भको विशेष भूमिका र महत्त्व रहनाले यस्ता निबन्ध राजनीतिक सन्दर्भका दृष्टिले अर्थपूर्ण रहेको ठहर हुन्छ ।

'रेडियो रसातल' निबन्धमा नेपालले गरेको दानको प्रसङ्गमार्फत नेपालले भारतसँग गरेको असमान सम्झौता र नेपालीको राजनीतिमाथिको भारतीय नियन्त्रण र प्रभावको विषय उठाइएको छ । २०१६ मा बि.पी कोइरालाको नेतृत्वमा नेपालमा प्रजातान्त्रिक सरकार गठन भएपश्चात् एक महिनाभित्रै भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरूद्वारा नेपाल भ्रमण गर्दा गण्डक बाँध निर्माणमा मनाउने प्रयास गरिएको र अन्ततः २०१६ मंसिर १९ गते नेपाल-भारतबिच असमान र अन्यायपूर्ण गण्डक सम्झौतामा हस्ताक्षरको (ढकाल र सत्याल, २०७५) । विषय र नेपालमाथिको भारतीय हस्तक्षेप र यसले भविष्यमा गर्ने सङ्केतको अभिव्यञ्जना गरिएको छ । यीबाहेक 'चिनिया घुसघुसे', 'मिस्टर एन.मुनि नेपालमा', 'चन्द्रलोक कसको ?' जस्ता निबन्धमा पनि तत्कालीन अन्तर्राष्ट्रिय राजनीतिक क्षेत्रका बेथिति, अव्यवस्था र गुटबन्दीप्रति कटाक्ष गरिएको छ र यस्तो कटाक्ष अन्तर्राष्ट्रिय राजनीतिसम्बन्धी सन्दर्भका सहायताले दरिलो बनेको छ ।

**(७) युद्ध र आणविक प्रतिस्पर्धाप्रति व्यङ्ग्य**

अर्यालका निबन्धमा तत्कालीन नेपाली परिवेशको राजनीतिक अवस्था र विश्व राजनीतिका विभिन्न उतारचढावको मात्र वर्णन नभई विशेष गरी बिसौं शताब्दीमा भएका युद्ध र यससम्बन्धी विश्व परिस्थितिको वर्णन गरिएको छ । यस्तो वर्णनका क्रममा अर्यालले विशेष गरेर विश्वजगतमा सन् १९६० को दशक अगाडिका प्रथम र दोस्रो विश्वयुद्ध, राष्ट्रसङ्घको स्थापना र संयुक्त राष्ट्रसङ्घको स्थापनाको पृष्ठभूमि, तत्पश्चात्को शक्तिशाली राष्ट्रहरूको विभाजित मानसिकता र शीतयुद्धसँग सम्बन्धित परिवेशलाई निबन्धको विषयका रूपमा अगाडि ल्याएका छन् । यस्तो विषयको वर्णनका क्रममा युद्ध, आणविक अस्त्रको विकास, यसको परीक्षणको प्रतिस्पर्धा र आणविक हतियारहरूको निर्माण र विकासले पृथ्वीको अस्तित्वमाथि उठाएको चुनौतीपूर्ण प्रश्नचिह्नलाई सूचन गर्ने भाषिक रूपको प्रयोग भएको छ । निबन्धहरूमा

निशस्त्रीकरण, युद्ध, विश्व शान्ति, छेप्यास्त्र प्रक्षेपण जस्ता शब्दहरू पटक पटक पुनरावृत भएका छन् । यी शब्दले तत्कालीन विश्वमा रहेको युद्ध र शक्तिशाली राष्ट्रहरूको युद्ध मोहलाई स्पष्ट पार्छन् । यस्ता परिस्थितिमार्फत युद्ध र आणविक प्रतिस्पर्धासम्बन्धी सन्दर्भका माध्यमले संसारमा हुने सबै प्रकारका युद्धको विरोध र विश्व शान्तिको अपेक्षा पनि गरिएको छ ।

'अन्तर्राष्ट्रिय भ्यागुता सम्मलेलन' निबन्धमा विश्व नेताहरू निरस्त्रीकरणको भाषण गरे पनि अस्त्रशस्त्रको अस्वस्थ प्रतिस्पर्धामा उछिनापाछिन गरिरहेको; विश्व शान्तिका नाममा गरिएका सभा सम्मेलनहरू केवल ढोङ मात्र साबित भएका र शक्तिशाली राष्ट्रहरूले आफ्नो आणविक शक्ति परीक्षण र प्रदर्शन गर्ने स्थान ससाना राष्ट्रहरूलाई बनाएको विषयको विरोध गरिएको छ । विश्व दुई ध्रुवमा बाँडिएपछि एकथरीले अन्धभक्त रूपमा अमेरिकी रणनीतिको र अर्का थरिले रुसी कूटनीतिको समर्थन गर्नाले शान्ति र अमन चयनको स्थापना असम्भवप्राय बनेको; ससाना खोलाको समस्या जस्तै ससाना राष्ट्रका समस्याहरू जिउका तिउँ रहेका हुनाले तिनका समस्याको समाधान गर्नेतर्फ ठूला र सम्पन्न राष्ट्रहरूको ध्यान नगएको र फेवातालमा डकार्ने भ्यागुताका कारण फेवातालमा भयङ्कर विस्फोट भएझैँ शक्तिशाली राष्ट्रहरूको शक्ति उन्मत्तताले कुनै दिन यो विश्व ब्रह्माण्ड समाप्त हुने खतरा दिनानुदिन बढिरहेको अर्थ प्रतिफलन भएको छ । यहाँ प्रयुक्त भाषिक रूपबाट विश्वका शक्तिशाली र धनी राष्ट्रहरूको आणविक होडबाजीका कारण आजको युग आणविक युग बनेको र यसले पृथ्वीको संरचना संरक्षणमा चुनौती सिर्जना गरेको आशय प्रतिफलित भएको छ ।

'चन्द्रलोक कसको ?' निबन्धमा अन्तर्राष्ट्रिय जगतले गरेको अन्तरिक्षसम्बन्धी खोज तथा अनुसन्धानको सकारात्मक पक्षको परिचर्चा गरेर शक्तिका कारण विभाजित भएको समाज, देश र अन्तर्राष्ट्रिय जगत अनि शक्तिको ध्रुवीकरणका कारण विश्वमा दुई ध्रुवमा विभाजित भएका मानिसहरू र उनीहरूको सोहीअनुसारको शत्रुवत् व्यवहारका माध्यमबाट संसारमा भएका शक्तिशाली राष्ट्रहरूको विस्तारवादी प्रवृत्तिलाई उदाङ्गो पारिएको छ । भौगोलिक अवस्थाका आधारमा देशहरू एकको अर्कोलाई नियन्त्रणमा नराखे पनि विभिन्न देशले भिन्न भिन्न वाद र सिद्धान्तको पक्ष लिने परिस्थिति बनेको र ठुला देशहरूले साना देशहरूलाई राजनीतिक नियन्त्रण गरेको देखिएकाले विस्तारवादी नीतिको अझ सुदृढीकरण हुँदै गएको (भण्डारी, २०७९, पृ. ४५) र यसले भावी समयमा पार्ने जोखिमको पनि यहाँ सङ्केत गरिएको छ । "अन्तर्राष्ट्रिय राजनीति, ठूला राष्ट्रहरूको प्रभुत्व, संयुक्त राष्ट्र सङ्घको दुर्दशा, आपसी गुटबन्दी र खिचातानीजस्ता अन्तर्राष्ट्रिय विषयवस्तुको नेपाली सन्दर्भमा प्रस्तुति 'अन्तर्राष्ट्रिय भ्यागुता सम्मेलन' र 'चन्द्रलोक कसको ?' निबन्धमा पाइन्छ" (लुइटेल, २०७९) । 'अन्तर्राष्ट्रिय भ्यागुता सम्मेलन' निबन्धमा भ्यागुता र माछाको प्रसङ्गमार्फत शक्तिशाली राष्ट्रहरूको हैकमका सामु सर्वसाधारण मानिस मारमा परेकोप्रति तीक्ष्ण व्यङ्ग्य गरिएको छ (बराल, २०७८, पृ. २८६) । यसरी हेर्दा समकालीन विश्व राजनीतिको अव्यवस्थाप्रति यी निबन्धमा व्यङ्ग्यात्मक दृष्टिप्रक्षेपण गरिएको छ । 'साँढे' निबन्धमा प्रयुक्त भाषिक रूपमा "विश्वका ठुला शक्तिराष्ट्रका नेताहरूको स्वेच्छाचारी प्रवृत्ति,

शासक र शासितहरूको अवस्था, शक्तिशाली राष्ट्रको जुधाइमा साना राष्ट्रको पिसाइको सुन्दर प्रस्तुति" (लुइटेल, २०७८, पृ. ३२०) रहेको छ। यसबाट तत्कालीन विश्व परिवेशको शीतयुद्धमूलक स्थिति र रुस तथा अमेरिका जस्ता शक्तिशाली देशहरूको सैन्य अभ्यास, आणविक परीक्षण जस्ता परिवेशजन्य अवस्थाबाट संयुक्त राष्ट्रसङ्घको भूमिकामाथि नियन्त्रण, भावी युद्धको सम्भावना र पृथ्वीको अस्तित्वमाथिको संकटको बोध भएको छ।

'असनको डबली' निबन्धमा मानवता हराएको विश्वमा विश्व शान्ति स्थापना चुनौती बनेको तथ्यलाई अभिव्यक्त गर्न "एकातिर गैसकेको ज्यानलाई मुटु फोरेर फेरि जोगाइन्छ, अर्कातिर बम बर्साएर हजारौँ ज्यानको एक चिहान पर्छ" (अर्याल, २०७७, पृ. २५०) भन्ने वाक्यको प्रयोग भएको छ। मान्छेको मानवीय संवेदना नैतिकता विश्व बन्धुत्व र भाइचाराको अवस्थालाई विच्छेद गराउने हुनाले युद्धलाई मानव सभ्यताका क्रममा विकसित अभिशाप पनि मानिन्छ। अर्यालका निबन्धमा युद्धलाई नरसंहारक, नैतिकताका दृष्टिले घातक र शक्तिहीन निर्दोष जनताहरूको कालका रूपमा लिइएको छ। यी निबन्धमा युद्धको सर्वत्र विरोध गरिएको छ। युद्धलाई सोझै विरोध नगरी विभिन्न युद्धजन्य सन्दर्भमार्फत् तत्कालीन विश्व परिस्थितिमा भएका युद्धजन्य क्रियाकलाप र त्यसको प्रभावको बोध गराइएको छ। यसरी हेर्दा विश्व जगतको युद्धमय परिवेशको अभिव्यक्ति र त्यसका आधारमा शान्ति, भाइचारा र मानवताको स्थापनाको आग्रह अर्यालका निबन्धमा सन्दर्भका माध्यमले अर्थिने हुनाले सन्दर्भका दृष्टिले उनका राजनीतिक र युद्धजन्य विषयवस्तुले युक्त निबन्ध अर्थपूर्ण र सशक्त बनेका छन्।

अर्यालका निबन्धमा ज्ञान विज्ञानका विविध विषयवस्तुको पनि वर्णन पाइन्छ। संसारमा मानवले गरेको चिकित्साशास्त्रको विकास भौतिक क्षेत्रमा मान्छेको उन्नतिप्रगति तथा अन्तरिक्षसम्बन्धी खोजअनुसन्धान पनि उनका निबन्धका विषयचयनमा परेका तथ्यहरू हुन्। यसबाहेक विश्व जगतमा देखिएका समाजवाद, सामन्तवाद जस्ता समाज विकाससम्बन्धी मार्क्सवादी दर्शन, वर्तमान विश्व परिवेशमा देखापरेको पुँजीवादी समाज व्यवस्था र यसका विभिन्न क्रियाकलाप तथा मान्छेले गरेका भौतिक प्रगति र तिनका सकारात्मक र नकारात्मक पक्षको वैचारिक अभिव्यक्ति अर्यालका निबन्धको विषय बनेको देखिन्छ। 'पच्चिसौँ शताब्दी अङ्गप्रत्यङ्गमा', 'मान्छे मोडेल', 'जय भुँडी', 'चन्द्रलोक कसको ?' जस्ता निबन्धमार्फत मान्छेले गरेका सांसारिक उन्नति र समाजको विकासका क्रममा देखापरेका विभिन्न सामाजिक स्वरूप र तिनका विशिष्ट विशेषताहरूको वर्णन गर्दै सकारात्मक मानवीय उन्नतिको सह्राना र मानवीय उन्नति प्रगतिका कारण मान्छेमा आएको अप्राकृतिक र यान्त्रिक स्वभाव तथा जीवनशैलीप्रति विरोध दुवै गरिएको छ।

संसारमा विज्ञान र प्रविधिको विकासका कारण मान्छे भौतिक उन्नतिको चुलीमा पुगेको र मान्छेले यस्तो प्रविधिगत विकासअनुसारका यन्त्रउपकरणको निर्माण र उपभोग गरिसकेको तत्कालीन परिस्थितिका सापेक्षमा नेपालमा रहेको प्रविधिगत विकासको पछौटेपन र सांसारिक

उन्नतिमा कुनै तरिकाले पनि पहुँच पुऱ्याउन नसक्ने नेपाली न्यून सामर्थ्यको बोध यस्ता निबन्धमा प्रयुक्त भाषिक रूपबाट हुन्छ । अतः संसारमा विचार र दर्शनका रूपमा उदाएका नयाँ चिन्तन र त्यसअनुसारका सैद्धान्तिक स्वरूप र तिनको कार्यान्वयनबाट हुने सामाजिक तथा आर्थिक परिवर्तन, विश्वजगतमा देखिको प्रविधिको विकास र मानवमा परेको त्यसको प्रभाव तथा संसारले गरेको अन्तरिक्षसम्बन्धी खोजअनुसन्धान र त्यसमा प्राप्त गरेको सफलताका विश्व यथार्थलाई विभिन्न सन्दर्भका माध्यमले बोध गर्न सकिने हुनाले अर्यालका निबन्ध युद्ध र आणविक प्रतिस्पर्धासम्बन्धी सन्दर्भका दृष्टिले पनि तीक्ष्ण व्यञ्जनात्मक र उपयोगी सिद्ध भएको पाइएको छ ।

### ६.२.२ निबन्धको विधागत सौन्दर्यमूल्य र सन्दर्भ

निबन्ध विचारको स्वतन्त्र तर व्यवस्थित अभिव्यक्ति हो । यसमा लेखकीय निजी विचार वा दृष्टिकोण अभिव्यक्त भएका हुन्छन् तर त्यस्तो विचार वा दृष्टिकोणको अभिव्यक्ति सोझो र कलाहीन भएमा निबन्धको विधागत सौन्दर्यमा ह्रास आउँछ । अतः निबन्धको विधागत सौन्दर्य निर्माण गर्न लेखकीय वैचारिक चिन्तन र अभिव्यक्तिलाई कलात्मक, प्रभावपूर्ण, सशक्त र तीक्ष्ण बनाउन लेखकले व्यञ्जना शक्तिको सहयोग लिएको हुन्छ । यस्तो व्यञ्जना शक्ति लेखकले प्रक्षेपण गरेको विचारको पर्यावरणीय स्थितिबाट परिपुष्ट हुन्छ । "कविले सामान्य मान्छेले देखेको कुरालाई पनि विशेष किसिमले देख्छ" (शर्मा, २०७५, पृ . ११३) । यहाँ कविले कविताको रचयितालाई मात्र नबुझाएर साहित्यको लेखक वा सर्जकलाई बुझाउँछ । निबन्धकार अर्यालले सामान्य कुरालाई पनि आफ्ना निबन्धमाविशेष किसिमले हेरेको पाइएको छ । अर्यालका निबन्धमा प्रयुक्त वैचारिक अभिव्यक्ति र लेखकीय दृष्टिकोणलाई तीक्ष्ण बनाउन र निबन्धलाई हास्यव्यङ्ग्यका दृष्टिले सुदृढ पार्न सन्दर्भसूचक भाषिक रूपले भूमिका खेलेको छ । यहाँ निबन्धको विधागत सौन्दर्यमूल्य निर्माणमा सन्दर्भको भूमिकालाई हास्य र व्यञ्जनाका लागि सन्दर्भ, विचारको सशक्तताका लागि सन्दर्भ र निबन्धको शैली निर्माणमा सन्दर्भ गरी तीन ओटा सूचकका आधारमा परख गरिएको छ ।

#### (१) हास्य र व्यञ्जनाका लागि सन्दर्भ

निबन्ध साहित्यका अन्य विधाभन्दा तुलनात्मक रूपमा विचारप्रवाहमूलक हुन्छ । यसमा एकपछि अर्को विचार र दृष्टिकोणको प्रवाह रहेको हुन्छ । यस्तो वैचारिक अभिव्यक्तिमा निबन्धकला र व्यञ्जना अत्यन्तै आवश्यक रहेको छ । साहित्यको अर्थसन्धानको लागि त्यसको विधागत अवयव वा निर्मितिका घटकको उचित संयोजन र त्यस्ता घटकबिचका सम्बन्धको विश्लेषण आवश्यक हुन्छ । "कुनै विषयविशेषमा हाँसो उमार्नु, घोचपेच गर्नु र गृहीत विषयलाई व्यङ्ग्यार्थ प्रतिपादनद्वारा सुधारात्मक सन्देशका लागि सङ्केत गर्नु हास्यव्यङ्ग्यात्मक निबन्धको मूल अभिलक्षण हो" (गौतम, २०७८, पृ. ३७६) । अर्यालका निबन्धमा विचारको प्रवाह, प्रस्तुति शैलीमा रहेको हास्यात्मकता र नवीनताका माध्यमबाट प्रकाशित भएको पाइन्छ । यस्तो शैलीय प्रयोगले

एकातिर विचारलाई तीक्ष्ण र सशक्त बनाएको छ भने अर्कोतिर हास्य र व्यञ्जनालाई पनि सुदृढ पारेको छ ।

निबन्धमा हास्यको शैलीलाई सुन्दर र श्रुतिरम्य बनाउनका लागि पनि सन्दर्भको योगदान रहेको हुन्छ । हास्य भनेको विकृति र विसङ्गतिजन्य शारीरिक र मानसिक क्रियाको एकीकृत स्वरूप हो । मानवीय गतिविधि र अरू प्रकारका विकृत पक्षमाथि हाँसो सिर्जना गरेर मानसिक विकारलाई शमन गर्ने र आनन्दको सञ्चार गराउने कार्यमा हाँसोको भूमिका रहेको हुन्छ (राई, २०७१, पृ. ११) । व्यञ्जना भाषिक अभिव्यक्तिमा निहित रहेको अर्थको माथिल्लो तह हो । यसका माध्यमबाट शब्द वा वाक्यको प्रत्यक्ष अर्थभन्दा विशिष्ट गुढ अर्थ प्रस्तुत गरिने हुनाले व्यञ्जनाले सन्दर्भअनुसार लुकेको अर्थ वा गहिरो भाव अभिव्यक्त गर्दछ भन्ने भनाइलाई सत्य मानिन्छ । “पाँच बजाउन गाह्रो” भन्ने भाषिक रूपबाट साधारण रूपमा बिहान वा बेलुकाको पाँच बजेको पर्खाइ भन्ने जानकारी प्राप्त हुन्छ तर प्रशासनिक स्थितिका आधारमा हेर्दा यसले सरकारी कर्मचारीको कामचोर प्रवृत्तिको बोध गराउँछ । व्यञ्जना देशकाल, परिवेश, प्रसङ्ग आदिद्वारा निधारित अर्थविशेषमा आधारित हुने हुनाले साहित्यिक रचनामा भावनात्मक अभिव्यक्तिको सौन्दर्यका माध्यमबाट पाठलाई कलात्मक र सुन्दर पार्न अनि पाठकमा कल्पनाशक्ति वृद्धि गर्न पनि व्यञ्जनाकै भूमिका रहेको हुन्छ (शर्मा र लुइटेल, २०७२, पृ. २१) । अतः व्यञ्जनाले पाठक वा श्रोतालाई साहित्यिक पाठको सतही अर्थभन्दा गहिरो र अर्थपूर्ण भाव बुझ्न प्रेरित गर्छ । हास्यव्यङ्ग्यानुकूल अनुप्रासीयता अर्यालका निबन्धको खास विशेषता मानिन्छ । यस्तो अनुप्रासीयताको निर्माणका लागि निबन्धमा अक्षर-अक्षरको अन्विति, शब्द-शब्दको सङ्गति र वाक्य-वाक्यको समन्वय भएको पाइन्छ (जोशी, २०७५, पृ. २२४) । समकालीन सामाजिक तथा राजनीतिक परिस्थितिका सापेक्षमा यसमा रहेका विकृति र विवशता अनि हीनता र निम्सरोपना औँल्याउने सामर्थ्य अर्यालले प्राप्त गरेको हुनाले शिष्ट र सजीव हास्यव्यङ्ग्यात्मकताका दृष्टिले अर्यालको निबन्धलेखनमा विशेष कौशल देखा पर्छ (त्रिपाठी, २०२८) । सामाजिक र अन्तर्राष्ट्रिय गतिशीलतालाई व्यक्त गर्न र पाठकलाई चाँडो प्रभावित पार्ने सशक्त माध्यमका रूपमा हास्यव्यङ्ग्यलाई लिइन्छ (भट्ट्, २०७८, पृ. ५९) । अर्यालका निबन्धमा हास्यका साथमा व्यङ्ग्यको पनि सशक्तता रहेको छ । यस्तो सशक्तता निर्माणका लागि यी निबन्धमा तत्कालीन सामाजिक, आर्थिक र राजनीतिक परिवेशजन्य स्थितिहरूको सहयोग लिइएको पाइन्छ । त्यसैले यी निबन्धमा रहेको व्यञ्जनाको पहिचान, आस्वादन र त्यसबाट प्रक्षेपित अर्थ वा आशयको बोधका लागि पनि सन्दर्भको सहयोग र भूमिका दुवै अपेक्षित रहेको छ ।

अर्यालका निबन्धमा सन्दर्भले हास्यको गहिराइ, प्रासङ्गिकता र प्रभावकारिता वृद्धिमा उल्लेख्य भूमिका खेलेको देखिन्छ । ‘जय भुँडी’ निबन्धमा हास्य र व्यङ्ग्य दुवैको उचित संयोजनका लागि विभिन्न हास्यमूलक भाषिक रूपको प्रयोग भएको, हाँडीघोप्टे भुँडी, घ्याम्पे भुँडी, टाकनटुकन भुँडी र ठन्डाराम भुँडी जस्ता भुँडीका प्रकारबाट यहाँ सपाट व्यङ्ग्य र सहज हाँसो सिर्जित भएको र शारदायै नमः, बुढी आमायै नमः, भवती भवती गहुँमे देही जस्ता तद्भवीकृत पदावलीबाट यहाँ

थप हास्यको सिर्जना भएको देखिन्छ (शुभेच्छु, २०७८, पृ. ३५९) । 'लाहुरेको यात्रा संस्मरण' निबन्धमा प्रयुक्त "पैसा मात्र भनेर हुन्छ ! देशी पैसा हामीकहाँबाट मसिना चामल भिकाउने पैसा, हाम्रो पैसा- उताबाट उसिना चाम बेसाउने पैसा ! " (अर्याल, २०७७, पृ. ७७) । भन्ने वाक्यमा हास्य र व्यङ्ग्यको सन्तुलित संयोजन रहेको छ (जोशी, २०७५, पृ. २२९) । यसबाट राजनीतिक तथा आर्थिक दुवै सन्दर्भका माध्यमले अर्थबोध पनि भएको छ । यी निबन्धमा रहेको हास्यव्यङ्ग्यले केवल मनोरञ्जन मात्र प्रदान नगरी समाजमा भएका विसङ्गति, विकृति र अव्यवस्थालाई उजागर गरेको हुँदा तत्कालीन स्थितिका सापेक्षमा तिनको अर्थबोध गर्न सन्दर्भको संयोजनकारी भूमिका रहेको हुनाले यी निबन्धमा रहेको हास्यव्यङ्ग्यको उद्देश्यलाई थप सशक्त बनाउन सन्दर्भको सहयोग रहेको पाइन्छ ।

हास्यव्यङ्ग्यको प्रभावकारिता सामाजिक, आर्थिक, राजनीतिक आदि सन्दर्भमा निर्भर गर्दछ । लेखकले हास्यव्यङ्ग्यमा प्रस्तुत गरेको सन्दर्भले पाठकलाई त्यही समयमा घटिरहेका वास्तविक घटनाहरू, समाजका विसङ्गतिहरू वा संस्कृति-विशेष विषयहरूसँग जोड्ने हुनाले लेखकले पाठलाई आफ्नो जीवन वा परिवेशसँग अन्तर्सम्बन्धित गराउने कार्यमा सन्दर्भको योगदान रहेको हुन्छ । उदाहरणका रूपमा महान् अङ्ग्रेजी लेखक जर्ज बर्नार्ड शॉले आफ्ना निबन्धहरूमा ब्रिटिस समाजको तत्कालीन सांस्कृतिक र राजनीतिक स्थितिलाई हास्यव्यङ्ग्यका रूपमा प्रस्तुत गरेको र सामाजिक तथा राजनीतिक सन्दर्भमार्फत ती निबन्धबाट पाठकले तत्कालीन समाज र राजनीतिको क्षेत्रमा रहेका विद्यमान समस्याहरूलाई व्यङ्ग्यात्मक तरिकाले बोध गरेको देखिन आउँछ ।

हास्य र व्यङ्ग्यलाई सतही रूपमा हेर्दा लेखकका नैसर्गिक वैयक्तिक स्वभाव र व्यवहारको उपज जस्ता लागे पनि यी मानव जीवनका अभिन्न अङ्ग भएको हुनाले यिनको उद्गम र प्रयोजनको स्थान दुवै मानिसको सामाजिकता हो भन्ने मानिन्छ (भट्ट, २०७८, पृ. ७१) । अर्यालका हास्यव्यङ्ग्य निबन्ध समसामयिक सामाजिक परिवेश र विश्व परिस्थितिलाई आधार बनाएर लेखिएका हुनाले यी निबन्धमा पाठकलाई सोहीअनुसारका सामाजिक घटनाक्रम र विश्वपरिवेशतिर प्रवृत्त गराउने कार्य तत्कालीन सन्दर्भले गरेको छ । यसरी समसामयिक राजनीतिक, सामाजिक वा आर्थिक सन्दर्भमा आधारित भएर लेखिएका यी निबन्धमा एकातिर तत्कालीन घटनाक्रमलाई औँल्याएर त्यसमा निहित विसङ्गति उजागर गर्न र अर्कोतिर तत्कालीन घटनाक्रमलाई व्यङ्ग्यात्मक शैलीमा प्रस्तुत गर्न अनि तत्कालीन राज्यव्यवस्था, नेताहरूको चरित्र र सरकारका निर्णयहरूको विरोध र टिप्पणी गर्न तथा राजनीतिक पात्र वा घटनासँग परिचित गराउँदै सामाजिक तथा राजनीतिक क्षेत्रका महत्त्वपूर्ण प्रश्नहरू उठान गरेर पाठकमा आलोचनात्मक चेतना निर्माण गर्न पनि सन्दर्भको भूमिका रहेको छ ।

हास्यव्यङ्ग्यको समाजशास्त्रीय आधार भनेको समाजमा रहेको वर्गीय विभेद, शोषण, थिचोमिचो र विभिन्न क्षेत्रका विरोधाभासलाई मानिन्छ । तिनै विरोधाभासका विरुद्धमा सुधारको

आवश्यकता दर्साउँदै हास्यव्यङ्ग्य रचनामा सत्यको उद्घाटन र असत्यमाथि प्रहार गरिएको हुन्छ (प्रभात, २०६३, घ) अर्यालका हास्यव्यङ्ग्य निबन्धमा वर्ण्य विषय वा आलम्बनका गुण वा चेष्टालाई व्यक्त गर्न भाषाका न्यूनतम घटक वर्णहरूले साधनको कार्य गरी प्रस्तुत वा वर्ण्य विषयको औचित्य अनुकूलको वर्णप्रयोग र आवृत्ति हुन गएको देखिन्छ र हास्य रस उद्दीपनमा र व्यङ्ग्योद्घाटनमा महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ (शर्मा, २०६९, पृ. १२६) । अर्यालका हास्यव्यङ्ग्य निबन्धको मुख्य प्रयोजन समाजका अव्यवस्थालाई परिहासपूर्ण तरिकाले प्रस्तुत गर्नु र त्यसमाथि तीक्ष्ण रूपले व्यङ्ग्य प्रहार गर्नु रहेको र सन्दर्भले त्यस्तो व्यङ्ग्यलाई औचित्यपूर्ण बनाएर अर्थलाई अझ गम्भीर र प्रभावकारी पारेको हुनाले पनि हास्यव्यङ्ग्य कलाका दृष्टिले अर्यालका निबन्ध अब्बल बनेको देखिन्छ । यसरी हेर्दा अर्यालका निबन्धमा हास्यव्यङ्ग्यको शैलीय निर्मितिमा सन्दर्भको भूमिका महत्त्वपूर्ण रहेको स्पष्ट हुन्छ ।

> आधुनिक नेपाली निबन्धको इतिहासमा आत्मपरक निबन्ध लेखनमा लक्ष्मीप्रसाद देवकोटा र शङ्कर लामिछानेले जुन विशिष्ट स्थान हासिल गरेका छन्, त्यस्तै प्रकारको विशिष्ट स्थान नेपाली हास्यव्यङ्ग्य निबन्ध लेखनमा भैरव अर्यालले हासिल गरेका छन् । वैयक्तिक, सामाजिक, राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा व्याप्त अड्बाङ्गा, बिब्ल्याँटा, अमिल्दाहरूलाई विषयवस्तुका रूपमा लिई शिष्ट, मर्यादित, आकर्षक, आलङ्कारिक र रागात्मक भाषाशैलीका माध्यमबाट हास्यव्यङ्ग्यात्मक पाराले सर्वप्रथम हँसाएर क्रमशः घोचपेच गर्दै सुध्रनतर्फ अभिप्रेरित गर्ने भैरव अर्याल आत्मपरक र वस्तुपरक ढङ्गले निबन्ध लेख्ने, तीव्र समाजबोध र उत्कृष्ट प्रस्तुति क्षमता भएका विशिष्ट र अद्वितीय हास्यव्यङ्ग्य निबन्धकार हुन् । नेपाली हास्यव्यङ्ग्य निबन्धको फाँटमा अग्रणी, शीर्षस्थ र वरिष्ठ हास्यव्यङ्ग्य निबन्धकार भैरव अर्यालको नेपाली हास्यव्यङ्ग्य निबन्धका क्षेत्रमा अतुलनीय र विशिष्ट योगदान रहेको छ । (लुइटेल, २०७९)

यसरी समकालीन निबन्धकारका दाँजामा अर्यालका निबन्धलाई हेर्दा यी निबन्धमा प्रयुक्त स्थान, समय र सहभागीगत स्थितिले हास्यव्यङ्ग्यलाई मनोरञ्जनात्मक मात्र नपारी प्रासङ्गिक, सामयिक र सुबोध बनाउन सहयोग गरेको देखिन्छ । "थुप्रै हास्यव्यङ्ग्यात्मक निबन्ध लेखेर नेपाली निबन्धको श्रीवृद्धिमा महत्त्वपूर्ण योगदान पुऱ्याएका"(लुइटेल, २०६८, पृ.१२०) अर्यालका निबन्धमा निहित संज्ञानको बोधका लागि सन्दर्भको सहयोग आवश्यक रहेको र यसले हास्यलाई सशक्त पार्नुका साथै अर्थको प्रतिफलनमा संयोजनकारी कार्य गरेको हुनाले सन्दर्भका दृष्टिले अर्यालका हास्यव्यङ्ग्य निबन्ध कलात्मक, विचारोत्तेजक र सशक्त रहेको देखिन्छ  र सन्दर्भार्थको सशक्तताकै कारण उनी समकालीन निबन्धकारका दाँजोमा अब्बल र विशिष्ट हास्यव्यङ्ग्य निबन्धकार रहेको पनि स्पष्ट हुन्छ ।

**(२) विचारको सशक्तताका लागि सन्दर्भ**

निबन्धमा विचारको प्रवाहलाई व्यवस्थित पार्न, विचारलाई सुस्पष्ट, तार्किक र वैध बनाई पाठकले सही रूपमा बुझ्न, त्यसको तात्पर्य थाहा पाउन र त्यसलाई प्रभावकारी रूपमा ग्रहणयोग्य बनाउन सन्दर्भको सहयोग आवश्यक हुन्छ । लेखकीय विचारलाई सही रूपमा बुझ्न र खास सामाजिक, सांस्कृतिक वा राजनीतिक आधारमा विचारको व्याख्या गर्न पनि सन्दर्भको ज्ञान आवश्यक हुन जान्छ । सन्दर्भको अभावमा पाठकले पाठको गलत व्याख्या गर्ने वा भ्रममा पर्ने सम्भावना धेरै रहन्छ । यदि पाठमा 'गोलखाडी' शब्दको प्रयोग भएको छ भने यसले सामाजिक सन्दर्भमा तास खेलको एक तरिकालाई र राजनीतिक सन्दर्भमा निर्वाचनमा भएको पराजयलाई बुझाउँछ । अतः भाषिक रूपलाई त्यसमा निहित रहेको स्थितिका आधारमा अर्थ्याउनका लागि पनि सन्दर्भ नै चाहिने हुनाले विचार प्रवाहको सन्तुलन कायम गर्दै पाठमा निहित अर्थको प्रतिफलनका लागि भाषासँगै सन्दर्भको खोजी आवश्यक हुन्छ । यसका आधारमा हेर्दा अर्यालका निबन्धमा विचारको प्रस्तुति अत्यन्त तीक्ष्ण रहेको छ। यस्तो विचारको सिलसिला र विचारप्रवाहको सशक्ततताका लागि विभिन्न स्थिति र त्यसमा निहित रहेको अर्थलाई सामाजिक, आर्थिक तथा राजनीतिक सन्दर्भले प्रकाश्य पारेको छ ।

'सरकाले दुलो खोज्नु पर्ला' निबन्धमा रहेको धार्मिक कार्यमा भएको विसङ्गतिको विरोध र धार्मिक कर्मका निहुँमा स्वार्थ पूरा गर्ने ब्राह्मणहरूको दाउसम्बन्धी लेखकीय विचारको अभिव्यक्तिका लागि पुरोहितहरूको संस्था प्रचण्ड पुरोहित परिषद् र त्यसका गतिविधिको सहयोग रहेको छ । यहाँ "मार्क्सवादले सामन्तवादको जरो उलखेलेझैं दुर्गन्धी डबकावादले पवित्र दुनावादको विनाश गर्न पनि के बेर ?" (अर्याल, २०६३, पृ. २) भन्ने वाक्यमा आर्थिक चिन्तन र सांस्कृतिक अतिक्रमणसम्बन्धी दुवै दृष्टिकोण सन्दर्भका माध्यमले स्पष्ट भएको पाइन्छ । 'दौरा सुरुवाल नपठाइदिने भएँ !' निबन्धमा देशमा भित्रिएको पश्चिमी संस्कृति र यसले नेपाली मौलिक र र परम्परागत संस्कृतिलाई धरापमा पारेको विषयमा रहेको लेखकीय विचारको अभिव्यक्तिका लागि विभिन्न धार्मिक सन्दर्भले सहयोग गरेको छ। विश्वका शक्तिशाली राष्ट्रहरूमा देखा परिरहेका पारस्परिक खिचातानी र खोसाखोस गर्ने प्रवृत्ति तथा नवउपनिवेशवादी र प्रभाव-विस्तारवादी नीतिप्रतिको उपहास" (जोशी, २०७५, पृ. २३०) गरिएको "चन्द्रलोक कसको ?' निबन्धमा विश्व परिवेशमा चन्द्रमामा अन्तरिक्ष यानको प्रक्षेपणको स्थिति प्रकाश्य पार्ने लेखकीय विचार अन्तर्राष्ट्रिय राजनीतिसम्बन्धी सन्दर्भका माध्यमबाट स्पष्ट भएको छ ।

'जय भुँडी' निबन्धमा नेपालमा रहेको भूमिसुधार योजनाको कार्यान्वयनमा रहने चुनौतीको सङ्केत गर्न र नेपालमा भएको वर्गीय शोषण तथा समाजमा रहेको आर्थिक शोषणसम्बन्धी लेखकीय दृष्टिकोण अभिव्यक्ति गर्न तत्कालीन आर्थिक गतिविधिका विभिन्न स्थिति र विश्व जगतमा भएका भोकमरी र खाद्यान्नको भिक्षा मागिरहेको तत्कालीन आर्थिक परिवेशको प्रयोग गरिएको छ, जस्तै -

(१) तर एकले अर्कोको अस्तित्व आवश्यक नठान्दा भुँडी भुँडी भकुराभकुर गर्न थाले । बलियो भुँडी घ्याम्पे भए, घ्याम्पा घ्याम्पा जुधे, कोही हाँडघोप्टे हुन पुगे त धेरैजसो ठण्डाराम भै भकुन्डिए । आखिर अरबौं ठण्डाराम भुँडीहरूले रुन्चे स्वरमा चिच्याउनुपऱ्यो । भुँडीपूजा हुन्छ भने सबैको हुनुपर्छ । फलस्वरूप मार्क्सले भुँडीपूजाको समान पद्धति सोचे, भुँडीवालहरूले उनलाई उडाए, तर आखिर कतिपय देशका ठण्डाराम भुँडीहरूको ध्यान त्यता नगई छोडेन । (अर्याल, २०७७, पृ. ९७)

(२) मैले यो भुँडीपुराण पनि भुँडीदेवीकै उपासनाको लागि लेखेको हुँ । जुन दिन भूमिसुधारको महामेला सकिएर खोजेजस्तै गरी सबैले भुँडीपूजाको सौभाग्य पाउलान्, त्यसै दिन व्यास बाजेका अठार पुराणमा उन्नाइसौं महापुराणको रूपमा मेरो भुँडीपुराण कसो नजोडिएला त ?" (अर्याल, २०७७, पृ. ९८)

उदाहरण (१) मा विभिन्न प्रकारका भुँडीको प्रतीकात्मक वर्णनमार्फत मार्क्सवादी समानता र शोषणरहित सामाजिक व्यवस्था तथा आर्थिक समानतासम्बन्धी विचारको बोध हुन्छ । "समाजमा आर्थिक असमानता हुनुहुँदैन भन्ने प्रगतिशील दृष्टिकोणसमेत यहाँ प्रस्तुत गरिएको छ" (लुइटेल, २०६८, पृ. १२१) । यसमा रहेको विचारको तहलाई बुझ्न आर्थिक सन्दर्भको सहयोग आवश्यक हुन्छ । उदाहरण (२) मा तत्कालीन नेपाली समाजको वर्गविभेद र शोषणमाथि विचार राख्ने क्रममा शोषित वर्गलाई सचेत र एकताबद्ध भएर अधिकार प्राप्तिका लागि सङ्घर्ष गर्न आह्वान गरिएको 'जय भुँडी' निबन्धमा (सुवेदी, सन् २०२२ पृ. ७७) प्रयुक्त लेखकीय वैचारिक तात्पर्य मार्क्सवाद र भूमिसुधारको महामेला जस्ता भाषिक रूपमार्फत स्पष्ट भएको छ ।

सन्दर्भले विचारलाई समृद्ध बनाई यसलाई गहिरो रूपमा बुझ्न र पाठकलाई पाठमार्फत नयाँ दृष्टिकोण र ज्ञान प्रदान गर्न सहयोग गर्छ । अर्यालका निबन्धमा विचारको सिलसिला र यसको सघनतालाई सन्दर्भको सहयोगले अर्थपूर्ण र प्रभावकारी बनाएको छ ।  उनको 'पख्नोस्' निबन्धमा संयुक्त राष्ट्रसङ्घ र यसमा रहेको शक्तिराष्ट्रको प्रभावका विपक्षमा रहेको लेखकीय विचार सन्दर्भका माध्यमबाट यसरी अभिव्यञ्जित भएको छ :

(३) जर्मन एकीकरणको प्रश्न कुरैकुरामा पर्खिरहेछ । पैंसट्ठी करोडको चीनलाई एउटा साधारण सदस्यताको लागि राष्ट्रसङ्घले पन्ध्रौं वर्षदेखि पर्खाइरहेछ । धेरै कुरा किन ? सुरुदेखि सत्य, समता र शान्ति पर्खँदै आएको मानिस झन विषमताको विषले बौलाहिरहेछ, झन अशान्त भइरहेछ । बुझ्नै सकिँदैन- आणविक हतियारमा प्रतिबन्ध लगाउने कुरोमा किन सबैको लम्स्याङलुम्सुङ हो, भौतिक उन्नति यति तीव्र भैसक्यो तैपनि दुई गज र दुई गाँसको निम्ति जिन्दगीभर पर्खनुपर्ने । यो कस्तो ज्मस्याङजुम्सुङ हो । (अर्याल, २०७७, पृ. १०७)

उदाहरण (३) मा विश्वमा भएको एकता, शान्ति र आणविक अस्त्रनिर्माण र उत्पादन सम्बन्ध तथा आर्थिक विभेदसम्बन्धी लेखकीय विचार अन्तर्राष्ट्रिय राजनीतिका सन्दर्भका

माध्यमबाट स्पष्ट भएको छ । यहाँ जर्मनीको एकीकरणको ढिलाइ र चीनलाई संयुक्त राष्ट्र सङ्घको सदस्यता नदिएर सन् १९७१ सम्म झुलाएको वास्तविकतामार्फत संसारमै भएको नियतपूर्ण अवस्था तथा आणविक हतियारको निर्माण र परीक्षणका कारण संसारभर फैलिएको आतङ्क र हतियारको प्रतिबन्ध लगाउन गरेको ढिलासुस्तीप्रति व्यङ्ग्य गरिएको छ ।

अर्यालका निबन्धमा विश्व जगतमा रहेको आणविक अस्त्रको होडबाजी र यसको विरोधसम्बन्धी विचारको प्रकटीकरणका लागि 'अन्तर्राष्ट्रिय भ्यागुता सम्मेलन' 'मान्छे मोडेल', 'चन्द्रलोक कसको ?' 'साँढे' जस्ता निबन्धमा रहेका विश्वका शक्तिशाली राष्ट्रहरूका विभिन्न प्रतियोगिता, अभियान र सभासम्मलेलनका स्थितिलाई सन्दर्भककै माध्यमले अर्थपूर्ण पनि बनाएको छ । अतः विचारको सशक्त प्रवाहका लागि अर्यालका निबन्धमा सन्दर्भको भूमिका रहेको हुनाले सन्दभार्थका आधारमा उनका निबन्ध वैचारिक दृष्टिले सुगठित र सबल बनेको देखिन्छ ।

### (३) निबन्धको शैली निर्माणमा सन्दर्भ

निबन्धमा शैली निर्माणका क्रममा पनि स्थितिको वर्णन र चित्रण फलदायी हुन्छ । सन्दर्भले निबन्धको भाषाशैली, संरचना र प्रस्तुतीकरणलाई प्रभावकारी, सुसङ्गत, र आकर्षक बनाई विचार र भावनाको प्रकाशनलाई ठोस आकार प्रदान गर्ने हुँदा लेखकीय वैयक्तिक शैलीको भिन्न पहिचान निर्माण गर्न पनि सन्दर्भले नै सहयोग गरेको हुन्छ । निबन्धको शैली निर्माणमा भाषागत चयनमा, सन्दर्भअनुसारको गम्भीर, तार्किक, र औपचारिक वा सरल र भावनात्मक शैली निर्माणमा र विचारको प्रवाहलाई उजिल्याउन सन्दर्भकै सहयोग चाहिन्छ । यसबाहेक सन्दर्भमार्फत निबन्धात्मक पाठमा निहित रहेको आलङ्कारिकता, कलात्मकता तथा विचारको संरचनात्मक स्वरूपको निर्मिति स्थूल बन्न पुग्छ । अर्यालका निबन्धमा खास विषयमाथिको वर्णन मात्र नभएर कथात्मक चित्रण र नाटकीय रूप पनि देख्न पाइन्छ । यस्तो शैलीय निर्माणमा सन्दर्भको भूमिका महवपूर्ण रहेको छ । निबन्धभित्र काल्पनिक वा लेखकको निजी जीवनसँग निकट आख्यान तत्त्व पनि हुन सक्छ । निबन्धमा लेखकीय ज्ञान, अनुभव, संवेग, आवेग आदिलाई सन्तुलित र व्यवस्थित बनाउन आख्यानले पनि भूमिका खेलेको हुन्छ (पौड्याल, सन् २०२२) भने नाटकीयताले विचारको सिलसिलालाई रोचक बनाएर स्थितिलाई स्थूल बनाउने हुनाले अर्थबोधका लागि सहयोग गर्छ । अर्यालका निबन्धमा स्पष्ट आख्यान नभएर हास्य र व्यङ्ग्य तत्त्वलाई प्रभावी पार्ने प्रायः टुक्रे आख्यानको समष्टि गुम्फन रहेको पाइन्छ (गौतम, २०७८, पृ. ३८०) । यस्तो आख्यानको संयोजनले अभिव्यक्तिलाई कलात्मक पार्नुका साथै स्थितिहरूको व्यवस्थापन र विचारपूर्ण घटनाको चित्रणमा सहयोग पुगेको देखिन्छ ।

अर्यालका निबन्धमा नाटकीयता र आख्यानात्मकता मात्र नभई संस्करणात्मकताको पनि उचित संयोजन रहेको पाइन्छ । 'चन्द्रलोक कसको ?' निबन्धमा रहेको आख्यानात्मक शैली, 'लाहुरेको यात्रा संस्मरण' निबन्धमा रहेको संस्मरणात्मक शैली र 'नेता नम्बर एक सय एक', 'अमरववती कान्तिपुरी नगरी' जस्ता निबन्धमा रहेको नाटकीय शैली र कतिपय स्थानमा रहेको

कवितात्मकताको प्रयोगलाई यसको उदाहरण मान्न सकिन्छ (जोशी, २०७५, पृ. २२४) । 'नेता नम्बर एक सय एक' निबन्धमा वर्णहरूको आवृत्तिमूलक अनुप्रासयुक्त काव्यात्मक शैली प्रयोग भएको छ, जस्तै :

(४) कसैलाई कुराले फुलाएर, कसैलाई सुराले भुलाएर, कसैलाई झन्डाले लोभ्याएर, कसैलाई डन्डाले सोभ्याएर, कसैलाई खेती जोरिदिउँला भनेर, कसैलाई केटी खोजिदिउँला भनेर, कसैलाई नुन पाउला भनेर, कसैलाई सुन लाउला भनेर इत्यादि गर्ने कृत्य गरी मेरा मनोमान खुसीराजीसाथ पार्टीको सदस्यबुकमा सही गराएँ । (अर्याल, २०७७, पृ. ८३-८४)

उदाहरण (४) मा राजनीतिक पार्टीका स्वार्थी, महत्वाकाङ्क्षी र जनतालाई झुटो प्रलोभनमा पार्ने प्रवृत्ति र व्यवहारलाई दर्साउने भाषिक रूप काव्यात्मक शैलीमा अभिव्यक्त गरिएको र यसले राजनीतिक सन्दर्भका माध्यमबाट तत्कालीन समाजको चेतनास्तर, अबोधता तथा राजनीतिक कार्यकर्ताको चालबाजीलाई अर्थपूर्ण पारेको छ । यसबाहेक यी निबन्धमा बिम्बप्रतीकको सान्दर्भिक चयन र यस्तो चयनद्वारा निर्मित सम्प्रेषणीयता तथा ध्वन्यात्मकता पनि पाइन्छ (शुभेच्छु, २०७८, पृ. ३७१) । 'महापुरुषको सङ्गत' निबन्धमा पनि राति-ताती, पासो-चासो, आसक्त-भक्त, संस्कारै-संसारै, साठी-पाठी, अँठ्याइयो-जिब्ट्याइयो र लम्काइयो-झम्काइयो जस्ता पदावली प्रयोग गरी कथनलाई रोचक र प्रभावकारी बनाइएको (पौड्याल, सन् २०२४, पृ. १८) । देखिन्छ । अर्यालका निबन्धमा अभिव्यक्तिलाई चोटिलो र सशक्त पार्ने लोकप्रचलित वाग्धारा पनि प्रशस्त मात्रामा प्रयुक्त भएको पाइन्छ (शुभेच्छु, २०७८, पृ. ३६३) । यसरी अर्यालले आफ्ना निबन्धलाई निरस वर्णनात्मक मात्र नबनाएर शैलीगत दृष्टिले पनि मौलिक बनाएको देखिन्छ । "चन्द्रलोक कसको ?' निबन्धमा कथात्मक शैलीमा चन्द्रमामा मानवनिर्मित यान अवतरण भएको प्रसङ्गलाई वियावस्तु बनाएर महाभारतका कथाबाचक सञ्चय र म पात्रकी नातिनीबुहारीलाई समानान्तर रूपमा चित्रित गरिएको छ (शुभेच्छु, २०७८, पृ. ३६७) । यस्ता शैलीगत वैविध्यको निर्माण र अर्थबोधका लागि निबन्धमा सन्दर्भले सकारात्मक र सहकारी भूमिका खेलेको छ । खास गरी आख्यानात्मक शैलीका निबन्धमा पात्रीय भूमिका र गतिविधिलाई तत्कालीन सामाजिक तथा राजनीतिक परिवेशमा गाँसेर अर्यालले सम्बन्धित विषयमाथिको विरोध र व्यङ्ग्य प्रस्तुत गरेका छन् । 'जय भुँडी' शीर्षक निबन्धमा वर्ग विभाजित समाजमा शोषक वर्ग र शोषित वर्गको द्वन्द्वलाई कलात्मक शैलीमा प्रस्तुत गरिएको (सुवेदी, सन् २०२२ पृ. ७२) र यहाँ 'भुँडी' शब्दलाई प्रतीकात्मक बनाएर संसारभरमा भएको उत्पादन सम्बन्ध र आर्थिक शोषणको अवस्थाबोध गराइएको छ ।

यसरी हेर्दा समकालीन यथार्थको अभिव्यक्तिका लागि मात्र नभई निबन्धको विधागत सौन्दर्यको सिर्जना गरी निबन्धलाई विधागत रूपमा सशक्त बनाउने कार्यमा पनि अर्यालका निबन्धमा सन्दर्भले सहयोग गरेको देखिन्छ । यी निबन्धभित्र हास्यव्यङ्ग्यको सिर्जना र निबन्धको

कलात्मक मूल्य निर्माणमा सन्दर्भको विशेष सहयोग रहेको छ । अर्यालका निबन्धमा विचारको प्रहार अत्यन्तै तीक्ष्ण भएको हुनाले विचारको प्रवाहका कारण निबन्धमा सिर्जित हुने निरसताबाट निबन्धलाई बचाउन यहाँ समसायिक समाज र जीवनमा स्थितिहरूको उपयोग गरिएको र खास सन्दर्भका माध्यबाट मात्र अर्थबोध हुने त्यस्ता भाषिक रूपको प्रयोगमा अर्यालको लेखनकौशल देखिएको हुनाले विचारको प्रवाहपूर्ण अभिव्यक्ति, विचारको क्रमनिर्धारण र विचारलाई सशक्त र स्पष्ट पारी अर्थबोध गराउन सन्दर्भको भूमिका रहेको छ । यसबाहेक निबन्धको शैलीय निर्माणका क्रममा निबन्धमा प्रयुक्त कथात्मकता, नाटकीयता, कवितात्मकता तथा संस्मरणात्मक शैलीका माध्यमबाट निबन्ध कलालाई मौलिक र उच्च सौन्दर्ययुक्त बनाउने कार्यमा पनि यहाँ सन्दर्भले सकारात्मक भूमिका खेलेको देखिन्छ ।

## ६.३ निष्कर्ष

अर्यालका निबन्धभित्र समकालीन समाजका विकृति, विसङ्गति र विवशता तथा आर्थिक क्षेत्रका बेथितिहरूलाई व्यङ्ग्यात्मक ढङ्गले प्रस्तुत गर्ने क्रममा सन्दर्भको खास भूमिका खेलेको छ । तत्कालीन सामाजिक संरचनाका नियम, परम्परा र जन्म, मृत्यु, विवाह जस्ता सामाजिक संस्थाका पुरातन र विभेदयुक्त मान्यताप्रति व्यङ्ग्य प्रहार गरिएका यी निबन्धमा सामाजिक क्षेत्रका विभिन्न परिस्थितिका आधारमा प्रयुक्त भाषिक रूपले खास अर्थ वा तात्पर्य बुझाएको छ । यी निबन्धमा धार्मिक संस्कार र मान्यताका नाममा भएका अमानवीय र विभेदकारी गतिविधि तथा धर्मान्धताको विरोध गरिएको छ । तत्कालीन समाजमा प्रचलित सांस्कृतिक मान्यताप्रतिको भिन्न दृष्टिकोण र आधुनिकताका नाममा मौलिक र राष्ट्रिय संस्कृतिमा आएको क्षयप्रति पनि यहाँ कटाक्ष गरिएको छ । गरिबी र आर्थिक अव्यवस्थाप्रतिको असन्तोष, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनीतिक अवस्था तथा युद्ध र आणविक हतियार निर्माणको होडबाजीप्रति व्यङ्ग्य प्रहार गर्न यी निबन्धमा तत्कालीन सामाजिक, आर्थिक र राजनीतिक परिवेशजन्य स्थितिको सहयोग लिइएको र त्यस्ता स्थितिको अर्थबोध खास संज्ञानात्मक सन्दर्भमार्फत भएकाले समकालीन यथार्थको अभिव्यक्तिका लागि अर्यालका निबन्धमा सन्दर्भको विशेष सहयोग रहेको छ । सन्दर्भका दृष्टिले हेर्दा अर्यालका निबन्ध सुढृढ र सशक्त रहेको पाइन्छ । समकालीन यथार्थको अभिव्यक्तिका लागि मात्र नभई निबन्धको विधागत सौन्दर्यको सिर्जना गरी निबन्धलाई विधागत रूपमा सशक्त बनाउने कार्यमा पनि अर्यालका निबन्धमा सन्दर्भको सहयोग रहेको देखिन्छ । यसका अतिरिक्त विचारको उचित व्यवस्थापन र प्रवाहपूर्ण प्रस्तुति, हास्यव्यङ्ग्यका माध्यमबाट समसामयिक बेथितिहरूमाथिको परिहासपूर्ण विरोध र निबन्धात्मक शैलीमा मौलिकता एवम् लेखकीय निजत्वको स्थापना गर्ने कार्यमा अर्यालका निबन्ध अब्बल देखिन्छन् । यसरी विचारको प्रवाहमयता, हास्यव्यङ्ग्यको प्रयोग र मौलिक स्वपहिचानयुक्त शैलीय निर्माणका दृष्टिले पनि अर्यालका निबन्ध उत्कृष्ट रहेको र यस्तो विधागत सौन्दर्यको स्थापनाका लागि सन्दर्भको विशेष भूमिका रहेको पाइएको छ ।

# सातौं परिच्छेद

# सारांश तथा निष्कर्ष

## ७.१ सारांश

"भैरव अर्यालका निबन्धमा संज्ञानात्मक सन्दर्भार्थ" शीर्षकको प्रस्तुत शोधप्रबन्धको सारांश तथा निष्कर्ष यस परिच्छेदमा राखिएको छ । यहाँ सारांशअन्तर्गत प्रत्येक परिच्छेदमा सामग्री व्यवस्थापनको सारसङ्क्षेप उल्लेख गरिएको छ र निष्कर्षअन्तर्गत मुख्य शोधप्रश्नमा आधारित रहेर गरिएको निबन्धको समग्र विश्लेषणबाट प्राप्त नतिजाको सारभूत निष्कर्ष प्रस्तुत गरेर अन्त्यमा अर्यालका निबन्धको समग्र प्राप्तिलाई निचोडका रूपमा राखेर शोधप्रबन्धको योगदान र भावी शोधशीर्षकको उल्लेख गरिएको छ ।

प्रस्तुत शोधप्रबन्धमा जम्मा सात ओटा परिच्छेदमा सामग्री व्यवस्थापन गरिएको छ । 'शोधपरिचय'का रूपमा रहेको पहिलो परिच्छेदअन्तर्गत विषयपरिचय, समस्याकथन, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य र महत्त्व, शोधको सीमाङ्कन, शोधविधि र शोधप्रबन्धको रूपरेखा भिन्न भिन्न उपशीर्षकमा क्रमशः प्रस्तुत गरिएको छ । विषयपरिचयमा शोधको शीर्षकलाई परिचित गराइएको र पूर्वकार्यको समीक्षाको सङ्केतका सहायताले शोधसमस्याको निक्र्योल गरिएको छ । यस क्रममा भैरव अर्यालको निबन्धकारिताको सङ्क्षेपमा परिचयसहित सन्दर्भको परिचय दिइएको र संज्ञानात्मक सन्दर्भार्थका आधारमा अर्यालका निबन्ध अध्ययनीय मानिएको छ। समस्याकथनअन्तर्गत संज्ञानात्मक सन्दर्भार्थका दृष्टिले अर्यालका निबन्ध अनुसन्धेय रहेको उल्लेखसहित ती निबन्धमा संज्ञानात्मक सन्दर्भार्थको खोजीलाई प्रमुख शोधसमस्या मानिएको छ। यस शोधसमस्याका आधारमा भैरव अर्यालका निबन्धमा संज्ञानात्मक सन्दर्भ के कस्तो छ ? भैरव अर्यालका निबन्धमा सामाजिक, आर्थिक र राजनीतिक सन्दर्भार्थ के कसरी प्रतिफलित भएको छ ? र संज्ञानात्मक सन्दर्भार्थका दृष्टिले भैरव अर्यालका निबन्ध किन अर्थपूर्ण छन् ? गरी तीन ओटा शोध प्रश्नको निर्माण गरिएको छ । शोधसमस्या र यसमा उल्लिखित शोधप्रश्नका आधारमा शोधको उद्देश्य निर्माण गरिएको छ ।

पूर्वकार्यको समीक्षाअन्तर्गत भैरव अर्यालका निबन्धसँग सम्बन्धित भएर गरिएका यसपूर्वका अध्ययन र सन्दर्भ विश्लेषणसँग सम्बन्धित सैद्धान्तिक तथा प्रायोगिक कार्यहरूलाई कालक्रमअनुसार व्यवस्थित गरिएको छ । यी पूर्वाध्ययन मुख्यतः अर्यालको व्यक्तित्व, उनको निबन्धकारिता र उनका हास्यव्यङ्ग्य निबन्धहरूको विश्लेषण र नेपाली हास्यव्यङ्ग्य निबन्ध क्षेत्रमा अर्यालको योगदानको मूल्याङ्कन र केहीमा सन्दर्भविश्लेषणका सैद्धान्तिक पक्षको चर्चा र अरू विधाका कृतिलाई सन्दर्भका आधारमा गरिने विश्लेषणसँग सम्बन्धित रहेको हुँदा ती सामग्री भैरव अर्यालका निबन्धलाई संज्ञानात्मक सन्दर्भार्थका आधारमा अध्ययन गर्दा सैद्धान्तिक आधारमा

स्पष्ट हुन र सामग्री विश्लेषणको निश्चित अवधारणा तयार पार्न र विश्लेषणका लागि सूचक तयार पार्न सहयोगी रहेको भए पनि अर्यालका निबन्धलाई संज्ञानात्मक सन्दर्भार्थका आधारमा विश्लेषण नगरिएको भन्दै पूर्वकार्यहरू र प्रस्तुत शोधकार्यको शोधसमस्याले खोज्ने उपर्युक्त समाधानका बिचमा रहेको अन्तरालबाट शोधरिक्तता स्पष्ट पारिएको छ । पूर्वकार्यको समीक्षाकै आधारमा प्रस्तुत शोधकार्यको औचित्य पुष्टि गर्दै शोधको उपयोगिता पनि स्पष्ट पारिएको छ ।

शोधविधिअन्तर्गत सामग्री सङ्कलन विधि र सामग्री विश्लेषण विधि तथा सैद्धान्तिक ढाँचाको सङ्क्षेपमा चर्चा गरिएको छ । मूलतः पुस्तकाय कार्यबाट शोधकार्यका लागि आवश्यक प्राथमिक सामग्रीका रूपमा भैरव अर्यालका सात ओटा निबन्धसङ्ग्रहबाट सोद्देश्य पद्दतिका आधारमा छनौट गरिएका निबन्धलाई र द्वितीयक सामग्रीका रूपमा अरू सैद्धान्तिक मान्यताहरू तथा प्रायोगिक सामग्रीलाई प्रयोग गरिएको उल्लेख गरिएको छ । सामग्री विश्लेषणका क्रममा निबन्धात्मक पाठमा प्रयुक्त सन्दर्भ र अर्थ खोजी गर्ने क्रममा विषयविश्लेषण विधिको प्रयोग भएको उल्लेख गरिएको छ। सामग्री विश्लेषण गर्न शोध प्रश्नअनुसार आवश्यक सूचकको निर्माण गर्दा संज्ञानात्मक सन्दर्भको व्याख्याका लागि प्रतिनिधि निबन्धको व्याख्या गरिएको; सामाजिक सन्दर्भार्थको विश्लेषणका लागि सामाजिक संरचना र प्रचलन, धार्मिक संस्कार र सांस्कृतिक मान्यता गरी तीन ओटा सूचक, आर्थिक सन्दर्भार्थको विश्लेषणका लागि गरिबी र जीविकोपार्जन, वित्तीय अपचलन र उत्पादन सम्बन्ध र शोषण गरी तीन ओटा सूचक तथा राजनीतिक सन्दर्भार्थको विश्लेषणका लागि राष्ट्रिय राजनीति, अन्तर्राष्ट्रिय राजनीति तथा युद्ध र आणविक प्रतिस्पर्धा गरी तीन ओटा सूचक प्रयोग गरिएको बताइएको छ। शोधकार्यको सीमाङ्कनअन्तर्गत विभिन्न सात ओटा सङ्ग्रहभित्र अर्यालका जम्मा एक सय अठार ओटा निबन्धहरू प्रकाशित रहेकोमा सोद्देश्य नमुना छनौट विधिको माध्यमले छनौट गरिएका सन्दर्भप्रयोगका दृष्टिले सशक्त मानिएका तिस ओटा निबन्धलाई विश्लेषणका लागि प्रयोग गरिएको कुरा उल्लेख गरिएको छ ।

प्रस्तुत शोधप्रबन्धको दोस्रो परिच्छेदमा सन्दर्भविश्लेषणसम्बन्धी सैद्धान्तिक मान्यताको परिचय दिएर सन्दर्भसम्बन्धी विभिन्न दृष्टिकोणको उल्लेख गरेर संज्ञानात्मक सन्दर्भार्थको सैद्धान्तिक परिचय दिइएको छ । सन्दर्भार्थको सैद्धान्तिक पक्षको चर्चा गर्दा संज्ञानात्मक सन्दर्भार्थ पहिल्याउने विशेष गरी सामाजिक, आर्थिक, राजनीतिक, वैचारिक तथा ज्ञानविज्ञानगत जस्ता विभिन्न आधारमध्ये यस शोधकार्यमा सामग्री विश्लेषणका लागि उपयोगमा ल्याइएका सामाजिक, आर्थिक र राजनीतिक गरी तीनओटा आधारको चर्चा गरिएको छ । अर्यालका निबन्धको सर्वेक्षण गर्ने क्रममा प्रकाशित सबै निबन्धको सर्वेक्षण गरिएको र यस क्रममा निबन्धको प्रकाशन वर्षलाई आधार मानेर निबन्धको क्रमनिर्धारण गरिएको छ । विभिन्न सात ओटा सङ्ग्रहमा रहेका जम्मा एक सय अठार ओटा निबन्धलाई तिनको क्रम, निबन्धको शीर्षक, प्रकाशन साल, सङ्ग्रह वा पत्रिकाको उल्लेख गरेर सामाजिक, आर्थिक र राजनीतिक सन्दर्भका आधारले सबै निबन्धको सरसर्ती सर्वेक्षण गरी तीमध्ये तिस ओटा निबन्धलाई सन्दर्भका दृष्टिले सशक्त मानेर विश्लेषणका लागि छनौट गरिएको छ । छनौट भएका निबन्धको सङ्क्षेपमा चर्चा गरिएको छ । विशेष गरी

संज्ञानात्मक सन्दर्भको व्याख्याका क्रममा प्रतिनिधि निबन्धलाई संज्ञानात्मक सन्दर्भका कोणबाट यहाँ व्याख्या गरिएको छ । यसरी व्याख्या गर्दा निबन्धको मूल विषय र तिनमा प्रयुक्त मुख्य सन्दर्भको पनि सङ्केत गरिएको छ ।

शोधकार्यको तेस्रो परिच्छेदमा भैरव अर्यालका निबन्धलाई सामाजिक सन्दर्भार्थका आधारमा विश्लेषण गरिएको छ । यस क्रममा सामाजिक सन्दर्भसम्बन्धी सैद्धान्तिक मान्यताको सङ्क्षेपमा परिचय दिइएको छ । भाषिक पाठमा निहित संज्ञानको सामाजिक पक्षलाई सामाजिक सन्दर्भले बुझाउने भन्दै समाजमा रहेको कला, साहित्य, विभिन्न पेशागत गतिविधि, धार्मिक मान्यता तथा सांस्कृतिक परम्पराको समुच्च रूपलाई यहाँ सामाजिक संरचना मानिएको छ । भाषिक रूपमा भएको यस्तो सामाजिक संरचनाको उपस्थितिभित्र निहित अर्थको खोजी गर्ने कार्य नै सामाजिक सन्दर्भार्थ अध्ययन भएको यहाँ बताइएको छ । सामाजिक सन्दर्भका माध्यमबाट संज्ञान खोज्ने कार्य गर्दा सामाजिक संरचना र प्रचलन, धार्मिक संस्कार र सांस्कृतिक मान्यता गरी तीन ओटा सूचकका आधारमा अर्यालका निबन्धमा प्रयुक्त सामाजिक सन्दर्भ र तिनले अर्थ प्रतिफलनमा खेलेको भूमिकाको विश्लेषण गरिएको छ । यस क्रममा अर्यालका निबन्धात्मक पाठमा नेपाली समाजमा निहित रहेका विभिन्न संस्था र ती सामाजिक संस्थाका विविध गतिविधिभित्र निहित तत्कालीन सामाजिक परम्परा, शक्तिसम्बन्ध तथा संस्कारजन्य गतिविधिलाई अर्थ्याउन विभिन्न सन्दर्भको सहयोग आवश्यक रहेको उल्लेख गरिएको छ । नेपाली समाजका सामाजिक संस्कार, जातीय अवस्था र लैङ्गिक दृष्टिले समाजमा रहेको जिम्मेवारी वा उत्तरदायित्वको खोजी गर्दै अर्यालका निबन्धमा नेपाली समाजमा प्रचलित परम्पराजन्य गतिविधि र त्यसमा उत्पन्न भएका विकृतिजन्य क्रियाकलापको व्यङ्ग्यात्मक प्रस्तुति रहेको र यस क्रममा अर्यालका निबन्धको यथार्थ बोधका लागि तत्कालीन सामाजिक स्थितिको ज्ञान आवश्यक भएको बताइएको छ । अर्यालका निबन्धभित्र जन्म, मृत्यु, विवाह, जातीय संरचना र सोअनुसारका सामाजिक मान्यता आदि विषयमाथि व्यङ्ग्यात्मक दृष्टि दिएको यहाँ उल्लेख गरिएको छ ।

विवेच्य निबन्धमा रहेको सामाजिक संरचना र प्रचलनसम्बन्धी सन्दर्भको विश्लेषण गर्ने क्रममा नेपाली समाजमा रहेको जातीय संरचना र सरकारले सामाजिक प्रजाति विशेषलाई हेर्ने दृष्टिकोणमाथि पनि यी निबन्धमा व्यङ्ग्य गरिएको र यस्तो व्यङ्ग्य राणाशासन काल र प्रजातन्त्र कालमा बाहुनहरूको शासकीय उपस्थिति र सुविधा, धर्मसम्बन्धी सामाजिक दृष्टिकोण, विवाहसम्बन्धी परम्परागत मान्यता र यसमा निहित रहेका जटिलता जस्ता तत्कालीन परिस्थितिलाई सामाजिक संरचना र प्रचलनका सन्दर्भले स्पष्ट्याएको कुरा यहाँ उल्लेख गरिएको छ । यस क्रममा सर्वप्रथम निबन्धमा रहेको भाषिक रूप र स्थितिहरूको विवरण प्रस्तुत गर्दै प्रतिनिधिमूलक उदाहरणका आधारमा त्यस्ता स्थितिहरूको अर्थ लगाइएको छ । यसरी अर्थ लगाउने क्रममा प्रतिनिधि मण्डल फर्क्यो, दौरा सुरुवाल नपठाइदिने भएँ !, 'मादक पदार्थ र बेवारिसे लास', 'कन्याकेटी खोज्दा', 'महापुरुषको सङ्गत', 'केही राष्ट्रिय रोग : एक अनुसन्धान' जस्ता निबन्धमा रहेका भाषिक रूपभित्र तत्कालीन स्थितिका सापेक्षतामा निहित रहेका

सन्दर्भार्थको टुङ्गो लगाइएको छ । धार्मिक संस्कारसम्बन्धी सन्दर्भमा अर्यालका निबन्धको विश्लेषण गर्ने क्रममा धार्मिक संस्कारको सङ्क्षेपमा परिचय दिएर भैरव अर्यालका निबन्धमा प्रयुक्त भाषिक रूप र त्यसमा निहित स्थितिको विवरण दिएको छ । तत्पश्चात् 'सरकारले दुलो खोज्नु पर्ला', 'प्रतिनिधि मण्डल फर्क्यो', 'रेडियो रसातल', कन्या केटी खोज्दा, 'लाहुरेको यात्रा संस्मरण, 'महापुरुषको सङ्गत', 'केही राष्ट्रिय रोग एक अनुसन्धान', 'नेता नम्बर एक सय एक' जस्ता निबन्धमा प्रयुक्त भाषिक रूपको उदाहरण प्रस्तुत गरेर तत्कालीन स्थितिका सापेक्षमा तिनमा निहित रहेका सन्दर्भार्थको विश्लेषण गरिएको छ । सांस्कृतिक मान्यतासम्बन्धी सन्दर्भमा संस्कृतिलाई मानव जीवनको अभिन्न अङ्गका रूपमा उल्लेख गर्दै संस्कृति र यससम्बन्धी मान्यताको सङ्क्षेपमा परिचय दिइएको छ । अर्यालका निबन्धमा प्रयुक्त भाषिक रूप र यसमा निहित स्थितिको विवरण यहाँ प्रस्तुत गरिएको छ । उक्त विवरणपश्चात् 'प्रतिनिधि मण्डल फर्क्यो', 'दौरा सुरुवाल नपठाइदिने भएँ !', 'पृथ्वीनारायण ! तिमी फेरि आऊ', 'मादक पदार्थ र बेवारिसे लास', 'चरीचुच्चे च', 'जय भोलि', 'लाहुरेको यात्रा संस्मरण', 'जय भुँडी', 'महापुरुषको सङ्गत' जस्ता निबन्धमा प्रयुक्त भाषिक रूपमा निहित विविध सांस्कृतिक स्थितिका सापेक्षमा तिनमा रहेको अर्थलाई पहिल्याइएको छ ।

शोधकार्यको चौथो परिच्छेदमा आर्थिक सन्दर्भार्थका आधारमा भैरव अर्यालका निबन्धको विश्लेषण गरिएको छ । यस क्रममा आर्थिक सन्दर्भसम्बन्धी सैद्धान्तिक मान्यताको सङ्क्षेपमा परिचय दिइएको छ । यस क्रममा भाषिक उच्चारमा अन्तर्निहित रहेको संज्ञानात्मक पक्षको आर्थिक परिवेशलाई आर्थिक सन्दर्भ मानिएको छ । भाषिक पाठमा राष्ट्रिय अर्थतन्त्रमा आर्थिक विषयले प्रभाव पार्ने हुनाले सङ्कथनात्मक पाठमा आर्थिक सन्दर्भका माध्यमले तत्कालीन स्थिति अर्थिने बताइएको छ । यहाँ सामग्रीको विश्लेषणका लागि आर्थिक सन्दर्भका विविध पक्षमध्ये गरिबी र जीविकोपार्जन, वित्तीय अपचलन तथा उत्पादन सम्बन्ध र शोषण गरी तीन ओटा सूचकका आधारमा सामग्रीको विश्लेषण गरिएको छ । यस क्रममा भैरव अर्यालका निबन्धमा नेपाल र विश्वमा रहेको गरिबी र दैनिक जीविकोपार्जनमा भएको कठिनाइ, सरकारी र सामाजिक क्षेत्रमा भएको आर्थिक अपचलन तथा भ्रष्टाचारजन्य गतिविधि र समाज, राष्ट्र र अन्तर्राष्ट्रिय क्षेत्रमा रहेको आर्थिक शोषण एवम् अर्थतन्त्रमाथिको नियन्त्रण जस्ता विविध पक्षको सशक्त अभिव्यक्ति रहेको भन्दै ती निबन्धहरूमा निहित रहेको अर्थ आर्थिक सन्दर्भमार्फत स्पष्ट भएको बताइएको छ ।

निबन्धको विश्लेषणका क्रममा गरिबी र जीविकोपार्जनसम्बन्धी सन्दर्भमा गरिबीसँग सम्बन्धित सैद्धान्तिक मान्यतालाई सङ्क्षेपमा प्रस्तुत गर्दै विशेषतः आर्थिक स्थिति नाजुक हुनुलाई यहाँ गरिबी मानिएको छ । अर्यालका निबन्धमा प्रयुक्त भाषिक रूप र तिनमा निहित स्थितिको विवरण प्रस्तुत गरिएको छ । तत्पश्चात् विभिन्न प्रतिनिधि निबन्धभित्रबाट उदाहरण प्रस्तुत गरेर तिनमा रहेको भाषिक रूपभित्र तत्कालीन अर्थतन्त्रका विविध स्थितिको खोजी गर्ने क्रममा आर्थिक सन्दर्भको सहयोग लिइएको छ । यस क्रममा 'सरकारले दुलो खोज्नु पर्ला', 'काला साथीहरूको

बीचमा गहुगोरो’, ‘चरीचुच्चे च’, ‘अन्तर्राष्ट्रिय भ्यागुता सम्मेलन’, ‘लाहुरेको यात्रा संस्मरण’, ‘केही राष्ट्रिय रोग एक अनुसन्धान’ जस्ता निबन्धबाट भाषिक उदाहरण प्रस्तुत गरेर तिनका आधारमा तत्कालीन परिवेशमा निहित अर्थको विश्लेषण गरिएको छ । वित्तीय अपचलनसम्बन्धी सन्दर्भमा वित्तीय अपचलनको परिचय दिँदै नीतिनियमको परिधिलाई नाँघेर वा नियमविपरीत गर्ने आर्थिक कारोबार तथा अपचलनलाई वित्तीय अपचलन वा आर्थिक अनियमितता भनेर चिनाइएको छ । यसपश्चात् अर्यालका निबन्धमा प्रयुक्त भाषिक रूप र तिनमा निहित स्थितिको विवरण प्रस्तुत गरिएको छ । यहाँ अर्यालका ‘तमसुक’, ‘महापुरुषको सङ्गत’, ‘हराम पाँडे हजुर’ र ‘उन्नतिको शिखरतिर’ जस्ता निबन्धमा अन्तर्निहित तत्कालीन आर्थिक अनियमितताको स्थितिलाई वित्तीय अपचलनसम्बन्धी सन्दर्भका माध्यमले अर्थ लगाइएको छ । उत्पादन सम्बन्ध र शोषणसम्बन्धी सन्दर्भमा आर्थिक शोषणको परिचय दिने क्रममा कुनै व्यक्ति वा राष्ट्रले अर्को व्यक्ति वा राष्ट्रको सम्पत्ति आदिको उपयोग गर्दा दिइने कम प्रतिफल वा मूल्यलाई आर्थिक शोषण भनिएको छ । यहाँ मार्क्सवादी दृष्टिकोणअनुसार पुँजीवादमा देखिने सामाजिक सन्दर्भको आधारमा उत्पादनका साधनहरूमाथि भएको शोषण र नियन्त्रणलाई पनि आर्थिक शोषणका रूपमा अर्थ्याइएको छ । अर्यालका निबन्धमा प्रयुक्त भाषिक रूप र त्यसमा निहित स्थितिको विवरण प्रस्तुत गरिएको छ । यसपश्चात् विभिन्न प्रतिनिधि निबन्धका उदाहरणका आधारमा आर्थिक शोषणसम्बन्धी सन्दर्भका माध्यमले ती निबन्धमा निहित परिवेशलाई अर्थ्याइएको छ । ‘सरकारले दुलो खोज्नु पर्ला’, ‘तमसुक’, ‘पृथ्वीनारायण ! तिमी फेरि आऊ’, ‘लाहुरेको यात्रा संस्मरण’, ‘जय भुँडी’ जस्ता निबन्धमा प्रयुक्त भाषिक रूपमा निहित रहेको अर्थतन्त्रसम्बन्धी परिवेशका आधारमा तत्कालीन समाज, राष्ट्र र विश्वमा भएको आर्थिक शोषण र नियन्त्रणको स्थितिलाई यहाँ अर्थ्याइएको छ ।

शोधकार्यको पाँचौँ परिच्छेदमा भैरव अर्यालका निबन्धमा प्रयुक्त राजनीतिक सन्दर्भको विश्लेषण गरिएको छ। अर्यालका निबन्धमा रहेका भाषिक पाठलाई राजनीतिक सन्दर्भका माध्यमले यहाँ अर्थ लगाइएको छ । यस क्रममा राजनीतिक सन्दर्भसम्बन्धी सैद्धान्तिक मान्यता प्रस्तुत गरिएको छ । राजनीतिक सन्दर्भमा राजनीतिलाई राज्य सत्तासँग सम्बन्धित विषय मान्दै भाषिक पाठमा निहित रहेको संज्ञानात्मक पक्षको राजनीतिक परिवेशलाई राजनीतिक सन्दर्भ भनेर बताइएको छ । अर्यालका निबन्धमा नेपालको राजनीतिक अवस्था, अन्तर्राष्ट्रिय राजनीतिले नेपालमा पारेको प्रभाव, राजनीतिक परनिर्भरता तथा विश्व आणविक अस्त्रशस्त्रको होडबाजी र युद्धसँग सम्बन्धित विविध पक्षमाथि व्यङ्ग्य प्रहार गरिएको हुनाले ती सम्पूर्ण पक्षको यथार्थ बोधका लागि राजनीतिक सन्दर्भको विश्लेषण आवश्यक हुने यहाँ बताइएको छ। निबन्धमा प्रयुक्त भाषिक रूपको अर्थ लगाउने क्रममा राजनीतिक सन्दर्भको विश्लेषण गर्दा राष्ट्रिय राजनीति, अन्तर्राष्ट्रिय राजनीति तथा युद्ध र आणविक प्रतिस्पर्धा गरी तीन ओटा सूचकका आधारमा सामग्रीको विश्लेषण गरिएको छ ।

राष्ट्रिय राजनीतिसम्बन्धी सन्दर्भमा राष्ट्रिय राजनीति, सरकार र प्रशासनको परिचय दिएर नेपालभित्रको राजनीतिक गतिविधि, प्रशासनिक संयन्त्र र सरकार निर्माणलाई यसभित्र समेटिएको

बताइएको छ । यहाँ अर्यालका निबन्धमा प्रयुक्त भाषिक रूप र तिनमा निहित स्थितिको विवरण प्रस्तुत गरेर तत्पश्चात् त्यस्ता निबन्धमा रहेको सन्दर्भार्थलाई राष्ट्रिय राजनीति, सरकार र प्रशासनका सापेक्षमा हेरिएको छ । प्रतिनिधि निबन्धबाट लिएको भाषिक पाठका उदाहरणमार्फत तत्कालीन नेपालको राजनीतिक स्थितिको बोध यहाँ गराइएको छ । यस क्रममा 'सरकारले दुलो खोज्नु पर्ला', प्रतिनिधि मण्डल फर्क्यो, 'तमसुक', 'अवसरवादी दर्शन', 'रेडियो रसातल', 'जय भोलि', 'हराम पाँडे हजुर' जस्ता निबन्धबाट प्रतिनिधि उदाहरण प्रस्तुत गरेर तिनमा निहित भाषिक रूपलाई अर्थ्याइएको छ । अन्तर्राष्ट्रिय राजनीतिसम्बन्धी सन्दर्भमा अन्तर्राष्ट्रिय राजनीतिको परिचय दिएर विशेषतः नेपालबाहिर भएका राजनीतिक गतिविधि, अन्तर्राष्ट्रिय सङ्घसंस्था र तिनका क्रियाकलाप तथा विभिन्न देशले अरू देशमाथि गर्ने व्यवहार तथा नेपालको विदेशसँग सम्बन्धित नीतिलाई यसमा समेटिएको उल्लेख गरिएको छ । यस क्रममा अर्यालका निबन्धमा प्रयुक्त भाषिक रूप र तिनमा निहित राजनीतिक स्थितिको विवरण प्रस्तुत गरिएको छ । प्रतिनिधि रूपमा छनोट गरिएका निबन्धका आधारमा अर्यालका निबन्धमा प्रयुक्त भाषिक रूपलाई अन्तर्राष्ट्रिय राजनीति र कूटनीतिसम्बन्धी सन्दर्भका माध्यमले अर्थ्याउने गरी यहाँ 'तमसुक', 'पृथ्वीनारायण ! तिमी फेरि आऊ' र 'मिस्टर एन. मुनि नेपालमा' गरी तीन ओटा निबन्धमा प्रयुक्त अन्तर्राष्ट्रिय राजनीतिका विषयहरूको विश्लेषण गरिएको छ । युद्ध र आणविक प्रतिस्पर्धासम्बन्धी सन्दर्भमा युद्ध र आणविक प्रतिस्पर्धाको सङ्क्षेपमा चिनारी दिएर विभिन्न देशमा भएका नागरिक युद्ध तथा विदेशमा भएका दुईपक्षीय र सोभन्दा ठूला महायुद्धलाई युद्धको रूपमा चिनाइएको छ । यसका साथै विश्व जगतमा रहेका आणविक अस्त्रको विकास र तिनको होडबाजीलाई आणविक प्रतिस्पर्धाका रूपमा परिचय दिइएको छ । यहाँ अर्यालका निबन्धमा प्रयुक्त भाषिक रूप र युद्ध तथा आणविक अस्त्रजन्य स्थितिको विवरण प्रस्तुत गरेर तत्पश्चात् त्यस्तो भाषिक रूपको अर्थ प्रतिफलनको विश्लेषण गरिएको छ । अर्यालका 'अन्तर्राष्ट्रिय भ्यागुता सम्मेलन', 'असनको डबली', 'चिनिया घुसघुसे' जस्ता निबन्धमा प्रयुक्त भाषिक रूपलाई युद्ध र आणविक प्रतिस्पर्धासम्बन्धी सन्दर्भमार्फत अर्थ्याइएको छ ।

छैटौँ परिच्छेदमा संज्ञानात्मक सन्दर्भका आधारमा भैरव अर्यालका निबन्धको मूल्याङ्कन गरिएको छ । सामग्री विश्लेषणका लागि चयन गरिएका अर्यालका विभिन्न निबन्धका आधारमा ती निबन्धमा रहेको संज्ञानात्मक पक्षको यहाँ मूल्याङ्कन गरिएको छ । सन्दर्भको भूमिकाका दृष्टिले अर्यालका निबन्धमा रहेको अर्थपूर्णता तथा उपादेयताको समेत यहाँ विश्लेषण गरिएको छ । यसरी अर्यालका निबन्धको मूल्याङ्कन गर्दा विशेषतः सामाजिक, आर्थिक र राजनीतिक सन्दर्भमार्फत निबन्धलाई अर्थ्याइएको र अर्यालका निबन्धमा रहेको व्यङ्ग्यात्मक स्थिति बुझाउनका लागि त्यस्ता सन्दर्भ अर्थपूर्ण रहेको बताइएको छ । यस परिच्छेदमा विभिन्न विद्वानहरूले गरेको अर्यालको निबन्ध लेखनसम्बन्धी मूल्याङ्कनलाई समेत आधार मानेर अर्यालका निबन्धमा रहेको विशिष्ट शैली र त्यस्ता निबन्धमा निहित आर्थिक व्यञ्जना सन्दर्भका माध्यमले

परिपुष्ट भएको र अभिव्यक्तिगत सशक्तताका लागि त्यस्ता सन्दर्भ उपयुक्त रहेको निष्कर्ष निकालिएको छ ।

अर्यालका सामाजिक सन्दर्भसम्बन्धी विश्लेषण भएका निबन्धहरूका आधारमा उनका निबन्धमा रहेको भाषिक अभिव्यक्तिको सशक्तता र तत्कालीन नेपाली समाजमा रहेको विकृतिको अभिव्यक्ति दुवै पक्ष सन्दर्भका दृष्टिले उपयुक्त रहेको निष्कर्ष निकालिएको छ । आर्थिक सन्दर्भसम्बन्धी विश्लेषण भएका निबन्धका आधारमा उनका निबन्धमा तत्कालीन नेपालको राष्ट्रिय अर्थतन्त्र, विश्व जगतमा देखिएको अर्थतन्त्रको असामानता, गरिबी, भोकमरी तथा आर्थिक शोषण र भ्रष्टाचारका यथार्थ पक्षको उद्घाटन अर्यालका निबन्धमा रहेको निष्कर्ष निकालिएको छ । राजनीतिक सन्दर्भसम्बन्धी विश्लेषण भएका निबन्धमा तत्कालीन नेपालको राष्ट्रिय राजनीतिका राजनीतिक अपरिपक्वता, खराब संस्कार तथा अस्थिर सरकार र राजनीतिक चेतना अभिव्यक्त भएको र त्यस्ता विषयहरूको अभिव्यक्ति तत्कालीन नेपालको राजनीतिक इतिहासका सापेक्षमा मात्र अर्थिने हुनाले सन्दर्भका दृष्टिले अर्यालका निबन्धको भाषिक प्रयोग सशक्त र उपयोगी रहेको बताइएको छ । यसै गरी तत्कालीन अन्तर्राष्ट्रिय परिवेश, शीतयुद्ध, विभिन्न युद्ध र आणविक अस्त्रको विकास तथा त्यसबाट हुने सम्भावित खतरालाई अभिव्यक्त गर्न अर्यालले उपयुक्त भाषिक रूपको चयन गरेको हुनाले राजनीतिक सन्दर्भका दृष्टिले समेत अर्यालका निबन्ध सशक्त रहेको भन्दै उनका निबन्धमा रहेको सन्दर्भ तत्कालीन परिवेशबाट मात्र स्पष्ट हुने बताइएको छ । समग्रमा अर्यालका निबन्धमा व्यञ्जना शक्ति बेजोड रहेको, भाषिक प्रयोगगत कौशल सशक्त रहेको र अभिव्यक्तिगत तीक्ष्णता रहेको हुनाले संज्ञानात्मक सन्दर्भका आधारमा उनका निबन्ध उत्कृष्ट ठहरिएको र भाषिक प्रयोगका दृष्टिले उच्च र सशक्त रहेको निष्कर्ष निकालिएको छ ।

शोधप्रबन्धको सातौँ परिच्छेद अर्थात् यस परिच्छेदमा शोधप्रबन्ध तयार पार्ने क्रममा राखिएका सम्पूर्ण परिच्छेदको विवरणात्मक प्रस्तुति 'सारांश' उपशीर्षकमा राखिएको छ । संज्ञानात्मक सन्दर्भार्थका आधारमा अर्यालका निबन्धको विश्लेषण गर्दा प्राप्त नतिजाको निचोडलाई 'निष्कर्ष' उपशीर्षकमा यहाँ प्रस्तुत गरिएको छ । समस्याकथनमा उल्लिखित शोधप्रश्नका आधारमा चार ओटा शोधप्रश्नको उत्तरका रूपमा प्राप्त निष्कर्षलाई यहाँ क्रमैसँग राखिएको छ । त्यसपछि 'समग्र प्राप्ति र योगदान' उपशीर्षकमा शोधकार्यमा सामग्री विश्लेषणको अन्तिम निचोड र शोधकार्यको योगदानको उल्लेख गरिएको छ । जम्मा सात ओटा परिच्छेदमा यस शोधप्रबन्धको सामग्री व्यवस्थापन गरिएको छ । शोधप्रबन्धको अन्त्यमा शोधकार्यका क्रममा प्रयोग गरिएका सामग्रीहरूलाई सन्दर्भसामग्री सूचीमा वर्णानुक्रमका आधारमा राखिएको छ र यसरी राख्दा नेपाली भाषाका र हिन्दी भाषाका देवनागरी लिपिमा रहेका सामग्रीलाई पहिले र तत्पश्चात् अङ्ग्रेजी भाषाका रोमन लिपिमा रहेका सामग्रीलाई राखिएको छ ।

## ७.२ निष्कर्ष

भैरव अर्यालका सबै निबन्धहरूको सर्वेक्षणपश्चात् हास्यव्यङ्ग्यले युक्त र संज्ञानात्मक सन्दर्भार्थका आधारमा सशक्त रहेका निबन्धहरूको चयन गरी तिनको अर्थ विश्लेषण गरिएको प्रस्तुत शोधकार्यको निष्कर्षलाई समस्याकथनमा राखिएका शोधप्रश्न र शोधको उद्देश्यअनुरूप यहाँ क्रमशः प्रस्तुत गरिएको छ :

(१) समस्याकथनमा नं. (१) मा रहेको "भैरव अर्यालका निबन्धमा संज्ञानात्मक सन्दर्भ के कस्तो छ ?" भन्ने शोधप्रश्नको समाधानका लागि अर्यालका प्रतिनिधि निबन्धको सन्दर्भगत व्याख्याबाट प्राप्त निष्कर्षलाई यसप्रकार प्रस्तुत गरिएको छ :

भैरव अर्यालका निबन्धमा संज्ञानात्मक सन्दर्भको खोजी गर्दा उनका निबन्ध सामाजिक अवस्था, आर्थिक पर्यावरण र राजनीतिक अवस्थासम्बन्धी स्थितिको प्रयोगका दृष्टिले सशक्त रहेको देखिन्छ । यी निबन्धमा प्रयुक्त भाषिक रूपको सामाजिक, आर्थिक र राजनीतिक सन्दर्भका माध्यमले मात्र अर्थबोध हुन्छ । यी निबन्धमा तत्कालीन नेपाली सामाजिक परम्परा, प्रचलन तथा सामाजिक संस्थाका गतिविधि जनाउने भाषिक रूपको प्रयोग रहेको छ । यसबाहेक धार्मिक गतिविधिमा रहेका विसङ्गति, सांस्कृतिक मान्यताका असल र खराब पक्षको वर्णन पनि यी निबन्धमा रहेको छ । यसका अतिरिक्त समाजमा रहेको लैङ्गिक भूमिका र महिलालाई हेर्ने विभेदकारी दृष्टिकोण समेत यहाँ वर्णित छ । आर्थिक दृष्टिले हेर्दा गरिबी, जीविकोपार्जनमा भएको समस्या, बेरोजगारी तथा रोजगारी प्राप्तिका कठिनाइ, आर्थिक अनियमितता र भ्रष्टाचारसम्बन्धी परिस्थितिको पृष्ठभूमिमा आधारित भाषिक रूपको प्रयोग यहाँ भएको छ । यसबाहेक उत्पादन सम्बन्धका आधारमा समाजमा रहेको वर्गशोषण र थिचोमिचोको पनि यहाँ कलात्मक वर्णन पाइन्छ । यी निबन्धमा स्वदेशी राजनीति, सरकार र प्रशासनिक संयन्त्रका गतिविधि तथा अन्तर्राष्ट्रिय राजनीति तथा कूटनीति र युद्धजन्य पक्षलाई जनाउने भाषिक रूप प्रयुक्त भएको पाइन्छ । तत्कालीन सामाजिक अवस्था, आर्थिक गतिविधि र स्वदेशी तथा विदेशी राजनीतिक परिस्थितिसँग प्रत्यक्ष सम्बन्धित र त्यस्ता अव्यक्त स्थितिसँग सम्बद्ध भाषिक रूपको प्रयोग भएका यी निबन्धको अर्थ संज्ञानात्मक सन्दर्भका माध्यमबाट मात्र स्पष्ट हुन्छ । यसरी अर्यालका निबन्धमा रहेको सन्दर्भगत अर्थको प्रतिफलनमा संज्ञानात्मक सन्दर्भको भूमिका सशक्त रहेको स्पष्ट हुन्छ ।

(२) समस्याकथनमा नं. (२) मा रहेको "भैरव अर्यालका निबन्धमा सामाजिक, आर्थिक र राजनीतिक सन्दर्भार्थ के कसरी प्रतिफलित भएको छ ?" भन्ने शोधप्रश्नको समाधानका लागि सामाजिक, आर्थिक र राजनीतिक सन्दर्भार्थका आधारमा भैरव अर्यालका निबन्धको छुट्टाछुट्टै परिच्छेदमा गरिएको विश्लेषणबाट प्राप्त निष्कर्षलाई यसप्रकार प्रस्तुत गरिएको छ :

भैरव अर्यालका निबन्धमा तत्कालीन नेपालको सामाजिक मान्यता र तदनुसारको सामाजिक प्रचलन तथा व्यवहार, जातीय संरचना र यसमा रहेका विभेदजन्य दृष्टिकोण,

परम्पराजन्य सामाजिक गतिविधि र तिनका सुकृति तथा विकृतिका विविध रूप एवम् धार्मिक संस्कारसम्बन्धी विश्वास र गतिविधि अभिव्यक्त गर्ने भाषिक रूपको प्रयोग पाइन्छ। यी निबन्धमा नेपाली सामाजिक परम्परा तथा यसमा रहेको जातीय तथा लैङ्गिक संरचना तथा सोअनुसारको भूमिकाजन्य परिस्थिति अन्तर्निहित भएको छ। यस्तो परिस्थितिनिहित भाषिक रूपबाट सामाजिक संरचना र प्रचलनसम्बन्धी सन्दर्भका माध्यमले नेपाली समाजमा प्रचलनमा रहेको जातीय विभेद र यसले विवाह जस्ता सामाजिक संस्थामा पारेको प्रभाव तथा पुरुषप्रधान सामाजिक संरचना र सामाजिक गतिविधिमा पुरुषको भूमिकाका कारण महिलाहरूको पराधीन अवस्था स्पष्ट हुन्छ। नेपाली समाजमा प्रचलित हिन्दू धर्म र यससँग सम्बन्धित धार्मिक अनुष्ठान, प्रार्थना र विश्वासजन्य गतिविधि र यसमा रहेका बेथिति तथा पुरातन र सङ्कीर्ण धार्मिक मान्यताको विरोधको पनि यहाँ बोध हुन्छ। नेपाली समाजमा व्याप्त सांस्कृतिक चिन्तन, दृष्टिकोण र मौलिक स्वदेशी संस्कृतितिर विमुख रहेको व्यवहार, नेपालमा रहेको खाद्य संस्कृति, पूजाआजा गर्ने हिन्दू सनातनी प्रचलन र नेपाली समाजमा व्याप्त लाहुरे जाने परम्परासम्बन्धी सोच, दृष्टिकोण र लाहुरेको जीवनशैलीसम्बन्धी स्वदेशी दर्शन पनि यहाँ स्पष्ट हुन्छ। नेपाली समाजमा परिवारदेखि प्रशासनसम्म भोलिवादी प्रवृत्ति बढेको, जनउत्तरदायित्वहीन प्रशासनिक संयन्त्रका कारण जनताले सास्ती पाएको र नेपाली समाजमा लाहुरे जानुलाई विशेष महत्त्वका साथ हेरिने अवस्था रहेको अर्थ पनि यहाँ प्रतिफलित भएको छ। विभिन्न पौराणिक पात्र र तिनका भूमिकासम्बन्धी स्थितिका साक्ष्यमा नेपाली समाजमा व्याप्त सामाजिक विकृति र नेपाली समाजमा रहेको पुरातन धारणाको बोध हुन्छ। समग्रमा अर्यालका निबन्धात्मक पाठमा प्रयुक्त विषयवस्तु र यसलाई अभिव्यक्त गर्ने भाषिक रूपमा अन्तर्निहित तत्कालीन नेपाली समाज, यसको संरचना, सामाजिक प्रचलन, सांस्कृतिक परम्परा, धार्मिक विश्वास र गतिविधि तथा पौराणिक विषयमार्फत तत्कालीन सामाजिक स्थितिको बोध सामाजिक सन्दर्भका माध्यमले स्पष्ट भएको हुनाले सामाजिक सन्दर्भार्थका दृष्टिले यी निबन्ध उपयुक्त र अर्थपूर्ण रहेको ठहर हुन्छ।

भैरव अर्यालका निबन्धमा तत्कालीन समयका स्वदेशी तथा विश्व अर्थव्यवस्थाका विविध विषयमा निहित आर्थिक गतिविधिमार्फत तत्कालीन नेपालमा व्याप्त गरिबी र दैनिक जीवननिर्वाहका जटिलता, सरकारी तथा सामाजिक क्षेत्रका आर्थिक अपचलन र भ्रष्टाचारयुक्त कार्य तथा उत्पादन सम्बन्धका आधारमा निर्मित आर्थिक शोषण र विश्वमा रहेको भोकमरी, आर्थिक असमानता र आर्थिक नियन्त्रणप्रति तीक्ष्ण व्यङ्ग्य गरिएको छ। यी निबन्धमा नेपालका सरकारी संयन्त्रमा निहित अपारदर्शिता र घुसखोरी, देशमा व्याप्त गरिबीको चाप र विश्वमा रहेको आर्थिक शोषण तथा धनी राष्ट्रहरूले साना र कमजोर राष्ट्रमाथि गरेको आर्थिक नियन्त्रणको तत्कालीन परिस्थिति निहित भाषिक रूपको प्रयोग भएको छ। तत्कालीन विश्व परिवेशमा रहेको उत्पानदनका साधनको असमान वितरणबाट सिर्जित आर्थिक शोषण र यसविरुद्धको सङ्घर्ष, नेपालमा रहेको गरिबी र अवसरको न्यूनता, बेरोजगारी, वित्तीय क्षेत्रमा हुने अनियमितता र पछौटेपन आदिको अभिव्यञ्जना यहाँ स्वदेशी आर्थिक दुरावस्था, जीविकोपार्जनका कठिनाइपूर्ण

परिघटना, आर्थिक क्षेत्रमा देखिएका अपारदर्शिता र शोषणका विविध स्थितिमार्फत गरिएको छ। यी निबन्धमा रहेको नेपालको तत्कालीन राष्ट्रिय योजना, जनताको आर्थिक स्तर र विश्व अर्थतन्त्रको समकालीन स्थितिलाई आर्थिक सन्दर्भले अर्थ्याएको छ । नेपालीको निम्न तथा मध्यमवर्गीय जीवनस्तर र आर्थिक स्रोतको सीमितता अनि विश्वगरिबी र भोकमरीसम्बन्धी यथार्थको प्रतिबिम्बन पनि आर्थिक सन्दर्भकै सहायताले यहाँ स्पष्ट भएको छ। तत्कालीन नेपालको सरकारी आर्थिक नीति र यसबाट उत्पन्न द्वन्द्वलाई बुझाउन पनि यहाँ आर्थिक सन्दर्भको भूमिका देखिन्छ । अतः अर्यालका निबन्धमा प्रयुक्त भाषिक रूपबाट आर्थिक सन्दर्भार्थमार्फत विपन्नता, भोकमरी, वित्तीय स्रोतको चरम अपचलन, आर्थिक प्रभाव, शोषण र नियन्त्रणका तत्कालीन स्वदेशी र विश्वपरिस्थितिको वास्तविकता बोध भएको छ। अतः आर्थिक सन्दर्भार्थका दृष्टिले यी निबन्ध उपयुक्त र अर्थपूर्ण रहेको ठहर हुन्छ।

अर्यालका निबन्धमा राजनीतिक अवस्था, सरकारी संयन्त्र र तथा प्रशासनका विविध विषयहरूमाथिको अभिव्यक्तिमा तत्कालीन स्वदेशी राजनीति, राजनीतिक संस्कार र सरकारी गतिविधि निहित भएको छ । यसमार्फत नेपालमा बहुदलीय प्रजातान्त्रिक अभ्यासका क्रममा भएका अदूरदर्शी सरकार निर्माण, सरकारका अपरिपक्व निर्णय तथा प्रशसनिक संयन्त्रको फितलोपनाको बोध हुन्छ । यसबाट राणाकालीन प्रशासन जनउत्तरदायी नरहेको र सरकारका कारिन्दा तथा सरकार स्वयम् नै जनसेवालाई छोडेर व्यक्तिगत कार्य र विलासितामा लाग्ने गरेको यथार्थको पनि बोध हुन्छ । यसका साथै विश्व परिवेशको शीतयुद्धमूलक स्थिति र रुस तथा अमेरिका जस्ता शक्तिशाली देशहरूको सैन्य अभ्यास, आणविक परीक्षण जस्ता परिवेशजन्य अवस्थाबाट संयुक्त राष्ट्र सङ्घको भूमिकामाथि नियन्त्रण, भावी युद्धको सम्भावना र पृथ्वीको अस्तित्वमाथिको सङ्कटको अर्थ पनि यी निबन्धमा रहेको भाषिक रूपबाट स्पष्ट हुन्छ। तत्कालीन विश्व परिवेशमा मानिसको नैतिकता र विश्वास हराउँदै गइरहेको अवस्था तथा शक्तिसम्पन्न राष्ट्रहरू बिचको सम्बन्धमा आएको दरारको बोध हुनुका साथै विदेशी सरकारको नेपालमाथिको नियन्त्रण र अनुचित प्रभाव तथा विश्वमा देखिएको शत्रुता, शीतयुद्ध र विश्वशक्तिको ध्रुवीकरणको अवस्था पनि यहाँ प्रतिबिम्बित भएको छ। यसरी हेर्दा अर्यालका निबन्धमा रहेको भाषिक रूपमा तत्कालीन नेपालका राजनीतिक अव्यवस्था तथा प्रशासनिक ढिलासुस्ती तथा विश्व राजनीतिमा देखिएका विभेद, युद्ध र आणविक अस्त्रको विकासका कारण विश्वमा भएको तानातान तथा द्वन्द्वको परिस्थितिको अर्थबोध हुन्छ। यस्तो अर्थ प्रतिफलनका लागि राजनीतिक सन्दर्भले विशेष भूमिका खेलेको हुनाले राजनीतिक सन्दर्भ दृष्टिले अर्यालका निबन्ध अर्थपूर्ण रहेको ठहर हुन्छ।

(३) समस्याकथनमा नं. (३) मा रहेको "संज्ञानात्मक सन्दर्भार्थका दृष्टिले भैरव अर्यालका निबन्ध किन अर्थपूर्ण छन् ? " भन्ने शोधप्रश्नको समाधानका लागि संज्ञानात्मक सन्दर्भार्थका दृष्टिले भैरव अर्यालका निबन्धको मूल्याङ्कनबाट प्राप्त निष्कर्षलाई यसप्रकार प्रस्तुत गरिएको छ :

भैरव अर्यालका निबन्धमा प्रयुक्त भाषिक अभिव्यक्तिभित्र तत्कालीन नेपाली समाज र यसका मान्यता तथा विसङ्गतिका पक्षहरूसम्बन्धी स्थिति अन्तर्निहित भएको पाइन्छ । यी निबन्धमा आर्थिक दृष्टिले नेपालमा र विश्वमा देखिएको विपन्नता, निर्धनता, वित्तीय अनुशासन पालना नगर्दाका समस्या, उत्पादन सम्बन्धमा आधारित आर्थिक विभेद तथा आर्थिक शोषणको परिस्थिति अन्तर्निहित भएको छ । तत्कालीन नेपालको राजनीतिक व्यवस्था, विश्व जगतमा देखिएका राजनीतिक खिचातानी, देश-देशको सम्बन्धगत तिक्तता र त्यसले निर्माण गरेको ध्रुवीकरण, शक्तिशाली राष्ट्रहरूले साना र कमजोर राष्ट्रमाथि राखेको प्रभाव तथा नियन्त्रण र युद्धजन्य गतिविधि र आणविक हतियार निर्माण र परीक्षणसम्बन्धी पर्यावरण पनि यी निबन्धमा निहित रहेको छ । यसका अतिरिक्त विज्ञानप्रविधिगत विकास र तिनले छोडेको प्रभावको अवस्था पनि यी निबन्धका भाषिक रूपसँगै गाँसिएको छ । यस्ता स्थितिहरूका सापेक्षमा सन्दर्भका माध्यमले मात्र यी निबन्धमा निहित भाषिक रूपको तात्पर्य बोध हुन्छ । अर्यालका निबन्धमा रहेको संज्ञानात्मक पक्ष तत्कालीन सामाजिक, आर्थिक र राजनीतिक सन्दर्भको सशक्त प्रयोगका आधारमा स्थूल, तीक्ष्ण र प्रभावकारी बनेको छ । सामाजिक संरचना र यसका नीति नियमभित्रका विकृतिप्रतिको व्यङ्ग्य; धार्मिक परम्पराका नाममा भएका अन्धविश्वास, विभेद र पुरातनवादिताको विरोध र परम्परागत सांस्कृतिक मान्यतामा क्षयप्रतिको चासोका साथमा परिवर्तित सांस्कृतिक जीवनशैलीप्रतिको विमतिपूर्ण दृष्टिकोण यी निबन्धमा व्यक्त गरिएको छ । गरिबी, बेरोजगारी, आर्थिक शोषण र थिचोमिचो तथा प्रशासनिक एवम् सामाजिक क्षेत्रमा रहेको भ्रष्टाचार र व्यभिचार तथा विश्व जगतमा देखिएको आर्थिक अभाव, शोषण र उत्पीडनप्रति पनि यी निबन्धमा तीक्ष्ण व्यङ्ग्य गरिएको छ । नेपालको राष्ट्रिय राजनीति, त्यसको ऐतिहासिक पृष्ठभूमि र वर्तमानको निरन्तरता; प्रशासनिक संयन्त्रमा भएका अदुर्दर्शिता, अपारदर्शिता तथा जवाफदेहिताहीन अवस्था र अन्तर्राष्ट्रिय जगतका युद्ध, आणविक हतियारको होडबाजी र कूटनीतिक प्रभावका कारण शक्तिसम्पन्न देशहरूले साना देशहरूलाई गर्ने दवाव र नियन्त्रण जस्ता विषयमाथि यी निबन्धमा कलात्मक ढङ्गले विरोध गरिएको छ । यसका अतिरिक्त ज्ञानविज्ञानका विविध क्षेत्रमा भएको उन्नतिप्रगति तथा त्यसले मानव जीवनमा पारेका नकारात्मक र सकारात्मक पक्षलाई स्पष्ट पार्ने कार्य पनि यी निबन्धमा भएको देखिन्छ ।

मौलिक शैलीगत पहिचानका साथमा सामाजिक तथा राजनीतिक र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगत्का विविध विषयको हास्यमूलक प्रस्तुति र व्यङ्ग्यको तीक्ष्णता अर्यालका निबन्धमा सन्दर्भका दृष्टिले सशक्त बनेको छ । अतः हास्यव्यङ्ग्यको सिर्जना र निबन्धको कलात्मक मूल्य निर्माणमा यहाँ सन्दर्भको विशेष सहयोग रहेको छ । विचारलाई समृद्ध बनाई यसलाई गहिरो रूपमा बुझ्न र पाठकलाई पाठमार्फत नयाँ दृष्टिकोण र ज्ञान प्रदान गर्न पनि यहाँ सन्दर्भले सहयोग गरेको र सन्दर्भकै सहयोगमा विचारप्रवाहको व्यवस्थापन पनि गरिएको छ । यसबाहेक कथात्मक, नाटकीय, कवितात्मक, पत्रात्मक तथा संस्मरणात्मक शैलीका माध्यमबाट निबन्ध कलालाई मौलिक र उच्च सौन्दर्ययुक्त बनाउने कार्यमा पनि यहाँ सन्दर्भले भूमिका खेलेको छ ।

यी निबन्धभित्र अर्थलाई गम्भीर पार्न, हास्यव्यङ्ग्यको माध्यमद्वारा निबन्धमा विधागत सौन्दर्य सिर्जना गर्न र निबन्धको कलात्मक मूल्य निर्माण गर्न सन्दर्भको विशेष सहयोग रहेको छ । अतः सन्दर्भका आधारमा अर्यालका निबन्ध सुदृढ, सशक्त, गम्भीर र कलात्मक देखापर्छन् ।

निष्कर्षतः भैरव अर्यालका निबन्धमा तत्कालीन नेपाली समाजका मान्यता तथा सामाजिक संस्था र तिनका गतिविधिका विविध स्थिति अन्तर्निहित भाषिक रूप प्रयुक्त भएकाले यी निबन्धको अर्थ सामाजिक सन्दर्भमार्फत प्रतिफलित भएको छ । उनका निबन्धमा तत्कालीन नेपाली तथा विश्व आर्थिक परिस्थितिका विविध स्थिति अन्तर्निहित भाषिक रूप प्रयुक्त भएकाले यी निबन्धको अर्थ आर्थिक सन्दर्भमार्फत प्रतिफलित भएको छ । उनका निबन्धमा तत्कालीन नेपाली तथा विश्व राजनीतिक परिस्थिति, सरकार र युद्धजन्य विविध स्थिति अन्तर्निहित भाषिक रूप प्रयुक्त भएकाले यी निबन्धको अर्थ राजनीतिक सन्दर्भमार्फत प्रतिफलित भएको छ । समकालीन यथार्थको अभिव्यक्ति, निबन्धात्मक कलाको स्थापना र हास्यव्यङ्ग्यको सशक्तताका माध्यमबाट निबन्धको विधागत सौन्दर्यको बढोत्तरीका आधारमा अर्यालका निबन्ध उत्कृष्ट रहेको ठहर्छ । भाषिक रूपको उचित संयोजन, विचारको प्रवाहपूर्ण प्रक्षेपण र शैलीय विशिष्टता निर्माणको सचेततासहितका यी निबन्धहरू सन्दर्भार्थका दृष्टिले सशक्त देखापर्छन् ।

संज्ञानात्मक सन्दर्भार्थका आधारमा अर्यालका निबन्धको विश्लेषण प्राज्ञिक अध्ययनका दृष्टिले उपयोगी कार्य रहेको छ । साहित्यक पाठको अर्थचिन्तनका क्रममा सन्दर्भको अध्ययनलाई नवीन मान्यताका रूपमा स्वीकारिएको पाइन्छ । सन्दर्भार्थलाई अर्थविज्ञान र सङ्कथनविश्लेषण दुवै पक्षका आधारमा भाषिक उच्चारको अर्थ खोज्ने प्रक्रिया मानिन्छ । संज्ञानात्मक सन्दर्भका आधारमा यहाँ अर्यालका निबन्धमा निहित अर्थ वा आशयको खोजी गरिएकाले यसबाट निबन्ध र साहित्यका अन्य विधाका पाठको अर्थचिन्तनको आधार तयार भएको छ । सामाजिक सन्दर्भमार्फत निबन्धका भाषिक पाठभित्रको सामाजिकतालाई भाषिक रूप र स्थितिको संयोजनमार्फत यहाँ अर्थ्याइएको हुँदा यसबाट साहित्यिक विधाका पाठलाई सामाजिक आधारले विश्लेषण गर्ने र सन्दर्भार्थ पहिल्याउने कार्य सहज भएको छ । आर्थिक सन्दर्भमार्फत निबन्धका भाषिक पाठभित्रको आर्थिक परिवेशलाई भाषिक रूप र स्थितिको संयोजनमार्फत अर्थ्याइएको हुँदा यसबाट साहित्यिक विधाका पाठलाई आर्थिक अवस्था जनाउने सूचकका आधारले विश्लेषण गर्ने र सन्दर्भार्थ पहिल्याउने तथा साहित्यको अर्थशास्त्रको अध्ययन गर्ने कार्य सहज भएको छ । राजनीतिक सन्दर्भमार्फत निबन्धका भाषिक पाठभित्रको राजनीतिक पर्यावरणमा निहित तथ्यलाई भाषिक रूप र स्थितिको संयोजनमार्फत अर्थ्याइएको हुँदा यसबाट साहित्यिक विधाका पाठलाई राजनीतिक आधारले विश्लेषण गर्ने र सन्दर्भार्थ पहिल्याउने कार्य सहज भएको छ । अतः संज्ञानात्मक सन्दर्भमार्फत भैरव अर्यालका निबन्धात्मक पाठको अर्थविश्लेषणसम्बन्धी यो शोधकार्य प्राज्ञिक अध्ययनका दृष्टिले उपयुक्त र साहित्यिक पाठको अर्थविश्लेषणको आधार निर्माणका दृष्टिले महत्त्वपूर्ण रहेको छ ।

## ७.३ भावी शोधकार्यका लागि सम्भावित शीर्षक

सन्दर्भसम्बन्धी सैद्धान्तिक मान्यताका आधारमा भैरव अर्यालका निबन्धमा अर्थको खोजी गरिएको प्रस्तुत शोधकार्य दर्शनाचार्य तह पार गर्नका लागि गरिएको हो । यो शोधकार्य सन्दर्भका दृष्टिले भैरव अर्यालका निबन्धको विश्लेषणसँग सम्बन्धित पहिलो सामग्री हो । संज्ञानात्मक सन्दर्भार्थअन्तर्गत सामाजिक, आर्थिक र राजनीतिक सन्दभार्थका आधारमा मात्र अर्यालका निबन्धको अध्ययन यसमा गरिएको छ । यसबाट सन्दर्भका आधारमा साहित्यका अरु विधा र लेखकका कृतिको अर्थविश्लेषण गर्ने कार्य गर्नका लागि र अर्यालका निबन्धै विषयमा पनि अनुसन्धान गर्नका लागि अरू काम बाँकी रहेको स्पष्ट हुन्छ । अतः सन्दर्भका आधारमा अर्यालका निबन्धका विषयमा भावी शोधकार्य गर्न सकिने दुई ओटा शोधशीर्षक यहाँ प्रस्तुत गरिएको छ :

(१) भैरव अर्यालका निबन्धमा परिस्थितिगत सन्दर्भार्थ

(२) भैरव अर्यालका निबन्धमा वैचारिक सन्दर्भार्थ

# सन्दर्भसामग्री सूची

अधिकारी, जीवनारायण (२०७४), "नेपालमा चिकित्सा शिक्षा : अल्माआर्टा सम्मेलनदेखि माथेमा कार्यदलको प्रतिवेदनसम्म", *बुटवल क्याम्पस जर्नल,* अङ्क -२, बुटवल बहुमुखी क्याम्पस, पृ. ११०-११८ ।

अधिकारी, वसन्तराज (२०७८), "सरकारको अवधारणा : बहुआयामिक सूक्ष्म दृष्टिकोण" *ई कर्मचारी,* (बैसाख २९ गते बुधवार), https://ekarmachari.com/ archives/6295

अधिकारी, शुक्रराज (सन् २०२१), "सन्तान प्राप्तिको उपाय र वेदकालीन सांस्कृतिक परिवेश", *Nepalese Culture.* Vol. XI. Tribhuvan University: Central Department of NeHCA. p. 86-94.

अर्याल, भैरव (२०२७), *प्रवेशिका निबन्ध,* ललितपुर : साझा प्रकाशन ।

अर्याल, भैरव (२०६३), *टेडो ऐना,* काठमाडौँ : भैरव पुरस्कार गुठी ।

अर्याल, भैरव (२०७१), *राजीनामा,* काठमाडौँ : मञ्जरी पब्लिकेसन ।

अर्याल, भैरव (२०७७), *भैरव अर्यालका हास्यव्यङ्ग्य* (चौथो संस्क.), काठमाडौँ : भैरव पुरस्कार गुठी ।

अर्याल, भैरव (२०८०), *भैरव अर्यालका समीक्षा,* काठमाडौँ : भैरव पुरस्कार गुठी ।

उप्रेती, अजय (२०७६), "सार्वजनिक प्रशासन", *प्रशासन,* (श्रावण ३२ गते शनिवार) https:// www.prasashan.com/2019/08/17/131046/

ओझा, बाबुराम (सन् २०२३), "छ मायाँ छपक्कै चलचित्रमा राजनीतिक सन्दर्भ", *बौद्धिक अभियान* (वर्ष - ८, अङ्क - १), कोसी प्रदेश : नेपाल प्रगतिशील प्राध्यापक सङ्गठन, पृ. ४४-६० ।

कोइराला, सञ्जय (२०७९), "राष्ट्रिय राजनीति - कसले र कसरी गर्ने ?" *अक्षर,* (साउन १३ गते), https://www.setopati.com/blog/277925

किरण (२०६५), *नेपाली समाज र संस्कृति* (दोस्रो संस्क.), काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।

खरेल, दुर्गाप्रसाद (२०७९), "राजनीति भनेको के हो ?" *नेपाली एकता,* जेठ २१ गते, https://nepaliekta.com

गौतम, देवीप्रसाद (२०६८क), "सङ्कथन विश्लेषण", *रत्न बृहत् नेपाली समालोचना भाग-१,* राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा.), काठमाडौँ : रत्न पुस्तक भण्डार, पृ. ५७१-५९१ ।

गौतम, देवीप्रसाद र चौलागाईं, प्रेमप्रसाद (२०६७), *भाषाविज्ञान,* काठमाडौँ : पाठ्य सामग्री पसल ।

गौतम, लक्ष्मणप्रसाद (२०६८ख), "निबन्धका प्रकार", *रत्न बृहत् नेपाली समालोचना भाग-१,* राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा.), काठमाडौँ : रत्न पुस्तक भण्डार, पृ. ५०९-५१९ ।

गौतम, लक्ष्मणप्रसाद (२०७८), "भैरव अर्यालको हास्यव्यङ्ग्य यात्रा, कृति र प्रवृत्ति", *सम्झना,* विजय चालिसे र अन्य (सम्पा.), काठमाडौँ : भैरव पुरस्कार गुठी, पृ. ३७३-३८५ ।

ज्ञवाली, गोकर्णप्रसाद (सन् २०२०), "मार्क्सवादी समाजशास्त्र र मानवशास्त्र : सिद्धान्त, विधि र अभ्यास", *पाटन प्रज्ञा* (अङ्क -६), पाटन बहुमुखी क्याम्पस, पृ. २०९-२२० ।

घिमिरे रोचक (२०७५), "भैरवसँगका सत्र वर्ष", *शास्वत व्यङ्ग्यशिल्पी,* रोचक घिमिरे (सम्पा.), काठमाडौं : भैरव पुरस्कार गुठी, पृ. २१९-२३१ ।

चालिसे, नारायण (सन् २०२३), "जीवनदर्शनमा नेपाली संस्कृति र समाजको प्रभाव", *भरतपुर प्रज्ञा,* चितवन : भरतपुर एकेडेमी, मार्च अङ्क, पृ.४३-४९ ।

चौलागाईं, प्रेमप्रसाद (२०७९), "स्फोटवाद : भाषिक र साहित्यिक अध्ययनको उपजीव्य सिद्धान्त", *रत्न बृहत् नेपाली समालोचना भाग - ३,* राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा.), काठमाडौँ : रत्न पुस्तक भण्डार, पृ. १०४-११५)

ज.ब.रा., स्वयंप्रकाश र पौडेल, गिरिराज (२०७४), *शिक्षा मनोविज्ञान,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

जोशी, कुमारबहादुर (२०७५), "हास्यव्यङ्ग्य र हास्यव्यङ्ग्यकार भैरवको जय भुँडी", *शास्वत व्यङ्ग्यशिल्पी,* रोचक घिमिरे (सम्पा.), काठमाडौँ : भैरव पुरस्कार गुठी, पृ. २१९-२३१ ।

जोशी, धनाकुमारी (२०७९), "लोकेन्द्रबहादुर चन्दका कथामा सन्दर्भ" (अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध), त्रि.वि., कीर्तिपुर : नेपाली केन्द्रीय विभाग ।

ठाकुर, रामानन्द (२०५३), *नेपालको अर्थशास्त्र (आर्थिक विकास, पद्धति र योजनासहित),* वाराणसी : राजेश प्रकाशन ।

ढकाल, अमित र सत्याल, मनोज (२०७५), "गण्डक सम्झौता : नेपालमाथि गरिएको अन्याय", *सेतोपाटी,* फागुन २३ गते, https://www.setopati.com/author/375

ढकाल, घनश्याम (२०७८क), "कलात्मक संज्ञान र प्रतिबिम्बन सिद्धान्त" *मार्क्सवादी सौन्दर्यचिन्तन,* गोपीन्द्र पौडेल र विष्णु ज्ञवाली (सम्पा.), काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान, पृ. १८५-१९६ ।

ढकाल, विधुर (२०७५), "कम्युनिस्टसँग अमेरिका पराजित भएको भियतनाम : जहाँ हुँदै छ ट्रम्प र किमको दोस्रो वार्ता" पहिलो पोस्ट (माघ २६ गते) https://pahilopost.com/content/20190209151133.html

ढकाल, सुरेश (२०७८ख), "भूमिको राजनीति", *हिमालखबर,* माघ ७ गते, https://www.himalkhabar.com/news/127872

त्रिपाठी, वासुदेव (२०२८), "अर्यालको इतिश्रीका सम्बन्धमा" (भूमिका), *इतिश्री,* काठमाडौँ : कौवा प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०७५), "भैरव अर्यालको साहित्यिक व्यक्तित्वको अन्तर्विकास र अन्तर्विघटनको प्रक्रिया", *शास्वत व्यङ्ग्यशिल्पी,* रोचक घिमिरे (सम्पा.), काठमाडौँ : भैरव पुरस्कार गुठी, पृ. १९१-२१३ ।

द्विवेदी, कपिलदेव (सन् १९५१), *अर्थविज्ञान और व्याकरण दर्शन,* इलाहवाद : हिन्दुस्तानी एकेडेमी ।

नेपाल, शक्तिराज (२०७९), "सामाजिकता भनेको के हो ? के यसको महत्त्व छ त ?" *अक्षर,* साउन १४ गते, www.smartakshyar.com

पन्त, प्रजु (२०७६), "चेत हराएको हास्यव्यङ्ग्य", *नागरिक शुक्रबार,* साउन २४ गते ।

पोखरेल, टिकाराम (२०७३), "शान्ति दिवस र विश्व शान्ति" *नागरिक दैनिक,* असोज ५ गते ।

पौड्याल, एकनारायण (सन् २०२४), "महापुरुषको सङ्गत निबन्धमा छेकानुप्रास अलङ्कार" *कलादर्पण,* (वर्ष -१, अङ्क -४) पृ. १४-२१ ।

पौड्याल, नवीन (सन् २०२२), "भारतमा नेपाली निबन्धको प्रारम्भ, विकास र प्रवृत्तिको रेखाङ्कन", *समकालीन साहित्य,* जुलाई ३१ । https://www.samakalinsahitya.com/sahitya/ details/7278

पौडेल, माधवप्रसाद र पोखेल, गोकुल (२०७१), *सङ्कथन विश्लेषण : सिद्धान्त र प्रयोग,* काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि. ।

प्रपन्नाचार्य, स्वामी (२०७५), *वेदमा के छ ?,* दशौँ संस्क., ललितपुर : साझा प्रकाशन ।

प्रभात, विष्णु (२०६३), "हास्यव्यङ्ग्य, भैरव अर्याल र टेडो ऐना", *टेडो ऐना* (भूमिका), काठमाडौँ : भैरव पुरस्कार गुठी पृ. ग-छ ।

प्रभात, विष्णु (२०७४क), *दर्शनबोध,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

प्रभात, विष्णु (२०७४ख), *प्रज्ञा संस्कृति कोश,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

प्रभात, विष्णु (२०७८), "भैरव अर्यालको हास्यव्यङ्ग्य", *फित्कौली,* माघ २ गते ।

बन्धु, चूडामणि (२०६४), *भाषाविज्ञानका सम्प्रदाय,* चौथो संस्क., काठमाडौँ : एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा.लि. ।

बराल, ऋषिराज (२०७८), "आलोचनात्मक चेत र भैरव अर्यालका हास्यव्यङ्ग्य निबन्धहरू",*सम्झना,* विजय चालिसे र अन्य (सम्पा.), काठमाडौँ : भैरव पुरस्कार गुठी, पृ. २८१-३०२ ।

बराल, बासु (२०४४), *हिन्दू सामाजिक सङ्गठनको रूपरेखा,* ललितपुर : साझा प्रकाशन ।

भट्ट, गोविन्द (२०७८), "हास्यव्यङ्ग्य र विचारधाराको समस्या" *मार्क्सवादी सौन्दर्यचिन्तन,* गोपीन्द्र पौडेल र विष्णु ज्ञवाली (सम्पा.), काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान, पृ. ५७-७२ ।

भट्टराई, गोविन्दप्रसाद (२०५०), "नेपाली साहित्यमा हास्यव्यङ्ग्यको सन्दर्भ तथा पिँडाली र अर्यालको तुलनात्मक लेखाजोखा" अच्यूतरमण अधिकारी (सम्पा.), *उन्नयन, पिँडाली विशेषाङ्क,* काठमाडौँ : उन्नयन प्रकाशन, पृ. ३६-४७ ।

भट्टराई, भरतकुमार (२०७८), "दस औतारभित्रका हास्यव्यङ्ग्यकेन्द्री समीक्षा", *सम्झना,* विजय चालिसे र अन्य (सम्पा.), काठमाडौँ : भैरव पुरस्कार गुठी, पृ. ३२६-३३५ ।

भट्टराई, भरतकुमार (सन् २०२२), "सङ्कथन विश्लेषणमा डेलहाइम्सको सिद्धान्त", *वाङ्मय* (अङ्क -१८), कीर्तिपुर : नेपाली केन्द्रीय विभाग, पृ. ६१-७१ ।

भट्टराई, हर्षनाथ (२०७४), *कौटिल्य अर्थशास्त्र,* काठमाडौँ : एडुकेसनल पब्लिसिङ हाउस ।

भण्डारी, जगदीशचन्द्र (२०७८), "इतिहास चेतना र मार्क्सवादी समालोचना" *मार्क्सवादी सौन्दर्यचिन्तन,* गोपीन्द्र पौडेल र विष्णु ज्ञवाली (सम्पा.), काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान, पृ. ३२५-३३६ ।

भण्डारी, ठाकुर शर्मा (२०७९), *हास्यव्यङ्ग्य महारथी भैरव अर्याल,* काठमाडौँ : सुरभि साहित्य प्रतिष्ठान ।

भण्डारी, शकुन्तला (२०७७), "प्रदीप नेपालका कथामा सन्दर्भता" (अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध), त्रि.वि., कीर्तिपुर : नेपाली केन्द्रीय विभाग ।

भुषाल, सुरेश (मिति बेगर), "इतिहासदेखि वर्तमान समयसम्मको नेपालको राजनीतिक विकासक्रम", *चिनारी नेपाल*।

मैनाली श्यामप्रसाद (२०८०), "भ्रष्टाचार व्याप्त हुनुका कारणहरू र यसको नियन्त्रण", *नेपाल समाचारपत्र,* माघ २६ गते ।

यादव, योगेन्द्रप्रसाद र रेग्मी, भीमनारायण (२०५८), *भाषाविज्ञान,* न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

राई, भक्त (२०७४), *पूर्वीय दर्शन,* काठमाडौँ : नेपाल प्राज्ञिक अनुसन्धान केन्द्र ।

राई, सुकराज (२०७१), *आधुनिक नेपाली निबन्धमा हास्यव्यङ्ग्य,* राजेन्द्र विष्ट ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६८), *नेपाली निबन्ध समालोचना,* काठमाडौँ : पैरवी प्रकाशन ।

लुइटेल, खगेन्द्रप्रसाद (२०७८), "भैरव अर्यालको हास्यव्यङ्ग्य निबन्धकारिता" *सम्झना,* विजय चालिसे र अन्य (सम्पा.), काठमाडौँ : भैरव पुरस्कार गुठी, पृ. ३११-३२५ ।

लुइटेल, खगेन्द्रप्रसाद (२०७९), "विशिष्ट हास्यव्यङ्ग्य निबन्धकार भैरव अर्याल", *फित्कौली,* असोज ६ गते ।

शर्मा, कमलराज (२०६६), *सामाजिक संस्था र प्रक्रिया : समाजशास्त्रीय तथा मानवशास्त्रीय विश्लेषण,* काठमाडौँ : ग्लोबल पब्लिकेसन प्रा.लि.।

शर्मा, ऋषिराज (२०६९), "भैरव अर्यालका निबन्धमा वर्णविन्यास वक्रता" (अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध), त्रि.वि., कीर्तिपुर : नेपाली केन्द्रीय विभाग ।

सर्मा, ताना (२०२६), "भूमिका", *गलबन्दी,* काठमाडौँ : कौवा प्रकाशन ।

शर्मा, पञ्चप्रसाद (२०४४), "भैरव अर्यालका निबन्धमा हास्यव्यङ्ग्य" (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रि.वि., कीर्तिपुर : नेपाली केन्द्रीय विभाग ।

शर्मा दाताराम (२०७५), "भैरव अर्यालको अन्तिम व्यङ्ग्य", *शास्वत व्यङ्ग्यशिल्पी,* रोचक घिमिरे (सम्पा.), काठमाडौँ : भैरव पुरस्कार गुठी, पृ. १०१-११६ ।

शर्मा, मोहनराज (२०५५), *समकालीन समालोचना : सिद्धान्त र प्रयोग,* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०७२), *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त* (चौथो संस्क.), काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शुभेच्छु, रमेश (२०७८), "भैरव अर्यालका निबन्धमा भाषिक चयनगत कौशल", *शाश्वत व्यङ्ग्यशिल्पी,* विजय चालिसे र अन्य (सम्पा.), काठमाडौँ : भैरव पुरस्कार गुठी, पृ. ३५४- ३७२ ।

श्रेष्ठ, नारायणप्रसाद (सन् २०२२), “सामाजिक रीतिरिवाज र संस्कारले ल्याउने परिवर्तन” *गोरक्ष राष्ट्रिय दैनिक*, https://gsamachar.com/?p=17932

श्रेष्ठ, बुद्धिनारायण (२०८०), “विश्व शान्तिको आवश्यकता” *अन्नपूर्ण पोष्ट,* असोज १० गते ।

सुवेदी, कमल (२०८०), “हिप्पी संस्कृति” *गोरखापत्र,* असोज ८ गते ।

सुवेदी, जीवनाथ (सन् २०२२), “जय भुँडी निबन्धमा प्रगतिवाद”, *कन्काई* (वर्ष - २, अङ्क-१), झापा : कन्काई बहुमुखी क्याम्पस, पृ. ६९-७७ ।

सुवेदी, राजेन्द्र (२०४३), *स्रष्टा सृष्टि : द्रष्टा दृष्टि,* काठमाडौँ : साझा प्रकाशन ।

सुवेदी, लोकनारायण (२०७८), “आर्थिक शोषण र सामाजिक उत्पीडनबाट मुक्त लोकतन्त्र आजको आवश्यकता”, *फरकपत्र,* बैसाख १६ गते https://www.farakpatra.com/ 2021/04/29/16938/

सुवेदी, सागरमणि (२०५७), “इतिश्री हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रहको कृतिपरक अध्ययन” (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रि.वि. कीर्तिपुर : नेपाली केन्द्रीय विभाग ।

हाडा, गम्भीरबहादुर (२०६८), “नेपालमा गरिबीको कारण, अवस्था र स्थिति तथा समस्या र सुझाव” *प्रशासन* (सार्वजनिक प्रशासनसम्बन्धी शोधपत्रिका), पृ. १०१-१२१ ।

Anderson, J. R. (2015). *Cognitive Psychology and Its Implications* ($8^{th}$ ed.). Worth Publishers.

Baker, P. & Eliece, S. (2011). *Key Terms in Discourse Analysis*. Continuum.

Baral, Bhim Nath (2024). "Sifting Trends in Resionalism". *Journal of Political science* Volume 24. Pokhara : Department of Political Science Prithvi Narayan Campus. p. 177-184.

Beegle, Kathleen and others (2016). *Poverty in Rising Africa (Africa Poverty Report).* Washington: International Bank for Reconstruction and Development.

Boris Pleskovic and Joseph E. Stiglitz (1998). *Annual World Bank Conference on Development Economics 1997*. Washington, DC: World Bank.

Chapman, S. & Routledge, P. (Ed.) (2005) *Key Thinkers in Linguistics and the Philosophy of Language*. Edinburgh: Edinburgh University Press. Pp. 80-86.

Dahal, Dev Raj (2024). "Sifting Geo politics". *Journal of Political science* Volume 24. Pokhara : Department of Political Science Prithvi Narayan Campus. pp. 185-201.

Eysenck, M. W., & Keane, M. T. (2020). *Cognitive Psychology: A Student's Handbook* (8th ed.). Psychology Press.

Fama, E. F., & Jensen, M. C. (1983). Separation of ownership and control. *Journal of Law and Economics, 26*(2), P.p. 301-325.

Firth, J.R. (1968). "Selected papers of J.R. Firth, 1952–59": F.R. Palmer (Ed.). London: Longmans.

Gee, J. P. (2011*). An Introduction to Discourse Analysis: Theory and Method*. London: Route Ledge.

Johnson-Laird, P. N. (1983). *Mental Models: Towards a Cognitive Science of Language, Inference, and Consciousness*. London: Harvard University Press.

Harris, Z. (1952). "Discourse Analysis". Language, 28(1), 1-30.

Halliday M.A.K. & Hasan R. (1989). *Language, Context and Text: Aspects of Language in a Social Semiotic Perspective. Second Ed.* London: Oxford University Press.

Halliday, M.A.K. (2014). *Halliday's Introduction to Functional Grammar Fourth Ed.* revised by Christian M.I.M. Mathieson. London and New York: Routledge Taylor and Francis Group.

Heldring, Leander& Robinson, James A. (2012). *Colonial and Economic Development in Africa (*Working Paper) Cambridge: National Bureau of Economic Research. http://www.nber.org/papers/w18566

Hymes, Dell. 1972. "Toward Ethnographies of Communication: The analysis of communicative events". In P.P. Giglioli (ed.), Language and Social Context. Har-mondsworth: Penguin, P.p. 21-44.

MacCarthi, M. (1991). *Discourse Analysis for Language Teacher*. London: Cambridge University Press.

Olson, James Stuart (1991). *Historical Dictionary of European Imperialism*. Greenwood Publishing Group. Evans,

Martin; Phillips, John,(2008). *The anger of the dispossessed,* Yale University Press, 2008, p.p. 76.

Svenja, Adolphs (2008). *Corpus and Context: Investigating pragmatic functions in spoken discourse*. Philadelphiya: John Benjamins Publishing Company.

Van Dijk, T. A. (2001)."Discourse Analysis". *The Hand Book of Discourse Analysis* (Edited by Deborah Schiffrin, Debora Tannen and Heidi E. Hamilton). Black Well Publisers.

Van Dijk, Teun A. 1995. *Ideology and Discourse Semantics* . Discourse & Society 6(2):243-289

Van Dijk, Teun A. 1977a. "Context and Cognition: Knowledge frames and speech act comprehension". *Journal of Pragmatics* 1(3) P.p.211-231.

Van Dijk, Teun A. 1977b. *Text and Context. Explorations in the semantics and pragmatics of discourse.* London: Longman.

Van Dijk, T. A. (2008). *Discourse and Context*. London : Cambridge University Press.

Widdowson, H. G. (2004). *Text, Context Pretext, Critical Issue in Discourse Analysis*. Blackwell Publishing L.td.

Williams, Raymond ( 1960). *Culture and Society (1780 -1950*). New York: Doubleday and Company Inc. New York : Columbia University Press.

William D. R.(2022). "NASA Space Science Archive Sputnik 1." USA : National Aeronautics and Space Administration.

World Bank. (1997). *Helping countries combat corruption: The role of the World Bank.* Washington, DC: World Bank.